The author views culture as a crucial aspect of Nepal's identity and history, affecting its society, politics, and economy. According to him, Nepal has a rich and diverse cultural heritage rooted in history and tradition, including religious and spiritual practices, traditional arts, crafts, and music, and a history of religious tolerance among different communities. The author believes that the diverse cultural setup, including different ethnic and linguistic groups, is a source of pride for Nepali people and an important part of the country's heritage that must be preserved.

According to Dr. Mahato, philosophy encompasses various disciplines and fields of study, including religion, culture, science, art, humanities, sociology, and nature worship. He highlights the close relationship between religion and philosophy, as well as the connection between

culture and philosophy in the Nepalese society. He has also discussed the intersection between science and philosophy, and how the humanities and sociology inform philosophical inquiry. Nature worship is described as a form of spirituality influenced by philosophical beliefs.

Author's explanation of the cultural setup in Nepal focuses-upon the local games, transportation, folklores, traditions, and folk dances of the indigenous people, particularly the OBCs (Other Backward Classes). He emphasized the unique expression of the OBCs' way of life through their deities and indigenous gods/goddesses. These cultural elements provide a window into the beliefs, values, and traditions of the OBC communities in Nepal, and offer a glimpse into their rich cultural heritage. The book argues that, the study of local games, transportation, folklores, traditions, folk dances, art and artifacts is important in understanding the cultural landscape of the OBC communities in Nepal and the influence that these elements have on their way of life.

The work is written with an academic context which may prove very helpful for the understanding of Other Backward Classes in Nepal. The work remains significant for the students, researchers, academicians, activists, policy planners and the society in general.

I congratulate Dr. Bir Bahadur Mahato and wish him a great academic life ahead.

शुभकामना

नेपालमा बसोबास गर्ने मानिसहरु विभिन्न वर्ग र समुदायमा विभाजित छन्, जो आफ्ना परम्परागत संस्कृतिबाट परिचित भएका हुन्छन् । नेपालको एउटा समुदाय पिछडावर्ग हो, जुन नामैबाट राज्यले प्रदान गर्ने सेवा र सुविधाको पहुँचबाट केही टाढा रहेको बुझिन्छ । विभिन्न भाषा बोल्ने र मुख्य रुपमा कृषि पेशालाई जीविकाको माध्यम बनाएको यो वर्ग शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा पनि पछाडि परेको छ । हाल पिछडावर्गको परिभाषा तय भएको छ र यस वर्गमा पर्ने समुदायलाई कानुनबाट नै आरक्षण प्रदान गरिएको छ । विभिन्न धर्ममा विश्वास गर्ने पिछडा वर्गको अवस्था देशका सवै भागमा एकै प्रकारको भने छैन ।

पिछडा वर्गको संस्कृतिका बारेमा राम्रोसँग शोध तथा खोज नभएको वर्तमान अवस्थामा डा. वीरबहादुर महतो ज्यूको यो प्रयास ज्यादै महत्वपूर्ण पनि छ । उहाँले लेखेको पिछडावर्ग समाज र संस्कृति नामक पुस्तकको पाण्डुलिपी मैले सरसरती अध्ययन गर्ने मौका पाए । महतो ज्यूले बडो मेहनत गरेर यो पुस्तक तयार पार्नु भएको रहेछ । उहाँले यस पुस्तकमा पिछडा वर्गमा पर्ने समुदायको नाम दिनुका साथै यस वर्गको अवस्था पनि स्पष्ट पार्नु भएको छ । डा.महतोले पिछडा वर्गको आरक्षणका सवालदेखि आरक्षणका लागि नीतिगत व्यवस्थासम्मका विषयवस्तुका बारेमा विश्लेषणात्मक रुपमा चर्चा गर्नु भएको छ । उहाँले यस वर्गका चाडवाड, देवीदेवताप्रतिको विश्वास, हस्तकला, लोकबाद्य, लोकनृत्य र लोकगीत लगायतका विविध विषयवस्तुका बारेमा प्रकाश पार्नु भएकाले यो नै पिछडा वर्गको संस्कृतिका बारेमा अनुसन्धान गरी लेखिएको पहिलो पुस्तक हो ।

आरक्षण क्षणिक समयका लागि हुनु पर्दछ । आरक्षणभन्दा क्षमता अभिबृद्धि अझ दिगो हुन्छ । अनिवार्य शिक्षा, उचित रोजगारी र त्यसका लागि क्षमता अभिबृद्धिका कार्यहरु गरिएको खण्डमा कुनै पनि समुदायको विकास दिगो रुपमा हुने गर्दछ । यसैबाट पिछडावर्ग अन्य वर्गसँग प्रतिष्पर्द्धा गर्न सक्षम हुन्छ र राज्यका हरेक सुविधा प्रतिष्पर्द्धाबाट प्राप्त गर्न सक्तछ । तसर्थ राज्यले र पिछडा वर्गले पनि आरक्षण मात्र सर्वोपरी विकासको दिगो समाधान होइन भन्ने कुरामा सतर्क रहन आवश्यक छ । कुनै पनि समुदाय क्षमता अभिबृद्धिबाट नै अर्को वर्गसँग प्रतिष्पर्द्धा गर्न सक्षम हुन्छ । प्रतिष्पर्द्धाबाट नै समुदायको सर्वोपरि विकास पनि हुने गर्दछ । तसर्थ पिछडावर्गको संस्कृति भित्र नै यस्ता विषयवस्तुका बारेमा पनि खोजी गरिनु पर्दछ । डा.वीरबहादुर महतो ज्यूले यस पुस्तकमा पिछडा वर्गको संस्कृति उजागर गर्ने कार्य गर्नु भएको छ, जुन अति महत्वपूर्ण र आवश्यक पनि छ । यसका लागि डा.महतो ज्यूलाई बधाई ।

प्रा.डा. सोमप्रसाद खतिवडा

प्रमुख

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग त्रिवि किर्तिपुर

नेपालमा पिछडा वर्ग मुद्दा

नेपालको सम्बिधानमा समावेशी आयोगको कार्य क्षेत्रमा पिछडा वर्ग राखिएको छ । यो भन्दा अगाडि नेपाल सरकार स्थानिय विकास मंत्रालय अन्तरगत पिछडा वर्ग उत्थान प्रतिस्ठान भन्ने एउटा संस्था थियो । नेपालमा पिछडा वर्गको मुद्दा एक हिसाबले नयाँ हो । जसरी नेपालमा जनजाति मुद्दा २०४७ सालको सम्बिधान पछि उठ्यो त्यसरी नै पिछडा वर्गको मुद्दा १० वर्षे जनयुद्ध र २०६२ जन आन्दोलन पछि सशक्त रुपमा उजागर भयो । नेपालमा पिछडा वर्ग भन्नाले तराई मधेश इलाकामा बसोवास गर्ने दलित, जनजाति, मुस्लीम, खसआर्यमा नपरेका जनसंख्या भन्ने बुझिन्छ । नेपालको सरकारी तथ्यांकमा यो वर्गले देशको कुल जनसंख्याको १४ प्रतिशत ओगटेको छ भने नेपालको सीमापारी भारतमा यी समुदायको समाज ५० प्रतिशत भन्दा बढी बहुसंख्यामा छ । भारत मावि.पि सिंह प्रधानमंत्री हुंदा मण्डल आयोगले ओबिसी अर्थात अन्य पिछडा वर्गको आरक्षणको मुद्दा उठायो र सरकारको जागिरमा २७ प्रतिशत आरक्षण छुट्‍यायो । नेपालमा पनि संबिधान निर्माणमा समाबेशीताको मुद्दा उठ्दा दलित, जनजाति, मुस्लीम र खसआर्यलाई समानुपातिक अंशहरु प्राप्त भयो तर पिछडा वर्गलाई ब्यवस्था भएन । संविधानले तराईमा मधेश र मधेशी पहिचान स्थापित गऱ्यो र मधेशीको नाउंमा आरक्षण राखियो । संबिधानमा मधेशी आयोग पनि छ । तर पिछडा वर्गलाई भने समाबेशी आयोग भित्र खसआर्य, बृद्ध, अपांग, बालबालिका आदि समुदाय संगै राखियो । पिछडा वर्गका समुदायहरु मधेशीमा पनि पर्दछन । मधेशी भन्नाले को को र कुन कुन समुदाय हुन भन्ने कुराको अन्योलता छ । मधेशी भन्ने नेपालको तराई भूभागमा बस्ने गैरपहाडि जनसंख्या भन्ने बुझाई राख्न खोजेको छ । मधेशी भन्ने बित्तिकै पिछडा वर्ग हुन सक्दैन ।

यस्तो अन्यौलको परिस्थीतिमा पिछडा वर्ग बारे स्पस्ट प्रकाश पार्ने एक पुस्तकको आवश्यकता छ । नेपालमा पिछडा वर्ग भन्नाले कुन कुन समुदाय हुन र समानुपातिक समावेशीताको कुन कुन अधिकार कति कति पाउनु पर्छ भन्ने कुरामा बहस र आन्दोलन भइरहेको छ । नेपालको सम्बिधानमा ब्यवस्था गरिएको समावेशी आयोगले पिछडा वर्गको सूचि तयार गर्दै छ । नेपाल सरकारले पिछडा वर्ग उत्थान प्रतिष्ठान गठन पनि गर्दैछ । नेपालका पिछडा वर्ग बारे बृहद जानकारी आवश्यक छ । डा. वीरबहादुर महतोजी एक जना बरिष्ठ पिछडा वर्ग अभियन्ता र विज्ञ हुनु हुन्छ । वहां भारतका पिछडा वर्गका प्रमुख शक्तिशाली संगठनहरुमा परिचित र प्रतिस्थीत नेपालका सम्पर्क ब्यक्तित्व पनि हुनु हुन्छ । बहांले नै मलाई पनि विगत पांच वर्ष देखि बम्बे, दिल्ली र पटनामा भएका ओबिसी, मूलनिवासी र बामसेफका राष्ट्रीय महाधिवेशनहरुमा पर्यवेक्षकको रुपमा साथै लगेर पिछडा वर्गका मुद्दा र अभियान संग परिचित गराउनु भएको हो । यो पुस्तक वहांको बिसौं वर्षको अध्ययन, अनुभव र अभियानबाट प्राप्त बिज्ञताको उपज हो । नेपालमा भैरहेको वर्तमान सामाजिक र राजनीतिक परिवर्तनमा यो पुस्तकको महत्व र सार्थकता स्वतः सिद्ध छ । उहांलाई हार्दिक बधाई तथा शुभकामना अभिब्यक्त गर्दछु ।

डा. केशबमान शाक्य

अनुसन्धान विद तथा पुर्व मन्त्री नेपाल सरकार

The book "Pichada Barag (OBC) Sanskriti Ra Samaj" by Dr. Bir Bahadur Mahato, which explores the influence of the oppressed and exploited class of Pichhada Barag on the social and cultural structures of Nepal. The book analyz-es the pervasive beliefs, values, and practices of Pichada Barag, and how they contribute to the socio-cultural changes in Nepal. The author highlights the cultural diversity of Nepal and how the Nepalese caste system helps to bring it together. The book also discusses the necessary elements of social units to understand the complexities of Nepalese society. The book suggests that granting self-representation in various institutions, including Polity, Bureaucracy, University, Industry, Civil Society, and media, will strengthen democracy in Nepal and aid in the nation-building process. The book is a valuable resource for scholars, political leaders, constitutional experts, and policy makers.

It seems that the book provides a deeper understanding of Nepal's socio-cultural aspects, particularly the influence of the Pichhada Barag or OBC community. The book highlights how the beliefs, values, and practices of this community have contributed to the socio-cultural changes in Nepal. Overall, it sounds like a valuable contribution to the contemporary literature of Nepal. The author's style is marked by clarity and simple expressions, making it a masterpiece.

The book highlights the need for a commission for Other Backward Classes (OBC) in Nepal and draws inspiration from Indian icons such as Jotiba Phule and Babasaheb Dr. B.R.Ambedkar. The book suggests that self-representation and inclusion of marginalized sections in decision-making are essential for strengthening democracy in Nepal.

Finally, the book offers a vivid picture of the people and places of Nepal and highlights the necessary elements for understanding the complexities of Nepalese society specially marginalized community.

My best wishes to Dr. Birbahadur Mahato for wonderful future ahead.

In the contemporary literature of Nepal, there have been many writers ,who have dazzeled millions of the people and forced them to think by the challenging themes of societal evils, dominance of castes and classes in the society; but Dr. Bir Bahadur Mahto is one among those,whose works are noted not only for their insight perspectives into the lives of oppressed and exploited ones ,but besides, depicts how these exploited class or "Pichada Barag" influences the culture of any country to give a brighter shape to its socio-cultural aspects. The book of Dr. Mahto, does not eradicating the caste and class system of society only, but gives a full understanding ,how Pichhada Barag, helped the various social,cultural structures of Nepal.

Dr. Mahto, a major name among the prolific contemporary writers, is itself a powerful institution of thoughts, observations and expressions , does not need to peep into anyone's zone of experience to trace the inspiration for this book. His own sense of belongingness to his own Native land is enough to adress the levels of society ,and the elements of social and cultural structures of Nepal; to provide us a new and deeper understanding in developing our views ,to get the process of social stratification,cultural interaction,doctrine of karma and sanskas among the civilization and civilization of Pichhada Barag of Nepal.

In this book, 'Pichada Barag (OBC) Samaj Ra Sanskriti' , Dr.Mahto, as a truly sociological analyst, brings out ,how the Functions of pervasive beliefs, values ,and practices of Pichada Barag helps to collect the piece together from every corner of society and glorify the various aspects of the social system ,by giving an objective and variable accounts of various aspects of socio-cultural changes .This book ,talks how , the way of living and thinking have influenced the various aspects of socio -cultural changes, and help to measure the dimensions, , responsible to affect and get affected.

Over the last many decades, the country has witnessed some differences ; but surprisingly no one tried to draw the attention of those elements which are actual helpful to wipe out these differences .Dr. Mahto has done it powerfully, ang given a new vision to understand the socio-cultural aspects of its own country. That's

why, not only the Nepalese state, but the state of international ,ready to avoid the differences, and be determined to see the country as the one nation in the matter of any aspects of society such as class-castes, religious ,linguistic etc...

Nepal, a multi cultural ,multi racial and multi linguistic country, regarded as a culturally rich country , significantly known for its peaceful environment. In term of cultural - heritage ,it's multi dimensional aspects such as class-castes, within the social group of Pichhada Barag with their various forms of art-crafts-music-dance and folktales-folkores are very well depicted in this book ,by Dr.Mahto and enough to unveil the symbols of national unity in cultural diversity. With the help of this, specialty, the author has tried to give a complete shape of the philosophical outlook of his country 's socio-cultural aspects. Of course, this country is blessed with such unique specialty but like his own country, the author, himself is blessed with the specialty to define and depict so beautifully. That can be seen in this book ,in which ,he has got his mastery over depicting , not only unique cultural- diversity of his country , but at the same time, he depicts how the Nepalese caste system (basically Pichada Barag or OBC) helps to bring this diversity together.

The author goes on saying that the traditional Nepalese caste -class system, of social stratification,refers to categoriesor groups are still unbroken but one thing that is very helping in bringing it's diversified culture together is ,it's flexible rules .Though the society is divided into higher and lower social units ,and, again ,this stratification is based on class -caste, gender-ethnicity ; but in terms of sharing cultural norms ,each category -group or social units has same consciousness . That affects the all respects of human development too.

The study of the book of Dr. Mahto, helps to establish a link between caste-class and cultural diversity, and highlights the necessary elements of social units to understand the complexities of that particular society . Of course, this book talks about the harmony, peace ,solidarity bring out by the same consciousness of the people belong to the diversified social unit ,but at the same time

he as an author expresses the different attitudes and complexities of the people too.

The book ,talks about ,how the socio-cultural aspects of Nepal has got its actual shape and in doing so ,it gives a vivid pictures of its people and places.

His style is marked by clarity for his expressions. His fondness of selecting simple words and forming simple sentences ,enough to acclaim this book as his masterpiece upon his publication. His depth of observation to depict the reality ,makes his motives complete for writing to his own country.

I, personally, hope to see, his more and more literary works in the future. Best wishes !

Dr. Rashi Sinha
Bihar

शुभेच्छा मन्तव्य

नेपालको पिछडावर्गबाट, सामाजिक, आर्थिक, मौलिकहक समग्र विकास र प्राज्ञिक उन्नयनका लागि अगुवाको भूमिकामा रहिआउनु भएका डा.वीरबहादुर महतोको 'पिछडावर्ग (OBC) संस्कृति र समाज पाण्डुलिपि सर्सती हेर्ने अवसर प्राप्त भयो। लेखक साधुवादका पात्र हुनुहुन्छ। उहाँका अथक प्रयास र प्रकाशनका कडीमा यो कृतिको विशेष वर्गीय र समसामायिक महत्व छ। पिछडावर्ग भाषा, साहित्य र व्याकरणमा योगदान दिँदै आउँदा उहाँले संस्कृति विषयलाई पनि संगसंगै लिएर जानु स्वागतयोग्य हो।

यो सानो आलेख आमुख मात्र भएकोले यसमा कृति समीक्षा अटाउन सकेन तर उहाँले सिलसिलाबद्ध रुपमा पिछडावर्गको पहिचान र प्रयास जनसंख्या, अवस्थिति, इतिहास, कानूनी व्यवस्था र त्यसबाट प्राप्त पहिचानबाट कृति अगाडि बढाउनुभएको छ। यो र अन्य विविध कृति, परियोजना, बहस र व्यवस्थाबाट अब पिछडावर्गको, के, कहाँ भन्ने प्रश्न रहेनन् तर पहिचान, विकासका एजेण्डा र नीतिगत व्यवस्था त संधै लडिरहने, मिलिरहने विषय हुन। वर्तमान अवस्थामा आफुलाई संख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि स्थापित गर्ने काम लेखक डा.वीरबहादुरजी जस्ता अथक, परिश्रमी र साहसी युवा पुस्ताको भूमिका अपरिहार्य छ।

पुस्तकमा संस्कृति, सम्पदा, खासगरी पिछडावर्गका लोकसंस्कृति पक्षको पनि चर्चा भएकोले यसको महत्व विशिष्ट छ। संस्कारका विविध पक्ष, खासगरी लेखकको अनुसन्धान विशिष्टताको रूपमा रहेको 'संस्कार गीत' को चर्चाले पनि पुस्तकको सांस्कृतिक साहित्यिक पक्ष खासगरी पिछडावर्गको विरासत बारेको ज्ञान साझा भएको छ। यो एक सह्राहनीय काम भएको हो।

म लेखकको प्रयासको प्रशंसा गर्दछु। लोकमा रहेका ज्ञानका सबै पक्ष बाहिर आउनु पर्छ भन्ने उहाँको अठोट र प्रयासले चर्चा पाइरहोस् भन्ने शुभकामना छ। वर्गभित्रका सबै समुदायलाई यसले उत्साहित गर्नेछ भन्ने मेरो आशा छ।

प्रा.डा प्रेमकुमार खत्री

अध्यक्ष- लोकवार्ता परिषद् नेपाल

गोंगबु, काठमाडौं।

दो शब्द

हम सभी जानते हैं पीछे कई सालों से कमजोर/पिछड़ा वर्ग अपने हक, अधिकार और न्याय की लड़ाई लड़ता आया है। इसी लड़ाई का परिणाम है कि पिछड़ा वर्ग को सामाजिक एवं शैक्षणिक विकास हेतु सार्वजनिक क्षेत्र के रोजगार और उच्च शिक्षा में आरक्षण मिला। लेकिन जमीनी हकीकत को देखते हुए लगता है कि अभी भी पिछड़ा वर्ग को अपने हक के लिए और संघर्ष करना होगा। न केवल भारत बल्कि उन सभी देशों में, जहाँ सामाजिक, आर्थिक, राजनैतिक रूप से समाज में अभी भी विभेद तथा शोषण है, वहां के कमजोर/पिछड़े लोगों को संघर्ष करना होगा। भारत की तरह नेपाल भी एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक एवं बहुजातीय देश है। यहां भी जातीय समीकरण बड़े जटिल हैं। आश्चर्य है कि पिछड़े वर्ग की सामाजिक, शैक्षणिक आदि स्थिति को प्रमाणिक और विस्तृत रूप में वर्णित करती कोई पुस्तक अभी तक नहीं आयी थी। लेकिन वीर बहादुर महतो जी की 'पिछड़ा वर्ग : समाज र संस्कृति' नामक पुस्तक ने इस कमी को दूर कर दिया है। प्रस्तुत पुस्तक नेपाल में पिछड़ा वर्ग की स्थिति, उसके संघर्ष, संवैधानिक व्यवस्था, उसकी संस्कृति, जाति, भाषा आदि पर केन्द्रित है। इस बेहतरीन प्रयास के लिए निश्चित रूप से पुस्तक के लेखक साधुवाद के पात्र हैं।

पुस्तक से ज्ञात होता है कि कैसे नेपाल में पिछड़ा वर्ग को अपने हक, अधिकार के लिए संघर्ष करना पड़ा। कैसे सामाजिक न्याय हेतु बने सरकारी संगठनों, समितियों ने कार्य किया ? देखा जाए तो पिछड़ा वर्ग में अधिकांश मूलतः खेती पर आधारित काश्तकार, दस्तकार, शिल्पकार, पशुपालक तथा समाज की सेवा करने वाले लोग शामिल हैं। लेकिन विज्ञान की प्रगति और कला-कौशल का मशीनीकरण होने से दस्तकार और शिल्पकार जैसे लोग बेकार/बेरोजगार हो गए। वर्तमान में उनकी समस्याएँ और बढ़ गई हैं। क्योंकि अभी भी अधिकांश लोग अशिक्षित और गरीब हैं। अभी भी उनका सामाजिक, राजनैतिक, आर्थिक शोषण हो रहा है। इसलिए हमें सोचना होगा कि समाज के कमजोर/ पिछड़े वर्ग के आर्थिक, सामाजिक, शैक्षणिक उत्थान के लिए क्या बेहतर उपाय हो ?

भाषा तथा संस्कृतिविद् डा.वीर बहादुर महतोद्वारा लिखित यह पुस्तक नेपाल के मूलवासी पर तो बात करती ही है, साथ ही सत्ता में सहभागिता, सामाजिक न्याय, जातीय, क्षेत्रीय, लैंगिक विभेद के विरुद्ध किस तरफ आवाज उठी, यह भी देखने को मिलता है। पुस्तक की उपयोगिता इस बात से भी बढ़ जाती है कि इसमें न केवल पिछड़ा वर्ग में शामिल होने वाली जातियों की जानकारी दी गई है, बल्कि पिछड़े समाज के परम्परागत खेल, मेले, तीज-त्योहार, पर्व, रीतिरिवाज, कुल देवता, ग्राम देवता, लोक कला, नाच, गीत, मुहावरे, चित्रकला, काष्ठ कला आदि पर प्रकाश डाला गया है। पुस्तक से समझा जा सकता है कि पिछड़ावर्ग के सन्दर्भ में भारत और नेपाल में क्या भिन्नताएं हैं। हाँ, इतना जरुर है कि चाहे भारत हो या नेपाल या अन्य कोई देश, वर्तमान समय में पिछड़ा वर्ग अभी भी अपनी जाति के विकास, भाषा, बोली, संस्कृति के संरक्षण के लिए संघर्षरत है।

डा. ऋतु रानी, दिल्ली

वरिष्ठ साहित्यकार

मील के पत्थर साबित होअत ई पुस्तक

नेपाल के जानल मानल समाजसेवी, आंदोलनकारी आउ भाषा तथा संस्कृतिविद् डा. वीर बहादुर महतोद्वारा लिखल "पिछड़ा वर्ग संस्कृति समाज" नामक पुस्तक नेपाल आउ भारत के पिछड़ा वर्गन के सामाजिक आउ सांस्कृतिक स्थिति पर तो विस्तार से चर्चा करल ही गेल हे, साथे-साथे आर्थिक पहलू के भी बारीकी ढंग से दरसावल गेल हे।ई रुप में साइत ई पहिल पुस्तक हो सकऽ हे ।

डा.महतो एगो पारखी, दूरदर्शी समाज सेवी त हइए हथ, एगो प्रबुद्ध साहित्यकार भी हथ । जे पिछड़ा वर्ग में लोगन में चेतना पैदा करे लेल ऊ खुदे एगो आंदोलन बन के उभर रहलन हे । जेकर विश्लेषण ई पुस्तक में अपन देस नेपाल के त करबे करलन हे,भारत के भी विश्लेषण करलन हे ।

ई ओही पिछड़ा वर्ग हे,जेकरा में सभे-के-सभे जाति के लोग सदियन से जमीन से जुड़ल रहलन हे । जे अपन मेहनत आउ हुनर से लोगन के न सिरिफ पेट भर रहलन हे, बलुक ढेरे आवश्यकता के पूरा भी कर रहलन हे । समाज में कुछ अइसन भी जाति के लोग हथ,जे परपोषी हथ । जे दूसर के कमाई पर अपन पेट भर रहलन हे आउ उल्टा पेट भरे ओलन जाति के ही एगो छल-छद्म के तहत नीच समझ रहलन हे । बाकी पिछड़ा वर्ग अर्थाभाव से जुझइत भी स्वाभिमानी आउ स्वावलंबी वर्ग रहल हे । बाकी वर्णव्यवस्था के अइसन गुलाम बना देवल गेल हे कि जेकर जेतना अधिकार मिले के चहइत हल, ओतना न मिल सकल हे । एकर कारण शिक्षा से दूर रखल गेल हे ।

बाकी आझ जइसे-जइसे पिछड़ा वर्ग (ओ बी सी) में शिक्षा के विकास हो रहल हे । जइसे-जइसे पिछड़ा वर्गन में चेतना आउ जागरुकता आ रहल हे । ओइसे-ओइसे अपन अधिकार के वास्ते आगे आ रहल हे।अइसे बीच-बीच में विभिन्न सामाजिक संगठन के माध्यम से एकजुटता के प्रयास भी होइत रहल हे, बाकी जेतनन सफलता मिले के चहइत हल, ओतना न मिल सकल ।

पुनः एक जुटता के दिसा में मार्गदर्शन के वास्ते डा.महतो के ई पुस्तक एगो ऐनक के रूप में काम आवत आउ मील के पत्थर साबित होअत, ई हमरा पूरा विश्वास हे । ई पुस्तक के रचना करे लेल डा.महतो के दिल से ढेरे बधाई ।

अलखदेव प्रसाद'अचल'
वरिष्ठ साहित्यकार
बिहार (भारत)

मिति : २०७९।१२।०७

शुभकामना

नेपालको संविधानले हाम्रो देशलाई वहुजातीय, वहुभाषिक, वहुधार्मिकर वहुसांस्कृतिक विशेषतायुक्त देशको रूपमा परिभाषित गरेको छाहरेक जात-जाति भित्रको उपजात उपभाषा र संस्कृतिले गर्दा हाम्रो देश साँच्चिकै सुन्दर फूलवारी झैं देखिन्छ। त्यही फूलबारीको एउटा पाटोको रूपमा आर्थिक, सामाजिक, शैक्षिक, एवं राजनैतिक रुपमा पछाडि परेका, आदिवासी जनजाती, दलितको सूचीमा सूचीकृत नभएका जातजातिहरुलाई पिछडावर्ग (OBC) भनिएको छ। Other Backward Class (OBC)शब्दको प्रयोग महाराष्ट्रका ज्योतिबा फुलले अंग्रेज शासनकालमा नैं गर्नु भएको थियो। पछि बाबासाहेब डा. भिमराव अम्वेडकर, विपी मण्डलआदिले पिछडा वर्गको पहिचान प्रयोग र अधिकार प्राप्तिका लागि योगदान गर्नु भएको पाइन्छ। भारत सरकारले सन् १९९२ मा सरकारी क्षेत्रको रोजगारी तथा उच्च शिक्षा अध्ययनमा यस समुदायको लागि आरक्षणको व्यवस्था गरेको र त्यसको प्रभाव नेपालमा पनि परेको फलस्वरूप २०५५ सालमा पिछडावर्ग (OBC)उत्थान संघको स्थापनाभई २०६२ सालमा नेपाल पिछडावर्ग (OBC) महासंघमा परिणत भएको र सरकारी स्तरमा २०६५ सालमा पिछडाबर्ग उत्थान विकास समिति गठन भएको पाइन्छ।

पिछडावर्ग OBC संस्कृति र समाज पुस्तक प्रकाशनको तयारीमा जुट्नु भएका अध्येता, खोजकर्ता र आवाज विहिनहरूका आवाजका रूपमा सुपरिचित समाजसेवी डा. वीर बहादुर महतो पिछडा वर्गको उत्थान विकास अभियानका अभियन्ता र कर्मयोगी व्यक्तिको नाम हो। डा. महतोद्वारा लिखित पिछडावर्ग (OBC) संस्कृति र समाज पुस्तक पाँच अध्यायमा विभक्त छ। यस पुस्तकमा परिचय र अन्तर्राष्ट्रिय सम्मेलनको परिचय र परिकल्पना, पिछडा बर्गको अवस्थिति र व्याख्या, संस्कार संस्कृति परम्परा र दर्शन, धर्म साहित्यका साथै पिछडा बर्गको पहिचान खुल्ने विषयवस्तु र तस्वीरहरू समेटिएको छ। यो पुस्तक साहित्यानुरागीका दृष्टिमा अनुसान्धानमूलक कृतिको कोटीमा रहेको छ।

डा. वीर बहादुर महतोले यस खोज पुस्तकमा पिछडा बर्गको आर्थिक सामाजिक साँस्कृतिक पक्षको चर्चा र अन्य देशमा भएका यस्ता अभियानहरूसँग तुलना गर्दै हाम्रो देशमा पिछडा बर्गका वास्तविक समस्याहरू पहिचान गरी पिछडा वर्गको के कसरी स्तरोन्नति गर्न सकिन्छ भन्ने विषयमा विस्तारमा सुझाव दिनु भएको छ। यो पुस्तक सोधकर्ता, नीति निर्माणकर्ता, योजनाविद र अन्य जिज्ञाशुहरूका लागि पनि अति नै उपयोगी छ। साहित्य सर्जकको रूपमा पनि वहाँलाई यो कृतिले अझ उचाईमा पुर्याउन सफल रहोस भन्ने कामना गर्दै नववर्ष २०८० को समेत हार्दिक मङ्गलमय शुभकामना।

उमेश बस्नेत
प्रदेश सचिव
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कोशी प्रदेश, बिराटनगर

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधता भएको मुलुक हो । जहाँ आर्थिक सामाजिक, शैक्षिक, एवं राजनैतिक रुपमा पछाडी परेका, आदिवासी जनजाती, दलित, खस आर्य, उच्च वर्ग आदिको सूचीमा सूचीकृत नभएका जातजातिहरु समेत रहेका छन्, तिनै जातजातिहरुलाई पिछडावर्ग (OBC) भनिएको छ । Other Backward Class (OBC) को पहिलो प्रयोग भारतमा भएको थियो । अग्रेजकै शासनकालमा नै पिछडावर्ग (OBC) का पिता महाराष्ट्रका ज्योतिबा फुलेले सत्यसोधक समाजको स्थापना गरेर पिछडावर्ग (OBC) का कुरा उठाएका थिए । जुन पछि गएर बाबासाहेब डां भिमराव अम्वेडकरले लन्डनमा भएको गोलमेच सम्मेलनमा पनि उठाएका थिए र साईमन कमिशनको रिपोर्टमा पनि दर्ज गराएका थिए । पछि भारतको संविधान लेख्ने जिम्मेवारी पाएका डा.अम्बेडकरले विधिवत रुपमै संविधानमा S.C/ S. T र OBC को संवैधानिक ब्यवस्था गरे । संविधानकै आधारमा काका कालेलकर प्रतिवेदन पेश भयो तर लागु हुन सकेन । पछि गएर विपी मण्डलको अध्यक्षतामा मण्डल कमिशन गठन भयो र त्यही कमिशनको रिपोर्ट आंशिक रुपमा लागु भयो । त्यसको प्रभाव नेपालमा पनि परेको थियो । जसको फलस्वरुप २०५५ साल बैशाख १ गते पिछडावर्ग (OBC) उत्थान सँगको स्थापना भएको हो । जुन संस्था पछि गएर नेपाल पिछडावर्ग (OBC) महासघंमा परिणत भयो । यस संस्थाले स्थापनाकाल देखि नै पिछडावर्ग (OBC) को हक अधिकार एवम पहिचानको लागि पहल, वकालत र संघर्ष गर्दै आइरहेको कुरा सर्वविदितै छ ।

नेपाल सरकारले २०६५ साल माघ २० गते राजपत्रमा पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश प्रकाशन गरी यस वर्गको पहिचान हक-हितको लागि समितिले काम गर्दै आएको कुरा सर्वविदितै छ । गणतन्त्र नेपालको २०७२ को संविधानले यस वर्गको न्यायोचित सम्बोधनको लागि समाबेसी आयोग मार्फत ब्यवस्थापन गरिएको छ ।

प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलन मिति २०७८ साल चैत्र १९ र २० गते मधेश प्रदेशको राजधानी जनकपुरधाम र दोस्रो पिछडावर्ग (OBC) अन्तराष्ट्रिय साहित्य सम्मेलन मित्र राष्ट्र भारतको राजधानी न्यु दिल्लीमा १३ जुलाई २०२३ मा सम्पन्न भएको छ । यस सम्मेलनमा पिछडावर्ग (OBC) को मुद्धाहरुको बारेमा बृहत छलफल भई पाँच बुँदे घोषणा पत्र पनि जारी भएको छ ।

जिल्ला समन्वय समिति सर्लाहीले प्रकाशन गर्न लागेको पिछडावर्ग (OBC) संस्कृति र समाज पुस्तकमा यस वर्गका संस्कृति, सामाजिक सरंचना, लोकबार्ता, भाषा साहित्य, चाडपर्व, खानपान, रहनसहन, संस्कार लगायत जनजीवनको विविध पक्षलाई समेटिएको

छ । लोक कण्ठमा विराजमान लोक गीत, लोक नाच, मुहावरा, उखान टुक्का, गाँउ खाने कथा, कहउवल, बुझौवल, कुलदेवताहरु, ग्रामदेवता, परम्परामा आधारित प्रथा, प्रचलन, ऋतु गीतहरु, शिल्पकला, काष्ठकला, हस्तकला, चित्रकला, मुर्तिकला आदीको कला समाग्रीहरुको साथै कृषि, पर्यटन, पर्यावरणको सरंक्षण, सम्बर्धन र प्रवर्धनको क्षेत्रमा उल्लेखनिय भुमिका निर्वाह गर्ने चुरे क्षेत्रको बारेमा समेत चर्चा गरिएको छ । पिछडावर्ग (OBC) का राष्ट्रिय एवम अन्तराष्ट्रिय स्तरका अभ्यास यस वर्गका भाषा, साहित्य, संस्कृति, लोकवार्ता सहित जनजीवनको विविध पक्षहरुलाई समेटिएको देखिन्छ । यो पुस्तक आम पाठक, विद्यार्थी, शोधार्थी, अध्येता लगायत पिछडावर्ग (OBC) को समग्र पक्षमा जानकारी राख्नेहरुको लागि बहुउपयोगि सिद्ध हुनेछ । यस पुस्तकमा भएका कमीकमजोरीहरुलाई औंल्याएर पाठक वर्गलाई आफ्नो अमुल्य सुझाव दिनुहुनेछ भन्ने पुर्ण विश्वास राखेका छौं । यो पुस्तक नेपाल अधिराज्य भरी र अन्तराष्ट्रिय जगतमा समेत पठनीय समाग्री हुनेमा आशावादी छौं ।

यस पुनित काममा सहयोग गर्नुहुने दिल्ली सर्वोच्च न्यालयका वरिष्ठ अधिवक्ता सीमा समृद्धि कुशवाहा ज्यु, दिल्ली विश्वविद्यालयका प्रा.डा.केदार कुमार मण्डल, प्रा.डा. विजय वर्मा र प्रा.डा.रामाशंकर प्रसाद कुशवाहा ज्यु, नेपाल पिछडावर्ग (OBC) महासंघका संस्थापक अध्यक्ष भरत प्रसाद महतो, नेपाल पिछडावर्ग (OBC) महासंघका अध्यक्ष गजेन्द्र ठाकुर, राष्ट्रिय पिछडावर्ग (OBC) महासंघका अध्यक्ष कौशल कुमार सिंह, नेपाल पिछडावर्ग (OBC) महासभाका अध्यक्ष राम कुमार महतो, पिछडावर्ग (OBC) का अभियन्ता मनाई महतो, सन्त सत्य नारायण आलोक ज्यु, देव नारायण मुखिया, तेज प्रकाश निसाद, जय प्रकाश महतो, रामचन्द्र मौर्य, पवन कुमार साह, श्याम सुन्दर महतो, फुलगेन मगही, भरत महतो, शिवपुजन कुशवाहा, मैनेजर प्रसाद साह कानु लगायत सम्पुर्ण अभियन्ता साथीहरुप्रति आभार प्रकट गर्न चाहन्छौ । यसै क्रममा सहयोग गर्ने एन.आर.एन नर्वेका अध्यक्ष विष्णु गौतम ज्यु, कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत नाथु साह ज्यु, प्रति आभार प्रकट गर्दै विशेष सहयोग गर्ने जीवनसंगीनी राज कुमारी महतो, भाई ई.रोहित महतो र छोरी सृष्टि कुशवाहालाई धन्यवाद दिन चाहन्छु साथै आफ्नो अमुल्य जानकारी प्रदान गर्नु हुने बिन्दा देवी महतो, जसिया देवी यादव, सञ्जय चौधरी, विन्देश्वर महतो, रामबलम महतो, किशोरी महतो प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस पुस्तकमा आफ्नो अमुल्य सुझावको साथै भुमिका लेखी सहयोग गर्नुभएका उपशाला विश्वविद्यालय स्वीडेनका प्रा.डा.ह्यान्स वर्नर ज्यु, जे एन.यु दिल्लीका समाजशास्त्रका प्रा.डा. विवेक कुमार ज्यु, सुवेदी प्रतिवेदनका संयोजक तथा नेपाल सरकारका पुर्व

मुख्य सचिव डा. सोमलाल सुवेदी ज्यु, अन्तराष्ट्रिय भाषा वैज्ञानिक तथा इतिहास मर्मज्ञ शान्ति प्रसाद जैन महाविद्यालयका प्रा.डा. राजेन्द्र प्रसाद सिंह ज्यु, बट्टिन्डा केन्द्रिय विश्वविद्यालय पञ्जावका प्रा.डा. विनोद आर्या ज्यु, त्रिभुवन विश्वविद्यालयका नेपाली इतिहास, पुरातत्व तथा संस्कृति विभाग प्रमुख प्रा.डा. सोम प्रसाद खतिवडा ज्यु, पुर्वमन्त्री तथा अनुसन्धानविद् डा. केशवमान शाक्य ज्यु, वरिष्ठ साहित्यकार डा. राशी सिन्हा ज्यु, नेपाल लोकवार्ता परिषदका अध्यक्ष तथा वरिष्ठ संस्कृतिविद् प्रा.डा.प्रेम कुमार खत्री ज्यु, वरिष्ठ साहित्यकार डा. रीतुरानी तथा अलखदेव प्रसाद अचल ज्यु, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका पुर्व सचिव उमेश कुमार बस्नेत ज्यु प्रति आभार प्रकट गर्दछु ।

यस अनुसन्धानात्मक पुस्तकमा आफ्नो शुभकामना प्रदान गर्नभएका सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड) ज्यु, प्रतिनिधि सभाका सम्मानीय सभामुख देवराज घिमिरे ज्यु, राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष गणेश प्रसाद तिमल्सिना ज्यु, सम्मानीय उपाध्यक्ष उर्मिला अर्याल ज्यु, राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सिना ज्यु, निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त माननीय दिनेश कुमार थपलिया ज्यु, प्रतिनिधि सभा सदस्य माननीय लक्ष्मी महतो ज्यु, पुर्व मन्त्री तथा प्रदेश सांसद भरत प्रसाद साह ज्यु, नेकपा माओवादी केन्द्रका प्रमुख प्रदेश सचेतक तथा प्रदेश सांसद माननीय फकिरा महतो ज्यु, डेनमार्कका नेपाली राजदुत महामहिम प्रा.डा. रामस्वार्थ राय ज्यु, राजीव गान्धी केन्द्रिय विश्वविद्यालयका कुलपति प्रा.डा.साकेत कुशवाहा ज्यु, साकेत मोरिससका अध्यक्ष डा.कोमल चन्द्र राधाकिशन ज्यु, इग्नू विश्वविद्यालयका समकुलपति प्रो. किरण हजारिका ज्यू, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राई ज्यु, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राम भरोस कापर भ्रमर ज्यु, जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जितेन्द्र महतो ज्यु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

लेखक

डा.वीर बहादुर महतो

पिछडावर्ग (OBC) समाज र संस्कृति

विषयसुची **पेज नं**

अध्याय एक

१. पृष्ठभुमि १
२. नेपालमा पिछडावर्ग (OBC) ३
३. पिछडावर्ग (OBC) को सांस्कृतिक अध्ययन प्रतिवेदन सारांश ९
४. राष्ट्रिय समावेशी आयोगको प्रतिवेदन १४
५. पिछडावर्ग (OBC) को सामाजिक अवस्था, भाषा एवम संस्कृति २७
६. पिछडावर्ग (OBC)को संवैधानिक ब्यवस्था ३३
७. संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय निकायहरुमा पिछडावर्ग (OBC) ४०
८. पिछडावर्ग (OBC) सँग मातृभाषा मगहीको सम्बन्ध ४१
९. भारतमा पिछडावर्ग (OBC) ४७
१०. मण्डल कमिशन ४७
११. नेपाल र भारतको पिछडावर्ग (OBC) मा भिन्नता ४९
१२. नेपालमा मुलवासी ५८
१३. प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलनको परिकलपना एवम् आयोजना ६२

अध्याय दुई

१. भौतिक पुर्वाधार, योजना र विकास परिचय ६३
२. कृषि ६७
३. प्रमुख खाद्यन्य बालीहरु ६८
४. चुरे परिचय ६८

अध्याय तीन

१. संस्कृतिको परिचय ७३
२. संस्कृतिको निर्माण ७७

३. दर्शन र अन्य क्षेत्रसँगको सम्बन्ध ८३
४. पिछडावर्ग (**OBC**) को परम्परागत खेलहरु ९४
५. पिछडावर्ग (**OBC**) मा प्रचलित लोक नाचहरु १००
६. पिछडावर्ग (**OBC**) का ग्राम देवता, कुल देवता ११३
७. पिछडावर्ग (**OBC**) का लोक कला, चित्रकला, काष्ठ कला ११९
८. मान्यजनी/मान्जनी प्रथा १५५
९. पिछडावर्ग (**OBC**) का समुदायहरुमा मनाइने धार्मिक रितिरिवाज, संस्कृति तथा चाडपर्वहरु १५९
१०. भण्डारा
११. बुद्ध धम्म/धर्म १९०

अध्याय चार

१. पिछडावर्ग (**OBC**) समुदायका संस्कारहरु १९७
२. पिछडावर्ग (**OBC**) मा प्रचलित उखान टुक्काहरु २२७
३. गाँउखाने कथा २३५
४. मुहाबरा २३९
५. कहउतिया २४९
६. बुझौवलहरु २५८
७. पिछडावर्ग (**OBC**) समुदायका लोक गीतहरु २७३
८. मेला तथा पर्यटकीय स्थलहरु

अध्याय पाँच

१. छापामा पिछडावर्ग (**OBC**)
३. सन्दर्भ ग्रन्थ सुचीहरु ३९५
२. तस्विरहरु ३९८

अध्याय एक

पृष्ठभूमि :-

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधता भएको मुलुक हो । जहाँ आर्थिक सामाजिक, शैक्षिक, एवं राजनैतिक रुपमा पछाडी परेका, आदिवासी जनजाती, दलित आदिको सूचीमा सूचीकृत नभएका जातजातिहरु समेत रहेका छन्, तिनै जातजातिहरुलाई पिछडावर्ग (OBC) भनिएको छ । Other Backward Class (OBC) को पहिलो प्रयोग भारतमा भएको थियो । अग्रेजकै शासनकालमा नै पिछडावर्ग (OBC) का पिता महाराष्ट्रका ज्योतिबा फुलेले सत्यसोधक समाजको स्थापना गरेर पिछडावर्ग (OBC) कुरा उठाएका थिए । जुन पछि गरेर बाबासाहेब डां भिमराव अम्वेडकरले लन्डनमा भएको गोलमेच सम्मेलनमा पनि उठाएका थिए र साईमन कमिशनको रिपोर्टमा पनि दर्ज गराएका थिए । पछि भारतको संविधान लेख्ने जिम्मेवारी पाएका डा.अम्बेडकरले विधिवत रुपमै संविधानमा S.C/ S. T / OBC को संवैधानिक व्यवस्था गरे । संविधानकै आधारमा काका कालेलकर प्रतिवेदन पेश भयो तर लागु हुन सकेन । पछि गएर विपी मण्डलको अध्यक्षतामा मण्डल कमिशन गठन भयो र त्यही कमिशनको रिपोर्ट आंशिक रुपमा लागु भयो । सन् १९८० मा गठित मण्डल आयोगले भारतको कुल जनसंख्याको ५० प्रतिशत OBC समुदाय रहेको तथ्य उजागर गरेको थियो । सोही आयोगले गरेको सिफारिशको आधारमा भारत सरकारले सन् १९९२ मा सरकारी क्षेत्रको रोजगारी तथा उच्च शिक्षा अध्ययनमा यस समुदायको लागि २७ प्रतिशत आरक्षणको व्यवस्था गरेको थियो । भारत सरकारले सन् १९९२ मा (OBC) वर्गलाई दिएको आरक्षणको प्रभाव नेपालमा पनि पर्न थाल्यो । नेपालमा पनि पिछडावर्ग अन्तरगत पर्ने समुदायलाई आरक्षणको व्यवस्था हुनुपर्ने आवाज उठन थाले । नेपालमा पिछडावर्ग (OBC) सम्वन्धि आवाजको शुरुवात २०५५ साल वैशाख १ गते नेपाल पिछडावर्ग (OBC) उत्थान संघको स्थापना भए पछि शुरु भयो जुन संस्था २०६२/०२/१७ गते नेपाल पिछडावर्ग (OBC) महासंघमा परिणत भयो ।

यस महासंघले स्थापना कालदेखि नै पिछडावर्ग (OBC) मा पर्ने जात जातिहरुको विकास, संरक्षण, हक अधिकार, वकालत एवम् पहल गर्दै यस वर्गका

भाषा मगही, भोजपुरी र अवधि लगायतका भाषा एवम संस्कृतिको समेत संरक्षणको लागि विभिन्न संघर्षका कार्यक्रमहरु गर्दै आइरहेको कुरा सर्वविदितै छ। तत्कालीन समयमा महासंघको दाबी अनुसार यस समुदायमा ३४ जातीहरु रहेका छन् र यिनीहरुलाई सरकारी रोजगारी तथा शैक्षिक संस्थामा अध्ययन गर्न ३३ प्रतिशत आरक्षणको व्यवस्था ागर्नुपर्ने माग गरेको थियो । नेपाल जनआन्दोलन २०४७ पछि आएको राजनैतिक शासन प्रणालीको खुलापनामा जनताले चाहे बमोजिम लोककल्याणकारी राज्यको शासन व्यवस्था अनुरुप विभिन्न तह र तप्काका जनताहरुमा आएको नागरिक चेतनाले शासन सत्तामा सहभागिता, सामाजिक न्याय, जातिय, क्षेत्रिय, लैङ्गिक एवम् वर्गिय विभेद विरुद्धका आवाजहरु आमरुपमा उठन थाले। यसै सन्दर्भमा आर्थिक, सामाजिक, राजनैतिक एवम् सामाजिक कुरीति जस्ता छुवाछुतको विभेदमा परेको दलितहरुले सामाजिक न्यायको मुद्दा दलितका विभिन्न संघ संस्थाहरुले उठाए भने जातिय एवम् भाषिक तथा सांस्कृतिक विभेद लगायत आर्थिक, सामाजिक शैक्षिक, एवम् शासन प्रशासनको विभेदमा परेको भन्दै आदिवासी जनजातीहरुको आवाज टड्कारो रुपमा राज्य समक्ष संगठित रुपमा आदिवासी जनजाति महासंघले प्रस्तुत गर्ने काम जारी नै राखे । राज्यले विभिन्न अध्ययन प्रतिवेदन एवम् कार्यदल गठन गरी क्षमता र आवश्यकता अनुरुप यस्ता मागहरुलाई सम्वोधन गर्न विशेष ध्यान दिन थाल्यो । फलस्वरुप उपेक्षित, उत्पिडित, दलित वर्ग उत्थान विकास समिति र आदिवासी जनजाति उत्थान विकास समिति गठन आदेश २०५४ जारी गरियो । अदिवासी जनजाति वर्गका जातजातिहरुको सूचिकरण गरी कार्य अगाडि बढाइयो ।

जस अनुसार अदिवासी जनजातिको सूचीमा विभिन्न ५७ वटा जातजातीहरुको सूचीकरण गर्ने कार्य भयो भने दलित वर्गको सूचिमा पनि तत्कालिन रुपमा १८ जातजातिहरुको सूचीकरण गर्ने कार्य भयो। सोही समयमा अदिवासी जनजाति र दलितको सूचीमा सूचिकृत नभएको तर आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक रुपमा पछाडि परेका विभिन्न ३६ वटा जातजातिहरुको लागि राज्यले सूचिकृत गरी छुट्टै संस्थागत व्यवस्था गर्नका लागि २०५५ सालमा नेपाल पिछडावर्ग (OBC) उत्थान संघको स्थापना गरी विधिवत रुपमा आफ्ना समस्याहरु र राज्य सरकार समक्ष प्रस्तुत गर्दै विभिन्न शान्तिपूर्ण संघर्षहरु प्रारम्भ भयो । पिछडावर्गको संघर्षको परिणामस्वरुप २०६४/०५/०२ मा स्थानीय विकास मन्त्रालयका तत्कालिन सहसचिव श्री सोमलाल सुवेदीको संयोजकत्वमा नेपाल पिछडावर्गका

प्रतिनिर्धि आदिवासी जनजाति महासंघका प्रतिनिधि एवम् उपेक्षित, उत्पिडित, दलितवर्ग उत्थान विकास समितिका समेत प्रतिनिधि हुने गरी पिछडावर्गको सम्वन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन भएको थियो । उक्त कार्यदलले स्थानीय विकास मन्त्रालय समक्ष आफ्नो कार्य सम्पादन गरी प्रतिवेदन मिति २०६३/५/२५ गते पेश गरियो । उक्त प्रतिवेदनको आधारमा २९ वटा जातजातिहरु मध्ये २५ जातिहरुको अध्ययन गर्दा नेपाल सरकारको तथ्याङ्क अनुसार कुल जनसंख्याको १७.५ प्रतिशत पिछडावर्गका जातजातिहरु रहेका छन् भनी प्रतिवेदनले प्रमाणित गरियो । सरकारी तथ्याङ्क अनुसार २०६८ को जनगणना अनुसार कुल जनसंख्याको १८.८ प्रतिशत पिछडावर्ग (OBC) महासंघले पहिचान गरेका पिछडावर्ग भित्रका ४० भन्दा बढी जातजातिहरुको जनसंख्या रहेका छन् । नेपाल पिछडावर्ग (OBC) महासंघको संघर्ष वकालत एवम् पहलमा यी जात जातिहरुको विकासको निम्ती नेपाल सरकारले वि.सं. २०६५ साल माघ २० गते विकास ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारद्धारा जारी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश २०६५ राजपत्रमा प्रकाशित गरी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन गरेको छ । पिछडावर्ग (OBC) का जात जातिहरु नेपाल बाहेक मित्रराष्ट्र भारत, बंगलादेश, पाकिस्तान, मोरीसस लगायत विश्वका विभिन्न भागमा बसोबास गरेको देखिन्छ । पिछडावर्ग (OBC) समाजको मेरुदण्डको रुपमा रहेको देखिन्छ । खास गरी नेपालको पिछडावर्ग (OBC) समुदायमा बहुसंख्यक लगभग ३५ जिल्लाहरुमा छरिएर बसेको तर नेपाल अधिराज्यभरी नै यस समुदायको उपस्थिति केही न केही रहेको देखिन्छ ।

नेपालमा पिछडावर्ग (OBC)

नेपालमा पिछडावर्ग (OBC) सम्बन्धी आवाजको सुरुवात पहिले देखि नै भएता पनि विधिवत रुपमा २०५५ साल बैशाख १ गते भरत प्रसाद महतोको अध्यक्षतामा नेपाल पिछडावर्ग (OBC) उत्थान संघको स्थापना भएपछि सुरु भएको हो । जुन संस्था २०६२ साल जेष्ठ १७ गते नेपाल पिछडावर्ग (OBC) महासंघमा परिणत भयो । संगठनको स्थापना भएपश्चात पिछडावर्ग (OBC) को हक हित र अधिकारको लागि संघर्ष, वकालत र पहल गर्दै आईरहेको कुरा सर्वविदितै छ । नेपाल कुशवाहा महासंघले मिति २०६१ साल साउन ७ गते

सम्माननी प्रधानमन्त्रीलाई पिछडावर्ग (OBC) को समस्याहरुको बारेमा ज्ञापनपत्र बुझाएका थिए भने सोही महासंघले श्री ५ महाराजधिराजलाई २०६१ चैत्र ३० गते बिन्तीपत्र पनि चढाएका थिए ।

सुवेदी प्रतिवेदन :-

पिछडावर्ग (OBC) को पहिचान गरी उनीहरुको हक हितको सम्बन्धमा संस्थागत ब्यवस्था गर्नको लागि पन्ध्र दिन भित्र सुझाव पेश गर्न स्थानीय विकास मन्त्रालयका सहसचिव श्री सोमलाल सुवेदीको संयोजकत्वमा गठित कार्यदलले २०६३ भाद्र ६ गतेदेखि कार्य प्रारम्भ गरी भाद्र २५ गते कार्य सम्पन्न गरेको छ ।

श्री सोमलाल सुवेदी, सहसचिव, स्थानीय विकास मन्त्रालय - संयोजक

श्री भरत प्रसाद महतो, केन्द्रिय अध्यक्ष, नेपाल पिछडावर्ग (OBC) महासंघ-सदस्य

श्री नित्यानन्द ताजपुरिया, प्रतिनिधि आदीवासी जनजाति महासंघ - सदस्य

श्री तुलसा गौतम, प्रतिनिधि उ.उ र दलित वर्ग उत्थान विकास समिति - सदस्य

श्री किरण प्रसाद सिवाकोटी, उपसचिव(कानुन), स्थानीय विकास मन्त्रालय -सदस्य

छोटो कार्य अवधि भएको र स्रोत साधनको अपर्याप्तताको कारण मुलुकका पिछडावर्ग (OBC) को हितमा काम गर्ने संस्थाको ब्यवस्था के कसरी गर्ने भन्ने विषयमा मात्र कार्यदलले आफ्नो अध्ययन सिमित गरेको छ । पिछडावर्ग (OBC) को पहिचान, उनीहरुको हितमा काम गर्ने स्थायी संरचनागत ब्यवस्था र अन्य सान्दर्भिक विषयमा सघन अध्ययन हुन आवश्यक भएकोले कार्यदलले आफ्नो प्रतिवेदनमा यस कार्यको लागि बाटो खोल्ने विकल्प सहितको सुभfव प्रस्तुत गरेको छ । अर्थात निष्कर्षमा भन्नु पर्दा पिछडावर्गको हक हितको सम्बन्धमा काम गर्न संस्था गठन गर्नुपर्ने आवश्यकता देखिन्छ । स्रोत : स्थानीय विकास मन्त्रालय ।

मधेशी पिछडावर्ग र मुस्लिम उत्थान कार्यक्रम

सुवेदी प्रतिवेदनलाई लागु गर्न राष्ट्रिय जनता दल र नेपाल पिछडावर्ग (OBC) महासंघको संयुक्त सघर्षमा पिछडावर्ग (OBC) मधेश विकास समिति गठन सम्बन्धमा २०६४/५/३१ गते मन्त्रिपरिषदमा पिछडावर्ग गठन आदेश

२०६४ स्वीकृत गर्नको लागि पेश भएको प्रस्तावको आधारमा मधेश मुस्लिम उत्थान कार्यक्रम सुरुवात भएको हो । नेपालको अन्तरिम संविधान २०६३ ले वर्गीय, जातिय, भाषिक, लैगिक, सांस्कृतिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित आदिवासी जनजाति, मधेशी, उत्पीडित समुदाय र पिछडिएका क्षेत्रका समस्याहरुलाई सम्बोधन गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी समाबेशी, लोकतान्त्रिक, संघीय शासन प्रणाली सहितको अग्रगामी पुनसंरचना गर्ने उल्लेख गरेको छ । सो मर्म अनुरुप मधेशी, पिछडावर्ग र मुस्लिम समुदायलाई राज्यको सबै अंगहरुमा समावेश गर्न राजनितिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोगको लागि सक्रिय भुमिका एवम अवसर प्रदान गर्न आवश्यक भएकोले आ.व. २०६४/६५ देखि नयाँ कार्यक्रमको रुपमा सुरु हुने यस कार्यक्रम अन्तरगत मधेशी एवम पिछडावर्ग मुस्लिम तथा अन्य अल्पसंख्यकहरुको शसक्तिकरण, समावेशीकरण र समग्र विकासको लागि उपयुक्त संस्थागत संरचना तयार गरिएको छ । यो कार्यक्रम १६ जिल्लादेखि सुरु भई २६ जिल्लासम्ममा विस्तार भएको थियो । सुरुमा विनियोजित बजेट २ करोड ५० लाख रहेको थियो । स्रोत : स्थानीय विकास मन्त्रालय ।

सिफारिस समिति गठन

सरकारी वार्ता टोली र नेपाल पिछडावर्ग (OBC) महासंघ बीच मिति २०६५ चैत्र ११ गते भएको सम्झौताको बुदा नं. २ मा नेपाल पिछडावर्ग (OBC) महासंघका मागहरु पिछडिएको समुदायको उत्थान विकास समितिबाट सम्बोधन गर्न प्रभावकारी हुने भएकोले उक्त विकास समितिलाई सुझाव दिन शान्ति तथा पुननिर्माण मन्त्रालयको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भए बमोजिम मिति २०६५/१२/१५ गते नेपाल सरकारका मन्त्री स्तरिय निर्णय अनुसार तपसिल बमोजिमको समिति गठन गरियो

१. संयोजक : विष्णु प्रसाद नेपाल - सह-सचिव, शान्ति तथा पुननिर्माण मन्त्रालय ।

२. सदस्य : वीर बहादुर महतो - के. सचिव, नेपाल पिछडावर्ग (OBC) महासंघ ।

३. सदस्य : उमदेश्वर प्रसाद साह - के.सदस्य, नेपाल पिछडावर्ग (OBC) महासंघ

४.सदस्य : देव नारायण मुखिया - के. सदस्य, नेपाल पिछडावर्ग (OBC) महासंघ

५. सदस्य : राम प्रसाद आर्चाय - उपसचिव, स्थानीय विकास मन्त्रालय ।

गठित समितिले गरेको निम्न सिफारिस कार्यान्वयनका लागि सिफारिस सहित अनुरोध गर्ने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६५/१२/२३ को निर्णयानुसार :-

१. नेपाल सरकारले मिति २०६५/१०/२० मा राजपत्रमा सुचना प्रकाशन गरी पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश २०६५ जारी गरेको र सो आदेशको दफा ३ बाट पिछडिएको समुदाय उत्थान विकास समिति गठन हुने ब्यवस्था भएकोमा सो समितिले पिछडिएको समुदाय उत्थान विकास समितिलाई पुर्णता दिन अति आवश्यक भएकोले यथाशिघ्र उक्त समितिलाई पुर्णता प्रदान गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

२. उपसमितिको गठन गर्ने सन्दर्भमा दफा ३ को (ख), (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरु मनोनयन गर्दा नेपाल पिछडावर्ग (OBC) महासंघको सिफारिस समेत लिनु ब्यवहारिक हुने हुदाँ सो बमोजिम हुन नेपाल सरकार समक्ष अनुरोध गर्ने । स्रोत : शान्ति तथा पुननिर्माण मन्त्रालय, सिहंदरबार काठमाडौं ।

पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन

नेपाल सरकारले वि.सं. २०६५ साल माघ २० गते विकास ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारद्धारा जारी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश २०६५ राजपत्रमा प्रकाशित गरी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन गरेको छ । स्थानीय विकास मन्त्रालयले आ.व. २०६४/०६५ देखि मधेशी, पिछडावर्ग र मुस्लीम उत्थान कार्यक्रमका रुपमा तराईका १६ जिल्लाबाट शुरु गरेको कार्यक्रम पिछडिएको समुदायको उत्थान र विकासका नाउँमा हाल तराईका २० जिल्ला र पहाडका ६ जिल्ला गरी २६ जिल्लामा सञ्चालन हुने गरेको छ । समिति गठन भए पश्चात यसले पिछडावर्ग (OBC) समुदायलाई लक्षित गरी विभिन्न किसिमका चेतनामूलक सिपमूलक कार्यक्रमहरुको साथै यस वर्गका भाषा संस्कृतिलाई संरक्षण सम्वर्धन एवम् प्रबर्धनको लागि विभिन्न किसिमका कार्यक्रमहरु गर्दै आइरहेका छन् ।

पिछडिएको समुदाय अन्तरगतका जेष्ठ नागरिक, एकल महिलाहरुलाई सम्मान गर्ने कम्बल वितरण गर्ने, अपाङ्ग, अशक्त व्यक्तिहरुलाई ह्वील चेयर वितरण गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, युवा युवतीहरुलाई आधारभूत कम्प्युटर

तालिम लगायत सीपमूलक कार्यक्रम सञ्चालन गर्ने महिला दिदीबहिनीहरुलाई आधारभूत तथा व्यवसायीक सिलाई कटाई तालिम सञ्चालन गर्ने, लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गर्ने गरेको छ । त्यस्तै गरी केन्द्रीय कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिले सञ्चालन गर्ने पिछडावर्ग केन्द्रीय कार्यक्रमको पनि अनुगमन पिछडावर्ग (OBC) स्मारिका-२०७२ र २०७५ प्रकाशन गरेको छ ।

समितिले आफ्नो कामलाई प्रभावकारी बनाउनको लागि नौ वटा उपसमितिहरु गठन गरेका थिए । गठित उपसमितिहरुले पिछडिएको (OBC) उत्थान विकास समितिमा प्रतिवेदन बुझाएका थिए ।

पिछडिएको (OBC) उत्थान विकास समितिका उपाध्यक्षहरु :-

डा. रामदयाल राकेश

भरत प्रसाद महतो

अजय शंकर नायक

दिलीप साह

रामचन्द्र प्रसाद मौर्य कोइरी

कार्यकारी निर्देशक

उमेश बस्नेत

युवराज सुवेदी

सुधा न्यौपाने

शम्भु प्रसाद लुईटेल

मनि कुमार ज्ञवाली

भरत बहादुर कार्की

गगन बिक

नाथु साह

गोपाल प्रसाद अर्याल

डा. डिजन भट्टराई

पुरुषोत्तम शर्मा

ध्यान कुमार थापा

खडक कार्की

रञ्जना साह

पिछडिएको (OBC) उत्थान विकास समिति अन्तर्गतका उपसमितिहरु :-

- पिछडावर्ग (OBC) को संस्कृति अध्ययन उपसमिति- संयोजक - वीर बहादुर महतो
- भौगोलिक आधारमा पिछडावर्ग (OBC) को अवस्था अध्ययन - संयोजक - मैनेजर प्रसाद साह कानु, - सहसंयोजक -जय प्रकाश मेहता
- पिछडावर्ग (OBC) को जिल्ला अनुगमन तथा निरीक्षण उपसमिति - संयोजक देवनारायण मुखिया
- पिछडावर्ग (OBC) को सुचिकृत गर्न सुचि तयारी उपसमिति, संयोजक मनाई महतो
- मगही भाषा उत्थान उपसमिति , संयोजक डा. चन्द्रेश्वर साह
- पिछडावर्ग (OBC) को महिला उत्थान उपसमिति, संयोजक सलमा साहिद
- पिछडावर्ग (OBC) को जातिय समन्वय उपसमिति, संयोजक मनाई महतो
- पिछडावर्ग (OBC) को परम्परागत पेशा संरक्षण उपसमिति, संयोजक तेज प्रकाश नेपाली
- पिछडावर्ग (OBC) सम्बन्धी प्रकाशन/प्रसारण, अडियो/भिडियो तथा पुस्तक प्रकाशन उपसमिति, संयोजक गजेन्द्र ठाकुर

पिछडावर्गको संस्कृति अध्ययन प्रतिवेदन सारांश

पृष्ठभूमि

पिछडीएको समुदायलाई राज्यको सबै अंगहरुमा समावेश गर्न राजनितिक, धार्मिक, सामाजिक एवम सांस्कृतिक अधिकारको उपभोगको लागि सक्रिय भुमिका एवम अवसर प्रदान गर्ने र विकासका सबै अवसर सबै समुदायले प्राप्त गर्न सकुन भन्ने उद्देश्यले नेपाल सरकारद्वारा विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिए तापनि पिछडावर्ग (OBC) लगायतका अपेक्षित रुपमा विकास प्रक्रियामा समाहित हुन नसकेको अवस्थामा स्थानीय विकास मन्त्रालयले आ.व. २०६४/०६५ देखि मधेशी पिछडावर्ग र मुस्लिम उत्थान कार्यक्रम तराईका १६ जिल्लाबाट सुरु गरेको यो कार्यक्रम हाल २६ जिल्लामा सञ्चालित रहेका छन्। यो कार्यक्रमलाई बढी प्रभावित गर्नका लागि नेपाल सरकारले वि.स.२०६५ मा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहने गरी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन गरेको छ।

सदियौँदेखि समाजमा पछि परेको सामाजिक, आर्थिक, शैक्षिक, राजनिती पछि परेका समुदायको उत्थानको लागि नेपाल सरकारबाट पिछडीएको समुदाय उत्थान विकास समिति गठन भएकोमा समितिले पिछडावर्गमा पर्ने जात जातीहरूको सर्वाङगीण विकासको लागि विभिन्न कदमहरू उठाएको छ। ती विभिन्न प्रयासहरूमा पिछडावर्गको संस्कृति अध्ययन उप-समिति मार्फत पिछडावर्गको जात-जातीहरूको संस्कृति सम्बन्धी अध्ययन गरी यसमा देखिएका कमी-कमजोरीहरू केलाई यसको विकासको लागि प्रयास गर्नु यस उप-समितिको लक्ष्य रहेको छ। यस उद्देश्यको लागि पिछडिएको समुदाय उत्थान विकास समितिको मिति २०६८/४/२ को वैठकमा निर्णय गरी यस उप-समितिको गठन भएको हो।

उप-समितिको गठन

विभिन्न क्षेत्रमा बसोबास गर्ने पिछडावर्ग (OBC) का जातिहरुको संस्कृतिको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न पिछडावर्ग (OBC) को संस्कृति अध्ययन उपसमिति गठन गरिएको छ।

वीर बहादुर महतो	संयोजक
सतन साह	सदस्य
राधा यादव	सदस्य
भुवनेश्वर मुराउ	सदस्य
रघुनाथ यादव	सदस्य
शिवनाथ गौड	सदस्य

समस्याको पहिचान

यस उप-समितिले समस्या समाधानको लागि विभिन्न प्रक्रियाहरू अपनाएको छ । पटक-पटक वैठक गरी सर्व सम्मत निर्णय अनुसार स्थलगत भ्रमण पिछडावर्ग समुदायका विभिन्न जातका अगुवाहरूसँगको छलफल, सर-सल्लाह गरी पिछडावर्गको संस्कृति सम्बन्धमा देखिएका समस्याहरू उपर गम्भीर छलफल गऱ्यौ । पिछडावर्गसँग सम्बन्धित संघ, संस्थाहरूमा गई सम्बन्धित विषयहरूमा छलफल गर्नुका साथै समितिले जानकार ठानीएका व्यक्तिहरूलाई आमन्त्रण गरी छलफल गऱ्यौ । यसरी स्थलगत भ्रमण सम्बन्धित संघ संस्थाका प्रतिनिधीहरू पिछडावर्गका जातका अगुवाहरूको सँगको छलफलबाट आएका कुराहरूलाई उप-समितिमा विस्तृत छलफल गरी एकमत भई समस्या र समाधानका निर्णय गरेका छौं ।

समस्याहरू

- ती क्षेत्रका जनताहरूको आर्थिक अवस्था कमजोर भएकोले संस्कृति संरक्षण बाधा परेको ।
- यस सम्बन्धी प्रचार प्रसार पुस्तक प्रकाशनको कमीले गर्दा संस्कृति महत्व बुझ्न नसकेको ।
- सांस्कृतिक व्यवहारहरू किन गरिएको हो । यसबाट के फाइदा हुन्छ आदि कुरा थाहा नभएकोले सचेत नभएको ।
- संस्कृतिको महत्व नबुझेकाले संस्कृति सम्बन्धी व्यवहारमा क्रमशः हेलचक्राई

हुँदै गएकोले सांस्कृतिक अवस्थाकमजोर हुँदै गएको ।

- संस्कृति प्रति सचेत नभएकोले परम्परागत नाचगान, बाजा, चर्डपर्व क्रमशः ह्रास हुँदै गएको ।
- संस्कृति सम्पदाहरूको अवस्था दयनीय हुँदै गएको ।

समाधानका उपायहरू

- संस्कृतिको महत्व झल्काउन प्रचार-प्रसार पुस्तक प्रकाशन, गोष्ठी, सभा सम्मेलन सञ्चालन गर्नुपर्ने ।
- संस्कृति संरक्षणबाट हुने लाभ सम्बन्धमा प्रचार प्रसार हुनुपर्ने ।
- संस्कृति संरक्षण गर्दा हुने व्यक्तिगत र सामाजिक लाभ सम्बन्धमा चेतना जगाउनु पर्ने ।

सुझावहरू

- सांस्कृतिक धरोहरहरू लोप हुँदै जाँदा हुने नोक्सानी सम्बन्धमा जागरूक गराई क्षती हुनबाट बचाउनु पर्ने ।
- लोपोन्मुख हुँदै गरेका र्सास्कृतिक परम्परागत बाजा, लोकगीत, लोकनृत्यहरूको संरक्षण एवम् सम्वर्धन गर्नुपर्ने ।
- संस्कृति सम्पदाहरूको संरक्षण एवम् सम्वर्धन गर्नुपर्ने ।
- पिछडावर्गका जातजातीहरूको संस्कृति संरक्षण गर्न प्रतिष्ठान गठन गर्नुपर्ने ।
- पिछडावर्ग जातजातीहरूले अपनाएका मगही, संस्कृति, भोजपुरी संस्कृति, मैथिली संस्कृति एवम् अवधी संस्कृतिको संरक्षण एवम् सम्बर्धनको लागि छुट्टाछुट्टै संस्कृति प्रतिष्ठानको स्थापना गर्नुपर्ने ।
- संस्कृतिमा आधुनिकीकरणको नाममा आएको विकृतिहरूलाई सुधार गर्नुपर्ने ।
- संस्कृतिको नाममा व्याप्त अन्धविश्वासलाई निर्मूल गर्नु पर्ने ।

समस्याहरू

क. बाल विवाह बढी हुने प्रचलन

ख. दाइजो प्रथा दिनानुदिन वृद्धि हुँदै जानु

ग. विवाह संस्कारमा पश्चिमी संस्कारहरू वृद्धि हुँदै जानु

घ. गरगहनाहरूको महँगीले गर्दा समस्या निम्त्याउनु

ङ. विवाहमा परम्परागत पहिरन लोप भएर जानु ।

समाधानका उपायहरू

- बाल विवाहको विरूद्धमा सामाजिक अभियानको सञ्चालन गर्ने
- दाइजो प्रथालाई जरैदेखि उखालेर फ्याल्ने
- आफ्नो परम्परागत हिसाबले विवाह गर्ने
- गरगहनाहरू कम मात्रामा प्रयोग गर्ने
- आफ्नो परम्परालाई कायम राख्ने ।

सांस्कृतिक सम्पदाहरूको सम्बन्धमा छलफल गर्दा निस्किएका समस्याहरू

- आफ्नो सांस्कृतिक सम्पदाहरूको बाटोमा यथेष्ट जानकारी नहुनु,
- सांस्कृतिक महत्वका चिजहरूको बारेमा अनभिज्ञ हुनु,
- आर्थिक समस्याले गर्दा संरक्षण गर्न नसक्नु,
- नेपाल सरकारको ध्यान केन्द्रित नहुनु,
- आफ्नो संस्कृति बचाउ अभियान सञ्चालन नहुनु । देखासिकीका कारणले गर्दा आर्थिक समस्या उत्पन्न हुनु,
- पर्वलाई फेसनको रूपमा स्वीकार गर्नु,
- पानीका स्रोतहरू जस्तो : पोखरी, तलाउ, नदी नालाहरू दुर्गन्धित हुँदै जानाले समस्या उत्पन्न हुनु ।

समाधानका उपायहरू

- आफ्नो संस्कृतिको बारेमा यथेष्ट जानकारी राख्नु
- सांस्कृतिक महत्वका चिजहरूको बारेमा जानकारी राख्नु
- सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्वर्धनमा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
- सांस्कृतिक महत्वका सम्पदाहरूमा नेपाल सरकारको ध्यान केन्द्रित गराउनु

- संस्कृति बचाउ अभियानको सञ्चालन गर्नु ।
- पर्वलाई आफ्नो हैसियत अनुसार मनाउने गर्नु पर्दछ
- पर्वलाई आफ्नो संस्कृतिको रूपमा अंगीकार गर्नु पर्दछ
- पानीका मुहानहरूलाई संरक्षण एवम् संवर्द्धन गर्नु पर्ने आवश्यकता देखिन्छ
- पर्वलाई आधुनिकीकरण नगरी आफ्नो परम्पराको हिसाबले मनाउने गर्नु पर्दछ ।

सांस्कृतिक एवम् ऐतिहासिक स्थानहरू

झापा	:	किचक वध ।
मोरङ	:	राजा बिराटको दरवार ।
सुनसरी	:	बराह क्षेत्र, दन्तकाली, बुढासुब्बा, कोसी टप्पु बन्यजन्तु आरक्ष, कोसी ब्यारेज ।
सप्तरी	:	कंकालनी मन्दिर, छिनमस्ता मन्दिर ।
सिराहा	:	सलहेस फूलबारी, मानीक दह, पतार पोखरी, महिसौथा गढ, पकडिया गढ, कमल दह ।
धनुषा	:	जनकपुरधाम, धनुषाधाम, जानकी मन्दिर, संकटमोचन मन्दिर, ज्ञानकुप, मनिमण्डप ।
महोत्तरी	:	परौल स्थान, जलेश्वरनाथ, माइथान, टुटेश्वर नाथ ।
सर्लाही	:	नाढी, ताल, राज्वा शिवालय, मूर्तिया महादेव मन्दिर, चमेली माई मन्दिर, राजदेवी मन्दिर, सर्लाही भगवती मन्दिर, सागर नाथ महादेव मन्दिर ।
रौतहट	:	शिव मन्दिर, नुनथर महादेव ।
बारा	:	गढीमाई, सिम्रौनगढ ।
पर्सा	:	भिस पहाड बौद्ध स्तुप (मौर्य वंशका संस्थापक मगध महानका चक्रवर्ति सम्राट चन्द्र गुप्त मौर्यको जन्मस्थल), घडीअर्वा पोखरी, शिवालय ।
चितवन	:	बाल्मिकी आश्रम, गोदनाथ धाम, देवघाट धाम, परशुराम

कुण्ड, चितवन राष्ट्रिय निकुञ्ज ।

नवलपरासी : त्रिवेणी धाम, गजेन्द्रमोक्ष धाम, देवदह, रामग्राम ।

रूपन्देही : सतीया माई मन्दिर, लुम्बिनी बुद्ध जन्म स्थल ।

कपिलवस्तु : तिलौरा कोट, कुदान, अशोक स्तम्भ, गोटीहवा, पकलीहवा, नीकलीहवा, सगरहवा । स्रोत : पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति, स्थानीय विकास मन्त्रालय) ।

पिछडावर्ग (OBC) को संस्कृति अध्ययन उप-समितिद्वारा २०६९/३/१७ गते राष्ट्रिय सभागृह काठमाडौंमा "मगही भाषा संस्कृति प्रदर्शनी कार्यक्रम" तत्कालिन सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्युको प्रमुख आतिथ्य र वातावरण, विज्ञान तथा प्रविधिमन्त्री माननीय डा. केशवमान शाक्यको विशिष्ट आतिथ्यमा मगही संस्कृति अनुसार होली, विवाह, समा चकेवा, जरजटिन, झिझिया प्रदर्शन भएको थियो । यो कार्यक्रमको संयोजन पिछडावर्ग (OBC) को संस्कृति अध्ययन उप-समितिको संयोजक वीर बहादुर महतो गर्नुभएको थियो भन्ने अध्यक्षता पिछडिएको समुदाय (OBC) उत्थान विकास समितिका तत्कालिन उपाध्यक्ष भरत प्रसाद महतोले गर्नु भएको थियो । सरकारको स्तरबाट नेपालमा पहिलो चोटी मगही संस्कृति प्रदर्शन भएको थियो ।

राष्ट्रिय समावेशी आयोग प्रतिवेदन

अन्तराष्ट्रिय पिछडावर्ग (OBC) अनुसन्धान केन्द्रको अध्यक्ष वीर बहादुर महतोको पहलमा राष्ट्रिय समावशी आयोगका अध्यक्ष माननीय राम कृष्ण तिमल्सिना सँगको पटक-पटकको छलफलबाट मिति २०७८ फागुन २३ गते आयोगकै कार्यालयमा माननीय अध्यक्षको अध्यक्षतामा बैठक बसी पिछडावर्ग (OBC) को जाती तथा थरहरु सुचिकरण गर्ने निर्णय भएको हो । जसमा संयोजकको रुपमा माननीय सदस्य पुष्पराज तिमल्सिना, विज्ञको रुपमा नेपाल सरकारका पुर्वमुख्य सचिव तथा सुवेदी प्रतिवेदनका संयोजक डा. सोमलाल सुवेदी, अनुसन्धाताको रुपमा वीर बहादुर महतो रहने गरी पिछडावर्ग (OBC) सँग सरोकार राख्ने संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधि अभियानी, बुद्धिजीवीहरुसँग छलफल गरी सुचिकरण गर्ने निर्णय भए बमोजिम पिछडावर्ग (OBC) को संस्थापक अध्यक्ष भरत प्रसाद महतो,

नेपाल पिछडावर्ग (OBC) को अध्यक्ष गजेन्द्र ठाकुर, राष्ट्रिय पिछडावर्ग (OBC) महासंघको अध्यक्ष कौशल कुमार सिंह, नेपाल पिछडावर्ग (OBC) महासभाको अध्यक्ष राम कुमार महतो, पिछडावर्ग (OBC) किसान महासंघको अध्यक्ष राम प्रबोध महतो, पिछडावर्ग (OBC) सम्बन्धित बुद्धिजीवी तथा डेनमार्कका महामहीम राजदुत प्रा.डा.राम स्वार्थ राय, पुर्वमन्त्री तथा अनुसन्धान विद् डा. केशवमान शाक्य, संस्कृति विद् प्रा.डा. प्रेम कुमार खत्री, पुर्व मन्त्री तथा राष्ट्रिय सभा सदस्य माननीय उर्मिला अर्याल, डा. अशोक महासेठ, डा.राजेन्द्र ठाकुर, सिएन खडका, इन्दिरा साह लगायतका सरोकारवाला संघ-संस्थाहरुको प्रतिनिधि, पिछडावर्ग (OBC) सँग सम्बन्धित जातिय अगुवाहरुसँग पटक-पटक छलफल गरी र पिछडावर्ग (OBC) को बसोबास भएको जिल्लाहरुमा अध्ययन गरी यस आयोगले जाति तथा थरको सुचि नेपाल सरकार समक्ष प्रतिवेदन पेश गरेका छन् ।

नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको तराई मधेशको जातिको लागि आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान र विकासको लागि स्थानीय स्तरमा समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गरी विगतमा पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश २०६५ बमोजिम विकास समिति गठन गरेको थियो । यस अनुसार स्थानीय तहबाट बजेट तथा कार्यक्रम उपलब्ध गराउदै आएकोमा वर्तमान संविधान जारी भएपछि पिछडावर्ग (OBC) को यावत विषयहरु आयोगको कार्य क्षेत्रमा राखियो । संघीय संरचनासँगै स्थानीय स्तरमै कार्यक्रम सञ्चालन हुनेभएकोले विगतमा गठित समिति पनि निस्कृय प्राय : देखिएको छ । स्थानीय सरकारले आ-आफ्नै प्राथमिकतामा बजेट तथा कार्यक्रम सञ्चालन गरेका कारण पिछडावर्ग (OBC) को लक्षित कार्यक्रम सबै स्थानीय तहमा सञ्चालन हुन सकेको छैन । त्यसैले पिछडावर्ग (OBC) को आर्थिक, सामाजिक, सांस्कृति उत्थान र विकासको स्थानीय तहबाट लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । पिछडावर्ग (OBC) सँग सम्बन्धित छुट्टै वृहत अनुसन्धान गर्न ढिलो भैइसकेको छ । राज्य संयन्त्र र प्रशासनिक निकायहरुमा पिछडावर्ग (OBC) को प्रतिनिधित्वका लागि राज्यबाट गरिने बिशेष ब्यवस्थाहरु मधेशी कोटामा नराखी छुट्टै कलस्टर बनाएर कार्यान्वयन गरेमा मात्र वास्तवमा पछाडि परेको वर्ग समावेशीकरणको नीतिबाट लाभान्वित हुन सक्छन् । मधेश मुलत : एक भुगोल भएकोले मधेशीको आधारमा भन्दा समुदायको आधारमा समावेशीकरण गरिनु उपयुक्त हुन्छ । समुदायको पहिचान सम्बन्धि मानव शास्त्रीय

एवम समाजशास्त्रीय अध्ययनको खाँचो छ ।

पिछडावर्ग (OBC) ले परम्परागत रुपमा अभ्यास गर्दै आएको प्रविधि, सीप तथा विशिष्ट जानकारीलाई खोज र अनुसन्धान गरी संरक्षण र स्तरीकरण गर्न र उनीहरुको भाषा, संस्कृति, इतिहास परम्परालाई संरक्षण गर्न आवश्यक छ । पिछडावर्ग (OBC) लाई संविधानले नै स्वीकार गरेको हुँदा अन्य नामाकरण गर्न उपयुक्त देखिदैन । पिछडावर्ग (OBC) लाई थर वा जातमा नबुझी आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पिछडिएको वर्गको रुपमा नै बुझ्दा संवैधानिक मर्म अनुकल हुन्छ भने देखिएको छ । यस्तो यथार्थ भएपनि विगतमा जातको आधारमा पिछडावर्ग (OBC) पहिचान गरिएकोले जात र थरको सुचिकरण गर्ने वर्तमान ब्यवस्थाको पुनरावलोकन आवश्यक छ ।

वर्गको आधारमा सोच्नु पर्ने बेला भई सकेको छ । नेपाली शब्दकोषमा कुनै थर वा जात विशेषलाई अवहेलना गरेको जानिने खालको शब्द, वाक्यांश तथा वाक्यहरुबाट बन्ने विशेषण समेत समावेश भएको हुँदा त्यस्ता शब्द, वाक्यांश तथा वाक्यहरु पहिचान गरी त्यस्ता शब्द, वाक्यांश तथा वाक्यहरु नेपाली शब्दकोषबाट हटाउनु उपयुक्त देखिन्छ ।

क्र.स.	जातहरु	थरहरु
१.	कुशवाहा/कोईरी	कुशवाहा/कोईरी, महतो, मेहता, सिंह, सिन्हा, बर्मा, मौर्य, शाक्य, सैनी, गहलोत, मुराउ, डांगी, भगत, प्रसाद, चौधरी
२.	कुर्मी	कुर्मी, मण्डल, चौधरी, राय, राउत, पटेल, बर्मा, सिंह, राढ, पटनवार
३.	कुम्हार	कुम्हार, पण्डित, प्रजापति, कुम्भकार, कोहार, पडित, कुम्हाल, कुम्हाले, कुमाल, बर्मा, चक्रधारी, चक्रवर्ती, पाल
४.	कहार	कहार, महतो, भुज, गौड, राउत, चन्द्रवंशी, गुप्ता
५.	केवट	केवट, कामत, मण्डल, कियोट, कामती, कामैत, केउट, कापर, कापरी

६.	कानु	कानु, साह, गुप्ता, कान्दु, कान्दोई
७.	कलवार	कलवार, साह, भगत, चौधरी, प्रसाद, गुप्ता, जैसवाल, ब्याहुत
८.	तेली	तेली, साह, साहु, गुप्ता, नायक, सेठ, चाई, राठोर, निसाढ, तैंलिक, मोदी, राथौरा
९.	नुनिया	नुनिया, साह, महतो, नोनिया, लोनिया, चौहान
१०.	बनियाँ	बनियाँ, साह, गुप्ता, वर्णवाल, ओमारवैश्य, कशौधन, कान्दु, अग्रहरी, पटनवार, पटेल, बर्मा, दास, चौधरी, कथबनियाँ, सिन्दुरीया, सेनुरिया, बानिया, कायस्थ, श्रीवास्तव, कमकर, ठठेरी, कसेरा, सिंह, ठठेरन, पोरवाल, वैश्य
११.	बढई	बढई, ठाकुर, शर्मा, सुतिहार, बरही, विश्वकर्मा, नागवंशी, चौरसीया
१२.	भेडिहर	भेडिहर, पाल, राउत, भगत, दनेरी, गडेरी, गडेरिया
१३.	माली	माली, महतो, मालाकार, भण्डारी, शैनी
१४.	मल्लाह	मल्लाह, सहनी, मुखिया, चौधरी, गोडिया, बोट, गोठी
१५.	यादव/गुवार	यादव/गुवार, अधिकारी, खड्गा, अड्गरिया, अहिर, यदुवंशी, गोप, मरबैता, गोइत, दास, लगरवार, विराजी, बहरखेर, सुनरैत, खिरहैर, महतमान, गोहितमान, भिडवार, मसैता, बनैता, भदेशवार, आव, मान, मरिक, चनरैत, गोहीवार, मैरता, सुरैत, झकरैत, राय, कैवार, रान, हजरा, मण्डल, गोवार, बनरैत, चौधरी, कुसीयैत
१६.	राजभर	राजभर, चौधरी

१७.	राजधोव	राजधोव, हजरा, राउत, इसर, मडर, मण्डल, खड्गा, गाईम(गामी), माझी, पैकरा, विश्वास, कापर, लौगी, प्रमाणी, सन्त, परिहस्त, अधिकारी, पाईक, दास, पैरा, पाँडे, रावत
१८.	रौनियार	रौनियार, साह, गुप्ता, आजाद
१९.	लोहार	लोहार, ठाकुर, शर्मा, विश्वकर्मा, सुतिहार, मिस्त्री, बर्मा
२०.	लोध	लोध, बर्मा
२१.	सुडी	सुडी, साह, प्रधान, खड्गा, महासेठ, नायक, प्रसाद, हाथी, गाई, गामी, मण्डल, बिच्छा, कापडी, महतो, पुर्वे, पञ्जियार, राउत, कारक, चौधरी, भगतकापर, महथा, गुप्ता, माझी, व्यार, खर्गा, पाण्डे, अग्रहरि, मोदी, गाडा, सेठ, खाँ, सतरा, निराला
२२.	सोनार	सोनार, साह, ठाकुर, स्वर्णकार, सोनी, सोनार, बर्मा
२३.	हजाम	हजाम, ठाकुर, शर्मा, नाई, नाऊ, नापित, मर्दनिया, सिंह, नाइ ब्राम्हण, कनौजिया, मगहिया, अवधिया, नन्दवंशी, श्रीवास्तव, सेन, सेनवंश
२४	हलुवाई	हलुवाई, साह, गुप्ता, साहु, मधेशीया, कनौजिया, गोठ, मधियाँ, मोदक, मगहिया
२५.	अमात	अमात, राय, राउत, अमात्य, विश्वास, शर्मा, मण्डल
२६.	केवरत	केवरत, मण्डल
२७.	सैनी	सैनी, महतो
२८	बिन	बिन, मुखिया, सहनी, चौधरी, महतो, भगत
२९.	जोगिया	जोगिया, योगी, गिरी, गोसाई, गोस्वामी
३०.	लहेरी/लहेरा	लहेरा/लहेरी, कौशल, वैश्य, गुप्ता, ठठेरा, साह, लहेरा, पटहार

३१.	बेलदार	बेलदार, राउत, सिंह, शर्मा, चौहान, महतो, चौधरी,
३२.	नट (हिन्दु)	नट(हिन्दु), नटुवा, बनजारा, वैद्य, राय, राठोर
३३.	कलावाज	कलावाज
३४.	कथबनिया	कथबनिया, दास, चौधरी, कैथल, वैश्य, बनिया, सिन्दुरिया, गुप्ता, सेनुरिया, बनियाँ
३५.	अरख	अरख
३६.	भुर्जी	भुर्जी, सक्सेना, कनबजिया, गुप्ता, साह
३७.	राजी	राजी, घटाला, कचाले, कुईनेल, ग्रनुवाल, कुम्लेल, रघेल
३८.	खैराह/गुज्जर	खैराह गुज्जर
३९.	पटवा	पटवा, दास, पटेल
४०.	चनउ	सिंह, महतो, चनउ
४१.	कलाल	कलाल, साह, चौधरी, जैसवाल, जयसवाल
४२.	बरई	भगत, चौरसिया, पनवरिया, बरई, बरै, पनवारी
४३.	बोट	बोट
४४.	कसेरा	कसेरा, साह
४५.	पटनवार	पटेल, वर्मा, पटनवार
४६.	कमकर	कमकर, महतो, राउत, कहार
४७.	कसोधन	कसोधन, कुसौधन, कशौधन, कश्यप, केशवधन, वैश्य
४८.	मंगता/महाउत	मंगता, गुप्ता, सरार्फ, चौधरी, अग्रवाल, कौल, खत्री, महाउत
४९.	चौहान	चौहान, प्रसाद, महतो, चाई, चौधरी
५०	चाई	चन्द्रवंशी, मण्डल

स्रोत : राष्ट्रिय समावेशी आयोग ।

पिछडावर्ग (OBC) को परम्परागत पेशा :-

क्र.स.	जातहरु	परम्परागत पेशाह
१.	कुशवाहा	तरकारी खेती कृषिकर्म ।
२.	कुर्मी	खेती गर्ने धान भित्रियाउने ।
३.	कुम्हार	माटाका भाँडाबर्तन बनाउने ।
४.	कहार	भरियाको काम गर्ने, कोसेली पुर्याउने ।
५.	केवट	ढुङगा चलाउने ।
६.	कानु	मिठाईका परिकारहरु बनाउने र भुजा भुजने ।
७.	कलवार	वनस्पितबाट जुस एवम पेय पदार्थहरु तयार गर्ने ।
८.	तेली	तेल पेल्ने ।
९.	नुनिया	खेतीपाती गर्ने, नुनको भारी ओसार्ने तथा किन बेच गर्ने ।
१०.	बनियाँ	ब्यापार गर्ने ।
११.	बढई	काठको काम गर्ने ।
१२.	भेडिहर	भेडा पालन गर्ने तथा ऊनी बेच्ने ।
१३.	माली	फुलको खेती र फुलको ब्यवसाय गर्ने ।
१४.	मल्लाह	माछ्रा पालन गर्ने र ढुङगा चलाउने ।
१५.	यादव	पशुपालन गर्ने तथा दुध दही बेच्ने ।
१६.	राजभर	खेतीपाती गर्ने ।
१७.	राजधोव	खेतीपाती गर्ने ।
१८.	रौनियार	ब्यापार गर्ने ।
१९.	लोहार	फलामको काम गर्ने ।
२०.	लोध	खेतीपाती गर्ने ।
२१.	सुडी	खाद्यन्न एवम अन्य किराना पसलको समाग्री बिक्री वितरण गर्ने ।
२२.	सोनार	सुनको काम गर्ने ।

२३.	हजाम	कपाल तथा नङ काटने ।
२४	हलुवाई	मिठाई तथा तरकारीहरुको परिकार बनाउने ।
२५.	अमात	खेतीपाती गर्ने ।
२६.	केवरत	खेतीपाती गर्ने ।
२७.	सैनी	खेतीपाती गर्ने ।
२८	बिन	माछा मार्ने तथा जाल बुन्ने ।
२९.	जोगिया	सिंगारका सामग्रीहरु बिक्री वितरण गर्ने ।
३०.	लहेरी/लहेरा	सिंगारका सामग्रीहरु बिक्री वितरण गर्ने तथा लाहको चुरा बनाउने ।
३१.	बेलदार	चिहान खन्ने तथा खेतीपाती गर्नै ।
३२.	नट (हिन्दु)	मह काटने,
३३.	कलावाज	खेतीपाती गर्ने
३४.	कथबनिया	ब्यापार गर्ने ।
३५.	बरई/बरै	पानको ब्यवसाय गर्ने ।
३६.	अरख	खेतीपाती गर्ने
३७.	भुर्जी	ब्यापार गर्ने
३८.	राजी	ब्यापार गने
३९.	खैराह/गुज्जर	ब्यापार गर्ने
४०.	पटवा	ब्यापार गर्ने
४१.	चनउ	ब्यापार गर्ने
४२.	कलाल	ब्यापार गर्ने
४३.	बोट	माछा मार्ने, जाल बुन्ने
४४.	कसेरा	ब्यापार गर्ने

मधेश सरकार र पिछडावर्ग (OBC)

मिति २०७८ चैत्र २० गते मधेश सरकारका माननीय अर्थमन्त्री शैलेन्द्र प्रसाद साहका अध्यक्षतामा पिछडावर्ग (OBC) का जातिहरुको पहिचान गरी उनीहरुको संरक्षण, संवर्धन, प्रवर्धन र उत्थान उच्च स्तरी सुझाव समिति गठन गरेको छ। गठित समितिले अध्ययन अनुसन्धान गरी प्रतिवेदन सरकारलाई बुझाई सकेको छ। यस प्रतिवेदनमा ४३ वटा जातजातिलाई पिछडावर्ग (OBC) सुचिकृत गर्न सिफारिस गरिएको छ भने हरेक निकायमा ५० प्रतिशत पिछडावर्ग आरक्षण लागु गर्नको साथै प्रदेश स्तरमा पिछडावर्ग (OBC) विकास समिति गठन गर्न समेत सिफारिस गरिएको छ।

(OBC) लेख्नु पर्ने कारण :-

नेपालमा दलित, आदीवासी र जनजाति लगायत अन्य वर्गहरु पनि पिछडिएको रहेको हुनाले सो वर्गको समस्या भन्दा पिछडावर्ग (OBC) को सामाजिक, आर्थिक, सांस्कृतिक राजनितिक अवस्था उनीहरु भन्दा भिन्न र फरक रहेकोले पिछडावर्गका जातिजातिहो छुटै पहिचान कायम गर्न (Other Back Ward class) OBC लेखिएको हो।

पिछडावर्ग (OBC) सँगै मधेशको विकास

मधेशका कुल जनसंख्याको दुई तिहाई भन्दा बढि पिछडावर्ग (OBC) को जनसंख्या भएकोले मधेशमा पिछडावर्गको विकास बिना मधेशको विकास सम्भव छैन्। मधेशी भित्र पनि आर्थिक, सामाजिक, राजनितिक र शैक्षिक रुपमा माथि उठेका केही जातजातिहरु रहेका छन्। जस्तै ब्राहमण, राजपुत, कायस्थ, भुमिहार। उनीहरुको आर्थिक, सामाजिक, राजतिनिक र शैक्षिक अवस्था पहाडका बाहुन, क्षेत्री, ठकुरी र सन्यासी जात भन्दा माथि रहेका छन्। तिनीहरु सँग पिछडावर्गका जातजातिहरुलाई मिसाएर आक्षरण दियो भने पिछडावर्ग (OBC) भित्रका जातजातिहरु पुनः पछाडी परी अवसरबाट वञ्चित नै रहेका छन्।

पिछडावर्ग (OBC) को लागि पिछडावर्गकै नाममा जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गर्नु पर्दछ।

पिछडावर्ग (OBC) का सस्थापक अध्यक्ष भरत प्रसाद महतोको अनुसार :-

- यिनीहरुको बोली अलि खर्रो किसिमको हुन्छ भने स्वभावमा कडापन हुन्छ। यिनीहरु लडाकु स्वभावका हुन्छन र आफू आफूमै लडने स्वभावका हुन्छन्।
- यिनीहरु समथल भूमिमा बस्न रुचाउँछन .
- यी जातजातिको भाषा मुख्य गरी मगही, भोजपुरी र अवधी हुन्।
- यिनीहरु कृषिमा निर्भर हुन्छन्।
- यस वर्गका जातजातिको जातिगत तथा परम्परागत पेशा पनि हुन्छ।
- यिनीहरुको पहिरन तथा खानपान आर्थिक अवस्थाले निर्धारण गर्दछ। यिनीहरुको कुनै जातिगत पहिरन हुदैन भने जातिगत भाषा पनि हुँदैन।
- यिनीहरु प्राय आफू भन्दा ठूला वा अर्काको नेतृत्व स्वीकार गर्ने स्वभावका हुँदैनन्।
- यिनीहरु जातिगत रुपमा शारीरिक बनौटबाट छुट्याउन सकिदैन किनकी यस समुदाय अन्तर्गत पर्ने सबै जातजातिको शारिरीक बनौट एक समानको हुन्छ। यिनीहरुको अनुहार गोलो हुनुको साथै आँखा र नाक पनि गोलाकार नै हुन्छ।

पिछडावर्ग अन्तगत पर्ने जातजातिहरु

कुशवाहा/कोईरी, कुर्मी, कुम्हार, कहार, केवट, कानु, कमार, कलवार, तेली, नुनीया, गडेरी/भेडीहर, माली मल्लाह, मुसलमान, बरैइ, यादव, राजभर, राजबोध, लोहार, लोध, सुडी, सोनार, हलुवाई, हजाम, अमात, बनिया, रौनियार, सैनी, केवरत, बिन, बडही, वर्णवाल, जोगिया, बेलदार, कालाबाज, बोट, बडै, देव, लहेरी आदि। यी जातजातीलाई यसरी वर्गीकरण गर्न सकिन्छ।

- बनिया, रौनियार, कलवार, सुडी, तेली, हलुवाई, वर्णवाल आर्थिक र शैक्षिक रुपमा अलि अगाडि रहेका छन्।
- यादव, राजनैतिक रुपमा अलि अगाडि रहेका छन्।
- अमात, कुशवाहा, कुर्मि, कुम्हार, कहार, कमार, केवट, माली मलाह, राजबोध, राजभर, लोध सैनी, बोट, हजाम, नुनिया, मुसलमान यिनीहरु

आर्थिक, राजनैतिक र शैक्षिक रुपमा अलि पछाडि रहेका छन् ।

- पिछडावर्ग (OBC) समाजको आधारस्तम्भ हो किनभने मुख्य रुपमा काम गर्ने व्यक्तिहरु यस समुदाय भित्रकै पर्दछ । प्राकृतिक हिसावले पनि यी जात जातिहरु सीपयुक्त हुन्छन् जस्तो कुशवाहाले तरकारी उब्जाउने, मलाह माछा मार्ने, हजामले कपाल काट्ने, यादवले पशुपालन गर्ने आदि यिनीहरु कुनै बेलामा त ठूल-ठूला विज्ञ नै प्रमाणित भएको देखिन्छ । जन्मजात नै यस वर्गका जातिहरु आ-आफ्नो जातीय पेशाहरुमा प्रशिक्षित भएको देखिन्छ । यस वर्ग अन्तर्गत जातजातिहरुले विभिन्न थर लेख्ने गरेको पाइन्छ । जस्तैः मेहता, महतो, सिंह, कुशवाहा, मौर्य, देवगान, आर्य, यादव, राय, साह, तेली, महासेठ, चौधरी, भगत, पौद्यार, देव, गुप्ता, रौनियार, मण्डल आदि ।

विभिन्न जातको जातीय अवस्था

मधेशमा जातको अवस्था	पहाडी जातको अवस्था
१. उच्च र सम्पन्न जात (४ जात) १.१९% (ब्राह्मण, राजपुत, कायस्थ, भूमिहार) २,७४,६३७ २. पिछडावर्ग (OBC) १८.५% ४२,०३,६२२ ३. जनजाति/आदीवासी ८% १८,४०,१०७ (११ जात) ४. दलित ३.४५ % (१५ जात) ८,९२,०२४	१. उच्च र सम्पन्न जात ३०.३४% (बाहुन, क्षेत्री, ठकुरी, सन्यासी) ७०,२३,२२० २. छैन । ३. आदीवासी/जनजाति २६.६३% ६४,२७,०७७ (४८ जात) ४. दलित ५.४७% (४ जात) १२,६६,८०५
नेपाल सरकारको तथ्यांक २०५८ अनुसार	*नेपाल सरकारको तथ्यांक २०५८ अनुसार*

२०६८ सालको जनगणना अनुसार

सि.न.	जातजाति	कुल जनसंख्या २०६८	प्रतिशत	जनसंख्या २०७८ अनुसार
नेपालको कुल जनसंख्या		**२,६४,९४,५०४**		
०१	कुशवाहा	३,०६,३९३	१.१६	३,५५,७०७
०२	कुर्मी	२,३१,१२९	०.८७	२,७७,७४६

०३	कुम्हार	६२,३९९	०.२३	९५,७२४
०४	कहार	५३,१५९	०.२०	५९,८८२
०५	केवट	१,५३,७७२	०.५८	१,८४,२९८
०६	कलवार	१,२८,२३२	०.४९	१,३४,९१४
०७	कमार	१,७८७	०.००७	-
०८	कानु	१,२५,१८४	०.४७	१,५२,८६८
०९	तेली	३,६९,६८८	१.४०	४,३१,३४७
१०	नुनिया	७०,५४०	०.२७	१,०८,७२३
११	बनिया	तथ्यांक छैन्	–	५३,६५५
१२	बरैई	८०,५९७	०.३०	६८,०११
१३	बढैई	२८,९३२	०.१०	५२,४३७
१४	भेडिहर	२६,३७५	०.०९	३५,४९७
१५	माली	१४,९९५	०.०६	१९,६०५
१६	मल्लाह	१,७३,२६१	०.६५	२,०७००६
१७	यादव	१०,५४,४५८	३.९८	१२,२८,५८१
१८	राजभर	९,५४२	०.०३	२९,२४०
२९	राजधोव	१३,४२२	०.०५	१५,३५१
२०	रौनियार	तथ्यांक छैन्	–	२७,२५८
२१	लोहार	१,०१,४२१	०.३९	१,००६८०
२२	लोध	३२,८३७	०.१२	३९,६७२
२३	सुडी	९३,१५५	०.४५	१,०७,३८०
२४	सोनार	६४,३३५	०.२४	९३,३८०
२५	हजाम	१,१७,७५८	०.४४	१,३६,४८७
२६	हलुवाई	८३,८६९	०.३१	७१,७९६

२७	अमात	३८३०	०.०१	४६,४७१
२८	केवरत	तथ्यांक छैन्	–	८८,०९
२९	बिन	७५,१९५	०.२९	९६,९७४
३०	जोगिया	तथ्यांक छैन्	–	-
३१	कलाल/कलार	तथ्यांक छैन्	–	९३१
३२	पटनवार	तथ्यांक छैन्	–	-
३३	कलाबाज	तथ्यांक छैन्	–	-
३४	वोट	१०,३९७	०.०४	-
३५	कथबनियाँ/सिन्दुरीया	१,३८,६३७	०.५२	५२,४६६
३६	चनौऊ	तथ्यांक छैन्	–	-
३७	कमलापुरी वैश्य	तथ्यांक छैन्	–	-
३८	लहेरी	तथ्यांक छैन्	–	-
	पहिचान हुन नसकेका जाति			
	कुल जम्मा	४७,८९,५५६	१८.०८%	

स्रोत केन्द्रिय तथ्याङ्क विभाग ।

पिछडावर्गको सामाजिक अवस्था, भाषा एवम् संस्कृति

नेपाली समाज परम्परा देखि नै आफ्नै किसिमको सामाजिक, संस्कृतिक, मूल्य मान्यताबाट विकसित हुँदै आएको छ । समाजको बनौट अनुसार विभिन्न रितीरिवाज, परम्परा, प्रथा र धार्मिक दृष्टिकोणले पुरुष र महिलालाई फरक फरक भूमिका र स्थान दिइएको पाइन्छ ।

खासगरी मधेश क्षेत्रमा बाक्लो बसोबास रहेका पिछडावर्ग अन्तरगतका समुदाय समाजमा अगाडि बढन् चाहे पनि समाजमा रहेको जातिय संरचना वा भनौ उच्च जात कहलिएका ब्राह्मण, कायस्थ, भुमियार लगायतका जातजातिबाट प्रयोग मात्रै हुँदै आएको यथार्थ पनि रहेको छ । पैत्रिक रुपमा सुखि सम्पन्न धनसम्पत्तिबाट समृद्ध भएर पनि यस पिछडावर्ग अन्तरगतका जातजातिहरु समाज, राज्यको राजनैतिक प्रशासनिक नेतृत्व तहमा पुग्न सकेका छैनन् । ब्राह्मण, कायस्त, भुमिहार आदि जातजातिहरु सम्पत्तिका आधारमा कमजोर भएपछि शिक्षा र चेतनाको हिसाबमा भने समृद्ध रहेका छन् । सम्पत्तिका आधारमा समाजमा सबै भन्दा धनी र सबैभन्दा गरिब जस्ता व्यक्तिहरु यसै वर्गमा पर्दछन् ।

यस वर्गको धर्म संस्कृतिको सन्दर्भमा कुरा गर्नुपर्दा हिन्दु धर्म, वौद्ध धर्म, कवीर धर्म आदी मान्ने गरेको पाइन्छ भन्ने केही अन्य धर्मलाई पनि अंगालेको पाइन्छ । पिछडावर्गका जात जातिहरु कुल देवताको रुपमा काली बनी गौरैया, करीख, सोखा, मिरा, महामाया, विषहर, हनुमानजी लगायत विभिन्न देवी देवतालाई पूजाआजा गरेको पाइन्छ । यस वर्गमा धार्मिक रितिरिवाज र चाडपर्व मनाउनुपर्ने लगायतका परम्परा पनि कम छैन । हिन्दु धर्म मान्ने यस वर्गका जात जातिहरुले आफ्नो समाजका विभिन्न किसिमका पूजाआजा गरी धार्मिक परम्परालाई कायम राखेको पाइन्छ । सत्य नारायण पूजा डिहिवार पुजा, कुलदेवता पुजा, जुडसितल, नाग पञ्चमी, रक्षा बन्धन, कृष्ण जन्मष्टामी, चौरचन, जितिया पर्व, धनतेरस दसहरापुजा, दिपावली, भरदुतीया, छठ, होली लगायतका चाडपर्वहरु अनिवार्य मनाउनुपर्ने परम्परा रही आएको छ । यस्तै समाचकेवा, जितिया, संक्रान्ती, आन्नदपुजा, घडी पवनी, जर जटिन, लगपाँचे, गोदन, इन्द्रपुजा आदि चाडपर्व मनाई धर्म संस्कृतिलाई कायम राखिएको पाइन्छ भन्ने बुद्धिष्टहरुले बुद्धजयन्ती, चक्रवर्ती सम्राट अशोक जयन्ती, लटिया महोत्सव, बाबासाहेब डा.अम्बेडक जयन्ती, महात्मा ज्योतिबा फुले जयन्ती, रवीदास जयन्ती मनाउने गर्दछ ।

कवीर धर्म मान्नेहरुमा कवीर जयन्ती र मनाउने प्रचलन रहेको देखिन्छ । त्यस्तै मुलवासी संस्कृति अपनाएकाले बौद्ध चाडपर्वका साथै प्रकृति पुजा गरेर आफनो संस्कृतिलाई संरक्षण, संबर्धन तथा प्रवर्धन गरेको देखिन्छ ।

यस वर्गमा जात जातिहरुको परम्परागत पोशाक धोती, कुर्ता, पाँइजामा, लुङ्गी, लगौटी, गम्छा, साया, तरहा, सारी ब्लाउज (झुला), डारा, नुवा, जामा, पैन्ट, भगबा, ठरभगबा, गाती, घघरी, खौरकी, चौबन्दी, रमरमा, साफी आदि मुख्य पोशाक हो भन्ने गरगहनाको सन्दर्भमा अंगुठी, बाली, नथिया, डरकस, हसुली, मंगटीका, विछिया, नथुनी, पायल, हैकल, करा बाजुबन्द आदि गरगहना लगाउन बढि मन पराउछँन् ।

पिछडावर्गको भाषाको सन्दर्भमा कुरा गर्नुपर्दा यस वर्गको मुख्य भाषा मगही, भोजपुरी र अवधि हो भन्ने केही मात्रामा मैथिली, बज्जीका अङगीका पनि बोल्ने गरेको पाइन्छ भन्ने यस वर्गमा पर्ने मुसलमान समुदायले उर्दु समेत बोल्ने गरेको पाइन्छ । यस वर्गले खानपानको रुपमा दाल, भात, तरकारी, चटनी, अचार, फुलौरी, तिलौरी, दुध, मही, माछा, मासु आदिलाई मुख्य भोजनको रुपमा लिइन्छ ।

यिनीहरुको परम्परागत पेशा रहेको छ । यस वर्ग अन्तरगतका जातजातिहरुमा कृषि क्षेत्रकै विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका समुदाय रहेका छन् । उनीहरुको त्यही विशेषज्ञताका आधारमा जातिय नामाकरण गरिएको पाइन्छ । यस्तै कुशवाहाले तरकारी उब्जाउने, मलाह माछा मार्ने, हजामले कपाल काट्ने, यादवले पशुपालन गर्ने लोहारले फलामको काम गर्ने आदि ।

पिछडावर्ग (OBC) को समाजिक अवस्था

पिछडावर्ग (OBC) भित्रका जातजातिहरु अहिले पनि समाजमा न्यायोजित र सम्मानजनक स्थान पाउन सकेका छैनन् । उनीहरुमाथि अहिले पनि समाजिक भेदभाव जारी छन् । उनीहरु समाजमा पर निर्भर रहेको अवस्था कायम नै छन् । पिछडावर्गका जातजातिहरु समाजमा हुने अपराधको बलजफ्ती शिकार भईरहेका छन् । विद्यमान समाजिक अवस्थाका कारण उनीहरु टोल छिमेकमा यथोचित स्थान पाउन सकेका छैनन् । समाजमा रहेका केहि उच्च वर्ग तथा जातहरु पिछडावर्गका जातजातिहरु माथि गरिने षड्यन्त्रका कारण अहिले पनि यी जातहरु समाजिक शोषणमा परिरहेका छन् ।

समाजमा रहेका उच्च जातहरुले पिछडावर्गका जातहरुको सोझोपन र अशिक्षाको फाईदा उठाएर उनीहरुबीच द्वन्द्व सृजना गरि आफ्नो फाईदा लिने गरेका छन् । उच्च जात तथा वर्गका व्यक्तिहरु पिछडावर्गकै सम्पति र व्यक्तिलाई प्रयोग गरि समाजमा आफ्नो स्थान उच्च बनाएका छन् । कतिपय स्थानमा त पिछडावर्गका जातहरु उच्च जात र वर्गको गुलामझै बनेर बसेको समेत पाईन्छ । अहिले पनि समाजमा रहेका कतिपय उच्च जात र वर्गले पिछडावर्ग (OBC) का जातहरुको सम्पति र छोरी चेलीमाथि आफ्नो अधिकार ठानी रहेका देखिन्छन् ।

पिछडावर्ग (OBC) का जातजातिहरु मध्येका केहिको अवस्था राम्रो भए पनि उनीहरु समाजिक स्तरमा सम्मानजनक रुपमा बस्न सकेका छैनन् । उनीहरुमा रहेको कमजोर शैक्षिक अवस्थाको कारण आफ्नो रहन सहनलाई स्तरीय बनाउन सकेका छैनन् । समाजमा हुने गरेको भदभाव र थिचोमिचोका शिकारमा पिछडावर्गका जातहरु पर्ने गरेका छन् । कतिपय ठाउँमा पिछडावर्गका जातहरु नै पिछडावर्गको शोषण गरेको समेत पाईन्छ । पिछडावर्गका जातहरुमा समाजिक चेतनाको कमी कारण उनीहरु समाजिक भेदभावमा परिरहेका हुन्छन् । यी जातका केहि व्यक्तिसँग केहि मात्रामा धन सम्पति भए पनि यिनीहरु समाजमा दबेर बसेका नै हुन्छन् ।

पिछडावर्ग (OBC) को आर्थिक अवस्था

प्राय: कृषि पेशामा निर्भर यी जातहरु सधै आर्थिक विपन्नताको सामना गरिरहेका छन् । पिछडावर्गका केहि जातका केहि व्यक्तिहरु साना तिना व्यापार व्यवसायमा संलग्न रहेता पनि उनीहरुको आर्थिक अवस्था मजबुत बन्न सकेको छैन् । गाउँले जिवन व्यतित गरिरहेका यी जातहरु आर्थिक समृद्धिको बाटोमा अगाडी बढन् सकेका छैनन् । पिछडावर्गभित्र रहेका जातजातिहरु कृषि पेशामा रहेका कारण खेतमा काम गरेर दुई छाक टार्न पाए पनि संतुलित भोजन गर्न सकेका छैनन् । उनीहरु काम गर्छन् र पेट भर्ने गर्छन । त्यसकारण उनीहरुको औसत आयु समेत कम हुने गरेको छ ।

आर्थिक रुपमा कमजोर यी जातहरु गरिबीको रेखामुनी रहेका छन् । यिनीहरुको उत्थान विकासका लागि सरकारले मधेशी पिछडावर्ग तथा मुस्लिम उत्थान कार्यक्रम संचालन गरे पनि पिछडावर्गका जातजातिहरुको विकासका लागि कुनै

ठोस र दीर्घकालिन कार्यक्रम संचालन गर्न सकेको छैन् । यी जातहरु सरकारी सेवा तथा गैरसरकारी सेवाबाट प्रदान हुने अवसरहरु बाट बञ्चित रहेका कारण यिनीहरुको अवस्था सुध्रिन सकेको छैन् ।

पिछडावर्ग (OBC) को बसोबास

पिछडावर्ग (OBC) भित्रका जातजातिहरु प्रायः नेपालका दक्षिणी भू-भागको भित्री मधेश क्षेत्रमा बसोबास गर्छन । तर केहि मात्रामा पहाड एवं हिमालका जिल्लाहरुमा समेत बसोबास गरेको पाईन्छ । पिछडावर्ग (OBC) भित्रका समुदाय पहाड र हिमालका ७५ वटै जिल्लामा रहेको पाईन्छ भने पिछडावर्ग (OBC) भित्रका अन्य जातहरु समेत पहाडी र हिमाली जिल्लाहरुमा केहि मात्रामा रहेको पाईन्छ । यसका साथै राजधानी काठमाडौंमा समेत पिछडावर्ग (OBC) का जातहरुको जनसंख्या उल्लेख्य रुपमा बढ्दै गईरहेको पाईन्छ ।

पिछडावर्ग (OBC) भित्रका शैक्षिक बेरोजगारी

पिछडावर्गभित्रका जातजातिहरु गाउँमा बसोबास गरिने भएको हुनाले उनीहरु आफ्नो छोराछारीलाई गाउँकै सरकारी विद्यालयहरुमा पढाउँछन् । गाउँमा संचालित सरकारी विद्यालयहरुका शैक्षिक स्तर राम्रो नभएको कारण पिछडावर्गका जातजातिहरुको अवस्था समेत स्तरिय बन्न सकेको छैन् । यस अवस्थामा पिछडावर्गका विद्यार्थीहरु शिक्षित भएता पनि स्तरिय बन्न नसकेको कारण उनीहरु राज्य स्तरबाट रोजगारीका लागि संचालन हुने प्रतियोगात्मक परिक्षाहरुमा सफल हुन सकिरहेका छैनन् । त्यसकारण पिछडावर्गका विद्यार्थीहरु शक्षित भएपनि शैक्षिक अवसरबाट बञ्चित हुने गरेका छन् ।

हाल पिछडावर्गभित्र चरम शैक्षिक बेरोजगारी रहेका छन् । पिछडावर्गका यूवाहरु शिक्षित रहेतापनि उनीहरु सरकारी स्तरमा हुने रोजगारीमा समावेश हुन नसकेका कारण तिनीहरु भारतको पञ्जाब, दिल्ली, मुम्बई, कोलकत्ता लगायत मलेसिया तथा खाडी मुलुकहरुमा वैदेशिक रोजगारीमा जाने गरेका छन् । केहि व्यापार व्यवसायतिर लागे पनि मधेशमा आर्थिक विकास हुन नसकेका कारण उनीहरु व्यापार व्यवसायमा पनि सफलता हासिल गर्न सकिरहेका छैनन् ।

द्वन्द्वमा पिछडावर्ग (OBC) का यूवा

पिछडावर्ग (OBC) का अधिकांश यूवाहरु रोजगारी नपाएर भौतारिरहेका छन् । यी जातका केहि यूवाहरु वैदेशिक रोजगारमा गएका छन् भने अधिकांश गाउँ-घरमा बेरोजगार बसेका छन् । गाउँ-घरमा बेरोजगार बसेका यूवाहरु काम नपाएर यूवा अवस्थामा गरिने केहि आवश्यक खर्चहरु गर्न समेत गाह्रो महसुस गर्ने गर्छन् । जसकारण उनीहरु आफूमाथि राज्यले भेदभाव गरेका ठान्छन् र मधेशको लागि हुने द्वन्द्वमा उनीहरु सामेल हुने गरेका छन् । अहिले मधेशमा हुने आन्दोलन र द्वन्द्वमा पिछडावर्गकै अधिकांश यूवा लागेको पाईन्छ ।

पिछडावर्ग (OBC) लाई आरक्षण किन ?

पिछडावर्गका जातहरुको आर्थिक, समाजिक, क्षैक्षिक र राजनीतिक अवस्था अत्यन्तै नाजुक रहेको छ । पिछडावर्ग (OBC) भित्रका जातहरुलाई राज्यले उत्थान र विकास गर्न नसकेको हुनाले यिनीहरुको पहुँच राज्यको नेतृत्व तहमा हुन सकेको छैन् । पिछडावर्ग (OBC) भित्र पर्ने जातहरुको विकास र उत्थान हुने खालका ऐन, नियम बन्न सकेको छैन् । तसर्थ उनीहरुलाई राज्यको नेतृत्व एवं निर्णायक तहमा पुऱ्याउनका लागि पिछडावर्गलाई आरक्षण अति आवश्यक रहेको छ । त्यसकारण पिछडावर्ग (OBC) भित्रका जातजातिहरुका लागि संवैधानिक आरक्षणको व्यवस्था गर्नु पर्दछ ।

पिछडावर्ग (OBC) लाई जनसंख्याको आधारमा सहभागिता किन ?

मुलुकमा सबै नागरिक र जातजातिहरुको समान अधिकार रहेको अवस्थामा कुल जनसख्याको १८ % मा रहेका पिछडावर्ग (OBC) भित्रका जातजातिहरु राज्यमा अपहेलित र अपमानित अवस्थामा रहेका छन् । यी जातहरुलाई राज्यले कुनै पनि निकाय र तहमा समान सहभागिता गराएको अवस्था छैन् । तसर्थ यी जातहरुलाई आरक्षणको माध्यमबाट राज्यका सबै तह र निकायमा सहभागिता गराउन संवैधानिक व्यवस्था गर्नु पर्छ ।

पिछडावर्ग (OBC) लाई शिक्षामा आरक्षण किन ?

पिछडावर्ग (OBC) भित्रका जातजातिहरु आर्थिक रुपमा कमजोर रहेको हुनाले आफ्नो छोरा-छोरीलाई राम्रो र स्तरीय शिक्षा दिलाउन सक्दैन् । तसर्थ उनीहरुलाई प्राथमिक शिक्षादेखि उच्च शिक्षा सम्ममा आरक्षणको माध्यमबाट गुणस्तरीय शिक्षा

दिलाएर एउटा सबल, सक्षम र दक्ष नागरिक निर्माण गर्न सकिन्छ । त्यसैले पिछडावर्ग (OBC) भित्रका जातजातिहरुका लागि प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्म आरक्षणको कानुनी व्यवस्था गर्नु पर्दछ ।

पिछडावर्ग (OBC) लाई निर्वाचन क्षेत्रमा आरक्षण किन ?

पिछडावर्ग (OBC) भित्रका जातजातिहरुको राजनीतिमा पहुँच हुन नसकेकोले उनीहरुलाई राजनीतिक अधिकार सुनिश्चित गराउन र राजनीतिमा पहुँच बनाउनका लागि निर्वाचन क्षेत्रमा नै पिछडावर्गका लागि आरक्षित गर्नु पर्दछ । बहुसंख्यक पिछडावर्ग (OBC) भित्रका जातजातिहरुको अज्ञानता र अशिक्षाको फाईदा उठाएर अल्प संख्यक समुदायका केहि उच्च वर्गका चलाख व्यक्तिहरु पिछडावर्ग (OBC) का अधिकार खोसिरहेका छन् र नीति निर्माण तहमा उनीहरुको पहुँचलाई बञ्चित पारिरहेका छन् । जसकारण पिछडावर्ग (OBC) का जातजातिहरुको हितमा नीति, नियम र कानुन बन्न सकिरहेको छैन् । त्यसकारण तिनीहरुलाई राजनीतिमा पहुँच पुऱ्याउनका लागि निर्वाचन क्षेत्रमा नै अधिकारको सुनिश्चिता स्वरुप निर्वाचन क्षेत्र आरक्षित गर्नु पर्छ, जहाँबाट पिछडावर्ग (OBC) भित्रका जातजातिहरु मात्र विजय भएर राज्यको नीति निर्माण तहमा पुग्नेछन् र पिछडावर्ग (OBC) भित्रका जातजातिहरुको हितमा नीति निर्माण एवं कानुनको निर्माण गरिनेछ ।

कृषकलाई ३% ब्याज दरमा ऋण र कृषि क्षेत्रको आरक्षण किन ?

पिछडावर्ग (OBC) भित्रका जातजातिहरु प्रायः कृषिमा निर्भर रहेको हुनाले कृषि ऋण ३% ब्याज दरमा दिएपछि पिछडावर्ग (OBC) भित्रका जातजातिहरुको आर्थिक विपन्नतामा कमी आउने छन् । कुल जनसंख्याको १८ % मा रहेका यी जातहरुको मुख्य पेशा नै कृषि रहेको छ । यति ठूलो जनसंख्या कृषिमा सक्षम र सबल भएपछि सम्पूर्ण देश नै खाद्यान्नमा आत्मनिर्भर हुनेछ ।

यसका साथै जसरी औद्योगिक क्षेत्रलाई आरक्षित गरि उद्योग व्यवसायको प्रवर्धन गरिन्छ, त्यसरी नै कृषि क्षेत्रलाई आरक्षित गरि कृषिको विकास गर्न सकिन्छ। कृषि क्षेत्रलाई आरक्षित गरि वैज्ञानिक तरिकाले खेती गरिनेछ र नयाँ-नयाँ प्रविधिको विकास हुनेछ। यसरी कृषिमा ठूला-ठूला स्वदेशी र विदेशी लगानी भित्रिने छन्। र, कृषि एउटा उद्योगको रुपमा परिणत भई देश विकासमो महत्वपूर्ण टेवा पुऱ्याउने छ । जसले नेपाल कृषिमा आत्मनिर्भर मात्र नभई कृषि जन्य उत्पादनको निर्यात

गर्न समेत सक्षम हुनेछ । सरकारले वाणिज्य वैंक संचालन गर्न व्यवसायीलाई ३% ब्याज दरमा ऋण उपलब्ध गराउँछन् । यदि कुल जनसंख्याको करिब ८० प्रतिशतमा रहेका कृषकका लागि यो व्यवस्था गर्न सके, प्रति व्यक्ति आयमा ठूलो वृद्धि हुनेछन् । कृषकहरुको आय आर्जन महत्वपूर्ण टेवा पुग्नेछन् ।

संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ मा नेपालको अन्तरिक संविधान, २०६३ को धारा १२ ले प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको हक र धारा १३ ले समानताको हकको सुनिश्चितता गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशीलगायत आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्थागर्न सक्ने व्यवस्था समेत गरेको छ । धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिता हुने हक र धारा ३३ (घ) ले राज्य संरचनाका सबै अङ्गहरुमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडा वर्ग लगायत पिछडिएका वर्ग र क्षेत्रका सबै नागरिकलाई समानुपातिक समावेशीको आधारमा सहभागि गराउने नीति राज्यले अवलम्वन गर्ने उल्लेख गरिएको छ। त्यस्तै धारा ४२ ले राजनैतिक दलको रुपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरु समेत रहने समावेशी व्यवस्था गरिएको हुनुपर्ने कुरा उल्लेख गरिएको थियो ।

नेपालको संविधान २०७२ का विभिन्न धाराहरुमा पिछडिएको समुदायका जनताहरुको संरक्षण, सशक्तिकरण र विकासका लागि केही व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को धारा १८ समानताको हकको उपधारा (३) मा को प्रतिबन्धात्मक वाक्याशंमा सार्वजनिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्गको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने उल्लेख छ। त्यसै गरी धारा ४२ सामाजिक न्यायको हकमा सामाजिक रुपले पछाडि परेका मुस्लीम, पिछडावर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने उल्लेख छ ।

धारा ५१ (ञ) (१०) मा मधेशी समुदाय,, मुस्लीम र पिछडावर्गलाई आर्थिक,

सामाजिक तथा संस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने नीति रहेको छ ।

नेपालको संविधान २०७२ मा :

१) भाग - ३ मौलिक हक र कर्तब्य, धारा - १८ समानताको हक उपधारा (३) मा पिछडावर्ग उल्लेख छ ।

२) भाग - ४ राज्यको निर्देशक सिद्धान्त, निति तथा दायित्व धारा - ५१ राज्यका नितिहरु : उपधारा (ञ) को १० मा पिछडावर्ग उल्लेख छ ।

३) भाग -२७ अन्य आयोगहरु, धारा २५९ राष्ट्रिय समावेशी आयोगको काम कर्तब्य र अधिकार उपधारा (१) को (क) मा पिछडावर्ग उल्लेख छ ।

४) भाग-२८ राष्ट्रिय सुरक्षा सम्बन्धि ब्यवस्था धारा २६७ नेपाली सेना सम्बन्धि ब्यवस्था उपधारा (३) मा पिछडावर्ग उल्लेख छ ।

यी धारा उपाधारामा पिछडावर्ग लेखाउन नेपाल पिछडावर्ग (इद्यऋ) महासंघ लगायत पिछडावर्ग अभियन्ताहरु सफल भएका छन् ।

नीतिगत व्यवस्था

पिछडिएको सुमदायको उत्थान विकासमा सक्रिय विभिन्न संस्थाहरु, प्रभुद्ध वर्ग, बुद्धिजिबी तथा यसका अभियन्ताहरुको सक्रियता तथा विभिन्न समयमा भएका संघर्षको परिणाम स्वरुप पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश २०६५ अनुसार हाल पिछडिएको (OBC) उत्थान विकास समिति गठन भई सञ्चालनमा रहेको छ । विकास ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारद्धारा जारी पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन आदेश २०६५ बमोजिम यो समिति गठन भएको हो ।

निजामती सेवा ऐन दोस्रो संशोधनले निजामती सेवामा खुल्ला प्रतियोगिताद्धारा लिईने परीक्षामा कुल सिट संख्याको ४५ प्रतिशत सिट छुट्याई महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग र पिछडिएको क्षेत्रका लागि आरक्षण गरी तेस्ता वर्गका व्यक्तिहरु बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरेको छ भने अहिले निजामती, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, लगायत विभिन्न संस्थानहरुमा पदपूर्ति गर्दा समावेशीताको सिद्धान्तका आधारमा गर्ने गरिएको छ ।

पिछडावर्ग (OBC) का चुनौतिहरु :

- शिक्षाको अभाव हुनु ।
- बेरोजगारी,गरिबी ब्याप्त हुनु ।
- बाल विवाह एंव दाइजो जस्ता कुरीति ब्याप्त हुनु ।
- पिछडावर्ग (OBC) का भाषा संस्कृति संरक्षण, सम्बर्धन र प्रबर्धन नहुनु ।
- यस वर्गका जातिय परम्परागत पेशाहरुको संरक्षण, सम्बर्धन एवम प्रबर्धन नहुनु ।
- कृषि क्षेत्र उपेक्षित रुपमा रहनु, यस क्षेत्रमा पर्याप्त मात्रामा अवसरको सृजना गर्न नसकिनु ।
- युवा जनशक्ति खाडी मुलुक लगायत विदेश पलायन हुनु ।
- महिलाहरुलाई पर्याप्त मात्रामा अवसर नदिनु तथा महिला माथिको शोषण ब्याप्त हुनु ।
- कुरिति, विकृति, कुसंस्कृतिमा अल्झेर आफ्नो अमुल्य समय बर्वाद गर्नु ।
- स-साना कुराहरुमा झगडा गरी आपसी मतभेद गर्नु ।
- बढी मात्रामा अन्धविश्वास गर्नु ।
- आफ्नो समयलाई रचनात्मक एवं सृजनात्मक काममा उपयोग नगर्नु ।
- पिछडावर्ग (OBC) केन्द्रिय पर्याप्त कार्यक्रम र बजेट विनियोजन नहुनु र भएको कार्यक्रम तथा बजेटको पनि प्रभावकारी सञ्चालन नहुनु ।
- सरकारी कार्यक्रम तथा बजेट माग, उपयोगमा ज्ञानको अभाव, अपनत्वको अभाव ।
- नेपाल पिछडावर्ग (OBC) महासंघमा रहेको विवादले पिछडावर्गका कार्यक्रम, वर्गिय हित तथा राज्यको त्यसतर्फ ध्यान खिच्न नसकेको अवस्था छ ।

५. आगामी कार्यदिशा : पिछडावर्ग (OBC) संवैधानिक आयोगको गठन : राज्यले समावेशीताका आधारमा संरक्षण, सशक्तिकरण, विकास र राज्यका निकायहरुमा समावेशीताका सिद्धान्तका आधारमा सहभागिताको सुनिश्चीत गर्नू पर्ने केही

वर्गलाई छुट्टै आयोगको व्यवस्था गरियो भने तिनीहरु मध्येकै खस आर्य, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्याक एंव सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली क्षेत्र समुदायको लागि छुट्टै आयोगको व्यवस्था नगरी एकमुष्ठ समावेशी आयोग अर्न्तरगत रहने गरी व्यवस्था गरिएको छ । यसले पिछडावर्ग उत्थानको आन्दोलन सिथिल हुने देखिन्छ । तसर्थ आगामी दिनमा संविधानमा संशोधन गर्दा पिछडावर्ग सम्बन्धी छुट्टै संवैधानिक आयोगको व्यवस्था हुनु पर्ने देखिन्छ ।

संविधानको धारा २७ मा अन्य आयोग सम्बन्धी व्यवस्था गरी धारा २५२ देखि धारा २६५सम्म विभिन्न आयोगहरु :- राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरी तिनीहरुको गठन व्यवस्था, तिनीहरुका काम कर्तव्य र अधिकार, आयोगको पुनरावलोकन सम्बन्धी गरी व्यवस्था गरिएको छ ।

मुस्लिम समुदाय पिछडावर्ग अर्न्तगतकै एक जाति हो । २०६८ को जनगणना अनुशार यो जातिको जनसंख्या ४.३९४ प्रतिशत देखिएको छ भने थारु जाति नेपालको आदिवासी जाति हो, सोही जनगणना अनुसार यो जातिको जनसंख्या ६.६५ प्रतिशत देखाइएको छ । एकातर्फ थारु जाति आदिवासीमा पर्छ यसको लागि आदिवासी जनजाति आयोगको संवैधानिक सुनिश्चितता गरियो भने फेरी तेही जातीको लागि थारु आयोगको व्यवस्था पनि गरियो । पिछडिएको समुदायको जनसंख्या २०६८ को जनगाणना अनुसार १८.०६ प्रतिशत देखिएको छ भने मुस्लिम समुदायलाई बाहेक गर्ने हो भने पनि १३.६६६ प्रतिशत देखिएको छ । तसर्थ यति धेरै जनसंख्या रहेको, आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक रुपमा पछाडि परेको समुदायको उत्थान, विकास, सशक्तिकरण गर्न र राज्यका प्रत्येक निकाय र अंगमा सहभागिता सुनिश्चित गराउन संवैधानिक पिछडावर्ग आयोगको व्यवस्था गर्नु आवश्यक रहेको छ ।

पिछडावर्ग (OBC) का जात-जातिहरुलाई सुचिकृत गर्नु : संघिय मामिला तथा स्थानिय • विकास मन्त्रालयले जारी गरेको स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को अनुसुचि ४ मा उल्लेखित पिछडावर्ग अन्तरगत पर्ने २९ जातिको उल्लेख गरेको पाइन्छ । विभिन्न आलेख, अध्ययन, तथा विचार गोष्ठिमा तयार पारिएका कार्यपत्रमा पिछडिएको समुदाय अन्तरगत

पर्ने जातजातिहरुको संख्या यो भन्दा धेरै भएको उल्लेख गरिएको छ । तसर्थ यस समुदाय अन्तरगत पर्ने जातजातिहरुको संख्या एकिन गर्न बृहत अध्ययन अनुसन्धान हुनु आवश्यक छ भने अर्को तर्फ पहिचान भएका जातिलाई अनुसुचिमा समावेश गर्नुको साथै अनुसुचिमा उल्लेखित जातिलाई सुचिकरण गर्नु आवश्यक रहेको छ ।

- पिछडावर्ग अन्तर्गतका जातजातिहरुकै राम्रोसंग पहिचान नभई सकेको हुँदा सर्वप्रथम त्यस्ता जातजातिको पहिचानका लागि अध्ययन हुनु पर्ने ।
- पिछडावर्ग अन्तर्गतका जातजातिहरु कँहा, कुन अवस्थामा रहेका छन् Mapping हुनु पर्ने ।
- सोहीका आधारमा राज्यको तर्फबाट कँहा, के, कस्ता कार्यक्रम लिएर जादा ठिक हुन्छ एकिन गरी पिछडावर्ग (OBC) केन्द्रित पर्याप्त कार्यक्रम र बजेट विनियोजन गरी त्यस्ता कार्यक्रम तथा बजेटको प्रभावकारी सञ्चालन गर्ने ।
- पिछडावर्ग (OBC) का भाषा एंव संस्कृतिलाई संरक्षण, सम्बर्धन एवं प्रबर्धनमा विशेष जोड दिने । संस्कृतिलाई संरक्षण, सम्बर्धनको लागि संग्रहालयको व्यवस्था हुनु पर्ने ।
- गुणस्तरीय व्यवसायिक तालिमको पर्याप्तता स-साना घरेलु उद्योगहरुको स्थापनामा जोड दिने ।
- कृषि क्षेत्र आरक्षण गरी बालीनाली एवं पशु बिमालाई प्रभावकारी बनाई सहज र सुलभ रुपमा ३ प्रतिशत व्याजदरमा कृषि ऋणको उपलब्धता ।
- सरकारको हरेक निकाय, तह-तप्कामा आदिवासी जनजाति, दलित जस्तै गरी आरक्षणको व्यवस्था गरी समावेशी, समानुपातिक प्रतिनिधित्व एवं सहभागिताको व्यवस्था गर्ने ।
- पिछडावर्ग (OBC) का छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रवृतिको व्यवस्था ।
- पिछडावर्ग (OBC) को महिलालाई लक्षित गरी छुट्टै सशक्तिकरणका कार्यक्रम ल्याउने ।
- पिछडावर्ग (OBC) का जात-जातिहरुमा HDI को आधारमा आरक्षणको व्यवस्था ।

- पिछडावर्ग (OBC) का जात-जातिहरुमा HDI को आधारमा निम्नस्तरको सुचकाङ्क भएका परिवारका विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्थाका साथै निःशुल्क शैक्षिक सामाग्री, पोशाकको व्यवस्था ।
- सरकारले विभिन्न निम्न वर्गिय समुदायको जीवनस्तर उकास्न तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने INGO तथा NGO हरुलाई पिछडिएको समुदाय केन्द्रित गराउने ।
- पिछडिएको समुदाय केन्द्रित कार्यक्रमहरुको सञ्चालन सम्बन्धमा प्रभावकारी अनुगमन गरी त्यसलाई निरन्तरता दिनुको साथै प्राप्त सुझावलाई अनिवार्य कार्यान्यवन गर्ने व्यवस्था गर्ने ।
- पिछडिएको समुदाय (OBC) उत्थान विकास समितिलाई कार्य सञ्चालन स्तरको भुमिकाबाट पृथक गरी नीतिगत भुमिकामा केन्द्रित गर्ने ।
- पिछडिएको समुदाय (OBC) को विकास, प्रबर्द्धन, उत्थान तथा सशक्तिकरण गर्न आवश्यक नीति, नियम तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।
- हाल कार्यान्यवनमा रहेका नीति तथा नियमको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयन नभएको अवस्थामा त्यसको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारमा अनुरोध गर्ने ।
- पिछडिएको समुदाय (OBC) अन्तर्गतका जातजातिहरुको पहिचान गर्ने कार्य गर्ने ।
- पिछडिएको समुदाय (OBC) अन्तर्गतका जातजातिहरुको के कसरी सशक्तिकरण गर्न सकिन्छ, यिनीहरुको विकास तथा प्रबद्धर्बन के कसरी गर्न सकिन्छ, अध्ययन अनुसन्धान गर्ने ।
- पहिचान भएका जातजातिहरुलाई पिछडिएको समुदाय (OBC) अन्तर्गत सुचिकृत गराउन नेपाल सरकार समक्ष पेश गर्ने ।
- राज्यको तर्फबाट पिछडावर्गलाई प्रदान गरिएका सेवा सुविधाहरुको अनुगमन गरी त्यसको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

६. निष्कर्ष : यसरी निष्कर्षमा भन्नुपर्दा पिछडावर्ग (OBC) देशका मेरुदण्डको रुपमा अवस्थित भएको देखिन्छ । पिछडावर्ग (OBC) को विकास बिना देश विकास सम्भव छैन । पिछडावर्गको सर्वाङ्गीण विकास नै देशको विकास हो । पिछडावर्ग (OBC) का समस्याहरुलाई यथाशीघ्र समाधान गर्नको लागि अधिकार

सम्पन्न पिछडावर्ग (OBC) आयोगको गठन गरी यस वर्गका जात-जातिहरुलाई सुचिकृत गरिनु पर्दछ । हालको नयाँ संविधानमा पिछडावर्ग (OBC) का केही सकारात्मक पक्षहरु देखिए पनि यसले पिछडावर्ग (OBC) का सर्वाङ्गीण विकास गर्न सकिदैन यसको लागि पिछडावर्गको छुट्टै किसिमको संवैधानिक आयोगको गठन गरी यसका समस्याहरु पहिचान गरी समाधानका बाटोहरु औंल्याई पिछडावर्ग (OBC) केन्द्रित बजेट विनियोजन गरी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

पिछडावर्ग (OBC) सम्बन्धी प्रकाशनहरु

१. पिछडावर्ग (OBC) आवाज-२०६५/०६६/०६७-प्रधान सम्पादक, वीर बहादुर महतो, प्रकाशक- नेपाल पिछडावर्ग (OBC) महासंघ ।

२. पिछडावर्ग (OBC) प्रतिवेदन- २०६७, पिछडावर्ग (OBC) दर्पणा- २०६९, पिछडावर्ग (OBC) एक जानकारी २०७३- लेखक तथा सम्पादक - मनाई महतो ।

३. पिछडावर्ग (OBC) सघंर्ष - २०६८, लेखक तथा सम्पादक - भरत प्रसाद महतो, प्रकाशक - नेपाल पिछडावर्ग (OBC) महासंघ ।

४. पिछडावर्ग (OBC) स्मारिका- २०७१ र २०७५, प्रधान सम्पादक वीर बहादुर महतो, प्रकाशक - पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौं) ।

५. संघर्षमा पिछडावर्ग- २०७३, लेखक - कौशल कुमार सिंह, प्रकाशक- नेपाल पिछडावर्ग (OBC) महासंघ ।

६. पिछडावर्ग (OBC) का जातजातिहरु, लेखक- रामदेव पाण्डे, प्रकाशक- रत्न पुस्तक भण्डार काठमाडौं ।

७. पिछडावर्ग (OBC) समाज र संस्कृति- २०७९, लेखक- डा. वीर बहादुर महतो, प्रकाशक- जिल्ला समन्वय समिति सर्लाही ।

पिछडावर्ग (OBC) सम्बन्धी अध्ययन अनुसन्धान

१. सोसियो कल्चरल स्टेटस अफ ओ.बि.सी सप्तारी एण्ड सिरहा, राम नारायण महतो र मनाई महतो- एस, एन, भी ।

२. फर्म्स अफ रिजरभेंसन फोर ओ.बि.सी इन नेपाल त्रिबि, समाज शास्त्र/मानव शास्त्र विभाग किर्तिपुर, मनाई महतो, सन् २००८ ।

३. पिछडावर्ग (OBC) को अमुर्त संस्कृति अध्ययन/२०६५, वीर बहादुर महतो - युनेस्को को सचिवालय, केशरमहल काठमाडौं ।

४. पिछडावर्ग (OBC) को समाज शास्त्रीय अध्ययन-२०६८, वीर बहादुर महतो- जि.वि.स. बारा ।

४. पिछडावर्ग (OBC) मा दाइजो प्रथा- २०६९, वीर बहादुर महतो, त्रिवि समाजशास्त्र विभाग, त्रिचन्द्र क्याम्पस घण्टाघर काठकाडौं (स्नातकोत्तरमा थेसिस) ।

५. पिछडावर्ग (OBC) का महिलाहरुमा लैङ्गिक हिंसा-२०७१, राज कुमारी महतो, शिक्षा विभाग, महेन्द्र रत्न क्याम्पस ताहाचल, काठमाडौं । (स्नातकोत्तरमा थेसिस) ।

संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय निकायहरुमा पिछडावर्ग (OBC) :

वि.स २०६३/९/१५ गते नेपाल पिछडावर्ग (OBC) महासंघका अध्यक्ष भरत प्रसाद महतोको नेतृत्वमा संयुक्त राष्ट्र संघका नेपाल प्रतिनिधि अनमिन प्रमुख इयान मार्टिनलाई ज्ञापन पत्र बुझाई पिछडावर्ग (OBC) का विभिन्न मुद्धाहरुमा छलफल भएको थियो । जुन कुरालाई इयान मार्टिनले न्युर्योकमा संयुक्त राष्ट्रसंघलाई जानकारी समेत गराइएको थियो । मिति २०६८/५/१७ गते नेपाल पिछडावर्ग (OBC) महासंघको सचिव वीर बहादुर महतोको नेतृत्वमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको प्रतिनिधि ज्योति संघेरासँग पिछडावर्ग (OBC) का समस्याहरुको बारेमा छलफल भएको थियो । जस अनुसार संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय छाउनीले सरोकारवाला अन्तराष्ट्रिय तथा राष्ट्रिय निकायहरुलाई पत्राचार समेत गरेको थियो । त्यस्तै मानव अधिकार आयोग यु.एन.डि.पी. लगायतका यु.एन एजेन्सीहरुसँग पटक-

पटक छलफल भएका छन् । कुटनितिक नियोग लगायत नेपाल स्थित विभिन्न देशका दुतावासहरु भारतीय दुतावास, पाकिस्तान, बंगलादेश, श्रीलंका, डेनमार्क, अमेरिका, चाइना, ब्रिटेन लगायतका दुतावासहरुमा पनि पटक-पटक छलफल भएको छन् । युरोपियन युनियन, एस.एन.भी मार्टिन चौतारी, सोसल साइनस वाहा लगालयत अन्य निकायहरुसँग पनि छलफल भएको छ। अफ्रिकी नेता म्याक महाराजको नेपाल भ्रमणको क्रममा समेत नेपाल पिछडावर्ग (OBC) महासंघले ज्ञापनपत्र बुझाएका थिए । नागरिक समाजका अगुवा डा.सुन्दरमणि दिक्षित लगायत दर्जनौ नागरिक समाजका अगुवाहरुसँग समेत पिछडावर्ग (OBC) को सन्दर्भमा छलफल भएको देखिन्छ ।

पिछडावर्ग (OBC) सँग मातृभाषा मगहीको सम्बन्ध

"सा मागधी मुल भाषा" महामना बुद्ध, विश्वविजेता चक्रवर्ति सम्राट अशोक महान, महान साहित्यकार सरहपाद, तिर्थ शंकर महावीर जैन, महान गणितज्ञ आर्यभट्ट, महान समाज सुधारक सन्त कवीर एवम सन्त रैदासको मातृभाषाको रुपमा विख्यात रहेको सर्वविदितै छ । नेपालमा खास गरेर रौतहट जिल्ला देखि झापासम्म र संघीय राजधानी काठमाडौमा बसोबास गर्ने पिछडावर्ग (OBC), अतिपिछडावर्ग, दलित/सिल्पी, केही आदिवासी जनजाति समुदाय, अल्पसंख्यक, सोलकन समाज अर्थात मुलवासी समुदायको प्रमुख मातृभाषा रहेको छ । मगही भाषा संसारको कुना काप्चामा ब्याप्त रहेको देखिन्छ । नेपाल भारत, वर्मा, भुटान, माल्दिभ्स, बांगलादेश, अफगानिस्तान, श्रीलंका, चिन, थाइलेण्ड, मोरिसस, अमेरिका, ब्रिटेन, इण्डोनेसिया, पाकिस्तान आदी देशहरुमा पनि मगही मातृभाषीहरुको बसोबास रहेको पाइन्छ ।

नेपालमा मातृभाषा मगहीको संरक्षण, सम्बर्धन र प्रवर्धनको कुरा धेरै पहिलादेखि उठेपनि विधिवत रुपमा २०५५ साल बैशाख १ गते पिछडावर्ग (OBC) उत्थान संघको स्थापना भएपछि तिव्र रुपमा गतिविधिहरु अगाढी बढेको देखिन्छ। धानुक जातिले २०५९ सालमा आफ्नो मातृभाषा मगही लेखाई आदीवासी जनजातिमा सुचिकृत भएको छ ।

नेपाल पिछडावर्ग (OBC) महासंघ र शान्ति तथा पुनः निर्माण मन्त्रालय वीच २०६५/१२/११ मा पाँच बुदे सहमति भएको र सो सहमतिको तेस्रो बुँदामा मगही

भाषामा यथाशिघ्र समाचार प्रसारण गरिने छ भन्ने उल्लेख भएको तर कार्यान्वयन हुन नसकेकोले शान्ति तथा पुन: निर्माण मन्त्रालयले सञ्चार मन्त्रालयलाई मिति २०६७/१२/३० गते सम्झौता कार्यान्वयन गर्नको लागि लेखिएको सोही पत्रको आधारमा गोरखापत्र नँया नेपालको समावेशी पृष्ठ अन्तगर्त मगही पृष्ठ प्रकाशन मिति २०७१ साल कार्तिक ११ गते र रेडियो नेपालबाट मगही भाषामा समाचार प्रसारण भएको मिति २०७२ कार्तिक १६ गते तथा प्रादेशिक प्रसारण केन्द्र मधेश प्रदेश बर्दिबासबाट मगही भाषामा समाचार तथा कार्यक्रम २०७६ साल जेष्ठ १८ गतेदेखि निरन्तर प्रसारण हुँदै आईरहेको छ ।

पिछडावर्ग (OBC) का प्रमुख मातृभाषा मगहीको लागि नेपाल पिछडावर्ग (OBC) महासघं र पिछडिएको समुदाय (OBC) उत्थान विकास समितिले विभिन्न कार्यक्रमहरुको आयोजना गरेको देखिन्छ ।

१. स्थानीय विकास मन्त्रालयद्वारा मिति २०६५ /११/१० गते देखि ०६५/१२/४ गते सम्म पिछडावर्ग (OBC) कार्यक्रम कार्यान्वयन तथा मगही भाषा सम्बन्धी अभिमुखिकरण तालिम सम्पन्न भएको छ ।

२. २०६९/३/१७ मा राष्ट्रिय सभागृह काठमाडौमा सम्मानीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईको प्रमुख आतिथ्य र विज्ञान तथा प्रविधिमन्त्री डा. केशवमान शाक्यको विशिष्ट आतिथ्मा पिछडिएको समुदाय उत्थान विकास समितिको आयोजनामा पिछडावर्ग सांस्कृतिक अध्ययन उपसमितिको संयोजक वीर बहादुर महतोको संयोजकत्वमा मगही भाषा संस्कृतिक कार्यक्रम प्रदर्शन भएको थियो ।

३. २०६९/२/३० गतेदेखि ०६९/३/१३ गतेसम्म पिछडिएको (OBC) उत्थान विकास समितिको कार्यालय ज्वागल ललितपुरमा मगही भाषा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो ।

४. पिछडिएको समुदाय (OBC) उत्थान विकास समितिले कम्पास मेडिया प्रोडक्सन आउसमा कार्यक्रम उत्पादन गराई मगही आवाज कार्यक्रम मिति २०६८ पौष १ देखि माघसम्म रेडियो मिथिला र पाथिभरा एफ.एम. झापाद्वारा प्रसारण भएको थियो । जसमा कार्यक्रम प्रस्तोताको रुपमा डा. चन्देश्वर साह, सहकर्मी राजकुमारी महतो र गजेन्द्र ठाकुरले कार्यक्रम संचालनमा सहयोग गर्नु भएका थिए ।

५. मिति २०७५ भाद्र २३/२४ गते जनकपुरधाममा मगही अन्तराष्ट्रिय परिषदका अध्यक्ष वीर बहादुर महतोका अध्यक्षतामा प्रथम अन्तराष्ट्रिय मगही सम्मेलन भई पाँच बुँदे घोषणा पत्र जारी गरियो ।

- नेपालको प्रदेश नं. २ मा मगही भाषालाई सरकारी कामकाजको भाषाको रुपमा स्थापित गराउन सरकारलाई ज्ञापन पत्र बुझाइने ।
- मगही भाषा संस्कृति र लोकवार्ताको विकासका लागि मगही विकास कोषको स्थापना गर्ने र मगही स्मारिका/पत्रिका प्रकाशनको साथै सञ्चारको अन्य पक्षमा काम गर्नेछ ।
- मगही भाषाको दोस्रो अन्तराष्ट्रिय सम्मेलन नेपालको प्रदेश नं. १ को राजधानी विराटनगरमा गराइने छ ।
- भारतमा मगहीलाई आठौं अनुसुचीमा दर्ज गराउन वा समावेश गर ाउन पहल गर्ने र नेपाल र भारतमा हुने राष्ट्रिय जनगणनामा मगही भाषालाई मातृभाषाको रुपमा दर्ज गराउने ।
- विश्वको विभिन्न ठाँउमा बसोबास गरिरहेका मगहियन समुदायसँग सम्पर्क गरी मगही विश्व सम्मेलनको आयोजना गर्ने ।

दोस्रो मगही अन्तराष्ट्रिय सम्मेलन मिति २०७६ भादो ३०/३१ गते (१६/१७ सेप्टेम्बर २०१८) विराटनगर घोषणा पत्र :

- नेपालको प्रदेश नं. २ मा मगही भाषालाई सरकारी कामकाजको भाषाको रुपमा स्थापित गराउन ।
- मगही भाषालाई भारतको संविधानको आठौ अनुसुचीमा समावेश गराउन सरकारसँग आग्रह गरिने ।
- नेपालबाट मगही भाषामा साहित्यिक र सांस्कृतिक विषयमा पत्रिका प्रकाशन गरिने ।
- मगही भाषाको तेस्रो अन्तराष्ट्रिय सम्मेलन भारतको बौद्धगयामा गराउने निर्णय भएको ।
- नेपाल र भारतको राष्ट्रिय जनगणनामा मगही भाषाभाषीले आफ्नो मातृभाषालाई स्थापित गराउने ।

तेस्रो अन्तराष्ट्रिय मगही सम्मेलन सह डा. राम प्रसाद सिंह साहित्य पुरस्कार समारोह गया विहार मिति २०७९ असार २६गते (१० जुलाई २०२२)

- भारतीय संविधानको आठौ अनुसुचीमा मगही भाषालाई स्थापित गराउने ।
- भारतको राष्ट्रिय जनगणनामा मातृभाषाको रुपमा मगही भाषा लेखाउने ।
- मगहीको कला संस्कृति र साहित्यको सर्वाङ्गिण विकासका लागि प्रयास गरिने। साथै डा.राम प्रसाद सिंह साहित्य पुरस्कारलाई अन्तरराष्ट्रियकरण गरिने ।
- चौथो अन्तरराष्ट्रिय मगही सम्मेलन दिल्ली वा कोलकतामा आयोजना गरिने ।

चौथो अन्तरराष्ट्रिय मगही सम्मेलन

मिति २०८० साल असार २४ र २५ गते अर्थात ९ र १० जुलाई २०२३ मा दिल्लीमा मगहीको दई दिवसीय चौथो अन्तर्राष्ट्रिय सम्मेलन तथा डा.राम प्रसाद सिंह अन्तराष्ट्रिय साहित्य पुरस्कार एवम सम्मान कार्यक्रमको आयोजना गरियो । यो सम्मेलन विभिन्न संघ-संस्थाको आपसी सहयोगमा सम्पन्न भएको थियो । जसमा आयोजकको रुपमा अन्तर्राष्ट्रिय मगही परिषद, मगही लोक, तुतवाडी गया, डा.राम प्रसाद सिंह अन्तराष्ट्रिय साहित्य पुरस्कार समिति, मगही मगध नागरिक सँघ, मगही फाउण्डेशन, नेपाल भारत प्रतिष्ठान तथा नेपाल राजदुतवास दिल्लीले विशेष सहयोग गरेका थिए । साथै समन्वयको भुमिकामा सम्पर्क (रजि.सोसाइटी) दिल्लीको रहेको थियो ।

दुई दिवसीय सम्मेलनको पहिलो दिनको आयोजना गान्धी शान्ति प्रतिष्ठान नँया दिल्लीको सभाहलमा सम्पन्न भएको थियो । कार्यक्रमको सुरुवात मगही लोक गितबाट गरियो । कार्यक्रमको सफलताको अन्दाज हामी यस कुराले पत्ता लगाउन सकथ्यौ कि दिनभर भारी बर्षाका बाबजुद भारतका साथै नेपालबाट गएका वक्ताहरु, अभियानीहरु तथा उच्च पदस्थ अधिकारीहरुको उपस्थितिले प्रस्ट पारेको देखिन्थ्यो ।

कार्यक्रममा मुख्य अतिथिका रुपमा मननीय अश्वनी चौबे (मन्त्री भारत सरकार), विशिष्ट अतिथिका रुपमा मननीय जीतन राम माँझी (पुर्व मुख्यमन्त्री) बिहार सरकार, चन्देश्वर प्रसाद चन्द्रवंशी (साँसद जहानाबाद), भरत प्रसाद साह (पुर्वमन्त्री मधेश प्रदेश नेपाल), विजय कुमार राउत (प्रथम सचिव, बि.पी

कोइराला नेपाल भारत प्रतिष्ठान) आदी सहभागि हुनुभएको थियो । कार्यक्रमलाई दुई भागमा विभाजन गरी सम्पन्न गरिएको थिाये । पहिलो भागमा विचार गोष्ठी तथा पुरस्कार वितरण गरिएको थियो । जसमा प्रो.विजय कुमार वर्माले (दिल्ली विश्व विद्यालय) आफ्नो अनुभव र धारणा राख्दै मगही भाषा शोधको दिशामा जोड दिनुभएको थियो ।

त्यही प्रो.अवधेश कुमारले मगही भाषाको दिशा र बिकासमाथि आफ्नो धारण केन्द्रित गर्नुभएको थियो भने विजय कुमार राउतले मगही भाषाको विकासमा भारत र नेपालको आपसी सहयोगलाई आधार मानेको स्पष्ट गर्नुभयो । साथै उहाँले मगहीको साँस्कृतिक, साहित्यक, भाषागत योगदान तथा आर्थिक योगदानमा नेपाल दुतावासको भुमिका माथि प्रकाश पार्नु भएको थियो । चन्देश्वर प्रसादले मगही भाषाको प्रचार प्रसारमा सरकारका साथै मगहियन समाजलाई पनि आफ्नो कदम अगाडी बढाउनु पर्ने आवश्कता रहेको बताउनुभयो ।

पुर्वमन्त्री भरत प्रसाद साह नेपालमा मगही भाषाको अवस्थालाई तथ्यांककीय रुपमा चर्चा गर्दै त्यसको सकारात्मक पक्षको विकासात्मक कुरालाई जोड दिनुभयो । यसै गरी अश्वनी चौबे मगही भाषा एक समृद्ध तथा शक्तिशाली भाषाको रुपमा रहेको बताउदै समस्याको समाधान तर्फ ध्यानाकर्षित गराउनु भयो ।

विचार गोष्ठी अन्तर्गत आयोजित समितिले मगही भाषाको विकास गर्ने उद्देश्यले केही बुँदाहरु प्रस्ताब पारित पनि गरेका छन् :

१. बिहार, झारखण्ड लगायत नेपालमा बोलिने मगही भाषालाई भारतको संविधानको आठौ अनुसुचीमा समावेश गरियोस ।

२. मगही भाषा एवम साहित्यमा पहिला साहित्य अकादमीले पुरस्कृत डा. राम प्रसाद सिँहको जन्म दिवस १० जुलाईलाई मगही दिवसको रुपमा मनाइयोस । मगही भाषा-भाषी भित्रमा मगही दिवस मनाई जागरुकता फैलाइयोस ।

३. मगही भाषालाई रोजगारीको भाषा बनाउनमा जोड दिइयोस । सरकारी रोजगारी (जागिर) बाहेक सोसल मिडिया, विज्ञापन, प्रचार, होडिँग, मगही गीत, सिनेमा, नाटक आदीमा रोजगारी बढाउन प्रयास गरियोस ।

४. जनगणनामा मातृभाषाको महलमा मगही भाषा लिखाइयोस ।

मगहीको यस अन्तर्राष्ट्रिय सम्मेलनमा हिँदी तथा मगही भाषा र साहित्यमा विशिष्ट योगदानका लागि क्रमश, डा.हरेराम सिँह तथा श्री कृष्ण कुमार भट्टा तथा मगही भाषालाई नेपालमा प्रचार प्रसारको लागि सत्यनारायण आलोकलाई २०२३ को डा.राम प्रसाद सिँह अन्तर्राष्ट्रिय साहित्य पुरस्कारले सम्मानित गरिएको थियो । साथै कार्यक्रमको आकर्षण नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित तथा डा.वीर बहादुर महतोद्वारा लिखित “मगही भाषाको प्रतिनिधि कविता सग्रह” विमोचन गरियो ।

कार्यक्रमको दोस्रो सत्र मगही साँस्कृति साहित्यिकमा केन्द्रित रहेको थियो । यसमा नेपालका अतिरिक्त भारत र रसियाका मगही रचनाकारहरु पनि रहभागी भएका थिए । साँस्कृतिक सन्ध्यामा मनोज कुमार कवल आफ्नो कहानीको पाठ सुनाउनुभयो । आलोक बाबा, डा.कबिता रानी, नाज सिन्हा, आचार्य गोपालले पनि आ-आफ्नो भावनापुर्ण मार्मिक कबिता सुनाउनुभयो ।

मगही अन्तर्राष्ट्रिय सम्मेलनको दोस्रो दिन जमावडा दिल्लीका जन्तर मन्तरमा सहभागीहरुले मगही भाषालाई ८ औं अनुसुचीमा समावेश गर्ने विषयमा आ-आफ्नो धारणा राखेका थिए । विचार गोष्ठी कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएको डा.वीर बहादुर महतो र कार्यक्रमका सञ्चालक प्रो.उपेन्द्रनाथ वर्मा, डा.दिलीप तथा गौतम कुमार सरगमले विशेष भुमिका निर्वाह गर्नुभएको थियो ।

मगही भाषाको सरंक्षण, संवर्धन र प्रवर्धनको लागि भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगित तथा नाट्य प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान, नेपाल सांस्कृतिक संस्थान, मगही अन्तराष्ट्रिय परिषद, मगही फाउण्डेशन, बहुआयामिक सांस्कृतिक संरक्षण केन्द्र नेपाल, प्रयास नाट्य कला परिषद्, मगही साहित्य प्रष्तिठान, मगही संस्कृति कला केन्द्र लगायतका दर्जनौ संघ-संस्थाहरुले काम गरिरहेको देखिन्छ ।

भारतमा पिछडावर्ग (OBC)

पिछडावर्ग (OBC) Other back ward class को पहिलो प्रयोग भारतमा भएको थियो । अग्रेज कै शासनकालमा नै पिछडावर्ग (OBC) का पिता महाराष्ट्रका ज्योतिबा फुलेले सत्यसोधक समाजको स्थापना गरेर पिछडावर्ग (OBC) को कुरा उठाएका थिए । जुन पछि गएर बाबा साहेब डा. भीमराव अम्बेडकरले सन् १९३०/३२ मा लन्डनमा भएको गोलमेच सम्मेलनमा उठाएका थिए । र साइमन ममिशनको रिपोर्टमा पनि दर्ज गराएका थिए । पछि भारतको संविधान लेख्ने जिम्मेबारी पाएका डा. अम्बेडकरले विधिवत रुपमै संविधानमा S.C/S.T / OBC को संवैधानिक ब्यवस्था गरे ।

काका कालेलकर आयोग

सन् १९५३ मा काका कालेलकरको अध्यक्षतामा दश सदस्यीय आयोग गठन भयो । जुन आयोगले १९५५ मा रिपोट पेश गर्यो । तर लागु हुन सकेन ।

मण्डल कमिशन

विहारका पुर्व मुख्यमन्त्री विन्देश्वरी प्रसाद मण्डल(यादव) को नेतृत्वमा एक जनवरी १९८९ मा मण्डल आयोग गठन गरियो । मण्डल आयोगले पुरै देशमा घुमेर ३ हजार जातिहरुलाई सामाजिक एवम शैक्षिक दृष्टिले पिछडा घोषित गर्दै ३१ डिसेम्बर १९८० मा आफ्नो रिपोट भारत सरकारलाई बुझाए । मण्डल कमिशनले पिछडावर्गको जनसंख्या कुल जनसंख्याको ५२ प्रतिशत रहेको कुरा उजागर गर्यो । मण्डल कमिशनले निम्न अनुसारका सिफारिसहरु गरेका छन् :

१. पिछडावर्गलाई सरकारी सेवाहरुमा २७ प्रतिशत आरक्षण दिइने ।

२. पदोन्तीमा पिछडावर्गलाई आरक्षण दिइने ।

३. पिछडावर्गको कोटा न भरिएमा ३ वर्षसम्म खाली राखिने ।

४. S.C/S.T सरह आयु.सिमा मा छुट दिइने ।

५. वितिय सहायता प्राप्त नीजी क्षेत्रमा पिछडावर्गलाई आरक्षण बाध्यकारी बनाउने ।

६. कलेज र विश्वविद्यायलहरुमा आरक्षण योजना लागु गराउने ।

७. पिछडावर्गको विद्यार्थीहरुको लागि विशेष कोचिङको व्यवस्था गर्ने
८. पिछडावर्ग भुमिहीन मजदुरको लागि भुमिको व्यवस्था गर्ने ।
९. पिछडावर्गको उन्नतीको लागि पिछडावर्ग विकास निगम बनाउने
१०. राज्य र केन्द्र स्तरमा पिछडावर्गको छुटै मन्त्रालय बनाउने ।
११. पिछडावर्ग आयोग गठन गर्ने ।

जस्ता सिफारिसहरु यस कमिशनले गरेको थियो । जुन सिफारिसहरु विपि सिहको नेतृत्वमा बनेको सरकारले ७ अगस्ट १९९० मा मण्डल कमिशनको रिर्पोटलाई आंशिक रुपमा लागु गर्ने निर्णय गर्यो । जसको भारतमा उच्च जातिहरुले कडा विरोध गर्यो । यस निर्णय विरुद्ध भारतको सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराइयो । यो रिर्पोट लागु नरियोस भनेर भारतको संसद र विहार विधान सभा अगाडी ब्राहमणहरुले आत्मदाह समेत गरे । लामो बहसपछि १६नोभेम्बर १९९२ मा CREAMY LAYER सहित मण्डल कमिशनको रिर्पोटलाई आंशिक रुपमा लागु गर्ने भारतको सर्वोच्च अदालतबाट निर्णय भयो । जसलाई भारतमा समाजबादीहरुले आफ्नो जितको रुपमा लिए ।

मण्डल कमिशनको रिर्पोटले भारतको संविधानमा जातिय रुपमा सुविधाको लागि चार वर्ग (Categories) बनाएको छ ।

१. सामान्य वर्ग (Gerearal Categories) : यसमा सामाजिक एवम शैक्षिक दृष्टिले सम्पन्न जातिहरुलाई राखिएको छ ।

२. अनुसुचित जाति (Scheduled Caste) : यस वर्गमा सामाजिक, शैक्षिक दृष्टिले पछाडी परेका अछुत जातिलाई राखिएको छ । SC लाई भारतको स्वतन्त्रतादेखि नै आरक्षण प्राप्त भएको थियो । उनीहरुलाई संविधानको धारा ३४१ अनुसार १५ प्रतिशत आरक्षण प्राप्त भएको हो ।

३. अनुसुचित जनजाति (Schedule Tribe) : यस वर्गमा सामाजिक एवम शैक्षिक दृष्टिले पछाडी परेका, जंगली र फिरन्ते जातिहरुलाई राखिएको छ । ST लाई भारतीय संविधानको धारा ३४२ अनुसार ७.५ प्रतिशत आरक्षण प्राप्त भएको छ ।

४. अन्य पिछडावर्ग (OBC) : (OBC) वा पिछडावर्गमा त्यो जातहरुलाई राखियो, जुन S.C र ST जातिहरु भन्दा सामाजिक र शैक्षिक दृष्टिले राम्रो छ । यस जातिहरुको सम्बन्धमा अधिक जानकारीको लागि एउटा आयोग बनाउने सिफारिस गरियो ।

५. पिछडावर्ग (OBC) लाई आयोगद्वारा तीन वर्गमा वर्गिकरणको सुझाव :-

क. पिछडावर्ग (OBC) **ख**.अधिक पिछडावर्ग **ग**.अति पिछडावर्ग

सन् १९९२ इन्द्रा साहनि केस अर्थात मण्डल केस सर्वोच्च अदालत भारतको आदेश अनुसार पिछडावर्ग (OBC) कमिशनको स्थापना, (OBC) लाई २७ प्रतिशत आरक्षण दिनु पर्ने तर क्रिमिलेयर लागु गर्नु पर्ने जसको लागि आर्यन प्रसादको अध्यक्षतामा राम नन्दन समिति १९९३ क्रिमलेयर पहिचान गर्नको लागि आरक्षणको अधिकतम सीमा ५० प्रतिशत, पिछडावर्ग (OBC) लागि एक स्थायी आयोग गठन, संसदबाट अधिनियम पास गरेर राष्ट्रिय पिछडावर्ग (OBC) अधिनियम १९९३ यसैको आधारमा राष्ट्रिय पिछडावर्ग (OBC) आयोग १९९३ । सन् २०१८ मा १०२ संविधान संशोधन गरी राष्ट्रिय पिछडावर्ग (OBC) आयोग संवैधानिक दर्ता प्राप्त पहिलो चोटी डा.भगवान लाल सहनीको अध्यक्षतामा पिछडावर्ग (OBC) आयोग दिल्लीको गठन ।

नेपाल र भारतको पिछडावर्ग (OBC) मा भिन्नता

(OBC) को अर्थ OTHER BACK WARD CLASS हुन्छ । दक्षिण एसियामा खास गरेर नेपाल, भारत, बंगलादेश र पाकिस्तानमा जातिय ब्यवस्था रहेको देखिन्छ भन्ने संसार भरी वर्ग ब्यवस्था रहेको देखिन्छ ।

भारतको (OBC) मा क्रिमिलेयरको ब्यवस्था गरिएको छ । क्रिमिलेयरको अर्थ (OBC) को कुनै परिवारको आम्दानी वार्षिक ८ लाख भन्दा बढी भएको खण्डमा त्यस परिवारलाई क्रिमिलेयरको श्रेणीमा राखि परिवारको सदस्यले २७ प्रतिशत सरकारी नोकरी भित्र आरक्षण पाउदैन । तर परिवारको वार्षिक आय ८ लाख भन्दा कम भएको खण्डमा ती परिवारलाई ननक्रिमिलेयर भित्र राखी सरकारी नोकरी र शिक्षामा २७ प्रतिशत आरक्षण पाउछन् ।

नेपालमा तेस्तो कुनै ब्यवस्था भएको छैन । भारतमा कुनै एक स्टेटमा भएको (OBC) अर्को स्टेटमा (OBC) नहुन सक्छ । अर्थात विहार राज्यमा (OBC) मा भएको जाति केरलामा (OBC) नहुन सक्छ त्यस्तै उत्तर प्रदेशमा (OBC) भएको जाति अरुणचलमा (OBC) मा नपर्न सक्छ । यसको निर्धारण राज्य सरकारले सम्बन्धित जातिको आर्थिक, शैक्षिक, राजनितिक र सांस्कृतिक हैसितको आधारमा तय हुने गर्दछ । नेपालमा भारतको जस्तो ब्यवस्था छैन । यहाँ नेपाल सरकारले सुची प्रकाशन गरेका जातजातिहरु नेपाल अधिराज्य भरी नै पिछडावर्ग (OBC) हुन्छ । नेपालमा पिछडावर्ग (OBC)सम्बन्धी धेरै ब्यवस्थाहरु राज्यले गर्न बाँकी रहेको देखिन्छ । भारतको तेलाङगना प्रदेशमा (OBC) नै (BC).भन्ने गर्दछन् । भारतमा (MBC) Most back Ward Class, अति पिछडा) (EBC Economically Back Ward Class) मा पनि वर्गिकरण गरिएको छ ।

सत्य सोधक समाज

सन् १८७३ मा ज्योतिबा फुलेद्वारा स्थापित समाजिक संगठन हो । यसका प्रमुख उद्देश्यहरु :-

१. शुद्र अति शुद्रहरुलाई पुजारी, पुरोहित र शुदखोर आदि सामाजिक, सांस्कृतिक दास्ताबाट मुक्त गराउन ।

२. धार्मिक र सांस्कृतिक काममा पुरोहितको अनिवार्यतालाई समाप्त गर्न ।

३. सामुहिक हितको लागि एक जुटताको भावना पैदा गराउन ।

४. पढे लेखेको शुद्र अति शुद्र युवाहरुलाई प्रशासनिक क्षेत्रमा रोजगारीको अवसर सृजना गराउन ।

हण्टर कमिशन

सन १८८२ मा अग्रेजहरुले हण्टर कमिशन गठन गरेका थिए । जुन कमिशनमा महात्मा ज्योति बा फुलेले Back Ward Community लाई मुल धारमा ल्याउनको लागि-Education Emplyoment, Equally Representation, Reservation का कुरा उठाएका थिए । तर लागु हुन सकेन । त्यही रिपोर्टको आधारमा सन् १९०२ मा कोल्हापुरका राजा छत्रपति साहुजी महाराजले ५० प्रतिशत Reservation

Back Ward Community को लागि आफ्नो राज्यमा लागु गरेका थिए । अर्थात यस समुदायका लागि सर्वप्रथम आरक्षणको ब्यवस्था छत्रपति साहुजी महाराजले गरेका थिए । यिनले Cast wise hostel र school को समेत ब्यवस्था गरी गाँउ र टोलबाट बच्चाहरुलाई ल्याई निःशुल्क पढाईको ब्यवस्था मिलाएका थिए ।

जनेउ आन्दोलन :- भारतमा सन १९९१ को जातिय जनगणनामा आएको परिणाम स्वरुप नयाँ ढंगबाट जातिहरुको पहिचान तथा श्रेणीकरण गरियो । यो प्रक्रियामा जातिहरुलाई पेशाको आधारमा केही जातिलाई अपराधि तथा केही जातिलाई छुत अछुत शुद्र बनाइयो साथै केही जातिलाई नोकरीको लागि अयोग्य ठहराइयो भन्ने केहीलाई ब्रहमण क्षेत्रीयको दर्जा दिइएन । यसबाट कोइरी, कुर्मी, अहिर जस्तो खेतीहर जातिहरुलाई सछुत शुद्र (Clean shudra) को रुपमा श्रेणीकरण गरियो तर यस प्रकारको श्रेणीकरणबाट यी जातिहरु सहमत भएन, जसलाई आर्य समाजले महसुस गरी यी जातिहरुको मनोभावलाई हथियार बनाएर आर्य समाज शुद्धीकरण (ब्राहामणीकरण) आन्दोलनको सुरुवात भयो । आर्य समाजको शुद्धीकरण आन्दोलनमा वर्ण ब्यवस्थाको ढाँचागत सुधार नगरी शुद्धीकरणको माध्यमबाट आर्य समाजी गैर ब्रहमण शुद्र जातिहरुलाई जनेउ लगाएर कर्मकाण्डी उच्चताको महसुस गराउन थालियो । तर खेतिहर जातिहरुले आर्य समाजको उद्देश्य अनुरुप काम नगरी जमिनदारी प्रथाको विरोधमा आफ्ना कार्यहरु गर्न थाले । जसले गर्दा शुद्धीकरण आन्दोलन जमिनदारी प्रथाको विरुद्धमा हथिहार सावित भयो । जुन कुराको अनुमान आर्य समाजीलाई पनि थिएन । त्यसैले पछि गएर जमिनदारी प्रथा विरुद्धको आन्दोलन सक्रिय हुन लाग्दा आर्य समाजीहरु मैदान छोडेर भाग्न लागे ।

जमिनदारी प्रथामा पिछडावर्ग (OBC) का जातजातिहरुमा विभिन्न किसिमका लगान असुल्ने प्रथा कायम रहेको थियो । जस्तो श्रम लगान, बेगारी, उपज लगान, भावली र नगर लगान । जमिनदारी प्रथामा जातिय लगानको साथै नजायज जातिय अहवाब(उपहार) पनि असुली गर्ने काम हुन्थ्यो । जमिनदारी प्रथामा लगान र अहवाब जातिको आधारमा असुली गर्ने काम हुन्थ्यो । अर्थात उच्च जातिहरुको तुलनामा पिछडावर्ग (OBC) जातजातिहरु दलित र आदीवासी जनजातिहरु, मुलवासीहरुबाट बढी मात्रामा लगान असुल्ने काम हुन्थ्यो । यस्तो जातिय लगान यति असहनिय थियो कि पिछडावर्ग (OBC) का जातजातिहरु, दलित, आदीवासी जनजातिहरु र मुलवासीहरु आ-आफ्नो जमिन छोडेर भाग्न थाल्यो ।

शुद्धीकरण आन्दोलनको कारणले गर्दा उच्च जाति र पिछडावर्ग (OBC) का जातजातिहरुमा झगडा समेत हुन थाले । जसको फलस्वरुप आन्दोलनलाई सशक्त बनाउनको लागि सन् १९१० मा पटनामा कुर्मी सभा, १९११ मा मधेपुरामा गोप सभा र १९१२ मा उतर प्रदेश मिर्जापुरमा कोयरी हितकारणी सभाको गठन भयो । यी गठन भएका हितकारणी सभाहरुमा खेतिहर पिछडा जातिहरुले जातिय संगठन बनाउने र क्षत्रीय हुनको लागि आफ्ना दबालाई प्रमाणित गर्नको लागि जातिय पत्रिकाहरु समेत निकाल्न थाले । संगठन र पत्रिकाको माध्यमबाट पिछडा जातिहरु आफ्नो बन्धु बान्धवको बच्चाहरुलाई लेखपढको ब्यवस्था गर्ने, जनेउ धारण गर्ने, बेगारी नगर्ने र विवाहमा ब्राहमणको सट्टा आर्य समाजीबाट गराउने कार्यहरु गर्न थाले ।

त्रिवेणी संघ :- ३० मई १९३३ मा शाहाबाद जिल्लामा त्रिवेणी संघको स्थापना भयो । यस संघको जन्मदाताको रुपमा यदुनन्दन मेहता उर्फ सहस्रानंद स्वामी(कोयरी), सरदार जगदेव सिंह(अहिर), डाक्टर शिवपुजन सिंह(कुर्मी) रहनु भएको थियो । सन् १९३५ देखि त्रिवेणी संघको विस्तार प्रदेश स्तरमा हुन थाल्यो । स्थापनाकाल देखि नै यस संघले समाजमा ब्याप्त कुरिती, कुसंस्कृति, विकृति र अन्धविश्वासको विरुद्धमा जनचेतना जगाउन थाले ।

अर्जक संघ :- १ जुन १९६८मा राम स्वरुप वर्माको अध्यक्षतामा स्थापना भएको हो । मानवबादी संस्कृतिको विकास यसको मुख्य लक्ष्य रहेको थियो । अर्जक संघको अनुयायीहरु जीवनमा दुई संस्कारलाई बढी महत्व दिने गरेका छन् । जन्म र मृत्यु संस्कार । विवाहमा कुनै प्रकारको परम्परागत, रस्म-रिवाज निर्वाह नगरी बेहुला बेहुलीले संघको प्रतिज्ञा पत्रलाई दोहोराएर एक अर्कालाई वर माला लगाई विवाह सम्पन्न गर्ने गर्दछ । यस संघका अनुयायीहरु हिन्दु देवी देवता र मुर्ति पुजामा विश्वास गर्दैन । यसको प्रभाव नेपालमा पनि परेको देखिन्छ । भारतको विहार र उतर प्रदेशमा यसको निकै नै प्रभाव रहेको छ । अर्जक संघको प्रचार प्रसारमा विहार लेनीन जगदेव प्रसाद कुशवाहाको भुमिका अदितिय रहेको देखिन्छ ।

प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलनको अवधारणा

दुई दशकको हाराहारीमा पिछडावर्ग (OBC) को सन्दर्भमा काम गर्दै जाँदा पिछडावर्ग (OBC) समुदायको इतिहास, संस्कृति, दर्शन, लोकवार्ता आदी अदितिय रहेको देखिन्छ । महामना बुद्ध, विश्व विजेता प्रियदर्शी चक्रवर्ती सम्राट अशोक महान, महात्मा ज्योतिबा फुले, सावित्रीबाई फुले, साहुजी माहाराज, सन्त कवीर, राजा जनक जस्ता वीर पराक्रमी महापुरुषहरु यस समुदायका धरोहर हुन ।

पिछडावर्ग (OBC)समुदायको इतिहास आफैमा गौरवशाली भएता पनि विभिन्न कारणले गर्दा वर्तमान अवस्थामा कमजोर देखिएका छन् । संसारको विभिन्न कुनाकाप्चाहरुमा यस समुदायको बसोबास रहेको पाइन्छ । खास गरेर नेपाल, भारत, बंगलादेश, पाकिस्तान, मोरिसस, श्रीलंका, आदी देशहरुमा बाक्लो बसोबास भएका र अमेरिका, ब्रिटेन, सिंगापुर, जापन, दुबई, कतार, मलेसिया जस्ता देशहरु लगायत विश्वका अन्य राष्ट्रहरुमा पनि यस समुदायको उपस्थित रहेको पाइन्छ ।

विश्व ब्यापीकरण हुँदै गई रहेको सन्दर्भमा नेपाल र भारतमा पिछडावर्ग (OBC) समुदायको हक अधिकारको लागि संघर्ष गर्दै आईरहेका अधिकारवादी संघ-संस्थाहरुको साथै नेपाल र भारतमा सरकारद्वारा गठित आयोग र समितिहरुसँग सम्बन्ध विस्तार गरी पिछडावर्ग (OBC) को प्रथम अन्तराष्ट्रिय सम्मेलनको अवधारणा मिति २०७६/१०/१ गते तिर मेरो मानस पटलमा आयो । मगही भाषाको दुई चोटी अन्तराष्ट्रिय सम्मेलन सम्पन्न गरेको र मुलवासीको सभा सम्मेलनको शिलशिलामा भारत तिर आवतजावत बढी भएको हुनाले भारतका पिछडावर्ग (OBC) संघ-संस्थामा काम गर्ने साथीहरुसँग सम्बन्ध विस्तार हुन पुग्यो । २०७६ सालको चैत्रको अन्तिम तिर प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलनको कुरा गर्दै-गर्दा विनासकारी कोरोना महामारीका कारणले जनजीवन अस्तव्यस्त हुन थाल्यो । लामो समयसम्म कोरोनाको प्रकोप रहेकाले कोरोना कालमै नेपाल, भारत र मोरिससका पिछडावर्ग (OBC) का अगुवा साथीहरुसँग पाँच पटक गुगल मिटबाट मैल(लेखक) पिछडावर्ग (OBC) को आगामी कार्यदिशा र प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलनको सन्दर्भमा कुराहरु अगाडी बढाउन थाले ।

यस सम्मेलनको सन्दर्भमा मोरिससबाट साकेतका अध्यक्ष डा. राधा किसन

कोमल चन्द, भारतबाट पिछडावर्ग (OBC) महासभाका अध्यक्ष डा.डि.जी. कश्यप, पिछडावर्ग (OBC) भारतका अध्यक्ष रामलखन सोनी, विहार विश्वविद्यालय आयोगका सदस्य डा.उपेन्द्रनाथ बर्मा, राजीव गान्धी विश्वविद्यालयका कुलपति प्रा.डा. साकेत कुशवाहा, जे.एन.यु.का ख्याति प्राप्त प्रा.डा. विवेक कुमार, दिल्ली विश्वविद्यायलका प्रा. डा. रामाशंकर कुशवाहा, पञ्जाब विश्वविद्यालय भटिन्डाका प्रा.डा. अमित सिंह कुशवाहा, कृषिवाहा संघ दिल्लीका अध्यक्ष शिवपुजन कुशवाहा, ख्याति प्राप्त सर्वोच्च अदालत भारतका अधिवक्ता सीमा समृद्धी कुशवाहा, लोकसभा सदस्य माननीय डा. संघमित्रा मौर्या आदी ब्यक्तित्वहरुसँग कुराकानी हुन थाल्यो ।

त्यस्तै नेपालबाट पिछडावर्ग (OBC) का संस्थापक अध्यक्ष भरत प्रसाद महतो, पुर्व मन्त्री ज्ञानेन्द्र कुमार यादव, पुर्व मन्त्री उमा शंकर अरगरिया, नेपाल पिछडावर्ग (OBC) महासंघका अध्यक्ष गजेन्द्र ठाकुर र कौशल कुमार सिंह, नेपाल पिछडावर्ग (OBC) महासभाका अध्यक्ष राम कुमार महतो, पिछडावर्ग (OBC) का प्रवक्ता मनाई महतो बुद्धिजीवी प्रा.डा. राम स्वार्थ राय, टि.एन. साह, डा. अशोक महासेठ, राम लखन ठाकुर, गोपाल महतो, रघुनाथ यादव, सिएन खडका, इन्दिरा साह, डा.चन्देश्वर साह, पुर्वमन्त्री तथा अनुसन्धानविद् डा. केशवमान शाक्य, संस्कृतिविद प्रा.डा. प्रेम कुमार खत्री, नेपाल सरकारका पुर्व मुख्य सचिव डा. सोमलाल सुवेदी, पिछडावर्ग (OBC) अभियन्ता देवनारायण मुखिया, मदनकिशोर कामद, तेज प्रसाद निसाद, जय प्रकाश महतो, कविर बालबालिका अनाथ आश्रमका अध्यक्ष सन्त आलोक आदी महानुभावहरुसँग सम्मेलनको विषयमा कुराकानी हुन थाल्यो ।

सन् २०२१ को डिसेम्बर २५ देखि २७ सम्म मुलवासीको सम्मेलन पटनामा भएको बेलामा दुरदर्शन विभागका समाचार प्रमुख तथा "अग्रेजी राज में कुशवाहा खेतीहर" किताबका लेखक मित्र अजय चौभरीसँग भेट भयो । उहाँसँग मैले पिछडावर्ग (OBC) को अन्तराष्ट्रिय सम्मेलनको सन्दर्भमा कुरा गर्दा उहाँले मलाई विहार सरकारद्वारा गठित अति पिछडावर्ग (OBC) का पुर्व अध्यक्ष उदयकान्त चौधरी ज्युसँग भेटघाट गराउनु भयो । उहाँबाट भारतका ख्याति प्राप्त जे.एनु.यु का पुर्व प्रा.डा सुबोध मालाकार पिछडावर्ग (OBC) का अध्येता वरिष्ठ पत्रकार प्रेम कुमार मणि, रामबली सिंह, श्रीकान्त शास्त्री र भारत सरकार पिछडावर्ग (OBC) आयोग दिल्लीका तत्कालिन अध्यक्ष माननीय प्रा.डा भगवान लाल सहनीको मोवाइल

नम्बर प्राप्त गरे र उहाँहरुसँग सम्मेलनको सन्दर्भमा कुराहरु गर्न थाले ।

पिछडावर्ग (OBC) को प्रथम अन्तराष्ट्रिय सम्मेलनको आयोजनाको लागि संस्थाको आवश्यकता भएको हुनाले मेरो अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरी मिति २०७८ फागुन १ गते अन्तराष्ट्रिय पिछडावर्ग (OBC) अनुसन्धान केन्द्र नामक संस्था दर्ता गराए । त्यस पश्चात मिति २०७८ फागुन ७ गते मेरै अध्यक्षतामा नेपाल, भारत, मोरिससबाट प्रतिनिधित्व हुने गरी १७ सदस्यीय मुल आयोजक समिति गठन गरियो ।

समिति गठन पश्चात पिछडावर्ग (OBC) मा काम गर्ने संघ-संस्थाहरुको प्रतिनिधिहरुसँग कुराकानी र भेटघाटलाई तिब्रता दिए । यसै शिलशिलामा राष्ट्रिय समावेशी आयोगका माननीय अध्यक्ष डा. राम कृष्ण तिमल्सिना लगायत आयोगका सदस्यहरुसँग सम्मेलनको सम्बन्धमा समावेशी आयोग मैं छलफल गरियो । मधेश सरकारका गृह तथा सञ्चार मन्त्री पिछडावर्ग (OBC) का शुभचिन्तक माननीय भरत प्रसाद साहको माध्यमबाट राष्ट्रिय पिछडावर्ग (OBC) महासंघ भारतका युवा विभागका अध्यक्ष सुभास घाटेसँग कुरा गरे । त्यसपछि उहाँले महासंघका अध्यक्ष डा. बवन भाऊराबजी तायवाडे सँग कुरा गराउनु भयो । अन्तराष्ट्रिय पिछडावर्ग (OBC) अनुसन्धान केन्द्रको अगुवाईमा प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलन मुल आयोजक समितिको आयोजनामा मिति २०७८/१२/१९-२० गते (२-३ अप्रिल २०२२) नेपालको जनकपुरधाम स्थित मत्स्य विकास केन्द्रको सभाहलमा आयोजना गरियो । यस कार्यक्रमको प्रमुख अतिथिको रुपमा पुर्वमन्त्री एवम राष्ट्रिय सभाका सदस्य माननीय उर्मिला अर्याल, विशिष्ट अतिथिको रुपमा मधेश सरकारका गृह तथा सञ्चार मन्त्री माननीय भरत प्रसाद साह, वन, पर्यटन तथा उद्योग मन्त्री माननीय शत्रोहण महतो, अन्तराष्ट्रिय पिछडावर्ग (OBC) विमर्शकार एवम ख्याति प्राप्त भाषा वैज्ञानिक प्रा.डा. राजेन्द्र प्रसाद सिंह, राष्ट्रिय (OBC) महासंघ भारतका अध्यक्ष डा.बवन भाऊराबजी तायवाडे, पिछडावर्ग (OBC) संस्थापक भरत प्रसाद महतो, राष्ट्रिय समावेशी आयोगका सदस्य माननीय विष्णुमाया ओभ्mा, पिछडावर्ग (OBC) बुद्धिजीवी तथा हाल डेनमार्कका महामहिम राजदुत प्रा.डा. राम स्वार्थ राय, स्त्री विमर्शकार डा. शशीकला सिंह, अतिथिको रुपमा पिछडावर्ग (OBC) महासंघ भारतका युवा अध्यक्ष सुभास घाटे, विहार प्रदेश अध्यक्ष मुकेश सहनी, नेता चन्द्र शेखर सिंह, पिछडावर्ग (OBC)

महासभाका अध्यक्ष राम कुमार महतो, पिछडावर्ग (OBC) अनुसन्धाता मनाई महतो रहनु भएको थियो । यस कार्यक्रममा उल्लेखनीय कार्य गर्ने पिछडावर्गका योद्धाहरुलाई सम्मानको साथै यस वर्गको हक हित र अधिकारको लागि काम गर्ने संघ-संस्थाहरुलाई सम्मानित गरिएको थियो ।

सम्मेलनमा पिछडावर्ग (OBC) का अभियानी बालकेश्वर ठाकुर, डा. राम सागर पण्डित, शम्भु ठाकुर, भुनेश्वर महतो, पवन साह, किरण कुमारी साह, परमेश्वर कापर, दीपु कापर, बलिराम कापर, खजान्ति महतो, नागेन्द्र महतो, ललिता महतो, बुधेश्वर महतो, बिमला जैसवाल, टि. एन साह लगायत दर्जनौ पिछडावर्ग (OBC) का शुभचिन्तकहरुले कार्यक्रम ब्यवस्थापनमा सहयोग गरेका थिए ।

प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलन मुल आयोजक समिति एवम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) अनुसन्धान केन्द्रको अध्यक्ष वीर बहादुर महतोको अध्यक्षतामा सम्पन्न भई पाँच बुंदे घोषणापत्र जारी गरियो :-

प्रथम अन्तराष्ट्रिय पिछडावर्ग (OBC) सम्मेलन घोषणापत्र २०७८

विश्वको विभिन्न कुना काप्चामा बसोबास गरिरहेको पिछडावर्ग (OBC) समुदायको साथै पिछडावर्ग (OBC) का हक अधिकारको लागि काम गर्ने संघ-संस्थाहरुसँग सम्बन्ध विस्तार गरी निकट भविष्यमा पिछडावर्ग (OBC) विश्व सम्मेलनको आयोजना गर्ने ।

पिछडावर्ग (OBC) को कला, संस्कृति, साहित्य लोकवार्ताको सर्वाङ्गिण विकासको लागि पुस्तक लेखन, पत्रपत्रिका एवम स्मारिका प्रकाशन न्युज पोर्टलको साथै डकुमेन्ट्रीको निर्माण गर्ने ।

नेपाल र भारतमा पिछडावर्ग (OBC) मा काम गर्ने संघ-संस्थाहरुसँग समन्वय गरी पिछडावर्ग (OBC) को अन्तराष्ट्रिय स्तरको सग्राहालय र अनुसन्धान केन्द्र स्थापना गर्ने ।

- प्राथमिक स्तरदेखि विश्वविद्यायल सम्मको स्तरमा पिछडावर्ग (OBC) को भाषा, साहित्य, संस्कृति र लोकवार्ता सम्बन्धी पाठयक्रमको निर्माण गरी लागु गराउन आवश्यक पहल गर्ने ।

- नेपाल र भारत सरकारद्वारा गठित पिछडावर्ग (OBC) का सम्बन्धीत निकायहरु पिछडावर्ग (OBC) आयोग दिल्ली, राज्य सरकारका आयोग तथा समितिहरु, राष्ट्रिय समाबेशी आयोग नेपाल, पिछडिएको (OBC) उत्थान विकास समिति काठमाडौं लगायतका संवैधानिक निकायहरुसँग सम्बन्ध विस्तार गरी पिछडावर्ग (OBC) का सर्वाङ्गिण विकासको लागि आवश्यक पहल गर्ने र पिछडावर्ग (OBC) को दोस्रो अन्तराष्ट्रिय सम्मेलनको आयोजना भारतको राजधानी दिल्लीमा गर्ने ।

यस सम्मेलन पश्चात ७ अगस्ट २०२२ भारतको राजधानी नयाँ दिल्ली स्थित ताल कटोरा स्टेडियममा पिछडावर्ग (OBC) महासभा भारतका अध्यक्ष डा.बवन भाऊरावजी ताउवाडेको निमन्त्रणामा यस संगठनको अधिवेशनमा प्रमुख अतिथिको रुपमा (लेखक) आतिथ्य ग्रहण गरी सम्मानीत हुने अवसर प्राप्त गरे । यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा महाराष्ट्रका उपमुख्य मन्त्री माननीय देवेन्द्र फण्डवरीस, पुर्व सांसद राज कुमार सैनी लगायत भारतका प्रत्येक राज्यका पिछडावर्ग (OBC) का अगुवाहरुको हजारौंको संख्यामा उपस्थिति रहेको थियो ।

दोस्रो अन्तर्राष्ट्रिय पिछडावर्ग (OBC) साहित्य सम्मेलन

दोस्रो पिछडावर्ग (OBC) अन्तर्राष्ट्रिय साहित्य सम्मेलन भारतको नयाँ दिल्ली स्थित दयाल सिंह कलेज, सभागारमा मिति १३ जुलाई २०२३ मा दुई सत्रका साथ सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय ओ.बि.सी अनुसन्धान केन्द, नेपालले आयोजना गरेको दोस्रो पिछडावर्ग (OBC) अन्तर्राष्ट्रिय साहित्य सम्मेलन २०२३ को पहिलो सत्रमा 'ओ.बि.सी साहित्य विमर्श' माथि चर्चा गरिएको थियो । जसमा बक्ताहरु डा.राजेन्द्र प्रसाद सिंह (प्रोफेसर सासाराम बिहार), डा.कोमल चन्द राधा किशन (साहित्यकार मोरिसस), डा. केदार कुमार मण्डल (एसोसिएट प्रोफेसर, दिल्ली विश्वविद्यालय नयाँ दिल्ली), डा. रामा शंकर कुशवाहा (सहायक प्रोफेसर, दिल्ली विश्वविद्यालय नयाँ दिल्ली), डा.परमिन्दर अम्बर (शोधार्थी जे.एन.यु.नँया दिल्ली), डा. सत्य नारायण आलोक (साहित्यकार नेपाल), भरत प्रसाद साह (पुर्वमन्त्री मधेश प्रदेश सरकार नेपाल) डा.नरेश वीर शाक्य (साहित्यकार नेपाल), डा.बालकेश्वर ठाकुर (साहित्यकार नेपाल), डा. रामलाल सुतिहार (साहित्यकार नेपाल), जितेन्द्र महतो,

(जिल्ला समन्वय उपप्रमुख, सर्लाही) र श्याम सुन्दर महतो (पिछडावर्ग अभियानी) ले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

दोस्रो सत्रमा सामाजिक न्याय र आरक्षण माथि छलफल गरिएको थियो । जसमा बक्ताहरु डा.केशवमान शाक्य (पुर्वमन्त्री नेपाल सरकार), डा. सीमा समृद्धी (एडभोकेट सुप्रिम कोर्ट नँया दिल्ली), प्रो.बिलास खेरात (नँया दिल्ली), डा. नरेश वीर शाक्य (साहित्यकार नेपाल) आ-आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

सम्मेलनमा सह-आयोजकका रुपमा एकेडेमिक फोरम फाँर सोशल जस्टिक डी.यु रहनुभएको थियो भने संयोजकका रुपमा डा केदार कुमार मण्डलले महत्वपुर्ण भुमिका निर्वाह गर्नुभएको थियो ।

दोस्रो पिछडावर्ग (OBC) अन्तर्राष्ट्रिय साहित्य सम्मेलनका अध्यक्षता अन्तर र्राष्ट्रिय पिछडावर्ग ओ.बी.सी अनुसन्धान केन्द्र नेपालका अध्यक्ष डा.वीर बहादुर महतोले पाँच बुँदे घोषणापत्र जारी गर्दै सम्मेलनको समापन गर्नुभएको थियो भने स्वागत मन्तब्य डा. केदार कुमार मण्डलले गर्नुभयो ।

घोषणापत्र :

१. भारतमा पिछडावर्ग (OBC) समुदायका जातिय जनगणना छिटै गरियोस् ।

२. पिछडावर्ग (OBC) का भाषा, साहित्य, संस्कृति एवम लोकवार्ता र शोधवार्ताका सरक्षण, सम्बन्धन र प्रबर्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा पिछडावर्ग (OBC) शोध संस्थानको स्थापना गरियोस ।

३. नेपाल र भारतमा पिछडावर्ग (OBC) का जनसांख्यिकी आधारमा आरक्षणका लागि पहल गरियोस ।

४. पिछडावर्ग (OBC) का अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार गरी विश्व पिछडावर्ग (OBC) सम्मेलनको आयोजना गरियोस ।

५. तेस्रो पिछडावर्ग (OBC) सम्मेलनको आयोजना मोरिससमा गरियोस ।

नेपालमा मुलवासी

मूलवासी अवधारणा बुझ्न, जनमानसमा बुझाउन र अभियन्ताहरु संगठीत गर्न र यसलाइ राजनीतिक संरचनामा स्थापित गर्न एउटा आन्दोलन आवश्यक हुन्छ । यसको लागि निम्न तीन कुराहरुमा ध्यान दिनु पर्छ ।

अम्बेडकर बिचारधारा–भारतमा मूलवासी आन्दोलन अगाडि बढाउने कार्यमा बाबासाहेब डा. अम्बेडकरको बिचारको सबै भन्दा बढी प्रभावकारी छ । यो बिचारधारा निर्माण गर्ने कार्यमा ज्योतिबा फूले, पेरियर रामास्वामी, छत्रपति शिवाजी महाराज, छत्रपति शाहूजी महाराज, बिरसा मुण्डा, रामस्वरुप बर्मा, बाबू जगदेव प्रसाद कुशवाहा, ललईसिंह यादव जस्ता थुप्रै ब्यक्तित्वहरुको योगदान छ । नेपालको सन्दर्भमा पद्मरत्न तुलाधर, गोरेबहादुर खपांगी, रमानन्द प्रसाद सिंह थारु, डा. हर्क गुरुंग, सीताराम तामाङ्ग जस्ताको योगदानलाइ मान्नु पर्दछ । जसरी मार्क्सवाद भन्दाखेरी मार्क्स एकजना ब्यक्तिको मात्र बिचार होइन, त्यसमा फायरबाख, हेगल, इंगेलस्, रोजा लक्जमबर्ग, लेनिन, स्टालिन आदि ब्यक्तित्वहरुको योगदान छ त्यसरी नै अम्बेडकर बिचारधारा धेरैजनाको बिचारहरु मिलेर बनेको भनेर मान्नु पर्दछ । मूलवासी आन्दोलनको एउटा महत्वपूर्ण पक्ष भनेको यो अम्बेडकर बिचारधाराको अध्ययन गर्नु हो ।

मूलवासी संघ–भारतमा BAMCEF (बाकवार्ड एण्ड माइनोरिटी कम्युनिटीज इम्प्लोइमेण्ट फेडरेशन) भन्ने संगठन एससी, एसटी, ओबिसी र धार्मिक अल्पसंख्यक, बुद्धिजीवी, कर्मचारीहरुको संगठन हो । ६ डिसेम्बर, १९७८ मा माननीय काशीराम, माननीय डिके खापर्डे र माननीय दिना भना साहेबले पुनामा यसको विधिवत रुपमा स्थापना गरेका थिए । वामसेफ खास गरी सरकारी कर्मचारीहरुको मात्र संगठन भएको हुनाले यस आन्दोलनलाई सशक्त बनाउनका लागि मुलवासी संघको गठन भएको हो । मुलवासी संघ र संगठनहरुले वामसेफको विचार धारालाई समाजमा प्रचार प्रसार गर्ने गर्दछन् । यो संगठनले मूलनिवासी संघलाई संचालन गर्दछ । यसको मूल उद्देश्य ब्राम्हणवादी सामाजिक ब्यवस्थालाई बदलेर एक न्यायपूर्ण समतामूलक समाज स्थापना गर्नु हो । नेपालमा आदिवासी जनजाति महासंघ, खस महासंघ, पिछडावर्ग महासंघ, दलित संघसंस्थाहरु, बौद्ध, ईस्लाम, इशाई संघसंस्थाहरु सक्रिय छन । यी संघसंस्थाहरु बिच एकता र समन्वय गरी नेपालमा पनि मूलवासी संघ खडा गर्नु पर्नेछ ।

राजनीतिक प्रक्रिया–भारतमा बाबासाहेब डा. अम्बेदकरले मूलवासीहरुको अधिकार प्राप्त गर्ने कार्य एक राजनीतिक प्रक्रिया हो भनेको छ । सम्बिधान, कानून, सरकारी योजनाहरु मार्फत राजनीतिक संरचनामा, सरकारी निकायमा र शिक्षामा उचित आरक्षणको ग्यारेण्टी गर्न राजनीतिक पहलहरु लिनु पर्नेछ । नेपालको

सन्दर्भमा संसद, प्रदेश सभा, स्थानिय समितीहरुमा ती निकायका सरकारका कर्मचारीहरुमा पूर्ण समानुपातिक समावेशी जातिय प्रतिनिधित्व गर्न राजनीतिक आन्दोलन गर्नु पर्ने देखिन्छ । बहुदलिय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक पार्टीहरुमा यो आन्दोलन पुग्नु पर्ने हुन्छ ।

नेपालमा वि.स. २०७४ साल जेष्ठ १७/१८ र १९ गते त्रिदिवसीय मुलवासी अन्तराष्ट्रिय सम्मेलन काठमाडौं स्थित महेश्वरी सेवा सदनमा वीर बहादुर महतोको संयोजकत्वमा सम्पन्न भएको थियो । मित्र राष्ट्र भारतको मुल निवासी संघ, वामसेफ र मुल निवासी सांस्कृतिक मञ्चको संयुक्त आयोजनामा सम्पन्न भएको कार्यक्रममा नेपाल पिछडावर्ग ओ.बि. सी महासंघ, नेपाल दलित महासंघ, आदीवासी जनजाति महासंघ, रैदास सेवा समिति, मंगोल समाज लगायत दर्जनौ संघ-संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता माननीय सोहन सिंह अध्यक्ष, वामसेफ भारत, प्रमुख अतिथि सम्माननीय सभामुख ओनसरी घर्ती मगर, विशिष्ट अतिथिको रुपमा शिवाजी राय अध्यक्ष मुलवासी सांस्कृतिक मञ्च, प्रशिक्षक ताराराम मेहना, अध्यक्ष मुलवासी संघ, प्रशिक्षक सुबचन राम आई.आर.एस अधिकारी, मुल निवासी अगुवा आर.आर पटेल, अजय मुलनिवासी, ई. दिपाराम मेघवाल, ई एस.पी. कलवारको साथै नेपालको तर्फबाट जनजाति अगुवा एवं अनुसन्धानकर्ता पुर्व मन्त्री डा. केशवमान शाक्य, लायान्स क्लबका प्रतिनिधि रामसुधार महतो, नेपाल पिछडावर्ग ओ. बि. सी महासंघको अध्यक्ष कौशल कुमार सिंह, नेपाल दलित महासंघको अध्यक्ष नरेन्द्र पासवान, रैदास सेव समितिको अध्यक्ष सिकिन्द्र महरा, मुलवासी अभियन्ता चन्देश्वर दास, कृष्णा कुमारी तमाङ्ग लगायत अतिथिहरुको उपस्थिति रहेको थियो भने कार्यक्रम सञ्चालन संयोजक वीर बहादुर महतोले गर्नुभएको थियो ।

वामसेफको निमन्त्रणामा विशिष्ट अतिथिको रुपमा पुर्व मन्त्री डा. केशवमान शाक्य र वीर बहादुर महतोले भारतको् आर्थिक राजधानी मुम्बईको कार्यक्रममा सहभागि हुनु भएको थियो । कार्यक्रमको अवसरमा भारतको अग्रज मुलवासी अभियन्ता, विश्लेषक लगायत दर्जनौ मुलवासी अभियानीहरुसँग भेटभाट र छलफल गर्ने मौका पाएका थिए । साथै बाबा साहेब अम्बेडकरको घरमा पुगि उहाँले सञ्चान गर्नु भएको प्रिन्टिङ्ग प्रेस, पढाउनु भएको कलेज लगायत डा. अम्बेडकरको समाधी स्थल, विपाश्यना केन्द्रको साथै मुम्बईको दर्जनौ पर्यटकिय

स्थलहरु घुमफिर गर्ने सुअवसर पनि प्राप्त भएको थियो ।

डिके खापर्डे मेमोरियल ट्रष्ट रिगनाबोडी नागपुरमा वामसेफको कार्यक्रममा माननीय धनिराम आर्याको निमन्त्रणामा नेपालको तर्फबाट मुलवासी अभियन्ता वीर बहादुर महतोले विशिष्ट अतिथिको रुपमा सहभागी भई मुलवासी र वामसेफको बारेमा गहिरो अध्ययन गर्ने मौका प्राप्त गरेका थिए । कार्यक्रम वामसेफका अध्यक्ष माननीय एस. आर.मौर्याको अध्यक्षतामा सम्पन्न भएको थियो । जसमा विशिष्ट अतिथिको रुपमा जे..एन.यु का समाजशास्त्रका प्रोफेसर डा. विवेक कुमार, जामिया इस्लामियाका प्रोफेसर शंजय इंगोले, वीर बहादुर महतो, डा. मनिषा बाङ्गर, धनीराम आर्य, दयाराम यादव, अशोक परमार, बि.डि. बोरकर, डा.अमोल बज्जि लगायतका विशिष्ट महानुभावहरुको उपस्थिति रहेको थियो । सोही कार्यक्रमको अवसरमा मुलवासीको अभियानलाई राजनितिक रुपमा स्थापित गर्नका लागि माननीय बि. डी. बोरकरको अध्यक्षतामा पिपलस पार्टी अफ इणडियाको स्थापना भएको थियो ।

यस्ता किसिमका कार्यक्रमहरुबाट प्रभावित भएर नेपालमा २०७५/बैशाख ५ गते वीर बहादुर महतोको अध्यक्षतामा ११ सदस्यीय नेपाल मुलवासी महासंघ गठन भएको हो । महासंघले गठनपश्चात मुलवासीको अवधारणालाई विभिन्न कार्यक्रमहरुको माध्यमबाट समाजमा जनचेतना जगाउने काम गरिरहेका छन् ।

पहिलो अन्तराष्ट्रिय मुलबासी विचार संगोष्ठी

१४ जुलाई २०२३ पिपली कुरुक्षेत्र हरियाणा भारतमा प्रथम अन्तराष्ट्रिय मुलवासी संगोष्ठीको आयोजना भएको थियो । जसमा नेपाल, भारत, मौरिसस, अमेरिका, रुस र चीनका मुलवासीका संघ-संगठनका प्रतिनिधिहरु भाग लिएका थिए । नेपालका तर्फबाट अन्तराष्ट्रिय मुलवासी महासंघका अध्यक्ष डा. वीर बहादुर महतो, पुर्व मन्त्री तथा अनुसन्धानविद् डा.केशवमान शाक्य, पुर्व मन्त्री तथा विद्यायक माननीय भरत प्रसाद साह, सन्त सत्यनाराण आलोक, मुललवासी अभियन्ता नरेशवीर शाक्य, भारतबाट वामसेफका पुर्व अध्यक्ष माननीय धनीराम आर्या, माननीय सोहन सिंह, सल्लाहकार सतिस मेहरा, पुर्व मन्त्री माननीय राजकुमार सैनी, अमेरिकाबाट अन्तराष्ट्रिय संयोजक फकिरचन्द, वामसेफ हरियाणा, मुलवासी संघ, मुलनिवासी सभ्यता संघ, राष्ट्रिय मुलनिवासी संघ, भारतीय मुलनिवासी सांस्कृतिक मञ्च, पिपल्स पार्टी अफ इन्डिया, डेमोक्रेटिक तथा लोकतान्त्रिक सुरक्षा पार्टी आदी संगठनका प्रतिनिधिहरुले भाग लिएका थिए ।

यस संगोष्ठीमा मुलवासीहरुको समस्या र समाधानका बारेमा ब्यापक रुपमा छलफल भएका थिए । जस अन्तर्गत अन्तराष्ट्रिय स्तरमा मुलवासीका समस्याहरुको पहिचान गर्नुको साथै अन्तराष्ट्रिय स्तरमा मुलवासीका मुद्धाहरुमा काम गर्ने संघ-संस्थाहरुसँग सम्पर्क र सम्बन्ध विस्तार गरी निकट भविष्यमा अन्तराष्ट्रिय मुलवासी सम्मेलनको आयोजना गर्ने गोष्ठीको निष्कर्ष रहेको थियो ।

प्रथम अन्तराष्ट्रिय मुलवासी संगोष्ठी अन्तराष्ट्रिय मुलवासी नेपालका अध्यक्ष डा. वीर बहादुर महतोको अध्यक्षता एवम NCC-MBO को संयोजक तथा वामसेफको राष्ट्रिय संगठन सचिव सुरेश द्रविडको ब्यवस्थापनमा सम्पन्न भएको थियो ।

अध्याय दुई

भौतिक पूर्वाधार, योजना र विकास परिचय

भौतिक पूर्वाधार भनेको विगतमा भएको विकासलाई आधार लिई वर्तमानमा विकासलाई अगाडि बढाउने भने अर्थसँग जोडिएर देखिन्छ । यस्तै योजनाको शाब्दिक अर्थ व्यवस्था/ प्रबन्ध/कार्यक्रम रहेको छ। कुनै पनि विकासको कामलाई अगाडि बढाउन खोज्दा योजना विना सम्भव देखिँदैन । योजनाले भविष्यमा काम गर्ने एउटा प्रणालीगत दिशालाई इंगित गर्दछ । विकास भने शब्द प्रगतिलाई सम्बोधन गर्दछ । देशको वर्तमान अवस्थामा भौतिक पूर्वाधारको विकासलाई समेट्न खोजेको छ । यथास्थितिबाट सकारात्मक रूपमा पूर्ण र परिपक्व अवस्था तर्फ उन्मुख वृद्धि र परिवर्तन नै विकास हो ।

कुनै पनि नगरपालिकाले योजना तर्जुमा नगरिकन विकास कार्यक्रमलाई अगाडि बढाउन सक्दैन । यसको अवधि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन पनि हुन सक्दछ । वास्तवमा योजना भनेको संगठनको भावी सोच हो । योजना तर्जुमा गर्दा बिशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ अन्यथा चाहेको लक्ष्यसम्म पुग्न सक्दैन । कुनै पनि नगरपालिकाले योजना वास्तविकता, निरन्तरता र लचकतामा आधारित हुनु पर्दछ ।

यस परियोजना अन्तर्गत शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, व्यापार, वितीय संस्थाहरू, सडक र पुल, सूचना, प्रबिधि र संचार लगायत सम्बन्धित विषयहरु पर्दछ। मानिसहरू आफ्नो जीवन सुरक्षित बनाउन र लामो समय सम्म बाँच्नका लागि प्राचीनकालदेखि नै संघर्ष गर्दै आइरहेका छन्। स्वास्थ्य शब्द एंग्लो-सेक्सन भाषाबाट आएको हो । यसको अर्थ सुरक्षित वा रोगबाट मुक्त हुनु वा रोग नहुनुलाई स्वास्थ्य भनिन्छ । समयको परिवर्तन संगसंगै स्वास्थ्यको अर्थमा पनि परिवर्तन आयो । आधुनिक परिभाषा अनुसार रोग तथा दुर्वलताबाट मुक्त मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रूपमा स्वास्थ्य तथा तन्दुरुस्त हुनु हो ।

शुरुमा मानिसहरू परम्परागत पद्धतिको आधारमा उपचारित हुँदै आएका थिए । मानिसलाई जिउमा केही अस्वस्थताको लक्षण देखियो भने तंत्र-मंत्र, भूत-प्रेत, धामी-झाँक्री आदिमा शतप्रतिशत विश्वास गर्दथे । धामी- झाँक्रीलाई नै

डाक्टरको ठाउँमा प्रयोग गर्दथे । आज पनि यस्ता कुरामा विश्वास गर्ने मानिसको सङ्ख्या कम छैन । शहरी जीवन भन्दा गाउँले जीवनमा यस्ता पद्धतिको प्रयोग बढी भै रहेको देख्न सकिन्छ ।

यसपछि जडीबुटीको युग आयो। मानिसहरू धामी-झँक्रीको साथ साथै जडीबुटीको प्रयोग गर्न थाले। जडीबुटीको प्रयोगबाट वैद्य शब्दको उत्पत्ति भयो। प्राचीनकालदेखि स्वास्थ्य क्षेत्रमा वैद्य मार्फत आयुर्वेदिक चिकित्सा पद्धति द्वारा स्वास्थ्य सेवा प्रदान हुँदै आएको देखिन्छ। परापूर्व कालमा आयुर्वेद चिकित्सा पद्धति ज्यादै लोकप्रिय मानिएको थियो र समय क्रमको विकास संगसंगै स्वास्थ्य क्षेत्रमा पनि आधुनिक चिकित्सा पद्धतिको विकास भयो । स्वास्थ्य चिकित्साको इतिहासतिर जानेको हो भने राणाकाल देखि नै स्वास्थ्य सेवा संगठित रूपमा सञ्चालित हुँदै आएको पाइन्छ ।

आजको विश्वमा नेपालका कुनाकाप्चामा धामीझाँक्रीको उपचार पद्दति पनि प्रयोगमा छ भन्नु सराहनीय कुरा होइन तर पनि परम्परावादी समाजमा ज्योतिष र तान्त्रिक उपयोगी मानिएका संस्था नै हुन् । यो एक विश्वासमा आधारित विकल्प भएकोले यसलाई प्राथमिक उपचारको रुपमा लिनु अस्वाभाविक लाग्दैन । विश्वका अन्य सभ्यता, धर्म र विश्वासमा वैकल्पिक पद्दति अझ पनि पाइन्छन् । आधुनिक उपचारको वितरण सहज नहनु, तिनमा जनसामान्यको पहुच नहुनु र पुरानो पद्दतिमा टिकेको मनोवैज्ञानिक भावलाई शिक्षाले विस्थापित गर्न नसक्नु नै यी विकल्पको प्रयोगका लागि जिम्मेवार छन् ।

मानिसहरू सामाजिक अवस्थामा आएदेखि नै सबैभन्दा पहिले उनीहरू देवी-देवता तथा भूत-प्रेत माथि लगभग शतप्रतिशत विश्वास गर्दथे । त्यस बेला शिक्षाको कुनै तह थिएन । आमा-बुवाले सिकाएका कुराहरू नै सिकेर कार्यान्वयनमा ल्याउँथे। कसैलाई कुनै रोग लाग्यो भने देवता बिग्रेको अथवा भूत-प्रेत लागेको विश्वास गर्दथे। समाजबाट केही मानिसहरू यस्ता देवी-देवता तथा भूत-प्रेतबाट छुटाउने काम गर्न थाले । मानिसहरू उनीहरूमाथि नै शतप्रतिशत निर्भर भएको देखियो। राज्यबाट समेत यस्तै धाकी झाँक्री मान्यता पाएका थिए। उनीहरू आ-आफ्ना पेशा चलाउन स्वतन्त्र थिए ।

धाकी-झाँक्री पद्धतिलाई हेर्दा अहिले पनि विश्वास गर्ने मानिसहरू कम छैनन् तर अहिले पनि केही पढेलेखेका मानिसहरूसमेत पूर्णरूपले धाकी-झाँक्री तथा तन्त्रमन्त्रबाट अलग भएको देखिँदैन । यस्ता धाकी-झाँक्रकिो तथ्याङ्कको अभाव

रहेकोले अनुभवको आधारमा वर्णन गर्ने प्रयास भएको छ ।

यस्ता पद्धतिको कुनै वैज्ञानिक आधार देखिँदैन । यस्ता पद्धतिबाट मृत्यु दरमा वृद्धि भएको देखिन्छ । खास गरी ग्रामीण मानिसहरू नगरीय मानिसहरू भन्दा धाकी-झाँक्री माथि बढी विश्वास गरिरहेका छन् । यसको मूल कारण शिक्षा तथा चेतनाको अभावलाई लिन सकिन्छ । त्यसैले होला, पुरुष भन्दा महिलाहरू यस्ता भूतप्रेत पद्धतिमाथि बढी विश्वास गर्ने गर्दछन् ।

हालको सर्भेक्षणमा के देखिन्छ भने शतप्रतिशत आधुनिक पद्धतिमा मानिसहरूले विश्वास गर्न सकेको देखिँदैन । जसलाई पनि रोग लाग्दा भगवानको नाममा चढौना मान्नु भनेको एक प्रकारको देवीदेवता माथिको विश्वास नै हो । शिक्षाबाट नै कसैको धारणामा परिवर्तन आउँछ । शिक्षाको अभावमा मानिसहरूमा आधुनिक पद्धतितिर अहिले पनि पूर्णरुपेणले ध्यान गएको देखिँदैन ।

आयुर्वेदिक पद्धति

प्राचीनकालदेखि नै स्वास्थ्य क्षेत्रमा वैद्य तथा जडीबुटीमार्फत आयुर्वेदिक चिकित्सा पद्धतिद्वारा स्वास्थ्यसेवा प्रदान हुँदै आएको इतिहास साक्षी छ । धाकी-झाँक्रीको काल खण्डमै आयुर्वेदिक पद्धतिको शुरुआत भएकोले आयुर्वेदिक चिकित्सा पद्धति ज्यादै लोकप्रिय बन्दै आयो । यसमा जडीवुटीको प्रयोग गरी रोगीको रोग निको पार्ने काम हुँदै आएको छ । मान्छेमा आयुर्वेद प्रति धामी-झाँक्री भन्दा बढी विश्वास हुन थाल्यो । समय वित्दै जाँदा मानिसहरू वैद्यलाई खोज्न थाले । आयुर्वेद पद्धतिमा कुनै आयुर्वेद डाक्टरहरू थिएन । स्थानीय स्तरको सिकाइ तथा अनुभवबाट उपचार गरेको देखियो ।

नेपालमा आयुर्वेदिक पद्धतिको इतिहासतिर जाँदा राजा प्रताप मल्लको पालामा स्थापित भएको आयुर्वेदिक औषधी निर्माण गर्ने वैद्यखानालाई पहिलो संस्थाको रूपमा लिन सकिन्छ । पछि प्रधानमंत्री जंगबहादुर राणाले यो वैद्यखानाको नाम सिंहदरबार वैद्यखाना राखेर जनताको सेवा गर्न थाले । अहिले नेपाल सरकारले आयुर्वेदिक पद्धतिलाई संस्थागत गरेको छ जो स्वास्थ्य क्षेत्रमा एउटा वैकल्पिक उपचारको रूपमा स्थापित भएको देखिन्छ। त्यसैको फलस्वरुप गौशाला नगरपालिकाले एउटा आयुर्वेदिक क्याम्पसको पनि स्थापना गरेको छ ।

प्राकृतिक उपचार पद्धति

यस उपचार पद्धतिलाई चिकित्सा जगतमा एउटा वैकल्पिक उपचार पद्धतिको रूपमा लिने गरिन्छ । यो एउटा यस्तो पद्धति हो जसमा औषधि र चिरफार सेवालाई निषेध गर्दछ र प्राकृतिक कुराहरूलाई प्रयोगमा ल्याउँछन् । यस पद्धति भित्र हावा, पानी, ताप वाफ र सौर्य किरण आदिको माध्यमबाट उपचार गर्ने गरिन्छ । यसभित्र शारीरिक साधन जस्तै मसाज, विद्युतीय साधनद्वारा रोगीको उपचार गरिन्छ । यसैभित्र योगलाई समेत लिन सकिन्छ । यस पद्धतिको अवस्था नगन्य रूपमा रहेको पाइन्छ ।

होमियोप्याथिक पद्धति

मानिसहरू होमियोप्याथिक उपचार पद्धतितिर त्यति आकर्षित नभए पनि केही मानिसहरू नियमित रूपमा यस पद्धतिबाट उपचार सेवा लिइ रहेका छन् । यिनीहरूका के भनाइ छ चने यस पद्धतिबाट उपचार गराउँदा रोगलाई जडैबाट निको पार्ने काम गरेको हुन्छ तर यस पद्धतिबाट समय बढी लाग्ने हुनाले मानिसहरू छिटो सेवाका लागि एलोप्याथिक पद्धतितिर आकार्षित भएको देखिन्छ । सरकारले वैकल्पिक पद्धतिको रूपमा यस पद्धतिलाई व्यवस्थित गर्नु पर्ने आवश्यकता देखिन्छ ।

एलोप्याथिक पद्धति

एलोप्याथिक पद्धतिको सही अर्थमा रोग लाग्दा जुन रोग लागेको हो त्यसले उत्पन्न गर्ने प्रभावभन्दा बेग्लै किसिमको प्रभावहरू पैदा गर्ने औषधी तथा अन्य सम्वन्धित उपाय र रोग निको पार्ने पद्धति हो । यस पद्धतिलाई एलोप्याथिक वा आधुनिक पद्धति भनिन्छ ।

(जल, जङ्गल, जमिन आदि)

१. कृषि

नेपालमा कृषि विकासको संस्थागत प्रयासको शुरूवात वि.स. १९७८ मा सरकारी स्तरमा कृषि अड्डाको स्थापना भए पश्चात भएको मानिन्छ। वि.स. २००८ सालमा कृषि विभागको स्थापना भए पछि विभिन्न समयमा विभागको संगठन संरचनामा हेरफेर हुँदै आएको पाइन्छ। यसै सिलसिलामा वि. स. २०२ ९ सालमा कृषि बजारको संवेदनशिलता एवं आवश्यकतालाई दृष्ठिगत गरि खाद्य तथा कृषि बजार सेवा विभागको स्थापना भयो। देशमा कृषि विकास कार्यक्रमको प्रभाकारिता एवं आवश्यकताको आधारमा समयानुकूल परिवर्तन गर्ने उद्देश्यले वि.स. २०३६ मा पुनः कृषि विभाग र पशु सेवा विभागको स्थापना भयो। देश संघीय स्वरूपमा गएसंगै संघ, प्रदेश र स्थानीय तहका सरकारहरू गठन भई कृयाशिल रहेको अवस्था छ। सोही बमोजिम संवैधानिक व्यवस्था अनुसार तिनै तहको प्रशासनिक पुनसंरचना भई संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन संरचना र जनशक्तिको दरवन्दी समेत नेपाल सरकारबाट स्विकृत भइसकेको छ। सोही अनुसार, नेपाल सरकारको मिति २०७५/०३/२७ को निर्णयबाट स्विकृत नयाँ संघीय संगठन संरचना अनुसार कृषि विभागको पूनसंरचना भई ६ वटा केन्द्रिय निकायहरू र यस अन्तर्गतका १४ वटा फार्म केन्द्रहरू रहेका छन।

कृषि विभाग र मातहतका केन्द्रिय निकायहरूः

१. राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र,

२. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र,

३. राष्ट्रिय फलफुल विकास केन्द्र,

४. व्यवसायिक किट विकास केन्द्र,

५. केन्द्रिय कृषि प्रयोगशाला,

६. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र।

उन्नत कृषि प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/बस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरण गर्ने लक्ष्य सहित आर्थिक

बर्ष २०७३/२०७४ देखि कृषि विकास रणनीति कार्यान्वयनको पूरक परियोजनाको रूपमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयनमा रहेको छ ।

प्रमुख खाद्यान्न बालीहरू

मुख्य खाद्यान्न बालीहरु धान, मकै, कोदो, गँहु, जौं, तेलबाली, आलु, उखु र जुट प्रमुख नगदे बालीहरु हुन । यस नगरपालिकाका प्रमुख बालीको रुपमा ऊखु नगदे बाली रहेको छ । त्यस्तै दलहन बालीहरुमा मसुरो, रहर, चना, मास, खेसारी, गहत(कुर्थी), मुङग र भटमास हुन । तेलहन बालीको रुपमा तोरी, सरसो, रायो, सुर्यमुखी, तिल, बदाम, आलस र झुसे तिल हुन । तरकारी बालीहरु भन्टा, मुला, रामतोरिया, काउली, फर्सि, परवल, गोलभेडा, बोडी, घिरौला, झिगुनी, ओल, केरा, लौका, आलु, प्याज, सागहरुमा रायो, ठरिया (लट्टे), पटुवा, पञ्जाबि, सरवारी, करकलो, न्युरो, फर्सिको मुन्टो आदी । मसला बालीको रुपमा अदुवा, लहसुन, बेसार, धनिया, खुर्सानी आदी रहेका छन् भने फलफुलहरुमा आँप, केरा, अम्बा, मेवा, कटहर, लिची, भुइँकटहर, सुपारी, नरिवल, तरबुज, फुट, लालमन, खिरी आदी ।

चुरेको महत्व

चुरे एक कान्छो पर्वत हो । वालुवा, गिट्टी, माटो, ढुंगा र पत्रे चटानहरु पुरै खाँलिदो भैइनसकेको हुनाले छिटै क्षयिकरण हुने कमलो भौगर्भिक बनावट शिवालिंक हो । नेपालको महाकालीदेखि मेचीसम्म झण्डै ८ सय किलो मिटरको दुरीमा तन्केर रहेको छ ।जुन निकै सम्बेदनशील छ । चुरे श्रृंखला भित्र नदीले बनाएका केही खोंचहरु जस्तै सिन्धुलीको मरिण र कमला खोच, डडेलधुराको रङगुन उपत्यकाका साथै भित्री मधेशको दांग, देउखुरी, सुर्खेत, चितवनको उपत्यकाहरु समेत पर्दछन् । चुरे श्रृंखला नेपालका ७७ जिल्लाहरु मध्ये महोत्तरीसहित तराईकमा ३७ जिल्लाका केही भाग ओगटने गरि फैलिएको छ । यसको चौडाई १० देखि ५० किलो मिटरसम्म भएको पाइन्छ । चुरे श्रृंखला परिस्थितिकीय रुपमा भावर र तराई मधेश संग गाँसिएर अभिन्न अंगको रुपमा नेपालको कुल क्षेत्रफलको १२.७८ प्रतिशत भूभाग ओगटेको छ ।

चारकोसे झाडी पछि नजिकै मनमोहक चुरे पहाड छ । अलि उत्तर आँखा तनकाइयो भने महाभारत पहाडमा नजर पर्छ । कात्तिक-मंसिर तिर तराईबाटै

सेताम्य हिमाल चम्किन्छ, हिरा चम्के झैं ।मधेशमै बसेर चुरे, पहाड र हिमाल देख्न पाउने गौरवको कुरो हो ।

राजनीति खिचातानीले निरास भएको मन हिमाल देखेपछि एकाएक प्रफुल हुन्छ । नेपाली हुनमा गर्व लाग्छ । कार्तिक महिनाको बिहानै झुल्किने घामले चम्किलो हिमाल देख्ने मौका मिल्छ ।

पाहुना झै कात्तिक महिनामा देखिने हिमाल र नजिकै रहेको चुरे दुवै हाम्रो जीवन र संस्कृति हो ।तर, अहिले दुवै संकटमा पर्दै गएको छ ।

हिमाल, पहाड र तराईको भौगोलिक समिश्रणको रुप हो नेपाल । तर, चुरेको दोहनले हिमालको सुन्दरता हराउन थालेको छ, हराभरा मधेश कुरुप बन्दै गएको छ । चुरे संरक्षणका सवालमा मधेशका मात्रै होइन्, देशैभरीका नागरिकको स्वर एक हुनु पर्छ ।तर, त्यसो हुन सकेको छैन ।

आफ्नै आगनबाट हिमालको चम्किलो अनुहारको दर्शन गर्न पाउँदा हामी तराईबासी गौरवान्वित र पुल्कित हुन्छौं, पहाडमा रहेका नागरिकहरुलाई तराई झर्दा यहाँको समथर हरिया फाँटले पक्कै मन लोभ्याएको हुनु पर्छ ।

संसारको सबभन्दा ठूलो चुचुरो हाम्रै देशमा छन्, त्यसको हामी सन्तान हौं । हिमाल हामी नेपालीको कहिले नझुक्ने शिर हो । हिमचुचुरो हाम्रो प्राकृतिक अमूल्य निधि हो ।हिमाल, पहाड, तराई नेपाली जीवनको अंग हो । जुन साँस्कृतिक, प्राकृतिक र भौगौलिक रुपमा जोडिएको छ ।

तराईलाई हिमालले शितलता र पिउने पानी पठाउँछ । हामी तराईका फाँटमा अमृतले सिंचित गरेर हिमाल तथा पहाडमा बस्ने नेपाली दाजुभाई तथा दिदीबहिनीलाई मिष्ठान भोजना गराउँछौं । हिमालले बहुमूल्य यार्सा गुम्बा जस्ता जडिबुटी पठाएर हामी बिरामी भए निको पार्ने औखती पठाउँछ । पहाडले स्याउ, सुन्ताला, काफ्ल जस्ता फलफूल दिएर तराईबासीलाई पौष्टिक आहार जुटाउँछ । पर्यटक लोभ्याउने मनोरम दृश्यलाई पहाडी वनजंगलले शृङ्गारेर राखेका छन् ।

बर्सेनी तापक्रम बढ्दैं गएको छ । तापक्रमले हिमालको हिउँ पग्लिने क्रम बढेको छ । देशको उत्तरतिर रहेका सेता हिमाल कहिलेसम्म रहलान् ? भन्ने प्रश्न उठिरहेको छ । विज्ञहरूका अनुसार विकसित र औद्योगिक देशहरूको बढ्दो हरितगृह ग्यास उत्सर्जनबाट नेपालका हिमालहरु संकटमा पर्दै गएको

छ ।प्रदुषणले प्रत्येक वर्ष ०.०६ डिग्री सेल्सियसका दरले तापक्रम वृद्धि हुन थालेपछि हिमालहरू चाँडै कालापत्थरमा परिणत हुन सक्छन् भन्ने बैज्ञानिहरुले चेतावनी दिइसकेका छन् ।

यता मधेशमा हातले जमिन खोस्रिदा पानी रसाउँथियो । आज त्यो पानी १ सय २५ फिट हुदैं ४२५ फिट तल पुगेको छ । चुरे हिमाल र तराईका लागि सुरक्षा कवज हो ।

हिमालको सुरक्षा कवजको रुपमा चुरे र महाभारत पहाड छ । मधेशको लाइफलाइन चुरे, माहाभारत र हिमाल छ । तर, यसको दोहन तिब्र छ । महाभारतको दक्षिण तिरको चुरिया पहाडको वन र खोलानाला तस्करको हातमा पुगेको छ । यसको दोहनले हिमाल र तराईको जीवन संकटमा पार्दै गएको छ । नेपालमा बाढी, पहिरोको समस्या झन्, झन विकराल बन्दै गएको छ ।

हाम्रा हिमालहरु हिउँ विहिन बन्दै छ, तराईमा पानीको हाहाकार छ । हिमालको हिउँ किन पगँलिदैं छ अनि मधेशमा किन पानी विलाउँदै ? प्रश्न चौतर्फी उठिरहेको छ । हिमालमा हिउँ हराउनु र मधेशमा पानी विलाउनु संगसंगै भइरहेको छ । यसो हुनुको मुख्यकारण चुरेका वन, प्राकृतिक श्रोतको अत्याधिक दोहन हुनुले हो । जसले गर्दा समयमा पानी नपर्नु, पानी परेपछि ठूलै पर्छ । तापक्रम ह्वातै बढ्छ । त्यसले गर्दा हिमालमा हिउँ हराउँदै छ, मधेशमा बाढीले डुबाउँछ । चुरे रहेन भने मधेश रहँदैंन उता सेताम्य हिमाल काला पथ्थरको थुप्रोमा परिणत हुने छ ।

पानी हाम्रो सभ्यता हो ।पानी हिमालले दिन्छ । चुरे संरक्षणले मात्रै यो सभ्यता बाँच्छ । तर, पैसा कमाउने दाउले हाम्रो सभ्यता चौपट बन्दै छ । भोजन नभएपनि एक केही दिन बाँच्न सक्छौं तर, पानी नभए हामी एक छिनमै प्याकप्याक हुन्छौं । वालुवा, गिट्टी, ढुंगा उत्खननले चुरे पनि मासिँदै गएको छ भने त्यहाँ रहेको पानीको मुहान पनि नासिदैं गएको छ ।

प्राकृतिक दोहनले पर्यावरणसंगै समाजिक तथा आर्थिक क्षेत्रलाई पनि चपेटामा पारेको छ । चुरेमा गरिने दोहनले मधेश मरुभूमीकरण हुन्छ । अहिले नै खानेपानीको मुहान सुक्ने समस्या विकराल बन्दैं गएको छ । देशमा राजनीतक अस्थिरता भएको बेला प्रकृतिमाथि प्रहार भएको विगतमा देखिएकै हो ।

बर्षाभएपछि साउन, भदौं र असोजमा कुवा, मुल पुट्ट । त्यहाँबाठ चुरेबासीहरु प्यास मेटाउँछन् । बाँकी ९ महिना चुरेमा बसोबास गर्नेहरु पिउने पानीको चरम अभाव खेप्छन् ।

चुरियाबाट बालुवा, गिटी, ढुङ्गाको दोहोन भएपछि तराईका ३६ जिल्लामा खानेपानीको मुहान सुक्दैं गएको छ । इनार, चपाकल, नदी, दहहरु पानी विहिन बन्दैं गएको छ । बालुवा, गिटी, ढुंगा, माटोले चुरिया पहाड बनेको छ। यसको स्वरूप भुसभुसे छ । भिरमा बाखा कुदाँ पनि सुख्खा पहिरो खस्छ । त्यसैले चुरेलाई सम्बेदनशील क्षेत्र भन्दै नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको पहलमा सरकारले २०७२ सालमा संरक्षित क्षेत्र घोषणा गर्यो । चुरेमा चाप परेपछि वातावरण सन्तुलन खलबलिएको छ। केही लोभीपापीहरुको हर्कतले चुरे विनासल सिङ्गो मधेशमा वाढी, डुवान जस्ता प्राकृतिक प्रकोपको त्रास बढ्न थालेको छ ।

अवैध उत्खन्न र चुरिया क्षेत्रको वन फँडानीले मधेश मरुभूमीकरण हुने खतरा बढ्दो छ । चुरे दोहोनले देशको साँस्कृतिक, सामाजिक, राष्ट्रिय एकताको पहिचानमा असर पनि पुर्‍याईरहेको छ । तराई मधेश भनेको आधा नेपाल हो । नेपालको जनगणा २०६८ अनुसार १ करोंड ४७ लाख ४८ हजार ६७२ जना मानिसहरु चुरेको काँधमा फैलिएको मधेशमा बसोबास गर्छन् । अन्न, पानी, प्राणवायु,जडिबुटी, फलफूल, कन्दमुल लगायत सबै चिजवस्तु उनीहरु चुरेबाटै उपभोग गर्छन् ।

चुरेले मानवलाई वातावरणीय सेवा दिन्छ । जस्तै, पिउने पानी, स्वच्छ हावा । चुरिया वनमा बाघ, हात्ती, गैंडा, अर्नाजस्ता ठुला स्तनधारी वन्यजन्तुको वासस्थान पनि चुरेका वनजंगल र फाँटहरू नै हुन्। जैविक विविधताले चुरेक्षेत्र महत्वपूर्ण छ । यो भू-भागमा २८१ प्रजातिका रुख, १८६ प्रजातिका बुट्यान र वनस्पति पाइन्छन् । जीवजन्तुको विविधताका हिसाबले नेपालमा पाइने एक हजार ९१८ प्रजातिमध्ये एक हजार ३०८ चुरे तथा तराई मधेसमा पाइन्छन् । नेपालमा संकटमा रहेका ४९३ प्रजातिका जीवजन्तु चुरेक्षेत्रमा पाइन्छन् । त्यसैले चुरे चराचुरुंगी, जीवजन्तु, वनस्पतिको संरक्षणको मुहान हो । जीवजन्तु र चराचुरुंगी चुरेको गहना हो भने मानवका लागि जीवन संरक्षित चुरे रहँदैन भने हाम्रो प्रकृति सुन्दरता विहीन बन्छ ।

नेपालको उन्नती,प्रगति र समृद्धि चुरे संरक्षण विना सम्भव छैन । त्यसैले

समाजिक, आर्थिक, वातावरणी हिसाबले चुरेलाई हिमाल, पहाड र तराईबासी सबै मिलेर बचाउनु पर्छ। चुरे रहे मधेश रहन्छ, सगरमाथामा हिउँ रहे हाम्रो पहिचान विश्वमा रहन्छ।यसले समाजिक सद्भावको कडीलाई झन बलियो बनाउँछन्।

हराभरा तराई र सेताम्य हिमाल भावि पुस्तालाई उपहारको रुपमा नासो दिनलाई चुरे संरक्षण गर्नुको विकल्प छैन। 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' नारा सार्थक बनाउनु पर्छ। त्यसैले गम्भिर भएर चुरे संरक्षणमा सबै जुटौं। अनि मात्र हामी सबै सुरक्षित रहन्छौ।

अध्याय तीन

संस्कृतिको परिचय

संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परा रुपमा सिक्दै र भोग्दै आएको जीवन शैली हो । सामान्यतः रीतिथिति, परम्परा, वेशभूषा, खानपान, चाडपर्व आस्था, विश्वास, नाचगान, धर्मकर्म, शीपकला, कथा-गाथा आदिलाई मात्र संस्कृतिको रुपमा बुझ्ने गरिन्छ । कुनै पनि जाति, वर्ग र समुदायले परापूर्व कालदेखि नै अनवरत रुपमा अवलम्बन गर्दै आएको, अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रुप नै वास्तवमा संस्कृति हो । संस्कृति दुई प्रकारका छन् -मूर्त तथा अमूर्त संस्कृति जसलाई भौतिक तथा अभौतिक पनि भन्न सकिन्छ । मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरु (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेलमैदान, आदि मानव निर्मित वस्तुहरु पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरु (देख्न र छुन नसकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सीप, कला, खानपान, नाचगान, हासखेल, जात्रा/उत्सव, गीत-सङ्गीत, माया-प्रिती, रोदन-क्रन्दन, ज्ञान, विवेक, रुची, स्वभाव आदि अमूर्त वा अभौतिक वस्तुहरु पर्दछन् ।

विश्वमा हरेक जाति, वर्ग र समुदायले आ-आफ्नो तरिकाले जीवनयापन गर्ने भएकोले सोही अनुरुपको संस्कृति निर्माण हुने गर्दछ । त्यसैले संसारमा विभिन्न प्रकारको संस्कृतिको जन्म र विकास हुन पुगेको हो । ती संस्कृतिहरुलाई अलग-अलग ढङ्गले चिन्ने र बुझ्ने गरिन्छ । जस्तैः धर्मको आधारमा किराती संस्कृति, बौद्ध संस्कृति, हिन्दू संस्कृति, इस्लाम संस्कृति आदि; यसैगरी वर्गको आधारमा पिछडावर्ग (OBC), आदीवासी जनजाति संस्कृति, दलित संस्कृति, मुलवासी संस्कृति, जातको आधारमा कुशवाहा संस्कृति, यादव संस्कृति, दनुवार संस्कृति, तेली संस्कृति, मगर संस्कृति, गुरुङ्ग संस्कृति, राई संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, क्षेत्री संस्कृति, बाहुन संस्कृति, थारु संस्कृति आदि; यसरी नै भूगोल अनुसारको संस्कृति जस्तै : मधेशी संस्कृति, पहाडी संस्कृति, हिमाली संस्कृति, यसरी नै देश अनुसारको र भुगोल अनुसारको पूर्वीय संस्कृति, पाश्चात्य संस्कृति आदि । यसरी मानिसद्वारा निर्मित संस्कृतिको अनेक रुप र प्रकार हुने गर्दछन् । संस्कृति मानिसको पहिचान हो । अन्य पशुपंक्षी, जीवजन्तुहरु भन्दा मानिस पृथक

हुनको प्रमुख कारण संस्कृति नै हो । प्रस्तुत आलेखमा संस्कृतिको परिचय, अर्थ तथा परिभाषा, संस्कृतिको निर्माण, संस्कृतिको विशेषता, संस्कृतिको वर्गीकरण आदि विषयमा चर्चा गरिएको छ ।

संस्कृतिको अर्थ तथा परिभाषा

'संस्कृति' को शाब्दिक अर्थ परिष्कार, परिमार्जन, शुद्ध, व्यवस्थित, सुधारिएको, सुसंस्कृत भन्ने लाग्दछ । अङ्ग्रेजीमा संस्कृतिलाई (Culture) भनिन्छ । यो ल्याटिन भाषाको 'Cultura' बाट आएको हो र यसको अर्थ पनि मानिसको सभ्यता वा परिष्कार भन्ने नै लाग्दछ । तर वर्तमान समयमा र आजको सन्दर्भमा भने संस्कृतिको अर्थ परिष्कार, शुद्ध भन्दा पनि यसलाई सामाजिकताको रुपमा बुझ्नु वाञ्छनीय देखिन्छ ।

संस्कृति मानवद्वारा निर्मित मानिसकै आन्तरिक विश्वास हो । हरेक व्यक्तिमा आफ्नो संस्कृतिको अमिट छाप परेको हुन्छ । जतिसुकै, अवैज्ञानिक, असुन्दर वा अनुपयोगी भए पनि मानिसलाई आफ्नो संस्कृति प्यारो लाग्दछ। त्यसैले संस्कृतिलाई एक्कासी परिवर्तन गर्न वा छाड्न मानिसलाई कठिन हुन्छ। त्यसैले संस्कृतिको अर्थ परिष्कार, उन्नत, सुधारिएको, शुद्ध, पवित्र नभई आस्था एवम् विश्वासमूलक जीवन पद्धति वा शैलीको अर्थमा बुझिनु उपयुक्त हुन्छ। तर, संस्कृति समय, आवश्यकता र परिस्थितिअनुसार निरन्तर रुपमा परिष्कृत, परिवर्तन भइरहने तत्त्व हो ।

संस्कृति के हो ? भन्ने सवालमा विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरुले आ-आफ्नै ढङ्गले परिभाषित गर्ने गरेको पाइन्छ । ती विभिन्न परिभाषाहरुमध्ये मुख्य केही परिभाषाहरु देहाय अनुसारका छन् :

बाबुराम आचार्य (२०५४) का अनुसार देश, समाज वा जातिहरुमा रहेको चालचलन, रीतिरिवाज, भेषभूषा, आमोद-प्रमोद, शिल्प व्यवसाय, धार्मिक मान्यता र भाषा एवम् साहित्य आदि मानसिक चिन्तनका उपजको समष्टि नै त्यस देश, समाज वा जातिको संस्कृति हो ।

यसरी नै रेशराज अधिकारी र हरिहर घिमिरे (२०५६) का अनुसार सारांशमा भन्ने हो भने संस्कृति मानवले एक समाजको सदस्यको हैसियतले आर्जन गरेको ती सम्पूर्ण कुराहरुको योग हो, जसमा ज्ञान, विश्वास, मूल्य, मान्यता, भाषा, कानुन, प्रथा आदि कुराहरुको समावेश भएको हुन्छ ।

संस्कृतिसम्बन्धी नेपाली शब्दसागर (२०५८) मा यस्तो उल्लेख गरिएको छ - कुनै चिजलाई परिमार्जन गरी निस्खोट दिने काम, परिष्कार, संस्कार, कुनै राष्ट्र वा जातिको सर्वाङ्गीण प्रतिबिम्ब देखिने शिल्प-विचार, दर्शन आदि क्रियाकलापको परिष्कृत रुप, अनन्त पूर्वदेखि आचार-विचार, आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप देखिने अभिव्यक्ति आदि समेतको समूह वा साधन, कला-साहित्य-भाषा-धर्म आदि मूल्य परम्पराको समष्टि नाम ।

निनु चापागाई (२०५९) का अनुसार संस्कृति, सामाजिक, आर्थिक संरचनाको प्रतिबिम्ब भएको हुँदा यसको परिधि एकदमै व्यापक छ । मानव जातिले भौतिक र मानसिक श्रमबाट सिर्जना गरेका सबै मूल्यवान् वस्तुहरु संस्कृति हुन् ।

भरत प्रसाद लामिछाने (२०६३) का अनुसार वैयक्तिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक व्यवस्था र कलाकौशल, रहनसहन, भाषा, भेषभूषा, उपासना र परम्परागत संस्कार आदि समस्त हलचल नै संस्कृति हो ।

अमर गिरी (२०६७) भन्छन् - संस्कृति भन्नाले भौतिक र आत्मिक संस्कृतिको योग भन्ने बुझिन्छ ।

भक्त राई (२०७१) का अनुसार संस्कृति भनेको मानिसले प्राचीन समयदेखि आस्थापूर्वक एवम् विश्वासपूर्वक अवलम्बन गर्दै आएको जीवन शैली हो ।

टायलर (Tylor, 1871) का अनुसार संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा र कुनै अन्य क्षमताहरु एवम् आदतहरु समावेश हुन्छ, जसलाई मानिसले समाजको सदस्य भएको नाताले आर्जित गर्दछ ।

अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ को धारा २ ले 'अमूर्त सांस्कृतिक सम्पदा भन्नाले प्रचलनहरु, प्रतिनिधिहरु, अभिव्यक्तिहरु, ज्ञानसिपहरु साथ-साथै साधनहरु, वस्तुहरु, कलावस्तुहरु र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरु जसलाई ती समूदायहरु, समूहहरु तथा कतिपय अवस्थामा व्यक्तिहरु समेतले सांस्कृतिक सम्पदाको अङ्गको रुपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्छ भनिएको छ ।

यसरी संस्कृति सम्बन्धी विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरुले आ-आफ्ना विचारहरु व्यक्त गरेका भेटिन्छ । यी विभिन्न परिभाषाहरुको सार के

हो भने संस्कृति भनेको मानिसद्वारा निर्मित मानिसले नै अवलम्बन गर्ने समग्र क्रियाकलाप हो । मानिसले जीविकोपार्जन गर्ने क्रममा आवश्यकता र आनन्द परिपूर्ति गर्नका निम्ति गरिने विभिन्न प्रकारका क्रियाकलापहरु जुन निरन्तर रुपमा प्रयोग र परीक्षण गर्ने क्रममा मानिसको जीवनशैली, वा जीवन पद्धति बन्न पुग्दछ, त्यही निरन्तरताको समष्टि रुप नै वास्तवमा संस्कृति हो । यसरी हेर्दा के देखिन्छ भने संस्कृति भनेको मानिसले जीवन यापनका क्रममा परम्परागत रुपमा अनि अनवरत रुपमा अपनाउँदै आएको जीवनशैली वा पद्धति नै संस्कृति हो जुन मानिसको अभिन्न अङ्गको रुपमा रहेको हुन्छ ।

संस्कृतिको निर्माण

मानिस सामाजिक प्राणी हो । ऊ समाजमै जन्मन्छ, हुर्कन्छ र समाजमै जीवनयापन गर्दछ। त्यसैले मानिसले समाजबाटै सम्पूर्ण ज्ञानहरु सिक्दछ। मानिसले सृष्टिकालदेखि आफ्नो जीवनयापन गर्ने क्रममा अनेकौं समस्या र आवश्यकतासँग मुकाविला गर्न बाध्य भए। मानिस आफू बाँच्न र आफ्ना सन्ततिहरुलाई बचाउनका निम्ति विभिन्न किसिमका क्रियाकलापहरु अपनाउनु पर्ने भयो । यसरी विभिन्न कार्यहरु एकदिन मात्र गरेर मानिसलाई पुगेन। त्यो काम उसले वारम्बार गर्नु पर्ने भयो । मानिसलाई बाँच्नका निम्ति खानाको बन्दोबस्त गर्नु पर्‍यो, हावा, पानी, हुरी, जाडो, गर्मी तथा वन्यजन्तुबाट वच्नका निम्ति आवासको निर्माण गर्नुपर्ने भयो। यसरी जीविकोपार्जन गर्ने क्रममा मानिसले निरन्तर रुपमा अनेकौं कार्यहरु गर्नुपर्ने भयो । यो क्रियाकलाप वा दिनचर्या मानिसको अभिन्न अङ्ग बन्न पुग्यो यसरी निरन्तर रुपमा बाँच्नको निम्ति अपनाइने जीवनशैली वा जीवन पद्धति नै कालान्तरमा मानिसको संस्कृति बन्न पुग्यो । यसरी मानिसद्वारा निर्मित संस्कृति उसले बाँच्ने आधार, तरिका, समय, भूगोल र परिस्थितिअनुसार फरक-फरक हुँदै जाने गर्दछ । आजभन्दा एक हजार वर्ष अगाडिको मानिसको संस्कृति अथवा जीवनशैली र वर्तमान समयको मानिसको संस्कृति वा जीवनशैली फरक हुनको कारण यही नै हो । त्यसैले मानिसको चेतना आवश्यकता र समय अनुसारको संस्कृतिको निर्माण र विकास हुँदै जाने गर्दछ ।

मानिस जुन संस्कृतिमा हुर्कन्छ सोही अनुसारको उसको सोचाई, बुझाई तथा आचरण हुने गर्दछ। त्यसैले संस्कृतिलाई मानिसले आफ्नो अभिन्न अङ्गको रुपमा अङ्गीकार गर्दै आएको हुन्छ । मानिसले राम्रो, नराम्रो सही, गलत केही नहेरी आफ्नो परम्परागत संस्कृतिलाई पछ्याई रहेको हुन्छ । त्यसैले मानवशास्त्रमा संस्कृति र व्यक्ति बिचको अन्तरसम्बन्धलाई केलाउने कार्य गरिन्छ जसलाई मनोवैज्ञानिक मानवशास्त्र (Psychological Anthropology) भनिन्छ । किनभने संस्कृति सामाजिक वस्तु हो परन्तु संस्कृतिमा व्यक्तिको पनि महत्वपूर्ण भूमिका रहन्छ। यसरी नै व्यक्तिमा पनि संस्कृतिको गहिरो छाप परेको हुन्छ। संस्कृति कसरी व्यक्तिको चरित्रमा हावी भएर बसेको हुन्छ भन्ने सन्दर्भमा मानवशास्त्री भिक्टर बारनो (Victor Barnouw, 1973) भन्छन् - संस्कृति र व्यक्तिको अध्ययनले खास खालको सामाजिक वातावरणभित्र रहने व्यक्तिगत वा सामाजिक चिनारीको बृद्धि र

विकासलाई बुझ्ने प्रयत्न गर्छ । त्यसैले मानिस जुन सांस्कृतिक धरातलमा बाँचेको हुन्छ सोही अनुरुपको उसको व्यक्तित्व निर्माण भएको हुन्छ । यसैगरी कतिपय लोकप्रिय तथा सामाजिक अगुवा व्यक्तिको कारण पनि सांस्कृतिक अवयवमा पनि परिवर्तन देखा पर्न सक्दछ । त्यसैले व्यक्ति, समाज र संस्कृति एक अर्काको अभिन्न अङ्ग हुन् । यसरी संस्कृतिको निर्माण मानिसको आवश्यकता आस्था र आनन्दका लागि व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रले थाहै नपाई गरिरहेको हुन्छ ।

प्राणी जगतमा मानिसलाई सर्वश्रेष्ठ प्राणी किन पनि भनिन्छ भने मानिससँग अन्य प्राणीभन्दा फरक ज्ञान, विवेक, विचार, अनुभव, अनुभूति, जिज्ञासा, कौतुहल, चिन्तन्, चेतनाजस्ता मानसिक विशिष्ट गुण विद्यमान हुन्छ । मानिस सृष्टिकालदेखि नै विस्तारै विस्तारै विकसित अवस्थामा लम्किरहेको हुन्छ । मानवसभ्यताको प्रारम्भ अवस्थादेखि वर्तमान समयसम्म आइपुग्दा मानिसले जे-जति विकास र उन्नति गर्न सफल भएको छ त्यो कल्पनाभन्दा बाहिरको विषय हो । यही रफ्तारमा मानिस अगाडि बढ्दै जाने हो भने अबका सय वर्ष पछिका मानिसहरुको जीवनशैली कल्पनै गर्न कठीन छ । यसबाट के देखिन्छ भने मानिसको समग्र क्रियाकलाप, जीवनशैली या जीवनपद्धति परिवर्तनशील छ । मानिसको समग्र जीवनशैली नै उसको संस्कृति भएकोले संस्कृति स्वतः परिवर्तनशील छ ।

कुनै पनि जाति, वर्ग, समुदाय वा राष्ट्रको संस्कृतिको निर्माण र विकास तुरुन्तै नभएर हजारौं वर्षको निरन्तरताबाट मात्र भएको हुन्छ । त्यसैले संस्कृति हजारौं हजार वर्षको त्याग र तपस्याको क्रमबद्ध इतिहास पनि हो । संस्कृतिको निर्माण कुनै एक व्यक्तिको प्रयासले मात्र सम्भव हुँदैन । वास्तवमा संस्कृति त्यस्तो तत्त्व हो जसले मानिसलाई एक जैविक प्राणी (Biological Being) बाट सामाजिक प्राणी (Social Being) मा परिवर्तन गरिदिन्छ । त्यसैले संस्कृतिको निर्माण मानिसले जीवन भोगाइका क्रममा निरन्तर निरन्तर रुपमा थाहै नपाई गरिरहेको हुन्छ जो आवश्यकता, समय, सन्दर्भ र परिस्थितिअनुसार गतिशील र थपघट हुँदै जान्छ ।

संस्कृतिको विशेषता

संस्कृति मानव निर्मित वस्तु हो र यसलाई मानवले नै अवलम्बन गर्दछन् । संस्कृतिको आफ्नै प्रकारको विशेषता हुन्छ, यसका प्रमुख विशेषताहरु निम्नानुसार छन् :

मानव निर्मित वस्तु

मानिसले आफ्ना आवश्यकता (गास, बास, कपास) र आनन्द (मनोरञ्जन तथा विरह, दुःख, कष्ट) प्राप्त गर्नका वा अभिव्यक्त गर्नका लागि निर्माण गरेको क्रियाकलापको समष्टि योग नै वास्तवमा संस्कृति हो । त्यसैले संस्कृतिको प्रमुख विशेषता यो मानव निर्मित वस्तु हो ।

प्राचीनता

संस्कृतिको महत्वपूर्ण विशेषता प्राचीनता हो । मानिस जति नै सभ्य र आधुनिक बन्न पुगे पनि उसको व्यवहारमा प्राचीन संस्कृति कतै न कतै झल्केकै हुन्छ । मानिसले सृष्टिकालदेखि नै आफ्नै प्रकारको संस्कृति निर्माण गरेको हुन्छ, जसले मानिसलाई पछ्याई रहेको हुन्छ । त्यसैले संस्कृति रातारात तुरुन्तै निर्माण नभई प्राचीन समयदेखि नै निरन्तर रुपमा हस्तान्तरण हुँदै आएको वस्तु हो ।

परिवर्तनशील

संस्कृति परिवर्तनशील वस्तु हो । प्राचीन समयदेखि वर्तमान युगसम्म फड्को मार्दा मानिसले अनेकौँ संस्कृतिको निर्माण गर्दै तथा छाड्दै आएका छन् । र ती परम्परित संस्कृतिहरु समय, परिस्थिति, सन्दर्भ तथा आवश्यकताअनुसार क्रमशः गतिशील थपघट एवम् परिवर्तित हुँदै जान्छन् । त्यसैले संस्कृति परिवर्तनशील वस्तु हो ।

हस्तान्तरित

आज हामी जुन सांस्कृतिक धरातलमा बाँचेका छौँ, त्यो अघिल्लो पुस्ताबाटै हामीलाई प्राप्त भएको हो । संस्कृति एक व्यक्तिबाट अर्को व्यक्ति, एक समाजबाट अर्को समाज तथा एक पुस्ताबाट अर्को पुस्ता सामु हस्तान्तरण हुँदै जाने वस्तु हो । त्यसैले यो हस्तान्तरित हुँदै जाने वस्तु हो ।

परिष्कृत, परिमार्जित

संस्कृति गतिशील हुँदै जाने क्रममा परिवर्तन हुने क्रममा परिष्कृत परिमार्जित एवम् थपघट हुँदै जाने गर्दछ । कुनै पनि जाति, वर्ग वा समुदायमा प्रचलित कतिपय नराम्रा परम्पराहरु विस्तारै छाड्दै जाने, हराउँदै जाने गर्दछ । जस्तै : नेपालमा प्रचलित बालबिवाह, बहुविवाह, सतीप्रथा, दासप्रथा, छाउपडी प्रथा, दाइजो (दहेज) प्रथा आदि नराम्रा परम्परित संस्कृतिहरु विस्तारै परिमार्जन हुँदै जानु यसको विशेषता हो ।

आध्यात्मिकता

संस्कृति मानिसको आस्था, आसा, भरोसा, विश्वास पनि हो । त्यसैले संस्कृतिभित्र आध्यात्मिक भावना र चिन्तन विद्यमान हुन्छ । संस्कृति एउटा व्यापक एवम् समष्टि प्रक्रिया हो । यसभित्र धर्म, दर्शन, संस्कार, आस्थाजस्ता आध्यात्मिक ज्ञान तथा चिन्तन समेत रहको हुन्छ। संस्कृतिलाई अत्यन्त श्रद्धापूर्वक अवलम्बन गर्ने कारण पनि मानिसको यसप्रतिको आस्था एवम् विश्वास नै हो ।

पृथकता

संस्कृतिको अर्को महत्वपूर्ण विशेषता भनेको यसको पृथकता हो । मानिस जीविकापार्जनका लागि संसारका विभिन्न क्षेत्रमा विस्तारित हुने क्रममा विभिन्न प्रकारका संस्कृतिहरुको निर्माण हुन पुग्यो । त्यसैले संस्कृति जाति, धर्म, भूगोल, देशअनुसार फरक-फरक खालका हुन्छन् । त्यसैले संस्कृति समय, समाज र समुदायअनुसार पृथक हुन जान्छ ।

यसरी हेर्दा के देखिन्छ भने संस्कृति मानव निर्मित हुनु, प्राचीन तथा परिवर्तनशील हुनु, परिष्कृत, आध्यात्मिकता, हस्तान्तरित एवम् पृथक हुनु यसको महत्वपूर्ण विशेषता हो ।

संस्कृतिको वर्गीकरण

संस्कृति मूलतः दुई प्रकारका हुन्छन् । देख्न र छुन सकिने संस्कृति जसलाई भौतिक वा मूर्त संस्कृति भनिन्छ र देख्न र छुन नसकिने संस्कृति जसलाई अभौतिक

वा अमूर्त संस्कृति भनिन्छ । अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ मा : 'अमूर्त सांस्कृतिक सम्पदा' भन्दाले प्रचलनहरु, प्रतिनिधिहरु, अभिव्यक्तिहरु, ज्ञान, सीपहरु साथसाथै साधनहरु, वस्तुहरु, कला वस्तुहरु र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरु, जसलाई ती समुदायहरु, समूहहरु तथा कतिपय अवस्थामा व्यक्तिहरु समेतले सांस्कृतिक सम्पदाको अंगको रुपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ ।' भनी परिभाषित गरिएको छ ।


संस्कृति
मूर्त (देख्न र छुन सकिने)
अमूर्त (देख्न र छुन नसकिने)
आस्था / अनुष्ठानमूलक
गुम्बा
मस्जिद
माङ्खिम
मन्दिर
चर्च
पूजा-अनुष्ठानका सामग्री आदि
जीविकोपार्जनमूलक
खाद्य तथा पेय सामग्री
घरायसी औजारहरु
निर्माण सामग्री
पहिरन सामग्री
हातहतियार
कृषि औजार
गरगहना
भाँडाकुँडाहरु आदि
मनोरञ्जनमूलक
खेलकुदका सामग्री
वाद्य सामग्री
मनोरञ्जनका साधनहरु
उपहार (कोशेली) आदि
आस्था / अनुष्ठानमूलक
भाषा, धर्म
कानुन, उपदेश
मन्त्र, कैरन
मान्यता, प्रार्थना
चिन्तन, विश्वास
ज्योतिष, जोखाना
प्राचीन परम्परा
आशीष,श्राप
गाथा, मिथक, कथा आदि
जीविकोपार्जनमूलक
सीप / कला
ज्ञान
उपचार विधि
तन्त्रमन्त्र
झारफुक
सेवा आदि
मनोरञ्जनमूलक
गीत, सङ्गीत
साहित्य
कला
माया-प्रिती
बातचित
नाचगान
चाडपर्व आदि

संसारमा संस्कृति यी दुई प्रकारका हुन्छन् । यी भौतिक तथा अभौतिक संस्कृतिभित्र मूलत: तीन प्रकारका संस्कृतिका प्रशाखाहरु रहेका हुन्छन् - आस्था एवम् अनुष्ठानमूलक संस्कृति, जीविकोपार्जनमूलक संस्कृति र मनोरञ्जनमूलक संस्कृति ।

निष्कर्ष

संस्कृति मानवद्वारा निर्मित मानवमात्रले अबलम्बन गर्ने भौतिक तथा अभौतिक क्रियाकलाप हो । संस्कृति मानिसको पहिचान हो । मनुष्यलाई उसको संस्कृतिबाट अलग गर्नु भनेको मनुष्यलाई मनुष्यबाट अलग गर्नु हो । त्यसैले मानिस जहाँ-जहाँ पुग्दछ त्यहाँ-त्यहाँ उसले आफ्नो प्राचीन संस्कृतिलाई पनि सँगसँगै लगेको हुन्छ । जसरी संस्कृतिको निर्माण हजारौं वर्षको निरन्तरताबाट हुन्छ, त्यसरी नै पुरानो संस्कृतिलाई परित्याग गर्दै नवसंस्कृतिको निर्माण र अबलम्बन गर्नु पनि लामो समय लाग्छ । समय आवश्यकता, परिस्थिति र सन्दर्भअनुसार संस्कृति परिवर्तन हुँदै जान्छ तर यसको परिवर्तन पूर्ण रुपमा र तीब्र गतिमा भने हुँदैन । संस्कृति जाति, वर्ग, समुदाय, भूगोल र राष्ट्र अनुसारका अलग-अलग प्रकारका हुन्छन् । (डा.भक्तराई)

दर्शन र अन्य क्षेत्रको सम्बन्ध

दर्शन भनेको यो चराचर जगत् र उसमा विद्यमान सम्पूर्ण सजीव-निर्जीव वस्तुहरूप्रतिको दृष्टिकोण हो । जीवन के हो ? जगत् के हो ? यसको उत्पत्ति कसैले गऱ्यो कि आफैं भयो ? कहिले भयो ? किन भयो ? कसरी भयो ? यसको अन्त्य वा विनाश हुन्छ कि हुँदैन ? हुन्छ भने कहिले हुन्छ ? कसरी हुन्छ ? हुँदैन भने किन हुँदैन ? मानिस किन जन्मन्छ ? किन मर्छ ? जीवन के हो ? मृत्यु के हो ? जस्ता सम्पूर्ण जीवन र जगत्प्रतिको विश्व दृष्टिकोण नै वास्तवमा दर्शन हो । यसरी दर्शनले जीवन र जगत्प्रतिको आन्तरिक दृष्टिकोण राख्ने भएको हुनाले जीवन र जगत्सँग सम्बन्धित अनेकौं विषय र क्षेत्रसँग दर्शनको सम्बन्ध गाँसिएको हुन्छ । मानिसले जीविकोपार्जन गर्ने क्रममा अनेकौं प्रकारका क्रियाकलाप गर्नुपर्ने हुन्छ ती समग्र जीवनका क्रियाकलापहरूसँग दर्शनको सम्बन्ध पनि जोडिएर आउँछ । त्यसैले प्रस्तुत कार्यपत्रमा दर्शन र अन्य क्षेत्रहरूसँगको सम्बन्धका बारे

विवेचना गरिएका छन् । खास गरेर यस कार्यपत्रमा दर्शन र संस्कृति, धर्म, विज्ञान, कला, मानवशास्त्र, समाजशास्त्र तथा प्रकृतिपूजाको के कस्तो सम्बन्ध छ यस बारेमा अनुशीलन गरिएको छ ।

विषय परिचय

'दर्शन' शब्दको सामान्य अर्थ देख्नु वा हेर्नु हुन्छ तर यसको विशिष्ट अर्थ अध्ययन, चिन्तन तथा अनुभूतिका आधारमा गरिएको दृष्टिकोण भन्ने लाग्छ । दर्शन शब्दको उत्पत्ति दर्शनाथक दृश् धातुबाट ल्युट (अन) प्रत्ययद्वारा भएको हो, जसको अर्थ हुन्छ 'देख्नु' वा अवलोकन गर्नु । अतः यसको अर्थ हुन्छ 'दृश्यते अनेन इति दर्शनम्' अर्थात् जसबाट देख्न सकिन्छ त्यो नै दर्शन हो (मिश्र,२०४० :३) । 'दर्शन' शब्दका लागि अङ्ग्रेजीमा Philosophy शब्दको प्रयोग गरिन्छ । यो Philosophy शब्द ग्रीक भाषा Phileo जसको अर्थ प्रेम गर्नु र Sophia जसको अर्थ ज्ञान हुन्छ । यी दुई शब्द मिलेर बनेको हो । यसरी फिलोसफी (Philosophy) को अर्थ ज्ञानको प्रेम वा ज्ञानको अनुराग भन्ने लाग्छ । यसरी हेर्दा के देखिन्छ भने पाश्चात्य जगत्मा दर्शनको अर्थ मूल रूपमा बौद्धिकता नै हो । पूर्वीय जगत्मा भने दर्शनको व्युत्पत्तिगत साधारण अर्थ देख्नु, हेर्नु हो ।

दर्शन भनेको जीवन र जगतलाई हेर्ने, बुझ्ने आन्तरिक बौद्धिक दृष्टिकोण हो । यो मानिसको चिन्तन, मनन् तथा अनुभूतिको आधारमा बनेको भित्री विचार हो । दर्शन मानिसको जीवन र जगत्सम्बन्धीको आन्तरिक हेराइ वा विश्वदृष्टिकोण पनि हो । मानिस जुन परिवेश र पर्यावरणमा बाँचेका हुन्छन्, त्यही अनुभव र अनुभूतिका आधारमा उसले विश्वदृष्टिकोण तयार पार्दछ र सोही अनुरूपको दर्शन निर्माण गर्ने गर्दछन् ।

यसरी मानिसले आफूले जीविकोपार्जन गर्ने क्रममा आफ्ना व्यवहार, भोगाइ तथा चिन्तनको आधारमा बनेको जीवन र जगत् सम्बन्धी हेराइ र बुझाइ नै दर्शन हो ।

पाश्चात्य दर्शनमा प्रायः बौद्धिकताको प्रधानता रहने गर्दछ । यद्यपि कुनै-कुनै पाश्चात्य विद्वान्हरूले भने अपरोक्ष ज्ञानलाई स्वीकार गरेको पाइन्छ । भारतीय दर्शनले प्रायः अपरोक्षनुभूति वा आत्मसाक्षात्कारको प्रधान तथा बौद्धिक

चिन्तनलाई गौण मान्दछन् । 'दर्शन' शब्दको अर्थ नै साक्षात् देख्नु अर्थात् परम तहत्वका साक्षात्कार वा अपरोक्षानुभव हो । 'दर्शन' शब्दको अर्थ साक्षात्कारको लागि गरिने साधनको अर्थमा पनि लिएको देखिन्छ । श्रुति र तर्क साधन हो । 'आत्मालाई बुझ' यो भारतीय दर्शनको उद्घोष हो । आध्यात्मिक, अधिभौतिक तथा अधिवैदिक यी तिन प्रकारको दुःखको नाश एवं अखण्ड आनन्द प्राप्त गर्नु नै भारतीय दर्शनको लक्ष्य हो । श्रवण, मनन र निदिध्यासन यी लक्ष्य प्राप्तिका त्रिविध साधन हो । दर्शन र धर्मबिच निकट सम्बन्ध छ । कयौं भारतीय दर्शनका सम्प्रदाय धार्मिक सम्प्रदाय पनि हो । सुचिन्तित दार्शनिक विचारको नैतिकतामा नक्षेत्रको दर्शन केवल विलास वा बुद्धिवैभव मात्र हो । र दार्शनिक चिन्तनद्वारा परिपुष्ट बिना धर्म केवल अन्धविश्वास मात्र हुन पुग्दछ (शर्मा, १९९८ः १) ।

दर्शनलाई प्रायः जीवन र जगतसित सम्बन्धित विभिन्न विषयवस्तुहरूको दृष्टिकोण, यस लोकमा प्रगति र परलोकमा सद्गति प्राप्त गर्ने माध्यम, सांसारिक भ्रमहरूलाई चिरेर यथार्थ र वास्तविकताको समिप पुऱ्याउने बाटाको रूपमा लिने गरिन्छ । दर्शनले वास्तवमा के भयो ? किन भयो ? कसरी भयो ? भन्ने जिज्ञासाको समाधान खोज्दै कसरी जीवनलाई व्यवस्थित र सहजता प्रदान गर्दछ । दर्शनको काम जिज्ञासा र कुतूहल पैदा गर्नु मात्र नभई यसका निराकरणको उपायहरू समेत पत्ता लगाउनु हो । मानव मनमा कुतूहलता, जिज्ञासा र आश्चर्य पैदा हुन्छ र दर्शनको प्रारम्भ हुन्छ । दर्शन अध्ययनबाट थुप्रै ज्ञान र बाटाहरू प्राप्त गर्न सकिन्छ, फलतः दर्शन मानिसको जीवन र जीवनशैलीलाई रूपान्तरण गर्ने बाटो पनि हो ।

नेपाल दार्शनिक चिन्तनका हिसाबले अत्यन्त उर्वर तथा महत्वपूर्ण भूमि हो । यहाँ प्राचीन समयदेखि नै दर्शन चिन्तनको थालनी भएको हो । पूर्वीय षड दर्शन (आस्तिक) तथा अन्य जैन, चार्वाक र बौद्ध दर्शन जसलाई नास्तिक दर्शन भनिन्छ । यी दर्शनका अतिरिक्त यी दर्शनद्वारा छायामा परेका वा पारिएका किराती दर्शन तथा अन्य आदिवासीहरूका दार्शनिक चिन्तनहरू यस भूमिमा प्राचीन समयदेखि नै यत्रतत्र छरिएर रहेका छन् । त्यसैले नेपाल हिन्दू, किराती, बौद्ध तथा अन्य विभिन्न जातिजनजातिहरूका सांस्कृतिक विविधता, दार्शनिक विविधतायुक्त मूलक हो । दर्शनकै माध्यमबाट नेपाललाई समुन्नत, समृद्धि तथा नैतिकवान् मुलुक बनाउन सकिने हुनाले दर्शनको महत्व, व्यक्ति, जाति, वर्ग, समुदाय र राष्ट्रकै लागि समेत अत्याधिक रहेको छ ।

धर्म र दर्शन

धर्म के हो ? भन्ने सम्बन्धमा विश्वमा विभिन्न समयमा विभिन्न धर्मशास्त्रको तथा विद्वान्हरूको विभिन्न प्रकारका विचारहरू पाइन्छ । (नेपाली शब्दसागर, २०) मा धर्मलाई व्यक्ति वा वस्तुको मूल वृत्ति, प्रवृत्ति, प्रकृति, स्वभाव, नियत, नीति, स्वाभाविक गुण, सहजवृत्ति श्रेय, सुकृत, नियमित र निर्धारित काम वा व्यवहार, सुख, स्वर्ग प्राप्त हुने भन्ने लोकविश्वासको सुकर्म पुण्य कर्म लोकहितका लागि स्विकारिने कर्तव्य, कर्म, सदाचार, सत्कर्म, ईश्वर प्राप्ति वा सद्गतिका लागिको शास्त्रविहिन कर्म, स्वधर्म, सामूहिक कर्तव्य, कुनै मान्यजन वा महापुरुष वा आचार्य वा ऋषि वा ग्रन्थनिर्दिष्ट परलोक-सुख प्राप्ति हुने उत्तम कार्य, गुण, परिणाम स्थिति आवश्यकता अनुसार सर्वथा उचित ठहरिने काम उचित अनुचितको विवेक गर्न सक्ने चित्तवृत्ति, परोपकार कुनै महात्मा वा महापुरुषद्वारा प्रतिपादित सिद्धान्त भनेर उल्लेख गरिएको पाइन्छ । यसै गरी 'धर्म' सम्बन्धमा लक्ष्मी सिन्हा (सन् १९९८ : १) का अनुसार "धर्म" शब्द "धृ" धातुबाट बनेको हो, जसको शाब्दिक अर्थ हो "धारण गर्नु" । भारतीय मनिषीहरूले धर्मको परिभाषा के बताएको छन् भने "धारयते जैनरिती धर्मः" अर्थात् मनुष्यले जसलाई "धारणाको" रूपमा "धारण" गरेर आफ्नो आचरणमा उतार्छ त्यसैलाई धर्म भनिन्छ । पुनः धर्मको अर्थ निः श्रेयस" पनि हो जसको अर्थ "लौकिक एवम् पारलौकिक अभ्युद्य" यसैरी नै लीलाप्रसाद सापकोटा (२०७२ : १५) ले तनसुखराय गुप्तको उल्लेख गर्दै धर्मको अर्थलाई समवेत रूपमा पाँच विभिन्न अर्थमा विभक्त गरेका छन् भनी निम्नानुसार बताएका छन् -

१. पदार्थ मात्रको त्यो प्राकृतिक तथा मूलभूत विशेषता, वृत्ति वा गुण जुन त्यसमा सधैं स्थायी रूपमा विद्यमान रहन्छ, जसको त्यसबाट पहिचान बन्दछ र जसबाट त्यसलाई अलग गर्न सकिँदैन । जस्तो आगोको धर्म जल्नु, जलाउनु । जीवको धर्म जन्मनु-मर्नु, खुर्सानीको धर्म पिरो हुनु हो ।

२. सामाजिक क्षेत्रमा नियम, विधि, व्यवहार, आदिका आधारमा नियत र निश्चित ती सबै कर्म र कुराहरू जसको पालना समाजको अस्तित्व र स्थितिको निम्ति आवश्यक हुन्छ र जो प्रायः सर्वत्र सार्वजानिक रूपले मान्य हुन्छ । जस्तो-अहिंसा, दया, न्याय, सत्यता, आदिको आचरण मनुष्य मात्रको धर्म हो ।

३. लौकिक क्षेत्रमा ती सबै कर्म र कृत्य जसको आचरण र पालना कुनै विशिष्ट स्थितिका निमित्त निहित गरिएको हुन्छ । जस्तो माता पिताको सेवा गर्नु पुत्रको धर्म हो ।

४. आध्यत्मिक क्षेत्रमा ईश्वर, देवी, देवता, देवदूत पैगम्वर आदि प्रति मनमा हुने विश्वास वा श्रद्धाका आधारमा स्थित ती कर्म, कर्तव्य, धारणाहरू जुन विभिन्न जाति र देशका मानिसहरूमा अलग अलग रूपमा प्रचलित छन् र केही विशिष्ट प्रकारका आचार शास्त्र र दर्शन शास्त्रमा आधारित हुन्छन् । जस्तो इसाई, इस्लाम, हिन्दू आदि ।

५. सम्पूर्ण समाजलाई उचित नैतिक र व्यवहारिक नियम विधान जसले परलोक पनि सुधार्छ जस्तो मानवता र राष्ट्रियताको पालना गर्नु धर्म हो ।

यसरी हेर्दा के देखिन्छ भने धर्म भनेको कुनै पनि वस्तुको भित्री पहिचान, गुण वा विशेषता हो जस्तै : पानीको धर्म बग्नु, आगोको धर्म पोल्नु, ताप दिनु, हावाको धर्म बहनु, उड्नु आदि । अर्को अर्थमा भन्दा धर्म भनेको कर्तव्य हो । जस्तो कि छोरा छोरीको धर्म बुबाआमाप्रति सेवा गर्नु, विद्यार्थीको धर्म गुरुको आदेश मान्नु, गुरुको धर्म निष्पक्ष तथा सही ढङ्गले शिक्षा दिनु आदि । यसै गरी धर्मको अर्को अर्थ रहेको छ अज्ञात शक्ति, अलौकिक शक्ति वा ईश्वरप्रतिको भक्तिभाव । मूलत : धर्मलाई यही तिन सन्दर्भमा बुझ्ने गरिन्छ । अथवा आफ्नो कर्तव्य वा पहिचानलाई बचाई राख्नु, अलौकिक शक्ति वा ईश्वरप्रतिको भक्तिभावलाई धारणा गर्नु नै धर्म हो ।

दर्शन भनेको यो चराचर जगत र यसमा विद्यमान सम्पूर्ण सजिव-निर्जीव वस्तुहरूप्रतिको दृष्टिकोण हो । जीवन के हो ? जगत के हो ? यसको उत्पत्ति कहिले भयो ? कसले गर्यो ? किन गर्यो ? कहाँ गर्यो ? यसको अन्त्य हुन्छ कि हुँदैन ? हुन्छ भने कहिले हुन्छ ? हुँदैन भने किन हुँदैन ? सुख के हो ? दु:ख के हो ? जीवन के हो ? जस्ता जीवन र जगतप्रतिको विश्व दृष्टिकोण नै दर्शन हो । यसरी हेर्दा के देखिन्छ भने धर्मले नैतिकता बारे बताउँछ भने दर्शनले चिन्तन र विचार बारे बताउँछ । धर्म व्यवहारसँग सम्बन्धित छ भने दर्शन चिन्तनसँग सम्बन्धित छ । धर्मले कर्मको बारे बताउँछ भने दर्शनले किन गर्नु, किन नगर्नु भनेर कर्मको कारण खोज्दछ । धर्म आस्थासँग बुद्धिसँग सम्बन्धित छ भने दर्शन चिन्नतसँग सम्बन्धित छ । धर्मले सन्तुष्टि र मुक्तिको खोजी गर्दछ भने दर्शनले सत्यता र वास्तविकताको खोजी गर्दछ । यसरी नै धर्म कर्म, स्तुति र अनुष्ठानसँग सम्ँबन्धित छ भने दर्शन

ती कर्म, स्तुति र अनुष्ठानको कारणको खोजीसँग सम्बन्धित छ ।

यसरी हेर्दा के देखिन्छ भने धर्म र दर्शन एउटै जस्तो लागे पनि, उस्तै झैँ लागे पनि यिनीहरूबिच भिन्नता वा पृथकता भेटिन्छ । यति हुँदाहुँदै पनि धर्म र दर्शनबिच घनिष्ट सम्बन्ध समेत रहेको पाइन्छ । धर्म र दर्शन दुवैले जीवन र जगतको विषयमा खोजी गर्दछ । दुवैले कर्म, स्तुति, उपासना र यसका कारणका बारेमा बोल्दछ । यसरी धर्म र दर्शन अलग अलग स्वतन्त्र विधा हो परन्तु यी दुईबिच निकट सम्बन्ध रहेको पाइन्छ ।

संस्कृति र दर्शन

सामान्यतः संस्कृति भन्नाले रीतिथिति, चालचलन, परम्परा, वेशभुषा, चाडपर्व, खानपान, नाचगान आदिलाई बुझिन्छ । तर संस्कृति यति मात्र होइन । संस्कृति भनेको कुनै पनि जाति, वर्ग र समुदायले प्राचीन समयदेखि अनवरत रूपमा अवलम्वन गर्दै, अङ्गीकार गर्दै आएको जीवन भोगाईको समग्र क्रियाकलापको समष्टि रूप हो । मानिसले जीविकापार्जन गर्ने क्रममा गाँस, बास र कपासको निम्ति अनेकौं प्रकारका क्रियाकलापहरू गर्न विवश भए । यसरी खाना, नाना, छाना र मनोरञ्जनका लागि नियमित रूपमा गरिने विभिन्न प्रकारका क्रियाकलापहरू नै कालान्तरमा संस्कृति बन्न पुग्यो । संस्कृति के हो भन्ने विषयमा नेपाली शब्दसागर (२०) मा कुनै चिजलाई परिमार्जन गरी निस्खोट रूप दिने काम, परिष्कार, संस्कार कुनै शब्द वा जातिको सर्वाङ्गीन प्रतिविम्व देखिने शिल्प, विचार-दर्शन आदि क्रियाकलापको परिष्कृत रूप अनन्त पूर्वदेखि आचार विचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरूप देखिने अभिव्यक्ति आदि समेतको समूह वा साधन, कला, साहित्य, दर्शन, भाषा-धर्म आदि मूल्य परम्पराको समष्टि नाम भनेर बताईएको छ ।

सृष्टिकालदेखि नै मानिसहरू आफू र आफ्ना सन्तानहरूलाई बाँच्न र बचाउनका निम्ति संसारका विभिन्न भू-भागहरूमा छरिएर जीविकापार्जन गर्न थाले । यसरी मानिसहरू अलग अलग भूगोलमा छरिएर जीवनयापन गर्ने क्रममा अलग अलग प्रकारकै संस्कृतिको निर्माण हुन पुग्यो । यसरी हेर्दा के देखिन्छ भने संस्कृति भनेको मानिसको समग्र जीवन पद्धति हो भने दर्शन भनेको ती समग्र क्रियाकलापहरूको अर्थ र कारणको खोजी हो । त्यसैले संस्कृति जीवनपद्धतिसँग

सम्बन्धित छ भने दर्शन जीवन चिन्तनसँग सम्बन्धित छ ।

संस्कृति र दर्शन सम्बन्धमा अनेकन वहसहरू समेत भएको पाइन्छ । खास गरेर दर्शनले संस्कृतिको निर्माण गर्दछ कि संस्कृतिले दर्शनको निर्माण गर्दछ भन्ने विषयमा विभिन्न अलग अलग प्रकारका विचारहरू पाइन्छ । संस्कृति भनेको खानपान, भेषभुषा, रहनसहन आदि जीवन पद्धति हो । मानिसले जस्तो प्रकारको खानपान गर्दछ सोही अनुरूपको व्यवहार र चिन्तनको निर्माण गर्दछ । त्यसैले आहार अनुसारको आचार र आचार अनुसारको विचारको निर्माण हुने हुँदा संस्कृतिबाट दर्शनको निर्माण हुन सक्छ त्यसै गरेर दर्शनले जीवनलाई मार्गनिर्देश गर्ने हुँदा दर्शन अनुसारको जीवन पद्धति र सोही अनुसारको संस्कृतिको निर्माण हुने हुनाले संस्कृति र दर्शन दुवै मानव जीवनका पथ प्रदर्शक हुन्, जीवन मार्ग हुन् भन्न सकिन्छ ।

संस्कृति पनि कुनै न कुनै दर्शन-चिन्तनकै आधारमा निर्माण भएको हुन्छ भने दर्शन पनि सोही मानवीय जीवनको खोजी र चिन्तनको आधारमा खडा भएको हुँदा संस्कृति र दर्शनको अत्यन्त सुमधुर सम्बन्ध रहेको हुन्छ । दर्शन र संस्कृतिको सम्बन्धमा भिक्टर प्रधान (२०७२ : २८८) भन्छन् -"दर्शन र संस्कृतिको अन्योन्याश्रित सम्बन्ध छ, हाँस र हाँसको फुलको उत्पत्तिको प्रहेलिकाको जस्तो संस्कृतिको दर्शन हुन्छ दर्शनको पनि संस्कृति हुन्छ, दर्शनबाट संस्कृति जन्मन्छ र संस्कृतिबाट दर्शन । यी दुईको अन्योन्याश्रित कार्यकारण सम्बन्धको नैरन्तरिक चक्रमा मानव समुदायको जीवन पद्धतिको निर्माण र परिवर्तन भइरहने हो र त्यस क्रममा सभ्यताको अनेक खण्डीय इतिहास देखा परेका हुन् ।

संस्कृति र दर्शनबिच यी दुई विधाबिच निकट सम्बन्ध रहन्छ परन्तु दर्शन र संस्कृति पृथक र स्वतन्त्र विधा हुन् । संस्कृतिले व्यवहारसँग सम्बन्ध राख्दछ भने दर्शनले चिन्तन र व्याख्यासँग सम्बन्ध राख्दछ । संस्कृति कर्म हो भने दर्शन कर्मको व्याख्याता हो । संस्कृतिले अवलम्बन गर्दछ भने दर्शनले त्यसका कारण खोज्दछ र व्याख्या गर्दछ ।

यसरी हेर्दा के देखिन्छ भने संस्कृति र दर्शनबिच अत्यन्त सुमधुर सम्बन्ध रहेको छ । संस्कृति भनेको मानव जीवनको परम्परागत रूपदेखि हस्तान्तरण हुँदै आएको जीवन पद्धति हो । संस्कृतिको प्रत्यक घटकको दर्शन हुन्छ, किन गर्ने, किन नगर्ने, किन खाने, किन नखाने आदि । यसरी नै दर्शनको पनि संस्कृति हुन्छ

अर्थात् दर्शनले पनि संस्कृतिको निर्माण गर्दछ । दर्शनले मानिसलाई जीवनको गतिमयताको बारेमा, जिउने तौरतरिकाको बारेमा समेत व्याख्या गर्ने हुँदा सोही अनुरूपको संस्कृतिको निर्माण हुन्छ ।

विज्ञान र दर्शन

विज्ञानको समनार्थी अङ्ग्रेजी शब्द Science हो यसको निर्माण Scio वा Scire बाट भएको मानिन्छ र यसको अर्थ जान्नु भन्ने लाग्दछ । विज्ञानको अर्थ कुनै पनि विषयको क्रमबद्ध ज्ञान वा प्रमाणित ज्ञान भन्ने बुझिन्छ । ज्ञान चिन्तनसँग नजिक छ भने विज्ञान प्रयोगसँग नजिक छ । अध्ययन, अनुभव र अनुभूतिका आधारमा ज्ञानको निर्माण हुन्छ भने प्रयोग र परीक्षणका आधारमा विज्ञान निर्माण भएको हुन्छ । समग्रमा भन्दा 'विज्ञान' प्रयोग, परीक्षण र तथ्यको आधारमा निर्मित वस्तुगत ज्ञान हो भने 'दर्शन' चिन्तन, मनन्, अध्ययनको, अनुभवको आधारमा निर्माण भएको काल्पनिक तथा भावनात्मक ज्ञान हो । विज्ञानले कुनै पनि वस्तु जुन रूपमा छ त्यही रूपमा वस्तुगत अध्ययन गर्दछ भने दर्शनले त्यसको बहुरूपको अध्ययन गर्दछ । विज्ञानले कसरी भयो ? भन्ने खोजी गर्दछ भने दर्शनले किन भयो ? भन्ने विषयमा खोजी गर्दछ । यसै गरी विज्ञानले यस्तो हो भनेर परीक्षण गर्छ भने दर्शनले दर्शनले यो हो भनेर व्याख्या गर्दछ । विज्ञानले यथार्थमा जे छ त्यही भौतिक जगतको खोजी गर्दछ भने दर्शनले जे छैन त्यस्तो अभौतिक, अलौकिक वस्तुको समेत खोजी गर्दछ ।

यसरी हेर्दा विज्ञान र दर्शन परस्पर विरोधी विधाजस्तो देखिन्छ परन्तु यी दुईबिच अत्यन्त धेरै निकटता पनि पाइन्छ । विज्ञान र दर्शन दुवैको उद्देश्य जीवन र जगतबारे ज्ञान प्राप्त गर्नु नै हो । यसरी नै दुवै क्षेत्र चिन्तन, चेतना र व्याख्या विश्लेषण नै हो । प्रकृति र मानवीय रहस्यलाई पत्ता लगाउने क्रममा नै विज्ञान र दर्शनको निर्माण भएको । यसरी नै विज्ञान र दर्शनको प्रमुख उद्देश्य मानवीय सुःख, शान्ति र विकास नै हो । यसरी हेर्दा के देखिन्छ भने विज्ञान र दर्शन अलग अलग उद्देश्य र कार्यका लागि निर्माण भएको भए तापनि यिनीहरू दुवैको प्रमुख उद्देश्य भनेको मानवीय ज्ञान, चेतना र सुख नै हो ।

कला र दर्शन

दर्शन कुनै पनि वस्तु वा विषयको दृष्टिकोण हो भने कला त्यसको वा त्यो दृष्टिकोणलाई अभिव्यक्त गर्ने माध्यम हो । दर्शन आन्तरिक दृष्टिकोण हो भने कला बाहिरी आवरण हो । यसरी हेर्दा दर्शन र कलाबिच निकट सम्बन्ध रहेको देखिन्छ । कला र दर्शनका विषयमा वेदुराम भुसाल (२०६८ : २७) भन्छन् - दर्शन अन्तर्वस्तु हो भने कला त्यसको आवरण हो । त्यसैले सार र रूपको बिचमा जुन सम्बन्ध हुन्छ, त्यही सम्बन्ध दर्शन र कलाको बिचमा हुन्छ । दर्शनशास्त्रले जुन नियमहरूको प्रतिपादन गर्दछ, तिनै नियमको अनुशरण कलाले गर्दछ । फरक के हुन्छ भने दर्शनका सार्वभौम, आम र विशिष्ट नियमहरू एक आपसमा सम्बन्धित हुनका साथै पृथक अवधारणाको रूपमा रहेको हुन्छन् तर कलामा चाहिँ सबै नियम र अवधारणाहरू कलात्मक सिर्जनाका अङ्गहरूभित्र घुलमिल भएका हुन्छन् ।

यसरी हेर्दा के देखिन्छ भने कला अभिव्यक्ति हो भने दर्शन चिन्तन र व्याख्या हो । दर्शनले यस्तो हुनुपर्दछ भनेर व्याख्या गर्दछ भने कलाले यस्तो हो भनेर प्रदर्शन गर्दछ । कला सौन्दर्यसँग सम्बन्धित छ भने दर्शन चिन्तन र रहस्योद्घाटनसँग सम्बन्धित छ । समग्रमा भन्दा दर्शन र कला दुवैले जीवन र जगतको विषयमा नै वोध गराउँछ । दुवैले मानवीय रहस्य, मानवीय सुःख, सम्वृद्धि र आनन्दकै निमित बताउँछ । कला र दर्शन दुवै विधा मानवीय चिन्तन र व्यवहारको सर्वोत्तम अभिव्यक्ति हो ।

मानवशास्त्र र दर्शन

मानवशास्त्र भनेको मानवसम्बन्धी अध्ययन, अनुसन्धान व्याख्या र विश्लेषण गर्ने शास्त्र हो । यसैले मानिसको उत्पत्ति, विकास, नश्ल, वंश परम्परा, संस्कृति आदि भौतिक तथा अभौतिक विषयको अध्ययन गर्दछ । मानवशास्त्रले सिङ्गो मानवजीवन र जगत्लाई बुझ्ने, व्याख्या र विश्लेषण गर्ने गर्दछ । समाज, संस्कृति, दर्शन र मानिसबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । मानवशास्त्रले मानिसको उत्पत्ति, विकास, परिवर्तन जस्ता भौतिक तथा अभौतिक अवयवको समेत अध्ययन गर्दछ भने दर्शनले पनि मानव र भौतिक तथा अभौतिक जगतको खोजी र व्याख्या गर्दछ । तर फरक के छ भने मानवशास्त्रले मानव इतिहासको खोजी भौतिकवादी दृष्टिकोणबाट गर्दछ भने दर्शनशास्त्रले मानवको

ईतिहास आध्यात्मिक वा अलौकिक दृष्टिकोणबाट समेत खोजी गर्दछ । यसरी नै मानवशास्त्रले मानव र योसँग सम्बन्धित गतिविधिको मात्र खोजी गर्दछ भने दर्शनशास्त्रले यो सम्पूर्ण चराचर जगत्को खोजी र व्याख्या गर्दछ । यति हुँदाहुँदै पनि मानवशास्त्र र दर्शनबिच अत्यन्त निकट सम्बन्ध पाइन्छ । मानवशास्त्रले मानिसको उत्पत्ति, विकास, गति, परिवर्तन र मानव गतिविधिको लेखाजोखा गर्दछ भने दर्शनले पनि मानिस र उसका समग्रताको खोजी र व्याख्या गर्दछ । मानिस के हो ? ऊ किन खुसी हुन्छ ? किन दुःखी हुन्छ ? मानिसलाई कसरी सुःखी र सन्तुष्टी बनाउन सकिन्छ भन्ने जस्ता विषयको खोजी र समाधानका विषयमा समेत दर्शनशास्त्रले बताउने हुँदा दर्शन र मानवशास्त्रबिच निकट सम्बन्ध रहेको हुन्छ ।

समाजशास्त्र र दर्शन

समाजशास्त्रलाई सामान्य अर्थमा बुझ्ने हो भने व्यक्तिहरूको समूह, परिवार वा तिनीहरूको सामूहिकतालाई बुझिन्छ । तर समाजशास्त्रमा यसको अर्थ अलिक व्यापक र विशिष्ट लाग्दछ । 'समाज' व्यक्ति वा परिवारहरूको समष्टि रूप त हुँदै हो यसका अतिरिक्त समाज भन्नाले समाजभित्र निर्मित समग्र अवयवहरू समेतलाई बुझिन्छ । दर्शनको जस्तै ससमाजशास्त्रको चिन्तन र परम्परा प्राचीन समयदेखि नै हुँदै आएको देखिन्छ ।

व्यक्ति-व्यक्ति मिलेर परिवार र परिवार परिवार मिलेर समाजको निर्माण भएको हुन्छ । समाजको सर्वाङ्गीण विषयको अध्ययन, व्याख्या र विश्लेषण गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । 'समाजशास्त्र' सामाजिक जीवन, सामाजिक व्यवहार, समाजको प्रकृति, उत्पत्ति, परिवर्तन संरचना, विकास गतिविधि र सामाीजक सिद्धान्तसँग सम्बन्धित छ । समाजशास्त्रले समाज र समाजद्वारा निर्मित समग्र पक्षको खोजी, अवलोकन, अध्ययन, अनुसन्धान, व्याख्या र विश्लेषण गर्दछ । यसरी नै समाजशास्त्रले समाजभित्रका व्यक्ति, जाति, वर्ग र समुदायको विभिन्न सांस्कृतिक, सामाजिक विभिन्न घटकहरूको अन्तरसम्बन्ध, क्रिया-प्रतिक्रिया आदि बहुल पक्षको विवेचना गर्दछ ।

यसरी समाजशास्त्रले सामाजिक परम्पराहरू चालचलनहरू, मूल्य र मान्यताहरूको खोजी गर्दछ भने दर्शनले ती प्रचनल, मूल्य र मान्यताहरूको कारणको खोजी गर्दछ । समाजशास्त्रले समाज यस्तो छ भनेर वस्तुगत रूपमा

व्याख्या गर्दछ भने दर्शनशास्त्रले यस्तो हुनुको कारण यो हो भन्ने दृष्टिकोण प्रस्तुत गर्दछ। समाजको विभिन्न प्रकारको घटना, व्यवहार, अनुभव र अनुभूतिको आधारमा दर्शनको निर्माण हुन्छ जसलाई समाजदर्शन भनिन्छ भने दर्शनको आधारमा पनि नवीन र अलग समाजको निर्माण हुन सक्दछ। यसरी हेर्दा के देखिन्छ भने समाजशास्त्र र दर्शनबिच अत्यन्त निकट सम्बन्ध रहेको छ। हरेक समाजको आ-आफ्नै प्रकारको दर्शन हुन्छ भने हरेक दर्शनले पनि नयाँ समाजको निर्माण गर्न सक्दछ। यति हुँदाहुँदै पनि दर्शन र समाजशास्त्र नितान्त भिन्न विधा हुन्। समाजशास्त्रले समाजमा केन्द्रित भएर आफ्नो खोजी र अध्ययन गर्दछ भने दर्शनले समाजका अतिरिक्त संसारका अन्य सम्पूर्ण विषय र वस्तु सम्बन्धीको खोजीमा समेत छरिन्छ। समग्रमा भन्ने हो भने समाजशास्त्र र दर्शन दुवैले मानवीय विषय, मानवीय चिन्तन र विवेचनामा केन्द्रित हुने गर्दछ।

प्रकृति पूजा र दर्शन

संसारका सबै धर्म-दर्शनले प्रकृतिलाई सर्वाधिक महत्व दिएको देखिन्छ। मानिसले आफ्नो उत्पत्तिकालीन समयदेखि नै खास गरेर चेतनाको स्तर वृद्धि हुन थालेदेखि नै प्रकृतिलाई पूजा गर्न, श्रद्धा र भक्तिभाव व्यक्त गर्न थालेको देखिन्छ। जब मानिसले प्रकृतिको गतिलाई, परिवर्तनलाई अनि रहस्यलाई बुझ्न् सकेन त्यसपछि भने मानिस प्रकृतिकै शरणमा समर्पित भई प्रकृतिको पूजा गर्न थाल्यो। मानिस प्रकृतिमै जन्मन्छ, हुर्कन्छ र प्रकृतिकै काखमा मर्दछ त्यसैले पनि प्रकृतिलाई माताको रूपमा, जननीको रूपमा पनि पूजा गर्ने गरिन्छ। वेदका ऋचाहरूमा पाईने अग्नि, वायु, जल, सूर्य, पृथ्वी आदि प्रकृति वर्णन होस् वा आदिवासीहरूले प्रकृतिलाई ईश्वरको रूपमा गर्दै आएको श्रद्धा र भक्तिभाव होस यी सबै प्रकृतिप्रतिको पूजा नै हो। यसरी प्रकृति पुजनको सुरु भएको हो र प्रकृतिलाई पुज्नु भनेको के हो भने मानिसले प्रकृतिप्रति हेर्ने दृष्टिकोणको निर्माण हुनु हो अर्थात् दर्शन निर्माण हुनु हो। यसरी हेर्दा के देखिन्छ भने प्रकृतिपूजा पनि दर्शनकै कारण निर्माण भएको हो त्यसैले प्रकृति पुजनको आधार दर्शनले निर्माण गरिदिएको हो।

दर्शनले कुनै पनि वस्तु, घटना, विषय आदिको विषयमा दृष्टिकोण निर्माण गर्दछ। दर्शनले प्रकृति पुजनको कारण, आवश्यकता, महत्व र प्रक्रियाको बारे

खोजी गर्दछ भने प्रकृति पूजा पनि स्वयम् कुनै न कुनै दर्शनकै आधारशिलामा खडा भएको हुँदा प्रकृति पुजन र दर्शन बिच अत्यन्त निकट सम्बन्ध देखिन्छ ।

निष्कर्ष

दर्शन कुतूहल र समस्याबाट प्रारम्भ भएर त्यसको समाधानमा पुगेर टुङ्गिने र यसले विचार तथा घटनाको विश्लेषण क्षमतामा समेत विकास गर्ने हुँदा यसबाट हामीले हाम्रा विचारलाई सही ढङ्गमा प्रकट गर्न सक्छौं। किन भयो ? कसरी भयो ? कहिले भयो ? कोद्वारा भयो ? कहिलेसम्म हुन्छ ? जस्ता कुतूहलबाट दर्शन सुरु भई यसको जवाफ र समाधानको उपायका लागि समेत दर्शनशास्त्र क्रियाशील रहने हुनाले दर्शनका माध्यमबाट मानिसलाई कुनै पनि विषयको गम्भीरतापूर्वक खोजी गर्न र समस्या समाधान गर्न सहयोग पुग्दछ। दर्शनले समाजमा प्रचलित धर्म, संस्कार, संस्कृति, व्यवहार, प्रथा, प्रचलन तथा समग्र क्रियाकलापका बारेमा दृष्टिकोण राख्ने हुनाले कुन असल, कुन खराब, कुन उचित, कुन अनुचित जस्ता विषयबोध हुन सहज हुन्छ। त्यसैले दर्शन मानिसको दैनिक जीवनसँग अभिन्न रूपले गाँसिएको हुन्छ। मानिसले जुन खालको दार्शनिक चिन्तन लिएर बाँचेको छ सोही अनुसारको उसको जीवनयापन हुने गर्दछ। त्यसैले जीवनमा दर्शनको अत्यन्त ठूलो महत्व छ। मानिसको समग्र क्रियाकलाप दर्शनको प्रभाव रहने भएकोले नै संस्कार, संस्कृति, समाज, कला, साहित्य, सामाजिक मूल्य र मान्यता आदि समग्र क्षेत्रमा दर्शनको सम्बन्ध गाँसिएको हुन्छ।

पिछडावर्गमा प्रचलित परम्परागत खेलहरु

१. **कुस्ती/पहलमानी :-** मधेशको प्रत्येक टोल गाँउमा जलाशय अर्थात पोखरीको डिलमा वा चौरमा अखाडा बनाई कुस्ती वा पहलमानी खेल्ने चलन रहेको छ। मगही भाषामा कुस्ती खेल्ने ठाँउलाई अखाडा भनिन्छ। खास गरेर बिहानी पख मिरमिरेमा गाँउ र टोलका युवा वर्गहरु एकआपसमा कुस्ती खेल्ने प्रचलन रही आएको छ। कुनै प्रकारका शुभ अवसरमा कुस्ती प्रतियोगिताको आयोजना हुने गर्दछ। जसमा विभिन्न ठाँउका पहलमानहरु भाग लिई पहलमानी खेल्ने गर्दछन्। यस खेलमा धोबिया पाठ, एकलङगी, चित-पट गर्ने दाउहरु लगाई कुस्ती खेल्ने गर्दछन्। यसको गुरुलाई खलिफा भन्ने चलन छ।

२. **पकडिलो-पकडिलो :-** तराई मधेशमा खास गरेर युवा युवतीहरु गाई भैसी चराउन गएको बेलामा वा फुर्सत भएको बेलामा पकडिलो-पकडिलो खेल खेल्ने गर्दछन् । यस खेलमा सिन्काको सहायताले चिकसि कोर्ने काम गर्दछन् । मगही भाषामा सिन्काको सहायताले जमिनमा रेखा कोर्नुलाई नै चिकसि पार्ने भनिन्छ । प्रतियोगीहरु लुकीछिपी चिकसि कोर्ने काम गर्दछन् । पकडिलो भनेपछि सबै जना एक ठाँउमा जम्मा भई चिकसिलाई गणना गरेर जसको बढी चिकसी हुन्छ त्यो नै त्यस खेलको विजेता हुन्छ ।

३. **घो-घो रानी :-** यो एक प्रकारको मनोञ्जनात्मक खेल हो । यस खेलमा रानीले भन्ने गर्दछन् कि ऐते ऐते पानी बाकीले घो.घो रानी भन्ने गर्दछन् । यही प्रक्रिया धेरै चोटी दोहोरिन्छ । अन्त्यमा शरीरको शिरसम्म पुगेपछि खेल समाप्त हुन्छ ।

४. **सोना तरपान :-** डोरी हाथमा लिएर उफ्रने गर्दछ जसलाई सोना तरपान खेल भन्ने गर्दछ ।

५. **टाली डन्टा/ डन्डी बियो :-** काठबाट निर्मित टाली र डन्टाबाट खेलिने खेल मनोञ्जनात्मक खेलको रुपमा रहेको देखिन्छ । टालीलाई डन्टाले हिर्काई खेल खेल्ने गर्दछन् । यस खेलमा डन्टाले नापेर जसको बढी हुन्छ त्यही ब्यक्ति विजेता हुने नियम रहेको छ । यस खेललाई पुली डन्टा पनि भनिन्छ ।

६. **टिका बसाह :-** जमिनमा चार वटा कोठा बनाई टिका बसाह खेल खेल्ने गर्दछ । यस खेलमा पक्ष र विपक्षमा बराबर खेलाडीहरु रहेको हुन्छन् । जसमा ५देखि १५ जना सम्मले यो खेल खेल्ने गर्दछन् । प्रायः जसो पुरुषहरुले नै यो खेल खेल्ने प्रचलन रही आएको देखिन्छ ।

७. **दलवा भतवा :-** केटा र केटी दुवै मिलेर वा केटीले मात्र पनि समुहमा यो खेल खेल्न्ने प्रचलन रही आएको छ । यो खेल शिल्पकलासँग जोडिएको मनोञ्जनात्मक खेल हो । यसमा केटा र केटी बेहुला र बेहुलीको भुमिकामा खेल खेल्ने गर्दछन् । बेहुलीले बालुवा र माटोबाट नै खानाका परिकारहरु बनाएर खुवाउने अभिनय गर्दछिन् । घर आँगन समेत बालुवाको नै बनाउने गरिन्छ । खेलको अन्त्यमा बनाइएको सबै संरचनाहरु भत्काई खेलको समापन गरिन्छ ।

८. **चप्पल चोर :-** चप्पललाई गोलाकार आकारमा काटी लौरोको सहायताले समुहमा यो खेल खेल्ने गरिन्छ। प्राय: चौरमा केटाहरुले मात्र खेल्ने यो पनि एक किसिमको मनोरञ्जनात्मक खेल हो।

९. **चोर पुलिस :-** यस खेलमा एक जना पुलिस र बाँकी अरु सबै चोर बनेका हुन्छन्। जसमा पुलिसले आँखा छोपी बस्छन र बाँकी रहेका सबै चोरहरु केही समयको लागि लुक्न जान्छ। लुकी रहेको अवस्थामा पुलिसले जुन चोरलाई खोज्न वा समात्न सक्छ त्यही ब्यक्ति नै अर्को चोटीको लागि पुलिस बन्छ। यो क्रम खेल खेलुन्जेलसम्म जारी रहन्छ। यस खेललाई मगही भाषामा चोरिया नुकिया पनि भनिन्छ।

१०. **चुङगी-चुङगी :-** साइकल वा मोटरसाइकलको टयुबलाई मसिनो मसिनो गरी गोलाकार आकारमा काटेर बनाइएको गुच्छालाई चुङगी भन्ने गर्दछ। चुङगी चुङगी हाथ र खुटा दुवैले खेल्ने खेल हो।

११. **किट-किट :-** जमिनमा चार वटा कोठा बनाई एउटा खुटा उचालेर अथवा लङगडो भई किट-किट किथा भनेर खेल खेल्ने गर्दछन्। प्राय जसो केटीहरु यो खेल खेल्ने गर्दछिन्।

१२. **सुरा-सुरा :-** घेरा बनाएर यो खेल खेल्ने गर्दछन्। बिचमा एक जना रानीको भुमिकामा हुन्छि। ति रानीको सुरक्षाको लागि अन्य खेलाडीहरु रहेको हुन्छ। विपक्षी खेलाडीहरुले सुरक्षामा रहेका खेलाडीहरुसँग लडेर रानीलाई छुने कोसिस गर्दछन्। छुन सकेको खण्डमा विजय भएको मानिन्छ। नसकेको खण्डमा पराजित भएको बुझिन्छ।

१३. **आस-पास :-** यो खेल प्राय जसो बेलुकी पख खेलिन्छ। यस खेलमा एक जना खेलाडीले आँखा बन्द गरेर एक सय सम्म गीन्ती गर्दछन् र बाँकी खेलाडीहरु लुक्ने गर्दछन्। गन्ती सकेपछि आँखा खोलेर लुकेका खेलाडीहरुलाई खोज्न थाल्छ। खोज्न गएका खेलाडीले लुकेको खेलाडीको नाम लिएर आस-पास भन्नु भन्दा पहिला नै लुकेकै खेलाडीले नै आस पास भनी खेलाडीलाई छोयो भन्ने फेरी उही खेलाडी खेलको सुरुवात गर्दछन् अन्यथा जसको नाम लिएर आस-पास भनिएको हुन्छ त्यही खेलाडीले खेलको सुरुवात गर्ने गर्दछन्।

१४. **गोली-गोली :-** समतल भुमिमा खाल्डो खनी वा आयाताकार बनाई गुच्चाले यो खेल खेल्ने गर्दछ । यस खेललाई नै मगही भाषामा गोली-गोली खेल भन्ने गर्दछ ।

१५. **कबडी-कबडी :-** शारिरीक बल प्रदर्शनको लागि यो खेल खेल्ने गर्दछन् । यस खेलमा गुँई र मजबिखनीको बढी महत्व हुन्छ । गुँई भन्नाले जोरीदार खेलाडी र मजबिखनी भन्नाले खेलको टोली नेतालाई बुझिन्छ। मजबिखनीले आ-आफ्नो गुँईमा बिखेर आउनको लागि अनुरोध गर्दछ । बिख्नु अर्थात बिखेर आउनुको अर्थ दुवै जनाले सांकेतिक नाम वा अंक राख्ने गर्दछ। जब गुँईहरुले बिखेर आएपछि मजबिखनीलार्य सोध्ने गर्दछ । तपाई के लिने ? अंक वा नाम जे पनि हुन सक्छ । मजबिखनीले जे रोज्छन् त्यो खेलाडी त्यसैको पक्षमा हुन्छ । अर्को खेलाडी विपक्षमा जान्छन् । यस खेलमा श्वास नरोकीकन लगातार कबडी-कबडी भनेर खेल खेल्ने गर्दछ । भन्न नसकेको खण्डमा अर्थात हुँकेको खण्डमा ति खेलाडी खेलबाट बाहिरिन्छ । यसरी नै खेल चलिरहन्छ । अन्त्यसम्म जो टिम रहिरहन्छ त्यो नै विजेता बन्छ । गुँई अथवा गुँईया, मजबिखनी, हुँक्नु मगही भाषाका शब्दहरु हुन ।

१६. **सिधा कबडी :-** यो एक प्रकारको विशेष कबडी खेल हो । जुन समुहमा खेलिन्छ । यस खेलमा दुई समुह बनाइएको हुन्छ ।

१७. **राजा कबडी :-** यस खेलमा एक जना राजा रहेको हुन्छ । जुन एउटा निश्चित घेरा भित्र उभिएको हुन्छ । बाँकी खेलाडीहरु वरपर छरिएर रहेको हुन्छ । राजा पक्षका खेलाडीहरु राजा भएको ठाँउमा श्वास न रोकीकन कबडी-कबडी भन्दै आई रहेको हुन्छ ।

१८. **हुँका-लोली/सुपली-सुपली :-** खास गरेर दिपावलीको अवसरमा खेत खरिहानमा युवा वर्गले बाँसको चोयाबाट बाँसकै करचिमा खोपेर आगो सल्काई हाथले नचाउने गर्दछन । यस खेललाई नै हुँका-लोली वा सुपली-सुपली खेल भन्ने गर्दछन् । सुपली, करचि, खेतखरिहान मगही भाषाका शब्दहरु हुन ।

१९. **गरी गुरकाई :-** बच्चाहरुले साइकल-मोटरसाइकलको टायर वा पाग्राको साथै काठबाट निर्मित गरीलाई लौरो वा हाथको सहायताले गुडाउने खेललाई गरी गुरकाई खेल भन्ने गर्दछन् ।

तराई मधेशमा परम्परागत रुपमा बुढिया कबडी, गोटी-गोटी, झुलुवा, कनिया-बरबा, अटा-पटा, रेङग-रेङग, चि-चि/ति-ति, घुघुवा, चोरिया-नुकिया, किरा-किरा, गम्छा-चोर, रुमाल-चोर, खोपी-खोपी, घाँस-घाँस, ढयाक-ढयाक(खपा-खपा), बाघ-बकरी, तर के तर कि तरके उपर, झिझिर कोना, मैनी चिचियान, जोर बिजोर, मुठी मुठी, पौडी खेलाई, अतरो पतरो, चुटा चुटा, मरुवाईन, मखनी, पचिसी, ऊजी ऊजी(डुवी डुवी), मचकी, डोल बाटी, ओका बोका, रेङग बटेल, गिदरा गुरकान, तीखी तिनखी, पिलुवा पिलुवा, चेच, अन्डी अन्डी, आँनी मुनी, अटकन मटकन, पनडुबु पनडुबी, कौरिया लुटान, बोको बोको, दुविया चिकना आदी खेलहरु खेल्ने प्रचलन रही आएको छ ।

परम्परागत यातायातका साधनहरु

१. **कटही गरी :-** काठबाट निर्माण भएको हुनाल` यस गरीलाई कटही गरी भन्ने गरिन्छ। यसमा केही मात्रामा बाँसको पनि प्रयोग भएको हुन्छ। गोरुले यस गरीलाई तान्ने काम गर्दछ । यस गरीमा चक्का, धुरा, किल्ली, जुवा जस्ता महत्वपुर्ण भागहरु रहेको हुन्छन् ।

   सुरक्षको लागि गरीमा शिरपाहा राख्ने चलन पनि रही आएको छ। पहिला-पहिला मानिसहरुले आफ्नो सरसामान ढुवानी तथा आवतजावत गर्नको निम्ति यस गरीलाई प्रयोग गर्ने गर्दथ्यो ।

२. **टायर बैल/टायर गरी :-** काठ र टायरको चक्काबाट निर्माण भएको हुनाले यस गाडीलाई टायर बैल वा टायर गरी भन्ने प्रचलन रही आएको छ । यो पनि परम्परागत यातायातको साधन मध्येको एक साधन हो । मगही भाषामा गोरुलाई बैल भनिन्छ ।

३. **टाङगा वा टमटम :-** काठबाट निर्मित टाङगालाई घोरा वा ऊटले तान्ने गर्दथ्यो । यी यातायातका साधनलाई नै टाङगा वा टमटम भन्ने गर्दछ । ऊट र घोडा दुवै परम्परागत यातायातका साधन अर्न्तगत पर्दछ ।

४. **पालकी :-** बिहेको बेलामा दुल्हा चढने एक विशेष किसिमको डोली जसको निर्माण काठ र बाँसबाट भएको हुन्छ। त्यसलाई पालकी भनिन्छ। मानिसहरुले बोकेर लाने यो परम्परागत यातायातको साधन हो । जुन अहिले लोप भएर गएको देखिन्छ ।

५. **महफा :-** बेहुली चढने विशेष किसिमको डोली जुन काठ र बाँसबाट निर्माण भएको हुन्छ । त्यसलाई नै महफा भन्ने गरिन्छ ।

घोडा, ऊट, रिक्सा, साइकल पनि परम्परागत यातायातका साधनहरुको रुपमा प्रयोग हुने गर्दथ्यो ।

परम्परागत गर-गहनाहरु :-

हसुली, बुलकी, डरकस, बाजु(पहुची), ठेसा, नथिया, टिका, झुम्का, बाली, हार, चोटी, औठी, मंगलसुत्र, बिछिया, मंगटिका, नथुनी, पायल, पाथ, काँडा, काँडा छर, हैकल, बाजुबन्द, लहठी, चुरा, टिकुली, हथशंकर, कनौसी, कुण्डल, उतरना (कानमा लगाउने), गोडाई, बेसरी, बदामी, अमिरती, ककन, पहुचि, ठेक, सोटुवा, सोनामकरि, ढोलना, ढोलवाला, खोटिला, लङ, मरच, छक, जितमाहन, सिवानी, भुइँडण्ड, बरबुटा, बिरखी, जोसन, अनन्द, अगिल-पिछला, कुलाकी आदी रहेका छन् ।

परम्परागत बाजा :-

ढोल, ढोलक, तबला, हरमुनिया, झुनझुना, पिपही, डफला, बसुरी, करनट, सिंघा धु धु, घरी घण्टा, शंख, करताल, झाल, मन्जिरा, खँजुरी, डम्फ, डमरु, मानर, मृदंग, तासा, टिमकी, नगरा, सहनाई, सारङगी, बेन्जो, ओरनी, एकतारा, उपंक, दन्तार आदी रहेका छन् ।

परम्परागत हात हतियार :-

भाला, बरछी, कुरहर, टेडगारी, दबिया, छुरा, कोदारी, रसनचौकी, गरासी, तलबार, क्रिच, डाइगर, भरुवा बन्दुक, पचकुनिया, हसुवा, हथौरी, खुर्पी, फसुल, कत्ता, चकु, टकुवारी, कुरुस, आदी रहेका छन् ।

पिछडावर्ग (OBC) समुदायमा प्रचलित लोक नाचहरु

१. आल्हा रुदल : पिछडावर्ग (OBC) समुदायमा कुनै पनि शुभ अवसर जस्तो कि विवाह, चाडपर्व, मेला, ब्रतबन्ध आदीमा आल्हा रुदलको नाच हुने गर्दछ। यो नाच मर्दाना लयमा नाच्ने गरिन्छ। बाह्रौ, तेह्रौ शताब्दीतिर महोवा नाम गरेको राज्य, जुन अहिले भारतको मध्य र उत्तर प्रदेशमा पर्दछ। त्यस राज्यमा आल्हा रुदल नाम गरेको दुई दाजुभाई महापराक्रमी, सुरमा वीर योद्धा थिए। तत्कालिन समयमा बिहेबारी झगडा-लडाई बिना सम्पन्न हुने चलन थिएन। केटा पक्षले केटी लिन जाँदा लडाई गर्नुपर्ने थियो। लडाईको क्रममा केटा पक्षले जित्यो भन्ने केटीसँग बिहे हुने तर हारेको खण्डमा केटा पक्षलाई बाँधेर जेलमा हाल्ने गर्दथ्यो, यसै क्रममा केटाले मृत्यु वरणसम्म गर्न पुग्थ्यो। त्यति बेलाको यो परम्परा सामाजिक रुपमै कायम रहेको थियो। यी प्रथाहरुलाई अल्हा रुदलले चुनौति दिइएका थिए। सोररी नामको राज्यमा रुदलको बुवा राजा जारसरलाई उनका आफ्नै भतिजो झगरुले टाउको काटी मारेको थिए। जुन बेलामा रुदलको जन्म भर्खर भएकै थियो। आमा देवल देवीले आफ्नो सन्तान र आफ्नो जीवन निर्वाहको लागि बनारसमा मुसलमानहरुका राजा बाबा सईतको दरबारमा शरण लिएका थिए पछि गएर राजा परवलको राज कलिन्जरमा शरण लिए। रुदल ठुलो भएपछि आफ्नो बुवाको हत्याको बदला झगरुलाई मारेर लिए र सोररी राज्यलाई बहिनी गौराको बिहे गरी दान गरिदिए। आल्हा रुदलले आफ्नै बलबुत्तामा महोवा राज्य स्थापना गरेको थिए। संसारमा त्यो बेलामा एकावन किल्लाहरु थिए। तत्कालिन समयमा किल्ला भनेको राज्य थियो। रुदलले एकावन किल्लामा गएर युद्ध गरे। सबैमा लगभग विजय प्राप्त गरे। आफ्नो नाती कबच कुण्डलको बिहेमा वीरगति प्राप्त गरे। यस नाचका प्रमुख पात्रहरु आल्हा, रुदल, देवनन्दन, मलखा, मामा माहिल, लाखन, फुलवा, सोनमा, पनमा आदी हुन।

रुदलको बिहे नेपालको मोरङ जिल्ला त्यो बेलाको मोरङ राज्य थियो। त्यहाँ फुलवा नाम गरेको सुन्दर स्त्री, जो त्यो बेलाको संसार सुन्दरी थिइन। उनीसँग विवाह भएको थियो भन्ने कुरा लोक नाचमा चर्चा हुन्छ। यी नाचमा लोक बाजाको रुपमा नगाडा, सिघा, तबला, पिपही आदी लोक बाजाहरुको प्रयोग हुन्छ। पहिला-पहिला त मादल ढोलक बजाएर आल्हा गाउने प्रचलन पनि कायमै

रहेको थियो । ढोलको मर्दाना लयमा महफिल लगाएर आल्हा रुदलको वीरताको बखान एकावन किल्लाको लडाईको वर्णन आल्हामा हुने गर्दथ्यो । बिस्तारै विस्तारै यो प्रचलन हराई रहेको देखिन्छ ।

रुदलको सौर्यवर्णन : पुरब लुटा पुर पाटन, पश्चिम लुटा भीम पहाड, दक्षिण तोडा गंगाजी, उत्तर लुटा सात खण्ड नेपाल, एतिया लुटा गढ बेतिया का दानापुर का थाना लुटा, छपरा थाना लुटकर खाय, तब तो लुटा टिकमराज, शेर पछारा हम जंगल में, हात्ती पटकै दिल्लीराज, पृथ्वीराजको घोडा छिना-वीरका पदवी दिया बनाय, सुन्दर मोहबा निर्माण किया, तोप लगाकर झगरुको मारा, बाबु बदला लिया सधाय, ढोल बजाय नयनाको लुटा, सोना सादी दिया कराय, तब तोरा हम मोरङगके फुला डोली लिया फनाय, तब तो तोरा बाइस गाजरा, तिलका सादी दिया कराय, तब तो तोरा हिन्द महासागर सबुना डोली दिया फनाय, ताबा रोटी तबै जरगै, मुङग दाल भुसुण्ड होई जाय, नरहीया सँगे नरनी घुमे, कुदे कन्हैया काली दह में लंका फान गया हनुमान, रुदल कुद गए दुनिया में लिया वीर नाम धराय(रुदलको सौर्यवर्णन रहेको छ) ।

अमर सिन्दुर दुवापथ कंगना पटनाके पटचिर, नरकट काटके पुल बनाए ओई पर हाती घोडा दौराए, सावन भादो महिना में जो कोई नदी गंगा में बान्ह बन्हाए, चार कठाके गहरी कुइया जे कोई खुनसे दे भरवाए, गरम कराही तेल में जो कोई डुबकी लगाए, जो कोई शर काटे सुबा इन्द्रका, सोना के डोली लेके जाए(सोनाको विहेको लागि यो किसिमको शर्त तय गरिएको थियो) ।

किए भाभी सोना मोहबा से आई, किए भैया मलखा शिरसा से आया, किए दोस्त लाखन कनौजा से आया, किए भैया अकबर बनारस से आया, किए बेटा इन्दल गोदीका खेलौना आया है (विपद् पर्दा रुदलले यसरी स्मरण गर्ने गर्दथ्यो) ।

तत्कालिन समयमा ५१ वटा किल्लाहरु रहेका थिए । जुन यस प्रकार रहेका छन् :

- स्वरहरी - राजा - जासर सिंह
- बनारस - राजा - दादा सैयत
- मोहबा - राजा - अल्हा(अमरपति) - रानी सोना - छोरा - इन्दल, भाई - रुदल सिंह - छोरा - इन्द्रजीत
- कलिञ्जर - राजा - परमल सिंह

- सिरसा - राजा - श्रीनाद सिंह छोरा- मलखा(मरद मलखा)
- पिंजरी - राजा - भिखम झा -छोरा -देवनन्दन (देवा)
- कनौजा - राजा - जय चन्द सिंह- छोरा - लाखन सिंह
- दिल्ली - राजा - पृथ्वीराज चौहान - छोरा - पारसराज
- कर्णाटक - राजा - कर्णाटक सिंह - छोरा - सिंहा सिंह - छोरी - केसिया(इन्दजीतको विवाह रानी केसियासँग भएको थियो) ।
- ओरियल- राजा - माहील सिंह - छोरा - विजयपाल सिंह, जागन सिंह
- बाँधो - राजा - सुरजा सिंह
- नयना - राजा - सामदेव सिंह - छोरा - सुबा इन्द्र र भोगा सिंह -छोरी - सोना (अल्हाको विवाह नयनामा सोनासँग भएको थियो) ।
- मोरङ्ग - राजा - मोहीपाला - छोरा - करन सिंह - छोरी - फुला(रुदलको पहिलो विवाह रानी फुलासँग भएको थियो) ।
- बाइस गाजर - राजा - मदन सिंह - छोरा - इर सिंह र वीर सिंह - छोरी - तिलका (रुदलको दोस्रो विवाह रानी तिलकासँग भएको थियो) ।
- हिन्दमहासागर - राजा - सागर सिंह - छोरी - सगुना (रुदलको तेस्रो विवाह रानी सगुनासँग भएको थियो) ।
- कोट कागंरा - राजा - काङगर सिंह - छोरा - नयन केश्वर - छोरी चम्पा (अकबरको विवाह चम्पासँग भएको थियो) ।
- चन्द्रगढी - राजा - चन्द्र सिंह - छोरी - जगमगिया (शैयदको छोरा अजिमाको विवाह जगमगियासँग भएको थियो) ।
- गुजर वा गुञ्जर - राजा - जुञ्जर सिंह - छोरा - हरिमोती सिंह - छोरी - पनमा(इन्दलको पहिलो विवाह पनमासँग भएको थियो) ।
- सिंघलदिप - राजा - सिंघल सिंह - छोरा - विजय सिंह र सर्वनाग सिंह - छोरी पदमा - इनदलको दोस्रो विवाह रानी पदमासँग भएको थियो)।
- शंकरगढ - राजा - शंकर सिंह - छोरी - सुरेखा -इनदलको तेस्रो विवाह रानी सुरेखासँग भएको थियो) ।

- जापना - राजा - विजुली झा - छोरा - पथ्थल झा र लोहा झा - छोरी - सुकमालहन (देवनन्दनको विवाह सुकमालहनसँग भएको थियो) ।
- कोइलर - राजा - कोइलर सिंह - छोरा - तोता र दिपक सिंह - छोरी - धनमा ।
- बिजहठ - राजा - बिजहठ सिंह - छोरी - चन्द्रकला (रुदलको छोरा इन्द्रजीतको विवाह चन्द्रकलासँग भएको थियो) ।
- अतरौला - मलखाको विवाह अतरौलामा भएको थियो ।
- संबलगढ - राजा - संबल सिंह(रानी फुलाको हरण संबल सिंहले गरेका थिए) ।
- पथरी - राजा - ज्वाला सिंह - छोरी - सुगापंखनी(रानी सोनालाई ज्वाला सिंहले हरण गरेका थिए) । रुदलको भान्जा सियाभानको पहिला विवाह सुगापंखनीसँग भएको थियो) ।
- उसरी - राजा - मेघा सिंह - छोरी - राजकली - सियाभानको दोस्रो विवाह राजकलीसँग भएको थियो) ।
- पथ्थरकोट (लाखनको विवाह पथ्थरकोटमा भएको थियो) ।
- उजैनगढ - गंगबा डाकुले रानी तिलकालाई हरण गरेका थिए ।
- गजाधर - राजा - जय सिंह
- कोरहर - गंगाधर र जागनको लडाई भएको थियो ।
- दुर्गौली - मिलन दरोगाको घर
- बनठन, माढोगढ, मणिपुर, नटवरगर, मणियर गढ, जलहर गढ, पलट बुखार, शिल्हट गढ, काशो गढ, बिठुर, झारखण्ड, लोहगाजर, महाचिन, कमरु गढ, दार्जिलिङग, झुलन गढ, सुरुज कुण्ड, बाधो गढ, कृतिसागर आदी किल्लाहरु रहेका थिए ।

स्रोत : कलाकार हरिमण्डल र सञ्जय चौधरी अल्हा रुदल नाचपाटी मठिहानी ।

२. सुरमा सल्हेश : एघारौ शताब्दीतिर महिसौथाका राजा सल्हेशको वीरता विश्व विख्यात रहेको सर्वविदितै छ। राजा सल्हेश सुरमा स्वाभावका थिए। त्यो बेलाको राज्य महिसौथा समृद्ध एवम सम्पन्न थियो। हालमा ती ठाँउ सिरहा जिल्लाको सदरमुकाम सिरहामै अवस्थित छ। राजा सल्हेश बिहानै दौडेर सिलहट अखाडा पुगेर कुस्ती खेल्ने गर्दथे, कमल दहमा गएर नुहाउथ्यो, मानिक दहमा मालिनसँग जल विहार गर्दथे र फुलबारीमा गएर फुल टिपेर आफ्नो आराध्य देवीको पुजा उपासना गर्ने दैनिकी राजा सल्हेशको रहेको थियो। राजा सल्हेश विवाहित भए तापनि मोरङका सातै बहिनी रेशमा, कुशमा, दौना आदी राजासँग प्रेम गरि रहेकी थिइन। प्रत्येक वर्ष सल्हेश फुलबारीमा नव वर्षको आरम्भसँगै अर्थात बैशाख १ र २ गते ठुलो मेला लाग्ने गरेको छ। त्यो दिनमा मालिनले आफ्नो प्रेमको उपहार स्वरुप फुलबारीमा दुईवटा वृक्षमा हारको जस्तो माला वर्षेनी फुल्ने गर्दछ र २ गते पछि आफै झरेर नष्ट हुन्छ। मालिनले सल्हेशप्रति आफ्नो प्रेम समर्पणको सिलसिलामा ती फुल फुलाएको किम्बदन्ती प्रसिद्ध छ। राजा सल्हेश अद्धितीय प्रतिभाका धनी थिए। प्रेम, युद्ध, मित्रता, राज्य सञ्चालन, सामाजिक सेवामा हरेक कलामा निपुण थिए। राजगदीमै बसेर मात्र शासन सञ्चालन नगरेर गाँउ-गाँउमा आफै न्याय दिन पुग्थ्यो, जसलाई मगही भाषामा गहवर भन्ने गर्दछ। आज पनि मानिसहरु सल्हेशको गहवर बनाएर पुजा आजा गर्ने गर्दछ। राजा सल्हेश नेपाल र भारतमा मात्र नभई अरु देशहरुमा पनि यसको गाथा प्रचलित रहेको देखिन्छ। राजा सल्हेशको शासन व्यवस्था सञ्चालनमा बुधेसर, मोतिराम, भगीना करीकन्हा, सुगा हिरावन, बहिनी वनसप्ती, मित्र केवला किरात, अनेरभाँट, सातो बहिनी मालिन आदीको सहयोग महत्वपुर्ण देखिन्छ। यस नाचमा कुशमा हरण घटनालाई प्रमुख रुपमा देखाउने गर्दछ। यस नाचका अरु पात्रहरुको रुपमा मोकामाका राजा चुहरमल, पगढिया गढमा राजा कुलेसर, पगढिया गढका राज कुमारी चन्द्रावती आदी हुन। लोक नाच र लोक गाथाका माध्यमबाट राजा सल्हेश जन-जनमा ब्याप्त रहेको देखिन्छ। नेपाल र भारतमा लोक देवताको रुपमा गाँउ टोलहरुमा सल्हेशको गहवर स्थापना गरी श्रद्धालुहरुले पुजाआजा गर्ने गर्दछ। खास गरेर दुसाद(पासवान) समुदायले कुलदेवताको रुपमा पुजा आजा गर्ने प्रचलन रहेको छ।

३. सती बिहुला वा जया विसरको नाच : पम्पापुर नाम गरेको राज्यमा चनु बनिया नाम गरेका राजा थिए । उनकै बहिनी जया विषहर जुन नागीन थिइन । उनले आफ्नो दाई राजा चनु बनियाँसँग पुजा माग्ने गर्थिन तर राजाले पुजा दिन मानेन जसको कारणले राजाका सन्तानलाई डसेर नागिन मार्ने गर्दथिन । दिक्क भएर राजाले आफ्नो छोराको बिहेमा पुजा दिने वाचा गरेपछि बाला लखिन्दर नाम गरेको छोरा जसको विवाह सती बिहुलासँग भएको थियो । उसको विवाहमा पनि पुजा नदिएपछि नागिन जया विषहरले बाला लखिन्दरको सुहागरातको मौका छोपी डस्न लगाएका थिए । सती बिहुलाले आफ्नो सतको प्रभावले वाला लखिन्दरलाई जिवित बनाएपछि बाला लखिन्दरले आफ्नो फुफु नागिन जया विषहरलाई मार्न खोजेक थिए तर जया विषहरले माफी मागेपछि राजा चनु बनियाँले वर्षको एक दिन मात्र दुध लाबा चढाउने बाचा गरे । जस अनुसार आज पनि नाग पञ्चमीका दिनमा त्यही दिनको फलस्वरुप दुध लाबा चढाई सर्पको अर्थात नाग देवताको पुजा गर्ने प्रचलन रहेको किवदन्ती प्रसिद्ध छन् । सर्लाही जिल्लाको नारायणपुर संग्रामपुर गाँउमा अहिले पनि सती बिहुलाको गढ रहेको छ । जुन पौराणिक समयमा चम्पापुर राज्यमा पर्दथ्यो भन्ने जनविश्वास रहेका छन् साथै सती बिहुला लोक नाच र लोक गाथासँग सम्बन्धित यथेस्ट प्रमाणहरु अहिले पनि त्यहाँ विद्धमान रहेको पाइन्छ ।

४. जोगी वृजाभार/सोरठी वृजाभार : गुजरातका राजा खेखरमनलाई कुष्ट रोग लागेपछि राज पण्डितले सोरठपुरका कनियाँ रानी सोरठीसँग विवाह गरेपछि अर्थात सोरठीको हाथबाट पानी ग्रहण गरेपछि कुष्ट रोग निको हुने कुरा बताए तर सोरठीलाई विवह गर्न चानचुने कुरा थिएन । उनलाई राजाका भान्जा हिरालाल नाम गरेका राजा जुन दक्षिणीपुर शहरका प्रतापी राजा थिए । त्यसले मात्र ल्याउन सक्ने कुरा बताएपछि राजा खेखरमनले छल गरेर भान्जा हिरालालसँग वचन लिए र रानी सोरठीलाई ल्याउने प्रतिबद्धता गराए । राजा हिरालालले सोरठी रानी ल्याउनको लागि जोगीको भेष धारण गरेर आफ्नो नाम जोगी वृजाभार राखे । सोरठी रानी ल्याउनको लागि लगभग बारह वर्षको समय लागेको थियो । सोरठपुर राज्य जानको लागि निकै कठिनाईहरु भेल्नु पर्ने तापनि आखिरमा जोगी वृजाभारले रानी सोरठी ल्याई छाडे जसमा गुरु गोरखनाथ, वृजाभारको माइजु र उनको श्रीमति रानी सती हेमन्तीको सहयोगी भुमिका रहेको देखिन्छ । यही लोक

गाथाको कारणले गर्दा यस नाचलाई सोरठी वृजाभारको नाच पनि भनिन्छ। यस नाचमा त्यही कथा र ब्यस्थाको वर्णन गरिएको पाइन्छ। यस नाचको नायक जोगी वृजाभार भएकोले जोगीले लगाउने वस्त्र गेरुवा वस्त्र, करताल, भष्मको झोरीको साथै पिपही, नगारा, तबला, हारमोनियम लोक बाजाहरुको प्रयोग गरिएको हुन्छ।

५. हंसराज वंसराजको नाच : हंसराज र वंसराज नाम गरेका दुई दाजुभाई थिए। बाल्यकालमै उनको आमाको मृत्यु पश्चात उनको बुवाले दोस्रो बिहे रानी तरेगनी सित गरे। रानी तरेगनी दुष्ट स्वभावकी स्त्री थिइन। उनले आफ्नो सौतेला छोराहरुसँग असाध्यै नराम्रो ब्यवहार गर्दथिन। रानी तरेगनीले जाल झेल गरी राजासँग झुठो बोलेर हंसराज र वंशराजले आफ्नो अर्थात रानी तरेगनीको इज्जतसँग खेलवाड गरेको आरोपमा ती दुबै दाजुभाईलाई फाँसीको सजाय दिन लगाए। हंसराज र वंशराज दुबै दाजुभाई असाध्यै तिक्ष्ण बुद्धीको भएको कारणले फाँसीबाट जोगिए। राजा पछि गएर आफुले गल्ती गरेको थाहा पाएपछि रानी तरेगनीलाई फाँसी दिए। त्यसपछि हंसराज र वंशराजलाई बोलाएर राजगदी सुम्पेर राजा आफु सन्यासको भेष धारण गरे अर्थात यस लोक नाचमा सौताको डाह कस्तो हुन्छ भन्ने कुरा छर्लङग देखिन्छ।

६. रानी सरङगा : यो लोक नाच प्रेममा आधारित लोकनाच हो। रानी सरङगा राजाको छोरी असाध्यै रुपवती थिइन। उसको रुप र यौवनको चाहना धेरै राजकुमारहरुले राखेका थिए। तर रानी सरङगा एक निम्न वर्गीय युवक अर्थात वजीरको छोरासँग प्रेममा परेकी थिइन। राजासँग जति अनुनय विनय गरे पनि रानी सारङगालाई राजकुमारहरुसँग नै बिहे गर्नुपर्ने राजाको निर्णयलाई रानी सारङगाले नमानी सुहागरातमा नै आफ्नो प्रेमी वजीरको छोरासँग भेटेर भागी विवाह गरेर आफ्नो प्रेमलाई अमर बनाएकी थिइन। यसरी यो लोकनाचले तत्कालिन समयको प्रेम प्रसङगलाई दर्साउने गर्दछ।

७. गरभी दयालको नाच : जुन समयमा जादु र टोनाले समाजमा असाध्यै प्रभाव पारेका थिए त्यो समयको अनुपम नमुनाको रुपमा यो नाच रहेको छ। बहुरा ठकुराईन भन्ने एक जना ठुलो जादुगरनी थिइन। उनले आफ्नो जादुको भरमा राजालाई समेत वशमा पारेकी थिइन। बहुरा ठकुराईनको छोरीसँग राजा

गरभी दयालको बिहे सानोमै भएको थियो । त्यही बेलादेखि जादुको भरमा जन्तीहरुलाई बकुला बनाएर राखेका थिए । गरभी दयाल ठुलो भएपछि जब उसलाई यस घटनाको बारेमा अवगत भएपछि बहुरा ठकुराईन अर्थात आफ्नै सासुसँग जादु टोनाको युद्ध गरेर पराजीत गरी आफ्नो श्रीमतीलाई आफुसँग ल्याई जन्ती समेतलाई बकुलाबाट मुक्त गरी आफ्नो राज्यमा आएर सुखपुर्वक राजभोग गरी आफ्नो जीवन निर्वाह गर्दछ ।

८. काना मोरबाको नाच : यो लोकनाच पनि प्रेम प्रतिको अनुपम नमुना हो । काना मोरबा नाम गरेकी राजकुमारीको बिहे सानैमा राजा ढोलनसँग भएको थियो । तत्कालिन समयमा पनि समाजमा जादु टोनाको असाध्यै प्रभाव रहेको थियो । राजा ढोलनलाई उनकी नोकरानी मालिनहरुले प्रेम जालमा फसाएका थिए । काना मोरबा तरुनी भएपछि गौना गराउन ढिलो हुँदा मोरबालाई आफ्नो श्रीमान राजा ढोलन मालिनहरुको प्रेम जालमा फसेको कुरा थाहा हुन्छ । त्यसपछि काना मोरबाले सुगा हिरावनको माध्यमबाट राजा ढोलनलाई खबर पठाए । राजा ढोलनले यो कुरा थाहा पाएपछि रानी काना मोरबालाई गौना गराएर आफ्नो राज्यमा ल्याँउछन् । त्यस क्रममा धेरै युद्ध पनि हुन्छन् । यसैका चर्चा परिचर्चा यस लोक नाचमा गरेको पाइन्छ ।

९. लोरीक लोकनाच : यो लोकनाच वीर गाथाहरुले भरिएको लोकनाच हो । लोरीक सुरमा, अत्याधिक, बलसाली थिए । सर्वत्र उनको बलको चर्चा थियो । कुस्ती पहलमानी खेलका सौखिन्दार लोरीक दिनहु अखाडामा कुस्ती खेल्ने र खेलाउने गर्दथे । तत्कालिन समाजका ब्याप्त जमिन्दारी प्रथाका लोरिक घोर विरोधी थिए । यस प्रथाको विरोधमा लोरिक थुप्रै लडाईहरु पनि लडेका थिए । तत्कालिन समयमा बिहेबारीमा ठुला-ठुला युद्धहरु हुने गर्दथ्यो । अर्थात युद्ध बिनाको विवाह नै सम्भव थिएन । चनमा नाम गरेकी युवती असाध्यै रुपवती थिइन । लोरिक चनमाको प्रेमजालमा फसेका थिए । त्यसैले गर्दा चनमासँगको विवाहमा धेरै ठुलो युद्ध भएका थिए । जसमा लोरिक विजय प्राप्त गरी चनमासँग विवाह गरेका थिए । लोरिक र चनमाको छोरा भोरिल पनि असाध्यै बलसाली थिए । त्यसैले गाँउ घरमा प्रचलित कहउतिया रहेको छ 'जे न करे लोरिक से करे भोरिक' । यस कथालाई गाँउ टोलमा गाएर पनि सुनाउने परम्परा रहेको छ, जसलाई महराई भन्ने गर्दछ ।

१०. गोपिचनको नाच : राजा गोपिचन तीन दाजुभाई थिए । रुपचन, धुपचन र बौवा गोपिचन तिनै दाजुभाई तीक्ष्ण बुद्धिका मिलनसार स्वभावका थिए तर आफ्नै भाउजुको कारणले घरमा क्लेस बढेपछि दाजुभाईको बीचमा गृह क्लेस भई दाजुभाईको बीचमा मनमुटाव हुने गर्दछ । गोपिचन अर्को राज्यमा गएर शारण लिन्छ । त्यही बिहेवारी हुन्छ । पछि गएर आफ्नै राज्यमा फर्केर आउछ र पुनः राजपाठ सञ्चालन गरेर बस्छ । जीवनको अन्तिम घडीमा जोगीको रुपमा आफ्नो जीवन बिताउँछन् ।

११.राजा भरथरीको नाच : राजा भरथरीको नाच पनि एउटा लोकप्रिय लोकनाचको रुपमा प्रसिद्ध छ । जीवनका विभिन्न आयामहरुलाई यस लोकनाचमा प्रस्तुत गरेको देखिन्छ अर्थात एउटै ब्यक्ति राजा र पछि त्यही ब्यक्ति जोगी भेषमा भएको बेलाका जीवनका विभिन्न काल खण्डका भोगाईहरुको वर्णन यस लोकनाचमा गरेको पाइन्छ ।

१२. दिनाभद्री लोकनाच : दीनाराम र भद्रीराम नाम गरेका महाप्रतापी दाजुभाई जुन मुसहर समुदायका थिए । ती दुबै दाजुभाईलाई नै छोटकरी रुपमा दिनाभद्री भन्ने चलन छ । दीनाभद्रीको समयमा जमिन्दारी प्रथा, डोला प्रथा, चरम सिमामा थिए । त्यहाँका जमिन्दार जोरावर सिँहले जन्ताहरुमाथि असाध्यै अत्याचार गर्दथे । साथै परिश्रम नगरिकन नै मानिसहरुलाई बेगारी काम गर्न लगाउँथे । एक दिन दिनाभद्री आफ्नो घरमा नभएको बेलामा उनको आमा निरसो सतीलाई जोरावर सिंहले अपमान गरेको थाहा भएपछि जोरावर सिँहलाई दिनाभद्रीले युद्धमा पराजित गरी दणडित गर्दछ । त्यसैको फलस्वरुप छल कपट पुर्वक दिनाभद्रीको हत्या हुन्छ । जीवनको आखिरी समयसम्म कुप्रथा विरुद्ध समाजको लागि लडिरहने वीर योद्धा मुसहर समुदायको आदी पुर्खा र कुलदेवताको रुपमा प्रसिद्ध भएका छन् । यो एउटा ऐतिहासिक घटना हुन । जससँग सम्बन्धित प्रमाणहरु सप्तरी जिल्लाको जोगीया जाजरमा छन् । साथै भारतको कुनौली बजारमा पनि यसका केही अवशेषहरु रहेका छन् । मुसहर समुदायले आफ्नो कुल देवता र आदी पुर्खाको रुपमा दिनाभर्द्रीको पुजाआजा गर्ने प्रचलन रहेको छ । खास गरेर भुइँया पुजाको अवसरमा धुमधामसँग दिनाभर्द्रीको पुजापाठ हुने गर्दछ ।

कीर्त्तनिया नाच

पिछडावर्ग (OBC) समुदायमा गाँउ-गाँउमा विभिन्न मांगलिक मौकाहरुमा कीर्त्तनिया नाच नाच्ने परम्परा रहेको छ। विशेष गरेर सत्यनारायण भगवानको पुजाको अवसरमा पुजा समाप्त हुनासाथ यो नाच सुरु भइहाल्छ। यसका लागि प्रत्यकेक गाँउमा कीर्त्तनमण्डली हुन्छ। एउटा कीर्त्तनमण्डलीमा आठदश जनाको समुह हुन्छ। ढोल, हारमोनियम र झाल जस्ता लोकबाजाको आवाज गुञ्जायमान हुन थान्छ। आजकाल ध्वनि विस्तार यन्त्रको प्रयोग गरेर यसलाई गाँउभरी प्रतिध्वनि गराउने प्रयास गरिन्छ। यसमा केवल धार्मिक गीत गाउनेहरुका साथ साथमा भक्तिरसमा डुबेका व्यक्तिहरु स्वतः नाच्न थाल्दछन् भने अन्य भक्तजन धार्मिक ध्यानमा मग्न भएर नाच्न थाल्दछन्। यसको सदियौं लामो परम्परा छ। यस अतिरिक्त प्रत्येक गाँउमा साँझको समयमा कीर्तन मण्डलीद्वारा नियमबद्ध र निर्धारित स्थानमा यसको आयोजना गरिन्छ। धार्मिक गायन भक्तिभाव पुर्ण हुन्छन्।

पमरिआ नाच

पिछडावर्ग (OBC) समुदायमा पमरिआ नाच बहु प्रचलित थियो तर अहिले यो लोपोन्मुख अवस्थामा छ। विशेष गरी परिवारमा छोराको जन्म भएपछि खुशियाली मनाउन र बधाई गीत गाउनका लागि यो लोकनाच गरिन्थ्यो। प्रायः सम्पन्न घर परिवारको प्रश्रय प्रँप्त गरेकोले लामो समयसम्म सरंक्षित रहे पनि अव यो उतिकै देख्न पाइँदैन। जमाना पनि छोरो जन्मँदा खुसी र छोरी जन्मँदा दुखेसो गर्ने खालको रहेन अब। तथापी सुप्रसद्धि पारम्परिक लोक नाच भएकाले यसलाई कुनै न कुनै रुपमा संरक्षण गर्नुपर्ने हो।

संकीर्तन

पिछडावर्ग (OBC) समुदायमा हुने अष्टयाम, लखराम र नवाह जस्तो धार्मिक अनुष्ठानमा पुरुषहरु सहभागी भई गरिने यो लोकनृत्यमा मुख्यतः धार्मिक भावनाले भरिपुर्ण हुन्छ। यो नाच भक्ति भावनाले ध्यान मग्न भएर नाच्ने जीवन्त परम्परा छ। भक्तजनले आफ्ना इष्टदेवको स्तुतिगान र प्रार्थना गनें गर्दछन्। यो किर्त्तनिया नृत्यकै एक भेद हो। जुन वर्षमा एकचोटि सम्पादन हुने गर्दछ। यसको लागि

विशिष्ट अनुष्ठान नै गर्ने गरिन्छ। तर यसको कुनै तिथि मिति हुँदैन। शुभकार्यको संकल्प गर्नका लागि यो संकीर्तन गर्ने चलन छ।

भगता नाच

यो नाच गाँउका भगता (पुरुष बोक्सी) हरुद्धारा सम्पादित हुने रोमाञ्चकारी नाच हो। गौशाला नगरपालिका लगायत अन्य स्थानहरुमा "सोखा" र "कारिख" तथा गोविनको नामले पुकारिने लोक देवताहरुको पुजा आजा गरेर यो नाच नाचिन्छ। दुर्गा पुजाको अवसरमा विशेष गरेर गाँउको कुनै निश्चित ठाँउमा अथवा कुनै प्रतिष्ठित व्यक्तिको दलानमा खुला रुपमा धार्मिक समारोहका बीच यसको अनुष्ठान सम्पन्न गरिन्छ। भुतप्रेत भगाउनका लागि यो नाच नाचिन्छ र यसमा भाकल पनि गर्ने गरिन्छ। ग्रहदशा बिग्रेका मानिसको ग्रहदशा सुधार्ने उपाय पनि यसबाटै हुन्छ। यो दिनप्रतिदिन लोप हुँदै गएको छ। तरबारको धारमा र मुखबाट ध्यु प्रज्वलित अग्निको फुँक मारेर गरिने यो नाच हेर्न लायकको हुन्छ।

रामलीला

मर्यादा पुरुषोत्तम राम र जगत जननी जानकीको जीवनमा आधारित यो नाच लगातार एक महिनासम्म सम्पादित हुने परम्परा छ।

बाल काण्डदेखि उत्तर काण्डसम्मको सम्पुर्ण राम कथालाई जीवन्त अभिनयद्धारा प्रर्दशन गर्ने सदियौ पुरानो यस नाचको परम्परा दुर्गा पुजाको अवसरमा नियमित अभिनयका माध्यमबाट जीवित राखिएको छ। भारतको उत्तर प्रदेश र विहार, नेपालको पुर्वी, मध्य र पश्चिम क्षेत्रमा यो लोकप्रिय अनुष्ठानको रुपमा रहेको पाइन्छ। महाकवी तुलसी दासकृत "रामरचितामानस" का दोहा र चौपाईको गायन गरिन्छ र लोक बाजाको प्रयोगले गर्दा यस सम्पुर्ण गाँउलाई नै अनुगुञ्जित पारि रहेको हुन्छ।

कृष्णलीला

बडा रमणीय वातावरणमा सम्पादित हुने कृष्ण र राधाको जीवनमा आधारित यो नृत्य (नाटिका) परम्परा अद्यापि जीवित छ।

दर्शक समक्ष अभिनयका माध्यमबाट कृष्ण र राधाको प्रेम प्रसंगको साक्षात्

प्रकटीकरण हुन्छ । तर्सथ दर्शकहरुको समक्ष कृष्ण र राधाको जीवनका विभिन्न पहलु उद्घाटित हुन्छन् ।

डोमकछ

यो महिलाहरुले भाग लिने लोकनृत्य हो । यसमा महिलाहरुले गायनका माध्यमबाट आफुभित्र गुम्सिएका भावना अभिव्यक्ति गर्दछन् । गौशाला नगरपालिकामा लोकप्रिय यो लोकनाट्य विवाहको अवसरमा सम्पादन हुने गर्दछ ।

विवाहको बेला सबै पुरुषहरु बारात(जन्ती) मा जाने भएकाले घरको छरछिमेकमा महिलाहरु रातभरी गाएर र नाचेर यस अनुष्ठानमा सहभागि हुन्छन् । यसको उद्देश्य चोर र डाकुबाट पनि घरको सुरक्षा गर्नु त हुँदै हो, मनोरञ्जन गर्नू पनि यसको मुल उद्देश्य हो । यो नेपाली लोकनाच रत्यौलीसँग मिल्दोजुल्दो खालको छ ।

छोकडवाजी नाच

सदियौदेखि मधेशमा सम्पन्न र विपन्न दुवै वर्गमा समान किसिमले लोकप्रिय यो नाच ब्रतबन्ध र विवाहको अवसरमा नचाउने गरिन्छ । तर विगत केही समय यता यो लोप हुने दिशातिर गैरहेको बुझिन्छ । विवाह र ब्रतबन्ध जस्ता महत्वपुर्ण संस्कारमा अति नै लोकप्रिय अनुष्ठानका रुपमा यसलाई ग्रहन गरिएको थियो ।

खासगरी जन्तीसँगै जाने र जन्ती वास बस्ने ठाँउमा महफिल जमाएर नाच गान गरी मनोरञ्जन गर्ने विशिष्ठ परम्परा छ । यसमा जन्ती जाने दुल्हा पक्षका युवकहरुले नगद राशि पनि दिने गर्दथे । यो यस्तो एक लौकिक परम्परा थियो जसले सामाजिक सदभावलाई बढावा दिन्थ्यो । मनोरञ्जन र सामाजिक प्रतिष्ठाको माध्यम पनि थियो ।

यसलाई लौंडालौंडीको नाच पनि भनिन्थ्यो । विदुषकको भुमिका निर्वाह गर्ने व्यक्तिले जन्तीहरुलाई यथेष्ठ मनोरञ्जन प्रदान गर्न खप्पिस हुनु पर्दथ्यो । यसलाई लोकाचालीको भाषामा विपटा पनि भन्ने गरिन्छ ।

छोकडवाजीको एक नमुना :

नहिरा में सुनइत रहली,

सइया हय नदानमा,

आगे माई भोगहु के

बेरिया ना .....२ ॥

यसरी समाजमा मैना गोबिनाको नाच, कौवा हकनिको नाच, भुखना भुखनीको नाच, राजा नलको नाच, राजा बिकरमाझिको नाच, राजा हरिशचन्द्रको नाच, राजा ढोलक, लैला मजनु, जालिम सिंह, साहि लखिहारा, शितबशंत, रुनमा झुनमा, सुन्दर वन के सुन्दर फुल आदी लोक नाचहरु प्रचलनमा रहेका छन् ।

पिछडावर्ग (OBC) समुदायकका ग्राम देवता/कुल देवता/ब्रहमस्थान/डिहवार स्थान :-

१. ब्रहमस्थान/डिहवार स्थान :-

प्रत्येक गाँउ टोलमा एउटा ब्रहम स्थान रहेको हुन्छ जसलाई डिहबार स्थान वा ब्रहमबाबाको स्थान पनि भन्ने गरिन्छ। ग्राम वा बस्तीलाई सुरक्षा प्रदान गर्ने हुनाले ग्राम देउता पनि भन्ने गरिन्छ । ब्रहम स्थानमा सात बहिनी जगदम्बा काली, राजदेवी, फुलमत, रक्तमाला, गङगीया, वनसप्ती, बनी राजदेवी वामद लगायतको दवीहरुको बसोबास हुन्छन् । कुनै कुनै ठाँउमा नौ बहिनी पनि भन्ने चलन रही आएको छ । यस स्थानको प्रमुख ब्रहम बाबा डिहबार बाबा हुन्छ भन्ने देवीको रुपमा महारानीको पुजा हुने गर्दछ। टोल वा गाँउको कुनै पनि शुभ कार्यमा ब्रहमस्थानमा पुजा आजा गर्ने प्रचलन रही आएको छ । यस स्थानमा हनुमान, पुलिस, ब्रहमखिटास, फुलजोर बाबा आदी देवताहरुको पुजा हुने गर्दछ। प्रत्येक वर्ष असार महिनामा अषाढी पुजाको दिन भब्य रुपले सबै देवी देवताहरुको पुजा हुन्छ भन्ने कुनै कुनै ठाँउमा माघे संक्रातिको दिन पनि पुजा हुने गरिन्छ।

यस पुजामा देवी देवतालाई (खिरभोजनी) विशेष प्रकारको खीर जसमा दुधमा पानी नहालिकन विशेष रुपले बनाएको हुन्छ। यो विशेष प्रकारको भाँडोमा पनि पकाइन्छ जसलाई स्थानीय भाषा मगहीमा बटुक भन्ने गरिन्छ । यो पित्तल र तामाले निर्माण भएको हुन्छ । खिरभोजनीको साथै लडडु पकवानहरु चढाउने प्रचलन रही आएको छ। कुनै-कुनै ठाँउहरुमा देवीलाई खसी, बोका, परेवा पाठीको बली पनि दिने गरेको छ भन्ने कतिपय ठाँउमा बलीको ब्यवस्था गरिएको हुदैन। यस पुजाको अवसरमा विशेष प्रकारको भजन गाउने प्रचलन छ जुन धामी झाँक्रीद्वारा गाइन्छ जसलाई झुमर वा झुमरा भन्ने गर्दछ र यी स्थानमा देवी देवताको वास स्थानलाई गहवर भन्ने परम्परा रही आएको छ। यो पुजा प्रकृति पुजा हो। गहवर पनि विशेष किसिमको हुने गर्दछ। कुनै ठाँउमा यसको आकार प्रकार र बनावट स्तुप जस्तो आकारको भन्ने केही संस्कृति विद्वहरुको भनाई रहेको छ।

२. काली बनी कुलदेवता : काली बनीलाई आदी शक्ति जगदम्बाको नामले पनि चिनिन्छ । बनीले प्रत्येकको घरमा पुजा लिइएको हुन्छ । कुल देवता अर्को भए पनि बनीको पुजा सबैले गर्ने प्रचलन रही आएको छ । अत्याधिक शक्तिशाली देवीको रुपमा प्रचलित काली बनीको पुजामा 'अरघा' को प्रचलन रही आएको छ। अरघा भन्नाले माटोको ढक्कन अर्थात ढकनामा आँपको लकडी/दाउरा, घ्यु, जौ, तेल राखी आगो लगाएको हुन्छ जुन सामान्य मान्छेले छोएको खण्डमा हाथ जल्छ तर धामी झाँक्रीले काली बनीको आसन अर्थात धामी झाँक्रीको जीउमा काली बनी असवार (आउने) हुने बेलामा यसले घण्टौसम्म अरघालाई हातमा बोकेको हुँदा अलिकती पनि तातो महसुश नहुने धामी झाँक्रीले बताउने गर्दछन् । हरेक हप्ताको दुई दिन काली बनीको गहवर लिपपोत गरी पुजा गर्ने चलन छ जुन दिनलाई मगही भाषामा बैरागन भन्ने प्रचलन रही आएको छ । वर्षमा एक पटक श्रावणमा धुमधामले बैरागनको दिनमा पुजा हुन्छ, जसलाई घडी पवनी वा साउने घडी पर्व भन्ने प्रचलन छ । त्यस दिनमा खिर, पुरीका साथै अन्य पकवानहरु, मिठाईहरु पनि चढाउने प्रचलन रही आएको छ । काली बनीको गहवर जसलाई गोसाई घर पनि भनिन्छ । आफ्नो कुल परिवारको सबै सदस्य गोसाई घरमै प्रसाद ग्रहण गर्ने प्रचलन छ । बिहानी पख पनि प्रसाद अर्पण गरी घरभित्रै प्रसाद ग्रहण गरिन्छ र बाँकी प्रसादलाई त्यही घरमा खाल्डो खनेर पुर्ने गरिन्छ । किनकी कुल देवताको घर भित्रको प्रसाद बाहिर खाने वा अरुलाई दिने प्रचलन छैन । त्यस्तै माघे संक्रातिको दिन पनि पर्व मनाइन्छ जसलाई माघी पातर भनिन्छ । कसै-कसैको चार पाँच वर्षको अन्तरालमा कुनै भाकल पुरा भएको अवस्थामा धुमधामसँग पुजा आजा गर्ने गरिन्छ, जसलाई धामी झाँक्री बोलाएर झुमर गाएर पुजा सम्पन्न गर्ने परम्परा पनि रही आएको छ ।

३. कारिख महाराज : पिता ज्योतिक महाराज र माता अपुरा सतीको कोखबाट कारिख महाराजको जन्म राज परौलीमा भएको थियो । जादु टोनाले समाज त्रसित भएको समयमा कारिख महाराजको अवतार भएको जनविश्वास रहेको छ । कारिख जन्मेको केही दिनपछि नै आफ्नो साल नाल सयरा पोखरीमा गएर पखारेको अर्थात धोएको जनविश्वास रही आएको छ । सयरा पोखरीमा स्नान गर्ने चानचुने कुरा थिइन । धेरै ठुला ठुला धामी झाँक्रीहरु अर्थात १४०० जति धामीहरुलाई जोगीनहरुले बाँधेर राखेका थिए । सयरा पोखरीको रखवारको रुपमा नाग नागिन र बाघ बाघिनलाई राखिएको थियो । सयरा स्नान गर्ने बेलामा कारिख महाराजको

आमा अपुरा सतीले जति मनाए पनि कारिख महाराजले नमानिकन जति सुकै अप्ठयारो भए पनि आफुले सयरामा स्नान गर्ने ढिपी गरेपछि माता अपुरा सती पनि बाध्य भएर छोरालार्य आज्ञा दिएपछि कारिख महाराजले सबै बिघ्न बाधा पार गरी सयरा पोखरीमा स्नान गरेर राज परौलीमा फर्किन्छ । कारिख महाराजको गुरु दिनानाथ अर्थात सुर्यले सपना देखाएर राज कामरमा जोगिनहरुको बिगबिगी भएकोले जादु टोनाको माध्यमबाट समाजमा निकै क्षति पुगेकाले राज कामर उद्धार गर्ने आदेश दिए बमोजिम कारिख महाराज रैमल बछेरा विशेष प्रकारको घोडामा चढेर राज कामरमा जान्छन् । त्यहा जादु टोनाको भयङकर लडाई हुन्छ । अन्त्यमा कारिख महाराजले विजय प्राप्त गरेर कामर उद्धार गर्दछन् ।

यो लोकगाथा तथा लोकनाचको रुपमा पनि रहेको छ । यसका अन्य पात्रहरु नैना मैना, जोगिन, मोहरी चमैन आदी खलपात्रहरु हुन भन्ने कारिख महाराजको सहयोगी साथी गोबिन महाराज, सोखा महाराज, मिरा महाराज आदी हुन । कारिख कुल देवता भएका मानिसहरुलाई कारीकाहा भन्ने प्रचलन पनि रही आएको छ । कारिख महाराजको विवाह गोनरपुरका राज कुमारी सती अमृतासँग भएको थियो भन्ने कारिख महाराजको विशेष सहयोगीको रुपमा कोइली पनि रहेको थियो । यसरी कारिख महाराजको पुजामा झुमराको माध्यमबाट गीती लयमा यी लोकगाथालाई गाउने प्रचलन रही आएको छ । कारिख महाराजको पुजा चार दिनसम्म गर्ने चलन छ । यो एउटा ऐतिहासिक घटना पनि हो । परौल स्थान अहिले पनि महोत्तरी जिल्लामै पर्दछ । जहाँ प्रत्येक सोमबार र शुक्रबार ठुलो मेला लाग्ने गर्दछ । त्यहाँ चढाइएका बलीमा अहिले पनि कुनै प्रकारको झिङगा वा किराहरु नलाग्ने कुरा श्रद्धालुहरुले बताउने गर्दछन् । कारिख आफै धर्मराज भए पनि उहाँको सहयोगी मिरा महाराजलाई बली चढाउने परम्परा रही आएको छ । कारिख महाराजलाई लडडु र पकवानहरु मात्र चढाउने गरिन्छ ।

४. गोबिन महाराज : राज पलबैयामा पिता बाबा गनीनाथ र माता खेमा सतीको कोखबाट गोबिन महाराजको जन्म भएको हो । गोबिन कुल देवता भएको मानिसलाई गोबिनाहा भन्ने प्रचलन पनि रहेको छ । तत्कालिन समयमा मोरङ राज्य थियो । जुन स्थान अहिले नेपालमै मोरङ जिल्लाको नामले प्रसिद्ध छ । राज मोरङगमा जिवछी तेलिन नाम गरेकी एक अत्याधिक शक्तिशाली जादुगरनी थिइन । यी जादुगरनीले दिनानाथको पुजा गराउने सिलसिलामा १४००

ओझा भगता अर्थात धामी झाँक्रीलाई बन्दी बनाएका थिए । संसारमा आफु जस्तो जादुमा शक्तिशाली कोही पनि नभएको घमण्ड जिवछी तेलिनलाई भएको थियो । कसैले पनि पुजा गराउन नसक्ने भएपछि अन्तमा राज पलबैयामा गएर गोबिन महाराजलाई सलामी दिएर पुजा गराउन अनुरोध गर्दछ। गोबिन महाराज जिवछी तेलिनको राज्य मोरङगमा गएर पुजा गराउने सिलसिलामा बाधिन्छ । त्यसपछि उहाँलाई सहयोग गर्ने सिलसिलामा कारिख महाराज, सोखा महाराज, मिरा महाराज,पनि बाधिन्छन् । अन्तमा गोबिन महाराजको भान्जा बालखण्डी पनि जान्छ । त्यहाँ ठुलो जादुको लडाई हुन्छ । छलले गर्दा बालखण्डी पनि बाधिन्छ । त्यसपछि केसोपुरका रानी केसीया जोसँग पछि बालखण्डीको बिहे पनि हुन्छ । लोक गाथा अनुसार रानी केसीयाले बालखण्डीलाई ब्रहमाजीसँग तपस्या गरेर पहिला नै बरदान माँगी सकेकी हुन्छिन । सपनामा सती केसीयाले बालखण्डीलाई मोरङगमा बाँधिएको बुझेपछि राज मोरङगमा गएर बालखण्डीलाई मुक्त गराई आफु राजबालापुरमा फर्किछ । मुक्त भएपछि बालखण्डीले आफ्ना मामाहरु कारिख, गोबिन, सोखा र मिरालाई बाँध खोलाई जिवछी तेलिनको पुजा सम्पन्न गराई उनीहरुलाई दण्डित पनि गर्ने गर्दछ। त्यसपछि सबै जना आ-आफ्नो राज्यमा फर्किन्छ। यस प्रकारको लोक गाथा रही आएको छ। गोबिन महाराजको पुजा पनि चार दिनसम्म हुन्छ, जसमा बालखण्डी, फेकुराम, दयाराम लगायतका देवताहरुको पनि पुजा हुने प्रचलन रहको छ। यो पुजा निकै धुमधामका साथ गर्ने परम्परा रहेकाले पुजामा लाखौ रुपैया खर्च हुने गर्दछ ।

५. **सोखा महाराज :** सोखा महाराज पनि अत्यधिक शक्तिशाली कुल देवताको रुपमा प्रचलित रही आएको छ । उहाँको जन्म अग्नी कुण्डबाट राज कमरसनमा भएको जनविश्वास रही आएको छ । सोखा महाराजलाई सोखा शम्भुनाथ पनि भन्ने प्रचलन छ । अर्थात सोखा महाराज स्वयम शिव शङकरको अवतार रहेको जनविश्वास छ । सोखा महाराजको पुजा पनि ४ दिनसम्म हुन्छ । यस पुजामा पनि झुमराको माध्यमबाट सोखा महाराजलाई वर्णन गरिन्छ । कारिख, गोबिन, सोखा र मिरा सैयद दाई भाईहरुको रुपमा अर्थात असल मित्रको रुपमा रहेको जनविश्वास गरिन्छ । यिनीहरुको पुजामा धेरै समानता रही आएको छ । यी कुल देवता भएका ब्यक्तिहरु एक अर्काको पुजामा गएर सघाउने प्रसाद ग्रहण गर्ने परम्परा पनि रही आएको छ । सोखा महाराजको पुजामा आहुत लिने प्रचलन छ । आहुत पुजा सम्पन्न गर्ने धामीले दिने परम्परा छ । माटोको ढकनामा रहेको

गाईको तातो घ्युलाई धामीले मुखमा लिई आहुत लिने मानिसको शरीरलाई सफा कपडाले छेकेको भागमाथी फाल्नुलाई आहुत दिनु वा लिनु भनिन्छ । घरका सबै सदस्यहरुले आहुत लिने प्रचलन रहेको छ साथै सोखा महाराजको पुजामा आहुत अनिवार्य नै रहन्छ । पुजाको अन्तिम दिनमा समाजमा कुनै घटनाबाट पिडित भएको व्यक्तिले पनि सलामी राखी आफ्नो समस्या राख्ने गर्दछन् । जुन समस्यालाई मुल धामीले निराकरण गर्ने गर्दछ र पुजाको अन्तमा बेत करतालको पुजा गरी पुजा समापन हुने गर्दछ ।

मिरा महाराज, बालखण्डी, नरसिंह धरमराज, दयाराम, फेकुराम, खाँखीराम, बनी गोरैया, फुलजोर बाबा, हनुमान, फुलमत, रक्तमाला, बामत, लखबामत, राजदेवी, बौधी, पुलिस, बुढियादाई, बुचीदाई, महारानी, भगवती, गहिल, जलपा, राजन, गुण्डाक, अन्हेर भाट, सलहेश, भैरव, बिषहरा, राहुकेतु, पँचपिरिया आदी कुलदेवताहरु रहेका छन् ।

पिछडावर्ग (OBC) समुदायका केही लोकबाजाहरु

- **ढोलक :** ढोलक साधारणतया मादल भन्दा ठुलो हुन्छ, तर आकार प्रकार मादल जस्तै हुन्छ । यसको प्रयोग पनि विभिन्न माङ्गलिक अवसरहरुमा विशेष गरी किर्तनमा गरिन्छ । यसको अतिरिक्त यसको प्रचलन विभिन्न लोकोत्सवमा पनि हुन्छ । यसबाट सबै किसिमका तालहरु बजाइन्छ । यो आँप र सिसौको काठबाट बनेको हुन्छ र यसको दुवैतिर खसीको छाला बेरिएको हुन्छ । यसका दुबै मुख बराबर हुन्छन् र बीचको भाग पनि अलि चौडा हुन्छ । यसको प्रयोग रामलिला, कृष्णलिला र अल्हा रुदलको गीत गाउनमा गरिन्छ र यसको आवाज धेरै टाढासम्म जान्छ । खास गरेर रातको निस्तब्धतामा झन टाढासम्म यसको आवाज गुन्जन्छ ।
- **तबला :**तबला काठबाट बनाइन्छ । तर माथिल्लो भागमा कुनै जनावरको छालाले बेरिएको हुन्छ । दुईवटा तबलाको प्रयोग सधै हुन्छ जसमध्ये एउटा ठुलो र अर्को अति सानो खालको हुन्छ । यसको प्रयोग लोकनाच र अन्य गीतहरु गाउनमा गरिन्छ । साधारणत : बर्सेनि नै बजाइन्छ र सबै किसिमका तालहरु यसबाट बजाइन्छ । खास गरेर कुनै मेलामा आयोजित नाच र रामलिलामा यसको प्रयोग गरिन्छ ।

- **ढोल :** ढोलको बनौट पनि ढोलक जस्तै हुन्छ, तर फरक के छ भने ढोलकको दुबैतिर खसीको छाला बेरिएको हुन्छ र ढोलक एकातिर मात्र । यो चमार जातिका मानिसले मात्र बनाउँछन् । यसको प्रयोग सामुहिक नृत्य, जन्मोत्सव, विवाह र विभिन्न अन्य माङ्गलिक अवसरहरुको अतिरिक्त मृत्युको दुःखद बेलामा पनि हुन्छ । यसको आवाज धेरै टाढासम्म जान्छ । जाडोमा बजाउनु भन्दा अघि यसलाई आगोमा सेकिन्छ राम्रो आवाजको लागि ।
- **पिपही :** पिपही बाँसुरी जस्तो हुन्छ, तर बाँसुरी भन्दा मोटो हुन्छ । यसमा पाँच छवटा प्वाल हुन्छन् । यो पनि पातलो काठको बनेको हुन्छ र मुखमा राखिने चाँही यसको टुप्पामा छालाको प्रयोग हुन्छ । यसलाई जिमिया भन्छन् । यसको स्वर धेरै मधुरो हुन्छ । यो चमार जातिका मानिस नै धेरैजसो बजाउँछन् ।
- **सींघा :** सींघा करिब ४–५ फिट लामो तर बाङ्गो हुन्छ । यसको मुखमा राख्ने भाग चाँही पातलो तथा बाहिरको भाग अलि चौडा हुन्छ, तर बीचमा तलदेखि माथिसम्म प्वाल हुन्छन् । यसबाट मुखले बजाउँदा खेरि आवाज बाहिर निस्कन्छ । यो ढोल र पिपहीको साथमा स्वर मिलाउनको लागि बीच बीचमा बजाइन्छ । यो चमार र दुसाध जातका मानिसहरुले बजाउँछन् । यसको प्रयोग पनि विभिन्न माङ्गलिक अवसरहरुमा गरिन्छ । ढोल, पिपही र सींघाको मेलले सारा वातावरणलाई प्रतिध्वनित र सङ्गीतमय बनाइ दिन्छन् । माथि लेखिएका लोकबाजाहरु ढोल, पिपही तथा सींघा बजाउने मानिसहरु प्रायः निर्धारित हुन्छन् र यो तिनीहरुको पेशा पनि हो । लोक वाद्यवादकका टोलीहरु प्रायः प्रत्येक गाँउमा हुन्छन् । यी लोकबाजाहरुको लोकप्रियता प्रायः प्रत्येक गाँउमा हुन्छ । यी लोकबाजाहरुको लोकप्रियता प्रायः दिनानुदिन घटदै गइरहेको छ, किनभने पच्छिमी बाजाको प्रयोग बढदै गएको छ । आजका मानिसहरु आधुनिक बाजातिर क्रमशः आकर्षित हुँदै गएकोलेयसको प्रयोग चिन्ताजनक स्थितिमा पुग्न लागेकोछ, तर गाँउका गरीब मानिसहरु चाँही यसै बाजाको प्रयोग मन पराउँछन् । अतः आधुनिकताको प्रभावबाट यी लोकबाजाहरुलाई बचाउनु आवश्यक छ ।
- **डमरु :** डमरु पौराणिक कालदेखि लोकजीवनमा प्रचलित, शिवलाई मन

पर्ने एक प्रसिद्ध बाजा हो । बीचको भाग पातलो र दुबै किनार अलि चौडा हुन्छन् । यसमा डोरीको प्रयोग पनि गरिएको हुन्छ । दुवै किनारमा मरेका जनावरका, नरम छालामा डोरीको थाप परेपछि आवाज निस्कन्छ । यो तराई मधेशका प्रत्येक गाँउघरमा शिवको अर्चना, आराधना र पुजा आजाको शुभ अवसरका बेला बजाइन्छ । तर अचेल चटके र कठपुतलीको नाच देखाउने मान्छेले पनि यसको प्रयोग गर्न थालेका छन् । गाँउलेहरुमा विशेषतः बच्चाहरु यसको आवाज सुन्ने बित्तिकै सबै कामधन्धा छाडेर भेला हुन थाल्छन्, यथार्थमा मानिसहरुको ध्यानाकर्षणको लागि नै यसको प्रयोग गरिन्छ ।

- **घारीघन्टा :** यो पित्तलले बनेको हुन्छ । यसको प्रयोग सत्यनारायण भगवानको पुजामा गरिन्छ। यो नभई पुजा हुँदैन । यो शव यात्रमा पनि बजाइन्छ ।
- **शङ्ख:**शङ्ख समुन्द्रमा पाइने एक किसिमको जनावरको खबटा हो । यसको प्रयोग विभिन्न माङ्गलिक अवसरहरुमागरिन्छ । यो गाँउको प्रत्येक मन्दिरमा पुजाको अवसरमा बजाइन्छ । पुजाको अवसरमा यो घरमा पनि बजाइन्छ । यसको आवाज जहाँसम्म पुग्छ त्यहाँसम्म भुतप्रेत आउँदैन भने जनमानसको भनाई रहेको छ ।
- **डङ्गा :**डङ्गा भित्रबाट पुरा खुलेको हुन्छ र बाहिर जनावरको नरम छालाले बेरिएको हुन्छ । यसको आकार गोलो प्रकारको हुन्छ र काठले बनेको हुन्छ । यसको प्रयोग साधारणतः विवाहको अवसरमा हुन्छ ।
- **नगाडा (नगरा):** यो ढोल भन्दा धेरै ठुलो हुन्छ । यसलाई ऊँटमाथि राखेर बजाइन्छ । यसकोमाथिल्लो भाग छालाले बेरिएको हुन्छ र माथिल्लो भागमा चोट परेपछि यसबाट ठुलो आवाज निस्कन्छ । यो नौटङ्कीमा पनि बजाइन्छ । नटहरु धान काटने मौसममा खेत खेतमा गएर धान माग्नको लागि नगाडा बजाउँदै डुल्दछन् ।

पिछडावर्ग (OBC) समुदायका लोक कला, चित्रकला, हस्तकला, काष्टकला :

चित्रकलाको इतिहास मानव सभ्यताको बिकाश क्रमदेखि नै मानव जनजीवनसंग जोडिएको छ । पासांग युगमा मानिसहरुले अरु जनावरहरुप्रति शासन गर्न बिजय

हाँसिल गर्न आफ्नो आधिपत्य जमाउनको लागि चित्रकलालाई आफ्नो दिनचर्या चलाउनको लागि सहयोगको रुपमा लिदै आएको एतिहासिक प्रमाणहरु हामीसंग यत्रतत्र संसारका बिभिन्न गुफा, संग्रहालयहरुमा अहिलेसम्म सुरक्षित रहेको छ। मानव सभ्यताको बिकास क्रमसंगै चित्रकला एउटा सौन्दर्यात्मक मार्ग दर्शकको रुपमा मानव सभ्यता संगै निरन्तर चल्दै आएको छ। पेलियोलिथिक, नियोलेथिक समयसंगै निरन्तर चल्दै आएको छ। आज भन्दा ४०००० हजार बर्षदेखि अहिलेसम्म मानव सभ्यतासंग एउटा संस्कृतिको रुपमा मानवहरुको भूगोल परिवेश सभ्यता अनुसार हातमा हात मिलाएर साथ् दिदै आएको छ।

एसियाको सबभन्दा पुरानो गुफा चित्र भिमबेटकामा १०००० बर्ष पुरानो चित्रहरु अहिले पनि भिमबेटका गुफामा प्रस्टछ। यहि बाट एसियाको बिभिन्न गाँउहरुमा आ-आफ्नै समुदाय अनुसारको कला संस्कृतिलाई निरन्तरता दिदै आएको छ फलस्वरुप अहिले प्रत्येक समुदायमा आ-आफ्नै मौलिकता झल्किने खालको चित्रकला संगीतकला मूर्तिकला नृत्य कला शिल्पकलाले निरन्तरता पाउँदै आएको छ। अहिले संस्कृतिक हिसाबले पिछडावर्ग, मधेशी, थारु र तामांगसभ्यताको अवशेषहरु देख्न सकिन्छ।

सिन्धुघाटी सभ्यता बिनास गरेर पुर्वतिर पसेको आर्यनहरु अहिलेको मधेश अर्थात उर्बर समथल भूमिको खोज गर्दा गर्दै हामी अनार्यहरुको रैथाने भुमिप्रति कब्जा गर्ने काम भयो र यसै समय देखि यहाँको मानिसहरुप्रति बिभिन्न प्रतिबन्ध लगाउदै आएको कुरा इतिहास अध्ययन गर्दा प्रस्टिने गरेको छ। लोककलाहरु जसले आ-आफ्नो पहिचान संस्कृतिक गरिमा बढाएर राखेको छ। यस क्षेत्रमा रहेको कलाहरु पूर्णतः भारतको बिहारसँग मिल्छ। बिहारमा चल्दै आएको कला संस्कृति नेपालको मधेशसँग पूर्ण तह मिल्छ किनभने नेपाल भारतको सिमाना कोरेको २५० बर्ष भएको छ। यो भन्दा अघि पनि यहाँको मानिसहरुको आफ्नो सभ्यता, कला, संस्कृति, इतिहास थियो जसले गर्दा अहिलेसम्म त्यो इतिहास निरन्तर चल्दै आएको छ।

त्यसैले हामीले के बुझ्नु पर्छ भने यस भेगको कला संस्कृति नेपाल भारतको सिमाना भएपछी भएको हो भनेर सोच्नु मुर्खता हो। त्यसैले यहाँको मूल लोक कलालाई अनार्य संस्कृति, अनार्य लोककला, लोक अन्तर्गत अनार्य चित्र कला, अनार्य लोक भाका, अनार्य नृत्य कला, अनार्य उद्भृत मूर्तिकला भनेर सम्बोधन

गर्दा उत्तम रहने देखिएको छ । यी सम्पूर्ण लोक संस्कृतिलाई तथा कथितहरुले मिथिला कला भनेर सम्बोधन गर्दै आएको छ । तर वास्तवमा यो सबै अनार्य लोककला हो । अर्थात मगधको मगही लोक कला हो ।

कोहबर चित्रकला : पिछडावर्ग (OBC) समुदायमा भुमि भित्र मगही चित्रकला, भोजपुरी चित्रकला, थारु चित्रकला, मुस्लिम चित्रकला लगायत अन्य धेरै संस्कृतिहरु रहेका छन् जसमध्ये पहिचान जोगाउनमा चित्रकलाको अहम भूमिका रहेको छ । मिथिला चित्रकलाको प्रारम्भ कालदेखि नै मिथिला चित्रकला बनाउनेहरुलाई एउटा कालिगढ़ शिल्पकार मनोरंजन कर्ताको रुपमा यहाँको धनि तथा आ-आफ्नो आधिपत्य चलाई रहेको ब्यक्तिहरुले यो चित्रकलालाई जीवित राखेको प्रस्ट देखिन्छ । जसरी राजा महाराजाहरुले आफ्नो दरबार कलात्मक सौन्दर्यात्मक सुन्दरता थप्नको लागि शिल्पकार संगीतकार मूर्तिकार नाट्यकारहरुलाई संरक्षण गरेको हुन्छ । त्यसै अनुरुप प्रचार प्रसारमा यी वर्गहरुको भूमिका र योगदान निकै ठुलो रहेको छ । विवाह कार्य सम्पन्न भए पछि जुन कोठामा बेहुला बेहुलीको प्रथम मिलन हुन्छ, जहाँ विदाई सम्म दुवै बस्छन् त्यसलाई कोहबर घर भनिन्छ । कोहबर घरको साज श्रृंगार अनौठो हुन्छ । जसमा अंकित लिङ्ग र योनीको चित्रको सांसारिक र तान्त्रिक महत्व छ । कोहबर घर भनेको नव दम्पतीको सयन कक्ष हो । कोहबरको भित्तामा कोहबर चित्र महिलाहरुले बनाएको हुन्छ । पहिला पहिला कोहबर कला भएको घरमा दुलाहा एवम् दुलही लगातार एक हप्तासम्म बस्नु पर्ने परम्परा थियो । उनीहरुको रासलिला त्यही कक्षमै हुनु पर्ने मान्यता छ । जसले उनीहरुको रासलिला सफल एवम् फलदायी र दाम्पत्य जीवन लामो समयसम्म सुखमय रहोस् भन्ने चाहना व्यक्त गरिएको हुन्छ ।

सिकी हस्तकला

कुश घाँसको प्रयोग विभिन्न माङगलीक अवसरहरुमा हुँदै आएका छन् र आज पनि विवाह ब्रतबन्ध, पूजा र श्राद्धका माङ्लीक अवसरहरुमा प्रयोग गरिन्छ । यसर्थ सिकी हस्तकलाको प्रयोग पनि श्रृष्टिको उषाकाल देखि नै हुँदै आएको पाइन्छ । सिकी एक किसिमको लामो खालको घाँस हुन्छ यसलाई चिरेर घरायसी प्रयोगमा आउने डलिया, मुजेला र टोकरीको निर्माण यसबाट गरिन्छ । यसमा विभिन्न रङ्गहरुको प्रयोग गरेर आफ्नो इच्छा अनुकूल बनाउने गरिन्छ । रङ्गमा बास्नायुक्त

रसायन मिसाएर यसलाई सुगन्धित पनि बनाइन्छ । यसबाट निर्मित वस्तुहरु जस्तो डालो (डलिया), मौनी, मुजेला र टोकरीमा विभिन्न देवी देवता, फूल, जनावर, चराचुरुङ्गी आदिको आकृति र चित्र कोरिन्छ ।

मुँजकला

मुँजकला घर बाहिरको व्यवहार धान्नको लागि आवश्यक ठानिन्छ । सिकी नरम घाँस हो भन्ने मुँज अलि ठूलो र बलियो तथा कडा किसिमको घाँस हो । तसर्थ मुँजबाट अलि बढी टिकाउ वस्तुहरुको निर्माण गरिन्छ । धान, चावल, गहुँ ओसार प्रसार गर्नका लागि मुँजबाट बनेका मुँजेला र टोकरी बढी उपयोगी हुन्छ ।

कसिदा सृजनी (कढाई)

महिलाका सारी, ब्लाउज, कमरबन्द (डरकस), बच्चाहरुको टोपी, तकिया, तन्ना, ओढनी आदिमा सुइरो र धागोको सहायताले रङ्गी विरङ्गी चित्र अंकित गर्ने गर्दछन् । सृजनी पुराना थोत्रो कपडा माथि गर्ने हस्तकला हो । च्यातेको सारी र धोतीलाई चारैतिरबाट सिएर त्यसमाथि विभिन्न रङ्ग र आकार प्रकारको चित्रकारी गरिन्छ ।

खेलौना हस्तकला

बच्चाहरुको मनोरञ्जनका लागि अनेक किसिमका खेलौनाहरु तयार गरिन्छ । महिलाहरु, केटाकेटी दुवैलाई मन पर्ने खेलौनाहरुको निर्माण सदियौँ देखि गर्दै आएका छन् । यसको निर्माणको लागि साधारण चिज, सस्तो पुराना लुगा कपडाहरुको टुक्रा टुक्री र भुसको प्रयोग गरिन्छ । यसको लागि कम पैसा, कम श्रम र कम सिपको आवश्यकता पर्दछ ।

मेहदी

महिलाहरु यसको प्रयोग हात र खुट्टा तथा कपालमा गर्ने गर्दछन् । मेहदीको प्रयोग शरीरको हात खुट्टामा शितलता दिने, अनेक प्रकारको रोगबाट समेत मुक्त मिल्दछ भन्ने विश्वासको साथै मेहदीको प्रयोग सेतो कपाललाई कालो गर्नका लागि कालो मेहदी र रातो पार्नका लागि रातो मेहदीको प्रयोग गरिन्छ । महिलाहरु आफ्नो हत्केलामा यसरी मेहदीको श्रृंगार गर्दछन् कि मन सधैँ मोहित हुन्छ । यो प्राकृतिक सौन्दर्य साधन भएकोले यसको प्रयोगबाट महिलाहरुको सौन्दर्य अनुपम

एवम् अदितीय हुन जान्छ। मेहदीद्वारा सजिएको हात र खुट्टा सुनको गहना भन्दा पनि आकर्षक देखिन्छ। अहिले त पुरुषहरु पनि यसको प्रयोग गर्न थालेका छन्।

अरिपन कला

जुन ठाउँमा अरिपन बनाइएको हुन्छ त्यो भूमि वा स्थान पवित्र हुने विश्वास गरिन्छ। यस्ता कलाकारिता प्राय विभिन्न महत्वपूर्ण चाडपर्वहरुमा बनाइन्छ। अरिपन चित्र पिठारले कोरिन्छ। चामललाई पानीमा भिजाएर पिँधी लेप बनाई तयार गरिन्छ। पिठोको प्रयोग अत्यधिक हुन्छ। यस संस्कृतिमा पिठार अक्षतबाट अमृत तत्व, अखण्ड तत्व, परम ब्रह्म वेदमा पनि अन्नलाई ब्रह्म भनिएको छ। पानी अर्थात् जीवन सँग एकाधार हुन्छ। अरिपनका रुपमा रिद्धिसिद्धि दायकशुभयन्त्रहरु (डा. राजेन्द्र विमल) अरिपनमा कहिले काहीँ सिन्दुरको प्रयोग गरिन्छ। अरिपन रातो विन्दुमाता दुर्गा र त्रिकोण (भित्री भाग) गौरीको प्रतिनिधित्व गर्दछ। अरिपनको विषयवस्तु प्राकृतिक घटना र विभिन्न वस्तुहरु जस्तो फूल, पात, रुख, माछा, मयुर, सर्प (नाग), सूर्य, चन्द्रमाँ, गौरी र गणेश हुन्छ। दैनिक पूजा पाठमा प्रयोग हुने पदार्थहरु जस्तो दियो, शंकर, त्रिशुल आदि पनि प्रयुक्त हुन्छ। अरिपन रेखा गणितीय आकार त्रिकोणात्मक, वर्गाकार, षटकोण, आकारमा अंकित गरिन्छ।

काष्ठ कला

काठबाट चौकी, खाट, पलङ, पिर्का, सन्दुक, बोराबाट साफरीको प्रयोग सुत्नलाई गरिन्छ। बाँसले ठेकी, नाङ्लो, पंखा, माटोमा ओछ्याउने पटिया इत्यादि आफैँ बनाउँछन्।

गोदना

महिलाहरु आफ्नो हात, खुट्टा, छाती, हत्केला, गर्धन र पाखुरामा गोदना गोदाउने गर्दछन्। यो धेरै लोकप्रिय श्रृंगार हो। जीवनमा एकपल्ट प्रयोग गरेपछि आजीवन रहिरहन्छ। सुइरोले घोचेर कलात्मक रुपमा अंग प्रत्यांगमा गोदना गोदाउने एउटा विशेष कला हो। यो धेरै कष्टकर भए पनि महिलाहरु बढी मन पराउँछन्। अहिले गोदना पनि मेसिनद्वारा लगाइन्छ। गोदना गोदने स्त्रीले गोदनाको गीत पनि गाउँछन्।

भित्ते चित्र हस्तकला

लोककला भनेको एउटा पुस्ता बाट अर्को पुस्तामा हस्तान्तरण गर्ने हुने समाज मानवहरुको प्रत्येक अभिव्यक्ति हरुलाई लोककलाको रुपमा ब्याख्या गरेको पाईन्छ। लोककला भित्र भित्ते चित्र अर्थात मयुरल पेंटिग जसमा सबभन्दा प्रख्यात कोहबर चित्र पर्छ। जति बेला नवविवाहित बेहुला बेहुलीलाई पहिलो मिलन अर्थात सम्भोगको पहिलो दिनलाई बिशेष यादगार र मानसिक रुपमा यी जोडीहरुको मनमा जहिले पनि एकार्काप्रति समर्पणको भावना झल्किनका निम्ती सम्भोगका विभिन्न चिन्हहरु सांकेतिक रुपमा प्रयोग गरेर बेहुला बेहुलीको मानसपटलमा सुमधुर सम्बधन स्थापना गर्नका लागि कुलदेवताको घर,मन्दिर भित्र कोहबर चित्र बनाउने परम्परा निरन्तर चल्दै आएको छ । यो कोहबर कलामा स्थान समुह जाति अनुसार फरक फरक संकेतको प्रयोग गर्दै आएको छ। जस्तै उच्च जाति अर्थात ब्राम्हण, कायस्थ, झा, मिश्रामा कोहबर चित्र पुरै तान्त्रिक आधारमा बनाईन्छ ।थारु जतिमा कोहबर चित्र बनाउदा तान्त्रिक कुराको प्रयोग हुदैन । भोजपुरी सभ्यतामा पनि तान्त्रिक प्रभाव चित्रांकन हुदैन। अवधि कोहबर चित्रमा पनि तान्त्रिक संकेतको प्रयोग हुदैन । त्यस्तै मगही कोहबर चित्रमा पनि कतै तान्त्रिक संकेतको प्रयोग भएको हुदैन केवल प्राकृतिक जनावर तथा देवी देवताको सम्भोगको समयको चित्रांकन गरेको हुन्छ।

भाँडा वर्तनमा बनाउने चित्र

विवाह, छठ पर्व, कलश यात्रा आदि शुभ कार्यमा माटोको भाँडो घैंटोलाई पिठारले सेतो रंगाएर त्यसमा समारोहसँग सम्बन्धित सांकेतिक प्रतीकात्मक रेखा चित्रहरु केसरी वा सिन्दुरले बनाउने गरिन्छ। जस्तो कि देवी-देवताको खराउ, त्रिशुल, शंख, स्वस्तीक चिन्ह, चक्र, गदा, चरा, लहरा, फुल, आदि कुराहरुलाई शुभ कार्यमा सौन्दर्यात्मक रुपले घैंटो र भाँडाहरुलाई कलात्मक बनाई पूजा पाठ होम-जाप विवाह शुभारम्भ हुने गर्दछ। त्यसैले मधेश भित्रको लोककला अहिलेसम्म भाँडा-वर्तनमा पनि जीवित रहेको कुरा प्रस्ट देखिन्छ।

लोक कलाको परिभाषा :

मानव बिकासको एतिहासिक दृष्टिले समाज शात्रीय कला जीवनको अभिन्न

संगिनी हो, त्यसैले लोककलाको आश्रयमा संसारका बिभिन्न कलाहरु जड रहेको छ । लोककला भनेको कलाकारद्वारा सिर्जित कला हो । यसै गरी अर्को व्याख्या अनुसार लोकामत्मा आधारित कला हो, त्यसैगरी लोककला लोक जीवनको दर्पण हो । लोककला वास्तविकताको धरातल हो, लोककला समाजको इतिहास हो ।

वास्तवमा लोककला आदिम कलाको विकसित रुप हो । त्यस्तै अर्को परिभाषा अनुसार कृषि संस्कृतिको उपज आजको लोक कला हो, अझ भन्ने हो भने लोक जीवनको स्मृति कला नै लोक कला हो । लोककलामा पहिले लोकायत र पक्षी धर्मले आफ्नो अस्त्रको रुपमा प्रयोग गरेको पाईन्छ ।

अब यसमा विज्ञान, प्रविधि, उद्धोग, निर्माणको महत्व पनि वृद्धि हुदै गईरहेको छ । अर्थात राष्ट्र समाज र विश्व जुन रुपमा जसरी विकसित विकासशील बन्दै जान्छ, लोककला पनि त्यही अनुरुपको दर्पण बन्दै जाने बिषय भन्न निर्धक्क साथ् सकिन्छ ।

१. मिथिला लोककलाको परिभाषा : लोककलाको उपरोक्त परिभाषा अनुसार मैथली लोकजीवन पद्धतिमा आधारित भावना र कल्पना प्रस्तुत कला नै मिथिला लोक कला हो । यसमा मिथिलाको जीवन पद्धति तथा जीवनस्तरको साथै समाज र सामाजिकताको पहिचान सम्बन्धि सांकेतिक चिन्हहरु लक्षणहरु तिर्खारूद्वारा अभिप्रायहरुको अभिव्यक्ति कारण झल्किन्छ त्यही मिथिला लोककला हो । अर्को भाषामा पुनः यसरी भन्न सकिन्छ मिथिलाकला सम्पूर्ण मिथिला क्षेत्रको ईतिहास हो एक जीवन्त आधार हो ।

२. भोजपुरी लोककला : भोजपुरी लोककला भोजपुरी समाज र सामाजिक जीवन पद्धति कै सांकेतिक अभिप्रायहरुको अभिव्यक्ति हो । ध्येहरु मुल्य मान्यता तथा रिति तिथि परम्परा ब्यक्तिकरण हो ।

३. अवधि लोककला : अवधि लोककला अवधि समाजमै फुले फलेको कला हो । यसमा अवधि लोक जीवनको अभिप्राय हुन्छ यसलाई ब्यक्त गर्ने कलात्मक सांकेतिक चिन्ह लक्षण प्रतिक तथा तत्वहरु हुंन्छ अर्थात अवधि लोककलाको आदि स्रोत अवधि समाज स्रष्टाहरु बाटै संरक्षित हुदै आएको छ ।

४. मगही लोककला : मगही लोककलामा किसान वर्गको अभिव्यक्ति भएको पाईन्छ । कथामा पिडा, ब्यथा, उपंग, उत्साह, उत्कर्ष जीवन्त तरिकाले प्रस्तुत गरेको पाईन्छ । सामाजिक जनजीवनलाई झल्काउने विश्व विख्यात मगधको लोक कला मगही लोककला हो। मगही संस्कृतिलाई जीवन्त राख्नको लागि मगही लोककलाको भुमिका अद्धितिय रहेको देखिन्छ ।

५. लोक संस्कृतिको परिभाषा : लोक संस्कृति संसारको कुनै पनि राष्ट्र कुनै पनि समाज कुनै पनि जनसमुदायको भाषा भेषभुषा रहन सहन छाल चलन बिधि ब्यबहार रितितिथि मुल्य मान्यता आस्था र विश्वासले भरिपूर्ण हुन्छ । त्यस्तै कला साहित्य र संगीत ज्ञान बिज्ञान दर्शन जातीय पहिचान गराउने विशिष्ट जीवन पद्धत्तिलाई भनिन्छ। यसलाई शिक्षा सुसंस्कारले सुसंस्कृत भएको पाईन्छ। अपरिपक्वताबाट परिपक्व बनाउने, उजाडबाट श्रृंगारिक बनाउने, अशिष्टताबाट शिष्टता बनाउने हो । शास्वत जिवान्तताको यथार्तलाई सम्बर्धन गर्ने हो ।

सतह भुमि चित्रकला : लोककला कच्चा भित्ता माथि गोबरले लिपेर या त त्यसैमाथि अथवा लिपेको भित्ता माथि पहेंलो, करिकोंमा विभाजित गरेर त्यसमा स-साना रेखा र बिन्दमेरो, चुनले लिपेर सुकेपछि सढशैलिमा फुल, फल, चराचुंगी, हाती, घोडा, गाई, सर्प, माछा, सुगा, पान आदिका आकृतिहरु चुँन, गेरु, चामलको पिठोको लेप आदिले कपास, कपडाको कुची बनाई रंगको मदतले अंकित गर्दछन ।

ति आकृतिहरु ज्यामितीय हुन्छन र रंगहरु प्राकृतिक शुद्ध र प्राम्भिक हुन्छन । आकृतिका रेखाहरु कतै दोहरो रेखाले त कतै एकहोरो रेखाले बनाएको रेखा बीच सानो तेर्सो रेखाहरु कोरिएको हुन्छ। दोहरो रेखाको मध्य भागमा त्रिकोणमा विभाजित गरेर रेखांकनद्वारा अलंकार गरिएको हुन्छन । घरको भित्ताहरुमा कहिले उत्सवहरुमा गरिएको चित्रकारी हुन्छन । यस्ता चित्रहरु अनुष्ठानसँग चित्रहरु चित्रित गरिन्छ। केही रामायण, महाभारत, भागवत, शिव पुराण जस्ता ग्रन्थहरुको कथामा आधारित बाँसको करचीबाट कुची बनाई चित्रलाई जीवन्त गर्ने गर्दछन ।

नव विवाहित वर वधुको कोहबर घरमा शंख, सुगा-सुगिको जोडी, बाँस पुरैनको अंकित चित्र हुन्छन । जहाँ उबरताका प्रतिक माछा, कछुवा, केरा, पानको लहरा, पोखरी, हाती, चन्द्र, सुर्य, फुल र फल्क्ले लटरम्म रुख तथा पतिपत्नीको हस्यौली ठट्यौली चित्रांकन गरिएको हुन्छ। यसैगरी नवरात्री, दिपावलीमा रंगोली,

दुर्गा, लक्ष्मी, देवी-देवता तथा उत्सवको सुन्दर रमणीय कलात्मक चित्रण गरिन्छ।

कतिपय घरहरुमा घरको शोभा र मनोरन्जनको लागि चित्रकारी गरिएको हुन्छ। यस्ता चित्रकारी बाहेक नयाँ नयाँ घर बनाएर भित्तामा माटोको बाक्लो तह लगाउछन् जसमा लोक कलाकार महिलाहरु हत्केला र औंलाको सहायताले उकेर समाएर बिभिन्न किसिमका उभार चित्रकारी गर्दछन। यसले गर्दा साधारण घाँस फुसको भित्ता भएको घार पनि रमणीय र सुन्दर देखिन्छ, जसलाई देखेर स्रष्टा कलाकार नारीको हृदय त प्रफुल्ल हुन्छन साथै दर्शकहरु पनि आश्चर्य चकित हुन्छन।

१. भित्ते चित्र

२. भुमि चित्र

३. पात चित्र

४. काष्ठ चित्र

५. वास्तु चित्र

६. भाँडो चित्र

७. व्यक्ति चित्र

भित्ते चित्र - भित्ते चित्र घरको भित्तामा चित्रित गरिन्छ। यसलाई भित्ते चित्र भनिन्छ। गोबर अबिर बिभिन्न रंगको समिश्रणबाट निर्मित बिभिन्न चित्रहरु प्रत्येक घरको सजावट र सृंगारको लागि आवश्क ठानिन्छ। यी चित्रहरुमा पवित्रता शुद्धता स्वास्थ र सौन्दर्यको भावना संचित हुन्छ। हाती घोडा मयुर सुगा आदि चराहरुका बिभिन्न चित्रको अतिरित्त्क अनेक देव देवीहरुको चित्रहरु पनि विवाह ब्रतबन्धन अन्य धार्मिक कार्यमा बनाईन्छ।

भुमि चित्र - भुईमा चित्रित र अंकित हुने चित्रलाई भुमि चित्र भनिन्छ। घरको प्रवेशद्वार नजिक कोरिएको चित्रहरुलाई अल्पना भन्छ। यसलाई संस्कृतमा अलिम्पन्म अरिपन भन्दछन्। ब्रम्हाण पुराणमा अल्नाको वर्णन पाईन्छ। भूतलाई सोझै पुजा गर्ने परम्परा नभएकोले भुतलमा बिभिन्न आकृतिहरुले चित्र कोरिन्छ। यसलाई पुजा गर्ने प्रचलन देखिन्छ। भूतलाई बिभिन्न चित्रहरुले मण्डित गरेर

बिधि बिधान पुर्वक पुजा गरिन्छ । अल्पनको निर्माणमा पिठार पानीको प्रयोग हुन्छ । रंगिन तुल्याउन सिन्दुरको प्रयोग गरिन्छ । यसमा भाई टिकामा चौका बनाईन्छ । चौरचनमा पिठार छर्केर बनाईन्छ । देबउठाउनमा पालो, हलो, जुवा, पिढका बनाईन्छ । यसमा नांग्लो मुनि तरकारीहरु धान राखेको हुन्छ । यसलाई मूल देउताको घरबाट दुई ओटा रेखा निकालेर आँगनको अरिपनमा जोडेको हुन्छ । यसैलाई हरिबोधनी एकादशीको हाम्रो मधेशको सब भन्दा ठुलो अरिपन्को रुपमा लिने गरिन्छ । यसबाट के प्रष्ट हुन्छ भने चौधो शताब्दीतिर पनि अरिपन निकै बिकसित भएको देखिन्छ । यसबाट यो तथ्य पनि प्रस्टिन्छ कि मधेशका वासीहरु लोककलामा धनि भएको देखिन्छ । अतः यद्धपि अल्पना मात्र होईन अन्य लोक कलाको माध्यमहरु पनि जिबन्त छन् । यसको एउटा ज्वलन्त उदाहरणको रुपमा अरिपनलाई लिन सकिन्छ ।

पट चित्र : (यो चित्र मुख्यतः विभिन्न किसिमका कपडाहरुमा अर्थात सुति रेशमी वा अन्य कपडा क्यानभासमा अंकित गरिन्छ । विवाहको अवसरमा दुलहालाई जन्तीको साथ् बिदा गर्ने बेलामा यस्ता अंकित चित्रहरु उपहारको रुपमा दिने चलन परम्परा थियो । समय परिवेश बदलिदै जादा यो प्रथा अहिले लोप हुदै गएको छ ।

काष्ठ चित्र - यसको आधार फलक र काठ हुन्छ । काठको ढोका, झ्याल, अल्मारी, बार्दली, बैठक घर, सृंगार कक्ष, बेलना, चकला, साँच, चौकी, खाट, पलंग, सन्दुक आदिमा अंकित हुन्छ । यस्ता किसिमका चित्रहरुमा पनि धार्मिक भावना नै प्रगाढ र प्रवल देखिन्छ । यो हेर्ने मानिस प्रभावित नभई छाड्दैन । यस बाहेक हाती, घोडा, मयुर आदिका चित्र पनि काठमा अंकित गरिन्छ ।

वास्तु चित्र - मधेशको गाउँ गाउँमा बाँसको झ्यांग हुन्छ । यस बाँसको टोकरी, डालो, नाङ्लो, ढकिया, दौरी, कोनिया आदि बिभिन्न रंगीचंगी वस्तुहरु बनाउने परम्परा शताब्दियौ देखि चल्दै आएको छ । यसलाई घरेलु उद्धोगको रुपमा पनि बिकास गर्न सकिन्छ तर अहिलेसम्म यसलाई लोककलाको रुपमा मात्र मान्यता दिई रहेका छौ । अहिलेको समयमा जनकपुरमा डालो मौनी मुजैलाको पनि प्रदर्शन गरिन्छ । यी वस्तु चित्रित सामानहरु घरको शुभ कार्यमा प्रयोग गरिन्छ ।

भाँडो चित्र - मधेशको भुमि भित्र प्रत्येक गाउँमा कुमाले माटोका भाँडाहरु बनाउने प्रचलन परम्परादेखि चल्दै आएको छ । सुराही गाग्री कन्तरा गमला आदिमा बनाईन्छ । यसमा बिभिन्न चित्रहरु अंकित गरिन्छ । यस्ता चित्रित चित्रहरु चुरा, धान, भार, दहि राखेर उपहार पठाउने काममा यस्ता भाँडो चित्रकलाको प्रयोग गर्दछ । पर्व तिहार बिवाहमा यस्तो खाले भाँडोको बढी प्रयोग भएको देखिन्छ । विवाहको बेला सगुन आदान प्रदानको निमित यस्ता भाँडाहरुको परम्परागत शैलीबाट अहिले सम्म चल्दै आएको छ ।

व्यक्ति चित्र - व्यक्ति चित्र अर्थात मुहार चित्र मधेशको जनमानसमा रचे बसेका धार्मिक महान व्यक्तिहरुको व्यक्ति चित्र चित्रित गर्ने परम्परा भएकोले बुद्ध, कवीर, राधा कृष्ण, शिव पार्वती, सिता राम आदिको व्यक्तिचित्र यस बाहेक एतिहासिक कला साहित्यिक ब्यक्ति हरुको चित्रहरु चित्रित गरिन्छ । निष्कर्षको रुपमा के भन्न सकिन्छ भन्ने लोककलामा वस्तु आधार भुमि र प्रेरणाको स्रोत अनन्त छ । यसलाई बिषय वस्तुको आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

संस्कारको समयमा पुर्हर अर्थात माटोको भाँडोमा अंकित चित्र पाटिल रातो रंगले रंगिएको माटोको सानो भाँडोको प्रयोग हुन्छ । पुर्हरलाई शिव र पार्वतीको सांकेतिक रुपमा लिईदा यसबाट सबै धर्मको प्रभाब लक्षित हुन्छ । मण्डपमा अंकित अरिपन शब्द अरिपनको अपभ्रंश रुपमा ज्ञात हुन्छ । अहिफन कुण्डलीनिको प्रतिक हो । कमलको फुल चित्रित गरिएको त्यो हृदयको संकेत हो र मणिपुरम नाभिकुंड को ।

वास्तुकलाको प्रकारहरु

१. चौखड़ी घर (चौपार)

२. मुन्ही घर

३. एक्चारी घर

४. गोठुल्ला घर (भुसुला घर)

५. दरबाररमहल, गढरगढी, पुरातात्विक अवशेषहरु

६. मन्दिर

७. स्थान र गहबर

८. ईनार, पोखरी

९. मस्जिद

१०. चर्च

चौखड़ी घर (चौपार घर) :

मधेशमा बनाइने घरहरु अन्तर्गत बस्ने घर, जसलाई भण्डार घर पनि भनिन्छ। (गोसाई) देउता घर जँहा घरको मूल देउतालाई पुज्ने गरेको हुन्छ त्यो घर ५/७ हातको हुने गर्दछ। जुन अरु घरहरु भन्दा छुट्टै हुन्छ। भान्छा घर जँहा भोजन र खाना पकाउने गरिन्छ। यो घर प्रायः जसो दक्षिणबाट उत्तरतिर फर्काएर बनाएको हुन्छ। बैठकी घर अर्थात पाहुनाहरुको लागि आदर सत्कारको निम्ति आकर्षक बनाइएको हुन्छ।

गोहाली र गोठ घर जहाँ गाईबस्तुलाई राखी स्याहार- सुसार गर्ने घरको रुपमा प्रयोग गरिन्छ। एउटा परिवारको लागि सब भन्दा कामको घर भनेको ६ ओटा घर अनिवार्य हुन्छ किनभने यहाँ धेरै ठुलो आँधी प्रत्येक बर्ष आउने गर्दछ र काठ घाँस माटोको जति सुकै बलियो घर बनाए पनि २, ४, १० वर्षपछि हावाले उडाउने, गर्मीमा आगलागी भएर आगोमा सखाप हुने र प्रत्येक बर्षको बाढीले थुप्रै घरहरु बगाउने भएको हुँदा अहिलेसम्म ठोस घरहरु आम जनताको पहुँच भन्दा धेरै परको कुरा थियो पंचायत भन्दा अघिसम्म। त्यसैले यहाँको वातावरण अनुसार सुन्दर आकर्षक देखिने चौखड़ी घर प्रायःजसो हुने खानेहरुले बनाउने गर्दथियो। किनभने जहिले पनि पंचायतकाल भन्दा पहिला र पंचायत कालपछि हुकुमत बादीहरुको हुकुममा अलि धक्का पर्न गयो। तत् पश्चात निम्न वर्गीहरुले पनि चौखड़ी घर बनाउन थाले।

यो भन्दा पहिला एउटा उखान थियो "घरमे भुजी भाङग ने मिया पादे दहिचुड़ा" अर्थात दिनमा खायो भने रातको लागि सोच्नु पर्छ। त्यसले चौखड़ी घर बनाउछ आफुले सुहाउने आफ्नो औकात हेरेर पो घर बनाउनुपर्छ त यहाँका हुने खानेहरुले यहीका निम्न वर्गको श्रम शोसेर आफ्नो चौखड़ी घर बनाउने गर्दथ्यो। जसमा यिनीहरुले आरामले बस्ने गर्दथे। चौखड़ी घरमा चार ओटा चार र छानो हुन्छ। जसले गर्दा आकर्षक देखिने गर्दछ। यो ५, ७, ९, ११, १३, १५, १७, १९, २१, २३, २५, २७, २९, ३१ इत्यादी हातको घर हुने गर्दछ। धर्मशास्त्र अनुसार

घर बनाउँदा बिजोड भएको राम्रो मानिन्छ । त्यसैले बिजोड संख्याको आधारमा घर निर्माण गर्ने गरिन्छ । चौखड़ी घरमा आफुले चाहेको जति (केबारी) ढोका, (खिड्की) झ्याल राख्ने गर्दछ ।

चौखड़ी घरमा राखिएको सन्दुकमा घरको बहुमुल्य समान, गर-गहना, रुपैया-पैसा, कागजपतरको संरक्षण र सुरक्षित राख्नको लागि प्रयोग गरिन्थ्यो । यो सन्दुक साल, खैर, सिसो जस्ता बलियो काठको प्रयोग गरेर बनाउने गरिन्थ्यो । त्यस्तै काठको बाकसमा घरको अन्य सर-समानहरु राख्ने गरिन्थ्यो । लुगा फाटा र अन्य समाग्रीहरुबाट खाट र खटियाहरु बनाउने गरिन्थयो । काठ वा बाँसमा साबेको डोरी वा जुटको डोरी अथवा पछिल्लो समय नाईलनको डोरीले बनाउने गर्द थियो, जुन जाली जस्तै देखिन्थ्यो । त्यो खाटमा बस्दा वा सुत्दा आनन्दको आराम महशुस हुन्थ्यो । चौखड़ी घरमा चारै ओटा भित्ताहरु माटोले सफा तरिकाले बनाएको हुन्छ । जसमा अगेनी/दैलो तथा बरण्डा बनाइएको हुन्छ । यो अगेनीको खम्बाहरु माटोले निकै कलात्मक बनाइएको हुन्थ्यो ।

धौर्खा र खोंड़िया जो सानो तिनो समान राख्न सजिलो हुन्थ्यो, जस्तै दियो, सलाई, लालटिन इत्यादी । चामल गहुं राख्नको निम्ति घरको महिलाले बाँस, काठ तथा माटोको सहायताले (कोठी) भकारी बनाउने गर्दथिइन र यो पनि कलात्मक हुने गर्दथ्यो । यो चौखडी घरको माथिल्लो छानो खडरघाँसले छाउने गर्दथियो । किनभने जुन वातावरणमा जस्तो खालको वस्तुहरु उपलब्ध हुन्छन त्यसै अनुसारको वस्तु स्थिति निर्माण हुने गर्दछ । यो चौखडी (चौपार)घर अलि परेबाट सुन्दर आकर्षक देखिने मधेसको सानको रुपमा लिने गरिन्छ ।

त्यस्तै चौखडी (चौपार) घरको छानोलाई खपडाले छाएका घरमा चारै तिरको भित्तामा माटोको गिलावाबाट माटोले पकाएको टायल अर्थात खपडा घरको छानोमा ओछ्याउने गरिन्छ । त्यस्तै अहिले आधुनिकताले बालुवा सिमेन्टले गर्दा सिमेन्टको टाईल बनाएर प्रयोगमा आएको छ । चौखडी (चौपार) घरको विशेषता भनेकै आकर्षक देखिने र अरु घरको तुलनामा बलियो हुने घरमा पर्दछ । यो घरसँगै (ठेक/कोठी) भकारी जसमा धान, गहुँ, तोरी, दलहन बस्तुहरु, आलस, इत्यादी जस्ता विभिन्न अन्न भण्डारणका निम्ति यो ठेक भकारीलाई लिने गरेको छ ।

मुन्ही घर :

यसमा दुई ओटा छानोको प्रयोग भएको हुन्छ। धरेन प्रयोग भएको हुन्छ जसले माथिको छानोलाई सपोर्ट सहयोग मिल्छ। यो मुन्ही घर प्रायः जसो निम्न वर्गको मानिसहरुले बनाउने गर्दछ, किनभने चौखडी (चौपार) घर भन्दा यो मुन्ही घर कम लगानीमा तयार हुने गर्दछ। तसर्थ मुन्ही घर निम्न वर्गको निम्ति यो घर नै लोकप्रिय बनेको छ। यसै घरमा आफुले र आफ्नो परिवाको लागि चाहिने सबै अत्यावश्क कुराहरुको जोहो गर्ने गर्दछ। यी वर्ग भनेकै समाजको ज्यामी मजदुरी गर्ने वर्गमा पर्दछ। यिनीहरुसँग आफ्नो खेतबारी हुँदैन। सदैव अर्काकोमा ज्याला मजदुरी गर्नुपर्ने स्थिति रहिरहन्छ। यिनीहरुको श्रम लिने वर्गहरुले यिनीहरु जहिले पनि यस्तै होस भनी चाहन्छ। किनभने यदि यिनीहरु अगाडी बढ्यो भने सम्पन्न वर्गको पछाडी को बस्छ ? कसले दासत्वको भूमिका निर्वाह गर्दछ ? आम्दानीको स्रोत धेरै नभएपछी आम्दानी अनुसारकै वासस्थान व्यवस्थापन गर्न जरुरी देखिन्छ। यही कारण हो यी वर्गको मानिसहरु मुन्ही घर बनाउन बाध्य हुन्छन।

एक्चारी घर :

अति विपन्न वर्गहरुले एक्चारी घर बनाउने गर्दछन्। जसले मागेर खान्छन् वा असहाय छ। त्यस्तो ब्यक्तिलाई कसैले सहयोगको रुपमा घर बनाई दिनु पर्यो भने एक्चारी घर र एक्छानो घर थोरै समयको लागि होस् भनी बनाई दिने गर्दछन्। यो घरको आयु धेरै हुँदैन।

नोट : चौखडी (चौपार) घर, मुन्ही घर, एक्चारी घर यी सबै आ-आफ्नो क्षमता अनुसारले बनाउने गर्दछ। मधेशको हावा पानी अनुसार यस भूभागमा ढुङ्गाहरु प्रसस्त नभएकोले यहाँको वातावरणमा उपलब्ध हुने वस्तुहरुबाट घरहरुको निर्माण हुने गरेको छ। यहाँको माटोमा पाइने धेरै पुरानो टेराकोटाको ईट्टाले थुप्रै घरको पर्खालहरु बनेका छन्। ठुल-ठुला महल, दरबारहरु यसै इट्टाको सहाराले बनेको थियो। जसको धेरै एतिहासिक पुरातात्विक प्रमाणहरु यत्रतत्र हेर्न सकिन्छ।

गोठुल्ला (भुसुला) घर :

दाउरा संगाल्ने घर, यो घर बास घरको नजिकै बनाइएको हुन्छ। भान्छामा चाहिने सम्पूर्ण दाउराहरु यही घरमा जम्मा गरेर जोहो गरेको हुन्छ। यो घर प्राय :

एक्चारी नै हुन्छ, जसमा काठको दाउरा (गाईबस्तुको गोबरलाई सुकाएर बनाइको दाउरा) गोईठा/गोरहनी, चिपरी र गोबरको सन्ठी, जुटको खड् इत्यादी संरक्षण गरेर राखेको हुन्छ । मनसुन अर्थात मुसलधारे वर्षातको बेला यही जोहो गरेर राखेको दाउरा भान्छामा काम दिने गर्दछ। त्यसैले सरसर्ती हेर्दा एउटा परिवारलाई थोरैमा भएपनि ६ ओटा घर मधेशमा चाहिन्छ। यो घरको विशेषता यही नै हो।

पुराना घरहरु :

मधेश भित्र रहेको पुरानो शैलीको घरहरुमा चुना, सुर्खी, बालुवा, ईट्टा वा काठले बनाइएको छ । यति बेलाको झ्याल ढोकामा काठकै काँटी किल्लाहरु प्रयोग गरेको पाइन्छ। यस्ता खालको घरहरु गन्यमान्य नेता, धनाड्यहरुको घर हुने गरेको पाइन्छ। यस्ता घरहरुको वस्तुस्थिति, अवस्था हेर्दा माटोको गिलावाले जोडेर बनाएको हुनाले तलको जग १५, २०, २५, ३० ईन्चको बनाएको छ । जग भन्दा माथिकों भाग १५ देखि २० ईन्चसम्मको हुने गरेको पाइन्छ । यो घरको छत बनाउँदा छतको मुनि थुप्रै काठहरुको प्रयोग भएको हुन्छ। त्यसपछि काठको माथिलो भागमा ईट्टा ओच्छयाउने गरिन्छ । त्यसको माथिबाट चुना, सुर्खीको ढलान गर्ने गरिन्छ। यो घरहरुमा विभिन्न कलात्मक आलाङकरिक बुट्टाहरु बनाएर घरलाई सुन्दर बनाउने काम गरिन्थ्यो। जसमा हिन्दुहरुको घरमा हिन्दुको देवी-देवतासँग सम्बन्धित प्रतिकात्मक चिन्हहरु प्रयोग गरेको र अहिले पनि हेर्न सकिन्छ कि मुस्लिमहरुको घरमा मुस्लिमको आफ्नो कलात्मक चिन्हहरु प्रयोग गर्ने गरेको पाइन्छ। मुस्लिमहरु कोमा गुम्बज शैलीको बढी प्रयोग भएको पाइन्छ भने हिन्दुहरुको घरमा शिखर शैलीको प्रभाव बढी देखिन्छ। यस घरहरुमा यहाँको लोककलाको चित्रहरु बनाएको हुन्छ । दलितहरुको घरमा अझै धेरै कलात्मक वस्तुहरुलाई जोगाएको हुन्छ। यिनीहरुकै हाथमा मधेशको कलात्मक एतिहासिक कुराहरुलाई संगालेर राखेका छन्।

घरेलु सीपको इतिहास :-

मानव विकास क्रमसँगै आफुलाई चाहिने उपयोगी समाग्रीहरु आवश्यकता अनुसार निर्माण गर्दै गए र यो क्रम अहिले सम्म निरन्तर जारी छ। ढुङगे युगबाट सुरु भएको मानव इतिहास क्रमबद्ध रुखको फेदमा मचान हालेर बसेको ब्यक्तिहरु क्रमबद्ध समुहमा बस्नेतिर अग्रसर हुदै गए र यो निरन्तर अहिले निरन्तर जारी छ।

ढुङगे युग देखि नै मानवले आफुलाई चाहिने सामानहरु निर्माण गर्दै आएका छन् । जस्तै ढुङगाको बन्चरो, चुरा आगो बाल्नको लागि प्रयोग गर्ने धनुष भाला,आफ्नो खानाको लागि जोहो गर्नको निम्ति गरिएको सिकारहरु र सिकार गर्नू भन्दा पहिला बनाइने हतियारहरु आदी ।

त्यस्तै मुङगा, ढुङगा, हडडीको भाला इत्यादी कुराहरु प्रयोग भएको कुरा हामी समक्ष प्रमाणको रुपमा अहिले सम्म विभिन्न संग्राहालयहरुमा संरक्षण गरेर राखेको छ । जब सम्म रुखको फेद र गुफाबाट बाहिर आएर सम्थर भु-भागमा नदीनाला पानीको नजिक आएर झुप्रो-झाप्रो बनाएर सागपात अन्न फलफुल पशुपालन तिर अग्रसर भए देखि नै मानव जातिले आफ्नो सभ्यताको सभ्य स्वाभावलाई समुहगत रुपमा परिमार्जित संगठनात्मक बनाउदै गए र यसै कालखण्ड बाट समुह समुहहरुले आफ्नो भाषा संस्कृति आफ्ना रहन सहन आफुलाई चाहिने आफ्नै तरिकाको मौलिक उपकरण औजार कला सभ्यतालाई निरन्तरता दिदैं गयो । यही समयको मौलिक सभ्यता कला संस्कृति हामी समक्ष अहिले सम्म जिवितै छ । हुन त कालखण्ड परिबेश समय अनुसार समय-समयमा शासकहरुबाट अर्काको संस्कृतिलाई धवस्त पार्ने काम भएकै हो । यधपी अहिले सम्म त्यो मुल रैथानेहरुको मौलिक पहिचानका कुराहरु अहिले सम्म जिवितै छन् ।

‘सुन्दर शान्त बिशाल हाम्रो देश नेपाल, हिमाल पहाड तराई मधेश भौगोलिक विविधताले भरिएको नेपाल’ सर्वोच्च शिखर, बुद्धभुमि, शान्तिभुमि, नेपालको गाथा जति गाए पनि सायद कमै होला । दक्षिण एसियाको सब भन्दा अग्लो हिमालको काखमा रहेको समथर भुभाग मधेशको भौगोलिक बनावट उष्णीय, ग्रृषम, हिउद, वर्षा गरी चार वटै वातावरणको अनुकुलता भएको भुमि कलिलो, मलिलो, उर्वर भुमि बासस्थानको लागि उपयुक्त रहेकोले हजारौ हजार वर्ष देखि मानव सभ्यता निरन्तर यो भुमिमा बस्दै आएको प्रमाणहरु हामी समक्ष यथावतै छ । यो भुमिको रैथाने जातीहरु मुसहर, चमार, डोम, थारु, कोइरी, यादव, तेली, मण्डल, मलाह, खतबे आदीहरुसँग आफनो भौगोलिकता भएको कला संस्कृति भाषा रहन सहनले भरिपुर्ण रैथानेहरु १२०० इ.पु बी.सी मा सिन्धुघाटी सभ्यतालाई समाप्त पारेर आर्यनहरुको प्रवेश विस्तारै गंगा, सोन र गण्डक पार गर्दै अहिलेको मधेशको भुमिमा आफ्नो राज्य संचालन गरेर यहाँको रैथानेहरु प्रति आर्यनहरुको आफ्नो शासन गरेको यर्थाथरता हामीसँग छ । त्यस्तै १४ औं शताब्दी तिर मुगलहरु

आगमनले ध्वस्त बनाइएको यहाँको शासन प्रणालीलाई मुगलहरुले राज गरेसगैं मुस्लिमहरुको बसोबास हुन पुगेको कुरा हाम्रा यथेष्ट प्रमाणहरु हामी समक्ष छ ।

मधेशका बिभिन्न जात-जातीहरुले मधेश भित्र प्रयोग गर्ने आफ्ना घरेलु कलात्मक सीपमुलक बस्तुहरुको मौलिकताले आगाध भएको बस्तुहरुको बिशेष विवरणात्मक यथार्रथ कुराहरु प्रष्ट देखिन्छ ।

माटाका भाडाँकुडाँ

मधेशका भौगोलिक बातावरण अनकुल चुरे पहाड भन्दा दक्षिणतिरको समथर भु-भागमा बिभिन्न खालको चिमटाइलो, पाङगो, बलौटे, मलिलो, कलिलो, रातो, खैरो, बालुवा जस्त थरि थरिका माटोहरु पाइन्छन् । यस भु-भाग भित्रको बसोबास र सभ्यतालाई नियालेर हेर्ने हो भने यहाँका जिवनशैली माटाकै भाँडाकुडाँहरुले चल्दै आएको यथेष्ट प्रमाणहरु अहिले पनि हामी समक्ष छ ।

माटोका बिभिन्न सर-सामानहरु बनाउने मधेशको कुम्हार/कुमाले जातीले यी माटोका भाँडाकुडाँ इत्यादी समाग्रीहरु बनाउने गर्छन । मानव सभ्यताको विकासक्रम सँगै समुह भित्रमो अगुवाहरुले मान्छे भित्र रहेको सीपलाई मुल्याङकन गरेर समुह समुहमा कम्तिमा पनि एक परिवारलाई जिम्मा दिई आ-आफ्नो काममा लाग्न निर्देशन दिएको थियो । जुन कुराहरु हामी विभिन्न ग्रन्थहरुमा पढन सक्छौं ।

त्यसै अनुरुप मधेश भित्र रहेको माटोको भाँडाकुडाँ कलात्मक बस्तुहरु बनाउने समुहलाई कुम्हार/पण्डित भनेर सम्बोधन गर्यो र कुम्हार जातिलाई माटोको सम्पुर्ण भाँडाकुडाँ कलात्मक समाजलाई आवश्यक पर्ने सबै सामग्रीहरु बनाउने जिम्मा दिइएको थियो र यसै कामबाट कुम्हारहरुलाई आफ्नो काम गर्दा गर्दै फुर्सद न भएपछि पेशाकै रुपमा अग्रसर भयो । सम्पुर्ण समुदायलाई यी कुम्हार जातिले मानव जिवनमा चाहिने एकदमै महत्वपुर्ण सामग्रीहरु जन्म देखि मृत्यु सम्म प्रयोग हुने भाँडाकुडाँ तथा कलात्मक सामग्रीहरु बनाएर समाजलाई सहयोगी, सजिलो र सहजीकरण बनाइ दिएको छ । जब फलाम, स्टील, पलास्टिक र काँचका भाँडाकुडाँहरु निर्माण भएका थिएन त्यही युग देखि माटोको भाँडाकुडाँ कराही, हाँडी वा तौला, घैटो, अमखोरा, ढकना, सरवी, दियौरी, हाती जस्ता समाग्रीहरु घरमा सजावटको लागि बिभिन्न खाले कलात्मक आकारमा बनाएर समाजलाई अभावको महसुस नहुन दिनुमा कुम्हार जातिको महत्वपुर्ण भुमिका रहेको छ ।

१. कराही : माटोको कराहीमा रोटी पकाउन प्रयोग गरिन्छ ।

२. तौला : हाँडी वा तौलामा खास गरी भात पकाउन, धान उसिन्न तथा भुजा भुटनको लागि प्रयोग गरिन्छ । यो घैटाकै आकारमा २ फिट अग्लो र आधा फिट मोटाई भएको हुन्छ ।

३. घैटा : तराईतिर चर्को घाम हुने भएकोले घैटोमा पानी भरि छाँयामा राख्ने गरिन्छ । ताकी त्यो पानी शितल होस र तिर्खा मेटाउनलाई सहज होस् । घैटाको प्रयोग खास गरी पानी ओसार पोसार तथा त्यस भित्र राखेको पानीलाई शितल पार्नलाई गरिन्छ ।

४. अमखोरा/गलास : माटोको अमखोरा तथा गलासमा पानी पिउनको लागि प्रयोग गरिन्थ्यो ।

धातुका भाडाँकुडाँ

धातु, फलाम लोहाको समाग्रीहरु बनाउने मधेशमा बस्ने लोहार जातिहरुले नै सबैखाले फलामका काम तथा बस्तुहरु निमार्ण गर्दछन् । समाजलाई चाहिने सम्पुर्ण फलामका समाग्रीहरु यही जातले बनाउने गरेको छ । किसानलाई किसानी गर्नलाई खेतबारी जोत खन्न गर्न हलो, कोदालो, कुटो, हसियाँ, खुर्पा इत्यादी बस्तुहरु लोहार जातिले नै अहिले सम्म बनाउने गरेको छ । त्यति मात्रै हैन घर भित्र भान्सामा प्रयोग हुने भाडाँकुडाँ यी आधुनिक युगको प्रारम्भ न हुँदा सम्म सबै प्रकारका समानहरु बनाइन्थ्यो । भान्सामा प्रयोग हुने भाँडाकुँडाहरुडाँडु, पन्यु, कराही, तावा, झाँझ, छनौटा, कजरौटा, कोइया, लहरनी (नङग काटने) आदी सामानहरु बनाइन्थ्यो । जो अहिले सम्म यस्ता प्रकारका केही समानहरु समाज भित्र विद्धमान छन् ।

काठका भाँडाकुडाँहरु

काठको घरेलु भाँडाकुँडा बनाउने र समाजलाई चाहिने सम्पुर्ण समाग्रीहरु कमार/बढई भन्ने जातले बनाउने गरेको छ । जसरी समुदायमा सबैलाई आ-आफ्नो कामहरु छुटयाएर समाजलाई सहज र सम्पन्न बनाउने कार्यमा यहाँको बौद्धिक वर्ग लागि परेर समाजलाई सुधार गर्दै आएको थियो त्यसै अनुरुप यो जातिले आफ्नो इमान्दारिता, आफ्नो कामप्रति विश्वास र जिम्मेवारीको बोध गरेर

आफ्नो अमुल्य समय लगाई रहे । यसै काम कला र आफ्नो सिल्पबाट आफ्नो दिनचर्याका साथै समाजका आवश्यकताहरु पुरा गर्दै गएका छन् ।

मधेशमा अरु जातिहरु जस्तै यो बरही तथा लोहार जाति बिशेष गरेर काष्ठको काम गर्ने गरेका छन् । संख्यात्मक हिसाबले थोरै संख्या भएको जातको रुपमा बरही तथा लोहारलाई लिन सकिन्छ । तसर्थ यिनीहरुको आफ्नो दैनिक गुजारा यसैबाट चल्दै आएको छ । समाजमा सबै खाले समाग्रीहरुको आवश्यकता भएकोले बिभिन्न शिप भएको व्यक्तिहरुलाई आ-आफ्नै सिप र क्षमता अनुसारको जिम्मेवारी सुम्पेर समाजलाई सम्पन्तातिर उन्मुख गराउने बाटोतिर अग्रसर रहेको छ । हाम्रो समाजको विभिन्न शिपमुलक घरेलु शिल्पकारहरुले अहिले सम्म समाजलाई अगाडी बढाउने तर्फ प्रयत्न गरी रहेका छन् । समाज भित्र प्रयोगमा ल्याइएका कलात्मक काष्ठका बस्तुहरु जस्तै बेलना, चकला, रही, ढकना, कठौता, लरना, तम्मा, ओखरी-समाट, साँच-अर्गौति इत्यादी भाँडाकुडाँहरु भान्सामा प्रयोग गरिन्छ भन्ने कृषि क्षेत्रमा औजारको रुपमा हलो, जुवा, हसिया, खुर्पा बन्चरो, आरी, चुलेसी आदी जस्ता बस्तुहरुमा काठको प्रयोग गरिन्छ । त्यस्तै काठको खाट, पलंग, दराज, टेबुल, कुर्सी, झयाल, ढोका, मुडा, मुर्ति, सन्दुक इत्यादी बस्तुहरु अहिले सम्म सुविधि सम्पन्न तथा कलात्मक कुराले हाम्रो समाज भरिपुर्ण रहेको छ ।

लोक चलनचल्तीमा रहेको काठका भाँडाहरु :-
ठेकी, गरियो, चौठो, माली, हर्पे, घुर्रो, मदानी, डाडु, डुंग्रो

कयौँ कठीनपूर्ण युगहरु, कठीन अवस्थाका पाइलाहरुलाई पार गर्दै, हामी मानवहरु आजको अवस्थामा विचरण गरेका छौं । तत तत समयमा परिआएका आवश्यकताहरुलाई पूरा गर्न धेरै अभ्यासहरु भए ।चेतनाको विकास निरन्तर भई रह्यो । कतिपय घटेका घटनाहरुबाट पाठ सिक्दै पटक पटक प्रयास गरिरहे । तत्कालीन समाज परीक्षण र परिणामलाई स्वीकार गरी आत्मसाथ गर्दै अगाडी बढिरह्यो । इतिहासका काल खण्डहरुमा पुर्खाहरुले आ-आफ्ना चेतना र सीपद्वारा आवश्यकताहरु पूरा गर्ने क्रममा अनेकौं साधनहरुको खोजी गरे । व्यवहारमा ठीक बेठीक छुट्याए । निरन्तर रुप र गुणमा परिवर्तन तथा नयाँ विकास हुदैं आएका हुन् भन्ने तथ्य वैज्ञानिक मानवशास्त्री खोजकर्ताहरुको उजागर गरेका छन् जो सबैको सामु प्रष्ट छ ।

युगहरु व्यतित हुदैं जाँदा चेतना र सीपको स्तर विकसित र परिस्कृत हुदैं, यी अवस्थाहरु पुस्ता-पुस्तामा हस्तान्तरण हुदैं गए । जंगली फिरन्ते युगदेखि पशुपालन युगसम्म आइपुग्दा मानिसहरु धेरै मिहिनेती र लगनशील हुदैं ढुङ्गाकाठ धातुका हतियारहरु आविष्कार गरे यी चिजहरु प्रथम त आहारको लागि जनावर चराचुरुङ्गीको सिकार गर्नुपर्ने अनिवार्य थियो भने दोश्रो आक्रमक जनावरहरबाट बच्नको लागि आवश्यक हुन गयो र निरनतर प्रयोग हुदैं गएको विषय पुष्टी भएको छ । असंगठित रुपमा जङ्गली अवस्थामा रहेका मानिसहरु क्रमश: संगठित हुन थाले । निजी सम्पत्ति र परिवारको जग बस्ने क्रममा एकनिष्ट विवाह पद्दती तथा श्रीमान श्रीमतीको पहिचान सहित परिवार परिवारको विकास हुने क्रम सुरु भयो । साथसाथै लाभदायी तथा उपयोगी पशुहरुको पहिचान गरी निजी सम्पत्तिको रुपमा तिनलाई एकीकृत गरी जीविकोपार्जनका लागि पशुपालन गर्न थाले । यहाँ साधनहरुको आवश्यक भयो । यहाँ चर्चा गर्न खोजिएको काठका भाँडाहरु तपसील अनुसार छन् ।

(१) ठेकी (२) डुंग्रो (३) मदानी (४) घुर्रो (५) हर्पे (६) गरियो

(७) चौठो माली (८) डाडु

उपरोक्त काठका भाँडाका आ-आफ्ना प्रयोजन छन् । ठेकीमा दही जमाउने,

मोही पार्ने, हर्पे घिउ राख्ने, गरियो चौठोमा घिउ तेल दुवै राख्ने, डुंग्रोमा दूध दुहुने, घुर्रो मदानी मोही पार्ने काममा, डाडु दूध तताउने काममा प्रयोग हुने यी सामग्री समुदायका सबै जातजातिले प्रयोग गर्दछन् । जात धर्म विशेषले फरक पार्दैन । आवश्यकतानुसार सबैले आ-आफ्नो घरमा प्रयोग गर्दछन् । ठेकी, हर्पे, गरियो, चौठो, माली यी सामग्री वा भाँडाहरु बनाउने मानिसलाई चदुँवारे लोहार/बढई भनिन्छ ।

यिनै काठे भाँडाहरुबाट पशुपालन युगको सुरुवात भयो । यो कालखण्डको पहिलो अवधि यिनै भाँडाका साधनहरुले नै साथ दियो अगाडि फड्को मार्दै जानको लागि ।

ठेकी

पशुपालन युगको सुरुवात सँगै दुध, दही, घिउ सही ढङ्गले व्यवस्थापनका सम्बन्धमा पुर्खाहरुले निकै कठिनाइ भोगे । जीवन निर्वाह, आफ्ना सुरक्षा, सामाजिकीकरणका क्षेत्रमा आइपरेका विविध चुनौतिहरुलाई नयाँ नयाँ चिन्तन आविष्कारहरुले पार गर्दै अघि बढे । शरीर ढाक्ने तथा पेटको भोक मार्न समस्या हुन्थ्यो । भर्खर भर्खर विस्तार भएको पारिवारिक संगठनलाई पनि हेर्नुपर्ने । अर्को झुण्ड (परिवार) सँग पनि मिलेर बस्नुपर्ने । जङ्गली आक्रमक जनाबरबाट पनि बच्नुपर्ने यस्ता धेरै समस्याहरु आइपर्‍यो भन्ने कुरा सामग्रीहरुमा पुष्टी भएको छ ।

समाज विकासको क्रममा मानिसहरुले स्वाद, टिकाउ र सुविधा आदि विषयमा चिन्तन मनन गर्न थाले । यसै क्रममा तपसील अनुसारका जातका काठहरुको पहिचान गरे । जस्तै :

(१) दार (२) सादन (३) चाँप (४) पहेँलो (५) कटहर (६) साल आदि

(१) **दार :-** यो जातको काठ १ नं. मा छनोट गरियो, कारण यसको ठेकीमा जमाएको दही स्वादिलो हुने । टिकाउको दृष्टिले यो जातको ठेकी चर्किने फुट्ने अति न्यून भएकाले नम्बर १ मा दार नै हो भन्ने कुरा बाहिर आयो । यो काठ खासगरी पहाडी भेगमा पाइन्छ ।

(२) **सादन :-** यो जातको काठ पनि टिकाउ हुने दही, मोही, घिउ पनि स्वादिलो हुने कुरा पत्ता लगाए । यो काठ पहाड र तराई दुवैतिर पाइन्छ ।

(३) **चाँप :-** यो काठ हलुका जातको हो । त्यसकारण काठका सामग्रीहरु बनाउन असल हुन्छ भनी समाजमा प्रचार प्रसार भयो ।

(४) **पँहेले :-** यो जातको काठ देख्दा पहेँलो हुन्छ । यो ठेकीको लागि उत्तम हुन्छ भन्ने कुरा बुढापाकाबाट बुझिन्छ ।

(५) **कटहर :-** यो जातको काठ हलुको जातमा नै पर्छ । यसका सबै प्रकारका काठका भाँडा साधनहरु बन्दछ । यसको ठेकीमा जमाएको दही, मोही अमिलो भयो भन्ने मान्यता रह्यो ।

(६) **साल :-** यो जातको काठको पनि सहित अरु सामग्रीहरु बन्छन् टिकाउको हिसाबले ठेकी चर्किने र फुट्ने हुन्छ । साल तराई र भित्री मधेशमा पाइन्छ भने पहेँले र चाँप पहाडी भागमा पाइन्छ ।

सयौँ प्रकारका रुख बोटले सज्जित हाम्रो नेपालको हरियो वनमा धेरै धेरै असल काठहरु छन् । ती काठको पनि भाँडाहरु बन्ने गरेको थियो भनिन्छ । ठेकी तयार गर्नको लागि कत्रो बनाउने आकारको छनौट वा एकिन गरी मुढालाई टुक्रा बनाएर त्यसको भित्री भाग खोपेर दूध राख्न, जमाउन सकिने एक महत्वपूर्ण साधन ठेकी तयार हुन्छ । पछिल्लो समयमा ठेकीको रुपमा केही फिनिसिङ भयो । यसको महत्व ठूलै रह्यो । दही मोही सुरक्षित राख्न ढक्कन वा बिर्को पनि हुन्छ । एवं प्रकारले समयले फड्को मार्दै जाँदा हातले दुःख मेहेनत गरेर बनाइरहेको अवस्थामा चँदूवा (घरेलु मेशीन) बाट देख्दै कलात्मक ठेकीहरु बन्न थाले भन्ने विषय पाका पुस्ताबाट जानकारी पाइयो ।

धार्मिक साँस्कृतिक पक्ष

ठेकीलाई घरको मूल खाँवासित जोडेर राख्ने लोक चलन छ । दही सहितको ठेकीलाई पवित्रताको प्रतिक मानिन्छ । कुल देवताको बास स्थान घरको मूल खाँवा र ठेकीलाई जोडेर हेरिन्छ । त्यो कुल वा परिवारको रीति अनुसार विशेष समयमा धुप धुवाँर गरिन्छ । घरमा पाकेका पकवान जस्तै : सेलरोटी, अर्सा, अनर्सा, पुरी, कुरौनी, मिठाइहरु, खीर आदि खानेकुराहरु पहिले शुद्ध थाल, दुना वा टपरी, कचौरामा राखेर, देवता र पित्तृलाई सम्झेर मूल खाँवा र ठेकी नजिक राखेर अर्पण गरिन्छ । त्यसपछि मात्र घरका सबै परिवारले भोजन गर्छन् । मोही पारिसकेपछि नौनी घिउ प्रथमतः देवताको नाममा आगोमा धुप हालिन्छ । यो चलन त हाल

पनि गाउँघरमा विद्यमान छ । केही नौनी घिउ ठेकीको बाहिरी भागमा दलिन्छ । यसबाट ठेकी हेर्दा राम्रो देखिने र फुट्नबाट पनि बचाउँछ भन्ने मान्यता तथा विश्वास छ । ठेकीहरु मध्ये एउटा मूल ठेकी र अरु स-साना ठेकीहरु हुन्छन् । सबैभन्दा ठुलो ठेकीलाई मूल ठेकी भन्ने लोक भनाइ हो ।

ठेकीसँग जोडिएको अर्को दोश्रो मान्यता छ - जस्तै :- गाई भैंसी जङ्गलमा चर्न गएको समयमा ठेककिो दही छुन हुदैंन, कुल देवता रिसाउँछन् भन्ने समाजमा बलियो मान्यता रहेको छ । गाई भैंसी चरेर गोठमा आएपछि मात्र ठेकी छुन हुन्छ भनिन्छ । छुई भएका, सुत्केरी महिलाहरुले आफ्नो खाल वा परिवारले र आफूभन्दा तल्ला जातले ठेकी छुन हुदैंन भन्ने बलियो मान्यता समाजमा थियो र छ पनि । तर अबका दिनमा यी विषयमा केही कमी आएको छ। कानुनतः छुवाछुत दण्डनीय विषय बन्यो तर सामाजिक रुपमा छदैंछ ।

गरियो, चौठो, माली

यी काठका भाँडाहरु हेर्दा ठेकीकै आकारको साना साना चिटिक्क परेका हुन्छन् । गरियो र चौठो मध्ये गरियो ठुलो र चौठो माली सानो हुन्छ । यसको निर्माण पनि ठेकी बनाउने चदूँवारेले नै बनाउँछन् । आधा माना देखि १ माना सम्म जानेलाई चौठो तथा १ देखि २ माना सम्म जानेलाई गरियो भनिन्छ । भान्सामा बिहान बेलुका चाहिने तेल घिउलाई स-साना भाँडामा प्रयोग गर्दा सहज हुने भएकाले, अरु कुनै विकल्प नभएकाले गरियो र चौठो भान्सामा नै प्रयोग हुने गर्दथ्यो । यी भाँडालाई खोपीमा वा झुण्ड्याएर राखिन्थ्यो । अब यो समाजमा लोप भइसक्यो । यसको अर्को महत्वपूर्ण काम भनेको छोराको विवाहमा दुलाहा भन्दा अगाडि साइतमा जोर गरियोमा दहीले भरेर त्यसलाई रातो कपडाले बेरेर एक जनाले लिन्छन् र अर्को व्यक्तिले उखु हातमा लिएर जन्तीको अग्रभागमा हिड्ने चलन छ । त्यसलाई दही ठेकी भनिन्छ । हाल गरियो त उपलब्ध हुदैंन प्लाष्टिक वा माटोको कुनै कटीया वा गिलास जस्तोमा लाने गरिन्छ ।

हर्पे

यो पनि काठबाट बनाइन्छ । ठेकी कुद्ने चदूँवारेले नै यो हर्पे पनि बनाउँछन् । हाल हाटबजारमा पाइने डिब्बा जस्तै बिर्को राम्ररी कसिने, हर्पेको मुख राम्ररी छोप्ने ढङ्गले बनेको हुन्छ । यसको प्रयोजन मुख्यतः घिउ राख्ने नै हो । तर यसमा

तेल पनि राखिन्थ्यो । हर्पे घिउ तेल भण्डारण गर्ने भरपर्दो साधन हो । छोरी माइतबाट श्रीमानको घर जाँदा अरु कोसेलीका साथमा, हर्पे भरी घिउ राखेर पठाउने लोक व्यवहार थियो । उहिलेको समयमा बुहारीले माइतबाट ठुलो/सानो कत्रो हर्पेमा कति परिमाणमा घिउ ल्याइन त्यसबाट उनको माइतीको इज्जत, खानदान ठुलो सानो कुन प्रकारका हुन् भन्ने चर्चा हुने गर्दथ्यो । अध्ययनबाट बुझ्न सकिन्छ कि उहिले बुहारीलाई दया राखी मानवताको व्यवहार धेरै कम परिवारले मात्र गर्दथे । एक प्रकारको कमारीको जस्तो व्यवहार गर्दथे । खानपिनमा भेदभाव हुन्थ्यो ।बिहान बेलुकीकोल खानामा दूध दही घिउ जस्ता चिजहरु सही ढङ्गले खान पाउँदैन थिए । तत्कालीन समयमा चेतनाको कमी भएको कारण, निम्न कोटीका चिन्तन भएका मानिसहरुले नारीलाई मानव जस्तो व्यवहार गर्दैन थिए । बच्चालाई जन्म दिने, हुर्काउने, खेतबारीको काम आदि गर्नुपर्ने, बडो कष्टका साथ दिनहरु बितेका हुन्थे नारीहरुको दिन त्यस समयमा । शारीरिक अवस्था कमजोर हुने र कतिपय नारीहरु अल्पायुमै मृत्युको मुखमा पुग्थे । त्यसै कारणले होला आमा बुवाले छोरीलाई घर पठाउँदा बेग्लै हर्पेमा घिउ, कुरौनी खाजाहरु पठाउने चलन थियो भन्ने कुरा कथाको रुपमा हाल पनि सुन्न पाइन्छ यो भनाइ पुस्तान्तरण हुँदै आएको हो । त्यस समय हर्पेको ठूलो महत्व थियो भन्न सकिन्छ । यसको पनि विभिन्न आकार र साइज हुन्थ्यो । जस्तै : २ माने, ४ माने, ६ माने पाथे मानाको नापको आधारमा हर्पेको नामाकरण हुन्थ्यो । हर्पे सित जोडिएको एक उखान टुक्का हाँस्य व्यङ्गात्मक छ ।सासु र ज्वाइँको बारेमा एक किंडवदन्ति प्रस्तुत गर्दछु ।

कुनै एक समय ज्वाइँ ससुराली गएछन् । ससुरालीमा भलाकुसारी भयो, ज्वाइँलाई स्वागत गरे, खाजा खान दिए । बेलुका भोजनको समय हुन लाग्यो । सासुले ज्वाइँलाई भनिछन्, "यो वर्ष घिउ छैन ज्वाइँ हेर्नुहोस् न हर्पे"भनेर हर्पे घोप्टो पारी देखाइन्, घिउ त जमेको थियो । ज्वाइँ पनि छट्टु रहेछन् । हर्पे उघारेर हेरे घिउ भरी थियो । ज्वाइँले मनमनै विचार गरे, अब म कुनै उपाय लगाउँछु भनेर । ज्वाइँले एउटा फलामे डाडुको कोस आगोमा तताएछन् सासुलाई थाहा छैन । भोजन गर्न बोलाइन् सासुले, ज्वाइँ भोजन गर्न बसे, दही, दुध, दाल, तरकारी, अचार आदि त दिइन्, लोभी थिइन् सासु घिउ झिक्ने विचार गरिनन् । सासु यताउता लागिन् त्यही मौकामा ज्वाइँले तातो फलाम घिउको हर्पेमा गाडे घिउ पग्लियो, थाहा नपाउने गरी ज्वाइँले हर्पेको बिर्को लगाइदिए । सासु आइन् र फेरि भन्न थालिन्, घिउ छैन भन्दै ज्वाइँको थाल माथि हर्पे घोप्टो पारिन्, घिउ त

सबै ज्वाइँको थालमा पोखियो । सासु छक्क परिन् र भन्न थालिन् आफ्नो ज्वाइँको जुठो केही हुँदैन भन्दै अर्को भाँडामा खन्याउन थालिन् भनेर भनिन्छ ।

घुर्रो

विविध सँस्कृति संस्कार भएको हाम्रो समाजमा विविधै प्रकारका विधि विचार तथा प्रयोग गरिने सामग्रीहरुले सजिएको छ। अग्रज पशुपालक कृषकहरुका लागि सबै नयाँ सिर्जना तथा आविष्कार गर्नुपर्ने अवस्था थियो भन्न सकिन्छ। दूध, दही, मोहीलाई सही तरिकाले व्यवस्थापन गर्न मुल र सहायक सहित धेरै सामानहरुको आवश्यकता पर्दै गयो । ठेकी मदानी भइसकेपछि खाँवाको डोरीमा यो घुर्रोलाई बाँधेर मोही पार्न सजिलो हुने भएकाले यसको खोज र स्थायीत्व भएको हुनुपर्छ। यो काठबाटै बन्दछ । यसको लागि खासै काठको छनौट हुदैंन । उपलब्ध भएका काठहरुबाट कलात्मक ढङ्गले तयार गर्दथे । यसको लम्बाई १० देखि १२ इञ्च लामो र मुठ्ठी भरीको मोटाइ भएको काठ प्रायः हुन्छ । विभिन्न कला आकृति झल्किने गरी समाजका जाँगरिला शिल्पीकारहरुले तयार गर्दथे । जस्तैः- फूलको आकार, हातको आकार आदि कस्तो बनाउने भन्ने बोर निर्माणकर्ताले आ-आफ्नो इच्छा बमोजिम निर्णय गर्दथे । यस प्रकार ठेकीमा मोही पार्नको लागि सामग्रीहरु पुरा हुन्छन् । यी काठका सामग्रीहरु तत्कालीन सामाजिक जीवनमा अभिन्न अङ्ग बन्न पुगे । अनिवार्य पुगे, प्यारो बने यिनै आधारहरुलाई टेकेर मानव सभ्यता अगाडी बढ्दै छ ।

मनमस्तिष्क व्यवहारमा गहिरो छाप, प्रेम भएपछि तिनै परिस्थितिको ऐना हुने गरेको देखिन्छ गीत संगीतले ती परिस्थितिलाई प्रतिनिधित्व गरिरहेका हुन्छन् ।

मदानी

यो ठेकीमा मोही पार्ने साधन हो । यसका दुई भाग हुन्छ । ती हुन्ः (१) सरो र (२) पोरा । मदानी भन्दा बेग्लै मोही पार्नका लागि अरु चार थरिका सामान चाहिन्छ । जसमा (क) नेती (ख) कोइला (ग) घुर्रो (घ) डोरी ।

मदानीका भागहरु

(१) सरो :- यो करिब २ हात जति लामो काठ वा बाँसबाट बनेको हुन्छ । यसको मोटाई ठेकीको आकार अनुसार नै बनेको हुन्छ । सामान्यतया २/३ पाथे

ठेकीको लागि मुट्ठी भरको मोटाई भए पुग्छ। काठको सरो बनाउँदा हलुका काठको छनौट गरिन्छ। काठलाई निकै मेहेनतका साथ ताछ्ने र पारोको लागि छेड्ने काम गर्दछन् सिपालुहरु। छिटो तयार गर्न बाँसको पनि प्रयोग गरिन्छ।

(२) पोरा :- करिब ६/८ इन्च लम्बाई ५ इन्च चौडाई र आधा इन्च मोटाई भएको दुई वटा काठका टुक्रा तयार गरिन्छ। यसलाई दुवै टुक्राको बीच बीच भागमा आधा आधा इन्च जति काटेर दुवैलाई एक अर्कोमा खपट्याइन्छ। खोपेर तयार पारेको सरोमा सावधानी पूर्वक घुसारिन्छ यसलाई पोरा भनिन्छ। यसरी मदानी तयार हुन्थ्यो। सबै मानिसमा सीप र जाँगर नहुने कारणले यसको खरिद बिक्रि साटासाट हुने गरथ्यो र समाजमा यसलाई उपहारको रुपमा पनि दिने काम हुन्थ्यो भन्ने पाकाहरुबाट सुन्न पाइन्छ। ठेकी अनुसार पनि साइज तयार हुन्छन्।

मोही पार्नका लागि आवश्यक सामानहरु

(क) नेती :- मदानीलाई पूर्णता दिन यसको आवश्यकता पर्दछ। मदानीमा लगाइने डोरीलाई नेती भनिन्छ। डोरी बन्ने कुनै पनि कच्चा चिजबाट यो डोरी बनाउन सकिन्छ। तर डोरी पनि टिकाउ हुने र नहुने पनि हुन्छ। त्यसकारण प्रयोगकर्ताले टिकाउ र नरम डोरी तयार गर्न पाट वा अरु कुनै रेसादार वस्तुहरुको खोजी गरी नेती तयार गरिन्थ्यो भनाइ छ। यो डोरी कम्तीमा ३ मिटर लम्बाई आवश्यक हुन्छ। पछिल्लो समयमा प्लाष्टिकको डोरी पनि प्रयोग गरेको पाइयो।

(ख) कोइला :- यो काठको टुक्राबाट बनाइन्छ। मोही पार्दा नेती तान्न सजिलोको लागि यो नेतीको दुवै छेउमा बाधिन्छ। मुट्ठीभित्र अटाउने गरी टुक्रा बनाइन्छ। कोही कोहीले त्यसमा बुट्टा पनि बनाउँछन् भने कोहीले सादा नै प्रयोग गर्दछन्। यसमा खस्रोपन हुन हुदैन, खस्रो भएमा हातमा काठको सिन्का बिभ्ने डर हुन्छ। त्यसकारण यसको रुप राम्रो देखिने गरी फिनिसिङ गरिन्छ। मोही पार्दा यो कोइलालाई मुट्ठी भित्र राखेर नेती तान्नुपर्ने भएकाले, पशुपालकहरुले यसलाई हेक्का राख्दछन्। मोही पार्ने काम सकिएपछि नेती सँगै मदानीमा बाँधेर सुरक्षित तरिकाले राखिन्छ। मदानीलाई जताततै राखिदैंन कुकुर, बिरालो, मुसा तथा धुलो फोहोरबाट बचाउन पोरालाई कपडाले छोपेर शुद्ध तरिकाले राख्नुपर्छ भन्ने नियम बलियो रहेको जनभावना छ भनिन्छ। यस प्रकार सरो, पोरा, नेती र कोइला यी सामान पुरा भएपछि मदानीले पूर्णता पाउँछ।

(ग) डोरी :- यो सामान्य डोरी हो । खाँवा र घुर्रोलाई बाँधेर मोही पार्नका लागि यो डोरी चाहिन्छ । खाँवाको मोटाई अनुसार १ देखि २ मिटर लम्बाई आवश्यक पर्दछ ।

डाडु

यहाँ डाडु भन्नाले काठबाट बनेको डाडुको चर्चा गर्न खोजिएको हो । हाल यो डाडु गाउँघरबाट लोप भइसक्यो । तत्कालीन समयमा दूध तताउने डाडु पनि काठबाटै बन्ने गर्दथ्यो । यसलाई पनि काठ खोपेर बनाइन्छ । कुनै गिलास कुनै कचौरा आकारका थिए । छिटो गरी काम चलाउन अर्को विकल्प पनि थियो । हाम्रा पुर्खाका अगाडी जस्तै :- डाडुको कोस काठबाट तयार गरेपछि, बेल फलको खपटा मुखमा जोडेर डाडु तयार गर्ने गर्दथे ।

ढुंग्रो, गौवा वा फाम

यसै क्रममा पशुपालकको अभ्यासमा लाग्न थाले साथ दूध दहीको व्यवस्थापनमा पनि अग्रसर हुँदै गए । दूधालु गाईभैँसीलाई निजी सम्पत्तिको रुपमा जम्मा गर्न थाले । अब दूध दुहुने के मा ? यसका लागि ठूलो मोटो बाँस खोजी गरी, त्यसलाई टुक्रा पारेर इच्छा अनुसार वा चलन गर्न सजिलो हुने गरी आकारको छनौट गरी ढुंग्रो तयार पारी दूध दुहुन थाले । अर्को पनि छनौट भयो, काठको टुक्रा बनाएर ढुंग्रो बनाउन थाले । हाल बजारमा पाइने ठाडो डिब्बा, बट्टा वा बाल्टीन आकारको तयार पार्दथे । बडो मेहेनतका साथ भित्री भाग छेड्ने, खोप्ने काम हुन्थ्यो । त्यस कार्यबाट दूध दुहुने साधनको विकास भयो । ढुंग्रोलाई दुवै पट्टी बराबरी भागमा दुलो बनाई, डोरी बाँधेपछि झुण्ड्याउन सकिने हुन्थ्यो । यसबाट बिरालो, मुसा वा अन्य किटपतङ्गबाट जोगाउन सजिलो भयो । यी चिजहरु साना ठूला सबै आकारका हुन्छन् । कोहीले बुट्टा भरेका पनि हुन्छन् । ढुंग्रो, गौवा वा फाम भनिन्छ । यिनका प्रयोजनका बेग्लै विधि छन् जस्तैः दूध दुहीसकेपछि सफा गर्न हालका बाल्टीन जस्तो सजिलो त थिएन । भित्री भाग खस्रो हुने भएकाले दूध अड्किने सफा नहुने त्यसबाट गन्ध आउने, पानीले मात्र सफा गर्दा दूध बिग्रने हुन्छ त्यसकारण यसबाट आइपरेका समस्या समाधान गर्न हाम्रा पूर्वजहरुले सही समाधान पत्ता लगाए । दूधमा छिटो जीवाणुहरुको प्रवेश हुने भएकाले तातो दूध ४/५ पटक ढुंग्रोमा हाल्ने फेरि खन्याउने गर्दा ढुंग्रोको गन्ध हराउने भएकाले अब

ढुंग्रो शुद्ध सफा भयो भन्ने मान्यताको विकास भयो । यो सहीमा वैज्ञानिक छ । यस क्रियालाई “ढुंग्रोको सास मार्ने” भन्ने व्यापक लोक भनाइ थियो । यसरी तातो दूध पटक ढुंग्रोमा हाल्ने खन्याउने गरेपछि दूध फाट्दैन भन्ने मान्यता थियो ।

बाँसका शिल्प सामाग्रीहरु

मधेशको उर्वर भुमिमा बाँसको उत्पति धेरै पहिले देखि भएको हो । मानव चेतनाको स्तर विकास क्रमसँगै आफुलाई सहज तथा सरल हुने तरिकाले प्रयोग गर्न सकिने खालका बस्तुहरुको खोजी गर्न थालेको थियो । यसै क्रममा बाँसबाट घर बनाउनुका साथै घरमा चाहिने अन्य सामग्रीहरुको लागि सरल, सहज र आकर्षक उपयोगि रुखको रुपमा बाँसको प्रयोग भएको देखिन्छ । बाँसको काम विशेष गरी डोम समुदायले गर्ने गरेको छ । डोम समुदाय भित्र विशेष खालको शिल्प र कला भएको हुनाले डोम समुदायले बाँसबाट थरि-थरिका सामग्रीहरु बनाएर समाजलाई सहज बनाउने काममा अग्रपंक्तीमा रहेको छ । हुन त बाँसको काम सबै समुदायले गर्ने गर्दछन् घर बनाउने देखि लिएर जन्म मृत्युसँगै धेरै कामको रुपमा प्रयोग गर्ने गर्छन् जन्ममा छठियार भएको बेलामा नँया बस्तुहरु राखेर पुजा गरिन्थयो भन्ने मृत्युमा शवलाई बोक्नको लागि बाँसको प्रयोग गरेसँगै अन्तिम क्रिया-कर्ममा पनि विभिन्न प्रकारका नँया-नँया सामानहरुको प्रयोग गर्दै आएको छ ।

समाजलाई चाहिने महत्वपुर्ण बस्तुहरु जस्तै बेना/पंखा, दोरा-दौरी, ढाकी, डोको, नाँगलो, कोनिया आदी ।

पुजापाठ तथा कलात्मक घरेलु शिपमुलक सामाग्री

मधेशमा विभिन्न जात-जातिहरुको बहुल्यता रहेको छ । धेरै जात-जातिहरुको बसोबास रहेता पनि, जुनसुकै जातको भएता पनि यही बहुल्यता हिन्दु धर्म मान्नेहरुको छ । त्यसपछि मुस्लिम समुदायको छ भन्ने अलि कम संख्या बौद्ध धर्म मान्नेहरुको छ र अहिले आएर कृस्चियन धर्म मान्नेहरुको संख्या क्रमश विस्तारै बढदै छन् । जसमा पुजापाठका सामाग्रीहरु तयार गर्ने केही जातीलाई छुटयाइएको छ । जस्तै, फुल र सृंगारको सामाग्रीहरुको काम गर्ने माली वा मालाकारले गर्दै आएको छ । त्यस्तै श्रृगारको लागि जोगिया जातिहरुले पनि उतिकै भुमिका निर्वाह गर्दै आएको छ ।

वनस्पतिजन्य

कुश घाँसको प्रयोग विभिन्न माङगलीक अवसरहरुमा हुँदै आएका छन् र आज पनि विवाह ब्रतबन्ध, पूजा र श्राद्धका माङ्लीक अवसरहरुमा प्रयोग गरिन्छ। यसर्थ सिकीको प्रयोग पनि श्रृष्टिको उषाकाल देखि नै हुँदै आएको पाइन्छ। सिकी एक किसिमको लामो खालको घाँस हो। यसलाई चिरेर घरायसी प्रयोगमा आउने डलिया, मुजेला र टोकरीको निर्माण यसबाट गरिन्छ। यसमा विभिन्न रङ्गहरुको प्रयोग गरेर आफ्नो इच्छा अनुकूल बनाउने गरिन्छ। रङ्गमा बास्नायुक्त रसायन मिसाएर यसलाई सुगन्धित पनि बनाइन्छ। यसबाट निर्मित वस्तुहरु जस्तो डालो (डलिया), मौनी, मुजेला र टोकरीमा विभिन्न देवी देवता, फूल, जनावर, चराचुरुङ्गी आदिको आकृति र चित्र कोरिन्छ।

त्यस्तै, मुँजकला घर बाहिरको व्यवहार धान्नको लागि आवश्यक ठानिन्छ। सिकी नरम घाँस हो भन्ने मुँज अलि ठूलो र बलियो तथा कडा किसिमको घाँस हो। तसर्थ मुँजबाट अलि बढी टिकाउ वस्तुहरुको निर्माण गरिन्छ। धान, चावल, गहुँ ओसारपोसार गर्नका लागि मुँजबाट बनेका मुँजेला, डलिया र टोकरी बढी उपयोगी हुन्छ।

कपडामा कढाई

महिलाका सारी, ब्लाउज, कमरबन्द (डरकस), बच्चाहरुको टोपी, तकिया, तन्ना, ओढनी आदिमा सियो र धागोको सहायताले रङ्गी विरङ्गी चित्र अंकित गर्ने गर्दछन्। सृजनी पुराना थोत्रो कपडा माथि गर्ने हस्तकला हो। च्यातेको सारी र धोतीलाई चारैतिरबाट सिएर त्यसमाथि विभिन्न रङ्ग र आकार प्रकारको चित्रकारी गरिन्छ।

त्यस्तै बच्चाहरुको मनोरञ्जनका लागि अनेक किसिमका खेलौनाहरु तयार गरिन्छ। महिलाहरु, केटाकेटी दुवैलाई मन पर्ने खेलौनाहरुको निर्माण सदियौँ देखि गर्दै आएका छन्। यसको निर्माणको लागि साधारण चिज, सस्तो पुराना लुगा कपडाहरुको टुक्रा टुक्री र भुसको प्रयोग गरिन्छ। यसको लागि कम पैसा, कम श्रम र कम शीपको आवश्यकता पर्दछ। (हरिओम मेहता, राज कुमारी महतो)

सन्दुक लोप हुने अवस्थामा

स-साना काठको टुक्राबाट कलात्मक रुपले बिभिन्न किसिमकाथरि थरिका सामानहरु बनाउने जातीको रुपमा बढई जातीलाई चिनिन्छ ।समाजमा धनी व्यक्तिहरुको वहुमुल्य बस्तुहरुलाई राख्नको लागि काठले निर्माण गरिएको कलात्मक बाकसलाई नै पौरानिक कालमा सन्दुक भनिन्थ्यो ।सन्दुक पहिला पहिला समाजमा रहेको धनाढ्य, जिम्दार लगायतका व्यक्तिहरुले आफ्नो घरमा राख्ने गरिन्थ्यो । सन्दुकमा खासगरी घरमा रहेको सुन, चांदी, रुपिया, पैसा लगायतका बहुमुल्य बस्तुहरु राख्नका लागि प्रयोग गरिन्थ्यो ।घरमा सन्दुक राख्ने चलन चारपुस्ता आगाडी देखि प्रचलनमा रहेको थियो ।त्यतिवेला सन्दुक प्राय : गाँउका धनी र जमिन्दार घरानामा राख्ने गरिन्थ्यो ।

समाजमा जसको घरमा संन्दुक देख्न वितिकै अन्य व्यक्ति सम्झिन्थ्यो कि ती व्यक्ति गाँउका धनी, गाँउका मुखिया हुन । धनाढ्यको घरमा सन्दुक बनाएर ती सन्दुकमा बहुमुल्य बस्तु राखिन्थ्यो भने समान्य स्तरको व्यक्तिहरुको घरमा प्राय बाकस राख्ने प्रचलन अहिले पनि कायम छ । तर सन्दुक अहलेको समयमा धेरै कम मात्रामा अर्थात औलामा गनेर कति खोजेपछि बल्ल एक दुई वटा घरमा धेरै मुस्किलले भेटिन्छ । समाजका धनाढय व्यक्तिहरुको सम्पत्ति राख्न प्रयोग गर्ने सन्दुक बनाउने कलाकार बढई जाति नै थिए ।बढई जातिसँग धन त थिएन तर धनलाई सुरक्षित गर्ने सन्दुक (बाकस) बनाउने सिप चाहि भगवान विश्वकर्मा वावाले बढईजातिलाई दिएको थियो ।

सन्दुक बनाउनको लागि मुख्य रुपमा साल(सखुवा) को काठलाई चिरान गरी चारवटा पउवा (खुट्टा) कलात्मक रुपमा मिलाई आकर्षक तरिकाले बनाइन्छ । चारै तिरवाट मोटो काठको तख्तामा कलात्मक बुट्टाहरु कोर्ने, फलामको बलियो काटीका प्रयोग गर्ने, फलामको पत्तर प्रयोग गरेर बलियो तरिकाले सन्दुक बनाउने गरिन्थ्यो । सन्दुक यति बलियो हुन्थ्यो कि बन्चरोले समेत हान्दा भाचिदैन थियो । ती सन्दुकमा एउटा खोल्ने बन्द गर्ने ढक्कन अर्थात ढोका प्रयोग गरेको हुन्थ्यो ती ढोकामा मोटो फलामको सिकडी लगाएर ताल्चा लगाउने बनाउथ्यो । सन्दुकको माथिल्लो भागमा काठलाई कलात्क रुप दिएर हेर्ने लायक वनाउदथ्यो । सन्दुकको भित्रको भागमा खण्ड-खण्ड बनाएर प्रत्येक खण्डमा छुट्टा छुटै बहुमुल्य बस्तु राखेर सन्दुकका माथि ओछयान लगाएर घरका मुख्य व्यक्ति त्यसमाथि सुत्ने

गरिन्थ्यो ।जस माथि मानिस आराम गर्न सक्छन् ।

सन्दुक बनाउन अध्याधिक खर्च र सालको काठ मात्र प्रयोग हुने भएकोले समान्य र मध्यम वर्गियहरुले आ-आफनो घरमा बाकसको प्रयोग गर्दथ्यो ।धनाढ्यहरु सन्दुकको प्रयोग गर्ने गरेका थिए । काठको बाकसकै ठूलो रुप नै सन्दुक हो । अहिले त धन-सम्पत्तिलाई संरक्षण गर्नका लागि वैक, सहकारी संस्था, लकर लगायतको व्यवस्था भएको छ । तर, हाम्रो समयमा सम्पतिलाई घरमै संरक्षण गर्नु पर्ने भएकोले घरका सवै बहुमुल्य बस्तु एकै ठाउमा होस भनेर सन्दुकको प्रयोग गरिन्थ्यो । सन्दुक बनाउनुको मुख्य कारण सन्दुक भनेको बाकसको ठूलो रुप हो ।बाकसमा बहुमुल्य समानहरु राख्दा पहिले-पहिले समाजमा अत्याधिक चोरी-डकैती हुने भएकोले चोर-डकैतहरुले बाकस सजिलै बोकेर लान सक्थयो । तर सन्दुक बोकेर लान सकिदैन र मजबुत तरीकाले वनाएकोले भत्काउन समेत समय लाग्ने भएकोले चोर-डकैतवाट सम्पतिलाई जोगाउन, सुरक्षा गर्नका लागि सन्दुकको प्रयोग गरिन्थ्यो । ती सन्दुकमा लगाएको साँचो घरको मुख्य व्यक्तिले आफ्नो कम्मरमा धागोले बाधेर राख्ने चलन समेत रहेको वताए ।

पहिला पहिला सम्पति भनेकै सुनचांदीका गहना, पितल, तामा, फूलका भाडा कुडा नै हुन्थयो । ती वस्तुहरुको चोरी, डकैती वढी हुने गरेकाले त्यसको संरक्षणका लागि धनाढ्यहरुले सन्दुक वनाएर त्यसमा राख्थ्यो ।

निम्न वर्गका मानिसले बाकसमा आफ्नो वहुमूल्य बस्तुहरु संरक्षण गर्दथ्यौ । पहिलेको समयमा सम्पति संरक्षणको अरु कुनै विकल्प थिएन्न । जसका कारण बाकस न भएकाले आफनो घरमा रहेको चाँदी र सुनका साथे अन्य बहुमुल्य समानहरु तामाका घैटोमा राखेर माटो मुनि गाडेर समेत राख्ने प्रचलन रहेको थियो । सन्दुक बनाउनका लागि धेरै औजारहरु प्रयोगमा ल्याउनु पर्छ । जस्तै बसुला, आरी, हथौडी, रुखानी, रुखान, बटारी, रन्दा, रन्दा वटाम, खड्कस, काटी, बलेसरी काटी, टोपिया, गिरमिट, कोनिया, बाला, काटी बुट्टा, सिकन्जा, काठको स्केल, लगायतका सामग्रीहरुको प्रयोग गरी सन्दुक वनाइन्थ्यो तर, अहिले ती सवै औजारहरु विद्युतवाट चल्ने इलेक्ट्रीक मेशिन आई सकेकाले ती औजारहरु समेत विस्थापित भईसकेको छ ।

कुनैवेला सम्पति संरक्षणको लागि प्रयोग गरिने सन्दुक अहिले लोप हुने अवस्थामा पुगि सकेको छ । सन्दुक सालको काठबाट बनाइएको एकदमै बलियो

बासक हो जसलाई बन्चरोले समेत काट्न सकिदैन थियो ।सन्दुक लोप हुने कारणहरुमा सालको काठ महगों र अभावका साथै सन्दुक बनाउनका लागि धेरै समय लाग्ने, खर्चिलो पनि धेरै हुने, सन्दुक राख्नका लागि धेरै ठाँउको आवश्यकता पर्ने भएकाले यसको प्रयोगमा कमी आएको हो । सन्दुकको बिकल्पमा गाँउ-गाँउमा सम्पति संरक्षण्को लागि बैक सहकारी संस्था,सन्दुकको जस्तै जस्ता पाताको आधुनिक रुपमा ट्रंक र दराज बन्न थालिएको छ । सन्दुक भन्दा सस्तो जस्तापाता, अलमुनियमको दराज, ट्रंक पाउने भएकाले समाजबाट संन्दुक लोप भएको छ ।'

एकाईसौ शतावदीको आधुनिक युगमा प्रवेश गरेकोले सन्दुकको सट्टा, फलामको आकर्षक दराज, जस्तपाताको ट्रंक, दराजकोप्रयोग प्राय घरमा हुन्छ । साथै आधुनिक मेसीनहरु आईसकेकोले सन्दुक वनाउने पेशामा संलग्न भएका वढई जातिको पेशा नै संकटमा परेको छ । यस्तो अवस्थामा सन्दुकको संरक्षण र सम्वर्द्धनको लागि सन्दुकलाई संस्कृति संग्राहलयमा राख्न आवश्यक छ अन्यथा भाविका पुस्तालाई सन्दुकको बारेमा बुझाउनै गाहो हुन्छ । (श्याम सुन्दर सुतिहार)

टुनामुनाका केही चलन

प्रत्येक टुनाका लागि मन्त्र सिद्धिमा जस्तै द्रव्य र कालको ख्याल गरिन्छ । टुनामा मन्त्र जप्ने काम हुँदैन । यहाँ नवजात शिशु सम्बन्धी टुना, शिशुको उपचारमा गरिने टुना, सरुवा रोग निको पार्नका लागि गरिने टुना, मरणोपरान्त गरिने टुना, पहलवानहरुले कुस्ती जित्नका लागि गर्ने टुना, विवाहका लागि गरिने टुना, धनी बन्नका लागि गरिने टुना, राज या कारिगरहरुका टुना, विभिन्न रोगको उपचारका लागि गरिने टुना, वरवधुको रक्षाका लागि गरिने टुना, सपनाको दुष्प्रभाव निवारणका लागि गरिने टुनाको उल्लेख गरिएको छ ।

नवजात शिशु सम्बन्धी टुना

प्रसव हुनु भन्दा केही दिनपहिले सौरगृह (गर्भवती स्त्री बस्ने घर)को बाहिरको पर्खालमा गोबरले चक्रब्युहको आकार बनाइन्छ । गर्भिणीको कम्मरमा कालो धागोमा झुन्डयाएर बहेडा वा हर्रो बाँधिन्छ । उसको सिरानीमुनि शिशुको जन्म हुनुभन्दा पहिले नै चक्कु खोलेर बार दिनसम्म राखिन्छ । त्यसरी चक्कु राखिएमा शिशु र आमालाई कुनै किसिमको भुतको बाधा हुँदैन र शिशु डराउँदैन । शिशु

जन्मेको समयमा मधेसी समाजमा सोयरी घर (सुत्केरी घर) को ढोकामा टोटका (जादु) गर्दछन् । नवजात शिशु पटक पटक डराएमा वा झस्केमा पनि उसको सिरानीमुनि चक्कु अथवा फलाम राखिन्छ । यस्तो गरेमा शिशु झस्कँदैन र डराउँदैन । कसैको आँखा नलागोस् भनेर नवजात शिशुको शरीरमा तेल लगाउँदा आँखा, पैताला र निदारमा गाजल लगाइन्छ । नवजात शिशु धेरै रोएमा आइतबार र मंगलबारको दिन पारेर पाँचवटा रातो खुर्सानी वरिपरि घुमाएर आगोमा पोलेमा रोदन कम हुन्छ ।

शिशुको उपचारमा गरिने टुना

सुखैनी अर्थात सुके रोग लागेमा रातको बाह्र बजेको समयमा चमेली फुलको रुखमुनि मौसम अनुसार शिशुलाई तातो या चिसो पानीले नुहाइन्छ । धोवीघाटको एक लोटा पानी ल्याएर त्यसमा अरु पानी मिसाई स्नान गराएमा पनि सुके रोग निको हुन्छ । त्यसरी नुहाइएको पानी चौबाटोमा फालिन्छ । नवजात शिशु जन्मेको घरको ढोकामा दाउरा वा गुइँठा सल्काएर चौबीसै घण्टा राखिन्छ र फलामको (खुर्पा, चक्कु,खुकुरी, हसिया, चुलेसी इत्यादी) बस्तुहरु राखिन्छ । यसो गरेमा आमा र शिशु दुबैलाई भुतप्रेतको डर हुँदैन र कसैको आँखा पनि लाग्दैन । नवजात शिशुलाई तराजुमा राखेएर त्यत्तिकै तौलको गाईको गोबर आइतबार वा मंगलबार कालो कपडामा बाँधी पिपलको रुखमा झुन्डयाइन्छ । त्यसो गरेमा जतिजति गोबर सुक्दै जान्छ त्यति त्यति रोग पनि निको हुँदै जान्छ र कसैको आँखा पनि लाग्दैन ।

सरुवा रोग निको पार्नका लागि गरिने टुना

जलोदर, तपेदिक, कण्ठमाला आदि असाध्य रोग लागेमा माटोको रिकापीमा एउटा फुल, एउटा लडडु, पैसा र सिन्दुर हालेर साँझतिर वा दिउँसो बार बजे रोगीको शरीरमा सातचोटी घुमाएर चोकमा राखिन्छ । यसो गरेमा बिरामीको रोग ती बस्तुहरुमा सर्दछ । साथै जसले ती बस्तु सेवन गर्दछ त्यसमा त्यो रोग सर्दछ । यस टुनामा फुल बतीको प्रतिक मानिन्छ । लडडु, नैवेद्य, पैसा, द्रव्य, सिन्दुर जस्ता पुजा सामग्री अर्चनाका प्रतिक र दुई प्रहर वा साँझ निश्चित कालको प्रतिक मानिन्छ । कुनै व्यक्ति असाध्य रोगले ग्रस्त भएमा रोगीले वमन गरेको पदार्थ आइतबार वा मंगलबार कुकुरलाई ख्वाएमा रोगी चाँडै रोगमुक्त हुन्छ ।

मरणोपरान्त गरिने टुना

कुनै व्यक्ति मरेमा मलामीहरु त्यसको लास जलाउन वा गाडन मसानघाट लैजान्छन् । गर्भवत्ति महिलाको मृत्यु भएमा बालुवा र सरसौँ मिलाएर घरदेखि मसानघाटसम्मको बाटोमा छरिन्छ । त्यसो गरेमा मरेको व्यक्ति फर्केर घरमा आउँदैन । महिलाको मृत्यु हुँदा उसको पैतालामा सुइरो घोपेमा चुडैलको रुप धारण गरेर त्यो महिला घरमा प्रवेश गर्दैन ।

पहलवानहरुले कुस्ती जित्नका लागि गर्ने टुना

समान्यतया कसरत गर्ने व्यक्तिको गला र हातमा कालो धागो बाँधिएको हुन्छ । यसलाई गुरुको गन्डा पनि भनिन्छ, कसैको आँखा नलागोस् भन्नका लागि यसो गरिएको हो । कुस्ती खेल्नु पर्यो भने चमेलीका पाँच फुल सातचोटी छाती वा हातमा छोएर कसैले नदेख्ने गरी अखाडाको बीचमा गाडिन्त । त्यसो गरेमा कुस्ती जितिन्छ ।

जुवा, दौड, बाजी र चिट्ठा जित्नका लागि पनि टुना गरिन्छ । दीपावली भन्दा एक दिन पहिले अर्थात नरक चतुर्दशीका दिन आ-आफ्नो घरअघि यमदीप बाल्ने चलन छ । त्यो यमदीप बल्दासम्म त्यसको रखवारी गरिन्छ र निभेपछि दियो लगेर घरमा राखिन्छ । अर्को दिन गरिने लक्ष्मी पुजामा त्यो दियो राखिन्छ । जुवाडेहरु यमदीपको दियो चोर्न मौका छोपेर बस्दछन् । किनभने जुवा खेल्दा, दौडमा सहभागी हुँदा, बाजी थाप्दा र चिट्ठा किन्दा खल्तीमा त्यस्तो दियो राखेमा निश्चित रुपमा जितिन्छ भन्ने विश्वास गरिन्छ ।

विवाहका लाीग गरिने टुना

लामो उमेरसमम विवाह नभएमा कुमालेको चक्का फेर्ने काठ चोरेर ल्याई बिहीबारका दिन घर आँगन लिपपोत गरेर लहँगा, दुपट्टा, ओढनी, सिन्दुर, बिन्दी, मेहँदी लगाएर कुनै कुनामा ठाडो पारी सख्खर र चामलले पुजा गरेमा चाडै विवाह हुन्छ । सातचोटी सातवटा काठ चोर्न सकेमा कुमालेले जति गाली गर्दछ त्यत्ति नै त्यस काठले पार्ने प्रभाव ज्यादा हुन्छ ।

हरिबोधनी एकादशीका दिन कच तथा देवयानीको पुजा गरिन्छ । कच र देवयानीको मुर्ति र अरिपन बनाउन बेसार र चामलको पिठो घोलेर तयार

गरिन्छ र त्यसलाई छोपेर राखिन्छ । पौराणिक कथा अनुसार दैत्यगुरु शुक्राचार्य देवयानीका पिता भए पनि समीक्ष्य समाजको लोक विश्वास अनुसार सुर्य भगवान देवयानीका पिता मानिन्छन् । सुर्य भगवानले छोरी देवयानी र उनका पति कचको मुख हेर्नु हुँदैन भनिन्छ । द्वादशीका दिन बिहानै घरका कुमार केटा र कुमारी केटीहरुलाई पुजा स्थलमा बसालिन्छ । त्यसरी पुजास्थलमा राखेमा एक वर्षभित्रबिहे हुने विश्वास गरिन्छ ।

धनी बन्नका लागि गरिने टुना

पहिलोपल्ट बच्चा जन्माउने कालो बिरालोको खेडी (साल) सुकाएर रुपियाँ राख्ने झोला, पेटारो वा तिजौरीमा राखी प्रत्येक मंगलबार धुप बालेमा लक्ष्मीको वास हुन्छ । यसै गरी दुई पुच्छर भएको छेपारो मारेर सुन अथवा चाँदीको बट्टामा भरी रुपियाँ राख्ने ठाउँमा राखेमा अखण्ड रुपमा लक्ष्मीले वास गर्दछिन् ।

राज वा कारिगरहरुका टुना

राज मिस्त्री अथवा कारिगरहरु धातु, काठ र पत्थरका चित्र बनाउने गर्दछन् । पुरा चित्र बन्नु भन्दा पहिले ती वस्तुमा कोइलाले उल्टो सोझो त्रिभुज लेखेमा कसैको आँखा लाग्दैन र काम सफल हुन्छ । यसै गरी मेहराब (तोरण)मा कोइलाको पोको अथवा कालो धागोले कागती बाँधेर झुन्डयाएमा कसैको आँखा नलाग्ने र गरिएको काम सफल हुने विश्वास गरिन्छ ।

विभिन्न रोगको उपचारका लागि गरिने टुना

कम्मर दुखेमा ले तेरा समान सम्हाल अर्थात लौ तेरो सामान समाल भनेर कुनै रुखमा फलामको किला गाडेमा दुखाई निको हुन्छ र त्यो किला रुखमा गाडिएको अवस्थामा रहेसम्म कम्मर दुख्दैन ।

सरसौँको तेल भरिएको कचौरामा सात दिनसम्म पाण्डु रोगीको चेहराको छाया देखाएमा पाण्डुरोग निको हुन्छ । शरीरमा पाण्डु रोगको दाग लागेपछि रोगीलाई च्यामीनीबाट आलिङ्गन र गाली गर्न लगाइन्छ । च्यामिनीले जति ज्यादा आलिङ्गन गर्यो र जति बढी आपत्तिजनक गाली दियो दाग त्यति नै तीव्र रुपमा हराउँदै जान्छ र रोग निको हुन्छ । सरसफाई गर्दा लगाइएको लुगामा च्यामिनीले रोगीलाई आलिङ्गन गर्नु पर्दछ ।

मृगी रोगी लागेमा जुत्ता सुँघाउने चलन त मधेसी समुदायमा जताततै पाइन्छ।

वरवधुको रक्षाको लागि गरिने टुना

वरवधुको रक्षाको लागि विवाहको विधिविधान सुरु हुनसाथ तिनका हातमा कटार राख्ने चलन छ। सुन्दर वरलाई परीहरुले उडाएर लैजाने र वधुमा भुतप्रेतादि दुष्टात्माको वास हुने कुरामा विश्वास गरिन्छ । यस प्रकारका अवस्थाबाट मुक्ति पाउन वरवधुको टाउकोमा हलुका प्रहारबाट कुटोले हान्ने पनि चलन छ। विवाह हुने घरको छानामा काठको चरा राखेमा यावत् प्रकारका कुप्रभाव समाप्त हुन्छन्।

विवाह मण्डपका चारवटै खम्बाको आडमा पाँचवटा स-साना कलश र तिनमा आँपको पल्लव राखेमा वरवधु माथि चारवटै दिशाबाट हुन सक्ने आघातबाट मुक्ति मिल्दछ ।

तुलसीदासले रामचरितमानसमा **क्षिति जल पावक गगन समिरा, पञ्चरचित यह अधम सरीरा** अर्थात पृथ्वी, जल, अग्नी, आकाश र वायुबाट यो अधम शरीर बनेको छ भनेका छन् । विवाहको समयमा आइलाग्ने भुतप्रेतका आक्रमण, दुष्टात्माका कुदृष्टि र षड्यन्त्र जस्ता अनेक थरि अप्ठेराबाट बचाउन पुर्वाङ्कै लग्नका दिनदेखि सुपारी बाँधिएको चक्कु वरवधुको हातमा लिन अगाइन्छ। यसरी नै विभिन्न प्रकारका अपशकुन र सङ्कटबाट बच्नका लागि जन्ती जाँदा वरले प्रयोग गर्ने गम्छा वा तौलियाको धागो, रायो र ज्वानो आगोमा हालिन्छ र त्यसमाथि एउटा खपरेल राखेर लात्ताले फोडिन्छ। त्यसो गरेपछि मात्र वर विवाहका लागि प्रस्थान गर्दछ ।

सपनाको दुष्प्रभाव निवारणका लागि गरिने टुना

नराम्रो मानिने सपना देखिएमा शौचालय जाने बेला वा शौच गर्ने बेलामा त्यस सपनाको सम्झना गरेमा वा गुरुर मित्र र पति वा पत्निलाई सुनाएमा कुप्रभाव नष्ट हुन्छ। **सपना देखिरहे मन गोय, अपना देखि त अनका होय** अर्थात सपना देखेपछि आफ्नै मनमा राख्नु पर्दछ भनेमा त्यसको फल सुन्ने व्यक्तिलाई प्राप्त हुन्छ भन्ने उखान प्रचलित छ।

दशैंको समयमा आमाबाबु, बाजेबज्यैले घरका केटाकेटीहरुलाई कालो टीका लगाउँछन् र कालो कपडामा हिङ्ग, लसुन, सरसौं आदी बाँधेर घाँटी, कम्मर अथवा

हातमा बाँधि दिन्छन् । यसो गरेमा भुतप्रेत अथवा हानिकारक जादुको प्रभाव पर्दैन ।

व्यापारवृद्धि, विघ्नविनाश र लाभका लागि व्यापारीहरु पाँचवटा खुर्सानी र कागती आइतबार अथवा मङ्गलबार पसलको ढोकामा झुन्डयाउँछन् ।

डाइन(बोक्सी) लाई तन्त्रमन्त्र सिकाउनेलाई ओझा भनिन्छ । डाइन(बोक्सी) तन्त्रमन्त्रबाट प्रभाव पार्ने विधि मात्र जान्दछन् जबकि ओझा, ज्ञानी र भगत लगाउने र छुटाउने दुवै विधि जान्दछन् । ओझाले झारफुक गरेर नवजात शिशुमा देखिने रोगव्याधि निको पार्दछन् । दुध खान छोडेको नवजात शिशुले ओझाको झारफुकपछि आमाको दुध चुस्न थाल्दछ ।

मान्यजनी/मान्जनी प्रथा

अहिलेको राजनितिक परिवर्तनले सामाजिक सांस्कृतिक परिवर्तनलाई पनि असम्यभावी बनाएको छ । यसले गर्दा समाजका कयौ पुराना प्रथाहरु क्रमश : लोप हुँदै जाने अवस्थामा छन् । त्यसो हुँदा-हुँदै पनि ति प्रथाहरुबारे जानकारी दिनु उचित नै ठहरिन्छ । समुदायमा मान्यजनी प्रथा सर्वोच्च स्थानमा रहेको पाइन्छ । मान्जनी प्रथाले त्यस्ता ब्यक्ति वा समुहलाई जनाउछ जसले एउटा समुह भित्र वा समाज भित्र एउटा शक्ति वा सभाको प्रतिनिधित्व गर्दछ । यो अधिकार सहित एक पुस्ता देखि अर्को पुस्तामा स्वतः हस्तान्तरण भई रहेको हुन्छ । संस्कृतिमा मान्यजनको अर्थ ब्यक्तिको प्रीतष्ठा भन्ने बुझिन्छ । यो प्रथा खास गरी जातिगत नियम, प्रथा प्रचलन र सांस्कृतिक परम्परा मुल्यमान्यतासँग बढी सम्बन्धित भएकाले परम्परागत राजनितिसँग सम्बन्धित मान्जनी प्रथा जातिगत सशक्तिकरण पवित्रता, एकता, सांस्कृतिक समानता र मौलिकतासँग बढी सम्बन्धित रहेको छ ।

जातिगत सभा वा बैठक :

जातिगत शुद्धता तथा पवित्रताका लागि वार्षिक रुपमा अमूक जातका सदस्यहरूको आग्रहमा निम्न पक्षहरूमा जातिगत निर्णय लिन वा छलफल गर्नका लागि आयोजना गर्ने प्रचलन रहेको पाइन्छ :

क) गैरकानूनी विवाह जस्तै : तल्लो जातिसँग ।

ख) झैझगडा, घाउ, चोटपटक सम्बन्धमा ।

ग) जारी विवाह ।

घ) अन्य न्यायिक समाधानका लागि ।

न्यायिक प्रथाका प्रमुख कार्य :

यसका न्यायिक निकाय अन्तर्गत निम्न पदाधिकारीहरूले निम्न किसिमका कार्यहरू गर्ने गर्दछन् :

पदाधिकारीहरूमा पगरी, जयवार, गौरेत, सभापति, विचारी, जमदार गौरो गुरुमा आदि समाजमा भएको जातजातिको ज नसंख्या तथा समाजको आवश्यकतामा निर्भर गर्दछ ।

सभापति वा राजा : यो संस्थाको प्रमुखका रुपमा रहेको हुन्छ । मान्यजनको निणृयलाई अन्तिम निर्णय अर्थात न्यायिक संस्थाको निर्णयको रुपमा लिइन्छ । सभापतिलाई प्रमुख वक्ताको रुपमा लिइन्छ । सभापतिले सभामा प्रमुख वक्ताका रुपमा कार्य गरिरहेको हुन्छ । मान्यजनले सभाका सम्पुर्ण पदाधिकारीले आफ्नो वक्तव्य र धारणा राखिसकेपछि मात्र आफ्नो राय वा निर्णय दिने कार्य गर्दछ ।

मान्यजन : उच्च पदस्थ नेता

गुमस्ता : सल्लाहकार

पगरी : सचिव

गुमस्ता : गुमस्ता प्रमुख सल्लाहकारको रुपमा कार्य गर्दथ्यो । समान्यतया प्रत्येक मान्यजनको एकजना गुमस्ता हुने यर्दथ्यो र साना मुद्दाहरू (समस्याहरू) गुमस्ता कहाँ निर्णयका लागि लाने चलन थियो । जब मुद्दा उसको नियन्त्रण भन्दा बाहिर हुन्थ्यो तब मात्र मान्यजन कहाँ लाने प्रचलन थियो । कुनै गाउँमा नयाँ विकास निर्माणको काममा निजको उपस्थिति अनिवार्य मानिन्थ्यो । गुमस्तालाई प्रमुख सम्मानको बिल्ला दिइन्थ्यो । गाउँस्तरका धेरैजसो पूजाहरू उहाँबाट सुरुवात गर्नु पर्दथ्यो । न्यायिक संरचना र प्रक्रिया सुरु देखि अन्त्यसम्म नियमित प्रक्रियाका रुपमा राखिन्थ्यो ।

चित्र १ : मान्यजनी न्यायिक संरचना तालिका

मान्यजन/मानजन

विचारी	जमदार	गोरैत	पगरी	जयवार	भण्डारी

माथिको तालिकाको जस्तै समाजमा यस्ता शब्दहरू समकालीन न्यायिक-प्रशासनिक प्रणालीसँग लिइएको मानिन्छ ।

विचारी : यो शब्द समकालीन राणाशासनमा अनुसरण गरिएको अभाष हुन्छ । विचारीले पीडित तर्फबाट मुद्दा सुरु गरी निर्णयका लागि पेश गरि दिने गर्दछ ।

जमदार : जमदार भनेको मध्यम स्तरको नेपाली सेना जस्तै हो । यो शब्दले पनि आफैं धेरै अर्थ दिएको पाइन्छ । सामाजिक प्रणाली अनुसार जमदारले मान्यजनको आदेशानुसार दोषी पक्षलाई नियन्त्रणमा लिने कार्य गर्दछ ।

गोरैत : गोरैतले गाउँमा गएर घरबाट दोषी पक्षलाई समाती नियन्त्रणमा लिने कार्य गर्दछ ।

पगरी : यसले मान्यजन वा सचिवको रुपमा कार्य गर्दछ ।

भण्डारी : भण्डारीको कार्य सभाका लागि अन्न-अनाज सङ्कलन गर्ने, व्यवस्था गर्ने र खानाको व्यवस्था मिलाउने कार्य गर्दछ ।

अन्य पदाधिकारी

अधिकारी : गाउँमा अधिकारीले आफ्नो कार्य निरन्तर गर्ने गर्दछ। अधिकारीलाई जमिनदार पनि भनिन्छ । उसले गाउँका अभिभावक अथवा संरक्षकको कार्य गर्दछ । उसले गाउँमा कुनै दुष्ट वा शत्रु तथा भुतप्रेत आउनबाट जोगाउने कार्य गर्दछ । उसको घरलाई मुकाम भनिन्छ जुन छलफलका लागि प्रयोग गरिन्छ । यो पदवी गाउँमा एउटा प्रभावकारी ब्यक्तिलाई प्रदान गरिन्छ । यसले गाउँमा शान्ति गराउन निर्णायकको भूमिका खेल्न सक्दछ र गाउँस्तरका जातिगत संस्कारको नेताको रुपमा पनि लिइन्छ । जातिगत सभामा अधिकारी मान्यजनको मातहतमा बसी कार्य गर्दछ र गाउँस्तरका जातिको प्रमुखको रुपमा सहभागी हुने गर्दछ ।

हाल आएर यस्तै भूमिका निर्वाह गर्ने परिवारका मानिसहरूले अधिकारी थर राखेको पाइन्छ। अभिभावकका रुपमा हालसम्म पनि उसले गाउँमा संस्कारका नेताका रुपमा कार्य गर्दछ। जातिगत सभामा उसलाई गाउँका अभिभावकको रुपमा स्थान दिइएको हुन्छ। सर्वसाधारण व्यक्तिले जातिगत सभामा मान्यजनको निर्देशन अनुसार बोल्ने गर्दछ। अधिकारीले गाउँमा बाहिरी भुतप्रेत तथा शत्रुबाट सुरक्षा गर्दछ :

गैरो : अधिकारीको निर्देशनमा कार्य गर्दछ र गाउँमा खबर/आदेश (उर्दी) जारी गर्दछ।

धामी : अधिकारीले जस्तै धामीले परिवार, समुदाय र गाउँको रक्षा गर्ने कार्य गर्दछ। धामी र अधिकारी दुवै मिलेर गाउँलाई बाह्य शत्रुबाट रक्षा गर्न तन्त्रमन्त्रले बाँध्ने कार्य गर्दछन्। यसले गाउँको रक्षा प्रणाली अनुसार आफ्नो कार्य गर्दछन्।

पिछडावर्ग (OBC) समुदायमामनाइने धार्मिक रितिरिवाज, संस्कृति तथा चाडपर्वहरु

नेपालमा विविध धर्म संस्कृति तथा चाडपर्व मान्ने मानिसहरुको बसोबास रहेको छ । मधेश तराईमा त झन एक आपसमा पारस्परीक अन्तर सम्बन्धमा आधारित रितिरिवाज तथा धार्मिक संस्कार र चाडपर्वहरु मनाउने गरिन्छ । जस अन्तर्गत मधेशी समुदायका मैथिली, भोजपुरी, मगही बोल्ने मातृभाषीहरुको चाडपर्व करिब करिब एक अर्कासँग मिल्दाजुल्दा नै देखिन्छन् । तर मनाउने विधि भने केही फरक अवश्य रहेको छ ।

पिछडावर्ग (OBC) समुदायमा मनाइने चाडपर्व तथा धार्मिक संस्कृति र रीतिरीवाजहरुलाई प्रतिनिधिन्व गर्दै यसरी प्रस्तुत गरिएको छ ।

१. बैशाख महिनामा सतुवाइन र जुडशितलः-

पिछडावर्ग (OBC) समुदायमा हरेक महिनाको आ-आफ्नो छुटटै विशेषता रहेको हुन्छ जुन महिनाहरुमा धार्मिक परम्परा, रितिरिवाज, संस्कार मनाइने गरिन्छ । यही क्रममा बैशाख महिना एउटा नँया वर्षको आगमनको साथै धार्मिक र संस्कृतिको रुपमा सतुवाइन र जुडशितल पर्वले सुरुवात हुने गर्दछ ।

बैशाख १ गते नयाँ वर्षको साथै सतुवाइन पर्व मनाउने धार्मिक प्रचलन रहेको छ । यस दिन सब भन्दा पहिला घर-आँगन, दैलो सबै सफा-सुघर गरी निप-पोत गरेर नुहाई धोवाई गरी सकेपछि आफ्नो कुल देबतालाई सातु र सखर मिसाई चढाउने गरिन्छ र त्यही चढाएको सातुलाई प्रसादको रुपमा पानीमा घालेर परिवारका सबै सदस्यहरु खाने गर्दछन् ।

भोली पलट अर्थात बैशाख २ गते सुर्य उदय हुनु भन्दा पहिला नै घरका ठुला-बडा वा बुढा-पाका जस्तो कि हजुरबुवा-हजुरआमा, आमा-बुवा, काका-काकीहरुले एका बिहानै आ-आफनो घरमा रहेका र छिमेकीको घरमा पनि रहेका सबै बालबालिकाहरुको टाउकोमा पानी राखेर एक वर्षसम्म शितलता प्रदान होस भनि आशिर्वाद दिने गर्दछन् ।

यसै गरि आफु भन्दा ठुलाहरुले सानाहरुका टाउकोमा पानी राखी जुडाउने गरिन्छ र आफनो घरमा पालेका पशुहरु (जनावर) को टाउकोमा पानी राख्नुका

साथै बारीमा लगाएका रुख बिरुवा सधैं हराभरा रहोस त्यो उद्देश्यले त्यसको जरामा पानी हाल्ने धार्मिक मान्यता रहेको छ ।

साथै जुडशीतलका दिन नुहाउने बेलामा हिलो-हिलो पनि खेल्ने सदियौंको परम्परा रहेको छ ।

जुडशितलमा खाने खानामा पहिला भन्दा अहिलेको समय र शिक्षाको प्रभावले केही परिवर्तन आएको छ र आउनु पनि पर्दछ । यसमा एउटा धेरै पुरानो र प्रचलित भनाई छ कि "चैतमा पकाएको खाना बैशाखमा खाने" अर्थात चैत महिनाको अन्तिम दिनका राती पकाएको खाना बैशाख महिनाको पहिलो दिन खाने गरिन्थ्यो । जस्तो कि पहिलेको समयमा शिक्षाको कमीका कारण मानिसमा चेतनाको स्तरमा कमी रहेकाले बासि खाना खाने चलन रहेको थियो भन्ने मेरो बुझाइ छ । तर अब मानिस शिक्षित भएका कारण बासि तथा सडे गलेका खाना खाने प्रचलनलाई निरुत्साहित गरी ताजा-ताजी खाना खानेमा जोड दिएको देखिन्छ ।

जुडशितलका दिन खानामा करही-बरी, बिभिन्न प्रकारका तरुवा, मुन्गी (सोहजन) को तरकारी, पकौडा, चप जस्तो परिकारहरु पकाएर सब भन्दा पहिला चुलोलाई निप पोत गरी यी सबै पकाएका परिकारहरु चुलो अर्थात अग्नी देवतालाई खुवाइन्छ र एक लोटा पानी पनि पिलाइन्छ त्यसपछि मात्र आफनो घरका सबै सदस्यहरु सहित आफन्त तथा इष्टमित्र र नातेदारहरुलाई पनि बोलाएर खाना खुवाउने गरिन्छ ।

जुडशितलका दिनमा पकाएका परिकारहरु नै बेलुका पनि खानाको रुपमा खाने चलन रहेकाले दिनमा नै बढी खाना पकाउने गरिन्छ । जसले गर्दा रातीको समयमा चुलो पनि जुडाउछन भन्ने धार्मिक मान्यता रहेको छ ।

२. असार महिनामा असाढी पुजा, डिहीबार पुजा (ग्राम देबता पुजा):-

असार महिनामा गरिने असाढी पुजालाई प्रकृति पुजासँग जोडेर हेर्ने गरिन्छ । जुन असाढी पुजा कुनै छुटटै किसिमको पुजा होइन यो त वास्तवमा प्रकृति पुजा नै हो । जसमा गाँउ, समाज तथा त्यस क्षेत्रको सुरक्षा र शान्तिलाई कायम राख्नको लागि सुरक्षाकवजको रुपमा प्रकृतिको पुजा गर्ने गरिन्छ ।

जस्तो कि सबैको घरमा कुल देबता हुन्छ त्यही प्रकारले गाँउ बासीहरुका

लागि पनि सुरक्षा प्रदान गर्ने एउटा देबता हुन्छन् । जसको एउटा मन्दिर गाउँ भन्दा अलि पर बाहर प्रकृतिको काँखमा बनाइएको हुन्छ, जसलाई (डिहीबार स्थान), ब्रहमस्थान वा गग्रम देबता पनि भनिन्छ । मधेशी समुदायमा यो डिहीबार पुजा विशेष प्रचलनमा रहेको पुजा हो ।

वर्षमा एक पल्ट असाढी पुजा गर्न जरुरी पनि हुन्छ र यो पहिला देखि नै चल्दै आएको परम्परा पनि हो । जुन पुजालाई निरन्तरता न दिनुको मतलब आफनो सांस्कृतिक रितिरीवाजका साथै धार्मिक परम्परालाई परित्याग गर्नु जस्तै हुन्छ, त्यसकारण सम्पुर्ण गाँउवासीलाई रक्षा कवजको रुपमा रहेको ब्रहम स्थानको विशेष महत्व रहेको छ ।

कुनै प्रकारको शुभ कार्य सम्पन्न गर्नु भन्दा पहिला ब्रहम स्थानमा पहिला गई प्रकृतिसँग जोडेर यसको विशेष पुजा गरिन्छ त्यसपछि मात्र अर्को कुनै पुजा वा शुभ कार्यको सुरुवात गरिन्छ त्यसकारण यसको महत्व समाजमा झन बढी रहदै आएको छ । ब्रहम स्थानमा प्रत्येक वर्ष असार महिनामा एक दिन गाँउवासीहरु मिली चन्दा उठाएर धुमधामले पुजा गर्ने गर्दछन् ।

त्यहाँ सबै भन्दा पहिला दुई जना कुमारी कन्या केटीको खोइक्षा भर्ने गरिन्छ र उनीलाई खीर, चिनीको लडडु, फलफुल खान दिइन्छ त्यसपछि त्यहाँ गहबरमा झाक्री खेलाउन थाल्दछन् त्यति बेलां गाँउ र गाँउलेबासीको भलो तथा सुरक्षाको लागि झाक्रीले केही नियमहरु बताउछन जुन नियमहरुलाई पालना गर्नको लागि गाँउलेबासीहरु प्रतिबद्धता पनि जनाउँदछन् ।

जस्तो कि खेतमा फलेको सबै भन्दा पहिलो अन्नलाई ब्रहम स्थानमा चढाइने, मन्दिर भित्र जुता चप्पल लगाएर जान रोक लगाइने, यस्तै प्रकारको अन्य नियमहरुको पालना पनि गरिने छ । जसको फलस्वरुप ग्राम देवता सधै गाँउ र गाँउबासीको सुरक्षाको लागि जुन समयमा पनि रक्षाकवजको रुपमा तयारी अवस्थामा रहेको धार्मिक जनविश्वास छ ।

पुजाको लागि पानी न मिसाइएको शुद्ध ताजा दुधको खीर भोजनी बनाउने गरिन्छ । त्यससँगै चिनीमा मरिच राखेर लडडु पनि बनाइन्छ साथै अक्षत र यो बनाइएको परिकारहरुलाई एउटा डालोमा राखेर पुजा स्थानमा राखी पुजा गरिन्छ ।

त्यसपछि हाकिन-डाकिन का नाममा खसी-बोका, पाठी, तथा रक्सी चढाएर

पनि पुजा गरिन्छ । पुजा हेर्न मानिसहरुको त्यहाँ ठुलो भीड लागेको हुन्छ । पुजा समाप्त भएपछि सबै जनालाई पुजामा चढाउनको लागि पहिला नै तयार गरिएको खीर र लडडु प्रसादको रुपमा बाडिन्छ साथै बेलुकाको समयमा सबैको घर-घरमा पुग्ने तरिकाले लडडु पुचाइन्छ र पुजाको समापन गरिन्छ ।

३. साउन महिनामा नागपञ्चमी (लगपाचे), रक्षा बन्धन (राखी) र कुल देवताको पूजा (घरी पबनी):-

नागपञ्चमी :-

गाँउ घरमा बुढापाकाहरुको एउटा भनाई छ कि "नागपञ्चमी आएपछि सबै पर्वहरु नाच्न थाल्दछन्" ! अर्थात जबसम्म नागपञ्चमी हुर्दैन तबसम्म कुनै अर्को पर्वहरु सुरु हुर्दैनन । यो भनाई अहिले पनि हाम्रो समुदायमा प्रचलित छ । खास गरी नागपञ्चमी (लगपाँचे) एकै महिनामा दुई पटक अर्थात पन्द्र दिनको अन्तरालमा दुई दिन मनाउने गरिन्छ । जस्तो कि एउटा मिना लगपाँचे र अर्को बरबरना ।

पहिला मिना लगपाँचे मनाएको १५ दिनपछि बरबरना लगपाँचे मनाइन्छ । मिना लगपाँचे धेरै कम मानिसले मनाउने गरिएकाले कतिपय मानिसलाई त थाहा नै हुदैन कि मिना लगपाँचे कहिले मनाइयो ।

बरबरना लगपाँचेको बारेमा कसैलाई त सोध्नु नै पर्दैन किनकी यो लगपाँचे सबै मानिसलाई थाहा नै हुन्छ कि यो पर्व साउन शुक्ल पञ्चमीका दिन मनाइन्छ । यसदिन बिहानै देखि घर-आँगन दैलो सबै सफा सुघर गरेर निप-पोत गरी घरको ढोका अगाडी र गेट-गेटमा साथै घरको चारैतिरबाट गाईको गोबरले नागको चित्र बनाइन्छ ।

त्यस चित्रमा धानको लावा, दुबो, तोरी वा सरसो र सिन्दुर लगाइन्छ भन्ने रातीको समयमा धानको लाबासँगै मुसाले खनेको माटो मिसाई त्यस लाबालाई झाक्रीद्धारा पढाइन्छ । त्यसपछि ती लाबालाई घर भित्र र बाहिर गरी सबै ठाउँमा छरिन्छ । छरिएको लाबालाई नाग देबता र अन्य सर्पहरुले मिलेर खान्छन् भन्ने धार्मिक जनविश्वास रहेको छ ।

यो सबै प्रक्रिया मिना लगपाँचेमा पनि लागु हुन्छ । यसरी नै दुबै नागपञ्चमी समाप्त हुन्छ ।

धार्मिक मान्यता अनुसार दुध लाबा नाग देबतालाई चढाइयो भन्ने कुनै प्रकारको अप्रिय घटना हुदैन भन्ने विश्वास आम समुदायको मानस पटलमा रहेको छ ।

यसकारण मानिसहरु नाग देवताको लागि दुधको धारा अर्पण गर्दै आई रहेको छ । समय-समयमा बर्षा हुन्छ तर बाढीले जनधनको क्षति न होस भन्ने उद्देश्यले नागको पुजा गरी नागपञ्चमी मनाउने प्रचलन चलदै आएको छ ।

रक्षा बन्धन/राखी बन्धन):-

रक्षा बन्धन पर्व अब कुनै धर्म वा जाति समुदायमा मात्र मनाउने सिमित पर्व रहेनन् तर यो पर्व मनाउने विधि संस्कार तथा प्रक्रिया भन्ने आफनो समुदायको हिसाबले केही फरक अवश्य नै हुन्छ ।

रक्षा बन्धन साउन शुक्ल पुर्णिमाका दिन हरेक समुदायमा मनाउने गरिन्छ । जुन हाम्रो मधेशी समुदायमा पनि त्यही दिन नै मनाउने गरिन्छ तर फरक तरिकाले मनाइन्छ । जस्तो कि त्यसदिन सबै भन्दा पहिला घर आँगनलाई सफा-सुघर गरी नुहाई-धुवाई गरेर दिदी-बहिनीहरुले आ-आफ्नो दाई-भाईको हाथमा रक्षाको धागो अर्थात रक्षा बन्धन गरी लामो आयूको साथै जीवनमा आई पर्ने बिभिन्न कठिन परिस्थितको सामना गर्न सकुन भन्ने आर्शिवाद दिन्छिन् ।

यसै गरी आफ्नो घरमा रहेकी दिदी-बहिनीहरु माइती आई आफ्नो दाई-भाईलाई राखी बाँध छिन, जसलाई रक्षा बन्धन वा राखी बन्धन पनि भनिन्छ ।

दाई-भाईलाई राखी बाँधनको लगि माइती आएको बेला राखीसँगै मिठाई, फलफुल पनि लिएर आउछिन र त्यही मिठाई फलफुलहरु दाई-भाईलाई राखी बाँधि सकेपछि खानलाई दिन छिन् । राखी बाँधे वापत दाई-भाईले आफ्नी दिदी-बहिनहरुलाई आफ्नो दक्ष/क्षमता अनुसार रुपैया-पैसा लत्ता कपडा दान-दछिना उपहार स्वरुप दिने प्रचलन रहेको छ ।

रक्षा बन्धन दिदी-बहिनी र दार्जु-भाई बिचको एउटा यस्तो पबित्र बन्धन हो, जसले टाढा-टाढा रहेका दिदी भाईलाई मिलाउने गरिन्छ । एक अर्काको माया प्रेमलाई राखीको धागोले बाँधिन्छ । राखी जब देखि बाँधिन्छ तब देखि भाई र बहिनीको नाता जन्म-जन्म सम्मको लागि जोडिन्छ । यो पर्व अहिलेको कुनै नयाँ होइन बरु धेरै नै पुरानो पर्वको रुपमा स्थापित भएको पर्व हो ।

साउनी घरी पर्व :-

नागपञ्चमी पर्व समाप्त भएपछि आ-आफ्नो कुल देबतालाई पहिलो बैरागनको दिन साउनी घडी पर्व मनाउने गरिन्छ । घडी पर्व बैशाख र साउन महिना गरी वर्षमा दुई पटक मनाइन्छ ।

यो पर्व धेरै अगाडी देखि चल्दै आई रहेको चलन हो । जसलाई तपाई हामीले छोडन सक्दैनौ । यो पर्वलाई सम्पन्न गर्नको लागि घरका एक ब्यक्ति दिनभरी उपवास बस्छन् र पर्व सम्पन्न भई सकेपछि मात्र भोजन ग्रहण गर्दछन् ।

यो पर्व जम्मा एक दिनको हुन्छ। दिनभरी उपवास बसी साँझपख आफ्नो कुल देबतालाई चढाउनको लागि प्रसादको रुपमा पुरी र खीर पकाउने गरिन्छ साथै फलफुल, पान, सुपारी, तुलसीका पात, दीप, धुप जस्तो सामग्रीहरु पनि जुटाइन्छ।

यो सबै समाग्रीहरु कुल देवताको घरमा कुल देबताको समक्ष चढाइन्छ । प्रसादीको रुपमा चढाइएको जुन भाग रहन्छ त्यसलाई न त अर्को ठाँउमा उठाएर लान मिल्छ न त अरु कुनै मानिसलाई नै खान तथा दिन नै मिल्छ साथै न त महिलाहरुलाई नै ती चढाएको भाग खानलाई नै मिल्छ भन्ने धार्मिक जनविश्वास रहेको छ ।

चढाई सकेपछि पुरुष मानिसहरुलाई चढाएको स्थानमा नै बसेर खानु पर्दछ यदि सबै खान सकेन भन्ने बाँकी रहेको भागलाई त्यही स्थानमा खाल्डो खनेर गाडनु पर्ने प्रचलन रहेको छ र यही नै यो पर्वको मुख्य विशेषता पनि रहेको छ। पर्वको दिन बिहानै घर आँगन निप पोत गरेर नुहाई-धोवाई गरी सकेपछि कुल देबतालाई चढाउनको लागि पुरी र खीर पकाइन्छ ।

साथै आफ्ना आफन्तहरुलाई खुवाउनको लागि पनि अलि बढी नै खीर, पुरी र तरकारी पनि पकाइन्छ। यस्तै गरी बैशाख महिनामा मनाइने बैशाखी घडी पर्वमा पनि यी माथिका सबै प्रक्रियाहरु अपनाइन्छ ।

४.भदौ महिनामा (चौरचन) गणेश चौथी /भदौको आईतबारको पर्व :-

गणेश चौथी :-

वर्षभरीको संकटबाट बच्नको लागि र कलंक हटाउनको लागि हाम्रो मधेशी समुदायमा गणेश चौथी (चौरचन पबनी) पर्व भाद्र शुक्ल चतुर्थी अर्थात गणेश

चौथीका दिन घर-घरमा धुमधामका साथ मनाइन्छ ।

गणेश चौथी पर्व गर्नाले पुत्र, धन तथा मान वृद्धि हुनुका साथै लागेको कलङ्क पनि हटने जनविश्वास रहदै आएको छ । ब्रतालुहरु दिनभरी उपवास बसी साझपख आँगनमा थोरै ठाँउमा शुद्ध माटो र पानीले लिप पोत गरी चामलको पिठारले चारकोने मण्डला बनाई दुई वटा पिडका र अम्खोरामा पिठारले सजाई त्यो दुबै अम्खोरामा आँपको पल्लो राखी कलशको रुपमा चौका लगाइन्छ ।

चौका लगाइएको ठाँउमा भगवान गणेशलाई चढाउनको लागि प्रसादको रुपमा तयार गरिएको पुजा सामग्रीहरु जस्तै पुडी, छाँछी र मटकुरी (माटोको भाँडो) मा जमाएको दही, केरा, अमबा, मकै, निम्बु/कागति, सरिफा, काक्रो, लडडु, फलफुल, खाजा-मिठाई जस्ता चिजहरु सिकीको दुई वटा डालोमा सजाई कलश सहित मण्डलामा केराको पातमाथि पुडी, दही, केरा, लडडु, फलफुल इत्यादि सजाई चौका लगाइन्छ ।

चन्द्रमाको पुर्ण रुप देखिएपछि उपवास बसेका ब्रतालुहरुले हातमा पान-सुपारी र केही फलफुल आँचलमा राखी सबै भन्दा पहिला चन्द्रमालाई ढोगेर सङकटबाट बचाउनको लागि र आफ्ना घर-परिवारका साथै बालबालिकाहरुलाई कुदृष्टिबाट बचाउनको लागि प्रार्थना गर्दछन् । त्यसपछि त्यहाँ चौका लगाइएको सबै परिकार हरुलाई एकपछि अर्को गर्दै चन्द्रमालाई अर्घ दिई दीप, धुप र अगरबत्तीले पुजा गरी घरपरिवारका सबै सदस्यहरु ढोगेर सु-स्वास्थ्यका लागि आर्शिबाद माँगेपछि अर्घ दिने काम हुन्छ ।

त्यसपछि चढाइएको ठाँउमा नै प्रसादको रुपमा रहेको केराको पात माथिको पुडी, दही मिठाई सहित सबै समानहरु घरका पुरुष ब्यक्तिहरुले मात्र नै त्यही बसी खाने चलन रहेका छन् । यदि सबै परिकारहरु खान नसकेको खण्डमा त्यही खाल्डो खनी गाडनु पर्ने गणेश चौथी पर्वको नियम पनि रहेको छ । किनभने ती समानहरु उठाएर अर्को ठाँउमा लैजान न मिल्ने र महिला वा अन्य ब्यक्तिलाई खान पनि न दिइने जनविश्वास रहेको छ ।

ब्रतालुका साथै स-परिवार रातीको खानाको रुपमा त्यही परिकारमा अन्य परिकारहरु थपि सबै जना मिलीजुली खाएर चौरचन पर्वको समापन गर्दछन ।

यो पर्व खास गरी भाकल पुरा भएका र छोरा हुनेहरुलाई गर्न अनिवार्य हुन्छ

भन्ने धार्मिक जनविश्वास रहेको छ ।

भदौको शुक्ल पक्षको चतुर्थीमा मिथ्या कलङकबाट बच्नको लागि रोहिणी सहित चतुर्थी चन्द्रमालाई पुजा गरिन्छ ।

एक पटक शिवपुत्र गणेशलाई देखेर चन्द्रमा हाँसि दिनु भएकी थिइन । त्यति बेला नै गणेश जी रिसाएर चन्द्रमालाई श्राप दिनु भयो ।

त्यति बेला देखि ने चतुर्थीका दिन चन्द्रमालाई देखेपछि कलङक लाग्छ भन्ने धार्मिक विश्बास छ । रिसाएका गणेश जीलाई खुशी पार्नका लागि चन्द्रमाले भदौ शुक्ल चतुर्थीमा गणेश जीको पुजा गरकी थिइन ।

त्यसपछि गणेश जी खुशी भएर भन्नु भयो–कि मानिसले भदौ शुक्ल चतुर्थीका दिन 'सिंह प्रसेन...' मन्त्रले चन्द्रमालाई पुजा गरी दर्शन गर्यो भन्ने उसलाई मिथ्या कलङक लागदैन र सबैका मनोकामना पुरा हुन्छ भनि श्रापबाट मुक्त गरि दिए ।

भदौको आईतबार पर्व :-

त्यसो त आइतबारको पर्व हरेक महिनामा गरिन्छ तर त्यो पर्वको तुलनामा भदौ महिनामा गरिने आइतबारको पर्व विशेष मानिन्छ ।

किनभने त्यो पर्वहरुको पुण्य बराबर यो एउटा भदौको आइतबारको पर्वले प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास रहेका कारण भदौको आइतबारको पर्वको छुट्टै महत्व हुनुका साथै जनउपयोगी पनि रहेको देखिन्छ हाम्रो मधेशी जनसमुदायमा । त्यसकारण भदौको आइतबारको पर्वप्रति आकर्षण पनि बढेको पाइन्छ ।

यो पर्व विशेष गरी गणेश चतुर्थी पर्व सकिएपछि जुन पहिलो आइतबार आउछ त्यसलाई भदैया रब अर्थात आइतबारको पर्व भन्ने चलन पनि छ ।

यो पर्वमा विशेस परिकारको रुपमा खीरलाई मानिन्छ साथे आफ्नो खेत-बारी र घरमा नै पाइने फलफुलहरु विशेस रहन्छ । जस्तो काक्रो, आमबा, केरा, लडडु, धुप-अगरबत्ती, पान-सुपारी र तुलसीको पात आदी रहन्छ ।

यो भदौको आइतबारको पर्वमा महिलाहरु मात्र होइन कि बालबालिका, बुढा-पाकाको साथै पुरुष मानिसहरुको संख्या पनि उतिकै हन्छ । अर्थात यो आइतबारको पर्वलाई घरका सबै सदस्यहरु मिलेर गर्दछन् । खास गरी यो आइतबारको पर्व सुर्य भगवानको पुजा हो र यो पर्वमा उहाँलाई नै आहवान गरिन्छ भन्ने धार्मिक

विश्वास रहेको छ ।

यो आइतबारको पर्वलाई ठाँउ, परिवेश र मानिसको आस्थाअनुसार छुट्टा-छुट्टै तरिकाले मनाइन्छ । जस्तो कुनै ठाँउमा डालो वा टपरीमा पुजा समाग्रीहरु राखी भगवान सुर्यलाई अर्घ दिएर पुजा पाठ गरिन्छ भन्ने, कुनै ठाँउमा यही आइतबारको पर्वमा बिना अर्घ दिई भुइँमा लिप पोत गरी केराको पातमा खीर, काक्रो, आमबा, मकै, लडु पान र तुलसीको पात चढाएर पनि पुजा गरिन्छ । जसलाई बिना अर्घ दिएको आइतबारको पर्व भनिन्छ ।

यस पर्वमा खास गरी एक पल्ट मात्र दिनमा वा बेलुका अर्थात सुर्य अस्त हुनु भन्दा अगाडी नै नुन नहालेको खाना खाने चलन रहेको छ । रातभरी उपवास बसी भोली पल्ट खाना खाई पर्वको समापन गरिन्छ । यो पर्व गर्नाले रोग ब्याधी सबै टाँढा भाग्दछन् तथा घर परिवार माथि परेको संकटहरु टाढा भाग्दै जान्छ र बालबालिकाहरु नराम्रो दृष्टिबाट बाच्छन् भन्ने धार्मिक जन विश्वास रहेको छ ।

साथै भदौमा नै श्रीकृष्ण जन्माष्टमी पनि धुमधामका साथ मनाइन्छ ।

५.असोज महिनामा जितिया पर्व, दशैं/झिझिया नृत्यः-

जितिया पर्व :-

“जितिया पर्व धेरै कठिन पर्व हो बालबालिकालाई सुताई आफै खान्छन एक थाली” यो भनाई हाम्रो समुदायमा धेरै प्रचलित रहेको छ। गाँउं घरमा यो भनाई प्रायः सबैको मुखमा यादै रहन्छ ।

जितिया पर्व अशोज शुक्ल पक्ष सप्तमी तिथी देखि सुरु भई नवमी सम्म अर्थात तीन दिनसम्म मनाइन्छ । यो जितिया पर्व दशैं मनाउनु भन्दा आठ दिन पहिला नै मनाइन्छ ।

जितिया पर्व विशेष गरी छोरा हुने आमाहरुले मनाउछिन् । किन भन्ने यो पर्वमा खास गरी आफ्नो छोराको सु-स्वास्थ्य तथा दीर्घायुको कामनाको लागि आमाहरुले उपवास बसी जितीया पर्वको आरम्भ गर्दछिन् । तर अहिले जितीया पर्व विवाहित तथा अविवाहित दुबै महिलाले गर्न थालेको देखिन्छ ।

पर्वको पहिलो दिन नुहाएर खाना खाने प्रचलन रहेको छ । जस अन्तर्गत

ब्रतको पहिलो दिन अर्थात भदौको शुक्लपक्ष सप्तमीका दिन ब्रतालुहरु मिली पोखरी वा कुनै जलाशयमा गई नुहाएर सुर्य भगवानलाई जलको अर्घ दिई खाने तेल (तोरीको), पिना र सिन्दुर भगवान जितमाहनलाई र आफ्नो स्वर्गीय माता-पिता तथा सासु-ससुराको नाममा चढाउछिन् ।

यसपछि घरमा आई केराको पातमा दही, चिउरा, मिठाई, केरा, लड्डु इत्यादी जस्ता सामाग्रीहरु भगवान जितमाहनलाई चढाइन्छ । ब्रतको पहिलो दिन खानाको रुपमा कोदोको रोटी, साग, भात र माछा खाने परम्परा रहेको छ ।

अरु पर्वहरुमा पर्व सुरु हुनु भन्दा दुई/तीन दिन अगाडी देखि नै माछा-मासु जन्य खाना खान बर्जित गरिन्छ । तर यो एउटा यस्तो पर्व हो जस पर्वमा माछा खाएर नै पर्वको आरम्भ गरिन्छ ।

दोस्रो दिन अष्टमीको एक्का विहानै करिब चार/पाँच बजेतिर घिरौलाको पातमा दही, चिउरा, मिठाई, केरा, लड्डु जस्ता फलफुलहरु भगवान जितमाहन, पितृ र चिलको नाममा चढाइन्छ । मृत आत्मालाई सुख, शान्ति प्राप्त तथा सन्तानको लागि दीर्घायु जीवनको आर्शिवाद मांगद छिन ब्रतालु महिलाहरुले ।

चिलका नामले चढाइएको पातलाई घरका माथि छानोमा फालिन्छ भन्ने पितृ तथा भगवान जितमाहनको नामले चढाइएको पातलाई आफ्नो श्रीमान वा छोराछोरीलाई खान दिइन्छ । यति बेला नै ब्रतालुहरु आफु पनि चढाएको प्रसादलाई खानाको रुपमा खान्छिन् । त्यही भएर बुढापाकाको भनाई छ "जितिया पर्व धेरै कठिन पर्व हो बालबालिकालाई सुताई आफै खान्छन एक थाली"

तेस्रो दिन अर्थात नवमीको दिन पनि फेरी एक्का बिहानै करिब चार/पाँच बजेतिर पहिलो दिन जसरी नै बेसारको पातमा दही, चिउरा, मिठाई, केरा, लरु आदी बस्तुहरु भगवान जितमाहन, पितृ र चिलको नाममा चढाइन्छ ।

चढाई सकेपछि चिलको नामले चढाइएको पातलाई घरको माथि छानोमा फालिन्छ भन्ने पितृ तथा भगवान जितमाहनको नामले चढाइएको पातलाई आफ्नो श्रीमान वा छोराछोरीलाई खान दिइन्छ । साथै आफु पनि त्यही समानहरु खाने गर्छिन र जितिया पर्वको समापन गर्दछिन् ।

यो ब्रतको अवधिभरी ब्रतालुहरु पानी सम्म पनि खादैनन् साथे ब्रत समापन न हुन्जेल सम्म ब्रतालुले न त केही भाच्न पाउछिन न त केही काटन नै । यदि कुनै

काटने वा भाच्ने काम गर्यो भने यो पर्व स्वतः छुटछ भन्ने धार्मिक जन विश्वास रहेको छ ।

पर्व छुटछ कि भन्ने डरले ब्रतालुले झुकेर पनि यस्तो काम गर्दिनन । ब्रत समापनका दिन पनि ब्रतालुहरुले पोखरी वा कुनै जलाश्यमा गई नुहाई-धुवाई गरी पर्वको समापन गर्दछिन ।

यो पर्व गर्नाले उसको सन्तान माथि कहिल्य पनि आपत विपत जस्ता न राम्रो दुःख, कष्ट, संकटहरु आउदैन भन्ने धार्मिक विश्वास रहेको छ । जितिया पर्वको कथाले एउटा छुट्टै महत्व पनि राख्दछ ।

टोल-टोलमा ब्रत गर्ने महिलाहरु एक ठाँउमा जम्मा भई पंडित बाहुनले भनेका कथा श्रद्धाभावले सुन्ने गर्छिन र पर्वमा पुरा मन लगाएर पुजा गर्छिन । त्यसकारण आफ्ना सन्तानको रक्षाका लागि धेरै जसो आमाहरुले यो ब्रत गर्दै आईरहेको देखिन्छ ।

दशैं :-

घटस्थापना देखि विजयादशमी सम्मको बीचमा माता दुर्गाको बिभिन्न रुपको गरिने विधिवत पुजा-पाठ नै दशैं हो । हाम्रो मधेशी समुदायमा दशै मनाउने छुट्टै विधि रहेको छ, जस्तो कि सबै मानिसहरु आ-आफ्नो कुल देबताको घरलाई लिप पोत गरी शुद्ध पार्छन र त्यस कुल देवताको समक्ष मालीले ल्याएको फुलपानहरुलाई चढाउछन् ।

साँझपख सधै चमरा (ढोल बजाउने जाति) सबैको घर-घरमा डोल बजाउछन् । यो ढोल घर-घरमा बजाउने क्रम घटस्थापनको साँझ देखि सुरु भएर नवमी सम्म अर्थात १० दिन सम्म चल्छ । यसै गरी कतिपय मानिसहरु १० दिन सम्म दुर्गा पाठ पनि गर्छन् ।

दशैभरीमा माता दुर्गाको विविध स्वरुपको पुजा गरिन्छ, जस्तो कि पहिलो दिन देवी शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथौ दिन कुष्माण्डा, पाँचौ दिन स्कन्दमाता, छ औं दिन कात्यायनी, सातौ दिन कालरात्री, आठौ दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको विशेष पुजापाठ गरिन्छ ।

घटस्थापनादेखि नवमीसम्म जम्मा नौ दिन भगवती दुर्गाको स्वरुपको पुजा

आराधना गर्दै यो नवरात्री पर्व मनाइन्छ । यसमा पनि षष्ठी देखि धेरै विधिहरु गरिन्छ जस्तो कि कलशा भर्ने, बेल नवती, बेल तोरी, खोइछा भर्ने आदी बिविध विधहरु सम्पन्न गर्दै दशौ दिन दुर्गा मेला लगाई धुमधामका साथ बिजयादशमी मनाइन्छ । जसको आकर्षण छुट्टै रहेको हुन्छ ।

यो मेला भर्नको लागि एक महिना अगाडीदेखि नै तयारी सुरु गरिन्छ र मुर्ति बनाउने ठाँउलाई विशेष सुरक्षित राखिन्छ । नवरात्रीको साँझपख माता दुर्गाको खोइछा भर्ने चलन रहेको छ ।

महिलाहरुले माता दुर्गाको खोइछा भरी सौभाग्य, सन्तान प्राप्ति, दीर्घायू र विभिन्न किसिमका संकटहरुबाट बच्नको लागि आर्शिवाद मांगद छिन । त्यही आर्शिवाद प्राप्तिको लागि नै देवी दुर्गाको खोइछा पनि भर्ने गरिन्छ ।

यस अवसरमा विभिन्न दवी देवताहरुको मठ-मन्दिरमा पुजा-आजा गर्ने भक्तजनहरुको भीड लाग्दछन् । यस अवधिमा पुजा-पाठ गरिने देवीलाई नवदुर्गा भनिन्छ ।

पौराणिक मान्यता अनुसार असत्य माथि सत्यको विजयको रुपमा यस पर्वलाई मनाइन्छ । भगवान रामले रावणलाई यसै दिन मारेको हुनाले यस पर्वलाई विजयादशमी भनिएको हो ।

यसै गरी माता दुर्गा शुम्भ र निशुम्भ लगायतका असुरहरु माथि विजय प्राप्त गरेको हुनाले यो पर्वलाई शक्ति उपासनाको रुपमा मनाउदै आएको छ ।

शक्ति माता जगदम्बाले असुरहरुलाई नाश गरी जगतको कल्याण गर्न सत्य, न्याय र धर्म रक्षाको लागि शक्ति प्रदर्शन गरी आफ्नो सत्व, तम र रज त्रिगुणले संसारको सृष्टि गरेकाले दशैंमा उनको विशेष आराधना लगायतका पुजापाठ गरिन्छ ।

दशैंको लागि एक महिना अगाडी देखि नै माटोको मुर्तिहरु बनाइन्छ । जसको विशेष सावधानी अपनाई हेरविचारका साथै पुजापाठ पनि गरिन्छ। यसमा मुर्तिहरुको आँखा छोपिएको हुन्छ किनभने नवरात्रीको आधी रातमा मात्र मुर्तिहरुको आँखा उघारिन्छ । आँखा उघारिने बेलामा कसैलाई पनि अगाडी आमने-सामने रहन दिइदैन । किनकी यसको सिधा असर त्यहा बसेको मानिस माथि पर्छ भन्ने जनविश्वास रहेको छ ।

त्यसपछि धुमधामका साथ मेला सुरु हुन्छ । मेला भर्नको लागि मानिसहरु टाढा-टाढाबाट आउछन् । यस मेलालाई एउटा मिलन केन्द्रको रुपमा हेरिन्छ । किनभने लामो समय सम्म भेटघाट नभएका साथीभाईहरु यस मेलामा भेटिन्छन् । मेलामा विभिन्न किसिमका नाच-गान, खेल-तमासा, पर्दा, भिसियार, सरकस जस्ता मनोरञ्जनका साधनहरुको आयोजना गरिएको हुन्छ ।

झिझिया नृत्य :

यो झिझिया नृत्य दशैंको दश दिन सम्म खेलिन्छ । घटस्थापनाका दिन देखि झिझिया नृत्य सुरु भई विजयादशमीका राती समापन हुन्छ । दशै अवधिभर अर्थात १० दिन सम्म सधै साँझपख आठ/नौ बजे देखि सुरु भई रातीको करिब बाह्र/एक बजे सम्म नृत्य गर्नेहरु मनोरञ्जनका साथ झिझिया खेलि रहेको देखिन्छ । झिझियाको सिजन भन्ने हो भने खास गरी दशैं नै विशेष हुन्छ ।

त्यसो त झिझिया नृत्यको प्रदर्शन कुनै पनि कार्यक्रमको अवसरमा प्रस्तुत गरिन्छ तर बास्तबिक सिजन भन्ने दशैं नै हो । यो झिझिया नृत्य मगही समुदाय लगायत अन्य समुदायमा पनि खेलिन्छ । पहिला-पहिला यो झिझिया निम्न वर्गीय वा साना जातीका महिलाहरुले खेल्ने गर्दथे । तर अब समयको परिवर्तनसँगै यो नृत्यमा पनि परिवर्तन भएकाले सबै जात-जातिका मानिसहरुले खेल्ने साझा नृत्यको रुपमा स्थापित भैसकेका छन् ।

पहिला-पहिला दशैंमा जुन उत्साहपुर्व खेलिन्थ्यो त्यो हिसाबले अब त्यसरी खेलेको पाइदैन । किनभने मानिसहरु अहिले धेरै बेस्त भइ सकेको छ, जुन सबैलाई त्यति फुर्सत नै हुदैन जसले गर्दा पहिला जस्तो राती/राती सम्म खेलौस । यो एउटा चिन्ताको विषय पनि बन्दै गएको छ कि यसरी नै यो संस्कृति, यसको पहिचान कतै हराउने त होइत ?

दशैं अवधिभरी मानिसहरुको लागि मनोरञ्जनको एउटा राम्रो माध्यम बनेको हुन्छ । उजेली रातमा महिलाहरुले समुह-समुह बनाएर झिझिया खेल्ने देखि लिएर हेर्नसम्मको मानिसहरुको भीड लागेको हुन्छ । सहभागी भएका महिलाहरु माटोको घैटोमा प्वाल पारेर घैटौ भित्र बलि रहेको एउटा दियो राखी आ-आफ्नो टाउको माथि राखेर देवी देवताहरुको गीत गाउदै ब्रहमस्थानको गहबर अगाडी झिझिया नृत्य गर्दछिन र ब्रहम बाबालाई गुहार्छिन कि मलाई र मेरो झिझियालाई डाइन

जोगिनको नजरबाट बचाएर राख्नु होला । जुन प्रार्थनालाई गीतको माध्यमले यसरी प्रस्तुत गरिन्छ –

तोहरे भरोसे बरहम बाबा झिझिया बनौलियए हो,
बरहम बाबा झिझिया पर होइयो असबार अबोधबा
बालक तोहर किछियोन जनैछो हो
तोहरे भरोसे बरहम बाबा जुडबा बन्हैलीय हो,
बरहम बाबा जुडबा पर होइयो असबार अबोधबा
बालक तोहर झिझिया खेलइ छो हो ॥

ब्रम्हस्थानबाट फर्किएपछि लोकगीत गाउदै सबैजनाले सबैको घर-घरमा गई तेल मगदछिन् । साथै बोक्सीहरुलाई गाली गर्दै उनीहरुलाई डराउनबाट पनि पछि पर्दैन । झिझियालाई टाउकोमा राखेर खेल्ने नृत्य भएकाले स्थिर भएर खेलिदैन र एकातिर डर पनि रहन्छ कि बोक्सीले कतै झिझियाको प्वाल पो गनी हाल्छ कि भनेर ।

यदि बोक्सीले प्वाल गनी हाल्यो भने झिझिया फुटछ भन्ने मान्यता रहेकोले प्वाल गन्न नदिनको लागि झिझियालाई नचाइ रहेको हुन्छ ।

परापुर्व काल देखि नै तान्त्रिक परम्परा चल्दै आई रहेकोले उसको दुष्प्रभाव जादु टोना र मन्त्रको प्रभाव यो अनुष्ठानमा पनि देखिन्छ । गाँउ घरमा अहिले पनि साना बालबालिकाहरुको घाटीमा लसुनलाई धागोमा गुथेर र हिंग कपडामा बाधेर बाधि दिन्छन् साथै आँखामा गाजल पनि दशैंभरी धेरै नै लगाइन्छ किनकी बोक्सीहरुको खराब नजरबाट बच्न सकोस भनी । यसै गरी दशैंभरी न त महिलाहरुले कपाल नै काटछिन न त खुला नै छोड छिन ।

कपाल खुला छोडनाले बोक्सीहरुले कपाल काटछन तथा दशैंभरी आमा बुवाले आ-आफ्नो बालबालिकाहरुलाई एक गाँउबाट अर्को गाँउमा पनि जान दिदैनन र रातीको समयमा अबेरसम्म पनि कही कतै बस्नलाई रोक लगाउछन् । बोक्सीहरु रातीको अन्ध्यारोमा आफ्नो तन्त्र मन्त्र सिद्धिको लागि मसानघाटमा गई विभिन्न किसिमको काला जादुको प्रक्रिया सम्पन्न गर्छन भन्ने लोक विश्वास रहेकाले

बोक्सीहरुलाई निरास बनाउनको लागि उपहास गर्न गाँउ घरमा यो झिझिया नृत्यको प्रचलन रहेको छ । तर अहिलेको समयमा मानिसमा बढेको ब्यस्तताको कारण यो झिझिया नृत्यमा धेरै नै कमी आएको पाइन्छ ।

अन्तिम दिन अर्थात विजयादशमीका राती झिझिया खेल्नेहरुले पोखरी वा कुनै जलाशयमा झिझियालाई विर्सजन गरी झिझिया नृत्यलाई समापन गर्दछन् ।

६.कार्तिक महिनामा दिपावली, गोबर्धन, भाईटीका, छठ र सामा-चकेवा पर्व:-

दिपावली पर्व :-

दीपावली शब्द नै एउटा शुभको प्रतिक हो । जुन शब्द खुसीयालीको अनुभुती गराउने सम्बोधन पनि हो र यसलाई सुक्राति पनि भनिन्छ। जुन शब्दको सुरुवात सबै भन्दा पहिला रामायणमा पुष्टि भएको छ ।

जब भगवान रामले राक्षस रावनलाई मारेर धर्मात्माहरुको रक्षा गर्नुको साथै अधर्म प्रति धर्मको र असत्य प्रति सत्यको विजय प्राप्त गरेको खुसीमा तथा भगवान राम बनवासबाट अयोध्या फर्केको अवसरमा दीपावली मनाइएको थियो ।

त्यही दीपावली मनाउने चलन आज पनि कायम रहेको छ। दिपावलीको अर्थ यो पनि हो कि धेरै संघर्ष दुःख पिडापछि जुन खुसी, सुख शान्ति प्राप्त हुन्छ । दिपावलीको नामले खुसी भई केही समयको लागि सबै दुःख पिडाहरु बिर्सी घर आंगन वा सबै ठाँउमा दियालो (दिप, दियौरी) बालेर एक अर्कामा खुशी आदान प्रदान गरिन्छ । दिपावलीमा खास गरी सरसफाई हुनु अति जरुरी हुन्छ । त्यही भएर देख्नु भएको होला कि मानिसहरुलाई अरु दिनको तुलनामा अर्को काम छोडेर भए पनि घर आंगन अगाडी पछाडी सबै ठाँउमा सरसफाई गर्नमा विशेस जुटिरहेका हुन्छन् ।

दिपावलीका दिन घरका प्रमुख ब्यक्ति दिनभरी उपवास बसी साँझपख लक्ष्मी माताको समक्ष दीप प्रज्जवलीत गरी लक्ष्मी मातासँगै माता सरस्वती र गणेश भगवानको पनि पुजा आजा गरिन्छ। पुजा गर्ने बेलामा विभिन्न प्रकारका मिठाई, फलफुल, रुपैया-पैसा र कापी-किताबहरु चढाएर धुमधामका साथ भगवान गणेश, माता लक्ष्मी र सरस्वती जीको पुजा आराधना गरिन्छ। पुजा समाप्त भएपछि सबै जनालाई प्रसाद वितरण गरी ब्रतालुले खाना खान्छन् ।

दिपावलीको दिन रातीको खाना केही विशेष नै रहन्छ अरु दिनके तुलनामा, जस्तो कि तरुवा, बघरुवा तरकारी, चप, पकौडा इत्यादी जस्ता परिकारहरु बनाइन्छ । दिपावली समाप्त भएपछि अगेनी वा रोड सडकमा हुका-लोलीसँगै चिरचिरी, फटका फुटाएर मनोरञ्जन गरिन्छ । गाँउ घरमा एउटा भनाई छ, जुन बुढापाकाहरुले भन्दै आएका छन् कि, 'हुकालोली खेलै जो मछर के झरकबै जो अर्थात "हुकालोली खेल र लामखुटेलाई धपाऊ" अर्थात आजकै दिनबाट लामखुटेहरु भाग्छ । साथै जाडोको सुरुवात पनि हुन्छ भन्ने धार्मिक जनविश्वास रहेको छ ।

हुकालोलीको पनि धेरै प्रकार हुन्छ । साना-साना बालबालिकाहरुको लागि सनपाटको हुकालोली बनाइन्छ भने ठुला मानिसहरुको लागि कपडाको अर्थात च्यातेका वा पुराना सुतीको कपडालाई तारमा बेरेर मट्टितेलमा भिजाई त्यसमा आगो लगाएर खेलिन्छ । जसलाई हुकालोली भनिन्छ । हुकालोली खेली रहेको बेला हेर्नमा लाग्छ कि कुनै सरकस खेली रहेको हो ।

हाम्रो मगही समुदायमा दिपावलीको दिन सरसफाईका साथै साँझको समयमा घर आँगन चारैतिर खुसियालीको दियो बाली, मिठो-मिठो परिकारहरु पकाएर खानुका साथै हुकालोली खेलेर दिपावली पर्वको समापन गरिन्छ ।

गोबर्धन पुजा :-

दिपावली सम्पन्न भएको भोली पल्ट (गोधन) गोबर्धन पुजा गरिन्छ । गोबर्धन पुजाको बारेमा विशेष गरी महाभारतको मथुरा खण्डमा यसको सान्दर्भिकता देखिन्छ । जहाँ भगवान इन्द्रको पुजा गर्नुको साटो, गोवर्धनको पुजा गरिएकाले इन्द्रजी क्रोधित भएर त्यहाँको बस्तीलाई पानीले डुबाउने उद्देश्यले मुसलाधार वर्षा गराई दिन्छन् । त्यसपछि भगवान श्रीकृष्ण पानीले डुबि रहेको बस्ती अर्थात (गोबर्धन पर्वत) लाई बाँया हाथको कान्छि औंलाले उठाएर रक्षा गर्नुहुन्छ । त्यस दिनदेखि गोवर्धन पुजा गर्ने प्रचलन चलेको हो भन्ने विश्वास गरिन्छ ।

तराई मधेशका मधेशी समुदायमा गोवर्धन पुजाका दिन गाई बस्तु बाध्ने गोठघरमा गोबरले गोवर्धनको प्रतिमा बनाई त्यसलाई फुल र रंगले सजाइन्छ र रातीको समयमा त्यही ठाँउमा गाईबस्तुलाई बाधिन्छ । भोली पल्ट एका बिहानै त्यो गोवर्धनमा रेगनीको काँडा राखी त्यसलाई विधिवत रुपले चौबाटोमा कुटी

गोवर्धन पुजाको समापन गरिन्छ। गोवर्धनमा राखिएको केराऊ आफु पनि खान्छ र आफ्नो भाई एवम छोराछोरीहरुलाई तथा परिवारका अन्य सदस्यहरुलाई पनि खुवाउछ जसले गर्दा दीर्घायु रहन्छ। गोधन कुटने बेलामा महिलाहरुले विभिन्न किसिमका लोक गीतहरु गाउछन् र अन्तमा आझुरको कथा पनि सुनाइन्छ।

भाइटीका पर्व :-

गोवर्धन पुजाको भोली पल्ट "भरदुतिया पर्व" अर्थात भाईटीका पर्व मनाइन्छ।

यो पर्व भाइ र बहिनी बिचको पवित्र पर्व हो। जसमा दाई-भाईहरुले बहिनीको घरमा विभिन्न प्रकारका परिकारहरुसँगै नयाँ धानको चिउरा र दही "कोसेली" को रुपमा लिएर आउछन् र छठ पर्वको लागि दिदी-बहिनीलाई माइत बोलाएर लान्छन्।

छठ पर्व :-

छठ पर्वले मधेशी समुदायमा धार्मिक सहिष्णुता र आपसमा सदभाव कायम गर्न धेरै ठुलो भुमिका खेलेको हुन्छ। एक महिना अगाडीदेखि नै यस पर्वको तयारी सुरु हुन्छ। छठ पर्वको तयारीको लागि धेरै होसियार भएर बस्नु पर्दछ।

छठ पर्वको समाग्रीहरु एकदम शुद्ध हुनु पर्दछ यदि यस्तो न भएको खण्डमा अनिष्ट हुने जनविशवास रहदै आएको छ। विशेष गरी पुजाघाटको लागि आ-आफ्नो गाँउ-ठाँउमा भएको नदी-नाला,पोखरी वा कुनै जलाशयलाई सरसफाई गरिन्छ। झिलमिलाउने बलले घाटलाई सजाइन्छ र योसँगै छठ पर्वको लागि समाग्रीहरु जुटाइन्छ। जस्तो कि छठ पर्वको समाग्रीहरुमा बाँसले बनेको नांगलो, कोनिया, ढाकी, सुपली आदी हुन्छ भने माटोले बनेको कोसिया, कुरबार, दियो, हात्ती तथा अरक्कपात लगायतका अन्य समाग्रीहरु रहन्छ।

छठ पर्वमा सुर्यदेवको आराधना र छठीमाताको पुजाआजा गरिन्छ। कार्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म अर्थात चार दिन यो पर्व मनाइन्छ। पहिलो दिन ब्रतालुहरु नदी, पोखरी, कल, इनार वा कुनै जलाशयमा गई शद्धाशुद्धी भई नुहाएर खाना खान्छन्। ब्रत सफलताको निम्ती प्रणय लिन्छन्। जसलाई नुहाई खाने दिन पनि भनिन्छ।

यस दिनबाट ब्रतालुहरु माछा-मासु, लसुन-प्याज, कोदो-मकै जस्ता बस्तुहरु खान छोडि दिन्छन्। दोस्रो दिन ब्रतालुहरुले दिनभरी उपवास बसी साँझमा

आफ्नो कुलदेवता रहेको घरमा माटोको नयाँ चुलोमा प्रसादको रुपमा खीर पकाएर खीरसँगै केरा, उखु, फलफुल तथा पानसुपारी कुलदेवतालाई चढाउँछन् । जसलाई खरना भनिन्छ । त्यसपछि ब्रतालुहरुले चढाइएको प्रसादसँगै अरु नुन न हाली पकाएको खानाहरु खान्छन् र खरना पर्वको समापन गर्दछन् ।

तेस्रो दिनलाई षष्ठीको साँझिया घाट भनिन्छ । ढिकी जातोमा पिधेर तयार पारेको गहुँ र चामलको पिठोबाट ठेकुवा र भुस्वा, खजुरिया, पेरुकिया, खाजा मिठाई जस्ता पुजाका सामग्रीहरु तयार पारिन्छ । योसँगै आफ्नो खेतबारीमा सजिलै प्राप्त हुन सक्ने बस्तुहरु जस्तो कि उखु, पानको पात, बोडी, मुला, सुथनी, बेसार र अदुवाको बोट, केरा, फलफुल जस्ता बस्तुहरु जुटाई तेस्रोदिन दिउसो छठी घाटमा लानको लागि डालो सजाइन्छ । घरका मानिसहरु मिलीजुली डालो लिएर छठीघाट जान्छन र घाटमा महिलाहरुले छठी मातासँग सम्बन्धित गीतहरु गाउँछन् । त्यसपछि ब्रतालुहरु पानीमा पसी अस्ताउन लागेको सुर्यलाई अर्घ दिन्छन ।

अर्घ दिई सकेपछि ब्रतालुहरु घर फर्किन्छन तर घाटमा अन्य मानिसहरु रातभरी जाग्राम बसी घाटको सुरक्षा गर्छन् । किनभने घाटबाट डालो न उठाइएकाले घाटलाई यतिकै छोडनु हुदैन ।

चौथौ दिन एक्का बिहानै करिब तीन/चार बजेतिर नै उठेर ब्रतालुहरु पुजाघाट पुग्छन् र बेलुकाको जस्तै उदाई रहेको सुर्यलाई अर्घ दिई छठ पर्वको समापन गर्दछन् । जसलाई पारण भनिन्छ ।

यही क्रममा ब्रतालुहरुले छठी माताको गीतको माध्यमले सुर्य भगवानलाई आहवान गर्दछिन् । जस्तै प्रस्तुत छ छठको एउटा गीत :-

पुरुब मुहे घरबा हो दिनानाथ पश्चिम पछुवार
दुवरे पर बहै हो दिनानाथ गंगा निर्मल धार - २
काते-काते सोभै हो दिनानाथ ठकुवा के भार
सब पबनैतिन हो दिनानाथ अरक ले ले ठार
साँझे के ठार भेल हो दिनानाथ होए गेल परात
उग हो सुरुज देव अरकबा के बेर

सब दिन उगैछा हो दिनानाथ भोर हो भिनसर
आजु के दिनमा हो दिनानाथ लगैला बरि हो देर
सबके अरकबा गे पबनैतिन घाटे-घाटे चलि गेल
बाझिन अरकबा गे पबनैतिन घरहि रहि हो गेल
पुत्र दियइते गे पबनैतिन लागल यति हो देर

बाट ही में भेटी गेल गे पबनैतिन अन्हरा पुरुष
अखिया दियइते गे पबनैतिन लागल यति देर
बाट ही में भेटी गेल गे पबनैतिन कोरहिया पुरुष
काया दियइते गे पबनैतिन लागल यति देर

सब दिन उगै छा हो दिनानाथ भोर-भिनसर
आजु केर दिनमा हो दिनानाथ लगौला बरि हो देर
हाथ में ही लेलियो हो दिनानाथ पाकल बिरा पान
देहु दरशनमा हो दिनानाथ अरकबा के बेर ॥

सामा-चकेवा :-

सामा -चकेवा कातिक (शुक्ल पञ्चमी) छठ पर्वको खरना देखि सुरु भई पुर्णीमासम्म मनाइन्छ । भाई र भहिनी बिचको आत्मिय प्रेमको प्रतिकको रुपमा मनाइने सामा-चकेवामा दिदी बहिनीहरुले आफ्नो दाई-भाईको सु-स्वास्थ्य तथा दीर्घायूको कामना गर्दछिन ।

सामा-चकेवामा मुख्य गरी दुई पात्र हुन्छन् "सामा र चकेवा" । त्यसै गरी समाजमा कुरा लगाउने ("चुगला") खल पात्रको रुपमा रहेको हुन्छ भने अरु अन्य पात्रहरु सहायकको रुपमा रहेका हुन्छन् । जस अन्तर्गत सामा-चकेवाको पात्रहरुमा सामा, चकेवा, चुगला, खरलीस, सतभैया, वृदावन, मलिनिया र डोलकिया जस्ता अन्य मुर्तिहरु माटोले बनाइन्छ ।

यी तिन वटै पात्र लगायत अन्य सहायक पात्रहरुको प्रतिकके रुपमा बनाइएको

माटोको मुर्तिहरुलाई बाँसको डालोमा सजाई छठ पर्वको खरना दिनका बलुकादेखि आ-आफ्नो टोल, समुदाय तथा समाजमा दिदी-बहिनीहरुले मिली कसैको घरमा जम्मा भई एक ठाँउमा बसी सामा-चकेवा सम्बन्धी गीतहरु गाएर आधी रातीसम्म सामा-चकेवा खेल्दछिन् ।

यसै क्रममा सामा-चकेवाको गीत गाईसकेपछि अन्त्यमा सामा फेर गरिन्छ । जसमा सामा फेर गर्ने बेलामा डालोमा रहेको वृदावन, चुगला र दियोलाई डालोबाट निकाली बीचमा राखिन्छ र सामा खेल्ने महिलाहरुले वृताकारमा बसी सामा भएको डालोलाई एक अर्काको हातमा दिई पाँच पल्ट घुमाउदै सामा फेर गर्छिन । सामा फेर गर्ने बेलामा गीत पनि गाइन्छ ।

सामा फेर गरि सकेपछि वृदावन र चुगलाको दाढी जुंगालाई जलाइन्छ । गीतको माध्यमले भाइलाई मान-सम्मान र चुगलालाई बदनाम गरिन्छ । जस्तो कि –

वृदाबन में आग लागल कोई न मुझाबे हे ।

हमरो से सबहे भैया शिहुली से आबे हे ।

हाथ में सोबरना लोटा दुधे से मुझाबे हे ।

धोती के मुरेठा बान्हे चदर मुसकाबे हे ।

हाथ में कुसुम के सारी बहिनो के पेन्हाबे हय ।

त्यसै गरी चुगलाको लागि –

चुगला करे चुगली बिलैया करे म्याउ ।
पकर न ओई चुगला के फासी लटकाउ ।

पकर न ओई चुगला के मोछ झरकाउ ।

वृदावन र चुगलाको दाढी-जुंगालाई जलाई सकेपछि सामालाई शीत र दुबो खुवाइन्छ। त्यसपछि बाटोमा गाइने बटगबनी गीत गाउदै आ-आफ्नो घर फर्किन्छन् र सामालाई धान खुवाइ सकेपछि डालोलाई आगंनमा वा दैलोमा राखिन्छ ताकी रातभरी शीत खाओस भनेर । र यो प्रक्रिया पुर्णिमा सम्म जारी रहन्छ ।

पुर्णिमाको दिन सामा-चकेवा लगायत सबै मुर्तिहरुलाई सर-सफाई गरिनुका साथै विभिन्न रंगहरुले रंगाई फुलहरुले डालोलाई सजाइन्छ । साँझमा दही, चिउरा, चिनी र मिठाई सामालाई पहिला भोजन गराई सकेपछि दिदी-बहिनीहरुले आफ्नो दाई-भाईको फार भर्दछिन अर्थात दिदी बहिनीहरुले दाई भाईलाई मिठो मिठो खानेकुराहरु खुवाउनु र चकवा फोडनुलाई फार भर्ने भनिन्छ । चकवा फोडनु भनेको दिदी बहिनीहरुले चकेवालाई घुडा माथि राखेर फुटाउनको लागि भाईलाई अनुरोध गर्दछिन् र भाईहरुले पनि अनुरोधलाई स्वीकार गरी चकेवालाई फुटादिन्छन ।

फार भरे वापत दाई भाईहरुले आफ्ना दिदी बहिनीहरुलाई उपहार स्वरुप नगद रुपैया-पैसा, गर-गहना र लत्ता-कपडाहरु दिन्छन् । यति काम समाप्त भई सकेपछि दिदी-बहिनहरुले आफ्नो डालो लिएर कुनै जलाशय, पोखरी, नदी वा कुरखेत (खाली खेत) मा सामालाई विसर्जन गर्दछिन । त्यति बेला देखि सामा-चकेवा खेलको समापन हुन्छ ।

सामा-चकेवाको बारेमा पदमपुरान, स्कन्दपुरान र साम्बपुरानमा चर्चा गरिएको पाइन्छ ।

सामा-चकेवा को गीत :

चकबा भैया के यहो घन फुलबरिया न हे
कि फूल हे लोढे चललो मे सामा बहिनी हे
फूलवा लोढईते बहिनीया मोरा घामल हे
कि घामिरे गेल शीरके सिन्दुरबा भला हे
कि घामिरे गेल नयनोके काजलबा भला हे
छतबा लेले दौरल आबेसे चकबा भैया हो
कि बैठु हे बहिना कदम जुरि छहिया भला हे
पनीया लेले दौरल आबेसे कनीया भौजो हे
कि पिलु हे नन्दो यहो शीतल(ठन्डा)पनीया भला हे ।

सामा फेरको गीत :

अईहा सामा जईहा हे, जैहा हे ।
जोतला खेत मे बैठीहा हे, बैठीहा हे
सब रंग पटिया बिछैहा हे, बिछैहा हे ।
ओई पटियापर कय जबान कय जबान,
छोटे बढे नौए जबान-नौए जबान ।
नौए जबान के खरे पुरी खरे पुरी ।
हमरा भैया के सोने चुरी-सोने चुरी ।
सोने चुरी पर कतरल पान-कतरल पान ।
हमरा भैया के दुनु ठोर लाल-दुनु ठोर लाल ।
धान-धान-धान हे भैया कोठी धान हे चुगंला कोठी भुसा ।
लहरी-लहरी-लहरी हे भैया कोठी लहरी हे चुगंला कोठी रैठा ।
पान-पान-पान हे, भैया मुख पान हे, जउले भैया जितैई तउले सामा खेलब ।

७. मंसिर महिनामा अठबारी पर्वको आरम्भ :-

हाम्रो मधेशी समुदायमा मसिंर महिनामा विवाह पञ्चमी समाप्त भएपछि अठबारी पर्व गर्ने ब्रतालुहरुले आ-आफ्नो इच्छा अनुरुप विभिन्न दिनको आधारमा विधि बिधानले अठबारी पर्वको आरम्भ गर्दछन् ।

जस्तो कि आईतबारको दिन सुर्य भगवानको पुजालाई-अतबारी वा रैब पबनी, सोमबारको दिन शिवशंकर भगवानको पुजालाई -सोमबारी, मंगलबारको दिन वीर हनुमान जीको पुजालाई -मंगलबारी, बिहीबारको दिन विष्णु भगवानको पुजालाई - बिफेबारी, शुक्रबारको दिन माता सन्तोषीको पुजालाई -शुकरबारी, शनिबारको दिन शनिदेवको पुजा गरिन्छ ।

यस पर्वहरुलाई बारको आधारमा ब्रतालुले विभिन्न देवी-देवताहरुको नियम निष्ठाले पुजाआराधना गर्दछन् र त्यही अनुसारले भोजन ग्रहण पनि गर्दछ ।

८. पुस महिनामा बगिया (यमरी) बिशेष :-

पुस महिनामा नयाँ गतको दाल बगिया भित्र राखी पकाएर खाने चलन हाम्रो मधेशी समुदायको धेरै पुरानो संस्कार हो । यसमा खास गरी जब नयाँ गतलाई खेतबाट ओखलेर ल्याइन्छ त्यसपछि यसलाई मिल वा जातोमा दररेर दाल बनाइन्छ।

त्यो दाललाई उसिनेर चामलको पिठालाई मुछेर त्यस भित्र राखी बिना तेलको प्रयोग गरी पानीको सहायताले मात्र त्यसको बाफमा नै पकाएर बगिया (यमरी) तयार गरिन्छ। यसका साथै मानिसले आफ्नो इच्छा र स्वाद अनुसार मोटरकोसा, आलु काउलीको तरकारी (दम) पकाई बगीया भित्र राखेर पनि खान्छन्। यति मात्र होइन बाँकी रहेको बगियामा मसला लगाएर फ्राई गरी खाएमा त्यो बगिया धेरै नै मिठो तथा स्वादिष्ट लाग्छ ।

बगीयालाई दुई तरिकाले पकाइन्छ – एउटा पानीमा तारेर र अर्को बाफेर ।

१. पानीमा तारेर : पहिला दाल वा तरकारी आफ्नो इच्छा अनुसार बगिया भित्र राखी बगिया तयार गरी सकेपछि त्यो बगियालाई (उमलिएको तेलमा तरुवा तारे जस्तै) उमलिएको पानीमा ५/७ मिनेट जति तयारी पारेका बगियालाई पाक्नको लागि छोडि दिनुपर्छ ।

पाकि सकेपछि त्यो बगियालाई पानीबाट पन्यूको सहयताले झिकेर तात-तातै वा सेलाएर पनि खान पनि सकिन्छ। यस विधिबाट पकाएको बगियालई पानीमा तारेको बगिया भनिन्छ ।

२. पानीमा बाफेर : पानीमा खड वा राडी राखी त्यसमाथि केराको पात ओछ्याएर पानीलाई उमलिन्को लागि राखिन्छ । पानी न उमलिन्जेल दाल वा तरकारी आफ्नो इच्छा अनुसार बगीया तयार गरिन्छ। पानी उमलिएपछि पानीमा पहिला नै राखिएको केराको पात माथि तयार गरिएको बगियालाई दश-प्रध मिनेट जति बाफमा पाक्नको लागि छोडि दिनुपर्छ ।

बगिया पाकिसकेपछि त्यसलाई बगियालाई पन्युले पानीको बाफबाट निकाली तात-तातै वा सेलाएर खान सकिन्छ । यस विधिबाट पकाईएको बगियालाई पानीको बाफमा बाफेर पकाएको बगिया भनिन्छ। र यो बगिया धेरै नै स्वादिष्ट तथा स्वास्थ्यबर्धक हुन्छ ।

९. माघ महिनामा माघे संक्राती पर्व:-

माघ १ गते माघे संक्राती पर्व हाम्रो समुदायमा धुमधामका साथ मनाइन्छ र यो धेरै पहिला देखि नै चल्दै आएको पुरानो पर्व हो । यसमा आफ्नो कुलदेवतालाई तिल, चामल र सखर मिसाई केराको पातमा चढाइन्छ भने कतिपय मानिसहरुले आफ्नो देवतालाई पातर पनि चढाउँछन् ।

यो नै एउटा यस्तो पर्व हो जसमा पकाउदै रहन्छ र खादै पनि गरिन्छ । यस पर्वको सन्दर्भमा एउटा भनाई छ कि पोखरीमा जति पलट डुबोकी लगाइन्छ त्यति नै वटा लड्डु खान पाइन्छ ।

यो भनाई भन्नुको अर्थ यो छ कि एक त जाडोको मौसम तैमाथि बिहानै-विहानै बालबालिकाहरु नुहाउन न मानिएकाले यस्तो भनिएको हो । माघे संक्राती 'लड्डु नै लड्डु' को पर्व भएको हुनाले यसमा विभिन्न प्रकारका लड्डुहरु बनाइन्छ । जँहा सखरको पाक बनाएर त्यस पाकमा चिउरा, मुढी, तिल, रमदाना, मकै आदी जस्ता बस्तुहरु हाली छुटा-छुट्टै लड्डु बनाइन्छ ।

यो लड्डु बनाउनको लागि खासै कुनै त्यस्तो दिनको किटान गरिदैन । यो नै एउटा यस्तो पर्व हो जसमा पर्व हुनु भन्दा अगाडी वा पछाडी जहिल्य पनि लड्डु बनाएर खान सकिन्छ, मात्र तिललाई छोडी । तर एउटा कुरा निश्चित गरिएको हुन्छ कि माघ १ गतेको दिन आफ्नो कुलदेवतालाई तिल चामल र सखर मिसाई केराको पातमा चढाई प्रसादको रुपमा खाएपछि मात्र तिलको लड्डुलाई अन्य बस्तुसँग मिसाएर खाइन्छ ।

त्यस्तै यही दिन £यु खिचडी पनि बिशेष रहन्छ खानाको रुपमा । धार्मिक मान्यता एउटा यो पनि छ कि £यु खिचडी खाँदा जाडो भाग्छ र शरीरमा न्यानोपनको महशुस हुन्छ । त्यही कारणले मानिसहरुले £यु खिचडी नै खाने गर्दछन् ।

माघे संक्राती समाप्त भएको एक डेढ महिना सम्म मानिसहरुको मुख जतिखेर पनि चलि नै रहन्छ । धेरै जसो बिहान र बेलुकाको खाजाको समयमा मानिसहरु, लड्डुलाई नै भोख मेटाउने खाजाको रुपमा खान्छन् ।

यो एउटा रेडिमेट खाजाको रुपमा बनाइएको तयारी अवस्थाको खाजा हो जो कुनै पाहुना आँउदा होस वा आफु कतै जाँदा पनि त्यही लड्डु खाजाको रुपमा

खानलाई दिइन्छ । माघे संक्रातीमा दाई-भाईले आफनी दिदि-बहिनीको घरमा चिउरा, मुरढीको लड्डु सहितको कोसेली लिएर जान्छन् । यो कोसेली लिएर छोरीचेलीको घरमा जाने परम्परा धेरै पुरानो देखि चल्दै आई रहेको प्रचलन हो । जुन परम्परा वा संस्कृतिलाई झट छोडन गाह्रो हुन्छ हाम्रो समाजमा ।

प्राय : जसो गाँउ घर शहर बजार सबै ठाँउमा यो कोसेली दिने र लैजाने प्रचलन कायमै रहेको छ । जुन एउटा प्रथाको रुपमा हाम्रो समाजमा जरा गाडेर बसेको छ । यस्तो परम्परा कसैको लागि राम्रो सावित भएको छ भने कतिपयको लागि खराब पनि सिद्ध भएको छ । जस्तो कि धनाडय मानिसको लागि त सहजै हुन्छ तर गरिब विपन्न परिवारको लागि भने एउटा समस्याको रुपमा रहेको छ ।

गरिब तथा विपन्न परिवारको मानिसहरुलाई साँझ बिहानको छाक टार्न मुस्किल हुन्छ भने त्यसलाई एक्कै पलट ऐति धेरै सामाग्री जुटाउन झन समस्या भई रहेको हुन्छ । तैपनि ऊ आफ्नो अवस्था, परिस्थितिलाई बुभदा बुझदै पनि यो सबै काम गर्नलाई मजबुर हुन्छ र ऋण लिएर भएपनि यी व्यवहार चलाउछन् ।

१०.फागुन महिनामा होली पर्व :-

होली पर्व प्रत्येक वर्ष फागुण शुक्ल पुर्णिमाका दिन विभिन्न प्रकारका रंग अविरहरु खेलेर मनाइन्छ । पुर्णिमा भन्दा एक दिन अगाडी रातीको समयमा समद जलाइन्छ ।

समद जलाउनको लागि गाँउका पुरुषहरुले डम्फु, जोगीरा, नगारा, ढोल, मिरदंग र झयालहरु बजाउदै, होलीको गीत, नचारीहरु गाउदै गाँउ भन्दा केही पर चौबाटोमा समद जलाउँछन् ।

समद जलाउने दिन सबैको घर-घरमा मालपुवा, पुडी, तरुवा-तरकारी, जस्ता विभिन्न परिकारहरु पकाएर खाने चलन पनि रहेको छ । पुर्णिमाको दिन सबैको घरमा आ-आफ्नो मन पर्ने खाना, मिष्ठान भोजनका परिकारहरु पकाउनुका साथै मांशाहारी भोजनमा माछा-मासु रक्सी, गाँजा-भांग आदि जस्ता खानेकुराहरु खाने गरिन्छ । खाना खाई सकेपछि दिउँसोबाट मानिसहरु एक आपसमा सदभाव, दुःख, पीडा, सबै बिर्सी, माया, प्रेम, स्नेह बाटदै, विभिन्न किसिमका रङग, अबीर एक अर्कालाई लगाई साँझ रातीसम्म होली खेल्दछन् ।

होली पर्व विशेष गरी रंग र अवीरका साथै हिलो र पानीको पर्व पनि हो ।

होली खेल्ने बेलामां दुस्मन पनि मित्र बन्छ। यस कारण कि बीच-बीचमा सुन्न सकिन्छ – "बुरा न मानो आज होली हय" यो त नारा नै रहेको हुन्छ। होलीमा जिस्किने र हसि ठठा गर्ने नातामा पर्नेलाई बढी रंग अबीर लगाई हैरान पारिन्छ तथा रंग अवीर खेल्ने बेलमा बदाम, सुपारी, कसयली, नारिवल, सहोरा जस्ता खानेकुरा बाडिन्छ। र यसरी नै होली पर्व मनाएर समापन हुन्छ।

९. चैत महिनाको (चैत नवमी/चैती छठ) पर्व :-

चैत्र नवमी :-

हाम्रो मधेशी समुदायमा विशेष गरी भगवान रामको जन्म दिनको अवसरमा रामसंग जोडिएका राम गाथाहरु गाई चैत्र नवमी मनाउने परम्परा रहेको छ। मर्यादा पुरुषोत्तम भगवान श्री रामको प्रतिमालाई पुजापाठ गरिनुका साथै आराधना गरी राम नवमीलाई एउटा विशेष पर्वको रुपमा मनाइन्छ।

अनुशासित न्यायिक र आदर्श जीवनको रुपमा पूजनीय रहनु भएका भगवान राम आफ्नो राज्यकालमा सुशासन शान्ति र न्यायपूर्ण समाजलाई ब्यवस्थित गरी उच्चतम लोक कल्याणकारी समाजको स्थापना गर्नाले उँहाको योगदानलाई स्मरण गर्दै उहाँप्रति भक्तिभाव प्रकट गर्ने प्रचलन रहेको छ।

पौराणिक ग्रन्थ अनुसार चैत्र महिनाको शुल्क पक्ष नवमी, पुनर्वसु नक्षत्रमा रामले जन्म लिनु भएको थियो।

चैती छठ पर्व :-

छठ पर्व वर्षमा दुई पल्ट मनाइन्छ। जस्तो कि (एउटा कार्तिक महिनामा र अर्को चैत्र महिनामा) अर्थात चैत्र महिनाको छठ पर्वलाई सानो छठ पनि भन्ने चलन छ।

कार्तिक महिनामा हुने छठ पर्वको लागि एक महिना अगाडीदेखि नै तयारी सुरु हुन्छ तर चैती छठ पर्वको खासै त्यस्तो चहलपहल रहदैन। यो चैती छठ पर्व नगर्नेलाई त थाहा पनि हुदैन कि कहिल्य हो चैती छठ तर अब चैती छठ गर्ने मानिसहरुको संख्या क्रमश बढदै गई रहेको छ। यो चैती छठ पर्व पनि चार दिन नै मनाइन्छ।

कार्तिक महिनाको छठ र चैती छठ पर्वमा यही नै फरक छ कि कार्तिक

महिनाको छठ पर्वमा पहिला दशैं समाप्त हुन्छ अनि मात्र छठ पर्व हुन्छ। तर चैती छठ पर्वको बीचमा नै दशैं मनाइन्छ।

कार्तिक महिनाको छठ जस्तै प्रसादको रुपमा ढिकी जातोमा पिसेको गहुँ र चामलको पिठोको ठेकुवा, भुस्वा, पिरुकिया, खजुरीया बनाउनुका साथै फलफुलहरु डालोमा सजाई षष्ठीको दिन डुब्न लागेको सुर्यलाई र सप्तमीको दिन उदाँउदो सुर्यलाई अर्घ दिइन्छ।

चैती छठ पर्व गर्ने विधि अन्तर्गत पहिलो दिन चैत्र चतुर्थीका दिन नुहाएर खाने, दोस्रो दिन पञ्चमीको खरना, तेस्रो दिन षष्ठीको सभ्किया घाटमा अस्ताउन लागेको सुर्यलाई र सप्तमीको बिहानको घाटमा उदाई रहेको सुर्यलाई अर्घ दिई पर्वको समापन गरिन्छ। जसलाई पारण भनिन्छ। (राज कुमारी महतो)

महावीर भ्ञण्डा :

सनातन धर्म संस्कार अन्तर्गत विभिन्न देवी देवताहरुको पुजाआजा मगही समाजका मानिसहरुले गर्ने गर्दछन्। जसमध्ये एउटा महावीर भ्ञण्डा पनि हो। पौराणीक सभ्यता अनुसार त्रेतायूगमा भगवान विष्णु मानव अवतारमा अयोध्याका महाप्रतापी राजा दशरथका घरमा जेठो छोराको रुपमा अवतरित हुनुभयो। बाल्यकाल हुँदै यूवा अवस्थामा चौध वर्षको बनवास जीवन बिताउने क्रममा लंकाका राजा रावणद्वारा सीता हरण भयो। सीताको खोज तलाश गर्ने क्रममा महावली वीर हनुमानसँग परिचय भयो।

विभिन्न कालखण्ड अन्तर्गत विभिन्न धार्मिक घटनाहरु घटदै १००० वर्ष पृथ्वीमा राज्य गरी बैकुण्ठ धाम जाने बेलामा महावली वीर हनुमानलाई भन्नुभयो–म अब बैकुण्ठधाम जादै छु। तिमी पृथ्वीमा वास गरी सबैलाई कल्याण गर्नु भनी बैकुण्ठधाम जानुभो। त्यस पश्चात महावली वीर हनुमान माथि आस्था, विश्वास गरी पुजापाठ गर्ने क्रम बढेकाले बिभिन्न यूग बित्दै बर्तमान कलयूगमा पनि विभिन्न देवी-देवताहरुको पुजापाठ गर्ने लगायत महावलि वीर हनुमानलाई १२ वटा नामले सम्बोधन गर्ने गरिन्छ। जस्तै १.हनुमान २.अञ्जनी सुत ३.वायू पुत्र ४.महाबली ५.रामेष्ट ६.फाल्गुन सखा ७.पिंगाक्ष ८.अमित बिक्रम ९.उदुधि क्रमण १०.सीता शोक विनाशन ११.लक्ष्मण दाता १२ .दुशग्रीव दुर्पहा। यी मध्ये हनुमान नामले बढी पुजा आर्चना गर्ने गरिएको पाईन्छ। सोही अन्तर्गत श्रद्धालु

भक्तजन सामुहिक रुपमा वा व्यक्तिगत भाकलको रुपमा पनि आफ्नो मनोआकांक्षा पुरा गर्नका लागि महावीर झण्डा बनाई पुजा गर्ने चलन पनि चल्दै आईरहेको बढदो रुपमा देखिन्छ ।

महावीर झण्डा बनाउनका लागि काचो बाँस कटाई पण्डितसँग शुभदिनको साइत हेराई निश्चित भएको दिन पण्डित, पुजाका सामग्रीहरु, बाजागजाको साथमा बाँस काटने ब्यक्ती लगायत भरभलादमी, महिला-पुरुष, केटा-केटीहरु सहित बाँस काटने स्थलमा पुगिन्छ ।

महावीर झण्डाको लागि चाहिने बाँस काटनु भन्दा पुर्व सो ठाउँमा पण्डितले केराको पातमा जौ, तिल, अक्षता (अरवा चामल) पिपासिन्दुर, तुलसीको पात, पाकेको केरा लगायत पाँच किसीमको फल, विभिन्न किसिमको सुगन्धीत फुलहरु, मोतीचुरको लड्डू (घटीमा १.२५किलो) ले पुजा गरिन्छ ।

(१) **काँचो बाँस :-** सबै भन्दा पहिला बन्चरो प्रयोग गरी काँचो बाँस एकथान, ध्वजाको लागि पातलो, सोझो, लामो चिटिक परेको काटिने काम गरिन्छ ।

(२) **रङगीन राम्रो रातो कपडा ध्वजाको लागि :-** रङगीन रातो कपडामा ध्वजा बनाई सर्वप्रथम काटिएको बाँसमा ध्वजा लगाई झण्डालाई विधिवत रुपमा पुजापाठ गरी ध्वजा ठाडो पारिन्छ ।

(३) **झण्डाका लागि काटने बाँसको पुजा विधि :-** दैनिक रुपमा पुजाको लागि संकल्प लिएका व्यक्तिले पण्डितको साथमा पुजा सामग्रीहरु जस्तै कि केराको पातमा जौ, तिल, अक्षता (अरवा चामल), पीपा सिन्दुर, तुलसीको पात, पाकेको केरा, लगायत पाँच किसिमको फल, विभिन्न सुगन्धीत फुलहरु, मोती चुरको लड्डुले पुजा गरिन्छ । यो पुजा सुरु भएदेखि दैनिक रुपमा मेला समाप्तीको भोलीपल्ट पुजाआजा गरी ध्वजालाई पोखरी वा कुनै नदिमा विसर्जन गरिन्छ ।

(४). **काँचो बाँसको आकार प्रकार :-** लम्बाई चौडाईको हिसाबले २५, ३२, ३५ हात वा ४१, ५१, ५५,फिट) सम्मको बाँस लाग्ने गर्दछ । मोटो, बलियो, पाकेको हिसाबले आवश्यकता अनुसार काटी झण्डा निर्माण स्थलमा ल्याई राखिन्छ ।

(५) **झण्डाको आकार प्रकार :-** कम्तीमा २, मध्यममा ४, बढीमा ६ वटा बाँसको खुट्टा दिने चलन रहेको छ ।

(६) झण्डा बनाउने प्राविधिक (मानिस):- मिस्त्री (प्राविधिक) सँग आपसि सम्झदारिमा पारिश्रमिक निश्चित गरी सोही बमोजिमको रुपैया दिने गरी सम्झौता पत्र बनाई महावीर झण्डा बनाउने प्रक्रिाया प्रारम्भ गरिन्छ ।

(७). सुतली वा बलियो डोरी :- पाट, नरिवल, प्लाष्टीको डोरीहरु आवश्यक्ता अनुसार तयारी अवस्थामा राखिन्छ तथा रङगी विरङगी चमकिलो कागजहरु पनि आवश्यता अनुसार प्रयोग गरिन्छ ।

(८) महावीर भण्डा बनाउनका लागि लाग्ने दिन (समय) :- मिस्त्री (प्राविधी) सँग उच्चाई तथा बनाउने कला कारिताको अधारमा एक हप्तादेखी महिनो दिनसम्म लाग्ने गर्दछ ।

(९) झर्नी खेल्ने मानिस :- यसमा २० देखी ४० जना मानिसहरुले समुहमा झर्नी खेल्ने गर्दछन् । पहिला-पहिला आफ्नो गाँउ र अन्य छिमेकी गाँउ ठाँउका मानिसहरु सहभागी भई समुहमा झरनी खेल्ने गरिन्थ्यो । तर वर्तमानमा झर्नी खेल्ने क्रममा धेरै कमी आएको देखिन्छ । तर पनि समय-समयमा लाग्ने झण्डा मेलामा यो झर्नी खेल्ने प्रचलन जिवन्त रहेको पाईन्छ । झर्नी खेल्ने मानिसहरु हाल सम्झौता अनुसार रुपैया लिई सटामा मात्र आउने गर्दछन् ।

(१०) रामायण पाठ वाचन :- रामायण पाठ वाचन गर्ने ब्यक्ति (व्यास) ले सम्झौता गरे अनुसार रुपैया पैसा लिई आउने गर्दछन् । सम्झौता अनुसार छोटकरीमा सम्पुर्ण रामायण वा सुन्दरकाण्ड र लंकाकाण्डको पाठ तिन दिन गर्दछन् ।

(११) गीत गाउने महिला :- गाँउका महिलाहरुले सम्भव भए दैनिक रुपमा पुजा समयमा वा सम्भव नभए मेलाको तिन दिन पुजा समयमा हनुमान जीको गीत गाउने गर्दछिन् ।

(१२) मेलाको मनोरञ्जन :- मेलामा आउने भक्तजनहरुलाई मनोरञ्जन गराउने उद्देश्यले रासलिला, नाच, नाटक इत्यादीको व्यवस्था गरिन्छ । साथै वर्तमानमा आधुनिक खेल तमासा, सरकस, मौतको कुँवा ईलेक्ट्रो्निक पिंग इत्यादी ।

(१३) मेला लाग्ने दिन :- मेला तीन दिनसम्म लाग्ने गरिन्छ ।

(१४) समापन :- मेलाको भोलिपल्ट विधिवत रुपमा सधैंझै ध्वजालाई पुजा

पाठ सम्पन्न गर्दै प्रसाद जनसमुदायमा वितरण गरी बाजागाजाका साथ विसर्जन गरिन्छ भने निर्माण गरिएको ठुलो झण्डालाई यथास्थानमा नै छोडिन्छ ।(भुवनेश्वर महतो/राम एकवाल यादव)

:-

कवीर धर्ममा सबै भन्दा बढी प्रयोग हुने शब्द हो । साधुहरुलाई विभिन्न अवसरमा घरमा वा कवीर आश्रममा भोजन गराउने परम्परा रहेको छ। प्रवचनको आयोजना हुँदा वा कुनै भाकल, शुभकार्य, विवाह, मृत्यु, बालबालिकाहरुको जन्म दिन वा छठीयार जस्ता शुभकार्यहरुमा संत महन्थहरुलाई स-सम्मान मिठो परिकार दाल, भात, तरकारी, पापड, तिलौरी, अचार, चटनी, दुध, दही, घ्यु, चिनी लगायतका सबै खाले शाकाहारी भोजनको परिकार तयार गरेर गुरुहरुले सबै भन्दा पहिला भोग लगाउने चलन छ। गुरुले प्रथम भोजन गरी सकेपछी सँगसँगै सवै कविर पन्थी संत वा महन्तहरु साहेव बन्दगी भन्दै खाना खान्छन् । यस्तै सँगसँगै खाने साधु भोजलाई भन्ने गर्छन ।

को खास अर्थ भोजन गर्नु नै हो। साधु-संत महन्थ बैष्णव, वैरागी, अधिकारी, अगुवा, गुरु आदि विभिन्न पद र गुरुहरुद्वारा प्रयोग गर्ने गरिन्छ । शाकाहारीहरु सहभागी भई समुहमा भोजन खाने पद्धति नै   हो। साकट वा मांशाहारीहरुलाई सत सङग सुनाएर विभिन्न खालको अर्ती उपदेश दिएर गुरुहरुले वैष्णव बनाउनु हुन्छ । वैष्णब बनाई सकेपछि फेरी उनीहरुलाई समेत मा सहभागी गराउने प्रचलन छ। सबै भन्दा पहिला वैष्णब बनेपछि शाकाहारी भोजन जीवन भरि गर्ने वाचा गराइन्छ । घाँटीमा गुरुले कन्ठी माला तुलसी वा बेल अथवा चन्दनको माला लगाई दिन्छ । चन्दन अर्थात टिका (सेतो) पनि लगाई दिन्छ । त्यसपछि उनीहरुलाई साधु वा वैष्णव जस्ता उपनामले चिन्न थाल्छ। यो कार्य मात्र गुरुले गर्नु हुन्छ। एउटा घरमा कमसे कम एक जना भएपनि वैष्णव ब्यक्ति हुनु नै पर्छ नत्र भन्ने साधु-सन्त वा गुरुहरुको गराउन पाइदैन ।

माछा मासु वा अण्डा जस्ता मासुजन्य पदार्थ खाने मांशाहारी व्यक्तिको घरमा को आयोजना गरिदैन । यदि कुनै मांशाहारीले मेरो मनोकामना पूरा भयो भने साधुको भण्डरा गर्नेछु भनी भाकल गरेमा उसको मनोकामना पूरा भई सकेपछि गर्ने इच्छा ब्यक्त गरेमा कुनै न कुनै कबीर कुट्टीमा वा आश्रममा गई भण्डरामा

लाग्ने खर्च बरावरको रकम वा जिन्सी जम्मा गरेपछि साधुहरु आफै बनाएर वा सेवा गराएर खान्छन् तर मांशाहारीको घरमा को आयोजना प्रायः गरिदैन । यदि यसमा पनि गाह्रो भएमा कुनै शाकाहारी ब्यक्तिको घरमा आयोजना गराएर गर्ने गरिन्छ । यो एउटा श्रद्धापूर्वक साधुसंत महन्थहरूलाई स्वेच्छाले खुवाउने व्यवस्था हो । मा स्वागत गरी भोजन गराई सकेपछि गुरुलाई कपडा, पोशाक, छाता, जुत्ता, कमण्डल, कम्बल, चादर वा पैसा पानसुपारी दान गर्ने चलन रहेको छ । गुरु भनेको कवीरपन्थ धर्ममा भगवान भन्दा पनि ठुलो पद हो । “गुरु गोविन्द दोनो खडे, काको लागि पाउँ, बलिहारी गुरु आपने, गोविन्द दियो बताई”

कवीर साहेव आफ्नै मुखारविन्दबाट यस्तो अमुल्य वाणी बोलेको हुनाले आज गुरुको महत्व भगवान भन्दा पनि ठूलो छ । त्यसकारण गुरुपूजा प्रत्येक कवीर पन्थी संतले कमसे कम वर्षमा एक दिन गर्ने पर्व हो ।

गुरु कुम्हार शिष्य कुम्भ है गढीगढी काटै खोर

अन्दर हाथ सम्हारिदै बाहर मारै चोट (सदगुरु कवीर)

कवीर पन्थीहरु अराज्यदेव को हुन ?
कवीर पन्थी सन्त महन्थको अराध्यदेव गुरु नै हुन् ।

पूजा गुरुको किजिय सवपूजा तेहीमोही
जो जल सिचे मुल तरु शाखा पत्र अघाही

गुरुको पूजा नै सबै देवी-देवताको पूजा हो । कवीर पथ धर्ममा दोस्रो हो साधु, साधु अर्को मुख्य देवता हो जसलाई कविर पन्थीहरुले पूजा गर्ने गर्छन् । कुनै पनि देवी-देवताको मन्दिर, गिरिजाघर, मस्जिद, वा अन्य बाहिरी पूजा कवीपन्थीले गर्दैनन् ।

मो को कहाँ ढुढे वन्दे मै तो तेरे पासमे भन्ने कवीर साहेबको भजन सवै भन्दा वढी प्रचलनमा छ । भगवान मन्दिरमा होइन जीवित मान्छेको शरीरमा मात्र भगवान हुन्छन् भन्ने भावना कवीर पन्थीमा व्याप्त छन । त्यसकारण मुख्य देवता गुरु नै हुन ।

तीर्थ व्रत

विश्वभरीका कवीर पन्थीहरूको तिर्थधाम मूल गुरुहार काशी लहर तलाव धाम

नै हो । किनकी कवीर साहेबको प्रकट स्थल भारत कै काशी मै भएको हुनाले काशी वनारस सबैका मुख्य धार्मिक तिर्थ स्थल हो र अर्को तिर्थस्थल भने मगहर हो । गोरखपुर भन्दा अलिनगर मगहर नदी भन्ने धार्मिक पवित्र नदी हो । जहाँ कबीर साहेबले आफ्नो स्वेच्छाले शरीर त्याग गर्नु भएको थियो । त्यहाँ मगहरमा शरीर छोपेर कबीर साहेव सुत्न त सुत्नु भएको थियो तर पछि शरीर भेटाएनन् मात्र फूल भेटियो । त्यसकारण त्यो मगहर नदी आज विश्वको सम्पूर्ण कवीर पंथीहरुको दोस्रो पवित्र स्थलको रुपमा रहेको छ। त्यहाँ कवीर साहेबको दुई वटा फरक-फरक समाधी बनाइएको छ । मुसलमान हिन्दु दुवै सम्प्रदायका व्यक्तिहरु कवीर पन्थी बनेका हुँदा दुवै जनाको छुट्टा-छुट्टै समाधी पनि बनेको छ ।

ध्यान

ध्यान भनेको याद गर्नु हो । यसलाई सुमिरण पनि भनिन्छ । सेतो कपडा ओढेर पदमासनमा बसेर बिल्कुलै नहली एकाकार शान्त भई प्रभुलाई स्मरण गर्नु नै ध्यान हो । (सन्त आलोक)

बुद्ध धम्म/धर्म

बुद्धको जन्म नेपालको कपिलवस्तु लुम्बिनीमा पिता सुद्धोधन र माता माया देवीको कोखबाट २५ सय बर्ष अघि भएको थियो । उहाँको जन्मको नाम सिद्धार्थ गौतम थियो । सिद्धार्थ गौतमले सानो उमेरमै ज्ञानको खोजी गर्ने क्रममा भारतको बौद्ध गयामा बुद्धत्व प्राप्त गरेपछि गौतम बुद्धको नामले विश्व विख्यात भए ।

बुद्धत्व प्राप्तीपछि सारनाथमा बुद्धले पहिलो उपदेश दिए । बुद्धको उपदेश तत्कालिन मगधको राजगिर, नालन्दा, बैशाली, पाटलीपुत्र आदी हुँदै विश्वभरी बुद्ध धम्म उपदेशको प्रचार प्रसार भयो । बुद्ध भारतको कुशीनगरमा महापरि-निर्वाण प्राप्त गरे । मगधको चक्रवर्ती प्रियदर्शी सम्राट अशोक महानले बुद्ध धम्मको प्रचार प्रसार गरे । यही क्रममा सम्राट अशोकले ८४ हजार स्तुपको निर्माण गराई बुद्ध धम्मको प्रचार प्रसारकै निम्ती आफ्नो छोरी चारुमतीलाई काठमान्डौं, अर्की छोरी संघमित्रा र छोरा महिन्द्रालाई श्रीलंका पठाए । संसारमा आफ्नो पहिचान कायम गरेका संसारको सबै भन्दा पहिलो आवासिय विश्व विद्यालय नालन्दामा बुद्ध दर्शनको पठनपाठन हुने गर्दथ्यो । संसारभरीका विद्यार्थीहरुले विद्या आर्जन गर्नका लागि त्यहाँ आउने गर्दथ्यो । मौर्य बंशको महाप्रतापी चक्रवर्ती प्रियदर्शी सम्राट

अशोक महानले संसारमा पहिलो पलट शिलालेखको निर्माण गराएका थिए। जस्तो कि गिरीनारको शिलालेख, सहवाजगढीको शिलालेख, बुद्ध जन्मस्थल लुम्बिनीको शिलालेख, निकलीहवाको शिलालेख आदी। शिलालेखमा धम्मको सम्बन्धमा चर्चा गरिएको छ। बुद्ध धम्म पुन जागरण महाअभियानको पनि सञ्चालन गरियो। नेपालको कपिलबस्तु स्थित लुम्बिनी, भारतको बौद्धगया, सारनाथ र कुशीनगर बुद्ध धम्मका चार पावन धामको रुपमा विश्व विख्यात भए। सांसरभरीका बुद्ध धर्मालम्वीहरु यी ठाँउहरुमा आउने गर्दछन्।

बुद्ध ज्ञानको सारलाई कुल ५५ वटा बुँदामा समेटिएको छ। जस अर्न्तगत चारवटा आर्य सत्य, पाँच वटा पंचशील, आठ वटा अष्टांगिक मार्ग र ३८ वटा महामंगल सुत रहेको छ।

बुद्धका चार आर्य सत्य ...

१. दुनियामा दुःख छ।

२. दुःखको कारण छ

३. दुःखको निवारण छ

४. दुःखको निवारणको उपाय छ।

पञ्चशील ....

१. झुठो न बोल्नु

२. अहिंसा

३. चोरी न गर्नु

४.ब्यभिचार अर्थात दुर्ब्यवहार वा खराब विचार न गर्नु

५. नशापन वा मद्यपान न गर्नु।

अष्टांगिक मार्ग ......

१. सम्यक दृष्टि

२. सम्यक संकल्प

३. सम्यक वाणी

४. सम्यक कर्म

५. सम्यक आजीविका

६. सम्यक ब्यायाम

७. सम्यक स्मृति

८. सम्यक समाधी

तथागत बुद्ध ने घड प्रकार के मंगल कर्म बताये है जो महामंगलसुत के नाम से भी जाना जाता है, निम्न प्रकार है

१. बुद्धिमानहरुसँग संगत गर्नु ।
२. शीलवानहरु सँग संगति गर्नु ।

३. अनुकूल स्थानमा निवास गर्नु ।

४. कुशल कर्मलाई संचय गर्नु ।

५. कुशल कर्ममा लाग्नु ।

६. अधिकतम ज्ञानलाई संचय गर्नु ।

७. तकनीकी विद्या अर्थात शिल्प सीख्नु ।

८. व्यवहार कुशल एवं विनम्र हुनु ।

९. विवेकवान हुनु ।

१०. सुंदर वक्ता बन्नु ।

११. माता पितालाई सेवा गर्नु ।

१२. पुत्र-पुत्री-स्त्रीलाई पालन पोषण गर्नु ।

१३. अकुशल कर्म नगर्नु ।

१४. अपेक्षा बिनाको दान गर्नु ।

१५. धम्मको आचरण गर्नु ।

१६. सागा सम्बंधिलाई आदर सत्कार गर्नु ।

१७. कल्याणकारी कार्य गर्नु ।

१८. मन, शरीर तथा वचनले परपीड़क कार्य नगर्नु ।

१९. नशायुक्त पदार्थको सेवन नगर्नु ।

२०. धम्मको कार्यमा तत्पर हुनु ।

२१. गौरवशाली व्यक्तित्व बनाएर राख्नु ।

२२. विनम्रता बनाएर राख्नु ।

२३. पूर्ण रूपले संतुष्ट हुनु अर्थात तृप्त हुनु ।

२४. कृतज्ञता कायम राख्नु ।

२५. समय समयमा धम्म चर्चा गर्नु ।

२६. क्षमाशील हुनु ।

२७. आज्ञाकारी हुनु ।

२८. भिक्षुओ, शीलवान मानिसहरुको दर्शन गर्नु ।

२९. मनलाई एकाग्र बनाउनु ।

३०. मनलाई निर्मल बनाउनु ।

३१. सतत जागरूकता बनाएर राख्नु ।

३२. पाँच शीलको पालन गर्नु ।

३३. चार आर्य सत्यको दर्शन गर्नु ।

३४. आर्य अष्टांगिक मार्गमा हिडनु ।

३५. निर्वाणको साक्षात्कार गर्नु ।

३६. लोक धम्म लाभ हानि, यश अपयश, सुख-दुख,जय-पराजयबाट विचलित नहुनु ।

३७. शोक रहित, निर्मल एवं निर्भय हुनु ।

त्रिरत्न वन्दना

पाली भाषामा

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

बुद्धं सरणं गच्छामि ।
धम्मं सरणं गच्छामि ।
संघं सरणं गच्छामि ।

पाणातिपाता वेरमणि सिक्खापदं समादियामि ।
अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि ।
कामेसुमिच्छाचारा वेरमणि सिक्खापदं समादियामि ।
मुसावादा वेरमणि सिक्खापदं समादियामि ।
सुरामेरयो मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।

इतिपिसो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्मसारथि, सत्था देवमनुस्सानं,
बुद्धो भगवा'ति । नमो तस्स सम्मासम्बुद्धस्स ।

स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिका, अकालिको, एहिपस्सिको, ओपनेयिको, पच्चत्तं वेदितब्बो विञ्ञूही'ति । नमो तस्स नियानिकस्स धम्मस्स ।

सुप्पतिपन्नो भगवतो सावकसंघो, उजुप्पतिपन्नो भगवतो सावकसंघो,
ञायप्पतिपन्नो भगवतो सावकसंघो, सामीचिप्पतिपननो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठपुरिसपुग्गला, एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलीकरणेय्यो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति । नमो तस्स अट्ठारियपुग्गल महासंघस्स ।

नेपाली अनुवाद

उहां भगवान अर्हत सम्यकसम्बुद्धलाई नमस्कार ।

म बुद्धको शरणमा जान्छु ।
म धर्मको शरणमा जान्छु ।
म संघको शरणमा जान्छु ।

प्राणी हिंसाबाट बच्ने शिक्षा ग्रहण गर्दछु ।
चोरी नगर्ने शिक्षा ग्रहण गर्दछु ।
ब्यभिचार नगर्ने शिक्षा ग्रहण गर्दछु ।
झुठो नबोल्ने शिक्षा ग्रहण गर्दछु ।
रक्सी जस्ता लाग्ने पदार्थ सेवन नगर्ने शिक्षा ग्रहण गर्दछु ।

उहां भगवान अर्हत, सम्यकसम्बुद्ध, बिद्या र आचरणले सम्पन्न, निर्वाण गतिमा पुगेका, लोक ज्ञाता, प्राणीहरुलाइ हांक्ने बेजोड सारथी, देवता र मनुष्यका शास्ता बुद्ध हुनुहुन्छ । उहां सम्यकसम्बुद्धलाइ नमस्कार ।

यो राम्रो संग ब्याख्या गरिएको भगवानको धर्म, यहीं फल दिने, तत्काल फल दिने, आऊ र हेर भनी देखाउन सकिने, निर्वाण सम्म पुऱ्याइदिने, विद्वानहरुले साक्षात्कार गरी अवबोध गर्न सकिने धर्म हो । यो निर्वाणमा पुऱ्याउने धर्मलाइ नमस्कार ।

भगवानका श्रावकसंघ सुप्रतिपन्न, सीधा मार्गमा गएका, निर्वाण मार्गमा लागेका, आदरपूर्वक धर्माचरण गरेका, यी चार युगल वा आठ पुद्‌गलहरु हुन, यिनीहरु भगवानका श्रावकसंघ हुन जो आह्‌वान गर्न योग्य, पाहुना सत्कार योग्य, दान दिन योग्य, हात जोडेर नमस्कार गर्न योग्य, र लोकमा सर्वश्रेष्ठ पुण्यक्षेत्र हो । ती आठ आर्य पुद्‌गलहरुलाइ नमस्कार ।

नेपालको पिछडावर्ग (OBC) समुदाय र थारुहरुले आफुहरु बुद्धको वंशज भएको बताउने गर्दछन् । मगर, तामाङ, गुरुङ्ग, नेवार लगायत केही दलित समुदाय आदीवासी जनजाति, मुलबासी समुदायले बुद्ध धर्म मान्ने गर्दछन् भने मधेशी, पिछडावर्गका केही जातिहरुले पनि यस धर्ममा आस्था राखेको देखिन्छ ।

अध्याय चार

पिछडावर्ग (OBC) समुदायका संस्कारहरु :-

जन्म संस्कार

जन्मबाट मानिसको कर्मको आरम्भ हुन्छ । बच्चाको जन्ममा बच्चाको हेरचाह, स्याहार सुसार गर्ने काममा आमाको मुख्य भूमिका भए अनुसार त्यसमा लागेको खर्च गर्ने काम बुबाको हुन्छ। ९ महिनासम्म गर्भमा राखेर आमाले एउटा बच्चाको जन्म दिन्छिन् र बच्चा जन्म भएको ६ दिनपछि परम्परा अनुसार कर्म पूरा गराउने कार्य आरम्भ हुन्छ। यस अवस्थामा जन्म दिने आमा र स्याहार गर्ने सुडेनीको ठूलो भूमिका हुन्छ । बुबाको काम खर्च गर्ने मात्र हुन्छ । बच्चा जन्म दिने आमा बच्चा जन्मेको दिनदेखि ६ दिनसम्म अत्यन्त दु:ख, पिडा र कष्टका साथ एउटा प्रसुति सुत्केरी जीवनलाई एउटा अछुत सरह भएर दिन बिताउनु पर्ने हुन्छ । यसरी प्रसुतिको पीडा र कष्ट आमालाई मात्र थाहा हुन्छ । बच्चा जन्मेपछि पहिले दिन सालनाल काट्ने र सरसफाइ गर्न सल्लाह र सहयोग दिने काम गाउँघरकै सुडेनी र परिवारकै आमा, सासु दिदी बहिनी आदिले गर्दछन् । सुत्केरी जीवनमा गरिने संस्कारहरू यस प्रकार छन् :

- सुत्केरीहरूलाई छुट्टै कोठामा राखी एउटै कोठाभित्र सुत्ने, खाने, गुइठाको आगो बाल्ने, बच्चा र सुत्केरीलाई तेल लगाउने काम हुन्छ र ६ दिनसम्म एउटै कोठामा बस्नु पर्ने हुन्छ ।
- छोरा जन्मेका परिवारमा खुशियाली हुनुको साथै, सुत्केरीको राम्ररी हेरचाह, खानपान, माया, ममता, राम्रो र बढी पाइन्छ। तथा छोरी जन्मेमा सम्मानजनक उचित व्यवहार गर्दैन ।
- छोरा जन्मेमा परिवारमा भोजभतेर गरी खुशियाली मनाइन्छ भने छोरी जन्मेमा साधारण तरिकाबाट छटिहार मनाउने गर्दछ ।
- सुत्केरीलाई बच्चा जन्मेपछि ६ दिनसम्म मसुरको दाल, भात, आलुको चट्नी खान दिन्छन् भने विहान खाजामा अदुवा, वेसार र सख्खर घिउमा भुटेर १ मुठी जति खान दिन्छन् त्यसपछि सूजीको हलुवा र पिउन सक्ने जति दूध पनि दिन्छन् । बेलुकी पख ज्वानोको झोल खान दिन्छन् ।

- ६ दिन पुगेपछि विहानै सुत्केरीको कोठा सफागर्न घरका चेलीबेटीलाई लगाइन्छ । त्यसपछि बच्चा र सुत्केरीलाई पनि तातो पानीले नुहाउने गर्दछन् । छोरा जन्मे बेलुकी ठूलो भोज गरिन्छ । सुत्केरीलाई नयाँ लुगाफाटो लगाउन दिन्छन् । बच्चाको लूगा गरगहना र अरु सबै पूजाको सामग्री लिएर छटिहार मनाउँछन् । त्यस दिनदेखी सुत्केरीले पनि सबै परिकारका खानाहरु खान थाल्छन् । त्यसपछि १ दिन पुगेपछि फेरी सुत्केरी र बच्चाको सरसफाइ गरी सुत्केरीले भाँडाकूडा छोइ खाना पकाउन सक्ने शुद्ध मानिन्छन ।

यसरी जन्मको ६ दिनपछि गरिने संस्कारलाई छठिहार भन्ने चलन छ । ६ दिनका विहान सरसफाई कार्यक्रम सकेर साँझपख सुत्केरीलाई पहेँलो लुगा र बच्चालाई पहेँलो थाङ्नामा बेरेर “छठ परमेश्वरी” भन्ने देवीको पूजा गरिन्छ । यो पूजा हुँदा पूजा गर्ने चौकमा बाँसको कलम, कापी, र रातो मसी राखिन्छ जुन रातभर चौकामा रहन्छ । यसरी कलम, कापी र मसि राख्नुको कारण के हो भने “छठिहार”को रातमा यहि कलम र मसिले भाग्य विधाताले बच्चाको भाग्य लेख्छन् भन्ने विश्वास गरिन्छ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

देवकी यशोदा दुनु बहिनी, बहिनी सहोदर हे
ललना हे दुनुकेर होए गेल भेट से कुशल मंगल पुछत हे
बहिनी हे मुह तोहर देखियो उदास से चेहरा मलिन लगै हे

कहब हे बहिना से कहिके जे सुनाएब हे
बहिना हे सात गो पुत्र देव देलखिन आठमा हे गरभ भेलै हे ।
ललना हे हुनको न हई कोनो भरोसा से कंश हरि लेतै हे
कंश जे हई निरवंश से दया न धरम लगै हे
बहिना हे सात गो पुत्र गोदिया छिनल पटकी जान मारल हे ।

ललना हे चुपे रह चुपे रह बहिनी सहोदर
बहिना हे एहन वीर लेतै अवतार से हुनकोके नाश करतै हे
ललना हे मखन चोर लेतै अवतार से हुनकोके नाश करतै हे
जे कोई सोहर गाओल गाइके सुनाओल हे

ललना हे हुनको मिलत बैकुण्ड परम फल पाएत हे ॥

यस गीतमा द्वापर युगमा देवकी र बासुदेवका सन्तानलाई कंशले बद्ध गरीरहेको सन्दर्भमा भगवानले कृष्ण जस्तो पुत्र प्रदान गरोस । जसले कंशलाई विनाश गर्दछ भन्ने कामना गरीएको छ ।

मुण्डन (छेवर)

मुण्डन संस्कार बच्चाको विजोर सालमा गरिन्छ। यो संस्कार छोराहरूको मात्र हुन्छ तर छोरीहरुको हुँदैन। जस्तै ३, ५, ७, ९ वर्षहरूमा गरिन्छ। मुण्डन संस्कार विभिन्न ठाउँ अनुसार विभिन्न तरिकाले गर्दछन्। गौशाला न.पा.मा बसोबास, गर्ने जातिहरूमा यो मुण्डन कार्यक्रम विवाहको समय पारी आफ्नो घरको कुल देवता नजिक बच्चाको कपाल मुडाएर मुण्डन गर्ने चलन छ। मुण्डन गर्दा नुहाईधुवाई गरी नयाँ लुगा लगाइ, भुइँमा हजामले लिएर खौरिदै गरेको कपाल साडीको पोल्टामा थापिन्छन् । त्यसपछि बच्चालाई नुहाएर राम्रो सफा लुगा, फूलमाला टिका गहनाहरू लगाइदिएर राम्ररी पोतेको ठाउँमा चामलको गिलो पीठो र सिन्दूर लाएको अर्थात अर्पण दिएको पिर्कामा बस्न लगाउँछन् र त्यसपछि सबै घरको मानिस र बोलाएको पाहुनाहरूले बच्चालाई स्वेच्छाले लुगा, गहना, पैसाहरू उपहार स्वरूप दिन्छन्। बच्चाको कपाल थाप्ने आइमाइ र अरु धेरै आइमाइहरू मिलेर पोल्टामा थापेको कपाल पोखरी, नदी वा बाँसघारीमा गइ फाल्ने चलन छ। यसरी मुन्डन कार्यक्रम समाप्त गरिन्छ। यसरी धुमधामको साथ बालकको कपाल कटाउनुको उद्देश्य टाउकोमा भएको जन्मैदेखिको कपाल शुभ साइतमा कटाएर अब उपरान्त बालकहरू स्वास्थ्य र आरोग्य रहोस् भने मान्यताका साथ यो मुन्डन संस्कार गरिन्छ। यस अवसरमा यस किसिमका गीत गाइन्छ।

मचिया बैठल तुहु बाबा राजा हो

बाबा हो पोता के भेलो लट लाली से करहु जग मुरन हे

जड़िया बैठल तुहु दुलरुवा पोता हो नौतब कर कुटुम करब जग मुरन हे

आहे मचिया बैठल तुहु बाबु राजा हो

बाबु हो बेटा के भेलो लट लाली से करहु जग मुरन हे

जड़िया बैठल तुहु दुलरुवा बेटा हो, नौतब कर कुटुम करब जग मुरन हे

यस गीतमा हजुरबुवाले मचीया (बस्ने सामग्री) मा बसेर नातिलाई समाएर केश काट्ने प्रचलनको वर्णन गरिएको छ ।

विवाह संस्कार

विवाह संस्कार हुँदा सबभन्दा शुरुमा अभिभावक वर्गले मात्र केटाकेटीलाई हेरेर विवाह तोक्ने चलन देखिएको छ । विवाहको प्रस्ताव पनि पहिले केटीतिरबाट नै लिएर जाने प्रचलन छ । सर्वप्रथम केटीको अभिभावक वर्गहरू घर, वर हेरेर मन पराएमा केटाका अभिभावक वर्गहरू केटीलाई हेरेर मन पराएमा विवाहको तिथि तोकिने गरिन्छ । विभिन्न चाडपर्व र पूजाआजालाई आफ्नो चलनका रूपमा माने जस्तै दाइजो प्रथालाई पनि चलनमा राखेर नै विवाह कार्यक्रम सम्पन्न गर्दछन् । जहाँ दाइजो स्वरूप मागिएको रकम पूरा गर्न नसकेमा विवाह संस्कार नै रोकिन्छ । यो रकम विवाह भन्दा अगाडि नै मनाउने छेका मा पूरा गर्नुपर्छ । अनिमात्र विवाहको समय, दिन तोकिने गरिन्छ । भन्ने चलन छ । यतिमात्र हैन विवाहको समयमा आएका ठूला भिडको जन्तीलाई विभिन्न किसिमका तथा विभिन्न परिकारहरूको भोजनहरूबाट जन्तीहरुलाई स्वागत गर्नुपर्छ । जसमा ठूलो मात्रामा रकम खर्च गर्नु परेको देखिन्छ । यो जातिमा विशेषगरी विहेको साइत बेलुका नै पर्दछ तर समयको माग अनुसार दाइजो जस्ता कुप्रथाहरु विस्तारै विस्तारै न्युनिकरण हुँदै गएको देखिन्छ ।

विवाहका विधिहरु

छेका

विवाहको लागि केटा र केटी रोजीसके पछि विधिहरु मनाउने चलन छ जसमा केटा तिरबाट केटी तिर विभिन्न लताकपडा, गहना, मिठाईहरु लग्ने र त्यो केटीलाई आफ्नो केटाको लागी निश्चित गर्न छेकाको चलन छ । त्यस्तै केटी तिरबाट पनि मान्छेहरु गई केटातिर विभिन्न लताकपडाहरु गरगहना मिठाई लग्ने र केटालाई छेक्ने गर्दछ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

लाल झहरी हे गुलाब झहरी
रघुनन्दन के हाथ में सगुन परी
जौरा सर्ट चढी चोरा पैन्टो चढी

जोरा गंजी चढी जोरा गम्छा चढी
रघुनन्दन के हाथ में सगुन परी ॥

जोरा जुत्ता चढी जोरा मोजा चढी
रघुनन्दन के हाथ में सगुन परी
आहे लाल झहरी हे गुलाब झहरी
रघुनन्दन के हाथ में सगुन परी

यस गीतमा दुलहालाई दिइने सामग्रीहरु जस्तो जोडा सर्ट, पाएन्ट, जुता लगायत विभिन्न सामग्रीहरुको वर्णन गरिएको छ ।

मटकोर

विवाह हुन भन्दा ५, ६ दिन अगाडीदेखि नै मटकोर विधि मनाइन्छ । कुल देवताको बैरागनको दिन पर्ने गरी मटकोर गर्न केटा होस वा केटी दुवैको आफ्नो घरमा दुवैलाई पोखरीको छेउमा लगि नुहाउन समेत लगाउँछ । विभिन्न विधिका साथ पुजा मटकोर गरी घर फर्कन्छ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

केही लेतै कान्हा कोदारीया, केही अकुरी तेल हे
केही लेतै तेल अपटनमा, रामजी के मटकोर हे
दिदी लेतै कन्हा कोदरीया, बहिनी अकुरी तेल हे
भावी लेतै तेल अपटनमा, रामजी के मटकोर हे ।

केही भरतै निर्मल जलवा, केही धरै डोल हे
केही लगबै तेल अपटनमा रामजी के मटकोर हे
दिदी भरै निर्मल जलवा, बहिनी धरै डोल हे
भावी लगबै तेल अपटनमा रामजी के मटकोर हे ॥

माटिया कोरौनी बाबा, किए देब दान हे
तोहरो दुलरुवा बाबा, करैत सेन्दुरदान हे
माटिया कोरौनी पोती, देवो धेनु गाई हे

आउरो जे घटि होतो, दाई से लिहा मिलाई हे ॥।

यस गीतमा नातीनिले हजुरबुबा लगायत विभिन्न नातेदारहरुसँग बिहेको खुसीयालीमा दिदी बहिनीहरुले दान दक्षिणा माग्ने गर्दछिन ।

घिउडारी पुजा

यो प्रायः विवाहको अघिल्लो दिन मनाउने गर्दछ। यस दिन केटा वा केटी लाई मरवामा बसाएर घिउडारी पुजा गर्ने चलन छ। यो पुजा आफ्नो विधि अनुसार सम्पन्न भइसकेपछि सत्यनारायणको पुजा गरिन्छ। घिउडारी पुजा के गीत :-

कोउने बाबा के अगना में होम होइहै, जाप होइहै, होम के धुँवा आकाश जाइ है हे ।

आकाश के लोक आनन्द होइ है हे ॥

महावीर बाबा/प्रेमी बाबा के अगना में होम होइहै, जाप होइहै, होम के धुँवा आकाश जाइ है हे ।

आकाश के लोक आनन्द होइ है हे ॥

यस गीतमा होम हुने बेहुला बेहुलीको घरको स्थान र सामग्रीको वर्णन गरीएको छ ।

हल्दी (अपटन) विधि

यो विवाह हुनु ५,६ दिन अगाडी देखी केटी र केटाको शरीर तथा अनुहारमा हल्दी र दुबो मिसाइ बनाएको मिश्रण दल्ने चलन छ । जसले केटा र केटीको शरीरमा निखार आउनुको साथै शुद्ध होस् भन्ने मान्यता बोकेको हुन्छ । यस विधिको गीत :-

केकर लगाओल फुलबारी, तपेसर उब्जल हे

आहे केकर पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे - २

बाबा लगाओल फुलबारी, तपेसर उब्जल हे

आहे दाई पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे ।

केकर लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे केकर पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे - २
बाबु लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे माई पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे ।

केकर लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे केकर पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे - २
भैया लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे भाभी पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे ।

केकर लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे केकर पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे - २
जिजा लगाओल फुलबारी, तपेसर उब्जल हे
आहे दिदी पिसल बासी अपटन, दुल्हा देहिया गमकल हे ।

यस गीतमा अपटन र हल्दीमा प्रयोग हुने सामग्रीहरुको वर्णनको साथै यसबाट शरीर तन्दुरुस्त, स्वस्थ्य र सुगन्धित रहने कुराको वर्णन गरिएको छ ।

मेहंदी विधि

यो विवाहको अघिल्लो दिन मनाउने गर्दछ । यसमा केटा र केटीको हातमा मेहंदीले विभिन्न तरिकाले गीत गाउँदै फुल, बुट्टा बनाउने चलन छ। यो मेहंदीको रंग जति गाढा हन्छ त्यति नै पति पत्नी बीच माया प्रेम बढदै जान्छ भन्ने मान्यता रही आएको छ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

केही तोहर मेहदी पिसे हो दुलरुवा, कौने राजा साजे बरियात, मेहदी रङ से भरी

माई तोहर मेहदी पिसे हो दुलरुवा, बाबु राजा साजे बरियात, मेहदी रङ से भरी

कवलेजिया के हाथ लाले लाल, मेहदी रङ से भरी ॥

केही तोहर मेहदी पिसे हो दुलरुवा, कौने राजा साजे बरियात, मेहदी रङ से भरी

दाई तोहर मेहदी पिसे हो दुलरुवा, बाबा राजा साजे बरियात, मेहदी रङ से भरी

कवलेजिया के हाथ लाले लाल, मेहदी रङ से भरी ।

यस गीतमा कसले मेहदी पिसेको र क-कसले दली रहेको विषयलाई वर्णन गरिएको छ । यसमा भाउजुले मेहदी पिसेको र सबै नातेदारहरुले दलि रहेको वर्णन गरिएको छ ।

कोहबर लिखाई विधि : घरका एक सुहागीन महिलाले गोसाई(कुल देवता)को छेउको भाग भित्तामा पिठार पन्जामा लगाई थपा (चिन्ह) लगाई त्यसमा पिठार, सिन्दुर लगाएपछि यो बिधी सम्पन्न हुन्छ ।

डिहबार स्थान/ब्रहमस्थान दर्शन, पुजा : बेहुला वा बेहुली दुबैले आ-आफ्नो गाँउको डिहबार स्थान/ब्रहम स्थानमा गई पुजा आजा गरी आर्शिवाद लिने परम्परा रहेको छ । बेहुला र बेहुलीसँग गीत गाउने महिलाहरु लगायत अन्य आफन्तजनहरुको पनि सहभागिता रहेको हुन्छ । यस अवसरमा यस किसिमका गीत गाउने परम्परा रहेको छ ।

छोटी मोटी तुलसी के गछिया भुइँया लौटे हे डार

तहितर ब्रहम दुलरुवा खेले जुगा हे तास

जुगवा खेलइत दुलरुवा गेला अलसाय २

आम(आँप) गाछी विवाह विधि : डिहबार पुजा र ब्रहम स्थानको पुजा सकेपछि आँपको बोट, जुन बोटलाई विधिवत रुपमा विवाह गरिएको हुन्छ । त्यही बोटमा गई बेहुला बेहुलीले आम गाछी विवाह विधि सम्पन्न गर्दछन् ।

बिलौकी विधि : बेहुला र बेहुलीले आफन्तहरु, मान्यजनको घर-घरमा गई आर्शिवाद लिने प्रचलन रहेको छ । त्यस विधिलाई बिलौकी माग्ने विधि भनिन्छ ।

दुल्हा परिक्षण

यो विधि जब केटा केटीको घरमा आउँछन त्यस बेला स्वागतको उद्देश्यले

केटी तिरका महिलाहरुले गीत गाउँदै विभिन्न विधि अनुसार दुल्हा परिक्षण गर्ने गर्दछन । यो विधि पश्चात मात्र केटा केटीको घरमा प्रवेश गर्न सक्छन । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

परिक्षण चलियौ सखि सुन्दर जमैया हे सुहावन लागे

सोने के डलवा लियौ साज हे सुहावन लागे ।

बर हथिन बरा सुकमार हे सुहावन लागे ॥

यस गीतमा ज्वाई एकदम राम्रो छ त्यसकारण सोनाको डाला लिई विभिन्न सामग्रीहरुको साथमा परिक्षण गरिरहेको सन्दर्भको वर्णन गरिएको छ ।

स्वयमवर विधि : यस विधिमा स्वयमबरको लागि पहिला देखि नै स्टेज बनाइएको हुन्छ । बेहुला त्यही स्टेजमा आएर बस्छ । बेहुली स्वयमबरको लागि स्टेजमा आएपछि बेहुलालाई पाँच पटक सम्म परिक्रमा गरी सकेपछि बेहुला बेहलीलाई एक ठाँउमा उभ्याई वरमाला विधि गरिन्छ । जस अन्तर्गत बेहुलीले पहिला बेहुलालाई टीका र माला लगाउँछिन । त्यसपछि बेहुलाले पनि बेहुलीलाई टीका र माला लगाई दिन्छ । यसपछि एक अर्काले स्वयमबरको लागि ल्याएको औंठी वा घडी लगाई दिन्छन् । आफन्तजनहरुले पालैपालो गरी बेहुला र बेहुली दुबैलाई आर्शिवाद दिने गर्दछन् । यसरी यो विधि सम्पन्न भएपछि बेहुली स्टेजबाट आँगनमा फर्किछिन् र बेहुला सहित जन्ती आएका सबै जना त्यहाँ नै नास्ता खाने गर्दछन् । पहिला-पहिला स्वयमवर गर्ने विधि नभए तापनि अहिले आएर यो विधि निकै प्रचलित भएको छ ।

गोर धुवाई विधि : बेहुला जब आँगनमा आउँदछन् । त्यहाँ सब भन्दा पहिला गोर धुवाई विधि गरिन्छ । जसमा सालीहरुले बेहुलाको खुटा धोई दिने गर्दछ । त्यस वापत बेहुलाले सालीहरुलाई आफनो क्षमता अनुसार रुपैया पैसा वा कुनौ उपहार दिने गर्दछ ।

तिलक :

स्वयंवर भईसकेपछि मात्र केटालाई मडवामा लैजाने चलन छ र यो विधि स्वयंवर पछि मात्र हुन्छ । यस विधिमा केटीका दाजभाईले केटालाई विभिन्न लताकपडा तथा नगद दिइ विभिन्न विधीका साथ तिलक दिने चलन छ । तिलक चढाउने बेला को गीत :-

एक ओरी बैठे नइहर लोक, एक ओरी ससुर लोक हे
बीचे में बैठे श्री राम जी कि आबे सिता हमर होतै हे
कनैइते उठे नइहर लोक, हसैते ससुर लोक हे
ताली ठोकी उठे श्री राम जी कि आबे सिता हमर होतै हे ।

एक ओरी बैठे लओङ बनिया, एक ओरी जाइफर बनिया हे
बीचे में बैठल तिलक देउवा, तिलक देबे आयल हे
अच्छा अच्छा सरिया खरिदल, तिलक पर चढाओल हे
एहे छुवल मति छुबबै, हमरो दुलरैतिन धिया हे ।

एक ओरी बैठे पान बनिया, एक ओरी सुपारी बनिया हे
बिचे में बैठल तिलक देउवा, तिलक देबे आयल हे ।
अच्छा अच्छा गहना खरिदल, तिलक पर चढाओल हे
एहे छुवल मति छुबबै, हमरो दुलरैतिन धिया हे ।
अच्छा अच्छा लहठी खरिदल, तिलक पर चढाओल हे
एहे छुवल मति छुबबै, हमरो दुलरैतिन धिया हे ।

यस गीतमा एकतर्फ माइती र अर्कोतर्फ ससुराली तर्फको नातेदारहरु बसी दुलाहा र दुलहीलाई दिइने विभिन्न सामग्री लगायत लत्ता कपडाहरुको वर्णन गरिएको छ ।

कन्या निरेक्षण विधि : बेहुलाका दाजु वा दाजु नभएको खण्डमा बेहुलाको मामाले बेहुलीलाई कपडा, श्रीगांरका सामाग्रीहरु ग्ह-गहना आदी राखी बेहुलीको हाथमा दिने प्रचलन नै कन्या निरेक्षण विधि हो । यस अवसरमा यस प्रकारका गीत गाइन्छ ।

१. हसुली जे लएले भरुवा ओछे ओछे, कैसे अटत अलरैतिन धिया -२
तोहरो जे है हो भरुवा चार ललनमा हमरा एकेगो रे, अलरैतिन धिया ।

सरिया जे लएले भरुवा ओछे ओछे, कैसे अटत रे अलरैतिन धिया -२
तोहरो जे है हो भरुवा चार ललनमा हमरा एकेगो रे, अलरैतिन धिया ।

लहठी जे लएले भरुवा ओछे ओछे, कैसे अटत रे अलरैतिन धिया -२
तोहरो जे है हो भरुवा चार ललनमा हमरा एकेगो रे, अलरैतिन धिया ।

२. छकबा जे लएले भरुवा डिबा में मुनके, खोलके देखा न त गारी देबौ चुनके
गारी देबौ चुनके मारबौ जुत्ता घिचके, मरबापरसे लाज लगतौ लएबे खरिदके

टीकबा जे लएले भरुवा डिबा में मुनके, खोलके देखा न त गारी देबौ चुनके
गारी देबौ चुनके मारबौ चपल घिचके, मरबापरसे लाज लगतौ लएबे खरिदके

पायल जे लएले भरुवा डिबा में मुनके, खोलके देखा न त गारी देबौ चुनके
गारी देबौ चुनके मारबौ जुत्ता घिचके, मरबापरसे लाज लगतौ लएबे खरिदके ।

ओठंगरमा धान कुटाई विधि : यो विधीमा काठको ओखलमा आठ मुठी धान राखी बेहुला समेत बहुलातर्फबाट पाँच जना र बेहुली तर्फबाट तीन जना सम्पुर्णलाई हजामले पहेंलो धागोले आठ पटक बेरी बाँधिन्छ । आठ जनाले मुसलो ऐकै पल्ट समाति मिलीजुली उचालि लगातार आठ पटक सम्म चोट दिई धान कुटी त्यसबाट चमल झिकी चामलको केही मात्रा लिई पण्डितलाई दिएपछि यो बिधी समाप्त हुन्छ ।

लगनबटी विधि : एउटा चंगेडामा बेहुली र बेहुला दुबै तर्फका धान, दुबो, आँपको पात, अठोङगरमा कुटेको चामल, पहेंलो धागो, बेहुली र बेहुला दुबैको छुटा-छुटै तीन पुस्ताको नाम, आँपको पातमा लेखि राख्दछ ।

एउटा गम्छामा चंगेडाको धान, दुबो, काचो बेसार र बेहुला पक्षले दिएको नगद समेत राखी बेहुली र बेहुला दुबैको बुवा पाँच पटक घांटीमा घांटी मिलाउदै गाँठो पारी मरबामा बाधि सम्पन्न गरिन्छ ।

मरबा परिक्रमा विधि : यो विधिमा सब भन्दा पहिला एक जना विवाहित महिलाले अघि-अघि सिन्दुर भुइँमा खसाली हिडदछिन् । त्यसपछि बहुलाको घाँटीमा गम्छा लगाई समातेर बेहुलीको दाजु वा भाई अघि-अघि बिचमा बेहुली दुबै हातले बेहुलाको बाहुला समाति बेहुलाको पछि-पछि र अन्य महिलाहरु यो क्रमले मरबालाई पाँच पटक परिक्रमा गरी बेहुला र बेहुलीलाई मरबामा प्रबेश गराईछ । सोही क्रममा गीतहरु पनि गाइन्छ । र यो विधिको लागि बेहुलीले पहेंलो रंगको साडी लगाएको हुन्छ भने पहेलो धोती र कुर्ता लगाएको हुन्छ । यो विधिमा लगाउने पहेँलो साडीलाई पुत्ली साडी भनिन्छ ।

कन्यादान

यो विधि विशेष गरी केटीको बावुआमाले र कहिले काँही मामा माइजुले पनि गरेको दखिएको छ । यस विधिमा विभिन्न विधि अनुसार केटीको हात केटाको हातमा दिइ आफ्नो छोरीको भार अबउपरान्त केटालाई सोपिन्छ । यो कन्यादानलाई संसारमा सबैभन्दा ठूलो दानको रुपमा मानिन्छ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

टटियापर लतिया लतरिगेलै, फुलवा फुलाए गेलै हे
घोरवा चढल आबे दुल्हा राजा, हाथ लपकाओल हे
मति हाथ लपकैयौ श्री राजचन्द्र, अबही बबेके छियै हे
दाइ करथीन कनियादान, होइते भोर अहिके होबै हे ।

टटियापर लतिया लतरिगेलै, फुलवा फुलाए गेलै हे
घोरवा चढल आबे दुल्हा राजा, हाथ लपकाओल हे

मति हाथ लपकैयौ श्री राजचन्द्र, अबही बाबुके छियै हे
माई करथीन कनियादान, होइते भोर अहिके होबै हे ।

टटियापर लतिया लतरिगेलै, फुलवा फुलाए गेलै हे
घोरवा चढल आबे दुल्हा राजा, हाथ लपकाओल हे
मति हाथ लपकैयौ श्री राजचन्द्र, अबही ममेके छियै हे
मामी करथीन कनियादान, होइते भोर अहिके होबै हे ।

यस गीतमा कन्यादान गर्ने व्यक्तिले कन्याको साथमा दिइने सामाग्री लगायत अव उप्रान्त कन्या तपाइको कुलमा जाने भएकोले यसको सधै राम्ररी हेरचाह गर्न अनुरोध गर्दछन् ।

गेठ बन्हन विधि : लगन बटीको समयमा धोतीमा बाधिएका धान, दुबो, काचो बेसार, नगद रुपैया पैसा, पहेंलो धोतीको एक छेउमा बाँधि बेहुलाको घाँटीमा बेरी जिउमा झुण्डियाइन्छ । साथै दानमा विभिन्न कपडा, सुनको सामान तोकेर, गाई आदी बस्तुहरु दान गर्दछन् । पण्डितले तीनै जनाको हातको कुशको औठी लगायतका समान आफनो हातमा लिई पातमा राखिन्छ । दक्षिना लिई पण्डितले यो बिधीलाई सम्पन्न गर्दछन् ।

सिन्दुरदान :

यस विधिमा केटाले केटीको सिउदोमा सिन्दुर हाल्ने गर्दछ । यस विधि अनुसार केटाले पहिले केटीको सिउँदोमा ५ चोटी घिउ लगाउने त्यसपछि सिन्दुर लगाएको ठाँउमा ५ चोटी सिन्दुर हाल्ने चलन छ । यस विधि पश्चात त्यो केटी एक विवाहित महिला हुन जान्छ र समाजमा इज्जतको साथ त्यो केटाको श्रीमतिको रुपमा चिनिन्छ । यस अवसरमा यस किसिमका गीत गाइन्छ ।

केही मोर किनथिन पियरिया, पियरिया लागल झालर हे ?
आहे कौने राजा किनथिन सेन्दुरवा, डिबा भरि सेन्दुर हे ?
बाबु राजा किनथिन पियरिया, पियरिया लागल झालर हे ।
माई हे सासु राजा किनथिन सेन्दुरवा, डिवा भरि सेन्दुर हे ।

कते दाम होइत हे पियरिया, पियरिया लागल झालर हे ?

कते दाम होइत हे सेन्दुरवा, कि डिवा भरि सेन्दुर हे ?

आहे पाँच पचिस के पियरिया, पियरिया लागल झालर हे ।

माई हे लाख हजार के सेन्दुरवा, डिवा भरि सेन्दुर हे ।

आहे कौने नगर के सेन्दुरवा, सेन्दुर बेचे आयल हे ?
आहे कौने नगर के कुमारी धिया, सेन्दुर मोलाओल हे ?

आहे अजोधा नगर के सेन्दुरवा, सेन्दुर बेचे आयल हे ।

आहे जनकपुर नगर के कुमारी धिया, सेन्दुर मोलाओल हे ।

आहे कते दाम होइत हे सेन्दुरवा, सेन्दुरवा बेचे आयल हे ?
माई हे कते दाम होइत हे सेन्दुर हरवा, सेन्दुर बेचे आयल हे ?

आहे पाँच पचिस के सेन्दुर हरवा, सेन्दुर बेचे आयल हे ।

आहे लाख हजार के सेन्दुर हरवा, सेन्दुर बेचे आयल हे ।

यस गीतमा सिन्दुरको डब्बाबाट निकाल्ने सिन्दुरको गुण र रंगको वर्णन गरिएको छ । सिन्दुरको रंग जस्तै जीवन फलोस फुलोस भन्ने कामना गरिएको छ ।

सात फेरा

यस विधिमा विवाहको लागी बनाइएको बेदीको चारैतिर घुम्ने चलन छ । यस विधिमा केटा केटीको अगाडी केटीको दाजु वा भाई कोही एक जना लावा छर्दै हिँडछन र त्यस पछि त्यो केटा केटी पनि घुम्ने गर्दछ यो घुमाईको प्रक्रिया सात चोटी पुग्नु पर्छ । यो फेरालाई मंगल फेरा भन्ने चलन छ । यो फेरा लिदा केटाले केटीलाई र केटीले केटालाई सात वचन (वाचा) दिने चलन छ । यो सम्पूर्ण विधि पश्चात त्यो केटा केटी पति पत्नी हुन जान्छ ।

सात जन्म के फर्ज निभाना, ...२

लेके सातो जनम् ...२

यस गीतमा सात जन्मको फर्ज पुरा गर्नु भन्ने गीतको माध्यमबाट दर्साइएको छ ।

दुहरी छेकाई विधिः

विवाह विधि सकिएपछि कोहवर घर (कुलदेउताको घर) भित्र छिर्नु भन्दा अगाडी कोहबर घरको ढोका छेकेर यो विधि मनाइन्छ । यो दुहरी छेकाई विधि बेहुलाको सालिहरुले गर्ने गर्दछिन । यस अवसरमा दुलहालाई दुरबानी (बुझौवल) भन्न लगाइन्छ । दुल्हाले दुरबानी सुनाई सकेपछि र केही उपहार दिएपछि कोहबर घर भित्र छिर्न दिन्छन ।

कोहवर विधि

कोहबर घरभित्र पसि सकेपछि कोहबर लेखिएको ठाँउमा बर कन्यालाई बसाई महिलाहरुले कोहबर सम्बन्धी पाँच वटा गीत गाईसकेपछि बेहुला र बेहुली दुबैलाई पाँच/पाँच पटक कोहबर लेखिएको पर्खालमा उनीहरुको टाउको ठोकाई प्रणाम गराइन्छ। यो कोहबर विधि समाप्त भएपछि विवाह सम्पन्न भएको मानिन्छ। यस अवसरमा कोहबरका गीत यस प्रकारल गाइन्छ । गौशाला निवासी कुमरकान्त झाका अनुसार तराई मधेशको ब्राहमण र कायस्थ समुदायमा पहिला-पहिला ससुरालीमा महिना दिनसम्म बस्ने प्रचलन थियो तर, अहिले चार दिनसम्म मात्रै बस्ने प्रचलन रहेको छ । कोहबर विधिमा तिन दिनसम्म बेहुलाका साली, सरहज वा अन्य विवाहित महिला कोहबर घरमा सुत्ने प्रचलन रहेको छ । चौथो दिनमा मात्र बेहुला बेहुलीसँगै सुत्ने परम्परा रहेको छ ।

कौनै रङ खटिया कि कौनै रङ पटिया
कौनै रङ ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ?
लाले रङ खटिया कि लाले रङ पटिया,
श्यामे रङ ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ।

कौनै रङ हिरा कओने रङ मोती की,
कौनै रङ ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ?
लाले रङ हिरा सबुजे रङ मोती,
श्यामे रङ ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ।

टुटी गेलै हिरा छिटकी गेलै मोती कि,
रुसी गेलै ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ।
बिछी लेबै हिरा कि गाथी लेबै मोती,
मनाय लेबै ननदो जी के भाई, हे रघुनाथजी के कोहबर ॥

यस गीतमा खटिया पटिया र दुलहाको गुणहरुको बारेमा दुलहीले वर्णन गरिएको छ ।

खीर खिआउन विधि : बिहे भएको भोलीपल्ट दुधमा चामल, सख्खर वा चिनी मिसाएर खीर पकाइन्छ । छुटा-छुटै दुई वटा थालमा खीर राखी कन्यादानी पटिया मडवामा ओछयाई बेहुली र बेहुलालाई बसाईन्छ । उक्त खीर पहिला बेहुलीले बेहुलालाई खुवाउँछिन् र बहुलाले पनि बेहुलीलाई खिर खुवाउने गर्दछ तर यो विधिको लागि मात्र हुन्छ । कसै-कसैले खान्छ भने कसै-कसैले खादैन । यो प्रकृया पाँच पटकसम्म गरिन्छ । त्यसपछि यो विधि सम्पन्न हुन्छ ।

सम्धी मिलन विधि : बिहेको भोलि पल्ट बिहानको चिया, नास्ता खाई सकेपछि दुबै सम्धी ईनार, कल वा पोखरीमा बिभिन्न बाजाको साथमा गई हजामद्धारा पालैपालो गरी दुबै सम्धीलाई जिउमा तेल साबुन लगाई नुहाईन्छ । त्यही बिच हजामले बकसीस पनि लिने गर्दछ । नुहाएर लुगा लगाई सकेपछी दुबै सम्धी एक आपसमा गला मिल्ने गर्दछ जसलाई सम्धी मिलन भनिन्छ । त्यसपछि दुबै सम्धी लोटा (अम्खोरा) मा जल (पानी) लिई एउटा पहेंलो चादरको चारै कुना चार जनाले समातेर हिडछन र पछि पछि विभिन्न बाजागाजा सहित घर आई दुबै सम्धी गोसाई घरको ढोका अगाडी रहेको बसघरीमा पानी हाली यो विधि सम्पन्न गरिन्छ । सोही कममा घरका महिलाहरुले रंग, अबिर, दही जस्ता पर्दाथहरु लगाउने गीतको माध्यमबाट गाली गर्ने चलन छ ।

मनोरंजन : सम्पुर्ण जन्तीहरु तथा गाँउं समाजका मानिसहरुले नाच गान हेर्दछन् । त्यहाँ सैन्ट छर्किन्छ, मोज मस्ती, ठिठेउल्ली हुन्छ ।

मरजादी भोज : दिउसो मडवामा बेहुला सहित दुबै सम्धी र अन्य आफन्तहरु

लगायत एघार जना मानिसहरु मरबामा बसी भोज खाने विधिलाई मरजादी भोज भनिन्छ । त्यस्तै जन्तीहरुलाई अन्य ठाँउमा बसाएर भात, दाल, विभिन्न प्रकारका तरकारी, विभिन्न किसिमका तरुबा, अचार, करही-बरी, पापर, तिलौरी घिउ जस्ता परिकारहरुको भोज खुवाउने गरिन्छ । अन्त्यमा दही, चिनी खुवाई मरजादी भोज विधि समाप्त हुन्छ । सोही कममा गितको माध्यमले जन्तीहरुलाई र सम्धीलाई पनि गाली गर्ने प्रचलन हालसम्म कायम रहेको पाईन्छ ।

घरभरी विधि : कोहबर घरमा बेहुलाको हातमा बिधकारी महिलाले धान आफनो अंजलीले हालिन्छ उक्त धान तल पटीयामा पोखिन्छ । बिधकारी महिलाले बेहुलालाई सोध छिन कि "केकर घर भरैत ही तब बेहुलाले जवाफ दिन्छन कि सास ससुरके घर भरैत ही" । यो प्रकिृया पाँच पटकसम्म गरिन्छ । सोही कममा बेहुलीले आफनो दाहिने खुटा उचालि पटीयालाई फालिने गर्छिन । बेहुलाले आफनो दुई हातले पसारिने (खोलिने) गरिन्छ । यो प्रकिृया पाँच पटक गरिन्छ । उक्त पटियाको धान उठाई बेहुली बस्ने डोलीमा राखिन्छ ।

खोईछा भराई विधि : नँया पहेंलो वा रातो रंग भएको कपडाको खोईछा बनाई दुबै छेउमा बाँधने डोरी भएको खोइछामा चामल, दुबो, काँचो बेसारको पाँच वटा टुक्रा, नगद पैसा राखी डार (कमर) मा बाँधिन्छ । बेहुली र बेहुलालाई एकै पटक गोसाईलाई ढोग्न लगाईन्छ र त्यसपछि ठुला-साना सबैलाई पालैपालो ढोग्न लगाई आर्शिवाद लिने चलन भए पनि खास गरेर आफु भन्दा ठुलोलाई नै ढोग्ने परम्परा रहेको छ ।

विदाई

यो विधि विवाहको भोली पल्ट केटीतिरको सम्पर्ण विधिहरु सकेर केटाको घरमा लैजाने विधि हो । यस विधिमा केटीलाइ बढी भन्दा बढी दाइजो स्वरुप लताकपडा, गरगहना, सरसमानहरु दिई विदाइ गर्ने चलन छ । यस विधि पश्चात लगभग केटीतिरको घरमा हुने सम्पुर्ण विधि समाप्त हुने गर्दछ । छोरीलाई अरुको हातमा सुम्पीएर पठाउने गर्दछ । बिदाईको गीत :-

घर पछुवारबा में बैरिया के गछिया, से बैरिया फरल लाले लाल हे
निमन बैरिया गिरै हे रे सुगवा, कि खाइते लागत बरा मिठ हे
खाइते पियइते में भेलै दुपहरिया, से जुरबा बनहैत भेल साँझ हे
माई सहोदरी से मिलहु न पयली, कि डोलिया में लागि गेल ओहार हे

आहे मिलिलियौ-मिलिलियौ माई हे सहोदरी, डोलिया में लागल ओहार हे
कौने रङ डोलिया बेटी कौने रङ ओहरिया, कि कौने रङ बतिसो कहार हे
आहे कानिय-कानिय बोली छोटकी बहिनीया, से सुनु माई बचन हमार हे
लाले रङ डोलिया माई हे समुदे रङ ओहरिया, श्यामे रङ बतिसो कहार हे
मिलिलियौ जुलिलियौ बहिनी सहोदरी कि, आबे बहिनी बिसरल जाय हे ।
मिलिलियौ जुलिलियौ सँगके सहेलिया कि, आबे सखी बिसरल जाय हे ।

किनका के कनले झहरी लोर गिरलै, किनका के भिजलै पटोर हे ?
किनका के कनले चदरीया खुट भिजलै, कि किनका के हिरद कठोर हे ?
माई के कनले झहरी लोर गिरलै, बाबुजी के भिजलै पटोर हे ।
भैयाजी के कनले चदरीया खुट भिजलै, कि भउजी के हिरद कठोर हे ।

यस गीतमा बेहुलीको घरमा अन्तिम विधि भएकोले बेहुली आफ्नो आमाबुबा नातेदार साथि संगतीलाई सम्झेर उनिहरुको गुणको वर्णन गर्दै आफूबाट गल्ति भए माफि मागेको कुरा वर्णन गरीएको छ ।

बेहुली अन्माउने

यो विधि केटीको घरबाट विदाइ भइसक्दा केटाको घरमा जब केटी पहिलो पल्ट प्रवेश गर्छन त्यहाँ घरका सबै व्यक्ति हर्षोल्लासका साथ विभिन्न विधि अनुसार बेहुली अन्माउने गर्दछ । यो विधिमा बेहुला बेहुलीलाई घरसम्म ल्याउँदा चँगेरामा हिँडाउदै विभिन्न किसिमका गीतहरु गाउँदै कुलदेवता समक्ष लग्छन् र त्यहाँ कुलदेवतालाई ढोग चढाइ आफ्नो वैवाहिक जीवनमा प्रवेश गर्छन । यस

अवसरमा यस किसिमका गीत गाइन्छ ।

पियर बियहुती धोती लाले रुमाल हे
उघारियौ न दुल्हा राजा डोली के ओहार हे
हमे कैसे उघारियो माई हे डोली के ओहार हे
दुवरे पर सजन लोग बाबु मोर ठार हे ॥

पियर बियहुती धोती लाले रुमाल हे
उघारियौ न दुल्हा राजा डोली के ओहार हे
हमे कैसे उघारियो दाई हे डोली के ओहार हे
दुवरे पर सजन लोग बाबा मोर ठार हे ॥

चुमाउन विधि : यस विधिमा आँगनमा बेहुलालाई पिडकामा र बेहुलीलाई सनपाटमा बसाइन्छ । चुमाउनको लागि डालीमा राखिएको मटकुरीमा दही, धान, दुबो, काँचो बेसारको टुक्रा, बलेको दीप, बेहुलाको हातमा दही राखिएको मटकुरी दिईन्छ र बेहुलीको हातमा चान्दीको गहना तथा सिन्दुरको किया दिई बेहुलाको देब्रेपट्टी पुर्बतिर फर्काएर बसाई विवाहित पाँच जना महिलाले चँगेडाबाट दुबो, धान, हल्दी दुबै हातमा लिई पालै-पालो बेहुलाको खुटा, घुडा, काधमा छुवाउदै टाउकोमा बेहुलाको आमाले साडीको आँचल राखेकोमा हालिन्छ । दिपमा हात सेकी बेहलाको गालालाई सेकिन्छ र निधारमा दहीको टिका लगाईछ.। पुनः ति महिलाले चँगेडाबाट दुबो, धान, हल्दी लिई पालै-पालो बेहुलीलाई पनि यही प्रक्रिया एउटै देब्रे हातले चुमाउने गरिन्छ । त्यही बेला बेहुलीसँगै आएका लोकनियाहरुले आफुसँग ल्याएका बेना/पङखा बेहुलाका आमालाई दिई धान र धनिया आँगन घरमा छर्की दलानमा गई बस्दछन् ।

दुहरी छेकाई (बेहुलाका घरमा) विधि : बेहुलाले बेहुली लिएर आफनो घर फर्किएपछि बेहुलाको बहिनीहरुले कोहबर घरको ढोका छेकने विधि नै दुहरी छेकाई विधि हो । बेहुलाले बहिनीहरुलाई केही उपहार स्वरुप रुपैया पैसा वा सामग्री दिएपछि बेहुला बेहुली दुबैलाई कोहबर घर भित्र छिर्न दिन्छ । दुहरी छेकाई गीत यस प्रकार रहेको छ ।

बार त बरिस हो भैया, असरा लगैलियै हो दुलरुवा भैया
कहिया होतै भैया के बियाह, हो दुलरुवा भैया ?
दुहरी छेकाई पहिले भउजी से लेबै हो दुलरुवा भैया
तब जइहा कोहबर घर हो दुलरुवा भैया

कागत के रुपैया हो भैया, उठिपुठी जएतै हो दुलरुवा भैया
हजारी पनसाही हो भैया, उठिपुठी जएतै हो दुलरुवा भैया ।
सोना चान्दी देहु न दहेज, हो दुलरुवा भैया
जुगे-जुगे रहतो तोहरो निशानी, हो दुलरुवा भैया ॥

यस गीतमा बहिनिले यसै अवसरको लागि बाह्र बर्षदेखि कुरिरहेको हुनाले दान दक्षिणाको अपेक्षा गरेको कुरा दर्साउछ ।

बेहुला घरको कोहबर विधि : बेहुला बेहुली कोहबर घरमा जाने क्रममा ढोकामा दिदी-बहिनीहरु (नन्द) ले ढोका छेक्छिन् । त्यस क्रममा बेहुलाले आफनी दिदी-बहिनीहरुलाई रुपैया पैसा वा केही उपहार दिएपछि प्रबेश गराई गोसाई घरमा कोहबर लेखेको ठाँउमा पटिया ओछ्याई बेहुला बेहुली दुबैलाई बसाइन्छ। त्यही बेला कोहबरसँग सम्बन्धित विभिन्न किसिमका गीतहरु गाई सकेपछि बेहुला बेहुली दुबैले आ-आफनो टाउको झुकाई त्यस कोहबरमा स्पर्स गरीसकेपछि आफनी सासु, जेठानी सहित अन्य आफन्तजनहरुले बेहुलीको अनुहार हेर्ने र चिनजान गर्ने प्रक्रिया सुरु हुन्छ । बिहे गर्न जन्ती गएका दिन बेलुका राति नै बेहुलाको घरमा महिलाहरुले घुनामुना पकाउँछिन् । जुन घुनामुना कोहबर घरमा यति बेला काम लाग्छ । खास गरी घुनामुना गहुँको पिठोमा सख्खर मिसाई त्यसलाई मुछेर यमरी जस्तो सानो आकारमा पकाईन्छ, जसलाई घुनामुना भनिन्छ । यस घुनामुनालाई एउटा तौलामा राखी माटोकै ढकनाले छोपेर राखिएको हुन्छ । यसै बेला बेहुलीले आफ्नो देब्र हातको कान्छी औंलाले उचालेर त्यसलाई हटाउने गरिन्छ । यदि हटाउन न सकेको खण्डमा बेहुलीलाई कमजोर ठानिन्छ । ढकना हटाई सकेपछि बेहुलीले दुबै हातले त्यस भित्र रहेका घुनामुना एक महिलालाई पाँच/दश मुठीका दरले पाँच देखि दश जना विवाहित महिलाहरुलाई खोइछा दिने गरिन्छ । त्यही क्रममा एक छिन रमाइलोका लागि एउटा भाडोमा दहि हाली त्यसमा बेहुला

र बेहुली मिली हातले घोली पाँच पटकसम्म औंठी राख्ने र झिक्ने क्रम चलि रहन्छ। दुबै जना मध्ये जसले धेरै पटक खोज्न सफल हुन्छ त्यसैको जित भएको मानिन्छ। यो साथै कोहबर विधि सम्पन्न हुन्छ। यो घुनामुना बेहुली हेर्न आउने सबैलाई बाडिन्छ।

चौठारी विधि : बिहे भएको चौथो दिनमा विधिपुर्वक नुहाई ध्वाई गरिने विधिलाई चौठारी विधि भनिन्छ। यसमा चौठारी विधिमा आगनमा एक स्थानमा माटोले लिपपोत गरी चोख्याएपछि त्यहाँ पालो राखी त्यसमा पिठारको थपा लगाई त्यसमा सिंन्दुर लगाई त्यो पालोमाथि पुर्वतिर फर्काएर बेहुलाको देब्रेपटी बेहुलीलाई बसाई दुबै जनालाई पालैपालो बेहुलाको मटकोर भएको राती दुई वटा कटियामा पानी भरी राखिएको त्यो पानीले बेहुला बेहुलीलाई विधिपुर्वक नुहाई, लुगा लगाई सकेपछि एउटा बाटा वा आरीमा दुध, पानी मिसाई कठोती(आरी) मा हालेर पाँच वटा कौरी राखी खेलाएपछि चौठारी विधि समाप्त हुन्छ।

पुछारी (बेहुली फर्काउने) विधि : बेहुलीकी माइती पक्षले छोरी लिन आउँदा विभिन्न किसिमका भार (कोसेली) हरु लिई आउनेलाई पुछारी भन्ने गरिन्छ। चौठारी दिनको बेलुका आफनो साधन प्रयोग गरी साथमा बिभिन्न किसिमका भारहरु र बेहुलीका घरमा आउन कन्यादान गर्नेको बाटो फुकुवाका लागि साथमा खाना पकाउने सम्पुर्ण सामग्रिहरु साथै बेहुलाको लागि पाँच टुक कपडा सहित आई पुग्छन्। घरमा आएका पाहुनाहरुलाई लोटा (अम्खोरा) मा पानी दिई हात खुटा धुन लगाई दलानमा बस्न लगाईन्छ। घरका महिलाहरुले नास्ता पकाएपछि पाहुनाहरुलाई घरमा बसाली खुवाईन्छ। रातिको आफनो घरको खानामा नै कन्यादानि तर्फबाट आएका खानाका सबै सामग्रीहरु मिसाई खाना पकाई-खुवाई दलानमा आराम गराईन्छ। भोलि पलट पाहुनाले बिहानै बेहुलीलाई माइती जान दिनको लागि बिदागरी मागी प्रस्थान गरेर माइती घर फर्किन्छ। यहाँबाट बिहेका सम्पुर्ण बिधिहरु समाप्त हुन्छ।

मृत्यू संस्कार

कुनै मानिसको मृत्यु भएमा दाह संस्कारका सबै वस्तुहरू ल्याएर छरछिमेक र नजिक पर्ने सबै नाता कुटुम्बहरूलाई मलामी जान निम्तो दिने चलन छ।

यसरी सबै जना मिलेर मसानघाट वा नदीको किनारमा गएर लास जलाउँछन् । लास जलाउँदा दागबत्ती जेठा कान्छा छोराले मात्र दिने प्रचलन भए पनि अहिले आएर जुन सुकै छोरा वा छोरीले पनि दागबती दिने चलनको विकास भएको छ । तीन दिनपछि मलामी गएका सबैलाई भोज खुवाउने प्रचलन छ । यसरी तेस्रो दिनमा गरिने क्रियाकर्मका “तिराती” भनिन्छ । यसपछि १२ दिनसम्म कर्ता पुत्र “जेठा कान्छा छोरा वा जसले दागबत्ती” दिएको हुन्छ उसले पिण्डदान गरिरहन्छ, उक्त १२ दिनसम्म कर्ता पुत्र र उनकी श्रीमती दुवै जनाले नुन खानु हुँदैन र भूँइमा सुत्नुपर्छ । ९ दिन काटेर १० औं दिनमा परिवारका सदस्यहरु सहित आफ्ना नातेदारहरु सबैले नङ, कपाल काटी, घर आँगन चोख्याउँछन् । सधैं झै कुटेको पीण्ड त्यस दिन पनि कुटि दान गरिन्छ र साँझमा सम्पूर्ण गाउँका मानिस र नाता कुटुम्बहरूलाई निम्तो दिएर भोज खुवाउने चलन छ । भोलीपल्ट श्राद्ध गरिन्छ र साँझमा फेरी भोज गर्दछन् । यसको भोलीपल्ट अन्तिम किरिया जसलाई “सम्पीण्डन” भन्ने कर्म गरिन्छ र यस दिन पनि रात्रीमा भोज गरिन्छ । यस मुत्यु संस्कारमा कर्ता पुत्र र पुत्रबधुले नुन खाँदैनन् । १२ दिनसम्म किरिया कर्म सकाएर १३ औं दिन माछामासु खाने गर्दछन् र सबै काम सकाएर १०-१२ दिनपछि वा १४ दिनमै सत्यनारयाण भगवानको पूजा गर्दछन् । यस संस्कारमा दुःख प्रकट गर्ने भएकोले भगवानका भजन र किर्तनहरु गाउने प्रचलन रहेको देखिन्छ ।

ऋतुका आधारमा :-

१. विरहा

बसन्त ऋतुको उत्तरार्ध र गृष्म ऋतुको आगमनसँगै गाइने यो गीत मुलतः विरहमा रहेकाहरुलाई ताकेर गाइने गरिन्छ । अब यो एउटा लयका रुपमा पनि परिचित छ । प्रसिद्ध विरहा गायक बालेश्वरको एउटा विरहा गीत यस्तो छ :

न मजा काशी में न मजा काबा में बडा मजा बरसानी में
तीन बजे आके जगइह पतरकी सुतल रहब खरिहानी मे
मंदिर में सुतेला पंडा पुजारी सोभे केवाँरी दुआरी में
मरदा मनइया सीमा पर सोभे मउगा मरद ससुरारी में

२. विरहिनी

विरहिनी गृष्म ऋतुमा गाइने लोकगीत हो यसको तान अलि लामो हुन्छ । महिला र पुरुष दुवैले गाउने परम्परा रहेको छ । तातेको भुइँमा पहिलो वर्षा भएपछि सामान्यतया यो गीत गाइन्छ । त्यसैले त्यस वर्षालाई विरहिनीया पानी पनि भनिन्छ :

ननदी झगरवा कइली पिया परदेश गइले

किया हो रामा भउजी रोएली छतियाफार नु रेकी ।

३. चतुर्मासा

यो वर्षा ऋतु र शरद ऋतुमा गाइने गीत हो । यसको परम्परा अब लुप्त प्राय: भएको छ ।

४. बरमासा

नामले बरमासा बाह्रैमास गाउने गीत जस्तो लाग्छ । तर यो गीत गृष्मको उत्तरार्धमा वर्षा सुरु भएपछि बढी गाउने गरिन्छ । यस गीतमा प्रेम र विरहको वर्णन बढी पाइन्छ :

बाव बहे पुरवइया हे ननदी, रिमिझिमी बरसले मेघ हे ।

सब के बलमुआ हो घरे घरे सुतल हमर बलमु परदेश हे ॥

बाव बहे पुरवइया हे ननदी, गोइठी में सुनुगले आग हे ।

जरिए से पिआ मोरा हुँकवा सवादले, जरी गइले कोमल करेज हे ॥

६. जाटजटिन

यो गीत वर्षा ऋतुको उत्तरार्ध र शरद ऋतुको पुर्वार्धमा नृत्य र अभिनयका साथमा गाइन्छ । भदौ र असोजमा गाइने यो गीत अब प्राय: लोप भएको अनुभव छ । परम्परागत रुपमा महिलाहरुको बीचमा गाइन्थ्यो । यस गीतमा प्राय: पतिपत्नीका बीच रहेको असन्तुष्टिको अभिव्यक्ति हुन्छ :

हँसुली जब जब मङनी रे जटवा हँसुली काहे ना लइले रे ?

मोरी बारी समइया रे जटवा विदेशवा काहे गमइले रे ?

हँसुली जब जब लेअइनी गे जटिनीया हँसुली काहे ना पेन्हले गे ?

तोहर बारी समइया गे जटिनीया हँसुली काहे ना पेन्हले गे ?

महिनाका आधारमा :-

१. चैता वा चैतावर

चैत महिनाको प्रारम्भसँगै रामनवमीसम्म र कतैकतै पुर्णिमासम्म चैता वा चैतावर गाइन्छ । यसमा रामायणका विभिन्न प्रसङ्गसँगै लोकजीवनका अनुराग र प्रेम प्रदर्शन पनि गरिन्छ । यो गीत दुई लयमा गाइन्छ :

बितले फगुनवा आहो चइता आयल हो चइता आयल हो रामा

देश गेल बलमुआ सेहो नहीं आवले हो रामा देश गेल बलमुआ

चइत मासे चुनरी रङाइदऽ बलमु हो जइबो नइहरवा

चुनरी रङाइदऽ चोलिया सिआइदऽ

अँचरा में घुँघुरा लगाइदऽ बलमु हो जइबो नइहरवा ॥ चइत मासे ॥

२. कजरी

साउनको मनोरम मौसममा कजरी गाउने प्रचलन छ । यो गीत महिलाहरुको बीचमा परम्परागत रुपमा गाइने प्रचलन छ । तर अहिले भजनकिर्तन मण्डलीमा पनि यो गीत खास गरी कृष्णचरित्रको वर्णन गर्दै गाइन्छ :

रिमझिम बरसे गोइयाँ गावेली कजरिया

मोर साँवरिया भीजे ना

खेते धनवा के केयरिया मोर साँवरिया भीजे ना

३. चकुचन्ना

भाद्र शुक्लपक्षको चतुर्थीलाई चकुचन्न भनिन्छ । यसका दुई पक्ष हुन्छन्, शिक्षक र विद्यार्थी बीच गणेश चतुर्थी मनाउने र महिलाहरुको बीचमा चकुचन्न व्रत गर्ने । गणेश चतुर्थीमा धेरै जसो गीत गाउने प्रचलन थियो । अब यो प्रथा करिब करिब अन्त भइसकेको छ :

बबुआ हो बबुआ सिताबलाल बबुआ
कोठी पर से ढुउआ उतार लावऽ हो बबुआ
बबुआ के माई बडा हई दानी
लइकन के देख देख भागेली चुहानी
घर में धोती टाङल बा
बाकस में रोपेया बान्हल बा
घर में धरबु त चोर ले जाई
गुरुजी के देबु त नाम हो जाई
बबुआ के आँख मुनिहऽ हो भाई
बिना कुछ लेले चलल ना जाई

४ .दोहा

कार्तिक महिनामा दिपावलीसम्म यो गीत गाइन्छ । तर अब यो गीत लोग भइसकेको छ । कृषि जनजीवनको चित्रण हुने यस गीतको हरेक पङक्तिको अन्तमा 'बाजन बोल' भन्ने गरिन्छ :

भइया रे कथिए के सोभले घाँटी गरदनवा कि कथिए के सोभले लटकनवा बाजन बोल
भइया रे गइया के सोभले घाँटी गरदनवा कि बछरु के सोभे लटकनवा बाजन बोल

५. छठगीत

कार्तिक र चैतमा छठ व्रतको तयारीमा एक महिना अगावैदेखि छठ गीत गाउन सुरु हुन्छ । खास गरी कार्तिक छठमा यस गीतको लोकप्रियता बढी रहेको छ । यस अवसरमा अनेक लयमा गीत गाउने परम्परा रहेको छ । सबैभन्दा लोकप्रिय रहेको यो छठ गीत :

ऊ जे केरवा जे फरेला घवदे से ओह पर सुगा मेडराय

ऊ जे सुगवा के मारबो धनुष से सुगा गिरे मुरछाय

ऊ जे सुगनी जे रोएली बियोग से हमरा केहु ना सहाय

ऊ जे उठ उठ सुगनी सबुर से दिनानाथ होइहेन सहाय

६. सामाचकवा

कार्तिकमा छठको समापनसँगै सामाचकवा पर्व सुरु हुन्छ । यो पर्व दाजुभाई दिदीबहिनीको प्रेमको प्रतिक हो । कृष्णकी छोरी श्यामा र उनको प्रेमी चारुवक्रको बीचमा प्रेममा लागेको ग्रहण श्यामाको भाइको तपस्याले अन्त भएको यसको पौराणिक प्रसङ्ग छ । यसै उपलक्ष्यमा यो पर्व मनाइन्छ । यस अवसरमा धेरै जसो गाइने यो गीत :

बृंदावन में आग लागल केहु ना मुझावे हो
असगर हमर भइया पैंडा धएले आवे हो

भइया हमर अपने से अगिआ मुझावे हो

७. होरी

खास गरी फागुनमा गाइने यस गीतलाई होरी, होली वा फगुआ भन्ने गरिन्छ । होरी अनेक लय र तालमा गाइन्छ । यो दुई पदी र चौपादी रुपमा बढी भेटिन्छ । मुलत : शृङ्गार रसमा मस्ती बहारको स्वागतमा यो गीत परम्परागत रुपमा गाउने गरिन्छ । तर यसको पौराणिक मान्यता होलिका दहनसँग छ । त्यसैले यस गीतमा अश्लील गालीहरुको पनि प्रचुरता छ । पौराणिक मान्यताका अनुसार होलीकालाई ती सबै गाली दिइएको मानिन्छ । यसको साथै होरीमा जीवनका अनेक पक्षहरुमाथि पनि विचार गरिएको पाइन्छ :

नकबेसर कागा ले भागा, सइयाँ अभागा न जागा

अँचरा में घुंघुरा लगादऽ सइयाँ हो फगुन मासे झमाझम बाजे ।

धन बा सेनुरिया के भाग कि पिआ मोरा चुरिया से लवटे ।

प्रहरको आधारमा :-

चौबीस घन्टाको रातदिनलाई आठ प्रहरमा बाँडिन्छ । सामान्यतया मगहीमा

भनिन्छ जेकर दिन तेकर रात अर्थात जसको दिन हो उसैको रात पनि । त्यसैले मिर्मिरेदेखि अर्को मिर्मिरे पुर्वको समयलाई एक दिन मान्ने परम्परा छ । यस आठ प्रहरमा दिनको मध्यान्ह र अपराहन तथा मध्यरात र त्यसपछिको पहिलो प्रहरसम्म एउटै खाले लोकगीतहरु गाउने परम्परा छ । त्यस्तै पुर्वाहन र पहिलो अबेर झमक्क साँझ पछिको समयमा एउटै खाले लोकगीतहरु गाइन्छ । बाँकी प्रहरहरुमा प्रहरबद्ध गीतहरु गाउनु उत्तम मानिन्छ । यस्तो पनि विश्वास गरिन्छ कि समयबद्ध रागको निर्माण पनि यसै समयबद्ध लोकगीतहरुबाट भएको हुनुपर्दछ ।

१. पराती

प्रहर रात बाँकी रहँदा पराती सुरु हुन्छ। यसको दुई उद्देश्य हुन्छ। सुतेकाहरुलाई समयको आभास गराउनु र बिउँझाएर नित्यकर्मतिर आकर्षित गर्नु । यसका धेरै लयहरु छन् । तर अहिले यसका तीन लयहरु बाँकी देखिन्छन् । यसो त यो कुनै पनि महिना र मौसमा गाउन सकिन्छ । तैपनि जाडो याममा एकाबिहानै घुर ताप्र यो गीत गाइएको पाइन्छ । हेरौं जाडो र गरिबीको व्यङ्ग्यात्मक चित्रण यस परातीमा :

तोरा डरे घेंकुरी लगइया हो जाड रजइया

तोरा डरे घेंकुरी लगइया ॥ तोरा ॥

गोड दने जाड समइले थरथर करेज कँपइया

नाक दुनु सुरुरुरु नाम दुनु सुरुरु

कान दुनु बँसिया बजइया हो जाड रजइया तोरा ०

चदरवाला के घुसोघासो फारत लाल रजइया

कमरवाला के टाडोटुडो

गुदरा के भिरिओ ना जइया हो जाड रजइया तोरा ०

२. झुमरा

झुमराको कुनै खास समय निर्धारित छैन । त्यसै गरी प्रहरभरि दिन उठदा् कुनै निश्चित गीत गाउने परम्परा पनि छैन । यसको यो कारण पनि हुन सक्छ कि यस समयमा दिनभरिको कामको तयारी गर्दै एकातिर मानिसहरु घरबाट निस्कन्छन् भने घरमा खाना पकाउने समय पनि यही हो । गाँउमा हुलमा निस्केका

महिलाहरु झुमरा गाउँदै अघि बढछन् । त्यसै गरी यो गीत खेतबाट काम गरेर फर्कने क्रममा पनि सुनिन्छ । त्यसैले यसलाई बटगबनी पनि भनिन्छ । अरु बेला पनि महिलाहरु बाटो हिँड्दा यो गीत गाउँछन् । फागु खेल्नेहरु पनि बाटो हिँडदा यो गीत गाउँछन् :

एक बिता कपडा हम गौशाला से मङवलो

से गौशाला से मङवलो पिअवा दरजी

चोलीया सिआदे लहरदार पिआव दरजी

चोलिया पहिरी हम चललो बजरिया

से चललो बजरिया पिअवा दरजी

लागेला नजरिया हजार पिअवा दरजी ।

३. खडा लय

यस धुनमा विभिन्न गीतहरु दिन वा रातको दोस्रो प्रहरमा गाएको सुनिन्छ । यस गीतमा लामो तानको आवश्यकता पर्छ । लोक जीवनदेखि आध्यात्मिक जीवनसम्मका विभिन्न विषयबस्तुलाई यी गीतहरुमा दर्शाइएको हुन्छ :

मरी गइलऽ रेलिया में कटिके हे रजऊ

मरी गइलऽ रेलिया में कटिके ।

पुरुब से आवे माल ही गडिया

पछिम से आवे पसिंजर

बीचे लयनिया मे ंपिआ मोरा ठाड रहलें

गडिया लडले हटि हटिके हो रजऊ मरी गइल ०

४. निर्गुन

मध्याहन र आधीरातको समयमा निर्गुन गाउने प्रचलन छ । यस गीतका पनि फरक फरक लय र गाउने तरिका छन् । यसमा लोकजीवनदेखि आध्यात्मिक जीवनसम्मको मसाला पाइन्छ । धेरै निर्गुनहरुमा शृङ्गारिक शब्दहरुलाई पनि बिरह रसमा गाइन्छ । जसमा हास्य-व्यङग्यको माध्यमले समाजका कमजोरीलाई

उजागर गरिन्छ। वैराग्यतिर पनि यसको उतिकै महत्व छ :

सुतल में रहली ए सखिया लाली तरे पलङिया

कब उठी भगले कब उठी भले बलमुआ छोडी हमे रे सेजिआ ।

५. पूर्वी

निर्गुनपछि पूर्वी गाउने प्रचलन छ। यसको लय निर्गुन भन्दा मिठासपुर्ण हुन्छ। तानको आवश्यकता यस गीतमा पनि पर्छ :

बाबा मोरा गइले उरुबीपुरुबिया सेहो अइले पोखरा खनाई हो राम

पोखरा के आँट पर लगइले दु बिरिछया एक महुआ के एक आम हो राम

६. सोहर

पूर्वीपछिको समय सोहरको हो । यो गीत जीवनका अनेक पक्षमाथि प्रकाश पार्दै शिशु जन्मेको खुसीमा पनि बधाई दिदैं गाउने प्रचलन छ । यसका पनि थरिथरिका लयहरु छन् :

जुग जुग जिअस ललनवा, भवनवा के भाग जागल हो

ललना लाल होइहें कुलवा के दीपक मनवाँ में आस जागल हो ॥

आजु के दिनवा सुदिनवा, कि रतिया लोभावन हो

ललना दिदया के होरिला जलमले होरिलवा बडा सुंदर हो ॥

७. समदाउन

यो बिदाई गीत हो । सोहरपछि गायनस्थलबाट बिदा गर्न, घरबाट चेलीको बिदाका बेला याो गीत गाइन्छ। यस गीतमा बिछोडको पीडाको साथै भविष्यको सुखमय जीवनको परिकल्पनाको सङ्केत पनि पाइन्छ।

राजा हिमाचल गृह गउरा जलमली शिव लले अङुडी धराय

बसहा बयल पर डोलिया फनवले बाघ छाल दिहलन ओढाय।

८. सन्भा

सुर्यास्तपछि शिशुहरुसँग मनोरञ्जन गर्न र तिनीहरुलाई फकाई-फकाई खुवाउनका लागि यो गीत गाउने प्रचलन छ । धेरैजसो आमा र हजुरआमा उमेरका महिलाहरुको जिब्रोमा यी गीतहरु भ्नुन्डिएका हुन्छन् ।

हो चंदा मामा आरे आवऽ पारेऽ आव नदिया किनारे आवऽ

सोने के कटोरिया में दुधभात लेले आव ऽ बबुआ के मुहवा में घुटुक ।

आवऽ हो उतरिआव हमरी मुडेल, कब से पुकारिले भइले बडी देर

भइले बडी देर हो बाबु का लागल भुख चंदा मामा ०

९. लोरी

सन्भा गाउँदै शिशुहरुले खाना खाइसकेपछि तिनीहरुलाई सुताउनका लागि लोरी गाइन्छ । लोरी सुन्दै बच्चाहरु त्यसकै धुनमा सुन्दर सपनाका साथ सुत्छन् :

बउआ हमर आवले मामाकहाँ से

आव हे निनिया बरगिनिया से

किनी लइबो मुङवा बेसाही लइबो मोतिया

बबुआ खेलिहन अपना दाई के गोदिया

घरवा भरल रही अन्धन से ॥ आब हे निनिया ।

पिछडावर्ग (OBC) समुदायमा प्रचलित उखान टुक्काहरु

जनपदीय जीवनको शाश्वत ज्ञानको आलोक उखान टुक्कामा सञ्चित रहेको हुन्छ । मगही, भोजपुरी, अवधी, मैथिली र बज्जिका लोक साहित्यमा ई उखान-टुक्काको एउटा अलग्गै स्थान छ ।

भाषाभाषीका क्षेत्रमा पर्याप्त मात्रामा उखान-टुक्काहरु प्रचलनमा रहेका छन् । ज्ञानको पर्खाइका लागि बुझौवल (गाउँखाने कथा) एवं छकौवल (लोककवित्त) को काव्यात्मक रचनहरु धेरैजसो नमुनाको रुपमा पाइन्छन् । यसद्वारा कुनै कथनमा तीब्रता र प्रभाव प्राप्त गर्दछ ।

वाणीलाई मधुर बनाउन, आलङ्कारिक बनाउन तथा घुमाउरो अर्थमा अभिव्यक्ति दिन प्रयोग गरिने उखान-टुक्काको धेरै महत्वपूर्ण स्थान हुन्छ । श्रोताहरुका मानसपटलमा यी उखानटुक्काले आफ्नो प्रभाव पार्दछन् । तराई मधेशका मधेशी समुदायमा उखान वा लोकोक्तिलाई 'कहावत' भन्ने गरिन्छ भन्ने टुक्कालाई 'तुक्का' भनिन्छ । उखानटुक्कामा एकदम कम शब्दहरुको प्रयोग हुन्छ अर्थात् गागरमा सागर भरिएको हुन्छ ।

उखानटुक्का मानव ज्ञानको सार हो । विभिन्न रूप र शैलीमा प्रचलित मगही उखानटुक्काले लोकजीवनमा अभिव्यक्तिको ओज बढाउने कार्य गरेको छ । लोकमानसलाई सर्वाधिक प्रभावित पार्ने उक्तिलाई नै उखानटुक्का भन्दछन् । यसमा नीति, ग्रामीण दर्शन पाइन्छ, यसका माध्यमबाट थोरै शब्दमा सूचना किसानले पाउने गर्दछन् । उखान टुक्कामा हास्य, व्यङ्ग्य, गाम्भीर्य, सन्देश, उपदेश, अनुभव र अनुभूतिको सार पाइन्छन् ।

प्रस्तुत छ प्रचलित उखान टुक्काहरु-

१. एक पूत के पूत न कही, एक आँख के के आँख न कही । (एउटा आँखालाई आँखा नभनौं, एउटा छोरालाई छोरा नभनौं)

२. काजर लगएला के मोल न हए, मटकएला मे मोल हए । (गाजल लगाउनाले केही हुँदैन, आँखा नचाउने कला पनि आउनुपर्छ)

३. जइसन देस ओइसन भेस । (जस्तो देस छ, त्यस्तै भेष धारण गर्नुपर्छ)

४. जेठ के दूपहरिआ, भादों के अन्हरिआ

पूसके भिनसरे, अभागा काम करे ।

(जेठ महिनाको मध्याह्नमा, भदौको अँध्यारोमा र पूसको

बिहानमा अभागी मान्छेले नै काम गर्छ ।

५. जइसन करनीओ ओइसन भरनी ।

(जस्तो कर्म गर्छौ, त्यस्तै नै फल आउँछौ)

६. नानी के धन, बेइमानी के धन, आ जजमानी के धन न रहे ।

(बजैको धन, बेइमानीको धन र यजमानको धनको सह हुँदैन)

७. अमुआँ झझोरै बहे पुरबइआ ।

तब गेशुँ मे पीअरी धइआ ।

(जब आँपको रूखलाई हल्लाउने गरी पूर्वी हावा चल्दछ

तव गहुँको फसल पहेँलो हुने रोगले ग्रसित हुन्छ)

८. साठी पाके साठ दिन जब बरखा होए रात दिन ।

(वर्षा भए पनि साठी दिनमा नै साठी धान पाक्दछ)

९. जेतने तपी ओतने बरसी ।

(जति घाम कडा हुन्छ ऊति पानी बढी पर्छ)

१०. लेना एक न देना दूँ ।

(एउटा लिएर दुइटा दिने काम राम्रो होइन)

११. न ऊधो से लेना, न माधो को देना ।

(न कसैसँग लिनु न कसैलाई दिनु)

१२. न तीन मेँ न तेरह मेँ ।

(कुनै पनि लप्पनछप्पनमा नपरेर तटस्थ बस्नु)

१३. जे रोगीआ के भावे से बइदा फरमावे ।

(रोगीलाई जे राम्रो लाग्दछ, त्यही दिनको लागि डाक्टर भन्दछ, अर्थात्-विनाश अवश्य हुन्छ ।

१४. जातो गमइली आ स्वादो न पइली ।

(कुनै महत्वाकाङ्क्षाको लोभमा आफ्नो स्तरभन्दा तल उत्रँदा पनि लाभ हुन सकेन ।

१५. कमाई न धमाई लाख टका उराई ।

(कमाइधमाइ केही छैन लाख रूपियाँ खर्च गर्छ)

१६. सामा के खेती अहीर मीत, कहिओ होखे हीत ।

(सामाको खेती र अहीरको मित्रताले कहिलेकाहीमात्र काम दिन्छ ।

१७. मुसहर के लरिका खाएला बिन टउआइस रहे, लोग कहलक, पीले हए ।

(मुसहरको छोरा भोकले भौँतारिरहेको थियो, मानिसहरु भन्दैथे यसले त रक्सी खाएको छ)

१८. अहीर बुझावे से मरद कहाबे ।

(मर्द त्यही हो, जसले अहीरलाई तथ्यज्ञान गराउन सक्छ)

१९. कायस्थ के कागजे सूझाइअ ।

(कायस्थले कागजबाहेक अरू केही देख्दैन)

२०. तनिका कलम घसके त कतनो गाँओ घसके ।

(जब पटवारीको कलम अलिकति चल्दछ, त जब कतिपय गाउँको हिसाब किताब भैहाल्छ)

२१. कायथ के लरिका पढल भला, न त मरला भला ।

(कायस्थको छोरा पढ्न सक्यो भने राम्रो, नत्र त वेकार भो)

२२. कुम्हारा के आवा पाख, दोसरा के राख ।

(कुमालेको आँवाबाट थुप्रै जीवको नाश हुन्छ अर्थात् पोलिएर खाक हुन्छ)

२३. कुरमी आओर कहार झुक झुक के कोदारी पार ।

(कुरमी र कहाँर जातिका मानिस निहुरिएर कोदालो चलाउँछन् र राम्ररी खेती गर्दछन्)

२४. उत्तम खेती मध्यम व्यपार सबसे निचा भिख निदान ।

(खेती सबभन्दा उत्तम हुन्छ, व्यापार मध्यम हुन्छ, नोकरी गर्नु निषिद्ध छ र

भीख माग्ने त सबभन्दा निकृष्ट काम हो)

२५. जेन देत सोना, से देत खेत के कोना ।

(सुनले जे दिदैन, त्यो खेतको एउटा कुनोले दिन्छ)

२६. कर खेती परदेस मैँ जाए, तेकर जनम अकारथ जाए ।

(जुन किसान खेती गरेर परदेश जाने गर्छ, त्यसको जन्म व्यर्थको हुन्छ)

२७. बाप-पूत मिल खेती करी, बाप के मरले भाइ के धरी ।

(बाउछोरा मिलेर खेती गर्नुपर्छ । यदि बाउको मृत्यु भएको छ भने भाइसँग मिलेर खेती गर्नुपर्छ)

२८. जे हर जोते खेत ओकर, न त होए जेकर तेकर ।

(खेती त्यसैको हो, जसले स्वयम् खेती गर्दछ, अन्यथा त्यो अरूके भैहाल्छ)

२९. आधा साधे कमर बाँधे ।

(सङ्कल्प गर्दा आधा काम भैहाल्छ)

३०. जे अँटकल, से लटकल ।

(जुन काम बीचमा अड्कन्छ, त्यो अड्केरै रहन्छ)

३१. न मिले कूदला से दान, न मिले मङ्गला से मान ।

(दौडधूप गर्नाले दान पाइँदैन र माग्दैमा मान पाइँदैन)

३२. विना रोएले मतारी दूध न पिआवे ।

(नरोएसम्म आमाले पनि बालकलाई आफ्नो दूध ख्याउँदिनन्)

३३. अन्हरा के जगले की आ सूतले की ।

(अन्धालाई सुत्नु र जाग्नु, दुबै एकैनास हुन्छ)

३४. अन्हरा के आगे रोए, अप्पन दीदा खोए ।

(अन्धाको अगाडि जो रुन्छ, त्यसले आफ्नो दृष्टि पनि गुमाउँदछ)

३५. घर फूटे आ गमार लूटे, गाउँ फूटे त जवार लूटे ।

(घरमा विवाद भयो भने मूर्खले पनि लुटछ, गाउँमा विवाद भयो भने

बाहिरकाले पनि लुट्छ)

३६. गोर ओतने पसारू, जेतना चादर होए ।

(आफ्नो ओढ्ने अनुसार खुट्टा तन्काउनु पर्छ)

३७. सय के लाठी एक के बोझ ।

(सय जनाको लठ्ठी एक जनालाई भारी)

३८. विना बोलओले मडवा गेल, पौँछ पाँछ के मिलल तेल ।

(विना निम्ताको कोही मण्डपमा गयो भने अपमानित हुनुपर्दछ)

३९. कम खाऊ आ गम खाऊ ।

(जसले थोरै खान्छ त्यो निरोग रहन्छ, जसले बुझेर काम गर्छ, उसको काम कहिल्यै बिग्रिन्न)

४०. जओले करव, बाबू-बाबू, तओले करब अपन काबू ।

(जवसम्म अरूको विन्तीभाउ गर्छौं, त्यति समयसम्ममा त आफ्नो काम स्वयम्गर्न सक्छौं)

४१. अप्पन हाथ जगरनाथ ।

(आफ्नो हात जगन्नाथ)

४२. वात मान फरीछ, चाहे लगे गुर आ मरीच ।

(कसैसँग पनि कुरो प्रष्ट गर्नुपर्छ, चाहे उसलाई राम्रो लागोस् या खराब लागोस्)

४३. राम गुन गावे से धक्का पावे, वात वनावे त टक्का पावे ।

(भगवान्को नाम लिँदैमा काम बन्दैन, कुरा मिलाउन सक्यो भने काम बन्छ)

४४. की बेटिआ के बेटी भेल की भइँस के पारा भेल ।

(छोरीले छोरी पाएर के भो, भैंसीले पाडो पाएर के भो ?)

४५. काम पिआरा होइअ चाम न ।

(कसैको पनि रूप होइन काम प्यारो हुन्छ)

४६. रोटी के फोटो देखला से भूख न मेटाई ।

(रोटीको फोटो देखाउँदैमा कसैको पनि भोक मेटिँदैन)

४७. जेही हाथ सेही साथ ।

(जे हातमा आउँछ त्यसलाई नै आफ्नो ठान्नुपर्छ)

४८. पास के पइसा कण्ठ के गुन, एकरा सब के अप्पन गुन ।

(आफूसँग भएको धन र विद्यालाई नै आफ्नो ठान्नुपर्छ)

४९. जओ के साथे धुन पिसाए ।

(खराबसँग सङ्गत गर्दा राम्रोको पनि बदनाम हुन्छ)

५०. परल राम कुकुरके पल्ला, खीच के ले गेल ओकरा खल्ला ।

(खरावसँग सङ्गत गर्दा राम्रो मानिस पनि खराब बन्छ)

५१. चाल चल सादा, निमहे बापदादा ।

(पुस्तौँपुस्ता काम लाग्ने बाटो अपनाउँनुपर्छ)

५२. बलबान के हर भूत जोतले ।

(बलियाको काम सजिलै सम्पन्न भैँहाल्छ)

५३. सभे दोख हरे बरिआई ।

(जोसँग तागत छ, उसको सबै दोष समाप्त भैहाल्छ)

५४. छुँछाके के पूछा ।

(जोसँग केही हुँदैन, त्यसलाई कसैले गन्दैन)

५५. जेकरा पास लोई, ओकरा सब कोई ।

(जोसँग धन हुन्छ, उसको पक्ष सबै लिन्छन्)

५६. जेकरा पास रूपइआ, ओकरा बाबू भइआ ।

(जोसँग धन हुन्छ, उसका हाकिमहरु पनि हुन्छन्)

५७. करजा देके झगडा लेव ।

(कर्जा दिएर झगरा किन्ने गरिन्छ)

५८. लात के देओता बात न सुने ।

(दण्ड पाउन योग्य व्यक्तिलाई सम्झाउँदा काम लाग्दैन)

५९. दूश्मन के ऊँचगर पीढा देल जाइअ ।

(शत्रु घरमा आयो भने उच्च स्थान दिनुपर्छ)

६०. अप्पन करनी पार उतरनी ।

(आफ्नो कर्मबाट मात्र भवसागर तर्न सकिन्छ)

६१. सय पापे बाघो न बाँचे ।

(सय पाप गर्ने बलवान् पनि मारिन्छ)

६२. जओले दइब न दया करिहेन, तओरे सीप मैं न मोती परिहेन ।

(जबसम्म भगवान्को कृपा हुँदैन, तबसम्म सीपमा पनि मोती बन्न सक्दैन)

६३. प्रभु के दू माया देख कहीं धूप कहीं छाया देख ।

(यो परमात्माको माया हो, कतै घाम कतै छाया)

६४. जाए वाला के के रोकी ।

(जानेलाई कसले रोक्न सक्छ)

६५. करमहीन नर खेती करे, पाला गिरे आ ओला परे ।

(अभागी मानिसले जब खेती गर्छ, तब असिना पर्छ)

६६. पहिले आत्मा तव परमात्मा ।

(मानिसले पहिले आफ्नो चिन्ता गर्दछ अनि मात्र भगवान्को)

६७. पाँच कओर भितर तब दओतापत्तिर ।

(पाच गाँस मुखमा हालेर आफ्नो रक्षा गरेपछि मात्र देवीदेउता र पितृको सम्झना आँउछ)

६८. तन निम्मन त मन निम्मन ।

(जव शरीर निरोगी रहन्छ तव मन पनि निरोगी हुन्छ)

६९. धरम करे पे होखे हानी, तब न छोर धरम के बानी ।

धर्मधारण गर्दा हानी हुन्छ भने पनि धर्म छाड्नु हुँदैन)

७०. राम विना दोख कओन हरी, वरखा विन सागर कओन भरी ।

भगवान्‌बाहेक कसले दुःख हर्छ, वर्षा नभएमा सागर कसरी भरिन्छ ?)

७१. गुरु गोसाई एक होखे ।

(गुरू र भगवान् एकै हुन्)

७२. भजन आ भोजन अकेले निम्मन ।

(भजन र भोजन एकान्तमा नै गर्नुपर्दछ)

७३. आई तोहर माई खरजिउतिआ कएले रहओ ।

(आज तिम्री आमाले महान् सङ्कटबाट बचाइन्)

७४. इ लरिका न हए, लरिका के दोम हए ।

(यो केटा कुनै कामको छैन)

७५. जे धावे से ही पावे ।

जसले मेहनत गर्छ, फल पनि त्यसैले पाउँछ)

७६. अपने हारे बहु के मारे ।

(आफैँ स्वयं हार्छ र पत्नीलाई दोष लगाउँछ)

७७. आदमी न हए, वागर हए ।

(उ मानिस होइन, जङ्गली हो)

७८. आन्हर कुत्ता बतासे भूका ।

(अन्धो कुकुर हावाको तालमा भुक्छ)

७९. अघाएल बगुला के पोठिआ तीत ।

(पेट भरेको बकुल्लाको लागि पोठिआ माछा तीतो लाग्छ)

८०. अन्हरी गइआ के राम रखबइआ ।

(असहायलाई भगवान्‌ले स्वयं रक्षा गर्छन्)

८१. गाई-भैंस तोरा घरे, मही मथाए हमरा घरे ।

(गाई र भैंसी तिमीसँग छ र मही मेरो घरमा मथिन्छ ?)

८२. छेड्का पडल केकरो उतान लेकिन लबरो ।

(टीकाटालो कसैको र खुसी अरू कोही भयो)

८३. जेतना मुँह ओतना बात ।

जति मुख छ कुरो त्यतिकै हुन्छ)

८४. देह पर झूले लत्ता रोज खाए पान के पत्ता ।

(स्वप्रशंसा गर्नेको आलोचना)

८५. जेकरा चुन ओकरे पून ।

(जसको अन्न हुन्छ, उसैको पुन्य हुन्छ)

८६. नदी के धार आ हाकिम के मन, केहू न जाने ।

(नदीको बहाव र हाकिमको मन कहिले कता बग्छ, यो कसैलाई थाहा हुँदैन)

गाउँखाने कथा

वैदिक कालदेखि नै समाज र बस्तीहरुमा पुस्तान्तरण हुँदै आएको गाउँखाने कथालाई भोजपुरीमा पहेलिया/बुझौवल भनिन्छ। वाक्यस्तरको संरचनादेखि दुईचार पङ्तिसम्मको कवितात्मक शैलमिा प्रचलित गाउँखाने कथाहरु लोकजीवनमा बौद्धिक र मानसिक कसरत तथा मनोरञ्जनको रूपमा प्रयोग गरिन्छन्। बालकदेखि वृद्धसम्म सबै वर्ग, पेसा तथा समुदायमा गाउँखाने कथाहरु उत्तिकै अभिरूचिका साथ प्रयोग गरिन्छन्।

प्रस्तुत छ भोजपुरीमा प्रचलित केही गाउँखाने कथा :

१. तनिका गो बाछी तरप गेल गाछी। - लोखर्के।

२. लाल घोडा खर खाए, पानी पीए मर जाए। - आगो।

३. काठ मे गाई, माटी के बच्चा

खरा हए गाए, पीअइअ बच्चा। - ताडी झिकेको।

४. आधा गेल त दुःख भेल

सउसे गेल त सुख भेल। - चुरा लगाएको।

५. कोठी पर कँगना, झलक मारे अँगना। - टुकी बालेको।

६. करिआ गाए, पानी मे जाए, खेत मैँ रहे फसल न खाए। - डुङ्गा

७. तनीगो छउरी के लाल घँघरी, तनिका टोङ्गल त लागल जहरी। - खुर्सानी।

८. चार चिरइआ चार जङ्ग चारो बदरङ्ग।

पिञ्जरा मैँ डाल देलक चारो एकेरङ्ग। - पान।

९. राजा के बेटी आ सोना के चोटी।

राते बन्हाबे दिने खोलावे। - सिक्री

१०. बिना जीभ के कहे कहानी।

अँइठ कान त बोले बानी। - रेडिओ।

११. लाल रङ्ग चमकीला, जिए त पीला,

मरे त काला, वाह रे हम्मर साला। -आगो

१२. करिआ घोडा, लाल लगाम।

ओह पर बइठल, गद्गद् राम। -रोटी।

१३. बात-बात मैँ रगरा भेल

बिना बाप के बेटा भेल। -बादल गर्जेर पानी परेको।

१४. उहो भइआ कखनी।

माई न रहे तखनी। - कुश।

१५. कटोरा पर कटोरा बेटा बाप से भी गोरा। - नरिवल

१६. रोटी एक लगावे चक्कर।

ऊपर रखलक माला॥

डाइन मुन मुन करइत रहे।

रोटी के मुँह काला॥ - ग्रामोफोन

१७. एगो अचरज हमूह देखली।

मुरदा रोटी खाए॥

बिना पीटले न ऊ बोले।

पीटे त चिल्लाए ॥ - ढोलक

१८. देह देखे मैं झझरी लागल ।

माथा पर चादर ओढले ॥

पेट हमेसा खाली रहे ।

रोज आदमी खाले ॥ - झूल

१९. परल लाठी उठाएत के । साँप

२०. बीसों का सिर काट लिया ।

न मरा कोई न खून किया ॥ - नङ काटेको

२१. चारौं गाही चार तर, पत्ता गिए एकतर । (दूध दुहेको

२२. बन मैं हँसुआ टाँगल हए । - इमली

२३. करिआ कम्मर उज्जर सूत ।

जे न बुझे से बनार के पूत । - भैंसीको दूध

२४. एगो परी खेत मैं उतर, हरिअर घुंघटा ताने ।

देह मढल सोना हए ओकरा सब केऊ ओकरा जाने । - सर्स्युको बोट

२५. फरे न फुलाए, ढकिय ढकिय बिकाए । - नून

२६. बन मैं भइँस नाथल हए । - सियोधागो

२७. एक्के बिआने गइआ बूढा । - केराको बोट

२८. पानी मैं हए एगो पेटरी ।

ओइसे लउके सात अँटारी ॥ - आइमाई

२९. असमानके चीरे करेजा ।

कनखी लेखा चलावे ।

जे हए समझदार ऊ जल्दी ।

एक्कर नाओ बातवे । - आकासको बिजुली

३०. तनिका गो डिबिआ मैं बास ।

तनी रगर द करे प्रकास - सलाई

३१. एक चिरइआ ऐसी, खूँटा पर बैठी

घोङघे-घोङ्घे चाउर चोराबे ऊ चिरइआ कैसी । - जाँतो

३२. एक चिरइआ अट, तेकर पाँख दुन्नू पट ।

तेकर खलरा ओदार, ओक्कर मास मजेदार ॥ - ऊखु

३३.गाछ धरिङगा(लम्बा) फल चोकरा जे न बुझे तेकर बाप बोकरा ?

उत्तर : सिसो (सिसौ)

मुहाबरा

मुहाबर कुनै भाषा वा बोलीमा, व्यवहारमा आउने वाक्यांश हो, जसले आफ्नो उपस्थितिले सम्पूर्ण वाक्यलाई सबल, रोचक र फुर्तिलो बनाउँछ । पर्सागढी नगरपालिका हरपुर पर्सामा प्रचलित केही मुहाबराहरु यस किसिमका छन् :

१. अगिआ लगउनी । = झगडा गराउन सिपालु ।

२. चढल जुआनी । = यौवनले उन्मत ।

३. टँगरी गरइत हओ । = ईर्ष्याको भाव आउनु ।

४. बइठल खाए । = काम नगरी खाने, निकम्मा ।

५. गेठरी बन्हले । = अठोट गर्नु, कम्मर कस्नु ।

६.करम लिखत हए । = भाग्यमा लेखेको छ ।

७. बज्जर परतई । = बज्र खस्नु, दैव लाग्नु ।

८. बजर खसएवो । = बज्र खसाउनु, दैव लगाउनु ।

९. मुँह देखी पनचाइत । = पक्षपात गर्नु ।

१०. मुँह देखउनी । = नयाँ दुलहीको मुख हेरेर रुपियाँ दिनु ।

११. जस के मोटरी । = यश प्राप्त गर्नु ।

१२. जुआनी न मानइअ । = भोगको उत्ताउलोपन ।

१३. नेत बिगरनाई । = नियत खराब हुनु ।

१४. मुँह बनाई । = मुख बिगारेर जिस्काउनु ।

१५. थूक चटनाई । = किरिया खानु ।

१६. नीच उँच देख के चला । = कुबाटोबाट बचेर हिँड्नु ।

१७. नीच उँच कैँ गोर न परे । = अनैतिक काममा नपर्नु ।

१८. भैँटी ठिकनाई । = अन्दाज लगाउनु ।

१९. आन्हर होनाई । = केही पनि नदेख्नु ।

२०. बगुला धेआन । = एकाग्र चित्त हुनु ।

२१. सुरदास होनाई । = अन्धो हुनु ।

२२. माटी उठनाई ।   = मृत्यु हुनु ।

२३. अण्डा सेवे केहू आ बच्चा लेवे केहू ।

(काम गर्ने कालु, मकै खाने भालु)

२४. अकेला चना भाँड ना फोरे ।

(एक्लो बृहस्पति झुटो)

२५. अघोजल गगरी छलकत जाय, भरल गगरिया चुपे जाय ।

(छोटो बढ्यो भने निक्कै फुर्ती बढाउँछ, उर्लंदो खहरे हेर कत्तिको गडगडाउँछ ।

२६. ओतने पसरी, जेतना मैं संसरी ।

(घाँटी हेरी हाड निल्नु)

२७. अनकर धन पर मिरजा खेले होरी ।

(लुटको धन फुपुको श्राद्ध)

२८. अभागा गइल ससुराल, त भेटल मठ्ठा भात ।

(घरै पिँडालु वनै पिडाँलु, ससुराली जाँदा बाह्र हातको पिडाँलु)

२९. अनकर भतार पर तिन टिकुला ।

(मामाको घोडी मेरो हीँ हीँ)

३०. आँख हइले ना चस्मा चाहीँ ।

(दौरा न सौराको खल्ती)

३१. आगी ना काठी घेघ में लाठी ।

(खानु न पिउनु पुर्पुरोमा चिनु)

३२. आज के बिटिया, माइराम नाव ।

(बाबुभन्दा छोरो जान्ने, खुकुरीभन्दा कर्द हुन्न)

३३. आपन हारल आ बोहुअक मारल ना केह के ।

(आफ्नो आङ कन्याएर आफ्नै छारो उडाउनु)

३४. ई नदी के इहे व्यवहार खोलदा भगवा हो जा पार ।

(जस्तो देउता त्यस्तै पूजा । जस्तालाई त्यस्तै ढिँडोलाई निस्तै)

३५. ऊँटके मुह में जिरा ।

(ब्युक चाटेर तिर्खा मेटिँदैन)

३६. घर-घर देखा एके लेखा ।

(जुन जोगी आए पनि कानै चिरिएका

वा सबै एकै ड्याङका मुला)

३७. उल्टा चोर कोतवाले के डाँटे ।

(जो चोर उसैको ठूलो स्वर)

३८. उँट दहायल जाय, गदहा पुछे केतना पानी ।

(कस्ता कस्ता कहाँ गए, झुसिल्किरा दरबार)

३९. एक आना के मुरगी नौ आना के मसला ।

(नानी भन्दा आची ठूलो)

४०. एक चुट्की सतुवा भर गाँव नेपता ।

(अछेता थोरै देउता धेरै)

४१. एक हाथे ताली ना बाजे ।

(एक हातले ताली बज्दैन)

४२. एक लाख पुत, साबा लाख नाति, ओकरे घरदिया ना बाती ।

(बाह्र छोरा तेह्र नाती बुढाको धोक्रो काँधैमाथि)

४३. औकात से बात भारी ।

(धाकभन्दा धक्कु ठुलो, हिड्न लाग्यो खुट्टा लुलो)

४४. कउआ करे काँव-काँव, धनवा सुखे सभे ठाँव ।

(काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ)

४५. कइली धइली हीरा, माड पसाबे जीरा ।

(लङ्का जित्ने हनुमान, जस पाउने ढेडु)

४६. कभी गाडी पर नाव, कभी नाव पर गाडी ।

(कहिले सासूको पालो, कहिले बुहारीको)

४७. कमाइ ना धमाइ चाभे के मलाई ।

(अल्छी तिघ्रो स्वादे जिभ्रो)

४८. सकल पदारथ एही जग माहीँ, करमहिन नर पावत नाहीँ ।

(बाह्र वर्षमो पोइ आयो म राँडलाई ज्वरो आयो)

४९. का कहीँ करम के बात, मुर्गा कुद के मारे लात ।

(ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ)

५०. केकर केकर धरी नाँव, कमरी ओढले सँवसे गाँव ।

(सबै एक ड्याङ्का मुला)

५१. कोख माँगे गइली माँगे, गँवाके अइली ।

(चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी)

५२. केरा कटले पर फरेलो ।

(अगुल्टो नठोसीकन बल्दैन)

५३. खाएके फुटहा, मारेके कनखी ।

(हर्रो नपाउँदो जाइफल धाउँदो)

५४. खेल बेल दाइ के, नाम भोउजाइ के ।

(खाने पिउने रामे, चोट पाउने चामे)

५५. गवाह चुस्त, मुद्दई सुस्त ।

(ताप्के नताती बिँड मात्रै तातेर क्यै हुँदैन)

५६. जहाँ गाछ ना बिरिछ, ताहा रेंड परधान ।

(अन्धो देशमा कानो राजा)

५७. गाँव के गुनिया, धुनिया बराबर ।

(नजिकको तीर्थ हेलाँ)

५८. गुदरी पर लाल बखिया ।

(भाङ्ग्राको टोपीलाई गुहेलीको फुल)

५९. गुरु गुँड चेला चिनी ।

(बाबुभन्दा छोरो जान्ने, खुकुरी भन्दा कर्द हान्ने)

६०. घटला घर में नुन कलेवा ।

(अडको पड्को तेलको धूप)

६१. घर में खर्चिना बाहर ढेकार ।

(धाक भन्दा धक्कु ठुलो हिड्न लाग्यो खुट्टा लुलो)

६२. चमार के सरापले गाय ना मरे ।

(झिँगाको सरापले डिंगा मर्दैन)

६३. चाम के चमवटा, कुकुर रखबार ?

(कुकुरलाई मासु पैँचो)

६४. चिरइके जान जाय लडका के खेलवना ।

(कसैको नासो कसैको हाँसो)

६५. चोर के अन्हरिया भावे ।

(सुँगुरलाई रछ्यान प्यारो)

६६. छोट मुँह बडी बात ।

(पाउ मुखको धार्नी कुरा)

६७. जा के पाँउ न फटे बेमाय सो क्या जाने पिर पराई ।

(अचानोको पिर खुकुरीले जान्दैन)

६८. ढरे जोगी मठ के उजार ।

(नराम्रो जोगीले मन्दिर विगार्छ)

६९. ढोवे के टोकरी गावे के गीत ।

(लक्कुबिनाको धक्कु, मसला बिनाको पक्कु)

७०. तिन में ना तेह्रे में ।

(वल्लो घाट न पल्लो तीर)

७१. थोरके धन में खल बौराय ।

(नपाउनेले केरा पायो बोक्रै समेत खायो)

७२. अगरासन काढब – पर्व तिहारमा देवताको अंश निकाल्नु ।

७३. अतहतह करब – अति गर्नु ।

७४. अरदसिया – प्रार्थना गर्नु

७५. अरमेरा करब – फुर्सदमा कुनै काम गरी मन हलाउनु ।

७६. उक्खी विक्खी होव – व्याकुल हुनु ।

७७. उतान होके चलब – घमण्डले हिड्नु ।

७८. उलट के धारा बान्हब – कुरा पलट्नु ।

७९. उसकुन काढव – जिस्काउनु ।

८०. एक से दु करब – दाल बनाउनु ।

८१. ओरखन देब – उलाहना दिनु ।

८२. औरी बौरी करब – काम विगार्नु ।

८३. कट्टीस करब – मित्रता तोड्नु ।

८४. कठ दलेली करब – कुरा काट्नु ।

८५. करहा घुरायब – कराहीमा पानी चलाउनु ।

८६. करेजा खिखोरब – हृदय घचेट्नु ।

८७. करेजा पर कोदा दर्रब – हृदय दुखाउनु ।

८८. करेजा पर दाल दर्रब – हृदय दुखाउनु ।

८९. करेजा फक फक करब – कमजोरी अनुभव गर्नु ।

९०. करेजा मसकब – कष्ट हुनु ।

९१. करेजा हकर हकर करब – कमजोरी अनुभव गर्नु ।

९२. कान न देब — ध्यान नदिनु ।
९३. कुत्ता काटब — मुर्खाइ गर्नु ।
९४. कोठी मे मुडी छिपायब — मुँहचोर बन्नु ।
९५. कौआ काँठी करब — तंग गर्नु
९६. खटवास पटवास लेब — रीसले निष्कृय हुनु ।
९७. खिस्सा झरव — समाप्त हुनु ।
९८. खोपसन देब — उलाहना दिनु ।
९९. गंगन होब — दुर्लभ हुनु ।
१००. गंजोटा होब — तथष्ट हुनु ।
१०१. गाल से देबाल जीतब — कुरा गरेर सफल हुनु ।
१०२. गाहे बिगाबे आयब — कहीलेकाँही आउनु ।
१०३. गीता उठायत — गीत सुरु गर्नु ।
१०४. गोड धो के पियब — बहुत आदर गर्नु
१०५. घमलौर लगायत — भीडमा धक्का गर्नु ।
१०६.घोघना फुलायब — आनाकानी गर्नु ।
१०७. चन्दर लागब — विष्मृत हुनु ।
१०८. चौका चनन करब — सफाइ गर्नु ।
१०९. चौका पुरब — केटाकेटीले दिशा गर्नु ।
११०. चौरहा देब — खेत ठेक्कामा दिनु ।
१११. छः पांच मे पडब — दुविधामा पर्नु ।
११२.छान पगहा तोडब — बंधन तोड्नलाई छटपटाउनु ।
११३. जमात के करामत होब — संगठनमा शक्ति हुन्छ ।
११४. जट्टा काटब — वशमा गर्नु
११५. झबसी लागब — निरन्तर बर्षा हुनु ।

११६. भिक्का तोरी करब	–	झगडा गर्नु ।
११७. टर्री होब	–	जिद्द गर्नु ।
११८. झींका देब	–	चक्कीमा पिस्नका लागि अनाज दिनु ।
११९. टाट बैठब	–	बेरादरीको पंचायत गर्नु ।
१२०. टाट लगायत	–	रोक्नु ।
१२१. टुकुर टुकुर तालब	–	मुख हेर्नु ।
१२२. टुभुर टुभुर बोलब	–	बोल्दै गर्नु ।
१२३. ठनगन करब	–	काममा ढिला सुस्ती गर्नु ।
१२४. ठौर लागब	–	व्यवस्थित गर्नु ।
१२५. ढीढा फुलब	–	गर्भवती हुनु ।
१२६. तरिझार करब	–	पुरै समाप्त गर्नु ।
१२७. तिक्खिड विक्खिड होब	–	छिन्न भिन्न हुनु ।
१२८. थेथर दलेली करब	–	हठपूर्वक बहस गर्नु ।
१२९. दाँत निपोरब	–	खुसामद गर्नु ।
१३०. दीदा काढब	–	आँख गाड्नु ।
१३१. दीदा के पानी ढरकब	–	शील स्वभाव हराउनु ।
१३२. नजर तुलायब	–	नजर टिकाउनु ।
१३३. न्योती चरब	–	पहिलाको चिज उपभोग गर्नु ।
१३४. निमक के सरियत करब	–	कृतज्ञ बन्नु ।
१३५. नुखुस निकालब	–	दुर्गुन निकाल्नु ।
१३६. नुन तेल लगायब	–	ठूलो बनाएर भन्नु ।
१३७. नाडी छोडब	–	मृत्यु हुनु ।
१३८. नानी मरब	–	कामबाट भाग्नु ।
१३९.पंढार करब	–	अर्घ्य चढाउनु ।

१४०. पेट डेंगायब	–	मुख बार्रनु ।
१४१. फाटफुट होब	–	बँटबारा हुनु ।
१४२. फीफीहा होब	–	छटपटाउनु ।
१४३. फुल झरब	–	गद्गद् हुनु ।
१४४. फुल के बारा बनब	–	दंग पर्नु ।
१४५. बस मे लेढा लगायब	–	बंसलाई बद्नाम गर्नु ।
१४६. बनर घुडकी देखायव	–	डेराउनु ।
१४७. बह भर देब	–	तृप्त गर्नु ।
१४८. बाले बाल उठा लेब	–	एउटा एउटा उठाउनु ।
१४९. बिक्ख होब	–	राम्रो चिजबाट हानी हुनु ।
१८०. बिद्दत होब	–	अपमान हुनु ।
१८१. बुत्ता देब	–	धोखा दिनु ।
१८२. बोकनारी के काम करब	–	नीच कर्म गर्नु ।
१८३. बोहनी बट्टा होब	–	बिक्री सुरु हुनु ।
१८४. भाग्य चरचरायव	–	अकस्मात भाग्य खुल्नु ।
१८५. मटकी मारब	–	आँखले संकेत गर्नु ।
१८६. मध झरब	–	राम्रो कुरा गर्नु ।
१८७. माथा पर पगडी बान्हब	–	मालिक बन्नु ।
१८८. मिठा माहुर होब	–	राम्रो चिज खराव बन्नु ।
१८९. मँहु ताकब	–	आस गर्नु ।
१९०. मँहु मे लेवा लगायब	–	भोकै चुप भएर बस्नु ।
१९१. मोती झरब	–	राम्रो कुरा गर्नु ।
१९२. रँडघौंच करब	–	निच काम गर्नु ।
१९३. रट के सट जायब	–	धेरै खुसामत गर्नु ।

१९४. रस्सी छुअब	–	साँप काट्नु ।
१९५. राडी बेटबारी करब	–	लोग्ने र छोरालाई गाली दिनु ।
१९६.रुसल कोहागल होब	–	क्षुब्ध हुनु ।
१९७. रेका -तोकी करब	–	छि-छि दुर-दुर गर्नु ।
१९८. लंगट छाव लगायत	–	नीचता देखाउनु ।
१९९.लंगट बौकारी करब	–	बदमासी गर्नु ।
२००. लहालोट होब	–	मुग्ध हुनु ।
२०१. लाग - फांस होब	–	असमाजिक प्रेम गर्नु ।
२०२. लार पोआर होब	–	असक्त हुनु ।
२०३. लाल बनल रहब	–	श्रेष्ठ बन्नु ।
२०४. लावा फरही होब	–	छटपटाउनु ।
२०५. लावा धक्का न राख	–	सम्बन्ध नराख्नु ।
२०६. लास फुस न रखब	–	सम्बन्ध नराख्नु ।
२०७. लुसफुसायल चलब	–	ललचाउनु ।
२०८. लू लू. छू छू, होब	–	अतृप्त हुनु ।
२०९. संझौता देखायब	–	साँझमा दिप प्रजलन गर्नु ।
२१०. संस बरक्कत न मिलब	–	तरक्की नहुनु ।
२११. समाग मे घुन लागब	–	निकम्मा हुनु ।
२१२. साझ बिहान करब	–	कुराको ठेकान नहुनु ।
२१३. हाड मे हल्दी लागब	–	सगाइ हुनु ।
२१४. हाथ सकडिआयब	–	रुपैया पैसाको कमी नहुनु ।
२१५. हीक भरब	–	मन गण्य हुनु ।
२१६. हुक्का पानी बन्द करब	–	आवत जावत बन्द गर्नु ।
२१७. हेठार में पडब	–	निर्जन ठाउँमा हुनु ।

कहउतिया

परम्परा देखि चलिआएको वाक्य स्तरमा प्रयोग हुने सूत्रात्मक कथनलाई कहउतिया भनिन्छ। कहउतियाको सम्बन्ध कुनै घटना, कथा वा मानवीय अनुभवले भएको कारण यो सांकेतिक रुपमा प्रकट हुन्छ। यसलाई लोकोक्ति पनि भनिन्छ। वाक्यमा प्रयोग हुने कहउतिया कुनै पूर्ण वा कुनै अपूर्ण वाक्यको रुपमा हुन्छ।

केही कहउतिया र त्यसको अर्थ

१. अंधरा के आगे रावे, अप्पन दीदा खोबे।

समझदारी नभएको मान्छेलाई आफ्नो दुःख सुनाउनु हुँदैन।

२. अहार ला अदमी पहाड चढे हे।

जीविकाको लागि मान्छे पहाडमा चढ्छ।

३. असकताहा गिरलन कइयाँ मे, कहलन हिएँ भल हे।

अल्छी मान्छे विपरित परिस्थितिमा पनि सुधारको प्रयास गर्दैन।

४. अदरा गेल तीन गेलन, सन, साठी कपास।

अदरा नक्षत्रमा वर्षा नहुँदा तीन ओटा फसल (कपास, साठी धान, सन) नष्ट हुन्छ।

५. आप रुप भोजन, पराये रुप सिंगार।

भोजन र सृंगार आफ्नो रुचि अनुसार गर्नुपर्छ।

६. आगे चलऽ, तो राह बताबऽ।

अगाडि हिडेपछि बाटो बताउनु पर्छ।

७. आझै बनिया, कलहे सेठ।

परिश्रम विना सफलता पाउने इच्छा राख्नु व्यर्थ हो।

८. उ बडी गरल गरइ हे।

ऊ धेरै धनी मानिस हो।

९. उँच बडेरी, खोखर बाँस।

भीतर खाली बाहिरी आडम्बर देखाउनु ।

१०. एक बनिया से कहुँ बजार बसे हे ।

एक व्यक्तिले संगठन गर्न सक्दैन ।

११. एगो हेर्रे समुचे गाँव खोखी ।

सामान थोरै लिने मान्छे बढी ।

१२. कदुवा पर सितुखा चोखा ।

दुर्बललाई सबैले हेप्छ ।

१३. कान आँख मे काजर ।

कुरुप मान्छेलाई सिंगारले पनि शोभा दिँदैन ।

१४. कैल के रुपैया गेल है, साँवर के रुपैया धैल है ।

सेतो पशुको पैसा डुब्न सक्छ तर साबरको डुब्दैन ।

१५. कौडी कौडी साव बटोरे, राम बटोरे कुप्पा ।

बनियाँले एक एक पैसा जम्मा गर्छ तर भाग्यले एकैचोटीमा समाप्त पार्छ ।

१६. खाये ला कुछ न अउ नेहाय के तड्के ।

अगाडिको कुरा ध्यान नराखी कदम बढाउनु ।

१७. खेत खाय गदहा मार खाय जोलहा ।

अपराध कसैले गर्छ तर सजाय अर्कैले पाउँछ ।

१८. गोदी मे लइका, नगर मे ढिढोरा ।

सामनेको चिज माथि नजर नपर्नुले हैरानी हुनु ।

१९. घरके मुरगी दाल बरोबर ।

आफ्नो चिजको महत्व कम हुन्छ ।

२०. घर घोडा न, खास मोल ।

अकारण मोल मोलाई गर्नु ।

२१. चले न जाक्के अँगनमे टेढ ।

आफ्नो गल्तीमा ध्यान नदिई अरुको गल्ती देख्नु ।

२२. चट मरबा पट विआह।

झटपट काम गर्नु ।

२३. चोरी आ अपर सीना जोरी ।

गल्ती गरेर रोव रवाफ देखाउनु ।

२४. छुछुन्दर के सिर में चमेली के तेल,

कुपात्रको हातमा राम्रो चिजले शोभा पाउँदैन ।

२५. जादे जोगी, मठ उजार ।

सीमा नाघेर काम गर्नु हुँदैन ।

२६. जादे जोगी, मठ उजार ।

आवश्यकता भन्दा बढी मान्छे हुँदा काम बिग्रन्छ ।

२७. जेने सुरुज उगे हे, तेन्ही आदमी गोड लगे हे ।

ठूलो मान्छेलाई सबैले आदर गर्छ ।

२८. जोडे राइ रत्ती तब होबे सम्पत्ति ।

तिल तिल जम्मा गरेर सम्पत्ति जुटाउनु ।

२९. तीन कोस पर पानी बदले, सात कोस पर बानी ।

पानी र बोलीको रुप एक ठाउँबाट अर्को ठाउँमा बदलिन्छ ।

३०. थकल पैराकू फेन चाहे हे ।

थकित भएको मान्छे सानो चिजको सहारा लिन चाहन्छ ।

३१. दरबे मे सरबे बसल ।

धनले सबैथोक गर्न सक्छ ।

३२. दुधारु गाय के दु लातो भल ।

सहयोगी मान्छेको बोली सबैले सहन्छ ।

३३. धान दुद्धा, रब्बी बुड्ढा ।

धानको फसल केही काँचो काट्नु पर्छ तर तेलहन र दलहन बाली राम्रोसँग पाकेपछि काट्नु पर्छ ।

३४. नाधा तो आधा ।

काम सुरु भएपछि आधी भएको बुझ्नु पर्छ ।

३५. पेट करे कुहुर कुहुर जुडा करे महमह ।

महत्वहीन चीजको बढी खर्च गर्नु ।

३६. पेट करे कुहुर, कुहुर जुडा करे महमह ।

भित्र भोकै भएर बाहिर आडम्बर देखाउनु ।

३७. बनमा मे बाघ छिपे हे ।

जस्तो चिज त्यस्तै आवरण चाहिन्छ ।

३८. बिना रोले लडको के न दुध मिले ।

चुपचाप बसेपछि केही पाइँदैन ।

३९. बिना न्योता बीज्जे ।

नभनीकन कुनै काममा लाग्नु ।

४०. बैठल से बेगारी भल ।

चुपचाप बस्नु भन्दा केही गरेको राम्रो ।

४१. मुर लौटे बनिया नाचे ।

मुलधन हातमा आएपछि बनीयाँ खुसी हुन्छ ।

४२. घोषन्त बिद्या लपटन्त सरो ।

विद्या र बल अभ्यास गर्नाले बढ्छ ।

४३. रहे बाँस न बाजे बँसुरी ।

झंझटको जरो समाप्त गर्नु ।

४४. रट के खाये बैलवा, बैठ के खाये तुरंगवा ।

सज्जन कमाएर खान्छ, धुर्त बसेर खान्छ ।

४५. सदा देवाली सन्त घर, जो गुर गेहुम होय ।

समृद्धि भएपछि सधैँ उत्सव हुन्छ ।

४६. सहर सिखावे कोतवाली ।

अनुभवबाट ज्ञान सिकिन्छ ।

४७. साठा तब पाठा ।

पुरुष साठी वर्षमा पुष्ट हुन्छ ।

४८. सुआ न सुतारी ठेंगा के व्यापारी ।

माल विनाको व्यापारी ।

४९. हाथ अछत मोछ टेढ ।

अल्छीको काम विग्रन्छ ।

हसत त जनकपुर के लोग हो हो लइका हई राम धनुष कइसे तोरीहे
राजा हो जनकजी कठिन जग ठाने, दुअरेपर धनुषा रखाए – २

१०. रामचन्द्र जीके लगन भयो राजा दशरथ सजे बरियात - २
कय लाख हाथी, कय हो लाख घोडा, कि कय लाख सजे बरियात
रामचन्द्र जीके लगन भयो राजा दशरथ सजे बरियात - २

एक लाख हाथी, सवा हो लाख घोडा, नब्बे लाख साजे बरियात,
रामचन्द्र जीके लगन भयो राजा दशरथ सजे बरियात - २

जब-जब बराती अबधपुर से निकले हो धरती के धुरा उडे हो असमान,
बइठल जानकी हेरे अबधपुरी के बरात ।
रामचन्द्र जीके लगन भयो राजा दशरथ सजे बरियात - २

११. तुम चेतहु चतुर सयाना, काल नित आना हय -२
आहो बाप दादा परदादा गयो हय -२
लाला वैसे ही तुमको भी जाना हय,
काल नित आना हय -२
काँचे बासके बनल हरे पालकी, ओईपर लागल उजरा रजाई -२
तुम चेतहु चतुर सयाना, काल नित आना हय -२

घर-घर से हो निकले बुज नारी, ओईपर हरी पद सुनाई -२

लाला वैसे ही तुमको भी जाना हय, काल नित आना हय -२

बाप दादा परदादा.........
पँजा पाँच जना मिली मरघट सोलायो - २
चार लागल कहार, लाला वैसे ही तुमको भी जाना हय,
काल नित आना हय -२

पँजा पाँच लकरिया फेकी मरघट से घरको आए
काल नित आना हय, वैसे ही तुमको भी जाना हय।

बाप दादा परदादा गयो हय, लाला वैसे ही तुमको भी जाना हय,
काल नित आना हय -२ (बाचक विन्देश्वर महतो)

१२. समझी मारहु पिचकारी बदनपर - २
ए सारीपर जब रंग परेगें, परहियो हजार में गारी।
बिहारी समझी मारहु पिचकारी - २।

ऐसो सारी न हय हजारन हय घर में पहिनत मोर पनिहारी
सारी के बदला में सारी जो देबो त जनीहा बाँके बिहारी

सारी के बदला में तोहर दादी बिकयतो ओर बहिन महतारी
बछरु सहित तोहर गईयो बिकयतो जब जनीहा तोहु नारी।

नचारी

१. बसहा चढल शिव अयला मतबलवा हे - २
बाबा तोरा झोरिया में गमके भङ्गिया धतुरिबा आउ चम्पा फुल
बाबा तोरा ..... - २
अंगमें भबुत सोभे, कम्बर मृग छाला, बाबा तोरा ..... - २
गलबा में सोभे काली नाग, बाबा तोरा ..... - २

चन्द्रमा लिलार सोभे बिछुके कुन्डलबा, बाबा तोरा ..... - २
जटबा से बहे गंगा धार हे, बाबा तोरा ..... - २

एक दिन बुढपा आई रे बबुवा, एक दिन बुढपा आई रे बबुवा...
करिया केस सफेद हो जाई मुँह के दाँत टुट जाई , आँख के ज्योति मलिन होजाई हात में लाठी धराई । एक दिन ......

कोई अंग जब काम न करतो अकिल गेलो भुलाई, करम क्रिया खाट पर होइतो जई नारी से जोरबा पिरीतिया ओहो देख घिनाई एक दिन ....

बरमासा

साबन हे सखी कुछो न सोहाय, रिमझिम बरसेला मेघ हे - २
सबके बालम खसी घरमें बिराजे हमरो बालम परदेश हे ।

पियबा जे रहितै सखी सँगमें सुतइति, आनन्द करति सारी रात हे -२
हमरो करमुआ सखी विधना बिगारल लिखि देला असगर बास हे ।

कबिरा पराती

जगत गूरु सेव हे माली - २
पथर पुजिते हरि जो मिलतो, हमहु जे पुजितौ पहार
जगत गूरु सेव हे माली - २
घरहु के जतबा नित उठी पुजितौ, कुटी पिसी खाअय संसार हे माली
जगत गूरु सेव हे माली - २

पथर छेवी छेवी मुरत बनायब, छाती धय धय लात,
ओहु देवता में शक्ति जे होइतै छेवन हारके खात
जगत गूरु सेव हे माली - २

अन्तःगृह परिक्रमा

बृहत्तर जनकपुर क्षेत्रमा प्रचलित परिक्रमालाई अन्तःगृह परिक्रमा भनिन्छ । विगतमा जति क्षेत्रलाई केन्द्रविन्दु माने पनि हाल जनकपुर स्थित जानकी मन्दिरलाई नै केन्द्र बिन्दुमानी यो परिक्रमा सञ्चालित छ । जगज्जननीजानकीलाई सम्पूर्ण जगत्लाई आध्यात्मिक र बौद्धिक नेतृत्व प्रदान गर्ने देवी मानिएकाले यिनै देवीको आराधना गर्न अन्तःगृहको परिक्रमाको परम्परा बसालिएको लोकविश्वास रहेको छ । परिक्रमाले आफूले जानी नजानी गरेको अपराधको क्षमा मिल्छ । प्रत्येक पद पद (पाइला) मा गाईको दान गरेको फल प्राप्त हुन्छ । यसबाट ईश्वर प्राप्ति तथा सो को स्थिति कायम रहनुका साथै अन्तमा मोक्ष पाइन्छ भन्ने मान्यता राखिन्छ ।

अन्तःगृह परिक्रमाका बृहत्, मध्यमा र लघु गरी तीन प्रकार रहेको मानिन्छ । परिक्रमाका लागि मार्ग, माघ, फाल्गुन वा बैशाख महिना अनुकूल समय हुने मानिन्छ । परिक्रमा कौशिकी नदीबाट शुभारम्भ गर्ने, ब्रहमचर्य व्रतको पालना गर्ने, हविष्यान्न (फल वा पवित्र अरवा चामल) आदि भोजन ग्रहण गर्ने, जितेन्द्रिय रहने, त्रिकाल स्नान गर्ने, काम, कोध, लोभ, मोह, मान, मत्सरादि ६ विकारको त्याग गरेर दुई वस्त्र धारण गरी भक्तहरूको सङ्गत वा समन्वयमा सिघेश्वर शिवलाई नमस्कार गर्ने तथा रघुकुलोत्तम प्रभु श्रीरामलाई ध्यान गर्दै यात्रा गर्नुपर्ने मान्यता राखिन्छ ।

अन्तःगृह परिक्रमाको मध्यमा परिक्रमा पाँच दिनमा पूरा गर्न सकिने प्रावधान रहेको छ । भारतीय भूमि कलनामा स्थापित कल्याणेश्वरमा स्नानादि गरी सङ्कल्प गरेर गिरिजास्थान फरलहरमा रात्रि विश्राम गर्ने, त्यहाबाट नेपालभूमि प्रवेश गरी जलेश्वरमा रात्रि विश्राम गरेर क्षीरेश्वर हुदै धनुषाधाममा चौथौ दिनको विश्राम गरेर कल्याणेश्वरमा पुगी सङ्कल्प पूरा गरेर मध्यमा परिक्रमा पूरा हुने विधान रहेको छ ।

परिक्रमाको अर्को प्रकार बृहत् परिक्रमा हो । जनकपुरधामलाई केन्द्र बनाई चारैतिर घुम्ने सम्भवतः सबभन्दा लामो समय अर्थात् पन्ध्र दिनसम्म चल्ने यो धार्मिक यात्रा फागुन शुक्ल पक्षको परेवा तिथिबाट सुरु भई फागुन पूर्णिमासम्म चल्छ । यस अवसरमा भारत र नेपालको तराईमधेश क्षेत्र उत्सवमय बनेको हुन्छ । यो महोत्सवको शुभारम्भ धनुषा जिल्लाको ठेराकचुरी गाविसको मिथिला बिहारी

भगवान्स्थान कचुरी, धनुषाबाट राम-जानकीको डोला उठाई जनकपुरधामको रत्नसागर हुँदै जानकी मन्दिर पुऱ्याइन्छ । त्यहाँबाट जानकीजीको डोला र जनकपुरका अरू मन्दिरहरूबाट ल्याइएका डोलाहरूसमेत समावेश गरेर परिक्रमा आरम्भ हुन्छ। डोलाका पछि-पछि श्रध्दालु भक्तजन, साधु सन्त, तीर्थालु, सुरक्षाकर्मी, स्थानीय बाजागाजा र सर्वसाधारण नर-नारीहरूको सहभागिता रहेको हुन्छ । यस्तै झाँकीका साथ भक्तजनहरूको विशाल समूहले १५ दिनसम्म मिथिलाको तत्कालीन राजधानी-क्षेत्रको चारैतिर रहेका धार्मिकस्थलहरूको परिक्रमा गर्दछन् ।

अन्तःगृह माध्यमिकी परिक्रमामा नेपाल भारतका चारै वर्णका हिन्दू धर्मावलम्वीहरूको सहभागिता रहेको हुन्छ । यसमा सरोकार वाला निकाय, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी, व्यवसायी, व्यपारी र मेला भर्न अनेक धर्म संस्कृतिका व्यक्तिहरू आउँछन् । सम्पूर्ण विश्राम स्थलमा जम्मा हुने श्रध्दालु भक्तजनसहित सहभागीहरूको सङ्ख्या कम्तिमा दशलाख पुग्ने हुदाँ माध्यमिकी परिक्रमा यस क्षेत्रको सबै भन्दा ठुलो धार्मिम परिक्रमा हो भन्ने स्पष्ट हुन्छ ।

परिक्रमाको तिथि र विश्राम स्थलको तालिका

क्र.स.	तिथि	यात्रा गन्तव्य	विश्राम स्थल
१	फाल्गुन अमावस्या	कचुरीबाट हनुमाननगर, जनकपुर ।	हनुमाननगर, जनकपुर, नेपाल
२	परेवा	जनकपुरबाट कलना	कल्याणेश्वर, भारत
३	द्वितीया	कलनाबाट गिरिजा स्थान	फुलहर, भारत
४	तृतीया	गिरिजास्थानबाट मटिहानी	मटिहानी, महोत्तरी, नेपाल
५	चतुर्थी	मटिहानीबाट जलेश्वर	जलेश्वर, महोत्तरी, नेपाल
६	पञ्चमी	जलेश्वरबाट मडई	मडई, महोत्तरी, नेपाल
७	षष्ठी	मडईबाट ध्रुवकुण्ड	धमौरा, महोत्तरी, नेपाल
८	सप्तमी	ध्रुवकुण्डबाट कञ्चनवन	हरिहरपुर हरिनमरी, महोत्तरी, नेपाल
९	अष्टमी	कञ्चनवनबाट पर्वता	क्षीरेश्वरनाथ नगरपालिका, धनुषा, नेपाल
१०	नवमी	पर्वताबाट धनुषाधाम	धनुषधाम नगरपालिका, धनुषा, नेपाल
११	दशमी	धनुषाधामबाट सतोषर	सवैला नगरपालिका, नेपाल
१२	एकादशी	सतोषरबाट औरही हरुसहा	औरही, धनुषा, नेपाल
१३	द्वादशी	औरही हरुसहाबाट करुना	करुना, भारत
१४	त्रेयोदशी	करुनाबाट कलना पुगेर, विसौल	मध्यमापरिक्रमा कलनामा समापन, विसौल, भारत
१५	चतुदर्शी	विसौलबाट जनकपुरधाम	जनकपुरधाम, नेपाल
१६	पूर्णिमा	जनकपुरधाम अन्तःगृह परिक्रमा	समापन तथा आ आफ्ना गन्तव्य स्थलतर्फ प्रस्थान

अर्जुनधारा जलेश्वर धाम

अर्जुनधारा जलेश्वर धाम झापा जिल्लाको बिर्तामोडबाट पाँच किलोमिटर उत्तरतर्फ शनिअर्जुन नगरपालिकामा अवस्थित छ । यस धामलाई पूर्वाञ्चलकै पशुपतिधाम भनेर चिनाइन्छ । यसको इतिहास खोज्दै जाँदा महाभारत कालसम्म पुग्न सकिन्छ । महाभारतमा पाण्डवहरुलाई बार वर्षको वनवास र एक वर्ष गुप्त वास मिलेपछि बार वर्षको वनवास पूरा गरी एक वर्षको गुप्तवास बस्न उनीहरू विराट राजाकामा गएको सन्दर्भ आउँछ । तिनै विराट राजाकामा आफ्नो स्वकीय पहिचान लुकाई विभिन्न स्वरूपमा पाँच पाण्डव रहेको र तीमध्ये अर्जुनले बृहन्नलाको वेशमा लुकेर बसेको भनिन्छ । पाण्डवहरू विराट राजाकोमा बसेको हुन सक्ने अनुमान कौरव पक्षले गरी राजाका नौ लाख गाईलाई हालको गेरुवा (इलामको दानाबारीमा रहेको स्थल) बाट हरण गरेर ती गाईलाई गोहाटी (हालको भारतको आसाम) मा पुऱ्याएको मानिन्छ । यी गेरुवा र गोहाटी शब्द गो हरणबाट अपभ्रंश भई बनेको मानिन्छ । आफ्ना नौ लाख गाईको अपहरण भएपछि विराट राजाले कत्ति खोज्दा पनि ती गाई नपाएकाले उनी शोकाकूल बने । उनको शोकलाई बुझी अर्जुन ती गाईलाई लिन हिँडे । उनले कौरव पक्षका गाई हरणकर्तालाई फेला पारी युद्धमा परास्त गरी लिएर आउँदा गाईहरु सारै तिर्खाएकाले जलदेवतालाई आह्वान गरी बाण हानेर पानी निकाली गाईलाई पानी ख्वाएको स्थान यही अर्जुनधारा हो भन्ने किंवदन्ती पाइन्छ । त्यस स्थानमा अहिले पनि प्राचीन पोखरी छ । त्यसैले यस स्थानलाई पवित्र मानी त्यसपछिका मानिसले यसलाई पवित्र धार्मिक स्थलका रूपमा मान्दै आएको स्थानीयवासी बताउँछन् । यहाँ हाल बालाचतुर्दशी, शिवरात्रि, र साउन महिना आदि दिनमा ठुलो मेला लाग्छ भने अन्य दिनमा पनि भक्तजनको बाक्लो उपस्थिति रहेको देखिन्छ । यस स्थलमा हाल सात कुने प्राचीन पोखरी, पाँचवटा पञ्च धातुबाट बनेका धारा, अर्जुनले गाईलाई पानी ख्वाइरहेको मूर्ति, शिव र विष्णुका मन्दिर, संस्कृत मा. वि. र वेद विद्यापीठ रहेका छन् । यो स्थल अहिले झापा जिल्लाको प्रमुख धार्मिक र पर्यटकीय क्षेत्रका रूपमा स्थापित भएको छ ।

कङ्कालिनी मन्दिर

कङ्कालिनी मन्दिर सप्तकोशीको पश्चिमपट्टि पूर्वपश्चिम राजमार्गदेखि उत्तरतिर छ र मन्दिरलाई दक्षिणतिर फर्काएर बनाइएको छ । यो स्थल सप्तरी जिल्लामा पर्दछ । यो मन्दिर पाँच तल्ले पेगोडा शैलीमा निर्मित छ । यस मन्दिरको

उत्खनन राणा कालमा भएको हो । १९ औं शताब्दीमा छिमेकी गाँउका महात्मा उदयानन्द प्रसाद अर्यालको स्वप्नमा कालीले दर्शन दिँदा केही दिनपछि यस ठाउँलाई उत्खनन गरियो । त्यस वेला अहिले मन्दिर भएको ठाउँमा विशाल पिपलको रुख थियो । त्यसै रुखको जरामुनि केही थान मूर्तिहरु भेटिएका थिए । ती मूर्तिमा बटुक कालभैरव, गणेश, कङ्कालिनी अष्टभुजा भगवती, विष्णु र कुहिनोका कङ्कालहरु रहेका छन् । यी सबै मूर्तिलाई अहिलेको मन्दिरको सिंहासनमा राखी पूजापाठ गर्ने गरिन्छ । यो मन्दिर र वरपर गरी मन्दिरले ओगटेको एरिया ११ बिगाहा छ । मन्दिरको पछाडि उत्तरतिर एउटा दह अर्थात् ताल रहेको छ । अहिले बायाँतिर स-साना मन्दिरहरु बनाइएको छ । मन्दिरको नजिकै काठको कलात्मक महिसासुर मूर्ति छ । जसमा बाँधेर दशैंको नवरात्रिमा राँगाको बलि दिने गरिन्छ । मन्दिरसँगै बोका आदिको बलि दिने स्थान रहेको छ । जहाँ दिनहुँ बलि चढ्ने गर्दछ । मन्दिरको दाँयाबाँया अष्टधातुको घण्टा र फलामको त्रिशूल रहेको छ । परिक्रमा स्थानसँगै सालको कलात्मक ढोका रहेको छ । ढोकाको तल्लो भागमा दुवैतिर कलश छ, बिचको भागमा चाँदीको भगवतीको मूर्ति रहेको छ । माथिल्लो भागमा शिवपार्वतीको मूर्ति छ । मानिसहरुको भाकल पूरा भएपछि विभिन्न कलात्मक गहनाहरू चढाउने गर्दछन् । टुंडालमा ११ ओटा देउतालाई अङ्कित गरिएको छ । चारै कुनामा नग्न अवस्थाका भैरव रहेका छन् । पाँचौ तल्लामाथि कमलको फूलमाथि गजुर रहेको छ । यहाँ दशैंको नवरात्रिमा ठुलो मेला लाग्ने गर्दछ । नवरात्रिमा यहाँ ४०० देखि ५०० राँगा र २००० सम्म बोकाको बलि चढने गरेको यहाँका पुजारी गोस्वामी भूपदेव माली बताउनुहुन्छ ।

कनकाई धाम

कन्काई नदीको किनारमा रहेको कन्काई धाम झापा जिल्लाको अत्यन्त प्रसिद्ध तीर्थस्थल हो । यो धाम झापाको सुरुङ्गा बजारदेखि एक किलोमिटर पश्चिम पूर्वपश्चिम राजमार्गदेखि उत्तरतिर कन्काई नदीको किनारमा अवस्थित छ । फाकफोक माई, तिवा माई, देऊ माई, फेवा माई, मह माई र जोग माई गरी सप्त माईको सङ्गमका रूपमा बहने कन्काई नदीलाई अत्यन्त पवित्र नदी मानिन्छ । त्यसैले यस नदीको दर्शन, स्पर्श, स्नान तथा अत्येष्टि कर्मलाई सम्पूर्ण पापको नाशक र मोक्षदायक मानिएको छ । त्यसैले झापा र वरपरका जिल्ला लगायत भारतबाट यहाँ आई कन्काई धामको दर्शन र कन्काईमा स्नान गर्नेको निकै

ठुलो उपस्थिति रहने गरेको छ । यसको महत्त्वलाई बुझेका योगी नरहरिनाथले २०४२ सालमा यहाँ कोटिहोमको आयोजना पनि गरेका थिए । यस ठाउँमा हाल शिव मन्दिर, गायत्री मन्दिर, धर्मशाला, गौशाला, संस्कृत पाठशाला, छात्रावास, अनाथालय, आश्रम, कुटी आदि कैयौँ धार्मिक स्थलको निर्माण गरिएका छन् । जसले गर्दा यो स्थल वास्तबमै धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको छ । यहाँ माघ महिनाभरि मकर स्नान गर्ने र अन्य महिनामा पनि विवाह, व्रतबन्ध, यज्ञ गराउनेको भिड नै लाग्ने गर्दछ । त्यसैले कन्काई धाम झापाको अत्यन्त प्रसिद्ध तीर्थस्थल हो भन्ने पुष्टि हुन्छ ।

किचक बध

झापाको पृथ्वीनगर नगरपालिकाअन्तर्गत देउनिया खोलाको दक्षिणपश्चिम किनारमा अवस्थित किचक बधलाई पौराणिक पात्र भीमसेनले किचकलाई बध गरेको ठाउँ हो भन्ने विश्वास गरिन्छ । महाभारतमा आउने प्रसङ्गअनुसार किचक विराट राजाका साला अर्थात् विराट राजाकी श्रीमती सुदेष्णाका भाइ थिए । यिनी विराट राजाका सेनापति पनि थिए । उनले विराट राजाका दरवारमा गुप्तवासमा रहेकी द्रौपदीमाथि कुदृष्टि राखेपछि द्रौपदीको आग्रहमा भीमसेनले यिनलाई बध गरेका थिए भन्ने प्रसङ्ग आउँछ (भण्डारी, २०६७, पृ. ७१४–७१५) । किचक बध भएको ठाउँ यही हो भन्ने सम्बन्धमा यहाँ एउटा किंवदन्ती प्रचलित छ । किंवदन्तीअनुसार किचकलाई भीमसेनले बध गर्न तयार हुँदा प्राण जाने वेलामा किचकले भीमसेनसँग पानी खान मागेको र भीमसेनले उसको अन्तिम इच्छा पूरा गर्न कुइनाले हानेर जमिनबाट पानी निकालेको भनाइ छ । त्यही भनाइको पुष्टि त्यहाँ रहेको तीनकुने पोखरी हो भन्ने विश्वास गरिन्छ । हाल सो ठाउँमा भीमसेनले किचकलाई मार्दै गरेको मूर्ति पनि राखिएको छ । यसका अतिरिक्त यहाँ हाल शिवालय, गङ्गाको मूर्ति, सिद्धेश्वरी देवी तथा धर्मशाला आदि बनाइएका छन् । किचक कोच जातिको रहेको र कोच जातिका आराध्यदेव वरुण रहेकाले यस पोखरीलाई वारुणी पोखरी पनि भनिन्छ । यस ठाउँमा गरिएको विभिन्न समयको उत्खननबाट दरवार, घोडा राख्ने तबेलाको अवशेष, पोलिएको माटाको स्वस्तिक चिह्न, ढुँगाका पिर्का, कचौरा, टुकी, बिर्को भएको सुराही आदि प्राप्त भएबाट यो स्थान पुरातात्त्विक महत्त्वको रहेको देखिन्छ ।

कुदान

कुदानलाई नेपालको ऐतिहासिक एवम् पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण स्थान मानिन्छ । यो स्थान कपिलवस्तु जिल्लाको तौलिहवा बजारदेखि २ किलोमिटर उत्तरपूर्वमा पर्छ । यसलाई लौरी कुदान पनि भनिएको पाइन्छ । यहाँ पुरातात्त्विक महत्त्वका चारवटा ढिस्का र एउटा पुरिएको अवस्थाको इनार रहेको छ । यी ढिस्का देवला मित्रका अनुसार दक्षिणपट्टि २५.३×१८.३ मिटर आयताकारको, दक्षिणतिर रहेको अर्को ११.५८ मिटरको परिधिमा रहेको, उत्तरपूर्वमा रहेको ४२.३६७ ×३१. ८०२ मिटरको आयतन भएको र चौथो ढिस्को २१.६४×१३.४१ मिटरको आयतनको छ । यी ढिस्काको उत्खननबाट दुईवटा मन्दिर, एउटा इनार, महिषासुरमर्दिनीको मूर्ति, कोइला, माटाका भाँडाकुँडाका टुक्रा, शिवलिङ्ग आदि फेला परेका छन् । यिनै ढिस्काहरुमध्ये दक्षिणपट्टिको एउटा ढिस्काको माथि नागेश्वर शिवमन्दिर रहेको र उत्तरपूर्वतिरको ढिस्कोमा समयमाई मन्दिर रहेको छ । यी ढिस्काहरु प्राचीन इट्टाबाट बनेका छन् । यी ढिस्का र पर्खालमा रहेका इट्टालाई कतै कुटी बनाउने र कतै स्थानीयले प्रयोग गरेको दखिन्छ । यी स्मारक हेर्दा तिलौराकोटको नजिकै रहेकाले कतिपयले यसलाई सिद्धार्थको स्कुल भएको, कतिपयले सिद्धार्थले बुद्धत्व प्राप्तगरेपछि तिलौराकोटवासीलाई भेट्न आएको न्यग्रोधाराम भएको अनुमान लगाएका छन् ।

कैलाशपुरी महादेव

सर्लाही जिल्लाको हरिवन स्थित उत्तरी चुरे क्षेत्रमा रहेको कैलाशपुरी महादेव मन्दिर स्थल ऐतिहासिक एवं धार्मिक रूपले परिचित रहेको छ । हरिवन बजार स्थित पूर्व पश्चिम राजमार्गबाट ३ किलोमिटर उत्तरतर्फ ढुंग्रेखोला गाविसको सिमानामा अवस्थित कैलाशपुरी क्षेत्रमा पुगिन्छ र त्यही चुरे फेदीबाट २० मिनेट उत्तर पैदल हिडेपछि डाँडाको थुम्कोमा रहेको कैलाशपुरी महादेव स्थान पुगिन्छ । उक्त मन्दिरको वरिपरिको क्षेत्रलाई कैलाशपुरी क्षेत्र भनेर चिनिन्छ । चुरे क्षेत्रको करिब ५० हेक्टर क्षेत्रफलको कैलाशपुरी क्षेत्र स्थित मन्दिरमा रहेको शिवलिङ्ग र मन्दिर अगाडिको बसाहा निकै पुरानो हो भन्ने स्थानीयहरूमा जनविश्वास रहेको छ । मन्दिर वरिपरिको इट्टा तथा भग्नावशेषहरुले उक्त महादेव मन्दिर प्राचीन हो भन्ने आधारलाई पुष्टि गरेको छ । यसको उचित किसिमले सम्बर्द्धन गर्न सके

कैलाशपुरी महादेवको मन्दिरले यहाँको धार्मिक र सांस्कृतिक सन्दर्भलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान दिने देखिन्छ ।

खपटेडाँडा

मधेस प्रदेशको एक ऐतिहासिक ठाउँ सिरहाको गोविन्दपुरको खपटेडाँडा हो । यहाँ नियोलेथिक सभ्यताका अवशेषहरू रहेको मानिएको छ। यहाँ प्राप्त अवशेषलाई नेपालको पुरातत्त्व विभागले आजभन्दा ४०००० वर्षअघिको सभ्यताका अवशेष मानेको छ । यहाँ पाइएका वस्तुहरुमा ग्रेवेयर र खैरो रङ्गका दुईथरिको माटाको भाँडाहरु प्राप्त भएका छन् । तीमध्ये एउटा हातले बनाएको र अर्को कुम्हालेले बनाएको मानिन्छ । यस्तै यहाँ घाँटीमा लाउने दाँत, मुँगा दानाहरु, त्यसवेलाका ढुङ्गाका हातहतियारहरु बन्चरो, चाकु, धार लाउने पत्थर आदि भेटिएका छन् । त्यसैले यो स्थल पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

गङ्गासागर

जनकपुरमा रहेका सागरमध्ये ऐतिहासिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण ताल गङ्गासागर हो । धार्मिक मान्यताअनुसार समस्त तीर्थ र सरोवरहरू सधैं गंगासागरको जलमा बास बस्ने र यस जलको स्पर्शबाट सम्पूर्ण पापहरूबाट मुक्त भई विष्णुलोकको प्राप्त गर्छन् भन्ने मानिन्छ । त्यसैले गङ्गासागरमा जुनसुकै समयमा स्नान गरे पनि त्यसको फल निकै रहेको मानिन्छ । यहाँ प्रत्येक पर्वमा स्नान गर्नेहरूको ठुलो भिड हुन्छ । त्यसमा पनि जेष्ठ शुक्ल दशमी (गङ्गा दशहरा) का दिन स्नान गर्नाले विशेष फल प्राप्ति हुन्छ भने धार्मिक विश्वास छ। यहाँ मनाइने छठ पर्वको रौनक र कसैको मृत्यु पश्चात् गङ्गासागरको घाटमा आएर पिण्डदान गर्नेको आस्था लोभ लाग्दो हुन्छ। यहाँ पिण्ड दिँदा आफ्ना पितृले विष्णुलोकमा स्थान पाउँछन् भने ठुलो जनविश्वास रहेको देखिन्छ ।

गङ्गासागरको उत्पत्तिका सम्बन्धमा विभिन्न पुराणमा उल्लेख गरिएको छ । मिथिला महात्म्य अनुसार यसको उत्पत्ति राजा निमिको शापित शरीरलाई मन्थन पश्चात् भएको मानिन्छ। यसमा मिथिलाका राजा निमि यज्ञका लागि वशिष्ठलाई आग्रह गरेकामा वशिष्ठले व्यस्तताका कारण इन्द्रको यज्ञपश्चात् उनको यज्ञ गर्ने भनी बताए । यता यज्ञको निश्चय गरेका निमि इन्द्रको यज्ञ सिद्धिँदासम्म पर्खिनुभन्दा गौतम ऋृषिलाई बोलाएर यज्ञ गर्न थाले। पछि आफूले गर्ने भनेको यज्ञ

गौतम ऋषिलाई गराएको चाल पाएपछि वशिष्ठले निमिलाई देहरहित हुने श्राप दिए। निमिले पनि प्रतिउत्तरमा वशिष्ट ऋषिलाई त्यही श्राप दिए। वशिष्ठ तत्काल कलशमा प्रवेश गरी ब्रह्मर्षि पद प्राप्त गरे भने श्रापपछि राजा निमि देहरहित भई वायुमा परिवर्तन भै नभस्थलमा परिभ्रमण गरेको देखेर देवगणहरूलाई ठुलो विस्मय भयो । त्यसपछि मुनिगण तपोवनमा एकत्र भएर राजा निमिको मृत शरीरलाई मन्थन गर्नको लागि उपस्थित भए। यस मन्थनको बेलामा ऋषिगणको प्रार्थना सुनी विष्णु प्रकट भई राजा निमिको मृत शरीरको मन्थनको काममा सरिक भए। यस शापित शरीरको स्पर्शबाट ऋषिमुनिहरूलाई लागेको पापलाई पखाल्न श्रीहरिले विभिन्न तीर्थहरूलाई आह्वान गरे। प्रभुको आज्ञाअनुसार सबै तीर्थहरूले ऋषिमुनिहरूको उद्धारको लागि आ-आफ्ना केही अंश छोडेर आ-आफ्ना धाम फर्के। यसै अंशबाट गङ्गासागर निर्मित भएको हो भन्ने मानिन्छ।

गंगासागरको दक्षिण डिलमा एउटा श्मशान घाट र त्यसभित्र अवस्थित भूतनाथ शिवमन्दिर रहेको छ, जो स्वर्गद्वारीको नामले जानिन्छ। गंगासागरको पूर्वीदक्षिणी कुनाको डिलमा प्रतिसाल चैते दशैमा मेला लाग्ने गर्दछ । त्यहाँ माटाको महादुर्गा, महासरस्वती, महालक्ष्मी, गणेश, कार्तिकेय, महाकाली, शङ्कर-पार्वती आदिको प्रतिमा बनाई पूजाअर्चना गर्ने गरिन्छ। यहाँ शारदीय र वासन्ती छठको सजावट निकै आकर्षक हुन्छ। अर्कोतिर यसै डिलको पश्चिमदक्षिण कुनामा नागा बाबाको समाधिस्थल रहेको ठाउँमा हिन्दुका विभिन्न देवीदेवताहरूका मूर्तिहरू स्थापित गरी ठुलठुला मन्दिरहरू निर्माण भएका छन्। यसले अझै यो ठाउँको सुन्दरता बढाउने काम गरेको छ। जो पर्यटक जनकपुरधाम अवलोकन गर्न आउँछ उ एकचोटी यस मन्दिरमा देवी देवताहरूका दर्शन गर्न बिर्सँदैन । गङ्गासागरको पश्चिम डिलमा नगर डिहवारको मन्दिर पनि छ, जसमा आषाढ १ गतेका दिन वार्षिक पूजा गर्ने गरिन्छ। यस पूजामा नगरका विभिन्न ठाउँहरूबाट धामीझाक्रीहरू आएर आआफ्ना धामीय गुणको प्रदर्शन गर्दछन्।

गङ्गासागरमा अत्यन्त आकर्षक किसिमले पश्चिमी उत्तरी कुनाको घाटमा दैनिक महागङ्गा आरती गरिन्छ। यो आरतीले बनारस, हरिद्वार, हृषीकेश आदि गङ्गाघाटमा भइरहेको महागङ्गा आरतीको अनुभूति गराउँदछ । समग्रमा गङ्गासागरले समग्र जनकपुरवासीको धार्मिक, सांस्कृतिक मूल्य र मान्यतालाई उजागर गरिरहेको देखिन्छ।

गजेन्द्र मोक्षधाम

नवलपरासीको त्रिवेणी क्षेत्र गजेन्द्रको मुक्तिका लागि श्रीहरि भगवान् विष्णुको अवतार भएकाले यसलाई विष्णुको अवतारभूमि पनि मानिन्छ । हाल यो भूमि गजेन्द्रमोक्षधामका नामले चिनिन्छ। यो भूमि त्रिवेणी सङ्गमदेखि २.५ किलोमिटर उत्तरमा अवस्थित छ । यस क्षेत्रलाई भक्तजनहरू अत्यन्त श्रद्धा गर्छन् । भगवान् विष्णुले हात्तीको संरक्षण गरेको सन्दर्भको वर्णन श्रीमद् भागवत्देखि विभिन्न पुराणहरूमा पाइन्छ। तिनै पुराणलाई आधार बनाएर श्री मुक्तिनाथ बाबा (स्वामी कमलनयनाचार्य) ले आफ्नो 'अमोघ सङ्कल्प' नामक पुस्तिकाको पृष्ठ २५मा यस घटनाका बारेमा यसरी वर्णन गर्नुभएको छ :

"प्राचीन कालमा नारायणीमा जलविहार गरिरहेका गजराज हात्तीलाई अकस्मात् ग्राह (गोही) ले खुट्टा तान्न थाल्यो। लामो समयसम्म छुट्ने प्रयास गर्दा पनि केही उपाय नलागेपछि पूर्व प्रारब्धअनुसार विपत्बाट मुक्त हुनका लागि भगवान्को स्तुति गर्न थाल्यो । आफ्ना आर्त भक्तको पुकार सुनी तत्काल गरुडवाहन श्रीनारायण भगवान् श्रीहरि अवतारका रूपमा प्रकट भई चक्रद्वारा गोहीको शिरच्छेदन गरेर गजेन्द्रको उद्धार गर्नुभएको थियो। गजेन्द्रलाई भगवान्ले मोक्ष दिनुभएकाले यस स्थानको नाम गजेन्द्रमोक्ष धाम हुन गएको हो। गज र ग्राहको युद्धभूमि भएकाले यसलाई गजग्राह पनि भन्ने गरेको पाइन्छ। अहिले पनि यहाँ हात्तीका पदअङ्कित चिह्नहरू एवम् गोहीका आकारका पत्थरहरू देख्न पाइन्छ।

यसरी शालग्राम धारिणी गण्डकी नदीको किनारमा अवस्थित गजेन्द्रमोक्षधाम पौराणिक कालदेखि नै पवित्र भूमि रहेको मानिन्छ। यो भूमि गण्डकी/नारायणी, सोना र पञ्चा नदीको सङ्गमभूमि, महर्षि वाल्मीकिको तपोभूमि र लवकुशको जन्मभूमिसमेत हो । २०४८ सालदेखि स्वामी कमलनयनाचार्यले मुक्तिनाथबाट ल्याइएको दीपबाट त्रिवेणी धाममा अखण्डदीप प्रज्वलन गरी यस क्षेत्रलाई विश्वकै हिन्दुहरूको आस्थाको केन्द्र बनाउने उद्देश्य राखेर यसको विकास र प्रचारप्रसारका लागि व्यवस्थित किसिमले काम गर्न थालेको देखिन्छ। यहाँ गजेन्द्रमोक्षनारायण भगवान्को विशाल मन्दिर, श्रीगजेन्द्रमोक्षहरि भगवान्को पाँच तले मन्दिर, पुस्तकालय, योगाश्रम विशाल हवनकुण्ड, पूजामण्डप, २ हजारभन्दा बढी व्यक्ति अटाउन सक्ने श्रीसभाहल, धर्मशाला, गौशाला, बागबगैंचा, छात्रावास सहितको श्रीमुक्तिनाथपीठ वेदविद्याश्रम, सर्पदंश अस्पताल, नेपाल र भारतका

विभिन्न तीर्थस्थलको जलले पूर्ण पित्तलको विशाल कलशको स्थापना तथा शीश महल निर्माण भएका छन् । यसरी व्यवस्थित किसिमले भएका विकास निर्माणका कार्यले यो क्षेत्र नेपालको धार्मिक पर्यटनको लागि महत्त्वपूर्ण स्थान बनेको छ ।

गढीमाई मन्दिर

गढीमाई मन्दिर बारा जिल्लामा अवस्थित छ । यस मन्दिरको इतिहास नान्यदेवले सिम्रौनगढ बसाउने वेलामा त्यहाँ उनले आफ्नो देवीदेवताहरुलाई पनि स्थापना गरेको कुरासँग जोडिन्छ भन्ने कुरा विभिन्न विद्‍वान्‌हरुको भनाइबाट थाहा हुन्छ । नान्यदेवले बसाएको सिम्रौनगढ़ एक सुरक्षित, सवल र प्रभावशाली हिन्दुराज्यको रुपमा स्थापना गरेको तिब्बती धर्मश्वामीको जीवन कथामा पनि देख्न पाइन्छ । यो मन्दिर संसारकै सबभन्दा बढी राँगाको बलि दिने मन्दिरका रूपमा पनि चिनिएको छ । यहाँ प्रत्येक पाँच वर्षमा भव्य मेला लाग्छ । जसमा तीन लाखदेखि पाँच लाखसम्म पशुको बलि हुने गर्दछ । राँगाका अतिरिक्त बोका, कुखुरा, हाँस, परेवा गरेर लाखौ जीवहरुको बलि दिने गरिन्छ । यी गढ़ीमाईलाई हरिसिंह देवको कुलदेवता पनि मानिन्छ । त्यसैले काठमाडौँका नेवारको संस्कृतिमा पनि राँगाको बलि दिने प्रथाले राम्रो प्रभाव जमाएको छ । यहाँको भव्य मेलामा नेपाल भारतको श्रद्धालुहरुले भाकल अनुसारको पूजा तथा वलि दिने गरिन्छ । यो ठाउँमा विभिन्न देशबाट भक्तालुको उपस्थिति हुने गरेको छ ।

गोटिहवा

गोटिहवालाई ककुच्छन्द बुद्ध जन्मिएको स्थान मानिएको छ । यो स्थान कपिलवस्तु जिल्लाको तौलिहवादेखि ८ किलोमिटर दक्षिणपश्चिममा पर्दछ । यहाँ राजा अशोकले गाडेको स्तम्भ फेला परेको छ । पहिलोपटक सन् १८९८मा यसको उत्खनन गरेर मेजर बाडेल र पी. सी मुखर्जीले अशोक स्तम्भको नमुना पत्ता लगाई ककुच्छन्दको जन्म यहीँ भएको भन्ने घोषण गरे । बाडेलको स्तम्भको मध्यभागको उत्खननमा ७.६ इन्चको गहिराइमै पक्की इट्टाबाट बनेको स्थान र कोइलाका टुक्रा र मानवका अस्थिधातु फेला पारेका थिए । यस स्थललाई कार्लाइलले सन् १९०४ मा र भिक्षु धर्मलोकले सन् १९५४ मा उत्खनन गरे । उनीहरुको उत्खननबाट यहाँको अशोक स्तम्भको पूर्ण स्वरूप प्राप्त भएको छ । यहाँको स्तूप र अशोकले स्थापना गरेका भनिएका निग्लिहवा र लुम्बिनीका स्तूपसँग मिल्दा

देखिएकाले यो अशोकले स्थापना गरेको स्तम्भ नै रहेको पुष्टि भएको छ । यसबाट यो स्थल गौतम बुद्धभन्दा अगाडि जन्मिएका ककुच्छन्दको जन्मस्थल भएको प्रमाणित हुन्छ । यसको वरपर प्राचीन अवशेषहरु यत्रतत्र छरिएका अवस्थामा छन् । यहाँ रहेका पुराना इट्टालाई गाउँलेले घरायसी प्रयोजनमा प्रयोग गरेको मानिन्छ । यस स्तम्भको माथिल्लो भाग फुटेको देखेकाले स्थानीयले फुटेश्वर महादेव मानी पूजाआजा गर्छन् । यसलाई देवताका रूपमा मानिएकाले यस स्थानको संरक्षणमा भने केही सहयोग पुगेको देखिन्छ । यहाँ रहेका कोइलाको रासायनिक परीक्षणबाट ती कोइला इ. पू आठौं शताब्दीतिरको मानिएको छ । त्यसैले यो गोटिहवा नेपालको अत्यन्त प्राचीन स्मारक अर्थात् पुरातात्त्विक महत्त्वको स्थल हो भन्ने देखिन्छ ।

चतुर्भुजेश्वर महादेव मन्दिर

सर्लाहीको हरिवन नगरपालिकाअन्तर्गत सुखेपानी स्थित पूर्वपश्चिम राजमार्ग छेउमै रहेको चतुर्भुजेश्वर महादेव मन्दिर स्थानीयवासी बिच मात्र नभई मुलुकका विभिन्न स्थान एवं छिमेकी भारतका हिन्दु धर्मावलम्बीमा समेत चर्चित छ। पछिल्लो समय मन्दिर पुनर्निर्माण गरेर भव्य बनाइएको छ। सांस्कृतिक, पुरातात्त्विक, धार्मिक एवं पर्यटकीय विशेषता झल्कने यस मन्दिरको पुननिर्माणका लागि मुस्लिम र बौद्ध धर्मावलम्बीले समेत तन, मन र धनले सहयोग गरिरहेका छन् ।

छिन्नमस्ता भगवती

छिन्नमस्ता (टाउको नभएको भगवतीको मूर्ति) सप्तरी जिल्लाको सदरमुकाम राजविराजबाट १० कि.मि पर सखडा भन्ने ठाउँमा रहेको छ। यो स्थान एक विशेष शक्तिपीठभित्र पर्दछ। यो मन्दिरको इतिहासलाई सिम्रौनगढ़को इतिहाससँग जोड्ने गरिन्छ । जसअनुसार सिम्रौनगढमा तिरहुत राज हुँदा कर्नाटवंशीय राजाहरुले सप्तरीका विभिन्न ठाउँमा विभिन्न मन्दिरहरू बनाएको मानिन्छ। यहाँ मन्दिरमा रहेका मूर्तिहरु काला ढुँगामा कुदिएका पाइन्छन् । यसले कर्णाटवंशी राजाहरुले सिकार खेल्न जँगलमा आएका बखत यहाँ अनेकौं मन्दिर बनाएका थिए भन्ने अनुमान लगाउन सकिन्छ । जँगलमा बनाइएकाले यहाँका मूर्ति काला छन् । नमुनाका लागि हनुमाननगर लालापट्टी, कोचाबखारी, सखडामा रहेका मूर्तिलाई हेर्न सकिन्छ । ती मूर्तिमध्ये १४ औं शताब्दीमा मुगलहरुको आक्रमणमा भारत

लगायत नेपालका थुप्रै मठमन्दिर ध्वस्त भए । यही समयमा सखडा भगवतीको मन्दिर पनि ध्वस्त पारिएको इतिहासले देखाउँछ। जसमा भगवतीको टाउको छिन्न बनाएको हेर्न सकिन्छ। यस्तै लालापट्टी कोचाबखारीतिरको मूर्तिको पनि नाकमुख छिनाइएको छ । २०औं शताब्दीतिर राणाकालका समयमा मूर्तिको पुनः स्थापना गरी पूजापाठ गर्न थालियो । राणाहरु तथा भारतको रेल्वे मन्त्री ललितनारायण मिश्राले यस सखडा मन्दिरको पुननिर्मणामा विशेष सहयोग गरेको देखिन्छ। २०४५ सालतिर राजा वीरेन्द्रको भ्रमण हुँदा ५००००० (पाँच लाख) रुपैयाको सहयोग प्राप्त भएकाले सो रकमले मन्दिरको मांथिल्लो पेगोडा शैली थप गरिएको थियो । मूर्तिको टाउको नरहेको हुनाले पछिबाट सुन र चाँदीको मुखाकृति बनाइएको छ । सिँहासन चाँदीले सजिएको छ। यसको माथि कमलको फूलसहितको गजुर रहेको छ । यस मन्दिरमा प्रयोग भएका रङ राता, खैरो र निलोको प्रधानता रहेको छ । दक्षिणतिर विशाल पोखरी रहेको छ । नजिकै हवनकुण्ड रहेको छ। यस मन्दिरले ओगटेको क्षेत्रफल १० बिगाहा छ। यहाँ नवरात्रि वा अन्य समयमा दर्शनार्थीहरूको उल्लेख्य उपस्थिति रहने गरेको छ ।

जङ्गमुक्तेश्वर तथा हिरण्य गर्भेश्वर (रजवा शिवालय) महादेव मन्दिर

धार्मिक एवं सांस्कृतिक महत्त्वका स्थानमध्ये जंगमुक्तेश्वर तथा हिरण्य गर्भेश्वर महादेवको मन्दिर पनि एक हो । यहाँ जोर लिङ्गसहितको अनौठो शैलीमा निर्माण गरिएको मन्दिर रहेको छ। यो मन्दिर सदरमुकाम मलङ्गवादेखि १४ किलोमिटर पश्चिम हरिपुर नगरपालिकाको हरैया बस्तीमा अवस्थित छ। यो स्थल धार्मिक दृष्टिले मात्र नभई राणा प्रधानमन्त्री जङ्गबहादुरले देहत्याग गरेको स्थान हो भन्ने मान्यताका आधारमा पनि बढी चर्चित रहेको छ ।

जलकेश्वर महादेव

सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाको सिरानमा अवस्थित लखन्देही बाँधको पश्चिमपट्टिको सानो बस्ती छिचोलेर स्यांगवा डाँडा हुँदै ज्युँधर (जिवजोर) खोल्सीको किनारैकिनार आधा घण्टा जति पैदल यात्रापछि एउटा शान्त, मनमोहक, ओसिलो पहराको फँदमा पुगिन्छ र त्यही स्थानमा जलकेश्वर महादेवको मन्दिर रहेको छ । खुला आकाशमुनि पहरामा शिवलिङ्ग र अन्य देवीदेवताका आकृति रहेको स्थानलाई जलकेश्वर महादेव स्थान भनिन्छ। पानी बगेको कलकल मधुर

ध्वनि र चराचुरुङ्गीको सुरिलो आवाजको पृष्ठभूमिले यो स्थल सारै मनमोहक छ । यो स्थल जलकिनी गाँउको नजिकै रहेकाले यस मन्दिरलाई कतिपयले जलकिनी महादेव स्थान पनि भन्ने गरेको पाइन्छ । प्रकृतिबाट स्वतः निर्मित यस स्थलमा शिवलिङ्ग लगायत अन्य देव आकृतिहरुको नियमित पूजा हुने गर्दछ । यस मन्दिरमा आई दर्शन गरेमा आफ्ना मनकामना पूरा हुने जनविश्वास रहेको छ । खासगरी साउनको सोमबार, जनैपूर्णिमा, शिवरात्रि, बालाचतुर्दशी र श्रीपञ्चमी जस्ता महत्वपूर्ण चाडमा यहाँ भक्तजनहरुको घुइचो लाग्ने गर्दछ ।

जलेश्वर महादेव

जलेश्वर महादेव मन्दिर महोत्तरीको एक ऐतिहासिक मन्दिर हो । यो मन्दिर हाईवेभन्दा ३० किलोमिटर दक्षिण जलेश्वर नगरपालिकामा रहेको छ । यहाँका स्थानीय रामुराज कादरियाका अनुसार यहाँको शिवलिङ्ग निकै पुरानो हो । यसको आकारप्रकार पत्थर अर्थात् ढुङ्गाको आकारको छ । यसको तल्लो भागतिर पानी बग्ने धारा बनाइएको छ । शिवलिङ्गको सम्पूर्ण भाग पानीमा डुबेको हुन्छ । यहाँको शिवलिङ्गको नजिकबाट प्राकृतिक रूपमा पानी निस्कने गर्छ । त्यही पानीले शिवलिङ्गसहितको सम्पूर्ण भाग डुबेको हुन्छ । पञ्चायत कालपूर्व यहाँ जमेको पानीलाई यहाँ बस्ने साधुहरूले नै सफा गर्ने गर्दथे भने हाल प्रत्येक सोमबार नेपाली सेनाले त्यो पानी निकाल्ने र यहाँको पुजारीले पूजा गर्ने गर्दछन् । जलभित्र शिवलिङ्ग डुब्ने भएकाले यसलाई जलेश्वर महादेव भनिएको हो ।

जनश्रुतिअनुसार १८ औं शताब्दीमा ३ जना साधुहरु दक्षिण दिशाबाट यहाँ प्रवेश गरे । जसमा जगदीशनाथ भन्ने साधुले यही जलेश्वरमा रात्रि विश्राम गरे । साधुले राति विश्राम गरेको वेला राति साधुका स्वप्नमा आएर महादेवले म यहाँ छु, मलाई निकाल भनेर भन्दा साधुले म एक फकिर हुँ, मसँग आर्थिक स्रोत छैन । मैले कसरी उत्खनन गरूँ ? भन्दा जलेश्वर महादेवले यहाँबाट नजिकै रहेको सुन्खोरा गाँउमा जाऊ, त्यहाँ खजाना छ । त्यो खजाना निकालेर बेच । त्यो पैसाले उत्खनन गर भनेपछि साधु जगदीशनाथले उत्खनन गर्न लागे । उत्खनन पश्चात् त्यही ठाउँमा यो शिवलिङ्ग भेटियो र त्यसलाई पूजापाठ गर्न थालिएको हो भन्ने भनाइ पाइन्छ ।

उपेन्द्र पाठक र रामुराज कादरियाले दिएको जानकारी अनुसार १८औं

शताब्दीमा नेपालका राजा गीर्वाणविक्रम शाहले सिकार खेल्न जलेश्वर नजिकै कञ्चनपुर जङ्गलमा आउँदा यस मन्दिरको बारेमा थाहा पाई यस मन्दिरलाई लगभग २५० बिगाहा जग्गा दिएका थिए । तर हाल यस मन्दिरको नाममा ११ बिगाहा जमिनमात्र बाँकी छ । जलेश्वर महादेवको प्रतिमा पोखरीको डिलमा अवस्थित छ । प्रतिमा जमिनको सतहभन्दा १३ फिट मुनि रहेको छ । प्रतिमासम्म पुग्न १६ ओटा खुड्किलाहरु ओर्लिनु पर्छ । हाल यस मन्दिरको माथि एक भव्य मन्दिर बनाइएको छ । १६ ओटा खम्बाहरु रहेको बिचको भाग पर्खालले घेरिएको र १२ फिट माथि काठको दलिन राखी चुनासुर्खीले ढलान गरेको छ । यसको माथि ३ फिटको चारैतिर कलात्मक बार राखिएको छ । यसको छानामाथि चारै कुनामा चारओटा गुम्बज भएको कमल फूलसहितको गजुरहरु राखिएका छन् । बिचको पाँचौ गजुर शिखर शैलीको छ । मूल मन्दिरको अगाडि पुरानो र नयाँ साँढेका मूर्ति छन् । साँढेसँगै यस मन्दिरको उत्खनन गर्ने साधु जगदीशनाथको समाधि स्थल छ ।

जानकी मन्दिर

नेपालमा रहेका मन्दिरमध्ये जानकी मन्दिरको विशेष महत्त्व रहेको छ । यस मन्दिरको इतिहास राजा जनक र जगज्जननी सीताको जीवनकालसँग जोडिएको मानिन्छ । रामायणका अनुसार विदेह राज्य रहेको जनकपुरमा भव्य दरबार भएको उल्लेख पाइन्छ । हालको जानकी मन्दिरको निर्माणको इतिहास पनि आफ्नै छ । यस सम्बन्धमा सन् १८९४ मा टिकमगढ़की महारानी वृषभानु यहाँ भ्रमणमा आउँदा मेरो कोखमा सन्तान भयो भने म यहाँ जानकी मन्दिर बनाउने छु भनी भाकल गरेकी थिइन् । भाकलअनुसार महारानी वृषभानुलाई पुत्र प्राप्त भयो । तत्पश्चात् खुसीले १६ वर्ष लगाएर भारतको कारिगढ़हरु मगाएर ९००००० ने. रु. नौ लाखमा यो रामजानकी मन्दिरलाई सन् १९११ मा सम्पन्न गरियो । त्यसैले यस मन्दिरलाई नौलखा मन्दिर पनि भन्ने चलन छ । ४८६० स्क्वाएर फिटमा यो मन्दिर बनेको देखिन्छ । यस मन्दिरको पूर्व-पश्चिम २५५ फिट र उत्तर दक्षिण १७७ फिट बाहिरको गर्भगृह रहेको छ भने पूर्व-पश्चिम ७७ फिट र उत्तर दक्षिण ५१ फिट मूल गर्भगृह रहेको छ । दुईतल्ला रहेको मन्दिर अगाडि गेट र मूल/भित्रि गर्भगृहमा तीन तल्ला रहेको छ । मन्दिरमा मुख्य प्रवेशद्वार बाहेक दायाँ बायाँ ३, ३ ओटा ढोकाहरु रहेका छन्, जसमा अनेकौं कोठा र ग्यालरी रहेका छन् ।

जानकी मन्दिरको मूल मन्दिरमा प्रवेशसँगै दायाँ बाँया हनुमान र जनकका

मूर्ति छन् । मन्दिरको मूल ढोका चाँदीको छ । राम सीता, लक्षमण, भारत, शत्रुघ्नको मूर्ति संगमर्मर अर्थात् सेतो ढुङ्गाको रहेको छ । यी मूर्तिहरु सन् १९११ मा मन्दिर निर्माण भइसकेपछि बनाएर स्थापना गरिएको देखिन्छ । यस मन्दिरको वास्तुकलामा राजपुताना शैलीका साथै कोइरी र मौर्य शैलीमा कोठा, झ्याल, ढोका, खम्बा आदि निर्माण गरिएका छन् । माथिको भाग सम्पूर्ण गुम्बजमा मुगल शैलीको प्रभाव रहेको छ । मूलमा सेतो मन्दिरमा खरानी, खैरो, हरियो, रातो, निलो, सुन्तला आदि रङगको पनि उचित प्रयोग देखिन्छ । त्यसैले राजपुताना, कोइरी/मौर्य र मुगल शैलीको प्रभाव प्रस्ट देखिन्छ । यस मन्दिरभित्र राम र जानकी दुवैलाई उतिकै महत्त्व दिइएको देखिन्छ । त्यसैले यसलाई जानकी मन्दिर भन्नुभन्दा पनि रामजानकी मन्दिर भन्नु उचित देखिन्छ । यस मन्दिरमा यहाँ विवाह पञ्चमीमा भव्य मेला लाग्ने गरेको छ । यस मेलामा भारतसहित नेपालका लाखौं भक्तजन र आम मानिसहरुको उपस्थिति रहन्छ । यो भव्य समारोह बिच रामको विवाह जनकपुरकी राजकन्या सीतासँग गर्ने परम्परा हालसम्म पनि चलिरहेको छ ।

तिलौराकोट

तिलौराकोट नेपालको इतिहासमा सारै महत्त्व राख्ने स्थल हो । तिलौराकोट प्राचीन शाक्यवंशीय राजाले राज्य गरेको कपिलवस्तु राज्यको राजधानी हो । यसलाई सिद्धार्थ गौतमको जन्मस्थल र उनी उन्तिस वर्षसम्म रहेको स्थल मानिन्छ । बौद्ध साहित्यमा आएका सन्दर्भ एवम् सन् ४०६ मा आएका चिनिया यात्री फाहियान र सन् ६३६ मा आएका हुएन सांगले बुद्धको जन्मस्थल वरपरको वातावरण देखाउने क्रममा भागिरथी (बाणगङ्गा) नदीको किनार रहेको, त्यसको उत्तरतर्फ घना जङ्गल रहेको, हिमश्रृङ्खला देखिने, त्यसका वरपर विभिन्न स्तूप र विहार आदि रहेको बताएका छन् । ती सबै लक्षणलाई हेर्दा फाहियान र हुएन साँगले गरेको दिशाको निर्देश र दुरीका आधारमा बौद्ध मान्यतामा आधारित लुम्बिनी, रामग्राम, कोलीय राज्य, रोहिणी नदी तथा तथा प्राचीन शुद्धोधन दरवार पाइनुले गौतम बुद्धको जन्मस्थल हालको तिलौराकोट नै भएको प्रमाणित गर्छन् । तिलौराकोट इसापूर्व पाचौं शताब्दीतिरका कोशलराज बिरुद्धकले शाक्यवंशको विनाश गरेपछि यो निर्जनस्थलका रूपमा परिणत भयो । पछि सन् ४०६मा आएका फाहियानले पनि यो स्थललाई निर्जन भएको देखेका थिए । उनका अनुसार त्यहाँ शुद्धोधनको

दरबारलाई आधार बनाएर केही हीनयानी भिक्षु रहेका, त्यसको छेउँमा दुईवटा स्तूप रहेका, हस्तिगर्त, सरकूप, बुद्धले पितालाई भेटेको ठाउँ, बिरुद्धकले शाक्यवंशलाई मारेको स्थान देखेको चर्चा गरेका छन् भने सन् ६३६ मा आएका हुएन सांगले १४–१५ लीको क्षेत्रफलमा विस्तारित राजदरबार, दुईवटा हिन्दु मन्दिर, शुद्धोदन विहार, असितस्तूप, मायादेवीको रात्रिशयन कक्ष, यशोधरा र राहुल सुत्ने कक्ष, हस्तिगर्त र पाठशाला देखेको बताएका छन् । यस स्थलमा मौर्य, शुङ्ग, कुषाण, गुप्तकालका राजा र १३१२ मा खसराजा रिपु मल्ल आदि आएका प्रमाण यहाँको उत्खननबाट प्राप्त भएको छ । यो स्थल धेरै समयसम्म लुप्त प्रायः रहेपछि राणाकालमा पाल्पाका बडाहाकिम खड्ग शम्शेर र जर्मन विद्वान् फुहररले वैज्ञानिक किसिमले लुम्बिनीको उत्खनन गर्दा अशोक स्तम्भ भेटेपछि यसैलाई आधार बनाएर र फाहियान र हुएन साँगका टिप्पपणीलाई समेत आधार बनाएर खोज्दै जाँदा कपिलवस्तु, रुपन्देही र नवलपरासीका विभिन्न स्थानमा अनेकौँ महत्त्वपूर्ण स्थल र पुरातात्त्विक महत्त्वका सामग्री भेटिँदै गएका छन् । यही सन्दर्भमा भेटिएको महत्त्वपूर्ण स्थलमध्ये १७००×१३०० फिटको क्षेत्रमा फैलिएको तिलौराकोट दरवार एक हो । यसको खोजीमा फाहियान, हुएन साँग, खड्ग शम्शेर, जर्मन विद्वान् फुहरर, डा. स्मिथ, पी. सी मुखर्जी, देवला मित्र, जापानी प्राध्यापक नाकामुरा, नेपाली पुरातत्त्वविद् तारानन्द मिश्र तथा बाबुकृष्ण रिजाल आदि विद्वान्को खोजी एवम् अध्ययनबाट तिलौराकोटको ऐतिहासिक महत्त्व उजागर भएको छ ।

दाउन्नेदेवी

नवलपुर क्षेत्रको पश्चिमपट्टिको डाँडामा दाउन्नेदेवी मन्दिर रहेको छ । विनयीत्रिवेणी गा. पा. को वडा नं. २ मा रहेको यो ठाउँ पूर्वपश्चिम राजमार्गको दाउन्ने बजारदेखि करिब १०३३ मिटरमाथि दाउन्ने पहाडमा अवस्थित छ । दाउन्नेदेवी मन्दिर ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण छ । दाउन्नेदेवी क्षेत्र सत्ययुगमा त्रिकुट पर्वतको शिखरको रूपमा मानिएको यस धार्मिक क्षेत्रमा महर्षि वाल्मीकि लगायत अनेकौं ऋषिमुनिहरूको तपस्थल रहेको मानिन्छ । यहाँ निकै अघिदेखि थारूहरूले उँधौली र उँभौलीका अवसरमा भव्य पूजाआजा गर्ने गर्थे भन्ने सुन्नमा आउँछ । यो मन्दिर वि.सं. १८८० मा प्रभाकरले स्थापना गरेको बताइन्छ । दाउन्नेदेवीको मूर्ति राणाकालीन प्रधानमन्त्री जङ्गबहादुरले सौजन्य गरेको भनाइ पाइन्छ । यहाँ कैयौँ पुरातात्त्विक वस्तु छन् जसको अध्ययन

गर्दा अठारौँ शताब्दीतिरका रहेको अनुमान पुरातत्त्वविद्ले गरेका छन् । यहाँ चढाइएका घण्टहरूमध्ये १९२४ सालमा सुरवीर बस्न्यातले चढाएको घण्ट पनि छ । यो क्षेत्र यातायातको सुगमता, तराई तथा हिमालको दृश्यावलोकन गर्न सकिने, भक्तजनको आस्थाको केन्द्रको रूपमा रहेको छ । पूर्वपश्चिम राजमार्गको निर्माणपश्चात् यहाँ आउनेको सङ्ख्या वृद्धि हुदै गएको छ । यो क्षेत्रमा स्थापना भएका विभिन्न तीर्थस्थलहरू दाउन्नेदेवी मन्दिर, कैलास बाबाधाम, बौद्ध गुम्बा लगायत वनभोजका लागि उपयुक्त स्थलका कारण टाढाटाढाबाट मानिसहरू आउने गर्दछन् ।

दाउन्नेदेवी मन्दिरमा चैते दसैं र वडा दसैंको अवसरमा श्रद्धालु भक्तजनहरूको पूजाआजाका लागि घुइँचो लाग्ने गर्दछ भने शिवरात्रि, श्रावणको सोमबार आदि अवसरमा कैलासबाबाधाममा मेला लाग्ने गर्दछ । यसै मन्दिरको नजिकै बौद्ध गुम्बा रहेकाले बौद्ध धर्मावलम्बीहरू गुम्बामा दर्शन गर्नका लागि पनि आउने गर्छन् ।

देवघाट धाम

देवघाट धाम तनहुँ, नवलपरासी र चितवनको सङ्गममा रहेको तीर्थस्थल हो । देवताहरू जम्मा हुने स्थल भएकाले यस स्थललाई देवघाट भनिएको हो भन्ने भनाइ पाइन्छ । यस स्थानमा काली र सेती, त्रिशूली, मस्याङ्दी, दरौँदी, बुढी र मादी गरी छ वटा नदी मिसिएर आएको नदीसँग सङ्गम हुन्छ । सङ्गमपछि यो नदीलाई नारायणी वा सप्तगण्डकी नदी भनिन्छ । काली नदी र सेती नदीको मिलनका सम्बन्धमा एउटा किंवदन्ती छ : काली र सेती दुई दिदी बहिनी थिए । यिनलाई घुमाउन भनी विष्णु मर्त्यलोकमा लिएर आउँदा अन्नपूर्णाको काखमा विश्राम गर्दा त्यहीँ निदाए । त्यही समयमा मर्त्यलोकको अद्भुत सुन्दरताबाट लठ्ठिएकी काली नदी सुटुक्क निस्किएर विभिन्न क्षेत्रको अवलोकनका लागि आरामका साथ हिँडिन् । उता सुतिरहेकी बहिनी सेती केही समयपछि ब्युँझिदा दिदीलाई नदेखी हस्याङ्फस्याङ गर्दै हिँडिन् । उनी जोडले कुँदेकीले कैयौँ ठाउँमा भासिइन् । अन्तमा फेरो लगाएर आएकी काली र सिधै आएकी सेती नदीको भेट देवघाटको नजिकै पुगेर हुन्छ भन्ने भनाइ रहेको छ । यी नदीमध्ये काली नदीलाई विष्णु स्वरूपा मानिन्छ । कालीको उद्भव दामोदर कुण्डमा र शालग्राम भगवान्को वास हुने भएकाले यिनलाई विष्णु स्वरूपा मानिएको हो । त्रिशूली आदि नदीलाई शिवस्वरूपा मानिन्छ । शिवले समुद्र मन्थनबाट आएको विषको

सेवनबाट आएको जलनलाई शान्त पार्न त्रिशूलले खोपेर निकालिएकी भएकाले यिनलाई शिवस्वरूपा मानिएको हो । यी दुईको मिलनलाई हरि र हरको मिलनका रूपमा लिइन्छ । त्यसैले देवघाटलाई हरिहर क्षेत्रका रूपमा पनि लिइन्छ । कैयौँ देवीदेवताको जमघट हुने भएकाले यस क्षेत्रलाई विशष्ट तीर्थस्थलका रूपमा लिइन्छ । काली र त्रिशूली अर्थात् हरि र हरको मिलन मकर सङ्क्रान्तिका दिन भएको मानिने भएकाले मकर सङ्क्रान्ति अर्थात् माघे सङ्क्रान्तिका दिन यहाँ ठुलो मेला लाग्छ । यसको महत्त्वलाई झल्काउन स्कन्दपुराणको हिमवत्खण्डमा एउटा सन्दर्भ आउँछ, जस अनुसार : राजा रूपकेतुकी रानी कामप्रभा सारै कुरूप हुँदा राजाले हेला गर्थे । त्यो अपमान सहन नसरी रानी अन्य व्यक्तिको सहयोगमा देवघाटमा एकान्त वासका लागि हिडिन् । देवघाटमा बसेर बिहान काली र सेतीको दोभानमा नित्य स्नान गर्ने, साधुसन्तको सेवा गर्ने, उनका प्रवचन सुन्ने आदि कार्य गर्दै भगवत्भक्तिमा ध्यान लगाएर बसिन् । तर केही समयपश्चात् उनको शरीर पूरै फेरिएर पूरै सुन्दर भइन् । अन्तमा राजा रूपकेतुले उनलाई स्वीकार गरेको भन्ने कथा छ । यसैले यस ठाउँको महिमा अपरम्पार छ भन्ने जनविश्वास रहेको् देखिन्छ । यो स्थान अहिले अघोरी, शैव, रामानुज, निर्वाक, नाथ एवम् वैरागी सबैको आश्रय स्थल बनेको छ । यही स्थानमा पाल्पाका राजा मणिमुकुन्द सेनले पनि शान्तिको कामना गर्दै आश्रयस्थल बनाएको देखिन्छ । उनले स्थापना गरेको शिवमन्दिरलाई अहिले पनि मुकुन्देश्वर महादेव भनिन्छ । यसमा ओँकार प्रणवाक्षर कुँदिएकाले यसलाई ओँकारेश्वर महादेव वा चक्रको आकारको शिला भएकाले यसलाई चक्रशिला पनि भनिन्छ । यहीँ कैयौँ ऋषिमुनिले तपस्या गरेका थिए भन्ने कुरा हिमवत्खण्डमा आएका छन् । यहाँ सीता पाताल प्रवेशस्थल, वशिष्ठ गुफा, हरिहर मन्दिर, गुरु गोरखनाथ मन्दिर, हरिहर वेदवेदाङ्ग पाठशाला, मुकुन्द सेनको दरबारको अवशेष आदि धार्मिक तथा पुरातात्त्विक महत्त्वका स्थल देख्न पाइन्छ । यहाँ मृत्यु भएमा सिधै स्वर्गलोक गइन्छ भन्ने विश्वासले कैयौँ कल्पवासीहरू यहाँ बस्छन् भने यस स्थलको दर्शन एवम् स्नानका लागि नेपालका र भारतका विभिन्न स्थलबाट आउने भक्तहरूको पनि उत्तिकै भिड लाग्ने गर्छ ।

धनुषाको मुखियापट्टी

नेपालको तराईमधेशमा रहेको पुरातात्त्विक महत्त्वका स्थलमध्ये धनुषाको मुखियापट्टी एक हो । यहाँ ऐतिहासिक अवशेषमध्ये धनुषा जिल्लाको दक्षिणी

सिमा रहेको मुखियापट्टीमा नदीको तटबन्ध बनाउने क्रममा डोजरले माटो खन्दा ४ फिटमुनि माटोभित्र ठुलो इलाकाभित्र माटाले बनाइएका मूर्तिहरु, भाँडाकुँडाहरु तथा जनावरका अवशेषहरु, ठुलो ईट्टाका पर्खालहरु, ४० देखि ५० इन्चको दरबारको जग रहेको फेला परेको छ । पुरातत्त्व विभागले यी सामग्रीलाई गुप्तकालका भएको आंकलन गरेको छ । त्यसैले मुखियापट्टीलाई पुरातात्त्विक महत्त्वको स्थल मानिन्छ ।

धनुषा धाम

धनुषाधामको नाम सीताको विवाहमा स्वयम्बरमा रामले भाँचेको धनुषसँग सम्बन्धित रहेको मानिन्छ । भनाइअनुसार भाँचिएका धनुष तीन टुक्रा भयो, त्यसमध्ये दुईवटा टुक्रा उडेर केहीपर छुट्टाछुट्टै जङ्गलमा खसे । जसमा एउटा टुक्रा त्यहीँ रह्यो । अहिले पनि त्यो धनुष खण्ड त्यहाँ पीपलको रुखमुनि रहेको देख्न सकिन्छ । यो एक किसिमको ढुङ्गा हो । त्यही टुक्राका आधारमा यस ठाउँको नाम धनुषा रहन गएको मानिन्छ । त्यो ठाउँमा अहिले माथिबाट छानो हालेर संरक्षित गरिएको छ । यहाँ प्रत्येक वर्ष मकर सङ्क्रान्तिमा जल चढाएर प्रत्येक आइतवार क्रमशः जेठो्, माइलो, साइँलो, काइँलो र कान्छो गरी मेला लाग्छ । यसलाई मकर मेला भनिन्छ । यही धनुषा ठाउँका नामबाट हाल धनुषाधाम भन्ने ठाउँ र धनुषा जिल्ला नाम रहन गएको मानिन्छ ।

निग्लिहवा

हालको कपिलवस्तु जिल्लाको ऐतिहासिक र पुरातात्त्विक महत्त्व राख्ने स्थलमध्ये एक निग्लिहवा हो । यो कनकमुनि बुद्धको जन्मस्थल मानिन्छ । हाल यस स्थानमा कनकमुनिको पूर्णकदको प्रतिमा राखिएको छ । कनकमुनिलाई पाचौं, क्रकुच्छन्दलाई छैठौं र शाक्यमुनिलाई सातौं बुद्ध मानिन्छ । त्यसमध्ये यस स्थानलाई कनकमुनि बुद्धको जन्मस्थान मान्नुको आधार त्यहाँको अशोक स्तम्भ हो । हाल यो स्तम्भ निग्लिसागरको पश्चिम कुनामा दुई टुक्रा परेको अवस्थामा छ । अशोकले आफ्नो चौधौं राज्याभिषेकका क्रममा इ. पू तेस्रो शताब्दीमा दोस्रोपटक लुम्बिनी, रामग्राम, तिलौराकोट आदि बौद्धस्थलको भ्रमण गरेका थिए । सोही क्रममा यो स्तम्भ राखिएको यसमा पाली भाषा र ब्राह्मी लिपिमा लेखिएको लेखाइबाट जानकारी पाइन्छ । तिलौराकोटदेखि केही उत्तरमा स्तम्भ रहेको

जानकारी सर्वप्रथम भारतका मेजर जसकरणले दिएका थिए भने जर्मन विद्वान् फुहररले सन् १८९५ मा यो स्तूप र अभिलेख फेला पारेका थिए। अशोकले त्यहाँ एउटा अर्को प्राचीन स्तूपलाई मरम्मत गराएको भन्ने जानकारी प्राप्त भए पनि त्यो स्तूप फेला परेको छैन। यहाँ प्राप्त अभिलेखले यो क्षेत्र नै प्राचीन कपिलवस्तु हो भन्नेमा सबैलाई विश्वास दिएको थियो। फाहियान र ह्वेनसाँगको विवरणमा त्यसको पूर्वतिर लुम्बिनी रहेको सङ्केत गरेको थियो। यसै आधारमा खोजी हुँदा यसको लगत्तै अर्को वर्ष लुम्बिनीमा अशोक स्तम्भ फेलापरेको थियो। त्यसैले कपिलवस्तु र लुम्बिनीको खोजीमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने निग्लिहवा पुरातात्त्विक र सांस्कृतिक महत्त्वको क्षेत्र हो भन्ने कुरामा कुनै दुई मत छैन।

बाबा बर्दगोरिया मन्दिर

नवलपरासीको सुनवल नगरपालिका भुमही बजारको नजिकै बाबा बर्दगोरियाको मन्दिर छ। यहाँ भगवान् शङ्करको प्राचीन मन्दिर रहेको छ। यस मन्दिर अगाडि एउटा प्राचीन पोखरी छ जसलाई अमर पोखरी भनिन्छ। यहाँ विशाल बगैंचा, ऋषि आश्रम, १०८ शिवलिङ्ग, साँढेको मूर्तिलगायतका विभिन्न अवशेषहरू रहेका छन्। यी सामग्रीमध्ये केही व्यवस्थित अवस्थामा र केही यत्रतत्र छरिएका अवस्थामा छन्। स्थानीय बुद्धिजीवी श्री देवराज भण्डारीले बताएको किंवदन्ती अनुसार हालको कपिलवस्तुको आसपास (कसैले दिल्ली र कसैले गोरखपुर पनि भन्ने गरेको) मा मध्यकालमा नौ लाख गाईहरूको संरक्षकका रूपमा एउटा अत्यन्त आकर्षक र विशाल साँढे थियो। साँढे विशेष शक्तियुक्त वा दैवी गुणले सम्पन्न थियो। त्यसैले त्यस साँढेलाई चिन्न वा त्यसको महत्त्वलाई बुझेर त्यहाँका वासिन्दाहरूले अनेकौं गहनाहरू लगाइदिएका थिए। त्यस साँढेका गहना देखेर केही गुन्डाहरूले मारेर त्यसका गहना लुट्ने प्रयास गर्न थाले। सुरुमा त साँढेले आफूलाई बचाउन धेरै प्रयास गऱ्यो तर गुन्डाहरूका अगाडि उसको केही लागेन। त्यसपछि ऊ भाग्न थाल्यो। भाग्दै भाग्दै हालको सुनवलमा आइपुग्दा उसको टाउकोलाई गुन्डाहरूले काटिदिए। टाउको काटिएपछि पनि साँढेले बिहानको कुखुरा नबास्दै हाल बर्दगोरिया रहेको स्थानदेखि केही अगाडि रहेको अमर दहमा पुग्ने र अमर हुने मनसायले टाउको विनाको धड लिएर कुँद्न थाल्यो तर अमर दह पुग्नु अगावै कुखुरा बासेकाले ऊ त्यहीँ नै शिलाका रूपमा स्थापित हुन पुग्यो। कालान्तरमा त्यहाँका रैथानेहरूले साँढेलाई दिव्य गुणले युक्त भएको मानी

पूजा गर्न थाले । यहाँ विशेष गरी शिवरात्रि, श्रावण महिना, तिज जस्ता शिवको आराधना गर्ने पर्वमा विशेष भिडभाड हुने गर्दछ । यस समयमा नेपाल र भारतका विभिन्न ठाउँका लाखौँ मान्छेले मेला भर्ने गरेको डा. श्याम न्यौपाने बताउनुहुन्छ ।

मुर्तियाका मन्दिर

सर्लाहीको मूर्तिया ऐतिहासिक र सांस्कृतिक स्थलका रूपमा चिनिएको छ । यहाँ आजभन्दा करिब ९०० वर्ष अगाडिको सिम्रौनगढका पुराना भग्नावशेषहरु यत्रतत्र छरिएका छन् । त्यो वेला सिम्रौनगढको कर असुली केन्द्र मुर्तिया रहेको यहाँ रहेका दरबारका अवशेषले देखाउँछन् । जहाँ राजाहरु समयसमयमा विश्रामका निम्ति आउने गरेको कुरा इतिहासविद्ले पनि बताएका छन् । त्यहाँ एउटा भव्य दरबार अनि दरबारभित्र हुने सम्पूर्ण सुविधाहरुले सुव्यवस्थित रहेकाले यसको पुष्टि गर्छन् । दरबारभित्र सुरुँग र इनार पनि छ । यहाँ हिन्दुहरुका विभिन्न देवी-देवताका मूर्तिहरु पनि पाइएका छन् । त्यसैले यस ठाउँको नाम मुर्तिया रहन गएको हो भन्ने मानिन्छ । यस ठाउँको मुख्य आकर्षण र आस्थाको केन्द्र मुक्तेश्वर नाथ रहेको छ । यहाँ सोमबार र प्रत्येक शिवलाई मानिने पर्वमा भव्य मेला लाग्ने गर्दछ ।

यस स्थानका बारेमा रहेको बस्तीका बारेमा किम्वदन्तीअनुसार बस्ती बस्ने क्रमसँगै २०१७ सालमा मोहन सिँह नाम गरेका एक योगी गाईको बथान लिएर यस नँया बस्तीमा आएका थिए । उनले अदृश्य शक्तिले हाल मुर्तिया भनिने गाँउको बिचमा रहेको माटाको ढिस्को उत्खखन गर्‍यो भने त्यहाँ थुप्रै हिरा, मोती, मणिक, सुन, चाँदी लगायतका धनसम्पति र विभिन्न देवीदेवताका मूर्ति भेटिने सपना देखे । उनले देखेको सपनाअनुसार स्थानीय गाँउलेहरुले माटोको ढिस्को उत्खनन गर्दा भग्नावशेषभित्र शिवलिङ्ग भेटिएको थियो । त्यही वेलादेखि त्यहाँ पूजाअर्चनाको सुरुवात गरियो र यज्ञसमेत गरी शिवलिङ्गको नामकरण मुक्तेश्वर महादेव गरियो । यस्तै विक्रम संवत् २०२७ सालमा भारतको काशीबाट त्यागी बाबा नामक एक व्यक्ति यस मुर्तिया गाँउमा आई ठुलो महायज्ञ गरेको र महायज्ञ समापनको दिन (भोज) पकाउन आगो बालेकै स्थानमा उत्खनन गर्दा भग्नावशेषभित्र पुनः शिवलिङ्ग भेटियो । त्यस शिवलिङ्गको नाम चक्रेश्वर महादेव राखियो । त्यहाँ विभिन्न आकारप्रकारका चारवटा ठुलाठुला मन्दिरहरुका भग्नावशेष फेला परेका छन् । जसमा कालो, चिल्लो, हाल अप्राप्य इँट्टामा कलात्मक तरिकाले कुदिएका आकाशभैरव तथा गौतम बुद्धका आकर्षक मूर्तिका साथै अन्य मूर्तिहरु पनि रहेका छन ।

मौलाकालिका मन्दिर

मौलाकालिका मन्दिर विभिन्न ऋषिमुनिहरूको तपोभूमिका रूपमा सुपरिचित छ। मौलाकालिका भगवतीको मन्दिर गैंडाकोट नगरपालिका वडा नं. १ पूर्वपश्चिम महेन्द्र राजमार्गको नारायणी पुलबाट उत्तरतर्फ करिब चार किलोमिटर टाढा समुद्र सतहदेखि ५६१ मिटर उचाइमा पहाडी वनको बिचमा सुप्रसिद्ध शक्तिपीठका रूपमा अवस्थित छ । यसको ऐतिहासिक पृष्ठभूमि राजा मणिमुकुन्द सेनसँग जोडिएको छ । विक्रम संवत् पन्ध्रौं शताब्दीको अन्त्यतिर पाल्पाका तत्कालीन राजा मणिमुकुन्द सेनले आफ्नो शासनकालमा यस ठाउँमा सैनिक टुकुडी राखेका थिए र सैनिक टुकुडीलाई शक्ति आराधनाका लागि मौलो गाडेर शक्तिपीठका रूपमा पूजाअर्चना गर्ने व्यवस्था गरेका थिए । उनको शासनकालपछि स्थानीय पिनाली र सुनारी मगरले शक्तिपीठको पूजा गर्ने परम्परालाई निरन्तरता दिएका थिए भन्ने किंवदन्ती पाइन्छ । त्यसपछि स्थानीय गाउँलेहरू आफैले आलोपालो गरेर पूजा गर्ने व्यवस्था मिलाएका थिए । शक्तिपीठको नजिकै एउटा ठुलो रूख थियो, जुन रूख १९९० सालको भुइँचालोमा ढलेको थियो । रूख ढलेसँगै शक्तिपीठका ऐतिहासिक संरचनाहरू पनि भताभुङ्ग भएका थिए । कालान्तरमा गाउँका आदिवासी बासिन्दाहरू अन्यत्र बसाइ सर्न थालेका कारण पूजा गर्ने चलन पनि करिब करिब लोप हुन थालेको थियो । २०३२ सालमा गैंडाकोट-१ निवासी काशीनाथ पौडेलले सपनामा मौलाकालिकाको दर्शन पाएछन् । त्यसपछि तत्काल काशीनाथ पौडेल र ह. कमानसिंह गुरुङ दुवै मिलेर उक्त ठाउँमा खनीखोस्री गर्दा धमिराले खाएको काठको मौलो, गोलाकारका शिला र घन्टीहरू फेला पारेछन् । त्यसपछि सोही स्थलमा स्थानीय बासिन्दाहरूले सानो मन्दिर निर्माण गरी बडादशैंमा र चैतेदशैंमा मात्र पूजापाठ गर्दै आएको ऐतिहासिक तथ्य पाइने डा. मतिप्रसाद ढकालले ‘‘नवलपरासी सन्देश २०७४’’ मा जानकारी गराएका छन् ।

स्थापनाकालमा सैनिकहरूले र त्यसपछि मगरहरूले मन्दिरमा पूजाअर्चना गर्दै आए पनि २०३२ सालदेखि मन्दिरमा ब्राह्मणद्वारा पूजा हुन थालेको हो । दक्षिण, पश्चिम र उत्तरतिर फर्केका तीन ढोका र तीन तला भएको प्यागोडा शैलीमा निर्मित मौलाकालिका मन्दिरको प्रवेशद्वार नजिकै रहेका सिद्धि गणेशको मन्दिर एवं राधाकृष्णको मन्दिर, देउराली भन्ज्याङ सिँढीमार्गमा अवस्थित देउराली देवीको खुला मन्दिर, मौलाकालिका मन्दिरको प्राङ्गणमा रहेको हवन कुण्ड,

भैरव देवीको मन्दिर, ॐ नमः शिवाय मठ, शिवलिङ्ग मठ, तुलसी देवीको मठ, मन्दिरको प्राङ्गणमा अवस्थित मूल प्रवेशद्वारमा राखिएका गणेश र सरस्वतीका मूर्तिहरूले यस मन्दिरको शोभा बढाएका छन् । मतिप्रसाद ढकालका अनुसार पूर्वपश्चिम राजमार्गको गैँडाकोटदेखि मौलाकालिका फेदी प्रवेशद्वारसम्मको सडक कालोपत्रे भइसकेको छ । त्यसदेखि मन्दिरसम्म सिँढीमार्ग निर्माण गरिएको छ । बाटामा ठाउँ ठाउँमा खानेपानीका धारा, चौतारी र विश्रामगृहहरू पनि निर्माण गरिएका छन् ।

राजदेवी मन्दिर

जनकपुरको रामजानकी मन्दिर नजिकै राजदेवी मन्दिर छ । यो मन्दिर पनि विशेष प्रकारको इतिहास बोकेको मन्दिर हो । किम्वदन्ती अनुसार राजदेवी राजा जनककी कुलदेवी हुन् । हाल राजदेवी रहेको मन्दिर पहिला गहवर थानको रूपमा थियो । तराईमधेसका गहवरमा माटोको ढिस्कोलाई पूजा गर्ने परम्परा छ । त्यहाँ कुनै मूर्ति हुँदैन किनभने गहवर पितृस्थल भएकाले त्यहाँ कुनै देवदेवीको प्रतिमाको पूजा हुँदैन । राजदेवीको गर्भगृहको वरपर एकतले पर्खाल हालेको घर छ । त्यसको माथिल्लो भागमा कपडाको छाना राखिएको छ। त्योसँगै चाँदीको झाँपहरु राखिएका छन् । मूल शिरमा चाँदीको मुहार/आकृति राखिएको छ । जसमा नाक, मुख, आँखा प्रतिबिम्बित गरिएका छन् । दशैंमा यहाँ १५ देखि २० हजार बोकाको बलि दिने गरिन्छ । यस मन्दिरमा कुनै किसिमको ढुङ्गाका मूर्तिहरु छैनन् । त्यसैले यो विशुद्ध कुलदेवीको रूपमा रहेको छ ।

यस्तै राजदेवी मन्दिर सप्तरी जिल्लाको राजविराजको पूर्वी भागमा पनि छ । गुम्बज शैलीको प्रारम्भिक स्वरूप परिवर्तन भएर हाल आधुनिक शैलीको स्वरूपमा परिणत भएको छ । स्थानीयबासीको भनाइअनुसार राजदेवी कुनै राजाकी इष्टदेवी हुन् । नेपालको एकीकरणपश्चात् शाहवंशीय राजाको शासन काल वि.सं. १९०६ मा हालको राजविराज नगरपालिका - १ पडरियाका सुरतलाल चौधरी थारूको बाजेलाई लालमोहर गरी अक्षतापाती र पूजारीको व्यवस्थापनका लागि ११ बिगाहा जग्गा बकस भएको थियो (चौधरी, २०७४, पृ. २४) । थारू जाति मात्र वंशानुगत रूपमा पुजारी बस्ने यस मन्दिरमा हाल पाँचौ पुस्ताका पुजारी भोलाप्रसाद चौधरी छन् । यस मन्दिरमा हरेक वर्षको वैशाख १ गते विधिविधानसहित पूजाआजा हुन्छ र मेला पनि लाग्दछ ।

रामग्राम स्तूप

बुद्धका संसारभरि बनाइएको स्तूपमध्ये रामग्राम स्तूप एक हो । यस स्तूपलाई गौतम बुद्धको पूर्ण अस्तुकलश भएको विश्वकै एकमात्र स्तूप मानिन्छ । यो इस्वीसम्वत् सुरु हुनुभन्दा ५ सय वर्ष पुरानो अर्थात् आजदेखि पच्चिस सय वर्ष पहिले कोलीय राजाद्वारा निर्मित स्तूप हो भन्ने मानिन्छ । यस कुरालाई विश्वास गर्ने आधारहरू विभिन्न बौद्ध ग्रन्थ र इतिहासका पुस्तकहरूमा पाइन्छन् । त्यहाँ बताइए अनुसार बुद्धले आफ्ना अनन्य शिष्य आनन्दलाई आफ्नो महापरिनिर्वाणपछि अस्थि/अस्तुलाई राखेर स्तूप बनाउन भनेका थिए । गौतम बुद्धको महापरिनिर्वाणपछि बुद्धको आशयअनुसार आनन्दले बुद्धको अन्त्येष्टिमा आएका राजामहाराजा तथा अन्य गन्यमान्य व्यक्तिहरू समक्ष जब बुद्धको अस्थिलाई स्वर्णकलशमा राखेर स्तूप निर्माण गर्ने प्रस्ताव राखे तब अन्त्येष्टिमा उपस्थित मगध सम्राट अजातशत्रु, कुशीनगरका मल्ल, वैशालीका लिच्छवी, कपिलवस्तुका शाक्य, रामग्रामका कोलीय, बलियाका राजा, विद्यापीठका ब्राह्मणहरूले विभिन्न कारणले गौतम बुद्धको अस्थि/अस्तुमाथि आफ्नोआफ्नो दाबी प्रस्तुत गरे । यिनीहरूका बिचमा अस्थि कसले पाउने र स्तूप निर्माण कसले गर्ने भन्ने सम्बन्धमा एकमत नभइरहेकै अवस्थामा सबै राजाका आआफ्ना कुरा र दाबी सुनेर आक्रोशित भई मल्ल राजाले तलवार झिके । यो देखेर सबै राजाले आआफ्ना तलवार झिक्न थाले । अस्थिका लागि युद्ध हुने सङ्केत देखिन थाल्यो । यस प्रकारको अप्ठ्यारो परिस्थितिमा त्यहाँ आइपुगेका द्रोण ऋषिले उनीहरू सबैको बुद्धप्रतिको आस्थालाई देखी उपाय सुझाए । तपाईंहरू यहाँ आठ क्षेत्र वा राज्यका राजा वा प्रतिनिधि हुनुहुन्छ र सबै बुद्धका अनन्य भक्त हुनुहुन्छ त्यसैले एउटा मात्र स्तूप बनाउनुभन्दा अस्थि आठ भागमा बाँडेर आठै स्थानमा स्तूप बनाउनुस् । द्रोण ऋषिको यो उपायप्रति सबैको चित्त बुझ्यो र अस्थिलाई ऋषि द्रोणले स्वर्णकलशमा राखेर सबै राजालाई बाँडी दिए । आठै जनालाई बाँडिसकेपछि पिप्पलीवनका मौर्यहरू बुद्धको अस्थिमाथि आफ्नो पनि अधिकार रहेको दाबी गर्दै आए । अस्थि बाँडी सकिएकाले उनीहरूले चिता जलेर रहेको कोइला लिएर गए । आठ जनाले लगेका अस्थिकलशमध्ये मगधका राजाले राजगृहमा, लिच्छिबी राजाले वैशालीमा, शाक्य राजाले कपिलवस्तुमा, कोलीय राजाले रामग्राममा, बलियाका राजाले अलकप्पामा, मल्ल राजाहरूले कुशीनगर र पावामा र विद्यापीठाधीश ब्राह्मणहरूले पीठाजनमानसमा गरी आठवटा भव्य स्तूपको निर्माण गरे ।

यिनै स्तूपमध्ये रामग्राम स्तूप एक हो। तात्कालिक अवस्थामा कोलीय गणराज्यको राजधानीलाई देवदहका अतिरिक्त रामग्राम पनि भनिन्थ्यो र रामग्रामका राजाले स्तूप बनाएका कारण यसको नाम रामग्राम स्तूप रहन गएको हो भन्ने मानिन्छ। जुन स्तूप अहिले नवलपरासी (पश्चिम) जिल्लाको रामग्राम नगरपालिकाको वडा नं.७ उज्जैनीमा अवस्थित छ । यसको लम्बाइ ९० फुट, चौडाइ ८० फुट र उचाइ ३० फुट रहेको छ । देवदह भनेर चिनिने कोलीय राजधानी रामग्राम साविकको बन्जरिया गाविसको पण्डितपुर गाउँमा अवस्थित छ। कोलीय राजधानी रामग्रामदेखि रामग्राम स्तूप चार माइल पूर्व र दक्षिण दिशामा रहेको भन्दै चिनिया यात्री फाहियान र हुयान साङले गरेको वर्णनको आधारमा खोज गर्दा रामग्राम स्तूप भेटिएको थियो । स्तूपको महत्त्वबारे बौद्ध धर्मग्रन्थ त्रिपिटकमा पनि उल्लेख छ । बुद्धको अस्तुबाट आठवटा स्तूप बनाए पनि रामग्राम स्तूप मात्र अहिलेसम्म सुरक्षित छ । यस सम्बन्धमा विभिन्न ग्रन्थमा निम्नलिखित भनाइ पाइन्छ । भनाइअनुसार चन्द्रगुप्त मौर्यका नाति अशोक चक्रवर्ती सम्राट भएर गुरु चाणक्यको सपना पूरा गर्नका लागि अखण्ड भारत बनाउने अभियानमा लागेका थिए । यसक्रममा कैयौँ राजाहरूसँग युद्ध गर्दै जाँदा कलिङ्गका राजा जगन्नाथको हत्या गरेर त्यस राज्यको उत्तराधिकारी रहेकी आफ्नी बालसखा तथा प्रेयसी राजकुमारी कौरकीलाई पनि हत्या गरेर कलिङ्गलाई आफ्नो कब्जामा पारेका थिए। यसरी लाखौँ व्यक्तिको हत्या गरेर उनले आफ्नो महत्त्वाकाङ्क्षी युद्ध त जिते तर युद्ध जित्न आफूले आफ्नै बालसखा वा प्रेयसीलाई समेत मारेकोमा व्यापक आत्मग्लानि हुन गई अन्तमा आत्मशान्तिका लागि भिक्षुको शरण गई बुद्धमार्गी भएर अहिंसाको प्रचारमा लागे । यस क्रममा विभिन्न स्थानमा रहेका बुद्धका अस्थिकलशबाट निर्मित सातै स्तूपबाट अस्थि झिक्दै संसारभर ८४ हजार बौद्ध स्तूप बनाए । अन्तमा कोलीयमा आई रामग्राम स्तूपबाट पनि अस्थि निकाल्न खोज्दा त्यहाँका नागवंशीले अस्थि निकाल्न दिएनन् । अन्तमा लडाइँ नै गर्नुपर्ने स्थिति आएपछि शान्तिको मार्गमा लागेका अशोकले लडाइँ गर्न उचित नदेखी त्यहाँ माटाको स्तूप रहेकोमा त्यसमाथि इट्टाको स्तूप बनाउन र केही विहार बनाउन लगाएका थिए (गौंड : २०७४)। यसरी अशोकले बुद्धका अस्थिबाट निर्मित स्तूपबाट अस्थि निकाल्ने अभियानबाट रामग्राम स्तूप बचेको ठानिन्छ। त्यसैले संसारमा यो स्तूप नै गौतम बुद्धको पूर्ण अस्थिकलश भएको एकमात्र स्तूप हो ।

यसरी रामग्राम स्तूप संसारभरका बुद्धका अनुयायी वा बुद्धका बारेमा जानकारी

राख्नेहरूका लागि विशेष स्थान बन्न पुगेको छ । यो ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण भए पनि यसको प्रचारप्रसार हुन सकिरहेको छैन । यसमा सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

राम मन्दिर

जनकपुरमा रहेको राम मन्दिर ऐतिहासिक महत्त्व राख्ने मन्दिर हो । यहाँ राम पाञ्चायन (राम, सीता, लक्ष्मण, भरत र शत्रुघ्न) का मूर्तिहरू प्रतिष्ठापित छन् । यी मूर्तिलाई अतिप्राचीन/गुप्तकालीन मानिन्छन् । विष्णु पुराणमा पनि उल्लेख गरिए अनुसार : "सीताको विवाह भएर विदाइ गर्ने वेलामा राजा जनक शोकमग्न भई बेहोस भएपछि किन यस्तो भएको भनी रामले सोध्दा जनकले मेरो आत्मा भनेको सीता हुन् । उनको अभावमा यस्तो भएको हो भनी जनकले भनेपछि रामले तुरुन्त विश्वकर्मालाई बोलाएर त्यहाँ रामपाञ्चायन मन्दिर बनाउन लगाउँछन् । अनि हामी गए पनि हाम्रो उपस्थिति यहीँ रहने छ" भनी जनकसँग विदावारी भएर राम, सीता आदि अयोध्या फर्किएको सन्दर्भ छ । विश्वकर्माले बनाएको त्यही रामपाञ्चायन नै हालको राममन्दिरमा रहेका रामपाञ्चायन हो भन्ने भक्तजनको विश्वास रहेको छ । यस मन्दिरको जिर्णोद्धार वा पुननिर्माण भने अमरसिंह थापाले वि.स.१८३९ मा गराएको कुरा यहाँको शिलालेखमा उल्लेख रहेको छ । जनकपुरमा रहेका अधिकांश मन्दिरहरु शिखर, गुम्बज र मुगल शैलीमा बनेका छन् तर राम मन्दिर र विवाह मण्डप पेगोडा शैलीमा बनेका छन् । राम मन्दिरमा पुराना मूर्ति, महत्त्वपूर्ण ताम्रपत्र, काष्ठपत्र र पुराना गहनाहरु सुरक्षित छन् । यस मन्दिरमा अमरसिंह थापाले विषहरा पोखरीमा चढाएको नागफणा होमकर्ण सेनको कुशविर्ता चढाएको ताम्रपत्र, श्री ३ महाराज जंगबहादुर रानाले वि.स.१९३३ मा जनकपुरमा जारी गरेको काष्ठपत्र आदि ऐतिहासिक दस्तावेज राममन्दिरमा राखिएका छन् । हाल यी सामग्री गुठी संस्थानअन्तर्गत भद्रकाली काठमाण्डौंमा संरक्षित छन् । राम मन्दिरमा भएको चाँदीको कोशको माथिल्लो भागमा शिवको पाँच मुख र बिचको शिरमा गङ्गा कुदिएको छ । पाँच तत्त्वको प्रतिबिम्ब गर्ने शिवका पाँच मुख तत्पुरुष, सद्योजात, वामदेव, अघोर र ईशान नै यस कोशमा कुँदिएका छन् । यो शिवङ्गिको कोशलाई पाँचवटा फन भएको नागले छाता ओढाएको जस्तो गरेर बसेको छ । शिवको पाँच शिरमा कोरिएको कपाल सुन्दर तरिकाले देखाएइको छ । शिवको निधारमा स्पष्टसँग देखिने गरी तेस्रो नेत्र बनाइएको छ । मन्दिरको

गर्भगृहमा र बाहिरी भित्तामा योगमायाका मूर्ति स्थापित छन् । यी योगमायालाई शिवकी जननी सद्योजात, रामकी आमा कौशल्या, कृष्णकी आमा देवकी, बुद्धकी आमा प्रजापति आदिका रूपमा पनि मानिने गरेको छ ।

लुम्बिनी

लुम्बिनी विश्वभरका बौद्धधर्मावलम्वी र बुद्धधर्ममा विश्वास राख्नेहरुका लागि आस्थाको केन्द्र हो । यहीँ सिद्धार्थ गौतमले इ. पू ५६३ मा वैशाख शुक्लपूर्णिमाका दिन जन्म लिएका थिए । सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि उनी गौतम बुद्धका नामले विश्वप्रसिद्ध भए । यो लुम्बिनी क्षेत्र प्राचीन शाक्य र कोलीय राज्यको बिच भागमा अवस्थित छ । शाक्यवंशीय राजा शुद्धोधनकी श्रीमती मायादेवी कोलीय वंशकी राजकुमारी भएकाले गर्भवती अवस्थामा यिनी माइत जान भनेर हिँडेको अवस्थामा लुम्बिनी उपवनमा पुग्दा यिनलाई बेथा लाग्यो र त्यहीँ सुसारेको सहायताले उनले बच्चाको जन्म दिइन् । भनिन्छ, बच्चा जन्मिएपछि त्यो बच्चा सात पाइला हिँडेको थियो । शाक्य महारानी रूपादेवीले बच्चा जन्माएकाले त्यो स्थानलाई स्थानीय बोलीमा रुम्बिनीदेई, रुमिनी देई हुँदै रुपन्देही भनिन थाल्यो । यसै स्थानका नामबाट यस जिल्लाको नाम नै रुपन्देही राखिएको छ । सिद्धार्थको भविष्यका बारेमा राजा शुद्धोधनले असीत तथा कौडिन्य जस्ता विशिष्ट ज्योतिष्विद्लाई लग्नकुण्डली देखाउँदा उनीहरुले यो बच्चा सम्राट हुने वा वैरागी हुने बताउँछन् । यसपछि शुद्धोधनले सिद्धार्थलाई राजसी व्यवहारमा विशेष ध्यान दिन र मनमा विषाद् उत्पन्न हुने चिजतर्फ रोक्न हरेक प्रयास गर्छन् तापनि सहर घुम्नेक्रममा उनले बृद्धलाई, रोगीलाई र मरेको मानिसलाई देखेपछि उनमा मानिसको जीवन के हो ? किन मानिस रोगी हुन्छ ? किन बुढो हुन्छ ? र किन मर्छ ? भन्ने भावनाले उनको मनलाई सताइरहन्छ । यसलाई उनले विभिन्न विद्वान्लाई सोधेपनि चित्तबुझ्दो जवाफ नआएपछि उनी ज्ञानको खोजीमा आफू उनन्तिस वर्षको हुँदा राजकीय परिवेश छोडेर हिँड्छन् । कैयौँ गुरुहरुबाट शिक्षा लिँदा पनि चित्त नबुझेपछि उनी आफै घोर तपस्यामा बस्छन् । सुरुमा निराहार रहेकामा यसबाट सम्भव नहुने ठानी आवश्यक भोजनसहितको तपस्याबाट उनलाई दुःख, दुःखको कारण, दुःखको निरोध र दुःख निरोध हेतु चारवटा आर्यसत्य ज्ञान प्राप्त हुन्छ । यसलाई कार्य रूपमा लैजान उनलाई आठवटा मार्गको बारेमा पनि बोध हुन्छ । यही आठवटा मार्गलाई बुद्धका अष्टाङ्गिक मार्ग भनिन्छ । यही ज्ञान पछि गएर बुद्धधर्म भनी

प्रचारप्रसार भयो । यो ज्ञान प्राप्त गर्ने सिद्धार्थको जन्मस्थान भएकाले लुम्बिनी हाल विश्वका मानिसहरुले अवलोकन गर्ने प्रमुख स्थल बनेको छ ।

यो स्थल लुम्बिनी हो भनेर चिनाउनमा मगध सम्राट अशोकको महत्त्वपूर्ण भूमिका छ । अशोक बौद्धधर्मका अनुयायी भएपछि बुद्धसँग सम्बन्धित स्थलहरूको भ्रमण गर्ने सन्दर्भमा लम्बिनी आएर बुद्ध जन्मिएको स्थान नजिकै शिलालेखसहित स्तम्भ निर्माण गरिदिए । यसैलाई अशोकस्तम्भ भनिन्छ । पछि सन् ४०३ मा चिनिया यात्री फाहियानले यस क्षेत्रको भ्रमण गरी भ्रमणको अभिलेखमा लुम्बिनी नामको राजकीय बगैँचामा रहेको तलाउमा मायादेवीले स्नान गरेको र त्यस तलाउबाट बिस कदम उत्तर हिँडेपछि सिद्धार्थलाई जन्म दिएको भन्ने उल्लेख गरेका छन् । यस्तै सन् ६३६ मा आएका चिनिया यात्रीले यस बगैँचामा पुष्करिणी नामको तलाउ, केही स्तूपहरु र नजिकै टुप्पामा घोडाको आकृति भएको अशोक स्तम्भ रहेको आफूले देखेको बताएका थिए । यस्तै यहाँ मौर्य, शुंग, गुप्त, मल्ल, पाल र सेन वंशका समयमा प्राचीन अवशेष प्राप्त भएकाले यस स्थानमा पहिलेदेखि मानिसहरुको आवतजाउत रहेको देखिन्छ । १३१२ मा खस राजा रिपु मल्लले यहाँको अशोक स्तम्भमा आफू आएको लेखोट लेखाएका थिए । तर मध्यकालमा सिकन्दरलोदी र औरङ्गजेबले यस क्षेत्रका धार्मिक सांस्कृतिक क्षेत्रलाई ध्वस्त पारेपछि यो स्थान निर्जन बन्यो । पछि उन्नाइसौँ शताब्दीको अन्तमा जर्मन विद्वान् फुहरर र पाल्पाका बडाहाकिम खड्ग शम्शेरको उत्खनन कार्यबाट लुम्बिनीको अशोक स्तम्भ र त्यसको अभिलेख प्राप्त भयो । यसैका आधारमा पी. सी मुखर्जीको उत्खननबाट बज्रबाराहीको मूर्ति र अन्य अवशेष प्राप्त भए । फिल्ड मार्शल केसर शम्शेरको अवैज्ञानिक मानिएको उत्खनन भए पनि त्यसबाट मायादेवीको मन्दिर, पुष्करिणी तलाउ र अन्य केही अवशेष प्राप्त भएका छन् । यस्तै देवला मित्र, पुरातत्त्व विभाग, जापानी बौद्ध संघ आदिबाट पनि विभिन्न उत्खनन भएका छन् । यी अध्ययनबाट अन्य कैयौँ अवशेष प्राप्त हुँदै आएका छन् । यहाँ बुद्धको जन्मलाई सङ्केत गर्ने कङ्लोमेरिट स्टोन (बुद्ध जन्मिएको स्थान चिनाउने ढुँगो) पनि प्राप्त भएको छ । यी सबै अध्ययन र प्राप्त पुरातात्त्विक महत्त्वका सामग्रीको प्राप्तिले यो स्थान लुम्बिनी नै भएको प्रमाणित भएको छ । यसलाई विश्व सम्पदा सूचीमा सूचीकृत पनि गरिएको छ । यहाँ विश्वशान्ति दीप, विश्वशान्ति स्तूप, चिनिया, कोरियन, श्रीलङ्का आदि विभिन्न देशका बौद्धधर्मसँग सम्बन्धित सङ्ग्रहालयहरु बनाइएका छन् । हाल यहाँ प्रो. केन्जो टाँगेको योजना अनुसार गुरुयोजना बनाई यहाँको भौतिक विकास गरिँदै आएको छ ।

वाल्मीकि आश्रम

वाल्मीकि आश्रम हरिहर/त्रिवेणी क्षेत्रको महत्त्वपूर्ण स्थल हो । यो आश्रम नवलपरासीको त्रिवेणीबाट लगभग ४ किलोमिटर पूर्वदक्षिणतर्फ भारतको सीमा नजिकै चितवन जिल्लामा पर्छ । यहीँ वाल्मीकिले आद्यकाव्य रामायणको रचना गरेको, सीताको दोस्रोपटकको वनवास भएको, लव र कुशको जन्म तथा शिक्षादीक्षा भएको मानिन्छ । त्यसैले यो क्षेत्र पवित्र धार्मिक क्षेत्रका रूपमा रहेको छ । यहाँ हालसम्म पनि वाल्मीकि आश्रमका अवशेषका रूपमा वाल्मीकि आश्रमको खण्डहर, सीता पाताल प्रवेश गरेको स्थल, लव र कुशले रामचन्द्रको घोडा बाँधेको विशाल स्तम्भ, प्राचीन मूर्तिहरू, हवनकुण्ड, इनार, इटा लगायतका प्राचीन सामग्रीहरू यत्रतत्र विदीर्ण अवस्थामा र केही संरक्षित अवस्थामा रहेका छन् । यसैले यो स्थल वाल्मीकि आश्रम हो भन्नुमा कुनै मतमतान्तर रहेको देखिँदैन ।

वाल्मीकि आश्रमका सम्बन्धमा एउटा जनश्रुति पाइन्छ, जसअनुसार : लव र कुशले वाल्मीकि ऋषिको आश्रममा शिक्षा लिइरहेको अवस्थामा रामचन्द्रले अश्वमेध यज्ञका लागि छोडेको घोडा यहाँ पनि आइपुग्छ । आश्रमको शान्त वातावरण खलबलाएको भन्दै त्यस घोडालाई लव र कुशले बाँधिदिन्छन् । बालकको त्यो हर्कत देखेर घोडाको संरक्षणमा आएका लक्ष्मण, हनुमान् र अन्य सेनाहरूले त्यो घोडा छोड्न आग्रह गर्छन् तर लव र कुशले घोडाले आफ्नो आश्रमको शान्त वातावरण खल्बल्याएकाले बाँधिदिएको बताउँछन् । उनीहरूले घोडालाई आफूले त्यसै नछोड्ने तर गल्ती भएको स्वीकार गरी माफी मागेमा घोडा छोडिदिने बताउँछन् । ती साना बालकको त्यो हर्कत देखेर लक्ष्मण रिसले चुर हुन्छन् । उनले घोडा छाड्न नभएर ती घोडा आफै फुकाएर लाने बताउँछन् । लक्ष्मणका घमण्डयुक्त कुरा सुनेर लव र कुशले घोडा नछोड्ने बरु आफूहरू लड्न तयार रहेको बताएपछि दुबै पक्षबिच घमासान युद्ध हुन्छ । युद्धमा लव र कुशले महान् वीरता प्रदर्शन गर्छन् । यो युद्धको कुरा सीताले थाहा पाउँछिन् । युद्ध भएको स्थानमा आएर सीताले सम्झाएपछि मात्र लवकुशले घोडा छोडिदिन्छन् । यसरी वाल्मीकिको आश्रम र लव र कुशले वीरता प्रदर्शन गरेको क्षेत्रका रूपमा यसलाई लिइन्छ । त्यसैले यस क्षेत्रको भ्रमण अवलोकनका लागि वर्सेनी हजारौँ तीर्थयात्रीहरू आउने गरेका छन् ।

वाल्मीकि आश्रमका प्राचीन कालका कतिपय संरचना कालकवलित भए

पनि यहाँ मन्दिर निर्माण गर्ने र विभिन्न समयमा देवी देवताका मूर्ति राख्ने कार्य गरिएको देखिन्छ । यसले यस क्षेत्रको धार्मिक महत्त्वलाई दर्साउँछ ।

सप्तरीको दरबार

सप्तरी जिल्लाको स्वयम्भुनाथ गाउँपालिकाभित्र कनकपट्टिमा पूर्वपश्चिम राजमार्ग भन्दा ३ कि.मि. उत्तरमा विशेष ऐतिहासिक दरबार छ। यो दरबार वर्षाको वेला खोल्साको पानीले ढिस्काको माटो बगाउँदा जमिनमुनि भव्य दरबार फेला परेको बताइन्छ। पुरातत्त्व विभागले उत्खनन गर्दा यहाँबाट बलौटे ढुङ्गाका खैरा र कालो ढुङ्गाबाट बनेका मूर्तिहरु प्राप्त भएका छन्। यस्तै कनकपट्टि, चंद्भोगा, खोक्सर प्रभा, अग्निसाईरन आदि ठाउँमा उत्खनन गर्दा पनि ग्रेवेयरका भाँडाहरु, फलामका हुकहरु, ढुँगाको पर्खाल, ईट्टाको कलात्मक ४० देखि ५० इन्चको पर्खाल, दरबारको पर्खाल, खम्बा, तोरण, गजुर आदिका अवशेषहरु प्राप्त भएका छन् । यी वस्तुलाई हेर्दा यी वस्तु गुप्तकाल/मौर्य कालतिरका भएको देखिन्छ । मौर्य सभ्यताको राजधानी पाटलिपुत्र अर्थात् अहिलेको पटनामा रहेको मानिन्छ । मुख्य राजधानी पाटलिपुत्र भएपनि सम्राज्य ठुलो भएको हुनाले ठाँउठाउँमा कर सङ्कलन गर्न शासनलाई व्यवस्थित राख्न विभिन्न ठाँउहरुमा आफ्ना किल्लाहरु खडा गरेको देखिन्छ । यसै अनुरूप यो दरबार पनि रहेको मानिएको छ । मौर्य वंशी अर्थात् कोइरी जातका मानिस नेपालको तराई क्षेत्रमा अहिले पनि प्रशस्त रहेका छन् ।

सप्तरीको विष्णु मन्दिर

सप्तरीको कञ्चनपुर रूपनगर नगरपालिकाभित्र रहेको विष्णु मन्दिर राजमार्गको पश्चिमपट्टि अवस्थित छ । जसको वास्तुकला मुगल कला र मौर्य कलाको सम्मिश्रणबाट बनेको छ। यहाँको विष्णुको मूर्ति कालो पत्थरमा बनेको छ । यो मूर्ति ४ फिट अग्लो र २.५ फिट चौडाइको छ । यसको दायाँबायाँ लक्ष्मी, सरस्वती र अर्को चौथाइ भागमा गरुड, नारद र भैरवको मुखाकृति रहेका छन् । यस मन्दिरको छानो शिखर शैलीमा बनेको छ । यसमा पित्तलको कमल आकारको गजुर राखिएको छ । यसको बनावट हेर्दा ११ औं शताब्दीतिरको हो भनेर पुरातत्त्व विभागले आंकलन गरेको छ । यस मन्दिरको वास्तुकला अरु मन्दिरहरुभन्दा केही फरक देखिन्छ। २००१ सालतिर यस जग्गामा घर बनाउन

गुजाई यादवले खम्बा गाड्नका लागि खनिएको जग्गामा विष्णुको मूर्ति फेला परेको हो भन्ने भनाइ छ । यहाँ मन्दिर निर्माण गर्न केशवप्रसादले जग्गा दिएका हुन् । ३०/३० को वर्गाकारमा यो मन्दिर बनेको छ । यसको माथिल्लो तलामा विष्णुका २४ अवतारका चित्रहरु चित्रित छन् । मन्दिरको गर्भगृह, परिक्रमा स्थानसँगै भजनकीर्तन गर्ने स्थल जोडिएको छ। ढलानको मुनि ३ फिटमा विष्णुका १००८ नाम अर्थात् विष्णुसहस्रनाम स्तोत्र लेखिएको छ। यहाँ मूल मूर्तिको नजिक पुग्न र आफैले पूजापाठ गर्न मनाही छ। यहाँ अरुले ल्याएका फूलप्रसाद पुजारीले चढाउने चलन छ ।

सप्तरीको हनुमान मन्दिर

सप्तरी जिल्लाको पूर्वदक्षिणी भाग र सप्तकोशीको पश्चिमी किनारमा अवस्थित हनुमानको मन्दिर दक्षिण एसियामा रहेका हनुमानका अन्य मन्दिरभन्दा पृथक छ। यस मूर्तिको रङ कालो छ । हनुमान नगर यसै मूर्तिको नामबाट रहन गएको हो । ५ कट्ठा जग्गामा रहेको मन्दिरको वास्तुकलाको अवस्था पनि पुरानो छ । पहिले घाँसको छाप्रो हालेर बनाएकोमा २०३६ सालमा आधुनिक ईट्टा ढुङ्गा सिमेन्ट बालुवा काठले यसलाई बनाइएको छ । यस मन्दिरको बनावट माथिल्लो भागमा गुम्बज शैली र तल्लो वर्गाकार पर्खाल मुगल शैलीको छ। त्यसैले यसको निर्माण समिश्रण शैलीमा भएको छ । मन्दिरको प्रवेशद्वार पेगोडा शैलीमा रहेको छ । यहाँ निर्मित बालापनको अवस्थामा रहेको हनुमानको मूर्तिको एउटा हातले आशीर्वाद दिँदै गरेको र अर्को हातले ध्यानमा मग्न रहेको देखाउँछ। यहाँको बार कलात्मक बुट्टाहरुले सजिएको छ । यसलाई कमलको फुलको आकारमा बनाइएको छ । मन्दिरको अगाडि हवनस्थल रहेको छ। मन्दिरको दक्षिण तिर ७/७ को वर्गाकारमा शिवको मन्दिर बनाइएको छ ।

सर्लाहीकी गढीमाई

सर्लाहीको हरिपुर ९ स्थित गढीमाईलाई अलौकिक दैवी शक्तिको केन्द्रको रूपमा मानिएको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपुरबाट करिब ६ किलोमिटर दक्षिणमा साबिकको हरिपुर गाविसको पश्चिम दक्षिण क्षेत्रमा गढीमाई देवीको स्थान रहेको छ । गढीमाई देवीलाई शक्तिको देवीको रूपमा पूजाअर्चना गर्ने

गरिन्छ। गढीमाईको मेला हरेक पाँचपाँच वर्षमा मार्ग शुक्ल सप्तमीदेखि विधिवत रूपमा सुरु हुन्छ। देवीको स्थानमा बत्ती बालेपछि सुरु हुने मेलामा विशेष गरी पशु बलि दिने प्रचलन रहेको छ। चन्द्रनगर गापा वाड नं. ४ गराहाटोल पनि गढीमाईको नामबाट नामाकरण भएको हो भने जनविश्वास रहि आएको छ।

किम्वदन्तीअनुसार बाराको कलैयामा गढीमाई देवीले आफ्नो स्थान छनौट गर्नुभन्दा पहिला यसै स्थानमा देवीको वासस्थान रहेको मानिन्छ। स्थानीयहरुले देवीको महिमा नबुझेर उचित पूजापाठ र संरक्षण हुन नसक्दा गढीमाई उक्त स्थान छोडेर कलैया जानुभएको भनाइ रहेको छ। अझै पनि बाराको कलैयास्थित गढीमाई देवीको पूजापाठ तथा आराधना प्रारम्भ गर्नको लागि यसै स्थानको पवित्र माटो लैजानुपर्ने चलन रहेको बताइन्छ।

सलहेस फूलबारी

हालको सिरहा जिल्लामा रहेको सलहेस फूलबारी एकदमै प्रख्यात छ। सलहेसलाई सिरहाको सनौठाको दुसाध परिवारमा जन्मेका एक न्यायप्रेमी र मानवता भएका व्यक्तिका रुपमा चिनिन्छ। यिनको समयका बारेमा विद्वान्हरुमा एकमत छैन। कतिपयले नेपालको उपत्यकामा लिच्छवि वंशको शासन चलिरहँदा मध्यमिथिलामा राजा सलहेसको शासन प्रारम्भ भएको मान्छन्। अर्थात् ७ औं शताब्दीतिर आफ्नो राज्यमा सलहेस एक अव्बल राजाको रुपमा स्थापित भएका देखिन्छन्। यिनी आम जनताको समर्थन र लोकप्रियताले महान् पुरुषको दर्जामा दरिएका छन्। यिनको दरबार क्षेत्रमा अहिले पनि वैशाखे सङ्क्रान्तिमा ठुलो मेला लाग्छ। हालसम्म पनि त्यहाँको एउटा रुखमा एक विशेष प्रकारको फूल फुल्छ। जुन फूल वर्षमा एकपटक र वैशाखे सङ्क्रान्तिका दिनमात्र फुल्ने गर्छ। सलहेसको दरबारमा रहेको ठाउँ मानिने यस स्थलमा त्यो फूल फुल्ने दिन वैशाख एक पनि पर्ने हुँदा उक्त दिन सलहेससको जन्मदिनका रूपमा मनाइने गरेको छ भनी धीरेन्द्र प्रेमर्षि बताउँछन्। त्यस्तै नेपाल र भारतका विभिन्न ठाउँमा सलहेसको पूजा, मेला लाग्ने गरेको छ।

सागरनाथ महादेव

सर्लाही जिल्लाको ईश्वरपुर नगारपालिका वडा नं.४ मा अवस्थित सागरनाथ महादेव मन्दिर ऐतिहासिक एवम् धार्मिक रूपमा प्रख्यात मन्दिर हो। पूर्वपश्चिम

राजमार्गअन्तर्गत सर्लाहीको फुलजोर चोकदेखि केही पूर्वबाट ५ किलोमिटर दक्षिण लागेपछि उक्त मन्दिर क्षेत्रमा पुगिन्छ । टिक र मसलाको जङ्गलबिचमा रहेको दुई बिघाभन्दा बढी क्षेत्रफलमा फैलिएको मन्दिर क्षेत्र आफैमा रमणीय तथा मनामोहक देखिन्छ । सागरनाथ महादेव मन्दिरमा पूजाआजा गरे मनोआकाङ्क्षा पूरा हुने गहिरो जन विश्वास रहँदै आएको छ । हरेक वर्ष हरिबोधनी एकादशीका दिन मन्दिर क्षेत्रमा भव्य भेला लाग्ने गरेको छ । योसँगै सागरनाथ वन विकास परियोजना एसिया कै सबैभन्दा ठुलो परियोजना यहाँ नै रहेको छ ।

सिम्रौनगढ़

मध्यकालीन सभ्यता र संस्कृतिले सम्पन्न तिरहुत राज्यको राजधानी सिम्रौनगढलाई मानिन्छ । यो गढ हाल मधेसप्रदेशको पश्चिमी जिल्ला बाराको पूर्वदक्षिणतिर पर्दछ । उष्ण वातावरण, खेतीयोग्य भूमि र वासस्थानको उपयुक्त भूमि भएकाले लिच्छबि कालको अन्तसँगै नान्यदेवले एघारौँ शताब्दीमा तिरहुत राज्यको स्थापना गरेका थिए । यो राज्य हिन्दुहरुको प्रभावशाली केन्द्रको रुपमा विकास भएको थियो । यस राज्यको सम्पर्क तात्कालिक नेपाल, तिब्बत, बङ्गाल र उडिसा आदिसँग थियो । यसले धर्म र संस्कृतिका सम्बन्धमा उल्लेख्य प्रगति पनि गरेको थियो तर १३२६ मा मुगल बादशाह गयासुद्दीन तुग्लकले यहाँ मध्य रातमा आक्रमण गरे । तीन हप्तासम्म ठुलो युद्ध भयो । त्यहाँ विकसित संस्कृति हिन्दुधर्मसँग सम्बन्धित रहेको र मुगलहरु हिन्दुधर्म विरोधि भएकाले सिम्रौनगढ़मा रहेका प्रायःजसो मूर्तिको नाक भाँचिदिएका छन् । त्यस युद्धमा हजारौंहजार सैनिक र नागरिकको मृत्युपछि तिरहुतका राजा शिव सिंह आफ्ना भाइभारदारसहित नेपाल भागे तर उनको हैजाका कारण बाटामै मृत्यु भयो । यसरी चौधौँ शताब्दीमा ध्वस्त पारिएको सिम्रौनगढमा अहिले पनि पुरातात्त्विक अवशेषहरु यत्रतत्र छरिएका छन् । ती अवशेषहरुमा कालो ढुँगामा कुदिएका विभिन्न देवदेवीहरुका मूर्तिहरु, माटाका भाँडाकुँडाहरु, सुनचाँदीका गहनाहरु, माछाका हाडहरु, बँदेलका हाडहरु, इनारहरु, ठुल्ठुला पोखरीहरु, ८ इन्च चौडा १२ इन्च लामा इट्टाहरु, ती इट्टाले बनेको विशाल दरबार, पर्खालहरु, डढेको चामल, दरबार स्थापना गर्दाको शिलालेख आदि प्राप्त भएका छन् । त्यहाँका अवशेषका आधारमा सिम्रौनगढ सभ्यता र संस्कृतिले अत्यन्त सम्पन्न देश थियो तर अहिले त्यो केही अवशेषबाहेक सबै मटियामेट भएको अवस्थामा छ ।

प्राकृतिक तथा ऐतिहासिक मनोरम "नाढीताल"

यस सर्लाही जिल्लाको सुन्दर प्राकृतिक स्थल र ऐतिहासिक धरोहर मध्येको एक हो चन्द्रनगर गापा स्थित रहेको "नाढीताल" । सदरमुकाम मलंगवा र पुर्व पश्चिम राजमार्गको फुलजोरबाट १२ किलोमिटरको बराबरी दुरीमा रहेको तालक्षेत्र सुन्दर र रमणीय छ। ५२ बिघे पोखरीको नामले पनि यस ताललाई यस भेगका बासिन्दाहरुले चिन्द छन् ।

कुनै बेला ५२ बिघामा फैलिएको उक्त ताल संरक्षणको अभाव र स्थानीयको अतिक्रमणबाट ३२ बिघामा खुम्चिएको छ भने जलाशय क्षेत्र २९ बिघामा सिमित हुन पुगेको छ । ताल राजमार्गको फुलजोरबाट सदरमुकाम मलंगवा जोडने बाटोको मध्य भागमा रहेको छ। ग्राभेल बाटो रहेकाले दुबै तिरबाट ३० मिनेटमा उक्त स्थानमा पुग्न सकिन्छ। प्रकृतिले दिएको सुन्दर उपहारको संरक्षण र विकास हुन सकेमा यस "नाढीताल" लाई दोस्रो फेवातालको रुपमा पहिचान बनाउन सकिने सम्भावना रहेको छ ।

यस "नाढीताल" तालमा "मरीचमानेश्वर" महादेवको मन्दिर पनि रहेको छ। महाभारतको गाथा अनुसार पाण्डवहरुलाई यक्षले यसै तालमा परिक्षा लिएको किवदन्ती जनमानसमा प्रचलित रहेको पाइन्छ ।

सर्लाही बरहम बाबा र सर्लाही देवी मन्दिर :

हेमपुर गाँउमा वनबारी टोलको ठीक पश्चिम पट्टी एउटा निर्जन स्थानमा पिपलको बोट मुनी सानो मन्दिर रहेको छ जसलाई स्थानीय मानिसहरु सर्लाहीया बरहम बाबाको स्थानको रुपमा श्रद्धाले आदर गदर्छन्। सर्लाहिया बरहम बाबालाई कालान्तरमा सर्लाही देवीको रुपमा प्रतिस्थान गरी सर्लाहीयाको नाम अप्रभंश भई सर्लाही भएको र त्यसपछि सो इलाकाको नाम र सो पश्चात जिल्लाको नामाकरण हुन गएको भन्ने जनश्रृति रहेको छ ।

सर्लाही स्थित चुरेपर्वतीय क्षेत्रको सबैभन्दा अग्लो राजारानी थुन्को :

सर्लाहीको ईश्वरपुर नगरपालिकाको चुरे क्षेत्र स्थित राजारानी थुन्कोको ऐतिहासिक एवं धार्मिक रुपले जति महिमा छ, उचित प्रचार प्रसार हुन नसक्दा आम सरोकारवाला एवं सर्वसाधारण बीच गुमराहमा समेत परेको छ ।

पुर्व-पश्चिम राजमार्गबाट ७ किलोमिटर उत्तर कालिञ्जोर गाँउ पुगेर झण्डै डेढ घण्टा पैदल उकालो लागेपछि कालिञ्जोर गाविस वडा नम्बर ४ स्थित राजारानी थुन्को पुगिन्छ । कालिञ्जोर गाँउसम्म भने यात्रुबस चल्नुका साथै इच्छुकले निजी सवारी साधन समेत लैजान सक्नेछन् । सर्लाही, महोत्तरी, धनुषा, लगायत आसपासमा लमतन्न रहेको चुरे पर्वत श्रृंखलामा उक्त राजारानी थुन्को सबै भन्दा अग्लो रहेको स्थानीय बासिन्दाहरुको दावी छ ।

कृषि वागवानी नवलपुर

नेपालको सबै भन्दा ठुलो वागवानीको रुपमा रहेको कृषि वागवानी नवलपुर सर्लाही जिल्लाको लालबन्दि नपामा अवस्थित रहेको छ । विभिन्न प्रजातिका फलफुलहरु, तेलहन बालीहरु, बोटविरुवाहरु यस वागवानी भित्र पाइन्छ ।

युरोपमा पहिलोचोटी पिछडावर्ग (OBC) र मगही भाषा सम्बन्धी चर्चा

भाषा साहित्य संस्कृति र लोकवार्ताको क्षेत्रमा दुई दशक भन्दा बढी काम गरेकै शिलशिलामा युरोपको भाषा साहित्य र कला संस्कृतिको बारेमा कौतुहलता बढदै गई रहेको थियो। डेनमार्कको कोपेनहेगनमा अवस्थित कोपनहेगन विश्वविद्यालयले सेमिनारको आयोजना गर्न लागेको थियो । त्यस सेमिनारमा मेरो पनि कार्यपत्र छनौट भएको थियो। यो कुराको जानकारी मैले डेनमार्कका लागि नेपाली राजदुत महामहिम प्रा.डा.राम स्वार्थ राय सरलाई जानकारी गराए । उहाँले खुशी व्यक्त गर्दे नेपाली दुतावासबाट डेढ महिनाको लागि भिसा दिनलाई चिठी लेख्नुभयो । तत्पश्चात मैले काठमाडौंमा ठमेल स्थित (VFS) को कार्यालयमा गएर सेनजेन भिसा (युरोपका २९ वटा देश घुम्न पाउने) अपलाई गरे। भिसा अप्लाई गरेको ११ दिनमै (४५ दिनको लागि) मेरो भिसा आईपुग्यो । युरोपमा भिसा अप्लाई गर्नको लागि नै धेरै कागजातहरु जुटाउनु पर्यो । भिसा प्राप्त भए पश्चात सर्वप्रथम डलरकार्ड बनाए जसमा भाई ई. रोहित महतो र बुहारी कल्पना कुमारी सिंहले सहयोग गरेका थिए र हवाईजहाजको टिकट सुनिश्चत गराउनमा भाई सुशिल महतोले सहयोग गरेका थिए। नेपालबाट धेरै ट्रान्जिट हुने भएको र समय पनि बढी लाग्ने भएकोले दिल्लीबाट करिब ८ घण्टाको डाइरेक्ट फ्लाइटबाट कोपेनहेगन पुग्ने भएकोले एयर इण्डियाको फ्लाइटबाट नै टिकट सुनिश्चित गराए। युरोपको पहिलो चोटीको यात्रा भएको र आफुलाई आवश्यक पर्ने सर-समान चाहीने

भएकोले समान खरिद गर्नमा जुटे । मेरो परिवार बाट नै पहिलो चोटी युरोप जाने भएकोले परिवारमा पनि खुशी सीमा रहेन । त्यो पनि अन्तराष्ट्रिय सेमिनारमा नेपाली दुतावासको सहयोगमा । यात्राको प्रारम्भ आफ्नो जम्मथलो चन्द्रनगर गाँपा २ बबरगंज स्कुलटोल स्थित निजी निवासमा गएर सर्वप्रथम आमाबुवाबाट आर्शिवाद प्राप्त गरे । परिवारका अन्य ठुला सदस्यहरु, आफन्तहरुबाट आर्शिवाद प्राप्त गरी इष्टमित्रहरुसँग समेत भेटघाट गरी महोत्तरी जिल्ला बर्दिबास गौरीडाँडा स्थित रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्रको कर्मचारी आवासबाट जीवन संगिनी राज कुमारी महतो र छोरी सृष्टि कुशवाहासँग आसिन २ गते विदा भई वीरगंजको लागि प्रस्थान गरे । वीरगंजमा माइलो भाई गौरीशंकर महतोको डेरामा रात्री विश्राम पश्चात भोली पल्लट बिहान असोज ३ गते नँया दिल्लीको लागि रक्सौलबाट ट्रेनमा यात्रा गरे । असोज ४ गते (2 Sept) दिल्लीको आनन्द विहार रेल्वे स्टेशनमा ओर्लेर रात्री विश्रामको लागि दिल्ली विश्वविद्यालयका अ.प्रो.डा. रामाशंकर कुशवाहा जीको घर रोहिनी प्रस्थान गरे । बाँकी रहेको केही समानहरु साहित्यकार तथा असिस्टेन्ट प्रोफेसर मित्र डा.ऋतु रानीको सहयोगबाट किनमेल गरे । नेपाली मिति २०८० असोज ५ गते (22 Sept 2023) दिनको २:१५ बजे इन्दिरा गान्धी अन्तराष्ट्रिय विमान स्थलबाट डेनमार्कको कोपेनहेगनमा कस्तृप अन्तराष्ट्रिय विमान स्थलमा साँझ ६ :४५ बजे ओर्ले । नेपाल र डेनमार्कको समयमा करिब चार घण्टाको फरक रहेछ । मेरो जीवनको अहिले सम्मको करिब ८ घण्टाको लामो हवाई यात्रा पहिलो चोटी नै रहेको थियो । मेरो लागि यो हवाई यात्रा धेरै रोमाञ्चक र महत्वपुर्ण रहयो । चार जना इन्डियन मुलका साथीहरु, जो डेनमार्कको कोपेनहेगन मै बस्नुहुन्थ्यो र उहाँहरुसँग हवाईजहाजमा नै चिनजान भयो । यात्रीहरुको ब्यवहार पनि निकै राम्रो रहेको थियो, साथै एयरहोस्टेजहरुले गरेका सेवा प्रवाह सन्तोषजनक नै रहेको थियो । कस्तृप एयरपोर्टबाट बाहिर निस्कने बितिकै नेपाली दुतावासका गाडी लिएर गाडी चालक चन्दन यादव र रोशन यादव प्रतिक्षा गरि रहेका थिए । नेपाली दुतावासको गाडीमा डेनमार्कका लागि नेपाली राजदुत महामहिम प्रा.डा.रामस्वार्थ रायको निवास कोपनहेगन इस्पलानाडेनमा पुग्यौ । महामहिम राजदुतले आफ्नो निवासमा स्वागत गर्नुभयो र रातीको खानापछि विश्राम गरे ।

म कोपनहेगन पुगेपछि शनिबार र आईतबार सरकारी विदा भएकोले त्यहाँको विभिन्न ठाँउहरुको अवलोकन गरे । बास्तवमा युरोप खास गरी डेनमार्कलाई

विश्वको हेप्पीनेस देशमा राख्नुको कारणका बारेमा जानकारी पाए । प्राकृतिक हिसाबले मनोरम ठाँउ, वनजंगलले ढाकिएको, समुन्द्रको बीचले सजिएको ठाँउ हो कोपनहेगन । समता (Equity) को अनुपम नमुना हो डेनमार्क । कामको हिसाबले रतिभर पनि भेदभाव नभएको ठाँउ हो डेनमार्क । एउटा काम गर्ने कामदार र प्राध्यापन गर्ने प्राध्यापकको मान-सम्मान र काममा कुनै विभेद पाइँन । अर्थात हरेक कामलाई सम्मानको दृष्टिले हेर्ने परिपाटी रहेको पाए । सब भन्दा बढी प्राथमिकता पैदल यात्री, दोस्रोमा साइकल यात्री, तेस्रोमा सार्वजनिक बस र चौथो श्रेणीमा कारवालाहरु रहेको पाए जुन नेपालको परिपेक्षमा उल्टो रहेको देखिन्छ । त्यहाँ रोडमा ट्राफिक ब्यवस्थापन ब्यवस्थित रहेको र रोडहरु सफा तथा फराकिलो भएको हुँदा रोडमा जाम हुने समस्या थिएन । रोडमा ट्राफिक, प्रहरीहरु पनि भेटिएन । लाइटिङको प्रयाप्त ब्यवस्थापनले रातीको समयमा पनि दिउसो जस्तै देखिन्थ्यो । फोहोरको त नामै निसान भेटिएन, त्यति सफा-सुग्घर चिटिक परेको युवती जस्तो । रहेक मानिस सहयोगी, मृदुभाषी रहेको पाए । सोमबारको दिन (25 Sept 2023) लिटिलमरवेट, जुन कोपनगेहनको ठुलो पर्यटक स्थलको रपमा रहेको छ । जसलाई जलपरीको ठाँउको रुपमा चिनिन्छ । त्यही छेउमा नेपाली राजदुतावासको कार्यालय रहको छ । दुतावासमा गएपछि ड्युटी मिशनचिफ तिर्थराज अर्याल र लेखापाल अमृत योञ्जन लगायत अरु दुतावासका कर्मचारीहरु र नेपाली दाजुभाई तथा दिदीबहिनीहरुसँग भेटघाट गर्ने अवसर प्राप्त गरे । सिष्टम भएपछि पाँच जना कर्मचारीले आठ वटा देशका कामहरु ब्यवस्थित तरिकाले कसरी गर्दो रहेछ भने हेर्ने अवसर पनि प्राप्त गरे, अर्थात डेनमार्क स्थित नेपाली दुतावासले आठ वटा देश(डेनमार्क, स्वीडेन, फिनल्याण्ड, नर्वे, लटाभीया, इस्टोनिया, लिथुवानिया, आईसल्याण्ड) हेर्ने प्रचलन रही आएको छ । अन्तराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को प्रमुख पुर्णजीले आफ्नो एक जना सहयोगी साथी दिपक ढुंगानाको साथमा (29 Sept 2023) नेपाली दुतावासमै राजदुतको कार्यकक्ष मैं मेरो अन्तर्वार्ता लिनुभयो । करिब ४५ मिनेट लिनु भएको अन्तर्वार्तामा मैले नेपालको सन्दर्भमा पिछडावर्ग (OBC) र मगही भाषाको बारेमा जानकारी गराए, साथ-साथै यसका अन्तराष्ट्रिय अभ्यास सहित नेपाली समाजको बारेमा र युरोप अर्थात डेनमार्कको बारेमा समेत आफना अनुभुतिहरु राख्ने मौका पाए । जो मेरा लागि पनि अविस्मर्णीय पल रहयो, त्यही दिन मद्वारा लिखित किताब आधुनिक मगही भाषा ब्याकरण, मगही लोककथा संग्रह, नेपाली लोकवार्ता कोष, मगही

भाषाका प्रतिनिधि कविता संग्रह लगायतका किताबहरु महामहिम राजदुतलाई पुस्तकालयको लागि उपहार प्रदान गरे । 30 Sep को कोपनहेगन हेलरुपमा अवस्थित बुद्धविहारमा **“युरोपमा बुद्धिज्मको अवस्था”** बारे अन्तरक्रियामा सहभागी भएको थिए । (1 Oct 2023) को कोपनहेगन विश्वविद्यालयद्वारा आयोजित सेमिनारमा आफ्नो कार्यपत्र प्रस्तुत गर्ने अवसर पाए । सेमिनार पनि कति राम्रो व्यवस्थित गरेको पाइयो, बिना केही तामझाम पुर्णरुपेन टेक्नोलोजि फ्रेन्डली रहेके अति नै राम्रो व्यवस्थान गरेको थियो । Pro. Dr. David Dymend को सहयोगले (3 Oct 2023) एसियन स्टडिज तथा हिन्दी भाषाका प्रो.Elmar Renner ले विभाग मै Cultural Exchang Programme आयोजना गरेको थियो । जसमा मैले एसियन संस्कृतिको बारेमा चर्चा गरेको थिए भने युरोपियन संस्कृतिको बारेमा जानकारी प्राप्त गर्ने मौका पाएका थिए । समय र करमा युरोपमा कुनै किसिमको सम्झौता हुदैन अर्थात हरेक काम समय मै सम्पन्न गर्नु पर्ने हुन्छ साथै कर पनि तोकिएकै समयमें बुझाउनुपर्ने हुन्छ । कुनै पनि विकास निर्माणका कार्यहरु गर्दा पनि प्रकृति र पर्यावरण मैत्री हुन्छ । खानपिन र शारीरिक ब्याममा यिनीहरु बढी ध्यान दिने दिने गर्दछ । युरोपमा बढी कुकुर र केही हदसम्म बिरालो पाल्ने चलन रहेको छ । खास गरेर मानिसहरु आ-आफ्नै काममा अति ब्यस्त हुने र पारिवारीक जीवन पनि ब्यवस्थित नभएको अर्थात छुटिएर बस्ने परम्परा रहेकोले यी जनावरहरु आफुसँग सधै बस्ने र आफ्नो अनुकुल राख्न सक्ने भएकोले यसलाई जनावर जस्तो होइन एउटा परिवारको सदस्यको रुपमा राख्ने गरेको उनीहरुले बताए । प्रायः समुन्द्रमा स्नान गर्दा नांगै नुहाउने प्रचलन रहेको सन्दर्भमा समुन्द्रको पानी अति नै चिसो रहेकाले कपडा लगाएर नुहाउदा झन जाडो हुने भएकाले प्रायः जसो नांगै नुहाउने गरेको बताए, साथै प्राकृतिक हिसाबसे नांगै आएको र सुर्यको प्रकाशबाट भिटामिन डी प्राप्त हुने भएकोले नांगै नुहाउने र नांगै घाममा बस्ने परम्परा रहिआएको उनीहरुले बताए । डेनमार्कमा १८ वर्षपछि बालबालिकाहरु पुर्ण रुपमा परिवारबाट स्वतत्र हुन्छ । १८ वर्षदेखि नमरुन्जेलसम्म विवाह गर्ने परम्परा रहेको पाइन्छ भने बच्चा जन्माउनलाई विहे नै गर्नुपर्ने परम्परा पनि कायम नरहेको पाइयो । अर्थात आपसी समझदारीमा बच्चा जन्माउन पाइन्छ । युरोपमा (SELL Sex) छ तर (Buy Sex) छैन, अर्थात (SELL Sex) गरियो भने (Buy Sex) हुन्छ अन्यथा हुदैन । भन्नुको तात्पर्य यो सम्पुर्ण अधिकार महिलामा नै निहीत हुन्छ । त्यस्तो खुल्लापन भएको

देशमा सेक्सलाई ब्यवस्थित गरेकोले रेफको घटनाहरु सुन्न पाएको छैन । (7 Oct 20023) को फेरी (ठुलो पानीजहाज, क्रुज) को १८ घण्टे यात्राबाट कोपनहेगनबाट नर्वेको राजधानी ओस्लो पुग्यौ । त्यहाँ एन.आर.एन. का अध्यक्ष आदरणीय विष्णु गौत्तम जीले स्वागत गर्नुभयो र बिहानको खाजा खाएर पारस मणीसँग ओपेरा हाउस, राजदरबार, टाइगर चौक, ओस्लो विश्वविद्यालय, लगायतका ठाँउहरु विभिन्न टापुहरु आदीमा घुमफिर गरे । मेट्रो यात्राको क्रममा मेरो छेउमै नर्वेका सभामुख बस्नुभएको थियो जुन कुरा मैले ओर्लेपछि उहाँ हाउसतिर जान लाग्ने बेलमा थाहा पाए । कति सदा र सहज जीवन सभामुखको, त्यस्तै परिरपाटीले त होला नर्वेले यति धेरै विकास गरेको ।

प्राकृतिक हिसाबले धेरै विकट आधी भुभागमा मानिसको बसोबास नै नभएको, कुनै-कुनै ठाँउमा महिनौ दिनसम्म घाम लागि रहने, त कुनै ठाँउमा महिनौ सम्म राती नै हुने यस्तो विकट परिस्थितिको बाबजुद पनि यति धेरै विकसित भएर आए । त्यहाँका सरकार र नागरिकको मेहनत र अनुशासित जनजीवनले । ओस्लोको पुस्तकालय अद्धितिय रहेको पाए । युरोप जानु भन्दा पहिले जुन कुरो मैले सुनेको थिए पशिचमी संस्कृतिले हामीलाई बर्वाद गरियो तर त्यहाँ पुगेपछि मैले नितान्त फरक पाए । उनीहरु आफनै मातृभाषामा कुरा गर्न रुचाउँछन् । भाषा, साहित्य, संस्कृति र लोक वार्ताको क्षेत्रमा असाध्यै सजह र सचेत छन् । उनीहरु आफ्नो लागि त सचेत छदैछन् । तर नेपाल लगायतका एसियन देशहरुका जति सामाग्रीहरु युरोपका लाइब्रेरीहरुमा पाए सायदै नेपालमा पाउनला जस्तो पनि लाग्यो । धेरै अनुसन्धान्तमक सामग्रीहरु एकदक ब्यवस्थित तरिकाले राखेको पाए । एन.आर.एन नर्वेका अध्यक्ष विष्णु गौत्तम जीले उपहार स्वरुप एउटा हुडडी प्रदान गर्नभयो साथै निकट भविष्यमा बहुभाषिक शब्दकोष पनि निर्माण गर्ने कुराकानी भयो । ओस्लोबाट बसमा गोठेनवर्ग आए, त्यहाँबाट ट्रेनमा स्वीडेनको राजधानी स्टोकहोम पुगे । त्यहाँ नेपाली भाई राजेश सुवेदीसँग भेट भयो, उहाँसगँ मैले उपशाला विश्वविद्यालयमा एसियन स्टडिज तथा हिन्दी विभागका Pro. Dr.Heinz Werner सँग भेटघाटको साथै विद्यार्थीहरुसँग अन्तरक्रिया गर्ने मौका पाए । मलाई आश्चर्य पनि लाग्यो कि उहाँले मगही भाषाको विज्ञ आउनुहुन्छ भनी थाहा पाएर त्रिभुवन विश्वविद्यालयले गरेको Linguistic Survey of Magahi Print गरेर राखेका थिए । कति Sencetive छन् युरोपका प्रोफेसरहरु । रातीको बसाई भाई राजेश सुवेदीको घरमा बसी भोली पल्ट कोपेनहेगन फर्की वरिष्ठ

हिन्दी साहित्यकार अर्चना पैनुली, डा. सुनिता यादव र अनुसन्धाता नेल्स, कृषि वैज्ञानिक डा. रवी क्षेत्री र डा.शोभा भट्टराईसँग भेटघाटको साथै समसामयिक विषयमा छलफल भयो । 11 Oct को जर्मनीमा हेमवर्ग विश्वविद्यालयका एसियन स्टडिज तथा हिन्दी विभागका प्रोफेसर डा. राम प्रसाद भट्टसँग उहाँकै कार्यकक्षमा भेटघाट तथा छलफल भयो । यसरी ३७ दिनको युरोप बसाईको क्रममा डेनमार्क, स्वीडेन, नर्वे, जर्मनी, फ्रान्स, नेदरल्याण्ड, फिनल्याण्ड, स्वीटजरल्याण्ड, स्पेन, पोर्चुगल, इटली गरी ११ वटा देश भ्रमण गरी १८ अक्टुबरको कोपेनहेगनबाट दिल्ली हुदै नेपाल फर्के । यस अध्ययन भ्रमणको क्रममा विशेष सहयोगको लागि नेपाली दुतावास कोपेनहेगन डेनमार्क र महामहिम राजदुत प्रा.डा. रामस्वार्थ राय, विश्व हिन्दी सम्मेलन, अन्तराष्ट्रिय नेपाली साहित्य समाज, एन.आर.एन.लगायत सहयोग गर्ने सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

सन्दर्भग्रन्थ सूची

डा. राजेन्द्र प्रसाद सिंह, ओ.बी. सी. साहित्य विमर्श, सम्यक प्रकाशन नई दिल्ली, २०१४, ओ.बी.सी. साहित्य के विविध आयाम ।

डा. राजेन्द्र प्रसाद सिंह, बौद्ध सभ्यताकी खोज, सम्यक प्रकाशन नई दिल्ली ।

डा. राजेन्द्र प्रसाद सिंह, खोए हुए बुद्ध की खोज, सम्यक प्रकाशन नई दिल्ली ।

डा. प्रेम कुमार खत्री , धर्मशास्त्रका पारिवारीक ब्यवस्थाहरु र नेपाल कानुन, नेपालका जातजातिहरुको संस्कार र संस्कृति नेपाल प्रज्ञा प्रतिष्ठान ।

डा. रामदयाल राकेश, तराईमा बसोबास गर्ने आर्य मुलका जातिहरुको मानव शास्त्रीय अध्ययन, नेपाल प्रज्ञा पतिष्ठान ।

अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५६), नेपाली समाज र संस्कृति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

चौधरी अजय कुमार, अग्रेजी राज में कुशवाहा खेतीहर-अलका प्रकाशन २०२१ ।

महतो भरत प्रसाद - पिछडावर्ग संघर्ष- नेपाल पिछडावर्ग (ओ.बी.सी) महासंघ २०६८ ।

महतो मनाई, पिछडावर्ग ओ.बी.सी एक जानकारी, पिछडावर्ग कृषि सहकारी कञ्चनरुप सप्तरी २०७३ ।

सिंह कौशल कुमार, संघर्षमा पिछडावर्ग, नेपाल पिछडावर्ग (ओ.बी.सी) महासंघ २०७३ ।

आचार्य, श्री कृष्ण (२०५४) नेपालको सांस्कृतिक परम्परा (प्र.सं.), काठमाडौं : (सम्पा.) श्री कृष्ण आचार्य ।

गिरी, अमर (२०६७), समय, समाज र संस्कृति, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

चापागाई, निनु (२०५९), सन्दर्भ : संस्कृति र सांस्कृतिक रुपान्तरण, काठमाडौं : विवेक सिर्जशील प्रकाशन प्रा.लि. ।

युनेस्को (सन् २००३), अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धी ।

राई, भक्त (२०७१) किरात साम्पाङ पहिचानमा लोकगीतको भूमिका, काठामाडौं

: नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान ।

लामिछाने, भरत प्रसाद (२०६३ प्र.सं.), संस्कृति र संस्कार, वाराणसी : अनुष्ठान प्रकाशन, उ.प्र. ।

शर्मा, नेपाल, वसन्तकुमार (२०५८), नेपाली शब्द सागर, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

Barnouw, Victor (1973), Culture and Personality. Home Wood Liionois: The Doresy Press.

Tylor, E.B. (1871), Primitive Culture, Vol. 2, London: Murray.

Chaudhary Deepak, Tarai Madhesh of Nepal, Ratna Pustak Bhandar 2011.

प्रा.डा. तुलसी दिवस, प्रा.डा. चुडामणी बन्धु, भिमनारायण रेगमी, लोकवार्ता विमर्श, नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

महतो वीर बहादुर, मगही संस्कार गीत अध्ययन, नेपाल सांस्कृतिक संस्थान जमल, काठमाडौं, गौशाला दर्पण ।

महतो वीर बहादुर, मगही लोक गीत अध्ययन, नेपाल संगीत तथा नाट्यकला प्रतिष्ठान ।

महतो वीर बहादुर, मगही हस्तकला अनुसन्धान, नेपाल ललितकला प्रतिष्ठान ।

महतो वीर बहादुर, पिछडावर्ग (OBC) स्मारिका, प्रधान सम्पादक, पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति ।

महतो वीर बहादुर, गौशाला दर्पण- तराई मधेश साँस्कृतिक अनुसन्धान प्रतिष्ठान ।

जोन एल रेक्स, हिटेकोकटि जोन, (सन् १९७६), स्प्रीट प्रोसेसन ईन द नेपाल हिमालयन, नयाँ दिल्ली : विकास पब्लिसिङ हाउस, प्रा.लि. ।

प्रभात, विष्णु र सुदर्शन श्रेष्ठ (२०७० सम्पा.), गोविन्द भट्टका दार्शनिक रचनाहरू, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७४-०४-१६), बोन दर्शनको परिचय, नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल प्राज्ञिक अनुसन्धान केन्द्रद्वारा संयुक्त रूपमा सञ्चालित दर्शन गोष्ठीमा

प्रस्तुत कार्यपत्र ।

प्रपन्नाचार्य (सम्पा., २०५९), जोसमनी स्मारिका, काठमाडौं : जोममनि धर्म सेवा मूलसमिति नेपाल ।

भुसाल, वेदुराम (२०६८), नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मिश्र, वीरेन्द्रप्रसाद (२०४०), दर्शनशास्त्र परिचय, काठमाडौं : नेपाली च्यारिटी फाउण्डेशन ।

मुन्धुम होसुङ (२०७३), काठमाडौं, किरात राई चाम्लिङ खाम्बातिम ।

राई, इशारा सन्त कुमार, (२०५५), **दोवाङदुम साम्कालिङ,** काठमाण्डौ : किरात राई योयाक्खा केन्द्रीय कार्य समिति ।

राई, किरात साम्पाङ् मद्दुम (?), काठमाडौं : किरात साम्पाङ राई जुम्लेखा नेपाल ।

राई, भक्त (२०७१), किराँती साङपाङ पहिचानमा लोकगीतको भूमिका, काठमाडौं : नेपाली डायोसपोरा, वाङमय प्रतिष्ठान ।

राई, भक्त (२०७४-०४-०६), किरात राई मुन्दुमको तत्व मीमांसा, नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल

प्राज्ञिक अनुसन्धान केन्द्रद्वारा संयुक्त रूपमा सञ्चालित दर्शन गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

राई, नोवल किशोर र नेत्रमणि दुमी राई (२०७३), जोसमनी धर्म सम्प्रदाय र दर्शन, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, अभय र रवीप्रसाद गुरागाईं (२०६९), नेपालका दार्शनिकहरु, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सापकोटा, लीलाप्रसाद (२०७२), विश्वका प्रमुख धर्म, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सेर्मा लिम्बु, चन्द्रकुमार (२०७४-०४-१६), किरात दर्शन सत्याहाङ्मा पन्थको परिचय, नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल प्राज्ञिक अनुसन्धान केन्द्रद्वारा आयोजिन दर्शन गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

समावेशी आयोगके सिफारिस कार्यान्वियन लेल ज्ञापनपत्र

■ सुनिल कुमार साह

मिति फागुन ४ गते अन्तराष्ट्रिय पिछडावर्ग (इद्यऋ) अनुसन्धान केन्द्र के अध्यक्ष डा. वीर बहादुर महतो के नेतृत्व में मधेश प्रदेश प्रमुख सचेतक नेकपा माओवादी केन्द्र के प्रदेश सांसद माननीय फकिरा महतो सहित पिछडावर्ग (OBC) के अभियन्तासबद्वारा ३ बुदें ज्ञापनपत्र सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड के प्रधानमन्त्री निवास बालुवाटार में बुझायल गेल हय।

राष्ट्रिय समावेशी आयोगद्वारा सिफारिस कयल गेल ५० गो जातजातिसबके नाम तथा थर पिछडावर्ग (OBC) अन्तर्गत सुचिकृत कयल जाय। पिछडावर्ग (OBC) आरक्षण लागु कयल जाय । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत के पिछडावर्ग (OBC) उत्थान विकास समिति अविलम्व गठन कयल जाय।

राष्ट्रिय समावेशी आयोगद्वारा माघ ९ गते पिछडावर्ग (OBC) अन्तर्गत परेवाला ५० गो जातजाति के निम्न अनुसार सिफारिस कयल गेल हय।

क्र.सं.	जातजातीसब	थरसब
१.	कुशवाहा/कोईरी	कुशवाहा/कोईरी, महतो, मेहता, सिंह, सिन्हा, बर्मा, मौर्य, शाक्य, सैनी, गहलोत, मुराउ, डांगी, भगत, प्रसाद, चौधरी
२.	कुर्मी	कुर्मी, मण्डल, चौधरी, राय, राउत, पटेल, बर्मा, सिंह, राढ, पटनवार
३.	कुम्हार	कुम्हार, पण्डित, प्रजापति, कुम्भकार, कोहार, पडित, कुम्हाल, कुम्हाले, कुमाल, बर्मा, चक्रधारी, चक्रवर्ती, पाल
४.	कहार	कहार, महतो, भुज, गौड, राउत, चन्द्रवंशी, गुप्ता
५.	केवट	केवट, कामत, मण्डल, कियोट, कामती, कामैत, केउट, कापर, कापरी
६.	कानु	कानु, साह, गुप्ता, कान्दु, कान्दोई
७.	कलवार	कलवार, साह, भगत, चौधरी, प्रसाद, गुप्ता, जैसवाल, ब्याहुत
८.	तेली	तेली, साह, साहु, गुप्ता, नायक, सेठ, चाई, राठोर, निसाढ, तैंलिक, मोदी, राथौरा
९.	नुनिया	नुनिया, साह, महतो, नोनिया, लोनिया, चौहान
१०.	बनियाँ	बनियाँ, साह, गुप्ता, वर्णवाल, ओमारवैश्य, कशौधन, कान्दु, अग्रहरी, पटनवार, पटेल, बर्मा, दास, चौधरी, कथवनियाँ, सिन्दुरीया, सेनुरिया, बानिया, कायस्थ, श्रीवास्तव, कमकर, ठठेरी, कसेरा, सिंह, ठठेरन, पोरवाल, वैश्य
११.	बढई	बढई, ठाकुर, शर्मा, सुतिहार, बरही, विश्वकर्मा, नागवंशी, चौरसीया
१२.	भेडिहर	भेडिहर, पाल, राउत, भगत, दनेरी, गडेरी, गडेरिया
१३.	माली	माली, महतो, मालाकार, भण्डारी, शैनी
१४.	मल्लाह	मल्लाह, सहनी, मुखिया, चौधरी, गोडिया, बोट, गोठी
१५.	यादव/गुवार	यादव/गुवार, अधिकारी, खड्गा, अड्गरिया, अहिर, यदुवंशी, गोप, मरबैता, गोइत, दास, लगरवार, विराजी, बहरखेर, सुनरैत, खिरहैर, महतमान, गोहितमान, भिडवार, मसैता, बनैता, भदेशवार, आव, मान, मरिक, चनरैत, गोहीवार, मैरता, सुरैत, झकरैत, राय, कैवार, रान, हजरा, मण्डल, गोवार, बनरैत, चौधरी, कुसीयैत
१६.	राजभर	राजभर, चौधरी
१७.	राजधोव	राजधोव, हजरा, राउत, इसर, मडर, मण्डल, खड्गा, गाईम(गामी), माझी, पैकरा, विश्वास, कापर, लौगी, प्रमाणी, सन्त, परिहस्त, अधिकारी, पाईक, दास, पैरा, पाँडे, रावत
१८.	रौनियार	रौनियार, साह, गुप्ता, आजाद
१९.	लोहार	लोहार, ठाकुर, शर्मा, विश्वकर्मा, सुतिहार, मिस्त्री, बर्मा
२०.	लोध	लोध, बर्मा
२१.	सुडी	सुडी, साह, प्रधान, खड्गा, महासेठ, नायक, प्रसाद, हाथी, गाई, गामी, मण्डल, बिच्छा, कापडी, महतो, पुर्वे, पञ्जियार, राउत, कारक, चौधरी, भगतकापर, महथा, गुप्ता, माझी, व्यार, खर्गा, पाण्डे, अग्रहरि, मोदी, गाडा, सेठ, खाँ, सतरा, निराला
२२.	सोनार	सोनार, साह, ठाकुर, स्वर्णकार, सोनी, सोनार, बर्मा
२३.	हजाम	हजाम, ठाकुर, शर्मा, नाई, नाऊ, नापित, मर्दनिया, सिंह, नाइ ब्राम्हण, कनौजिया, मगहिया, अवधिया, नन्दवंशी, श्रीवास्तव, सेन, सेनवंश
२४	हलुवाई	हलुवाई, साह, गुप्ता, साहु, मधेशीया, कनौजिया, गोठ, मधियाँ, मोदक, मगहिया
२५.	ऋमात	अमात, राय, राउत, अमात्य, विश्वास, शर्मा, मण्डल
२६.	केवरत	केवरत, मण्डल
२७.	सैनी	सैनी, महतो
२८	बिन	बिन, मुखिया, सहनी, चौधरी, महतो, भगत
२९.	जोगिया	जोगिया, योगी, गिरी, गोसाई, गोस्वामी
३०.	लहेरी/लहेरा	लहेरा/लहेरी, कौशल, वैश्य, गुप्ता, ठठेरा, साह, लहेरा, पटहार
३१.	बेलदार	बेलदार, राउत, सिंह, शर्मा, चौहान, महतो, चौधरी,
३२.	नट (हिन्दु)	नट (हिन्दु), नटुवा, बनजारा, वैद्य, राय, राठोर
३३.	कलावाज	कलावाज
३४.	कथवनिया	कथबनिया, दास, चौधरी, कैथल, वैश्य, बनिया, सिन्दुरिया, गुप्ता, सेनुरिया, बनियाँ
३५.	अरख	अरख
३६.	भुर्जी	भुर्जी, सक्सेना, कनबजिया, गुप्ता, साह
३७.	राजी	राजी, घटाला, कचाले, कुईनेल, ग्रनुवाल, कुम्लेल, रघेल
३८.	खैराह/गुज्जर	खैराह गुज्जर
३९.	पटवा	पटवा, दास, पटेल
४०.	च्नउ	सिंह, महतो, चनउ
४१.	क्लाल	कलाल, साह, चौधरी, जैसवाल, जयसवाल
४२.	बरई	भगत, चौरसिया, पनवरिया, बरई, बँरै, पनवारी
४३.	बोट	बोट
४४.	कसेरा	कसेरा, साह
४५.	पटनवार	पटेल, वर्मा, वटनवार
४६.	कमकर	कमकर, महतो, राउत, कहार
४७.	कसोधन	कसोधन, कुसौधन, कशौधन, कश्यप, केशवधन, वैश्य
४८.	मंगता/महाउत	मंगता, गुप्ता, सरार्फ, चौधरी, अग्रवाल, कौल, खत्री, महाउत
४९.	चौहान	चौहान, प्रसाद, महतो, चाई, चौधरी
५०	चाई	चन्द्रवंशी, मण्डल

स्रोत : राष्ट्रिय समावेशी आयोग।

gahibhasa@gmail.com

प्रदेश २ अन्नपूर्ण ९

पिछडा वर्ग समेट्ने संग्रहालय बनाइने

ढल्केवर : तराई–मधेसका पिछडा वर्गको कला, साहित्य तथा संस्कृति जगेर्ना गर्नका लागि धनुषामा संग्रहालय बनाइने भएको छ। बहुआयामिक सांस्कृतिक संरक्षण केन्द्रको अगुवाइमा मिथिला नगरपालिकाको हरिहरपुरमा संग्रहालय बनाउन प्रक्रिया थालिएको हो।

नगरपालिकाको स्वामित्वमा रहेको ४० बिघा जग्गामा बहुआयामिक संग्रहालय बनाइने मिथिलाका मेयर हरिनारायण महतोले बताए। प्रदेश २ मा कुल जनसंख्याको ६२.१४ प्रतिशत पिछडा वर्गको बसोबास छ। तर, उनीहरूको भाषा, कला, साहित्य, संस्कृति, ओझेलमा रहेको पिछडा वर्ग नेपालका केन्द्रीय अध्यक्ष भरतप्रसाद महतोले सुनाए।

केन्द्रका अध्यक्ष वीरबहादुर महतोका अनुसार संग्रहालयसहित खुला विश्वविद्यालय, ज्येष्ठ नागरिक क्लब, प्रदेशस्तरीय रंगशाला, बाल उद्यान, पार्क, वनभोजस्थल निर्माण गर्ने योजना छ। संग्रहालय निर्माण गर्न पहिलो चरणमा १० करोड खर्च लाग्ने अनुमान छ।

'बाह्य संस्कृति हाम्रो पुस्तौंदेखिको लोक संस्कृतिकमाथि हावी भयो। तर, हाम्रो कला, संस्कृति संरक्षण गर्न राज्यका तर्फबाट पहल भएन', केन्द्रका अध्यक्ष महतोले भने, 'हामी संग्रहालय स्थापना गरी पिछडा वर्गको कला, साहित्यमाथि बहस सुरु गर्न चाहन्छौं।'

राज्यसँग पहिचान रक्षाको माग गर्दै २०५५ सालदेखि आन्दोलन गर्दै आएको पिछडा वर्गका केन्द्रीय अध्यक्ष महतोले बताए। उनका अनुसार देशको कुल जनसंख्याको १८.४ प्रतिशतले मगही भाषा बोल्छन्। 'मगही भाषाको व्याकरण थिएन तर न कुनै शोध गरिन्थ्यो न त राज्यले स्रोतसाधन नै उपलब्ध गराउँथ्यो', उनले भने, 'सरकारले २०६४ सालमा बजेट विनियोजन गरी २०६५ मा पिछडा वर्ग उथान समिति गठन गरेर कामको थालनी गरेको थियो।'

पिछडा वर्गमा कुश्वाहा, कुर्मी, कुमाहार, कहार, केवट, कानु, कलवार, माली, मलाह, यादव, राजभरलगायत ३६ जाति पर्छन्। झापाबाट रौतहटसम्म मगही भाषा बोलिन्छ।

जनकपुरधाममा पिछडावर्ग अन्तर्राष्ट्रिय सम्मेलन हुने

जलेश्वरदुडे समाचारदाता
धनुषा, ७ चैत्र

पिछडावर्ग (OBC)

मधेस प्रदेशको राजधानी जनकपुरधाममा पिछडावर्ग (ओविसी)अन्तर्राष्ट्रिय सम्मेलन–२०२२ हुने भएको छ।

जनकपुरधामको विद्यापति चौकमा अवस्थित नेपाल पिछडावर्ग(ओबिसी)महासभाको केन्द्रिय कार्यालयमा पिछडावर्ग (ओबिसी)अन्तर्राष्ट्रिय सम्मेलन–२०२२ को संयोजक वीर वहादुर महतोको अध्यक्षतामा बसेको बैठकवाट सो सम्मेलन यही चैत्र १९ र २० गर्ने निर्णय रहेको जानकारी गराउनुभयो। संयोजक महतोले सो सम्मेलनमा देश विदेशका विभिन्न क्षेत्रका विद्वानहरुको समेत उपस्थिति रहने जानकारी गराउनुभयो। यस सम्मेलनवाट नेपाल तथा भारत लगायत अन्य देशका पिछडावर्ग समुदायसँगको सम्वन्ध प्रगाढ हुने संयोजक महतोले थप्नुभयो।

त्यसैगरी बैठकवाट आर्थिक समितिमा संयोजक महतो ,पिछडावर्ग(ओविसी)महासभाको अध्यक्ष राम कुमार महतो,पिछडावर्ग (ओबिसी)महासभाको केन्द्रिय सदस्य पवन कुमार साहलाई सर्वसम्मतिले चयन गरियो। सो बैठकमा पिछडावर्ग(ओविसी)महासभाको सहसचिव नागेन्द्र सिंह,सल्लाहकार प्रा.वालकेश्वर ठाकुर,सदस्य शम्भु ठाकुर,लालवाबु यादव,विरेन्द्र कुमार महतो,बलदेव साह,सरीता कुमारी पासवान लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

'दासता को समझना बहुत जरूरी बगैर इसके प्रतिकार संभव नहीं'

बीएनएमवी कॉलेज में दो दिवसीय अंतर्राष्ट्रीय संगोष्ठी का हुआ शुभारंभ

संगोष्ठी का उद्घाटन करते पूर्व कुलपति डॉ. आरकेपी रमण व अन्य अतिथि।

भास्कर न्यूज़ | मधेपुरा

भूपेंद्र नारायण मंडल वाणिज्य महाविद्यालय में मंगलवार को समकालीन विमर्श : समाज और साहित्य विषय पर दो दिवसीय अंतर्राष्ट्रीय सेमिनार का शुभारंभ हुआ। सेमिनार का शुभारंभ बीएनएमयू के पूर्व कुलपति डॉ. आरकेपी रमण ने किया। हाइब्रिड मोड में आयोजित अंतर्राष्ट्रीय सेमिनार में देश के विभिन्न राज्यों के अलावे विदेशों से भी विद्वानों ने अपनी राय रखी। सेमिनार का उद्घाटन करते हुए पूर्व कुलपति डॉ. आरकेपी रमण ने कहा कि साहित्य समाज का आइना होता है। विकसित समाज के लिए साहित्य का समृद्ध होना जरूरी है। उन्होंने कहा कि साहित्य समाज को दिशा देती है। उन्होंने साहित्यकारों से अपनी लेखनी से समाज का नेतृत्व करने की अपील की।

डॉ. रमण ने बीएनएमवी कॉलेज के प्राचार्य डॉ. अरविंद कुमार सहित आयोजन समिति की सराहना करते हुए कहा कि यह विषय शिक्षक, शोधार्थी और छात्रों के लिए...

कार्यक्रम में मौजूद शिक्षक, शोधार्थी व छात्र-छात्राएं।

भारत-नेपाल की संस्कृति एक: डॉ. वीर बहादुर

अंतर्राष्ट्रीय हिन्दी परिषद नेपाल के अध्यक्ष डॉ. वीर बहादुर महतो ने कहा कि भारत और नेपाल की संस्कृति एक है। दोनों देश में आपसी भाईचारे घुल मिल कर समृद्ध बना रहा है। उन्होंने कहा कि भारत के प्रभाव के कारण ही नेपाल में प्रजातंत्र आ पाया है। उन्होंने कहा कि पिछड़ा वर्ग के उत्थान के लिए संस्थान का गठन हुआ है। उन्होंने कहा कि हमारी संस्कृति लोक साहित्य में विराजमान है। उन्होंने कहा कि शिक्षा के क्षेत्र में बिहार का अपना एक अलग स्थान था। लेकिन अब यहां की ज्ञान परंपरा को अपनाकर अमेरिका जैसे देश विकसित हुआ है। पाटलीपुत्र विवि पटना के प्रो. सफ़दर इमाम कादरी ने कहा कि हर भाषाओं के साहित्य को समृद्ध करने की जरूरत है। संकायाध्यक्ष डॉ. विनय कुमार चौधरी ने कहा कि साहित्य की विकृति से समाज में विकृति आती है। हिन्दी विभागाध्यक्ष डॉ. उषा सिंहा ने स्त्री विमर्श की आवश्यकता पर जोर दिया। उन्होंने कहा कि जो अपने से अधिक दूसरे के बारे में सोचे वहीं प्रबुद्ध और सभ्य नागरिक होते हैं। कॉलेज शिक्षक संघ के अध्यक्ष सह आयोजन सचिव डॉ. मृत्युंजय कुमार ने सेमिनार में आए अतिथियों और प्रतिभागियों...

चितवन पोष्ट

अवलोकन भ्रमण तथा गोष्ठी

भरतपुर। पिछडिएको समुदाय उत्थान विकास समितिले चार जिल्लाको अवलोकन भ्रमण गरी गोष्ठीसमेत गरेको छ।

चितवन, नवलपरासी, रूपन्देही कपिलबस्तु अवलोकन गरी पिछडा वर्गको जातजातिको संस्कृति, भेषभूषा, खानपान रीतिरिवाजको अवलोकन गरिएको थियो। गोष्ठी गरी पुरानो संस्कृतिको बारेमा जानकारी गराइएको थियो।

द्वितिय पिछडावर्ग अन्तर्राष्ट्रिय साहित्य सम्मेलन सम्पन्न

पिछडावर्गले आफ्नो अस्तित्व बचाउँन तथा विकासको लागि एक चोटी अझै सरकारलाई दवाब दिन जरुरी : पूर्व मन्त्री अर्याल

पवन कुमार साह
धनुषा, १९ चैत्र

पिछडावर्ग(ओबिसी)अन्तर्राष्ट्रिय सम्मेलन–२०७८ कार्यक्रमको उद्घाटन सत्रको प्रमुख अतिथि पूर्व मन्त्री र राष्ट्रिय सभा सदस्य उर्मिला अर्यालले पिछडावर्गले आफ्नो अस्तित्व बचाउँन तथा विकासको लागि एक चोटी अझै सरकारलाई दवाव दिन जरुरी रहेको बताउनु भएको छ ।

सम्मेलनको शुरुवातमा प्रमुख अतिथि पूर्व मन्त्री तथा रा.स.सदस्य अर्याल,विशिष्ट अतिथिहरुमा आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत प्रसाद साह,उद्योग,वन तथा पर्यटन मन्त्री सत्रोहन महतो,पिछडावर्ग(ओबिसी)आयोग नई दिल्ली पूर्व अध्यक्ष भगवान लाल सहनी,अन्तर्राष्ट्रिय भाषा बैज्ञानिक,संस्कृति बिद प्रा.डा.राजेन्द्र प्रसाद सिंह,राष्ट्रिय समावेशि आयोग प्रतिनिधि विष्णुमाया ओझा,राष्ट्रिय पिछडावर्ग महासंघ अध्यक्ष डा.बवन वहुराजी तायबाडे,नेपाल पिछडावर्ग(ओबिसी)महासंघ संस्थापक अध्यक्ष भरत प्रसाद महतो,पिछडावगर्ग अभियन्ता(भारत)रबिन्द्र सिंह,स्त्री बिमर्शकार डा. शशिकला कुमारी र पिछडावर्ग अभियन्ता चन्द्रशेखर सिंह,अतिथिहरुमा पिछडावर्ग(ओविसी) महासभाको अध्यक्ष राम कुमार महतो,प्रा.डा. रामस्वर्थ राय,पिछडावर्ग अभियन्ता(भारत) सुभाष घाट,प्रा.बालकेश्वर ठाकुर लगायतकालाई भुवनेश्वर महतो तथा शम्भु ठाकुरले गमछा ओढाई सम्मान गर्नुभएका थिए ।

त्यसैगरी कार्यक्रमको पूर्वाद्धमा नेपाली तथा भारतीय गानको साथ कार्यक्रमलाई अगाडी बढाइएको थियो । कार्यक्रममा वीर शहिदको सम्मानको लागि एक मिनेटको मौन धारण समेत गरिएको थियो । प्रमुख अतिथि अर्यालले बैनर पढेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो भने स्वागत मनतव्य पि.महासभा अध्यक्ष महतोले राख्नुभएको थियो । मनतब्यको क्रममा वहाँले पिछडावर्गको नाउँमा मधेस प्रदेशमा समिति बने पनि अहिलेसम्म पाउनुपर्ने अधिकार हरु नपाइएकोले सबैले मिलेर यसको लागि केन्द्र सरकार तथा प्रदेश सरकारलाई दवाब दिन आवश्यक रहेको बताउनुभयो । त्यसैगरी मन्तव्यको क्रममा प्रा.डा.रायले पिछडावर्गको उत्पति तथा अहिलेसम्मको बिकासको परिवेशको बारेमा जानकारी गराउनुभयो ।

